# थारु समुदाय सम्बद्ध सम्पदाहरू



















**थारु आयोग**
अनामनगर, काठमाडौं

# थारू समुदायको पूरातात्विक, ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको सूचीकरण सम्बन्धी अध्ययन प्रतिवेदनहरूको संगालो, २०८१

प्रकाशक
थारू आयोग, नेपाल

**प्रकाशक** : थारू आयोग, अनामनगर

**सर्वाधिकार** : थारू आयोग

**प्रकाशन मिति** : २०८१ असार

# थारू आयोगका पदाधिकारीहरू



मानानीय बिष्णु प्रसाद चौधरी
अध्यक्ष



मानानीय सुबोध सिंह थारू
सदस्य



मानानीय भोलाराम चौधरी
सदस्य



मानानीय डा. उमाशंकर प्र. चौधरी
सदस्य



मानानीय शान्ती मोदी
सदस्य



कृष्णकान्त उपाध्याय
सचिव

# आयोगको भनाइ

नेपालको तराई भू-भाग तथा भारतको सीमा क्षेत्रमा आदिमकालदेखि बसोवास गर्दै आइरहेका थारु समुदाय यस क्षेत्रको आदिवासी जनजाति एवं मूलवासी हुन् । तराईको धर्तीपुत्रका रुपमा चिनिने थारू समुदायको यस क्षेत्रका साथै सुर्खेत र उदयपुर जिल्लाको समथर भू-भागमा समेत सघन बसोवास रहेको छ । मुख्यगरी कृषि पेशामा आवद्ध रहेको यस समुदायको आफ्नै मौलिक भाषा, संस्कृति, रहनसहन, परम्परा, रीतिरिवाज रहेको छ । पूर्व झापादेखि पश्चिम कंचनपुरसम्म लामो क्षेत्रमा फैलिएर रहेकोले विभिन्न भाषा संस्कृतिको प्रभाव पर्न गई आफैभित्र केही फरकपना देखिएको भएता पनि मूलभूत रुपमा भाषा, संस्कृतिमा समानता र एकता नै रहेको छ।

राज्यको विभिन्न प्रयासका बावजुत थारु समुदाय अझै पनि सीमान्तकृत अवस्थामा रहिरहेको छ । यसको असर समुदायको शिक्षा, स्वास्थ्य तथा आर्थिक प्रगति आदिमा प्रत्यक्ष देख्न सकिन्छ भने सीमान्तकृत भएकै कारण समुदायको पहिचानसँग सम्बन्धित भाषा, संस्कृति, इतिहास, कला आदिको संरक्षण सम्बर्द्धनमा समेत प्रत्यक्ष परोक्ष रुपमा परिरहेको छ जसको कारण थारु समुदायको इतिहास र संस्कृतिसँग घनिष्ठ रुपले जोडिएका ऐतिहासिक एवं सांस्कृतिक सम्पदाहरु संरक्षण हुन सकिरहेका छैनन्। सांस्कृतिक सम्पदाहरु जहाँ संरक्षण भएको छ त्यहाँ संरक्षण र विकास गर्ने नाउमा समुदायको मौलिकता र पहिचाननै मेटिएर जाने चुनौती पैदा भएको छ भने ऐतिहासिक सम्पदाहरु धेरैजसो बेवारिसे अवस्थामा रहेका छन्। कतिपय त अतिक्रमणको चपेटामा परेको अवस्थामा समेत रहेको छ।

थारु समुदायको पहिचानसँग जोडिएका सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्बर्द्धन तथा ऐतिहासिक सम्पदाहरुको उत्खनन गरी अध्ययन अनुसन्धान हुन नसक्दा सम्पदाहरुको अस्तित्व समाप्त भई सबैले स्वीकार गरेको थारु तराईको धर्तीपुत्र भन्ने भनाइ नै धरापमा पर्ने हो कि भन्ने चुनौती पैदा भएको छ । यस परिप्रेक्षमा थारु आयोगबाट करिव चार वर्षको अध्ययन पश्चात् “थारु समुदाय सम्बद्ध सम्पदाहरु” नामक पुस्तक प्रकाशन गरी सार्वजनिक गर्न पाउदा थारु समुदाय सहित नेपालको मौलिकता र विविधतालाई बचाइ राख्न चाहने सम्पूर्णमा खुसी व्यक्त गर्न चाहन्छौं। यो अध्ययन प्रकाशन अवश्य पनि आयोगले नेपाल सरकारलाई सिफारिस गर्ने आधार बन्नुका साथै थारु समुदायको पहिचान संरक्षणमा एक कोशे ढुंगा सावित हुनेछ भनी आशा व्यक्त गर्दछौं।

अन्त्यमा, अध्ययन कार्यमा योगदान गर्नुहुने विज्ञज्यूहरु, संघ संस्थाका साथै प्रकाशन योग्य बनाउन भूमिका खेल्नुहुने सम्पूर्ण कर्मचारी वर्गलाई धन्यवाद व्यक्त गर्दछौं । प्रकाशनमा भएका कमीकमजोरी सच्याउँदै जाने, छुट हुन गएका सम्पदाहरुको अध्ययन कार्य पछि पनि जारी रहने कुराको विश्वास दिलाउदछौं।यो अध्ययन प्रकाशन विस्तृत खोज अनुसन्धानमूलक नभइ संक्षिप्त रुपको संकलन मात्र भएपनि यस सम्बन्धि अध्ययन अनुसन्धानकर्ताहरुको लागि अवश्य पनि ढोका खोल्नेछ भनी विश्वास व्यक्त गर्दछौं।

धन्यवाद ।

**मा. बिष्णु प्रसाद चौधरी**
अध्यक्ष

**मा. सुबोध सिंह थारु**
सदस्य

**मा. भोलाराम चौधरी**
सदस्य

**मा.डा. उमाशंकर प्रसाद चौधरी**
सदस्य

**मा. शान्ती मोदी**
सदस्य

# मन्तव्य



नेपालभरी छरिएर रहेका थारु समुदायका मूर्त तथा अमूर्त सम्पदाहरुको खोज एवं अनुसन्धान गरी तिनको महत्व र भौतिक अवस्थाको आधारमा संरक्षण तथा सम्बर्द्धन गर्ने कार्यलाई थारु आयोगले प्रमुख प्राथमिकता दिएको छ । थारु सम्पदाहरुको संरक्षण गरी भावी सन्ततिका लागि हस्तान्तरण गर्नु आजको आवश्यकता हो । यसका लागि आयोगले थारु समुदाय सम्बद्ध सम्पदाहरुको सूचीकरण कार्यलाई बढावा दिएको छ । ती सम्पदाहरुको संरक्षण, सम्बर्द्धन, जीर्णोद्धार, मर्मत एवं पुनर्निमाण गर्ने काम संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार मार्फत गराउन सिफारिश गर्ने लक्ष्य लिएको छ । यस आयोगले थारु बसोवास रहेका तराई क्षेत्रका २४ जिल्लाहरुमा रहेका पुरातात्विक एवं ऐतिहासिक स्थलहरुको खोजी तथा अनुसन्धान गरी ती सम्पदाहरुको सूचीकरण गर्न नेपाल सरकारलाई सिफारिश गर्ने योजना बमोजिम सम्पदा अध्ययन गरी प्राप्त भएका प्रतिवेदनहरु नेपाल सरकारलाई पेश गर्ने योजना अनुसार यो अध्ययन प्रतिवेदन तयार गरिएको हो । यस प्रकारको अध्ययन प्रतिवेदनबाट थारु समुदाय सम्बद्ध सम्पदाहरुको बारेमा जनचेतना अभिवृद्धि भई थारु समुदायको सम्पदा संरक्षण कार्यमा महत्वपूर्ण सहयोग हुने विश्वास गरिएको छ।

थारु आयोग ऐन २०७४ को परिच्छेद ३ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । सोही ऐनको दफा ७ को उपदफा (त) मा थारु समुदायको उद्गम स्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरुको संरक्षण र सम्बर्द्धन गर्न नेपाल सरकारलाई सिफारिश गर्ने यस आयोगको महत्वपूर्ण कार्यमध्ये एक हो । ऐनले दिएको महत्वपूर्ण जिम्मेवारीलाई पूरा गर्न यस आयोगले आ.व.०७५/७६ देखि आ.व.०७८/७९ सम्म अधिराज्यका ७ वटै प्रदेशका थारु बसोबास रहेको जिल्लामा थारु समुदायका ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरुको अध्ययन गरी प्रतिवदेन समेत प्राप्त भईसकेको छ ।

आ.व. २०७६/२०७७ मा मधेश प्रदेश अन्तर्गतका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी जिल्लाका थारु ऐतिहासिक, सांस्कृतिक र पुरात्विक सम्पदाको अध्ययन गरी प्रतिवेदन प्राप्त भएको थियो । त्यसै आ.व. २०७७/७८ मा सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर, कर्णाली प्रदेशको सुर्खेत र लुम्बिनी प्रदेश अन्तर्गत वर्दिया, बाँके, दाङ, कपिलवस्तु, रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाका थारु ऐतिहासिक सांस्कृतिक र पुरातात्विक सम्पदाको अध्ययन भई प्रतिवेदन प्राप्त भएको थियो । त्यसैगरी आ.व. २०७८/२०७९ मा कोशी प्रदेश अन्तर्गतका सुनसरी, मोरङ, उदयपुर र झापा जिल्ला तथा गण्डकी प्रदेशको नवलपरासी (ब.सु.पु) जिल्ला तथा बागमती प्रदेशको चितवन र मकवानपुर जिल्लाहरुका थारु समुदायको ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक सम्पदाको अध्ययन गरी प्रतिवेदन प्राप्त भएको छ । यसरी जम्मा ५ वटा अध्ययन प्रतिवेदन प्राप्त भएकोमा ती सबै प्रतिवेदन संकलन गरी सर्वसाधारणको जानकारीको लागि र नेपाल सरकारलाई थारु समुदायका ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक र धार्मिक सम्पदाको सूचीकरण, संरक्षण र प्रवर्द्धन गर्न सिफारिस गर्ने प्रयोजनको लागि प्रकाशित गरिएको छ । यसरी जम्मा ५ वटा अध्ययन प्रतिवेदन प्राप्त भएकोमा ती सबै प्रतिवेदन संकलन गरी सर्वसाधारणको जानकारीको लागि र नेपाल सरकारलाई थारु समुदायका ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक र धार्मिक सम्पदाको सूचीकरण, संरक्षण र प्रवर्द्धन गर्नको लागि सिफारिस गर्ने प्रयोजनाको लागि प्रकाशित गरिएको छ ।

यस आयोगसँग सम्झौता गरी तोकिएको समयमा प्रतिवेदन बुझाउने थारु भसा साहित्य केन्द्र नेपाल (काठमाडौं), मालिका इनकोरपोरेट्स (काठमाडौं), उज्यालो नेपाल, बुढीगंगा-६ (मोरङ), आर्क नेपाल, केन्द्रीय कार्यालय (घोराही दाङ) र मानव कल्याण विकास केन्द्र (कञ्चनपुर) धन्यवादका पात्र छन्। विभिन्न संस्थाहरूसँग यस आयोगले सम्झौता गरी बनाइएको अध्ययन प्रतिवेदन एकिकृत गर्ने कार्यमा सहयोग गर्ने आयोगका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । यस अध्ययन प्रतिवेदनबाट थारु समुदायका ऐतिहासिक सम्पदा सम्बन्धी जानकारी लिन चाहने सर्वसाधारण नागरिक एवं थारु सम्पदा संरक्षण, सम्बर्द्धन गर्ने सरकारी निकायहरूलाई समेत उपयोगी हुने विश्वास गरिएको छ ।

प्रस्तुत प्रतिवेदनहरूमा कुनै त्रुटी वा कमिकमजोरी हुन सक्छन्, विज्ञ पाठकले त्यस्ता त्रुटी औंल्याई दिनु भएमा आभारी भई आगामी दिनमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । प्राप्त अध्ययन प्रतिवेदनहरूमा समावेश गरिनु पर्ने मूर्त तथा अमूर्त सम्पदाहरू कुनै कारणबश छुटेको भए भविष्यमा यसलाई अझ परिष्कृत एवं परिमार्जित गर्ने कार्यमा आयोग क्रियाशील रहने विश्वास दिलाउन चाहन्छु ।

**कृष्णकान्त उपाध्याय**

सचिव

# विषय सूची


क्र.सं. विषय वस्तु पेज नं.

**खण्ड (क) - कोशी प्रदेश** १-७२

अध्याय एक

परिचय ............ ३

अध्ययनको विधि ............ ४

कोशी प्रदेशको परिचय ............ ५

सुनसरीको जिल्ला संक्षिप्त परिचय ............ ६

१. सुनसरी जिल्लाका थारु सम्पदाहरू ............ ७

१.१ भन्सिया माई थान ............ ७

१.२ बर्जु दह (ताल) ............ ९

१.३ डिहवार्नी बौर पिपर ............ १३

१.४ कचना थान ............ १५

१.५ रानी पट्टि पोखरी ............ १७

१.६ हाती घोडा (सुवा थान) ............ १८

१.७ शिखनी विखनी जब्दी महारानी थान ............ २०

१.८ गढी वन ............ २३

१.९ प्रितम गैया थान ............ २६

१.१० दुहवी सुहवी थान ............ २८

१.११ बिर्जु (बिच्छु) धामी थान ............ ३०

१.१२ डंग्राही पोखरी ............ ३२

१.१३. रामधुनी मन्दिर ............ ३४

अध्याय दुई

मोरङ जिल्लाको संक्षिप्त परिचय ............ ३८

२. मोरङ जिल्लाका थारु सम्पदाहरू ............ ३९

२.१ धनपाल गढी ............ ३९

२.२ सर्वानी पर्वानी ग्रामथान ............ ४१

२.३ अहिमान खाँ ग्रामथान ............ ४३

२.४ गंगिर बाबाजी थान ............ ४५

२.५ जिम्दार पोखरी ............ ४७

२.६. बुद्ध सेन राजाजी थान ..... ५०
२.७ चमेनी ग्रामथान (सन्धुवा थान) ..... ५१
२.८ झुरै धामी थान ..... ५३
२.९ बगिया थान ..... ५५

अध्याय तीन

उदयपुर जिल्लाको संक्षिप्त परिचय ..... ५७
३ उदयपुर जिल्लाका थारु सम्पदाहरू ..... ५७
३.१ भवरी माताको थान (मन्दिर) ..... ५७
३.२ मुडकट्ुवा राजा थान ..... ६०
३.३ धामियाइन भवरी ..... ६२
३.४ कुन्ति माई (मायादेवी) र भिमसेन (सुद्धोधन) मन्दिर ..... ६३
३.५ राजा रन्केसर ..... ६५

अध्याय चार

झापा जिल्लाको संक्षिप्त परिचय ..... ६७
परिशिष्टांक १ ..... ७०

**खण्ड (ख) - मधेश प्रदेश** **७३-१३८**

अध्याय एक

**परिचय ..... ७६**
१. जिल्ला पर्सा ..... ७८
१.१ पर्सा गढी ..... ७८
१.२ बन्हर बाबा मन्दिर ..... ७९
१.३ सती दाई मन्दिर ..... ८०
१.४ गुदर बाबा मन्दिर ..... ८१
१.५ राय बाबा मन्दिर ..... ८२
१.६ जिरा भवानी माई ..... ८३
१.७ लाठी माई मन्दिर ..... ८४
१.८ किर्तनीया पोखरी ..... ८५
१.९ बैरी पोखरी ..... ८५

१.१० सुगीभार मन्दिर ........ ८६
१.११ आमो देवी मन्दिर ........ ८६
१.१२ गादीमाई मन्दिर ........ ८७
१.१३ कोयला भार मन्दिर ........ ८८
१.१४ आदर्श थारु छात्रावास ........ ८९

अध्याय दुई
२. बारा जिल्ला ........ ९१
२.१ गढीमाई मन्दिर ........ ९१
२.२ अमाब महादेव (अम्बेश्वर महादेव) ........ ९२
२.३ बारा गढीमाई ........ ९३
२.४ सहजनाथ महादेव (काँटघाँट महादेव) ........ ९३
२.५ बारागढी गढीमाई ........ ९५

अध्याय तीन
३. रौतहट जिल्ला
३.१ हनुमान मन्दिर ........ ९६
३.२ शिव मन्दिर ........ ९६
३.३ रामजानकी मठ ........ ९६
३.४ रामजानकी मन्दिर ........ ९७
३.५ हनुमान मन्दिर ........ ९७
३.६ गढीमाई मन्दिर ........ ९७
३.७ श्री बुद्ध भीमेश्वरनाथ महादेव मन्दिर ........ ९७
३.८ श्री गढीमाई ........ ९८
३.९ रामजानकी मठ ........ ९८
३.१० रामजानकी मठ ........ ९८
३.११ ब्रह्मस्थान रंगपुर ........ ९९
३.१२ चन्देश्वर महादेव मठ ........ ९९
३.१३ मोतियाही मठ ........ ९९
३.१४ किर्तिकेश कुँवर मेला ........ ९९
३.१५ मुकेश्वर महादेव ........ १००
३.१६ दुधियर्वा ब्रह्मबाबा ........ १००
३.१७ कंकालनी माई मन्दिर ........ १००

अध्याय चार


४. जिल्ला सर्लाही ........ १०१

४.१ चिताइन मन्दिर (लक्ष्मीनाथ महादेव) ........ १०१

४.२ थारु संग्रहालय ........ १०२

४.३ कालिकास्थान मन्दिर ........ १०३

४.४ कालिकास्थान गढ ........ १०४

४.५ सोकनाहा ब्रह्मस्थान ........ १०४

४.६ सागरनाथ ........ १०४

४.७ राजदेवी मन्दिर ........ १०४

४.८ नादी मयन (नारी मन) तलाउ ........ १०५

४.९ बोद्धिमाई मन्दिर ........ १०५


अध्याय पाँच


५. महोत्तरी ........ १०६

५.१ मेघनाथ महादेव बाबा ........ १०६

५.२ तरसरी मन्दिर ........ १०६

५.३ राजदेवी मन्दिर ........ १०७

५.४ गुन्तो सुन्तो मन्दिर ........ १०८

५.५ गेरुका भव (मूल) ........ १०९


अध्याय छ


६. धनुषा जिल्ला ........ ११०

६.१ राजजानकी थारु कुटी ........ ११०

६.२ माँ वैष्णो देवी मन्दिर ........ १११


अध्याय सात


७. जिल्ला सिरहा ........ ११२

७.१ पतारी पोखरी (पताइर पौखैर) ........ ११२

७.२ राजदेवी माता मन्दिर ........ ११४

७.३ देवल सुब्बा दरबार ........ ११४

७.४ पकडिया गढ (राजा कुलेश्वर बाबा) ........ ११६

७.५ राजदेवी पञ्चावती मन्दिर (देवी थान) ........ ११७

७.६ बरमहान ठाकुर बाबा मन्दिर ....... ११८
७.७ मानिक दह ....... ११९
७.८ बाबा बाला चौधरी मन्दिर ....... १२०
७.९ सहलेश फुलबारी ....... १२१
७.१० कमरु धामी ....... १२३

अध्याय आठ

८. सप्तरी जिल्ला ....... १२४
८.१ खोदहरदेव गुफा ....... १२४
८.२ गोरमुराइन मन्दिर ....... १२५
८.३ अगिनसाइर ....... १२६
८.४ राजदेवी मन्दिर (राजबिराज) ....... १२७
८.५ जीवनदास बाबा ....... १२८
८.६ शम्भुनाथ मन्दिर (सेमनाथ मन्दिर) ....... १३०
८.७ पोखरिया इनार ....... १३२
८.८ सन्यासी थान ....... १३३
८.९ कारी धामी मन्दिर ....... १३४
८.१० गाछी बाबा मन्दिर ....... १३५
८.११ मानराजा गढी ....... १३६
८.१२ डाकनी थान ....... १३७

## खण्ड (ग) - बागमती प्रदेश र गण्डकी प्रदेश १३९-१८०

अध्याय एक

**परिचय** ....... **१४०**
आदिवासी थारु समुदायको संक्षिप्त परिचय ....... १४३
१. पूर्वी नवलपरासी जिल्लामा रहेका थारु सांस्कृतिक सम्पदाहरु ....... १४७
१.१ श्री वेवर थान महावेवर कुमारवर्तीमाई, देवचुली ....... १४७
१.२ श्री कुमारवर्तीमाई जमुडार थान, प्रगतिनगर ....... १४८
१.३ श्री कुमारवर्तीमाई, गडीवान थान, कुश्नहरी ....... १४८
१.४ श्री कुमारवर्तीमाई देवी थान, भेडाबारी ....... १४९
१.५ श्री कुमारवर्तीमाई महादेव थान, सित्रौली ....... १४९

१.६ श्री कुमारवर्तीमाई शिखरबासिनी थान, रजहरचोक ........ १५०
१.७ श्री कुमारवर्तीमाई भगवती स्थान, साँड ........ १५०
१.८ श्री कुमारवर्तीमाई डणावर देवीथान, डण्डा ........ १५१
१.९ श्री कुमारवर्तीमाई पाँच पाण्डव मडवाभारथान, मदरपुर ........ १५१
१.१० शिरथान कुमारवर्तीमाई जमुहिनियाभारी थान, कोलकट्टा ........ १५२
१.११ सिद्धबाबा मन्दिर, सितापुर ........ १५२
१.१२ नन्द भाउजु (नन्दी भौजी) ताल ........ १५३
१.१३ दानव बाबा मन्दिर, लुस्लहरी ........ १५४
१.१४ जखोड मन्दिर, आँपचौर ........ १५४
१.१५ चन्द्रहंस खाँड मन्दिर, डण्डा ........ १५५
१.१६ जितवाहन मन्दिर ........ १५५
१.१७ रामजानकी मन्दिर ........ १५६
१.१८ माहाराजा थान ........ १५७
१.१९ हात्तीखोजा शिवालय मन्दिर, अभिवन ........ १५८
१.२० गोसाइँ बाबा ........ १५८
१.२१ चौधरी मह ........ १५८
१.२२ थारु राष्ट्रिय संग्रहालय अध्ययन केन्द्र ........ १५९

अध्याय दुई

चितवन जिल्लामा रहेका थारु सांस्कृतिक सम्पदाहरु ........ १६२
२. चितवनका थारु सम्पदा ........ १६५
२.१ सोमेश्वर गढी ........ १६५
२.२ मेघौली ........ १६७
२.३ पटिहानी ........ १६७
२.४ कसरा (गोही प्रजनन केन्द्र तथा विक्रमबाबा) ........ १६७
२.५ सिमरी टाउन ........ १६८
२.६ चित्रसारी ........ १६८
२.७ कठार ........ १६९
२.८ भीमवली बाबा ........ १६९
२.९ भोजराज बाबा ........ १७०
२.१० ब्रह्मस्थान ........ १७१
२.११ छिटामाई ........ १७१

२.१२ विक्रमबाबा थान......१७२
२.१३ धनौजी ताल......१७२
२.१४ थारु संस्कृति संग्रहालय......१७३

अध्याय तीन

मकवानपुर जिल्लामा रहेका थारु सम्पदाहरु......१७४
परिशिष्टांक-१ ......१७६
परिशिष्टांक-२......१७७
परिशिष्टांक-३......१७८

## खण्ड (घ) - लुम्बिनी प्रदेश १८१-२५०

अध्याय एक

**थारु जातिको परिचय......१८२**
लुम्बिनी प्रदेशको परिचय......१८५
१. बर्दिया जिल्लाका थारु सम्पदाहरु......१८६
१.१ शिव मन्दिर (शिवालय)......१८६
१.२ मैना बहोरिया ठनवा......१८७
१.३ बिक्री भवानी ......१९०
१.४ ठाकुरबाबा (ठाकुरद्वारा मन्दिर)......१९१
१.५ बर्की भवानी मरुवा......१९२
१.६ कर्ण रज्वक (राजाको) दरबार र ठनवा (मन्दिर)...... १९४
१.७ वनदेवी (वनसप्टि) ......१९५
१.८ दनुवाताल......१९६
१.९ कुवाभार ......१९७
१.१० हर्नहवा /अर्नहवा ताल...... १९८
१.११ बाह्रो बर्दिया ठनवा (मन्दिर)...... २००
१.१२ फेनापट्टी मरुवा......२०१
१.१३ सदाशिव मन्दिर......२०३

अध्याय दुई

२. बाँके जिल्लाका थारु सांस्कृतिक सम्पदाहरू......२०५
२.१ भूवर भवानी मन्दिर......२०५

अध्याय तीन

३. दाङ जिल्लाका थारु सांस्कृतिक सम्पदाहरु ....................................................... २०९
3.१ पाण्डवेश्वर महादेव धाम ....................................................... २०९
३.२ बारकुने ताल ....................................................... २१०
३.३ गोरक्ष सिद्धरत्ननाथ मठ ....................................................... २११
३.४ बराहक्षेत्र बासुदेव स्थान लरैना ....................................................... २१२
३.५ मन्ठोरिया ....................................................... २१३
३.६ बगारबाबा धार्मिक स्थल, रिहार ....................................................... २१४
३.७ सिद्ध बाघनाथ बाबा जंगलकुटी ....................................................... २१५
३.८ सुकौराकोट दरवार ....................................................... २१६

अध्याय चार

४. कपिलवस्तु जिल्लाका थारु सांस्कृतिक सम्पदाहरु ....................................................... २१७
४.१ झडुला माई ....................................................... २१८
४.२ रामदतिवन धाम ....................................................... २१९
४.३ जगदीशपुर ताल ....................................................... २२०
४.४ सोनवागढ मन्दिर ....................................................... २२२
४.५ उमरी गुफा ....................................................... २२३
४.६ रामकुवर बाबा ....................................................... २२४
४.७. जलेश्वर मन्दिर ....................................................... २२६
४.८. लक्ष्मणघाट ....................................................... २२७
४.९ सगरहवा ताल ....................................................... २२८
४.१० तिलौराकोट ....................................................... २३०

अध्याय पाँच

५. रुपन्देही जिल्लाका थारु सांस्कृतिक सम्पदाहरु ....................................................... २३२
५.१ महेरवामाई (महेरवा गुफा) ....................................................... २३२
५.२. मलमलचौरा बाबा ....................................................... २३३
५.३. बक्सड डाँडा ....................................................... २३४
५.४. दरबहवा (मानपकडी) ....................................................... २३५
५.५ लुम्विनी ....................................................... २३७

अध्याय छ

६. नवलपरासी (ब.सु.प.) जिल्लाका थारु सांस्कृतिक सम्पदाहरू........ २३९
६.१ अत्रहटी ताल र शिव मन्दिर........ २४०
६.२ बाउन्न गढी मन्दिर........ २४१
६.३. प्राचीननगर ककरपत्त (जाँवा)........ २४१
६.४. बाबा बर्दगोरिया मन्दिर........ २४२
६.५. मामी सती सवरिया........ २४३
६.६ कोटही माई मन्दिर........ २४४
६.७ वैरागनाथ मन्दिर........ २४५
६.८ रामग्राम........ २४६

## खण्ड (ङ) - सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश २५१-२८५

अध्याय एक

१. कैलाली जिल्ला........ २५५
१.१ बरटगोरिया / बर्दगोरिया मन्दिर........ २५५
१.२ घोरिघोरा / घोडाघोडी ठनुवा /मरुवा/मन्दिर........ २६१
१.३ कुट्नी बुर्हया मन्दिर........ २६५
१.४ बेहडाबाबाको मन्दिर........ २७०

अध्याय दुई

२. कञ्चनपुर जिल्ला........ २७६
२.१ श्री कालेश्वर महादेव मन्दिर (नक्टा बाबा मन्दिर)........ २७६
२.२ ईटाहा बाबा मन्दिर........ २७९

अध्याय तीन

३. कर्णाली प्रदेश (सुर्खेत जिल्ला)........ २८३
३.१ काक्रेबिहार........ २८३

# खण्ड क

थारू आयोग
अनामनगर, काठमाडौं, नेपाल

कोशी प्रदेश अन्तर्गत जिल्लाका
थारु समुदाय सम्बद्ध पुरातात्विक र ऐतिहासिक सम्पदाहरूको सूचीकरण

प्रतिवेदन - २०७९

उज्यालो नेपाल
बुढीगंगा - ६, मोरङ

# दुई शब्द

संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपालमा विभिन्न जातजातिहरु एक आपसमा मिलेर बस्दै आइरहेका छन् । ती जातजातिहरुको आफ्नै भाषा, भेषभुषा, धर्म संस्कृति, रीतिरिवाज, प्रथा र परम्परा रहेको छ ।

नेपालमा वसोवास गर्ने १४२ भन्दा वढी जात जातिहरुमध्ये थारु पनि एउटा जात हो । वि.स. २०७८ को जनगणना हेर्दा थारुहरुको जनसंख्या १८,०७,१२४ रहेको छ भने यो नेपालको पूरै जनसंख्याको ६.२ प्रतिशत हो । जनसंख्याको दृष्टिकोणले हेर्दा यो नेपालको चौथो ठूलो जनसंख्या भएको जाति हो। मातृभाषाको रुपमा थारु भाषा बोल्ने थारुहरुको संख्या १७,१४,०९१ रहेको छ जुन नेपालको पूरै जनसंख्याको ५.८८ प्रतिशत हो । यो जाति तराईमा बस्ने सबैभन्दा ठूलो जनसंख्या भएको जाति हो । थारु जाति नेपालका आदिवासी, मूलवासी तथा तराई र भित्री मधेसका धर्तीपुत्र हुन् । कतिपय मानवशास्त्रीहरुले विश्वशान्तिका अग्रनायक भगवान बुद्ध र सम्राट अशोक समेत थारु वंशका रहेको विश्वास गर्दछन् । मानिसको पहिचान उसको संस्कृतिबाट झल्किने गर्दछ । थारुहरुको पनि आफ्नै विशिष्ट संस्कार संस्कृति रहेको छ ।

समय परिवर्तनसँगै मुलुकमा शासक र शासन प्रणाली फेरिएको छ । शासन ब्यवस्था फेरिए पनि थारुको जीवन शैलीमा खासै सकारात्मक प्रभाव परेको देखिदैन । शासकहरुले थारुलाई विभिन्न नाम दिए पनि पछिल्लो पटक मधेशीकरण गर्न खोजिदा आफ्नै बलबुताबाट पहिचान सहितका थरुहट राज्यका लागि आन्दोलन गरेका थिए । परिणाम स्वरुप नेपालको संविधानमा संवैधानिक अंगको रुपमा थारु आयोगको ब्यवस्था गरिएको छ । थारुको समग्र विकासको लागि थारु आयोगले नेपाल सरकार समक्ष सिफारिश गरी थारुहरुले उठाएका माग सम्वोधन गर्न सफल हुने छ भनी विश्वस्त रहेका छौं ।

थारु आयोगले उज्यालो नेपाल, संस्था बुढीगंगा-६ मोरङलाई थारुहरुको ऐतिहासिक, सांस्कृतिक सम्पदाहरुको सूचीकरण कार्य गर्न जिम्मा दिएकोमा सफलतापूर्वक सम्पन्न गरेका छौं । थारु आयोगप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

**संजय चौधरी**
अध्यक्ष
**उज्यालो नेपाल, संस्था बुढीगंगा-६, मोरङ**

# अध्याय एक

## परिचय

### पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुक नेपालमा बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक तथा विविधता रहेको छ। विभिन्न जातजाति रहेको कारण बहुजातिय भनिएकोमा थारू जाति जन संख्याको आधारमा चौथो स्थानमा रहेको छ। नेपालमा १४२ जात/जाति वसोवास गरेका छन् र १२४ वटा मातृभाषा बोल्ने गरिएको छ। (राष्ट्रिय तथ्यांक कार्यालय, २०७८)

थारू आयोग ऐन, २०७४ को दफा २ (घ) ले थारू समुदाय भन्नाले थारू आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको आदिवासी थारू सम्झनु पर्दछ भनी परिभाषित गरेको छ। थारू जातिलाई आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा सूचीकृत गरिएको छ। नेपालमा थारूको जनसंख्या ६.२ प्रतिशत अर्थात १८,०७,१२४ रहेको छ। (ने.रा.जनगणना २०७८) नेपालको पश्चिममा कैलाली र पूर्वको झापा जिल्ला लगायतका तराई तथा भित्री मधेशमा आदिमकाल देखि बसोवास गर्दै आई रहेका छन्। (दिवश २०६५)

थारू जाति नेपालमा मात्र नभई भारतका विभिन्न क्षेत्र गोरखपुर, चम्पारन, नैनीताल, गोण्डा, बहराइच, खिरी आदि जिल्लाहरूमा बसोबास गर्दछन्। नेपालको तराई तथा भित्री मधेशका हरिया फाँटहरूमा प्राचीनकालदेखि नै अन्न उत्पादन गरेर देशको आर्थिक मेरुदण्डमा थारूहरूले योगदान पुऱ्याउँदै आएका छन्। थारू जाति नेपालका आदिवासी, मुलवासी तथा तराईका धर्तिपुत्र हुन्। (डा.गुरुङ्ग २००३)

थारू जातिमा लम्पुछिया (मोरंगिया), कोचिला, चितौनिया, दंगौरा, कठरीया, राना, नवलपुरिया जस्ता थर रहेको पाइन्छ, (गुणरत्ने २००२)। त्यसैगरी दशौरा थारूहरू पश्चिम नेपालमा बस्ने गरेका छन्। थेरवादी बुद्धिष्टहरू स्थविर भनेर चिनिन्थे। यही स्थविरबाट थविर हुदै थारू भएको हो। (रमानन्द प्रशाद सिंहलाइ उद्धृत गदै शुवोध कुमार सिंह)। थारू जातिको आफ्नै भाषा, संस्कृति, रहन सहन, खानपान, रीतिरिवाज, परम्परा रहेको छ।

गौरवमय इतिहास रहेका थारू जातिको आफ्नै ऐतिहासिक लोक सम्पदा, संस्कृति, रहनसहन, रीतिरिवाज, भाषा, भेषभूषा, लोकगीत तथा लोक नृत्य रहेका छन्। थारू संस्कृतिमा कथा, कविता, लोकगीत, लोक नृत्य, थारू नाटक, संवाद आदि प्रचलनमा रहेका छन्। तराईमा उल्लेख्य जनसंख्या रहेका आदिवासी थारूहरू परिवार विचलन, राजनीतिक हस्तक्षेप, भूमि अतिक्रमण एवं धार्मिक, सांस्कृतिक एवं आर्थिक कारणले पछाडि पारिएका छन्। जन्मदैदेखि थारूहरू कर्ममा विश्वास गर्ने र मेहनती हुन्छन्। यिनीहरू जतिसुकै दुःख समस्या परे पनि सानो खुसी पाउने वितिक्कै रमाउने गर्दछन्। सोझो र इमान्दार बानी व्यहोरा भएकै कारण यिनीहरू विगतका विभिन्न कालखण्डमा समाजका तथाकथित उच्च अथवा सम्भ्रान्त वर्गको शोषणमा परेका तमाम घटनाहरू जीवन्त छन्।

### अध्ययनको लक्ष्य

थारू समुदायको पहिचानको रुपमा रहेको ऐतिहासिक, सांस्कृतिक सम्पदाहरूको खोजी, अध्ययन गरी सूचीकरण गराउने मुख्य लक्ष्य रहेको छ।

### अध्ययनको उद्देश्य

उपर्युक्त लक्ष्य हासिल गर्ने प्रयोजनको लागि निम्न उद्धेश्यहरू राखिएका छन्।

- थारू समुदायको पहिचानको रुपमा रहेको ऐतिहासिक, सांस्कृतिक सम्पदाहरूको खोजी, अध्ययन गर्ने।
- थारू ऐतिहासिक सांस्कृतिक सम्पदाको महत्वलाई थारू समुदायमा जानकारी गराउने।
- ऐतिहासिक, सांस्कृतिक सम्पदाहरूको सूचीकरण गरी थारू आयोगमा पेश गर्ने।

# अध्ययनको विधि

## प्रथम चरण

कोशी प्रदेशका थारू कल्याणकारिणी सभाका जिल्ला पदाधिकारीहरूसँग समन्वय, सम्पर्क गरी अध्ययन बारे सूचना आदान प्रदान गरी जिल्लामा रहेको थारू ऐतिहासिक साँस्कृतिक सम्पदा बारे संक्षिप्त जानकारी लिइएको थियो। त्यसपछि सूचना संकलनकर्ताहरूले अध्ययन क्षेत्रको स्थलगत अवलोकन अध्ययन, स्थानीय समुदायसँग अन्तरक्रिया गर्दै उनीहरूको विचार, भनाइलाई संकलन गरेका थिए। संकलित सूचना लाई प्रशोधन, विश्लेषण र दस्तावेजीकरण गरिएको छ।

**१.४.२ दोश्रो चरण** : थारूको सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक पक्षको बारेमा अध्ययन, प्रकाशन गरिएका प्रतिवेदन, पुस्तक, कृति, अभिलेख हरूको अध्ययन, विश्लेषण गरी दस्तावेजीकरण गरिएको छ।

**१.४.३.तेश्रो चरण** : मस्यौदा प्रतिवेदन तयारी : निर्दिष्ट उद्धेश्य प्राप्तीका लागि उज्यालो नेपालको तर्फबाट संकलित सूचनाको दस्तावेजिकरण गरी थारू आयोग समक्ष पेश गरिएको छ।

## कार्यक्षेत्र

कोशी प्रदेशको सुनसरी, मोरङ, उदयपुर र झापा जिल्लामा रहेका थारू समुदायको ऐतिहासिक साँस्कृतिक सम्पदाहरूबारे अध्ययन, अनुसन्धान गर्ने।

अध्ययन, अनुसन्धानका लागि स्थानीय निकायहरू, थारू कल्याणकारिणी सभा, थारू अगुवा, वुद्धिजिवि, अनुसन्धानकर्तासँग प्रत्यक्ष भेटघाट तथा सम्पर्क गरी सूचना संकलन गर्ने।

अध्ययनको क्रममा ऐतिहासिक साँस्कृतिक सम्पदाहरूको अवस्था, समस्या तथा संरक्षणका प्रयासहरूबारे अध्ययन गर्ने।

## अध्ययनको सीमा

कुनै पनि अध्ययन, अनुसन्धान, खोज आफैमा बृहत, संवेदनशील, चुनौतीपूर्ण र महत्वपूर्ण हुन्छ। यसको लागि विशेष समयको आवश्यकता पर्दछ। अध्ययनको क्रममा स्थानीय तहको निर्वाचन आफैमा चुनौतीपूर्ण रहेता पनि विशेष रुपमा अध्ययन गरिएको छ।

थारू समुदायको मौलिक सम्पत्तिको रुपमा रहेको ऐतिहासिक साँस्कृतिक सम्पदाहरूको खोजी गर्दै जाँदा कतै कुनै अवस्थामा ठोस, लिखित दस्तावेजहरू फेला पार्न सकिएको छैन।

स्थानीय वुढापाका, अगुवा तथा यस क्षेत्रमा काम गर्ने अनुभवी व्यक्ति, संस्था, निकाय तथा समुहहरूबाट प्राप्त जानकारीहरूलाई आधार मानिएको छ।

मुख्य रुपमा प्रथा, परम्परा, किवदन्तीहरूनै यस सूचनाको श्रोतको रुपमा रहेको छ।

प्राप्त सूचनाहरूलाई विश्वसनीय बनाउनका लागि एउटै विषय वस्तुको सम्वन्धमा कम्तिमा ३ जनासँग वा सामुहिक रुपमा सोधपुछ गरिएको छ।

## कोशी प्रदेशको परिचय

यो प्रदेश राज्य पुनः संरचना गरी बनेका ७ प्रदेशहरू मध्ये एक हो । देशलाई सङ्घीय ढाँचामा लगेर पुनः संरचना गर्ने उद्देश्यका साथ स्थापना गरिएको यो प्रदेश नेपालको सबैभन्दा पूर्वी भागमा रहेको प्रदेश हो ।

प्रशासनिक संरचना अनुसार कोशी प्रदेश १४ जिल्लाहरूमा विभाजित छ भने ती जिल्लाहरू १३७ स्थानीय तहमा विभाजित छन् । १३७ स्थानीय तह मध्ये १ महानगरपालिका, २ उप महानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिकाहरू छन् । सङ्घीय संरचना बमोजिम कोशी प्रदेशमा १४ वटा जिल्लाहरू धनकुटा, भोजपुर, ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, उदयपुर, झापा, सुनसरी र मोरङ रहेका छन् । यस प्रदेशको पूर्वतर्फ भारतको पश्चिमबंगाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछन् । यसै गरी उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ मधेश प्रदेश र बागमती प्रदेश पर्दछन् ।

कोशी प्रदेशमा महिला २५,४५,२०५ र पुरुष २४,१६,२०७ गरी जम्मा ४९,६१,४१२ जनसंख्या रहेको छ ।

(राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन)

जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्यरुपमा ब्राम्हण, क्षेत्री, राई, लिम्बु, थारू, लेप्चा, तामाङ, गुरुङ, मेचे, कोचे, यादव, राजवंशी लगायतका जातिहरूको बसोबास रहेको छ भने नेपाली, मैथिली, थारू, किराती, तामाङ, लिम्बु, गुरुङ, लेप्चा र मगर भाषा मुख्य रुपमा बोलिन्छ ।

सम्पदाले सुशोभित दक्षिणपूर्वी एसियामा अवस्थित नेपाल धार्मिक तथा सांस्कृतिक दृष्टिले समेत सम्वृद्ध छ । असंख्य मठ, मन्दिर, पाटी, पौवा, गुम्बा, मस्जिदले भरिपूर्ण नेपालको सुदूरपूर्वमा रहेको यस कोशी प्रदेशमा विभिन्न प्रसिद्ध धार्मिक तीर्थस्थलहरू जस्तै ताप्लेजुङको पाथिभरा देवीको मन्दिर, इलामको माइपोखरी, झापाको अर्जुनधारा र सताक्षी धाम, सुनसरीको बराह क्षेत्र, बुढा सुब्बा, पिण्डेश्वरी, दन्तकाली र रामधुनी, खोटाङको हलेसी महादेव लगायत दूधकूण्ड, छिन्ताङ देवी, कन्काई आदि प्रख्यात धार्मिक स्थलहरू रहेका छन् ।

विश्वकै सर्वोच्च शिखर सगरमाथा लगायत कन्चनजंगा, मकालु, चोयु, लोत्से, जन्नु आदि हिमालहरूको अवस्थितिले मित्र राष्ट्र चीनसँग प्राकृतिक सीमाको काम गरेको छ । यस प्रदेशमा ईलामको अन्तुडाँडा, कन्याम, धनकुटाको भेडेटार, सोलुखुम्बुको नाम्चे बजार, सगरमाथा आधार शिविर तथा सुनसरीको तालतलैया, वर्जु ताल लगायतका पर्यटकीय स्थलहरू रहेका छन् । प्राकृतिक सम्पदा, वन्यजन्तु तथा पशुपंक्षीको संरक्षण गर्ने हेतुले स्थापना गरिएका सगरमाथा राष्ट्रिय निकुन्ज, मकालु बरुण राष्ट्रिय निकुन्ज, कोशी टप्पु वन्यजन्तु आरक्ष, कन्चनजंघा संरक्षण क्षेत्रलगायत नेपालकै अग्लो ह्यातुङ झरना तथा टोड्के र पोकली जस्ता ठुला र लामा झरनाहरू पनि यसै प्रदेशमा रहेका छन् ।




कोशी प्रदेशको नक्सा

# सुनसरी जिल्लाको संक्षिप्त परिचय

नेपालको कोशी प्रदेशमा रहेको अत्याधिक जनघनत्व भएको जिल्ला सुनसरी हो। ऐतिहासिक गौरव बोकेको सुनसरी जिल्ला धार्मिक, शैक्षिक तथा पर्यटकीय जिल्लाको रूपमा परिचित छ। यस जिल्लाको दक्षिणमा भारत, पूर्वमा मोरङ जिल्ला, उत्तरमा धनकुटा जिल्ला, पश्चिममा उदयपुर जिल्ला र सप्तरी जिल्लाको सिमाना पर्दछ। यस जिल्लाको सदरमुकाम ईनरुवा हो भने प्रमुख शहर धरान र इटहरी हो।

१२५७ बर्ग कि.मि. क्षेत्रफल रहेको यस जिल्लामा राष्ट्रिय जनगणना २०७८ अनुसार ९,२६,९६२ मानिसको बसोबास रहेको छ। अधिकांश भाग तराईमा पर्ने सुनसरी जिल्लाबासीको मुख्य पेशा कृषि हो। धान, गहुँ, दलहन, तेलहन पछि उखु, जूट र सुर्ती पनि यस जिल्लामा उत्पादन हुन्छ। सुनसरी जिल्ला दक्षिणमा समुद्र सतहदेखि १५२ मिटर र उत्तरमा ९१४ मिटर उचाईमा रहेको छ।

जिल्लामा मुख्यतयाः राई, लिम्बू, बाहुन, क्षेत्री, नेवार, थारू, यादव, मेहता, मुसहर, सतार र मुसलमान लगायत जातिको बसोबास रहेको पाइन्छ। शैक्षिक क्षेत्रमा समेत अग्रणी रहेको यस जिल्लामा मेडिकल, इन्जिनियरिङ्ग, फुड टेक्नोलोजी लगायत बिषयको गुणस्तरीय अध्ययन अध्यापन भइरहेको पाइन्छ। यस जिल्लाको नामाकरण भरौल क्षेत्रको चारकोसे झाडीबाट उत्पत्ति भएको सुनसरी नदीको नामबाट भएको हो। यो नदी भरौल, बक्लौरी, सिंगिया, भोक्राहा, नरसिह, जल्पापुर हुँदै भारततर्फ बगेको छ।

यस जिल्लामा स्थानीय तहको रुपमा २ वटा उपमहानगरपालिका, ४ वटा नगरपालिका र ६ वटा गाउँपालिका पर्दछन्। बराहक्षेत्र, दन्तकाली, पिण्डेश्वर, बुढासुब्बा, शिवजट्टा, रामधुनी, पंचकन्या, बिष्णुपादुका, प्राचिन हरिद्वार चतराधाम आदि धार्मिक स्थलहरू रहेका छन्।



# सुनसरी जिल्लाका थारू सम्पदाहरू

## १.१ भन्सिया माई थान

### परिचय

इनरुवा नगरपालिकाको सिमाना पूर्वमा गढी गाउँपालिका, पश्चिममा भोक्राहा नरसिंह गाउँपालिका, उत्तरमा रामधुनी नगरपालिका र दक्षिणमा हरीनगर गाउँपालिका पर्दछन् ।

सुनसरी सदरमुकाम इनरुवा बाट १२ कि.मी उत्तर पूर्वमा थारूहरूको ऐतिहासिक संरचनाको रुपमा रहेको थान भन्सिया माई थान हो । यो थान इनरुवा नगरपालिकाको वडा नं ७ मा पर्दछ । वडा नं ७ मा थारूहरूको सघन वसोवास रहेको छ । थारूसँगै खवास, मुसलमान, साह, ठाकुर, बाँतर लगायतका जातजातिहरू बसोबास गर्दै आइरहेका छन् । भन्सिया माई थानमा पूजा आजा पनि थारू परम्परा अनुसार थारू धामीबाट हुने गरेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

थारुहरू सदियौंदेखि जंगलमा बस्दै आइरहेको इतिहास सर्वविदितै रहेको छ । हालको भन्सिया माई रहेको स्थान घना जंगलले भरिएको थियो । थारूहरूले त्यस क्षेत्रलाई सफा गर्दै मानव बस्नेसम्म बनाएका छन् । अहिले विभिन्न जातजातिहरू त्यहाँ बसोबास गर्दै आइरहेका छन् । थारूहरू जंगलमा बस्ने गरेकाले विभिन्न प्रकारका रोगहरू हैजा, फौती, मलेरियाबाट बच्नको लागि देवी देवताहरूको पूजा गर्ने गर्दथे ।

त्यसपछि निरन्तर भन्सिया माईको पूजाआजा गर्न थालिएको स्थानीय पूजारी झमेली दास बताउनु हुन्छ । थारूहरूको ऐतिहासिक साँस्कृतिक सम्पदाको रुपमा रहेको भन्सिया माई थानको स्थापना कसले कहिले गरेको हो सहजै अनुमान लगाउन सकिदैन । स्थानीयहरूको भनाइमा यो थानको सम्वन्ध राजाजी थानसँग रहेको छ । त्यस ठाउँमा एकजना राजाजी बस्नु हुन्थ्यो र उनकै भान्सेको रुपमा (भन्सिया) काम गर्नु हुन्थ्यो । पछि तीनकै नाम भन्सिया माई रहेको हो भन्ने स्थानीयहरूको भनाई छ । भन्सिया माई थानको नाउमा ७ वटा पोखरीहरू रहेका छन् । पोखरीहरूको बीचमा काठको खम्बा (जुट) रहने गरेको थियो । भन्सिया माईले आफ्नो सेवकहरूलाई संरक्षण गर्ने गरेको स्थानीयहरूले बताएका छन् । अहिले पनि पोखरीको उत्खनन् गर्दा माटोको विभिन्न प्रकारका भाँडाहरू भेटिने गरेका छन् ।



*भन्सिया माई थान*


भन्सिया माईको पूजा


भन्सिया माईको जाँतो

वि.स.२०५३ सालतिर थान परिसरमा रहेको सिमलको बोट काट्दा सो बोट समेत केही बेर ढलेको थिएन र धामीले थानमा पूजाआजा गरी परेवा भाकल गरेपछि मात्र उक्त बोट ढलेको थियो । पोखरीमा स्थानीयहरू हात खुट्टा धुन जाँदा पानी मुनी खुट्टामा फलामको सिक्रिले बेरे जस्तो हुने गरेको स्थानीयहरू बताउँछन् । आफनो इच्छा पूरा भएपछि भक्तजनहरूले भाकल लाउने गर्दछन् । प्रत्येक वर्षको बैशाख २ र २७ गते ठूलो मेला लाग्ने गरेको छ । उहिले भन्सिया माई थानमा घुरघुरु राजधामीले पूजाआजा गर्ने गरेका थिए । हाल पनि उनकै सन्तान मदना राजधामीले पूजाआजा गर्ने गरेका छन् । यसरी थारूहरूको संरक्षणमा रहेकोले भन्सिया माई थारूहरूको ऐतिहासिक साँस्कृतिक सम्पदाको रुपमा रहेको छ ।

## महत्व तथा जनविश्वास

थारूहरू बस्दै आएको उक्त क्षेत्रमा आफ्नो घरमा हुने गरेको ब्रतबन्ध, पूजा, विवाह, सहकटी, घरदेख, मृत्यु कर्म, भोज भतेर लगायतका कार्यका लागि त्यही पोखरीमा गई भन्सिया माईसँग बिन्ती गर्ने गरिन्थ्यो ।

यसरी आवश्यकता अनुसार भाडाकुँडा पोखरीबाट निस्कने गर्दथ्यो र आफनो काम गरी सकेपछि सफा गरी फेरी त्यही पोखरीमा पुऱ्याउनु पर्दथ्यो भन्ने पूजारी झमेली दास बताउनु हुन्छ । तर एक जनालाई भन्सिया माईले उपलब्ध गराएको भाँडामा लोभ लागेपछि लुकाएर राखेको कारण अर्को पटकदेखि त्यस प्रकारको सहयोग हुन छोडेको पूजारी बताउनु हुन्छ । आफ्ना भक्तहरूलाई खान नपुग्दा भन्सिया माईले स्थानीय किस्मत मियाले आफनो नानीहरूले ४ दिनदेखि खान नपाएको कुरा बिन्ती गर्दा अन्न समेत उपलब्ध गराउने गरेको पूजारी भन्नु हुन्छ । पोखरीमा फोहर गर्ने वा बिगार हुने काम गर्ने, नुहाउने गर्दा एउटा ठुलो जुका जिउमा टाँसिने गरेको र भन्सिया माई थानमा गई पूजा गर्दा मात्र त्यो जुकाले छोड्ने गरेको पूजारी बताउनु हुन्छ ।

गाउँ घरमा हुने गरेको हैजा फौती, बिफर जस्ता महामारीबाट बच्नको लागि भन्सिया माईले धामीलाई दिएको निर्देशन बमोजिम काम गर्दा, पूजाआजा गर्दा गाउँ बस्ती सुरक्षित रहने गरेको स्थानीयहरू बताउँछन् । दशैंको बेला गाउँमा रहेको काली मन्दिरमा बोका वली दिनुभन्दा पूर्व भन्सिया माईमा वली दिने चलन रहेको छ । यसो गर्नाले गाउँ बस्ती सुरक्षित रहने गरेको बताइन्छ । भन्सिया माई मन्दिरको दक्षिण पट्टि जाँतो रहेको छ । त्यही जाँतोमा भन्सिया माईले अन्न पिंधेर आफ्ना भक्तजनलाई दिने गरेको जनविश्वास रहेको छ भने जाँतोको तल्लो भाग आफै पोखरीमा गई लुप्त भएको पूजारीले बताउँनु हुन्छ ।


भन्सिया माई पोखरी

### बर्तमान अवस्था

भन्सिया माईको पहिलेको थानको अवस्था सामान्य काठ, खरको खुल्ला ठाउँमा रहेको थियो । समय परिवर्तनसँगै अहिले पक्की थान बनाइएको छ । पूर्वपट्टिबाट पक्की पर्खाल लगाइएको छ । भन्सिया माईको नाउमा झण्डै ९ बिघा जग्गा रहेको छ तर कानुनी रुपमा नहेरहेको पूजारी बताउनु हुन्छ । पोखरीहरू पुरिएको छ । जग्गामा विभिन्न ब्यक्तिहरूले अतिक्रमण गरी बस्दै आएका छन् । पूजारीले सम्बन्धित ठाउँहरूमा संरक्षणको लागि उजुरी गर्दा समेत कुनै पक्षबाट पहल नभएकोले अतिक्रमणमा परेको पूजारी बताउनु हुन्छ ।

### सवाल तथा समस्याहरू

- भन्सिया माई थानको घेरा बेरा नहुँदा सुरक्षित हुन नसकेकोले संरक्षण गर्न कठिन भएको छ ।
- संरक्षणको अभावमा पोखरीहरू पुरिदै गईरहेको छ ।
- भन्सिया माईको जग्गामा घर बनाई बसोवास गरेकोले सम्पतिको हिनामिना भएको देखिन्छ ।
- पोखरीमा ब्यवसायीकरण गरिएको छ । स्थानीय वडा कार्यालयद्वारा माछापालन गरिएको छ । त्यसबाट आउने आम्दानीबाट भन्सिया माई थानको संरक्षणमा सहयोग हुन सकेको छैन ।
- थारूसँग जोडिएको भएतापनि यसको प्रचार प्रसार हुन नसक्दा महत्व घटदै गएको बुझिन्छ ।

### संरक्षणका प्रयासहरू

- स्थानीय स्तरबाट सामान्यतया संरक्षणको प्रयास भएतापनि खासै प्रयासहरू भएको देखिदैन ।
- थारूहरूको नेतृत्वमा समिति बनाई स्थानीय सरकार तथा सरोकारवालाहरूबाट यसको संरक्षणको प्रयास तथा योजना, बजेट बनाई अगाडि बढनु पर्ने देखिन्छ ।
- भन्सिया माईको महत्वको बारेमा ब्यापक प्रचार प्रसार गरी पर्यटन क्षेत्रको रुपमा विकास गर्न सके थारूहरूको ऐतिहासिक साँस्कृतिक सम्पदाको संरक्षणमा टेवा पुग्ने देखिन्छ ।

## १.२. बर्जु दह (ताल)

### परिचय

सुनसरी जिल्लाको सदरमुकाम इनरुवादेखि करिब २० कि.मि. दक्षिण विराटनगरदेखि करिब ८ कि.मि.पश्चिम हरिनगरादेखि करिब ६ कि.मि.पूर्व बर्जु गाउँपालिका रहेको छ । यस गाउँपालिकामा जम्मा ३६,२४९ जनसंख्या रहेको छ । (श्रोत : राष्ट्रिय जनगणना २०७८ प्रतिवेदन) बर्जु गाउँपालिकाको पूर्वमा केशलिया खोला, पश्चिममा देवानगंज गाउँपालिका, उत्तरमा गढी गाउँपालिका र दक्षिणमा भारतको विहार राज्य पर्दछ । यस पालिकामा थारू जातिको जनघनत्व बढी रहेता पनि अन्य जात जातिहरू जस्तै : मेहता, राय, गुरुङ्ग, यादव, साह समेत रहेका छन् । यिनीहरूको आफ्नै भाषा, संस्कृति, रीतिरिवाज, खानपान, चालचलन, धर्मकर्म तथा पूजापाठ रहेका छन् । बर्जु गाउँपालिकामा ६ वटा वडाहरू रहेका छन् । करिब १५२ विघा क्षेत्रफल ओगटेको हाल जीर्ण रुपमा रहेका चिमडीताललाई स्थानीय मानिसहरूको जन जिब्रोबाट बर्जु ताल भनिएको (चिमडी दह) हो ।

### ऐतिहासिक पृष्ठभूमि

ऐतिहासिक महाभारतकालीन अन्वेषण र तालको वरिपरि रहेको विभिन्न ठाँउ र जनजिब्रोबाट सुनिदै आएको गाउँ वस्तीको पूरातात्विक अन्वेषण अनुसार यो ताल पहिला बर्जित ताल थियो । कालान्तरमा बर्जितबाट बर्जु ताल नामाकरण रहन गएको हो । महाभारतकालीन इतिहासलाई केलाउदा यो ताल यक्षद्वारा पोषित ताल हो भन्ने पुष्टि गर्दछ । यक्षद्वारा सोधिएको प्रश्नको उत्तर नदिई यसको पानी खान बर्जित थियो । महाभारतका पात्र पाँच पाण्डव र उनीहरूको पत्नी द्रौपदी सहित वनबासको अन्तिम दिनहरू र गुप्तबास भन्दा अगाडि बिताएको क्षेत्र यही हो ।

द्वापर युगमा एउटा बलवन्त भीमकाय रुप भएका राक्षस (दैत्य) महाभारत पर्वत श्रृंखलादेखि गंगा नदीसम्म नित्य बिचरण गर्दथ्यो ।



*बर्जु दह (ताल) को संध्याकालिन दृष्य*

उक्त दैत्यको विहे भएको थिएन । एक दिन दैत्य गंगामा स्नान गर्दा गंगाको अनुकम्पाले गंगाले आफ्नो दिव्य रुपमा दर्शन दिईन् र आफ्नो इच्छा अनुसारको वर माग्न वाचा दिईन । गंगाको दिव्य मनमोहक स्वरुप देखेर पत्नी रहित दैत्य गंगाप्रति मोहित भई गंगासँग विवाह गर्ने वरदान माग्यो । गंगा अचम्मित र असमन्जस्यमा परी महाभारत श्रृंखलाको विजयपुर (वेदीपुर) को पिण्ड पिण्डेश्वर महादेव स्थलदेखि गंगा सम्मको बाटो अमावस्या तिथिको तिनपट कालो रातमा प्रातः भालेको डाँकभन्दा अगाडि खनेर तयार गरीसकेमा तेरो पुरुषार्थलाई कदर गरी विवाह गर्नेछु भनी वाचा दिइन् ।

गंगाले यो वाचा दिनासाथ त्यसै रात अमावस्या परेकोले बाटो खनेर पूरा गरी पत्नी बनाउने मोहले अधैर्य भई १८ हात चौडा ३ हात अग्लो भएको बाटो विजयपुरको पिण्डेश्वर महादेवदेखि अन्त भागिरथी गंगा पुऱ्याउने भनी बाटो खन्न थाले । बलवान दैत्यले बाटो खन्दै ३ बजे रातीसम्म गंगा नदीको लगभग छेउमा पुगेको हेरी गंगा साह्रैं अत्तालिन् र यो राक्षसलाई दिएको वरदान अनुसार मसँग विवाह गर्ने भो भन्दै डरले ३ बजे राती नै भालेको रुप धारण गरी बासी दिईन् । एउटा भाले बासेपछि अरु वास्तविक भालेहरू पनि बासेको सुन्नासाथ दैत्यले गंगाले दिएको वरदान वचन मैले पूरा गर्न सकिन, एउटा स्त्रीजातिलाई जित्न नसकेको आत्मग्लानीले पुनः गंगासँग भेट गर्न साहस नगरी घमण्डी दैत्य फर्कियो र त्यही दैत्यले बाटो बनाएको हो भनी त्यसलाई दैत्ताधुर भनिन्छ ।

बर्जु तालको निर्माणमा कारक तत्व दैत्ताधुर नै रहेको हो । हाल बर्जु तालको स्थान माथिदेखि नै न जानिदो खारिलो परेको हुँदा वर्षाको पानी निथारिदै दैत्ताधुरमा रोकिएर पानी जम्न गयो । प्रत्येक बर्ष पानी जमी बग्न नपाउँदा एउटा ठूलो तालको रुप लियो । तसर्थ भन्न सकिन्छ कि यो ताल न त स्वयम् निर्माण भएको हो, न त यसलाई बनाउने हेतुले कसैले बनाएको हो । यो दैत्ताधुर निर्माण गर्दा नै पानीको निकास रोकिएर बनेको हो जुन वि.सं. १८२९ मा भएको थियो ।

तर तालको भू-भाग र दैत्ताधुरको उचाईलाई अध्ययन गर्दा दैत्ताधुर बन्नु भन्दा अगाडि पनि तालको अस्तित्व थियो भन्ने स्पष्ट हुन्छ । यो ताल जग्गा भासिएर बनेको हो । हजारौ वर्ष देखि यस तालको जग्गाबाट भुल्का फुटेर पानी निस्की रहेको मुल अहिले सम्म निरन्तर कायम छ । यद्यपी पहिलेको तुलनामा अहिले केही कम भएको पनि सत्य हो ।



*दह बीच भागको दृष्य*



*जंगली हाँसहरु जलक्रिडा गर्दै*

## बर्जु दह (ताल) को किम्बदन्ती

एक दिन जल देवी भिखारीनीको भेष धारण गरी साँझको समयमा नजिकैको थारूको घरमा गएर बास मागिन् । थारूले बास दिए । साँझको पाहुना भनी राम्रैसँग आतिथ्य सत्कार गर्न खोज्दा उनले कुमारी गाईको दुधको खिर पाए खाने नत्र नखाने भनी जवाफ दिइन् ।

गरीब थारू अचम्म भई पाहुना तिर हेरि सोधे कुमारी गाईले कसरी दुध देला ? दह देवीले थारूको घर गोठमा बाँधेको बाच्छीतर्फ संकेत गरी भनिन् त्यस बाच्छीको पिठमा ढ्याप हान्नु र दुध दुहुनु दुध आउँछ । आज्ञाकारी थारूले अतिथिको आदेश पालना गरे । बाच्छीबाट करिब ५ जनालाई खिर पकाउन पुग्ने दुध आयो र खिर पकाइयो, सबैले खिर खाए । खान पिनको अन्तमा दह देवीले आफ्नो अनन्य भक्त थारूलाई भनिन् "भक्त तिमी यहाँबाट चुपचाप भाग, यो दहको छेउका सम्पत्तिले मातेका तेलीहरूलाई डढाएर भष्म गर्नेछु, दहको पानी तेल जस्तै बल्नेछ"। यस्तो कुरा सुनेर ती थारू आफ्नो बाच्छी र परिवार लिएर दक्षिणतर्फ भागे । थारू भागेपछि अध्याँरो रातमा पनि उज्यालो देखिन थालेपछि आफ्नो घर र दहतर्फ फर्केर हेर्दा दहको पश्चिमतर्फ आगोको लप्का देखेछन् र भयभित हुदै गाउँलेलाई भाग भाग घरमा आगो लाग्यो भनेर कराउन थाले । यसरी दहमा आगो लागेर सबै नष्ट भएको थियो भन्ने स्थानीय थारूहरूको भनाइ रहेको छ ।

बर्जु ताल सिम्सार क्षेत्र पनि हो । सिम्सार क्षेत्रदेखि पूर्व थारू जातिको बस्ती थियो । थारूहरूलाई जंगली जनावरबाट आफ्नो वाली बचाउन निकै हम्मे हम्मे परिरहेको थियो । यसै थारू गाउँमा बर्जु थारू र रामी थरुनी नामका दाजु बहिनी थिए जो अति बलिया थिए । यी दुबै जना अर्नासँग खेल्ने गर्दथे र अर्नालाई पराजित गर्ने बल राख्थे भन्ने कथा यस भेगमा प्रसस्त सुन्न सकिन्छ । यस ताल क्षेत्रको भू-भाग निज बर्जु थारूकै कब्जा र रेखदेखमा थियो । दहदेखि पश्चिम राजगंज सिनवारीमा रामी बहिनीको विहे भएको थियो । उनी आफै बलियो भएकी हुँदा जंगली जनावरको वास्ता नगरी एक्लै घर जाने क्रममा रामी थरुनी वर्तमान दहको दक्षिण पश्चिम छेउमा पुगिन् । जंगली जनावर अर्नासँग लडाई गर्नु पर्यो । लडाईमा रामीको मृत्यु भएपछि बर्जु थारूले उक्त अर्नालाई मारेका थिए । पछि बर्जु थारू यस क्षेत्रको रेखदेख गरी वर्तमान ताल क्षेत्र आफ्नो कब्जामा राखेर नै बसेका थिए । बर्जु थारू परलोक भएपछि उनको इच्छा बमोजिम ताल क्षेत्रमा नै समाधिस्थ गरियो । समाधिस्थ गरिएको ठाउँ बर्तमान तालको पूर्व उत्तर कुनामा बर्जुको मन्दिर निर्माण गरिएको छ । त्यहाँ हरेक वर्ष वैशाख महिनामा पूजा गरिन्छ । यसरी बर्जुको नामबाट नै बर्जु दह रहन गएको हो भन्ने जनविश्वास छ ।

## वर्तमान अवस्था

२०२६ साल श्रावण २८ गते तालको बाँध भत्काई पानी बगाउनु भन्दा अगावै तालमा विभिन्न प्रजातिका चराचुरुङ्गी, माछा, बनस्पती र ताल हेर्न स्वदेशी विदेशी पर्यटकहरू आउने जाने गर्दथे । कतिपय व्यक्तिले पंक्षी बध र माछा मार्ने व्यवसाय नै बनाएका थिए । माछा, घोंघी, सितुवा, झिंगा, गैंची, सिंही, मंगुरी बोराको बोरा निकालेर टाढासम्मको बजारमा बिक्रि वितरण गर्दथे । मौसमको अनुकुलताले खेतबारीमा प्रशस्त अन्न, तरकारी र घाँसको उत्पादन हुन्थ्यो । चराचुरुङ्गी, पानी हाँस आदि ताल भरी नै हुन्थे । उड्दा आकास भरी आकर्षक लाईन लागेको देखिन्थ्यो । पर्यटकहरू ताल भित्रै मचान बनाई चराहरूको शिकार



दहमा पन्छी घाम ताप्दै



दैत्यले खनेको दैत्ता पोखरी


*बर्जु तालको मनोरम दृष्य*

गर्ने गर्दथे । पर्यटकहरू पश्चिमतर्फ गएर बन्दुक चलाउँदा हामी पूर्वतर्फ चरा समात्न दगुर्थ्यौं भन्ने भनाई यहाँका पूराना बासिन्दाहरूको छ ।

जाडो याममा पिकनिक खान टाढा टाढाबाट मानिसहरू आउने जाने गर्दथे । ताल परिसरमा विभिन्न प्रजातिका रुखबिरुवाहरू थिए । आकर्षक किरा, फट्यांग्रा प्रशस्त मात्रामा पाइन्थ्यो । तालबाट बढी भएको पानी पैनी (कुलो) बनाई जग्गामा सिंचाई गरिन्थ्यो जसले गर्दा प्रशस्त अन्नबालीको उत्पादन हुन्थ्यो ।

झन्डै ४० वर्ष अगाडि जब बर्जु ताल आफ्नो अस्तित्व जोगाउन सफल रहेको थियो र करिब १५० बिघा जग्गामा फैलिएको पानीको भण्डार थियो त्यति बेला वनजंगलले घेरिएका प्राकृतिक वनस्पति जडिबुटी करिब २०० प्रजातिका चरा चुरुङ्गी, आकर्षक कीरा फट्यांग्रा, विभिन्न जाति प्रजातिका माछा, सर्प, घोंघी, सितुवा आदिको बासस्थान प्रकृतिको एउटा अनुपम उपहार थियो ।

वर्तमान अवस्थामा बर्जु ताललाई स्थानीय सरकारले आफ्नो अधिनमा लिई विभिन्न प्रकारका योजनाहरू संचालन गरी रहेको छ । पर्यटन क्षेत्रको विकासको रुपमा बर्जु ताललाई अगाडि बढाइएको छ । बर्जु तालको संरक्षणको निम्ति समिति बनाइएको छ । प्रत्येक वर्ष तालमा थारुहरूको महान पर्व माघीको उपलक्ष्यमा माघी महोत्सव मनाइने गरिन्छ । वर्षेनी ताल भित्र वनभोजका लागि आउनेहरूको भिड बढेर गएको छ ।

## महत्व तथा जनविश्वास

हिन्दुहरूले ठूलो चाडपर्वमा ठूलो नदी, पोखरी, ताल तलाउमा स्नान गर्नु महत्वपूर्ण हुन्छ भन्ने हिन्दु धर्म ग्रन्थ पूराण आदिमा उल्लेख गरिएको छ । यो तालको माटोको विविधता यो छ कि यो करिब ५० रंगमा पाईन्छ । यसको माटोमा औषधीय गुण पाईन्छ जसले गर्दा यहाँको माटो दलेर स्नान गर्दा चर्मरोग नाश हुन्छ, दाँत धुँदा दाँत सफा बलियो र रोग रहित भई दीर्घजिवी हुन्छ, कपालमा मल्दा सफा चाँया रहित, चाडो सेतो नहुने, आँखाको लागि राम्रो र दिमागलाई शान्त पार्दछ भन्ने जनविश्वास रहेको छ ।

१९ औं शताब्दीतिर तालको माटो पोलेर खाएमा औलो ज्वरोबाट मुक्ति पाइने बलियो विश्वास राख्दथे । जतिबेला बर्जु थारू र रामी थरुनीको अस्तित्व थियो, त्यतिबेला यस दहमा जितियाको दिन स्नान गर्दा यस लोकमा सुख समृद्धिका साथै मरणोपरान्त बैकुण्ठमा बास पाइने विश्वासका साथ जितियाको दिन तालको माटोले कपाल माँडेर विशेष गरेर स्त्री जातिहरू तालमा स्नान गरी पूजा अर्चना गर्दथे ।

भीमकाय रामी थरुनी र बर्जु थारूको समाधी यसै ताल क्षेत्रलाई मानिने हुँदा धार्मिक तालको रुपमा मानिने गर्दछ । लोकोक्ति अनुसार विजयपुरे सरदार बुद्ध कर्ण राई पनि बर्जु तालको बीच भागबाट जरुवाको रुपमा निस्केको भुल्कालाई पाताल गंगाको रुपमणि कार्तिक मासमा पर्ने हरि बोधिनी एकादशीका दिन स्नान गर्थे भन्ने स्थानीयहरूको भनाई रहेको छ ।

## सवाल तथा समस्याहरू

वि.स.२०२५ सालको नापीमा करिब १५२ बिघा क्षेत्रफल चिमडी दहको भनी किटान हुँदाहुँदै तालको जग्गा हत्याउन सकिन्छ कि भन्ने विभिन्न व्यक्ति/समूहबाट प्रयास भएको थियो । आफ्नो नम्बरी बनाएका जग्गामा तालको पानीको दबाबलाई न्युन पार्ने प्रयास भएको देखिन्छ ।

तालको बाँधलाई २०२६ साल श्रावण २८ गते भत्काइएको थियो त्यस क्रममा चरनमा परिणत गरी विभिन्न जालझेल र हतकण्डा अपनाई नम्बरी बनाउने कोसिस भएको थियो ।

## संरक्षणका प्रयासहरू

पर्यटकीय आकर्षणको केन्द्रको रुपमा विकास गर्न सके स्थानीय जनताको रोजगारको माध्यम बनी यस गाउँ तथा क्षेत्रको जनताको रोजगारीले गर्दा आर्थिक विकास भई दुर्लभ पंक्षी, किरा फट्यांग्राको संरक्षण भई मत्स्य व्यवसाय, होटल व्यवसाय तथा अन्य

व्यापार व्यवसायमा वृद्धि भई गाउँ जिल्ला तथा देशकै अर्थतन्त्रमा सघाउ पुग्ने भई पर्यटकीय तथा धार्मिक स्थलको रुपमा विकास हुनेछ ।

प्राकृतिक वरदानको रुपमा प्राप्त यस अनुपम उपहारलाई संरक्षण, संवर्द्धन तथा विकास गर्नका निमित यस क्षेत्रका बुद्धिजिवी स्थानीय सरकार, जिल्ला विकास समिति, उद्योगी व्यवसायी, वकील, पत्रकार र विशेष गरेर प्रो.पब्लिक आदिको सहयोग र समर्थनले **श्री सार्वजनिक सम्पत्ति विकास तथा संरक्षण समिति** २०५७ नामक संस्था जिल्ला प्रशासन कार्यालय सुनसरीमा दर्ता गराई बर्जुताललाई संरक्षण, संवर्द्धन र विकास गर्ने कामको थालनी गरिएको छ ।

## १.३ डिहवार्नी बौर पिपर

### परिचय

सुनसरी जिल्लाको सदरमुकाम इनरुवाबाट १५ कि.मी पूर्वमा दुहवी नगरपालिका रहेको छ । १२ वटा वडा रहेको दुहवी नगरपालिकामा कुल जनसंख्या ६६,०७४ रहेको छ । (राष्ट्रिय जनगणना २०७८)

दुहवी नगरपालिकाको पूर्वमा वुढीखोला, पश्चिममा गढी गाउँपालिका, उत्तरमा इटहरी उप- महानगरपालिका र दक्षिणमा वर्जु गाउँपालिका रहेका छन् । दुहवी नगरपालिकाको वडा नं ११ मा थारूहरूको सघन वसोवास रहेको छ । थारुसँगै, साह, ठाकुर, उराँव, यादव, मुसहर, क्षत्री, बाहुन लगायतका जातजातिहरू बसोवास गर्दै आइरहेका छन् । सोही वडा नं ११ मा थारुहरूको डिहवार्नी वर पिपलको बोट रहेको छ । साविकमा झण्डै ८ (आठ) कट्ठा ऐलानि जग्गामा रहेको थियो भने हाल अतिक्रमण भई ४ (चार) कट्ठामा समेटिएको छ ।

### ऐतिहासक पृष्ठभूमि

वि.सं. १७१२ मा नैन सिंह माझीले रोपेको वर पिपल अहिलेसम्म रहेको छ । बीच भागमा कच्ची बाटो र पश्चिमपट्टी पिपलको बोट र बाटोको पूर्वपट्टी वरको रुख रोपिएको थियो । समयसँगै हुर्किनु पर्ने बोटहरू नहुर्किदा केही समयपछि ठाउँ सारनी गरियो । जसमा पश्चिमपट्टी वरको बोट र पूर्वपट्टी पिपलको बोट सारियो । धार्मिक परम्परा अनुसार दुवै बोटहरूलाई विवाह गरी दिए पछी बोटहरू बढ्न थाले भन्ने मान्यता रहेको छ ।

गाउँहरूमा हुने धार्मिक कार्यक्रमहरूमा त्यस बोट मुनि दियो बाली तथा आवश्यकता अनुसार नयाँ बर्ष तथा थारू पर्वहरूमा पूजाआजा गर्ने चलन अहिलेसम्म चलिआएको छ । त्यसै गरी नयाँ विवाहित दम्पतिहरूले त्यो बाटो हिड्दा मिठाई, दुध, दही




*डिहवार्नी वर पिपल*

लगायतका प्रसाद चढाउने गर्दछन् । हालसम्म त्यसलाई हेर्दा ६ पुस्तासम्म पुगेको छ ।


डिहवार्नीमा स्थानीय महिलाले पूजा गर्दै

## महत्व तथा जनविश्वास

सुनसरी जिल्ला हाल दुहवी नगरपालिका ११ तनमुनामा रहेको डिहवारनी क्षेत्रभित्र घना जंगल रहेको थियो । त्यस जंगलभित्र थारूहरूको बसोवास रहेको थियो । थारूहरू सदियौँदेखि उक्त जंगलमा बस्दै आएकोले बिरामी पर्दा तन्त्रमन्त्र, धामी झाँक्रीमा बिश्वास गर्ने भएकोहुँदा घर परिवारको कुनै सदस्य बिरामी पर्दा धामी झाँक्री लाउने गर्दथे ।

धामी झाँक्रीले आफ्नो मन्त्र भन्नुभन्दा पूर्व त्यही वर पिपलको रुख मुनी गई पूजाआजा गरी सकेपछी मात्र झारफुक गर्दथे जसले गर्दा बिरामीहरू निको हुने गरेको स्थानीयहरूले बताउने गर्दछन् । त्यस वरपर फोहर फाल्ने, दिशा पिसाब गर्नेलाई तुरुन्तै हानी हुने गरेको कुरा स्थानीयहरूले बताउने गरेका छन् ।

त्यसैगरी थारू भाषाको चलचित्रहरूमा त्यस वर पिपलको छाँयाङ्कन गरी थारू भाषा सँस्कृतिको संरक्षणमा मद्दत पुगेको देखिन्छ । पिपलको बोटमा ठुलो आकारको नथिया लगाएको सर्प बस्ने गरेको स्थानीयहरू बताउँछन् ।

## वर्तमान अवस्था

डिहवार्नीको स्वामित्वको जग्गा स्थानीयवासीबाटै अतिक्रमित हुने गरेको छ । समय समयमा स्थानीय युवाहरूद्धारा दशैं तिहारमा देउसी भैलो खेली जम्मा गरेको रकमबाट वर पिपलको फेदमा माटो हाल्ने काम भएको युवाहरूले बताउने गरेका छन् । स्थानीय सरकार तथा अन्य निकाय संघ संस्थाबाट कुनै प्रकारको संरक्षणको प्रयासहरू भएको छैन ।

## सवाल तथा समस्याहरू

स्थानीय थारूहरूको प्रमुख जिम्मेवारीको रुपमा रहेको उक्त डिहवारको संरक्षणको अगुवाइ गर्न कुनै प्रकारका समितिहरू निमार्ण हुन नसक्दा वरपरका जग्गाहरू अतिक्रमणमा परेका छन् ।

वर पिपल, डिहवार्नी मुनी स्थानीयहरूले फोहर फाल्ने गरेको, घाँस दाउरा राख्ने गरेकोले यसको महत्व घट्दै गएको छ ।

स्थानीय सरकार, वडा कार्यालयले खासै चासो नदेखाएको कारण डिहवार्नी संरक्षित हुन सकेको छैन ।

## संरक्षणका प्रयासहरू



डिहवार्नीको पिपल र वरको गाछी

स्थानीय युवाहरू बााहेक स्थानीय तह, सम्बन्धित सरोकारवालाहरूको ध्यान जान नसकेको अवस्थामा स्थानीय थारूहरूको अगुवाइमा संरक्षण समिति बनाई अगाडि बढ्नु पर्ने देखिन्छ ।

## १.४ कचना थान

### परिचय

सुनसरी सदरमुकाम इनरुवाबाट १८ कि.मी उत्तर पूर्वमा थारूहरूको ऐतिहासिक संरचनाको रुपमा रहेको शिखनी विखनी जब्दी महारानी थान हो । यो थान इटहरी उप महानगरपालिकाको वडा नं १६ मा पर्दछ । उक्त वडामा थारूहरूको सघन वसोवास रहेको छ । यहाँ थारूसँगै राई, लिम्बु, वाहुन, क्षत्री, मधेसी लगायतका जात जातिहरू बसोवास गर्दै आइ रहेका छन् । इटहरी उप महानगरपालिकाको पूर्वमा बुढी खोला, पश्चिममा रामधुनी नगरपालिका, उत्तरमा धरान उप महानगरपालिका र दक्षिणमा दुहवी नगरपालिका रहेको छ । इटहरी उप महानगरपालिकाको कुल जन संख्या १,९७,२४१ रहेको छ । (राष्ट्रिय जनगणना २०७८ ) ।

शिखनी विखनी जब्दी महारानी थानमा पूजाआजा थारू परम्परा अनुसार थारू धामीबाट गर्ने गरिएको छ । यहाँको आदीवासी चौधरीहरूको भाषामा ईट्टालाई ईट र काठलाई हरी भनिने भएकोले उक्त इट र हरी मिलेर इटहरी नामाकरण रहन गएको बुढापाकाहरू बताउँछन् ।

### ऐतिहासिक पृष्ठभूमि

राजदेवी, सुनरदेवी र कचना आफ्नै सहोदर भाई बहिनीहरू हुन् । यिनिहरू ७ जना भाई बहिनीहरू थिए । कचना निकै शक्तिशाली र बलवान थिए । जंगल क्षेत्रमा रहेको कचना थान सुरुवातमा माटोको ढिस्को आकारमा रहेको थियो । यहाँ प्रत्येक नयाँ बर्ष बैशाख ३ गते ठूलो मेला लाग्ने गर्दछ ।

परापूर्वकालदेखि मेला भर्न भनी सयौंको संख्यामा बयलगाडामा हजारौं हजार दर्शनार्थी यहाँ आउने गरेका छन् । यहाँ थारू धामीहरूले पूजाआजा गर्दै आई रहेका छन् । यो स्थान हाल इटहरी उप महानगरपालिका वडा नं. ४ मा रहेको छ ।

कचना थानको रुपमा रहदा थारूहरूका आफन्तजनहरू धेरै दिन पछि मेला भर्न आउँदा साह्रै खुशी हुने गर्दछन् । यसको मुख्य कारणको रुपमा मेला रहेको छ । कचना मेलामा थारूहरूको आफनै मौलिक थारू परिकारहरू बेचबिखन हुने गर्दछ ।



*कचना थान*



*थारूको कचना थानलाई कचना महादेव मन्दिर वनाएको*

## महत्व तथा जनविश्वास

मानव शरिरमा हुने गरेको ऐचनी (मासुको डल्लो) जस्तो बिरामीलाई त्यस कचना थानमा गएर भाकल गर्दा निको हुने जनविश्वास रहेको छ। भाकलस्वरुप भण्टाको भारी (भार) चढाउने गरिन्छ। थारू बाहुल्य रहेको क्षेत्रमा किसानहरूले लगाउने गरेका कृषि बालीहरूलाई बिभिन्न रोग, प्रकोपबाट बचाउनका लागि कचना थानमा विशेष पूजा गर्ने गरिन्छ। जसले गर्दा कृषि उत्पादनमा वृद्धि हुने जनविश्वास रहेको पाइन्छ। मेलाको अवसरमा आफन्तहरूसँग भेटघाट हुनुको साथै खुशीयाली साटासाट गर्ने गरिन्छ।

## बर्तमान अवस्था

थारूहरूको ग्रामथान भनेर चिनिएको कचना थानमा गैर थारूहरूले महादेवको मन्दिर बनाएर पूजा गर्न थालेका छन्। धार्मिक दृष्टिकोणबाट थारूको ग्रामथानमा बोका, हाँस, परेवा, अण्डा लगायत वली दिने गरिन्छ, जवकी महादेव भगवानलाई कतै कुनै ठाउँमा वली दिने चलन रहेको छैन्।

यसरी थारूहरूको ऐतिहासिक सँस्कृतिलाई सधैंको लागि निमिट्यान्न बनाउनका लागि गैर थारूहरू विधिवत रुपमा नेपाल सरकारको अधिकारीक निकायमा दर्ता गर्न लागेको पाईन्छ। थारू पूजारीलाई प्रवेश गर्न नदिई थारूका सँस्कृति संरक्षणमा रोक लगाएको देखिन्छ। नयाँ बर्षमा मेला लाग्न नदिनु भनेर थारूको संस्कृति, संरक्षणमा धावा बोलिएको पाइन्छ। त्यही कचना थान परिसरमा विद्यालय, खानेपानी, सेनाको व्यारेक समेत बनाईएको छ। विभिन्न संघ संस्थाले संरचना बनाए पनि हाल सम्म सरकार र स्थानीय तह समेत मौन रहेको देखिन्छ। पाँच बिघा भन्दा वढी जग्गा रहेकोमा अहिले विभिन्न संघ संस्थाले सो जग्गा अतिक्रमण गरी आफ्नो नाममा दर्ता समेत गरेका छन्।

## सवाल तथा चुनौतीहरू

- थारूहरूको ग्रामथान भनेर चिनिएको कचना थानमा गैर थारूहरूले महादेवको मन्दिर बनाएर पूजा गर्न थालेकोले थारूहरूको मौलिकता बोकेको ऐतिहासिक साँस्कृतिक संरचना धरापमा परेको छ।
- गैर थारूको नेतृत्वमा समिति गठन गरी कचनाको नाममा रहेको सम्पत्तिमा अतिक्रमण भएको छ।
- थारूहरूलाई बेलाबेलामा पूजा आजा गर्न नदिई थानको गेटमा गैर थारूहरूले तालावन्दी गर्ने गरेका छन्।

## संरक्षणका प्रयासहरू

- थान भित्र रहेको महादेवको मन्दिरलाई अन्यत्र व्यवस्थापन गर्नका लागि सम्बन्धित सरोकारवालाहरूको रचनात्मक भूमिका हुनु पर्ने देखिन्छ।
- नेपाल सरकारले प्रचलित कानुनमा भएको व्यवस्था तथा थारूहरूको प्रथाजन्य कानुनलाई स्थानीय सरकारले यथासिघ्र निर्माण गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ।
- थारूहरूको ऐतिहासिक तथा साँस्कृतिक संरचनाहरूको संरक्षणका लागि सम्बन्धित सरोकारवालाहरूको विज्ञ समुह बनाई संरक्षण र सम्वर्द्धनका लागि प्रयास गर्नु पर्ने हुन्छ।

## १.५ रानी पट्टि पोखरी

### परिचय

सुनसरी जिल्लाको स्थानीय तहमध्ये रामधुनी नगरपालिका पनि एक हो । सुनसरी सदरमुकाम इनरुवा बाट ११ कि.मि.को दुरीमा रहेको उक्त नगरपालिकामा ९ वटा वडाहरू रहेका छन् । रामधुनी नगरपालिकामा थारूहरूको सघन बसोबास रहेको छ । थारूहरूले तत्कालीन अवस्थामा रहेको घना जंगल फडानी गरी त्यस क्षेत्रमा मानव वस्ती बसाएका हुन् । रामधुनी नगरपालिकाको जनसंख्या ६३,४५२ रहेको छ । (राष्ट्रिय जनगणना २०७८ ) ।

यस नगरपालिकाको पूर्वमा इटहरी उप म.न.पा., पश्चिम र उत्तरमा वराहक्षेत्र नगरपालिका, दक्षिणमा इनरुवा नगरपालिका रहेको छ । सुनसरी सदरमुकाम इनरुवाबाट १७ कि.मि. उत्तर पूर्वमा थारूहरूको ऐतिहासिक संरचनाको रुपमा रानी पट्टि पोखरी रहेको छ । रानी पट्टि पोखरी रामधुनी नगरपालिकाको वडा नं. ७ मा पर्दछ । वडा नं. ७ मा थारूहरूको सघन बसोवास रहेको छ । यहाँ थारूसँगै मुसहर, वाहुन, क्षेत्री, राई, लिम्बू लगायतका जात जातिहरूको बसोवास रहिआएको छ ।

### ऐतिहासिक पृष्टभूमि

रानी पट्टि पोखरी रामधुनि नगरपालिका वडा नं. ७ मा रहेको छ । यो पोखरी रहेको ठाँउमा घना जंगल रहेको स्थानीयहरूले बताउने गरेका छन् । यो पोखरीको उत्पती कसरी, कहिले भएको हो यसको कुनै लिखित दस्तावेज देखिदैन र भेटिदैन तर पोखरीको वरपर सयौं वर्षदेखि थारूहरू बसोवास गर्दै आइरहेका छन् ।

थारूहरूकै संरक्षकत्वमा रहेको यो पोखरीको नाम रानी पट्टि पोखरी कसरी रहन गयो भन्ने कुरा अहिले सम्म गर्भमै रहेको छ । यस पोखरीमा थारूहरूले आफ्नो पहिचान एवं लगानी रहेको बताउँछन् । यस पोखरी र थारूहरूको सम्बन्ध बारे विभिन्न भनाईहरू रहेका छन् । पोखरीको वरपर घना जंगल हुँदा त्यस पोखरीमा आफ्ना गाई वस्तुहरूलाई पानी खुवाउने, खेतवारी सिंचाई गर्ने, आवश्यक परेको बेला अन्य सामाग्रीहरू सहयोग लिने जस्ता कुराबाट पोखरी र थारूहरूको सम्बन्ध रहेको देखिन्छ । पोखरी झण्डै १६ विगाहामा फैलिएकोमा हाल ८ विगाहामा सिमित रहेको देखिन्छ ।

### महत्व तथा जनविश्वास

रानी पट्टि पोखरी आफैमा ऐतिहासिक रहेको छ । यो पोखरीमा वर्षै भरी पानी रहिरहने गरेको छ । केही वर्ष पहिले पोखरीमा ठूला ठूला कछुवा, गोही, माछा लगायतका जलचर रहेका थिए । पोखरीको डिलमा रुखहरू रहेका छन् । पोखरीको पानीबाट सिंचाई हुने, गाईवस्तुले पानी खाने खुवाउने गरिएको छ । रमणीय वातावरण रहेको उक्त पोखरीमा पर्यटकीय सम्भावना रहेको छ । थारूहरूले त्यस पोखरीमा धार्मिक अनुष्ठान, अष्टयाम गर्ने गरेका छन् ।

रानी पट्टि पोखरीको आफ्नै महत्व रहेको छ । रामधुनी नगरपालिका वडा नं. ७ मा रहेको उक्त पोखरी परापूर्व काल देखि नै घना जंगल माझ रहेको थियो । हाल वन फडानी भई मानव समाज वसोवास गरी आएका छन् । दत्त किच्चा खोलाको छेउमा रहेको सो पोखरीबाट स्थानीय थारू समुदायले निकै फाइदा लिई रहेका छन् ।



*रानी पट्टि पोखरी*



रानी पट्टि पोखरी

गाउँ घरमा हुने व्रतवन्ध, पूजा, विवाह घरदेख तथा सामाजिक कार्यका लागि आवश्यक भाँडाकुँडा त्यहाँ रानीले दिने गर्दथिन् । त्यसको लागि रानी महारानीसँग विन्ति गर्नु पर्दथ्यो । यस क्रममा कुनै वेला एउटा गाउँलेले विन्ति गरी प्राप्त गरेको भाँडा प्रयोग गरी पुनः फर्काउन जाँदा एउटा भाँडो पानीमा नडुवे पछी गाउँलेहरूले थाहा पाई लुकाई राखेको भाँडो फिर्ता गर्दा मात्र सबै भाडाहरू डुवेको थियो । त्यसपछी आज सम्म भाँडा कुडा निस्किने गरेका छैनन् ।

त्यसैगरी धमौरा भन्ने गाउँको टेकाइ चौधरी एक दिन सोही रानी पट्टिट पोखरीमा घुम्न आउँदा पोखरीको डिलमा रहेको हरियो घाँस देख्दा मनमा भैसी पाल्ने इच्छा लागेछ । राती रानीले सपनामा भनिछन् "तिमीले डोरी (घुरी) बनाई राख्नु र म भैसी पठाउँछु । रातभरीमा जती बाँध्न सक्छौ बाँध्नु तर बाँधेको भैसी तर्फ फर्केर नहेर्नु, हेर्यौ भने बाँकीलाई बाँध्न सक्दैनौ भन्दा रातभरी जति बाँध्न सके बाँधे तर बाँध्दा - बाँध्दा दिक्क लागे पछी फर्केर हेरेछ । त्यस पछि उनीसँग मात्र बाँधेको भैसी रहन गयो ।" यसो गर्नुको खास कारण भने एउटा राँगो निस्केको थियो जसमा सुन, चाँदी किम्ती गहनाहरू लगाएको थियो । यसरी बाधेर रहेको भैसीबाट हालसम्म टेकाई चौधरीको घरमा ती भैसीका शाखा सन्तानहरू रहेको स्थानीय ७० बर्षीय चेतनलाल चौधरी बताउँनुहुन्छ । त्यसैगरी पोखरीको छेउछाउमा थारूहरूले खेतीपाती गर्ने गरेका छन् । रातपर्दा पोखरीबाट निस्किने भैसीहरूले सवै बालीनाली खादा किसानहरू राती रुङ्न बसेछन् ।

त्यही भैसीले खाएको देखेपछी पोखरीका महारानीलाई विन्ति गर्दा रानीले जती सक्छौ सुन, चाँदी लैजाऊ तर एक पटक मात्र लिनु भनेका थिए । किसानको मनमा लोभ लागे पछी अर्को पटक लिन खोज्दा बाकसले च्यापेको थियो । त्यसपछि उनको मृत्यु भएको स्थानीयहरू बताउँछन् ।

### वर्तमान अवस्था

वर्तमान अवस्थामा रानी पट्टिट पोखरी ८ विगाहामा रहेको छ । पोखरीको डिल मासेर मानिसहरू बस्ने गरेका छन् । पोखरीको डिलमा रहेको पूराना रुखहरू मासी सकेका छन् । पोखरीको चारै तर्फको जग्गा अतिक्रमणमा भएको छ । पोखरीको संरचना माछाको भुरा उत्पादनको नाममा बिगारी सकिएको छ । एक समय थारूहरूको ऐतिहासिक सम्पतिको रुपमा रहेको पोखरी हाल स्थानीय तहको निगरानीमा माछापालनका लागि एक व्यक्तीलाई हस्तान्तरण गरिएको छ ।

### सवाल तथा समस्याहरू

- पोखरीको डिलमा स्थानीयहरूले वसोवास गर्दै आइरहेकोले पोखरी अतिक्रमणमा परेको छ ।

### संरक्षणका प्रयासहरू

- थारुहरूको नेतृत्वमा रानी पट्टिट पोखरी संरक्षण समिति निर्माण गरी पोखरीको संरक्षण तथा सम्वर्द्धनका प्रयासहरू अगाडि बढाउनु आवश्यक देखिन्छ ।
- स्थानीय सरकार तथा गैर सरकारी संस्था वा सम्वन्धित सरोकारवालाहरूसँग सहकार्य तथा सहयोग लिई पोखरीको संरक्षण गर्नुपर्ने खाँचो रहेको छ ।

## १.६ हात्ती घोडा (सुवा थान)

### परिचय

सुनसरी सदरमुकाम इनरुवाबाट १४ कि.मि. दक्षिण पूर्वमा थारूहरूको ऐतिहासिक संरचनाको रुपमा हात्ती घोडा (सुवा थान) रहेको छ । यो हात्ती घोडा (सुवा थान) गढी गाउँपालिकाको वडा नं. ३ मा पर्दछ । वडा नं. ३ मा थारूहरूको सघन वसोवास रहेको छ । थारू, मुसलमान, साह, ठाकुर, यादव, तेली, महतो, श्रेष्ठ, क्षेत्री, वाहुन लगायतका जात जातिहरू वसोवास गर्दै आइरहेका छन् । गढी गाउँपालिकाको कुल जनसंख्या ३८,७३९ रहेको छ । (राष्ट्रिय जनगणना २०७८ ) । यहाँको पूजाआजा पनि थारू परम्परा अनुसार थारू धामी गुजिराम चौधरीबाट गर्ने गरिएको छ ।



*हात्ती घोडा (सुवा थान)*

यस गाउँपाालिकाको सिमाना पूर्वमा दुहवी नगरपालिका, पश्चिममा इनरुवा नगरपालिका, उतरमा इटहरी उप महानगरपालिका तथा दक्षिणमा बर्जु गाउँपालिका पर्दछ ।

## ऐतिहासिक पृष्ठभूमि

सुनसरी जिल्लाको गढी गाउँपालिका वडा नं. ३ मा सुवा थान अथवा राजाजी थान रहेको छ । यसलाई हात्ती घोडा थान पनि भनिन्छ । यो थानमा हरेक वर्ष बैशाख ५ गते भब्य मेला लाग्ने गर्दछ ।

यो थानमा गुजिराम चौधरीको परिवारका सदस्यहरूले परापूर्वकालदेखि पूजाआजा गर्दै आइरहेका छन् । साहेब नारायण चौधरी धामीले पूजाआजा गर्दा जीवित हुन्जेल हात्तीमा सबार भई घरबाट थानसम्म पूजा गर्न आउँथे । यो थान कहिले, कसले स्थापना गर्यो यसको कुनै लिखित प्रमाण नरहेको स्थानीयहरूले बताउने गरेका छन् ।

## महत्व तथा जनविश्वास

राजाजी थानको आफ्नै महत्व रहेको छ । उक्त थान स्थापनाकालमा त्यो क्षेत्रमा जंगल रहेको थियो । विभिन्न प्रकारका जनावरहरू रहने गरेको त्यस जंगलको छेउछाउमा थारूहरूको बसोबास रहेको थियो र जंगली जनावरहरूले घरपालुवा जनावरहरूलाई हानी नोक्सानी गरी रहदा त्यसबाट बच्नको लागि वगेश्वरी नामक देउतालाई आह्वान गरी पूजाआजा गर्दा जंगली जनावरबाट बच्न थालेका थिए ।

त्यसै गरी गाउँमा फैलिने हैजा, मलेरिया, दैवी प्रकोपबाट बच्नको लागि ग्राम बाबाको पूजा अर्चना गर्दा त्यस प्रकारको प्रकोपबाट वच्न सकिने जनविश्वास हालसम्म रहेको छ । थानको वरपर दिशा पिसाब वा फोहोर गर्न नहुने तर फोहोर गरे वगेश्वरी लाग्ने र थानमा गई पूजाआजा नगरुन्जेलसम्म निको नहुने विश्वास रहेको छ ।

## थानको वर्तमान अवस्था

स्थापना कालमा थान रहेको ठाउँमा माटोको



*राजाजी सवार हात्ती*



मेलामा चढाएका हात्ती घोडाका टुटेफुटेका माटाका मूर्ति

ढिस्को रहेको थियो । त्यसलाई गाउँलेहरू मिलेर काठको घेराबेरा लगाई खरको छाना लगाई पूजा गरेका थिए । समय परिवर्तनसँगै थान पक्कि बनाइएको छ । स्याहार सम्भार हुन नपाउँदा जिर्ण हुँदै गइरहेको छ ।

उक्त थान जिल्ला प्रशासन कार्यलयमा दर्ता रहेको छ भने थानको नाउँमा रहेको ४ कठ्ठा जग्गा वरपरका किसानहरूले मास्दै लगेका छन् । संरक्षण हुन नसके यो थान भग्नावशेषमा परिणत हुन समेत बेर लाग्ने छैन ।

### सवाल तथा समस्याहरू

- थान संरक्षण समिति भएता पनि निश्क्रिय रहेको हुँदा थानको नाउँमा रहेको चल अचल सम्पत्ति स्थानीयहरूबाट अतिक्रमण हुँदै गएको छ ।
- थान घेरा वेरा हुन सकेको छैन ।
- सरोकारवाला निकायको ध्यान जान नसक्दा थानको मौलिकता हराउँदै गएको छ जसले गर्दा आउने दिनमा थानको महत्व लोप हुने सम्भावना रहेको देखिन्छ ।

### संरक्षणका प्रयासहरू

- स्थानीय थारूहरूले आफ्नो भाषा, संस्कृतिको संरक्षणका लागि पहल गर्नु पर्ने देखिन्छ ।
- संरक्षण समिति क्रियाशिल हुनु पर्ने देखिन्छ ।
- स्थानीय सरकार तथा सम्वन्धित सरोकारवालाहरूले थानको नाउँमा योजना तथा बजेट छुट्याई संरक्षण कार्य संचालन गर्नुपर्ने हुन्छ ।

## १.७ शिखनी विखनी जब्दी महारानी थान

### परिचय

सुनसरी सदरमुकाम इनरुवाबाट १८ कि.मि. उत्तर पूर्वमा थारूहरूको ऐतिहासिक संरचनाको रुपमा शिखनी विखनी जब्दी महारानी थान रहेको छ । यो थान इटहरी उप महानगरपालिकाको वडा नं १६ मा पर्दछ । वडा नं. १६ मा थारूहरूको सघन वसोवास रहेको छ । थारूसँगै राई, लिम्वू, वाहुन, क्षेत्री लगायतका जात जातिहरू वसोवास गर्दै आइरहेका छन् ।

इटहरी उपमहानगरपालिकाको पूर्वमा वुढी खोला, पश्चिममा रामधुनी नगरपालिका, उत्तरमा धरान उपमहानगरपालिका र दक्षिणमा दुहवी नगरपालिका रहेको छ । शिखनी विखनी जब्दी महारानी पूजाआजा पनि थारू परम्परा अनुसार थारू धामीबाट गर्ने गरिएको छ ।



*सिखनी विखनी जब्धि महारानी*

## ऐतिहासिक पृष्ठभूमि

सुनसरी जिल्लाको पूर्व भागमा इटहरी उप महानगरपालिका रहेको छ। यस उप महानगरपालिकाको वडा नं. १६ मा शिखनी विखनी जब्दी महारानी थान रहेको छ। शिखनी, बिखनी, जब्दी ,लाटी ,बौकी र कचना नाम गरेका ६ वटा भाइ बहिनीहरू रहेका थिए। अन्य दिदी बहिनी र भाइ सोही पालिकाको विभिन्न वडाहरूमा रहेता पनि शिखनी विखनी जब्दी महरानी इटहरी उप महानगरपालिका वडा नं. १६ मा रहेको छ।

यिनीहरू दैवी शक्ति प्राप्त थारूहरू हुन भनी स्थानीयहरूले बताउने गरेका छन्। सयौँ बर्ष पहिले इटहरी पनि घना जंगल रहेको थियो। त्यही जंगलमा थारूहरू बस्ने गर्दथे। जंगलमा बस्ने गरेकोले विभिन्न प्रकारका रोगहरू हैजा, फौती र मलेरियाबाट बच्नका लागि तन्त्रमन्त्र धामी झाँक्रीको आवश्यकता पर्दथ्यो।

त्यसै पनि त्यसताका थारूहरूले अली बढी मात्रामा तन्त्रविधा प्रति विश्वास गर्दथे। जंगली जनावरहरूले घरपालुवा जनावरहरूलाई हानी नोक्सानी गर्ने गर्दथे। यस्ता समस्याबाट बच्नका लागि स्थानीय ननिलाल चौधरीले प्रथम पटक पूजा आजा गर्न सुरु गरेका थिए।

शिखनी विखनी जब्दी महारानीको उत्पतिको कुरा गर्नु पर्दा स्थानीय थारू समुदाय वा मानव समाजलाई विभिन्न रोग तथा जंगली जनावरबाट बच्नका लागि त्यसबेला होरसु धामी झाँक्री खेलाउदा (पत्योर) शिखनी विखनी जब्दी महरानीले संरक्षण गर्न सक्ने बताएपछि उनीहरू पूजाआजा गर्न थालेको स्थानीय थान पूजारी सियापती चौधरी बताउनु हुन्छ।

स्थानीयहरूले त्यही ठाउँमा काठको घर, खर, घाँसले छाएर थान बनाएका थिए र त्यस थानमा घोडामा सवार शिखनी विखनी जब्दी महारानीको मूर्ति राखेर पूजा गर्ने गरेका थिए। यसको पूर्व र उत्तरपट्टीको भागमा मुल (भवरी) माटोमुनीबाट अहिलेसम्म पनि आफै पानी निस्किरहेको छ। त्यस ठाँउमा प्रत्येक नयाँ वर्षको ८ गते ठुलो मेला लाग्ने गरेको छ।

## महत्व तथा जनविश्वास

शिखनी विखनी जब्दी महरानी थान सुनसरी जिल्लामा रहेको एक धार्मिक महत्व बोकेको थान हो। यो थान उत्पति भएदेखि शक्तिशाली रुपमा रहेको पाइन्छ। थानमा गई आफ्नो इच्छा





*शिखनी विखनी जब्दी महारानीको मन्दिर*




*पानी निस्कने मुल (भवरी) कुवाँको तस्विर*

अनुसारको मनोकामना माग गर्दा इच्छा पूरा हुने गर्दछ। थानमा हाँस, बोका, परेवा लगायतका वली दिने चलन रहेको छ भने भक्तजनहरूले मिठाई, प्रसाद, खिर, दही लगायतका प्रसाद चढाउने गरेका छन्।

त्यसैगरी महिलाका सिंगारका सामानहरू (लहठिफोफा, टिकली, चुरा, सोना र चाँदी) पनि चढाउने गरेका छन्। यस थानमा भाकल गर्दा नि:सन्तान दम्पतिहरूले सन्तान प्राप्त गर्ने, जिउमा खटिरा, खुजली, दिनाई (दाद) जस्ता रोगहरू निको हुने गरेको जनविश्वास रहेको छ।

रात परेको बेलामा शिखनी विखनी जब्दी महरानी ढोल बजाउदै निस्कने गरेको र बाहिर चौरमा बस्ने गरेको स्थानीयहरू बताउछन्। विवाहमा जन्ति जाने बेलामा जब्दी महारानीको मन्दिर परिसरमा प्रवेश गरिसकेपछि बाजा बजाउने चलन अनिवार्य रहेको छ। त्यसो नगरे बाजा नबज्ने वा विवाहमा अनिष्ट हुने भनाई रहेको छ।

## वर्तमान अवस्था

सिखनी विखनी जब्दी महारानीको स्थापना ताका माटो काठ र खरले बनेको घर थियो। तर अहिले पक्की घर बनेको छ। महारानी मन्दिरको नाउँमा १८ कट्ठा जग्गा रहेको छ। स्थापना कालमा थारूहरूले स्थापना गरी पूजा अर्चना गरी रहदा उक्त जग्गा धरान निवासी भागवत श्रेष्ठको नाउँमा दर्ता कायम रहेता पनि निजले महारानीको शक्ति महान्ताका कारण शिखनी विखनी जब्दी महारानीको नाउँमा दर्ता गरी दिएका छन्। हाल उक्त थानलाई प्रचलित कानुन बमोजिम दर्ता गरिएको छ भने संरक्षणका लागि गैर थारूहरूको नेतृत्वमा समिति समेत वनाइएको छ।

यो थानलाई मन्दिर नामाकरण गरेकोले थारूहरूको इतिहास धरापमा रहेको स्थानीयहरू बताउछन्। त्यसैगरी शिखनी बिखनी जब्दी महारानी थानभित्र शंकर, गणेश लगायतको मूर्ति समेत स्थापना गरी थारूहरूको आफ्नो धर्ममाथि अतिक्रमण भएको भन्ने स्थानीयहरू बताउछन्।

## सवाल तथा चुनौतीहरू

- शिखनी विखनी जब्दी महरानी थान थारूहरूको ऐतिहासिक, साँस्कृतिक पृष्ठभूमि बोकेको थान हो। थारूहरूको थानलाई हिन्दुकरण गरी गैर थारूबाट मन्दिर बनाइएको छ। थानभित्र थारू देवी देवता मात्र नभई अन्य देवी देवताको मूर्ति राख्नु भनेको थारूको धर्म र आस्थाप्रति विचलन हो।
- महारानी थानको संरक्षण र सम्वर्द्धनको नेतृत्व गैर थारूमा जानु भनेको संस्कृतिमाथिको अतिक्रमण हुनु हो।

## समाधानका उपायहरू

थारूहरूकै नेतृत्वमा महारानी थानको संरचना निर्माण मर्मत संभार गर्नु, सञ्चालन गर्नु लगायतका सवै प्रकारका सहयोगहरू स्थानीय सरकार एवं तीन तहका सरकारले गर्नुको विकल्प नरहेको बुझ्नु पर्दछ।

# १.८ गढी वन

## परिचय

सुनसरी सदरमुकाम इनरुवाबाट ८ कि.मि. पूर्वमा थारूहरूको ऐतिहासिक संरचनाको रुपमा रहेको गढी वन हो। यो गढी गाउँपालिकाको वडा नं २ मा पर्दछ। वडा नं. २ मा थारूहरूको सघन वसोवास रहेको छ। थारूसँगै मुसलमान, साह, ठाकुर, वाँतर, तेली, यादव, मुखिया, वि.क., क्षेत्री, वाहुन लगायतका जात जातिहरू वसोवास गर्दै आइरहेका छन्। गढी गाउँपालिकाको कुल जनसंख्या ३८,७३९ रहेको छ। (राष्ट्रिय जनगणना २०७८)।

यहाँको पूजा आजा पनि थारू परम्परा अनुसार थारू धामीबाट गर्ने गरिएको छ। यस गाउँपालिकाको सिमाना पूर्वमा दुहवी नगरपालिका, पश्चिममा इनरुवा नगरपालिका, उत्तरमा इटहरी उपमहानगरपालिका तथा दक्षिणमा वर्जु गाउँपालिका पर्दछन्।

## ऐतिहासिक पृष्ठभूमि

ऐतिहासिक धरोहरको रुपमा रहेको गढी वन प्राचीन कालमा राजा रुपनारायणको वासस्थान तथा दरवारको रुपमा रहेको विभिन्न किम्वदन्तीहरूबाट अनुमान गरिएको छ। राजा रुपनारायणको पारिवारिक पृष्ठभूमि तथा पारिवारिक विवरणको विषयमा खोज र अनुसन्धानको विषय भएता पनि उनी थारू जातिको वंशज भएको अनुमान गरिएको छ। सो कुरा त्यस क्षेत्रको पूजारी हालसम्म थारू नै भएकोले प्रमाणको रुपमा लिन सकिन्छ।

राजा रुपनारायाणले त्यस क्षेत्रमा आफ्ना सहयोगीहरूको साथ लिई शासन संचालन गरेका थिए। निजको शासन व्यवस्थामा जनतालाई कुनै किसिमको अन्याय र शोषण थिएन। दरबार क्षेत्र रहेको गढी वनको चारैतिर ठूला ठूला पर्खालले घेरिएको सुरक्षा व्यवस्थालाई मजबुत बनाएको अनुमान गर्न सकिन्छ। त्यस क्षेत्रमा अहिले पनि ठूला ठूला माटोको ढिस्कोहरू रहेको र सो ढिस्कोलाई खन्दा पाको माटो , ईट्टाका साना साना टुक्राहरू तथा कंकिटहरू भेटिने गरेको पाइन्छ।

पानीको स्रोतको लागि उत्तरको बिजयपुर क्षेत्रको पर्वतबाट पानी ल्याई दरवार मार्ग हुदै निकासा गरिएको थियो। त्यस क्षेत्र भित्रमा शुद्ध खानेपानीका लागि काँचको ईनार, उत्तर पूर्वको कुनामा रहेको अनुमान गरिएको छ। पूर्व दक्षिणको कुनामा विभिन्न किसिमको जेवरात, वहुमूल्य गरगहना भण्डार गर्ने घर बनाएको स्थानको रुपमा रहेको किवदन्ती छ।

एक समयमा किचकहरूलाई सो जेवहरातहरू लोभ लागि निकाल्न लाग्दा केही किचकहरू मरेको किवदन्ती छ। उत्तर मध्यभागमा हात्तीलाई खुवाउने तथा नुहाउने पोखरी रहेको अनुमान गरिएको छ, जो अहिले पनि खाल्डो परेको र पानी जम्ने स्थान छ।



*गढी वनको गढी थान*

राजा रुपनारायाणको शासन पश्चात्को इतिहासको बिषय अहिले पनि खोज र अनुसन्धानको बिषय रहेको छ । त्यस क्षेत्रका भवनहरू तथा संरचनाहरू कालान्तरमा गएर भग्नावषेशमा परिणत हुदै गई माटोमा परिणत हुन थालेको छ । बिस्तारै अनकन्टार जंगलको रुपमा परिणत हुदै गई जंगली जनावर तथा नाग देवताहरूको वासस्थानको रुपमा परिणत भयो ।

यस क्षेत्र पवित्र थान भएकोले विभिन्न किसिमको देव शक्तिहरूको पवित्र आत्माहरू रमाउने तथा ऋषिमुनीहरूको योग साधना गर्ने स्थलको रुपमा पनि प्रयोग हुन थाल्यो । गढी वन झण्डै ११ बिगाहामा फैलिएर रहेको छ ।

## स्थानीय मानिसहरुसाग जोडिएका केही घटनाहरू

- अहिया नामकी महिला गढी जाँदा त्यहाँ सिक्का (टका) सुकाएको र घरमा ल्याई गुहाली (गोठ) घरमा राखी त्यस पश्चात अरुले सम्झाई बुझाउँदा गढीमा आई फिर्ता दिन खोज्दा गढीले फिर्ता लिन नमानेको तर उनले त्यही छोडी आउँदा अपांग भएको किम्बदन्ती रहेको छ ।
- आफ्नो घरमा पाहुना आई वसेको आफन्त सालीहरूलाई एक जनाले सालीकै घर पुऱ्याई छोड्दा घर फिर्ता आउने क्रममा गढी आई पुग्दा भुतहरू उनैको साली वनी बोलाउदा ती मानिस डरले सहयोगका लागि आफ्ना साथी (लरधु) भनी बोलाउदा गढी (साथी) को रुपमा प्रकट हुदा देवताको डरले भुतहरू भागेको किम्बदन्ती रहेको छ ।
- रामसरी भन्ने एक महिलाले गढीबाट सिक्का, टक्का ल्याएको र सोको बदलामा छोरी दिनु पर्ने शर्त राखेकोले फिर्ता दिन जाँदा गढीले लिन नमानेको र त्यही छोडी फर्किदा बेहोस भई लडेको किम्बदन्ती रहेको छ ।

## यस क्षेत्रमा हालसम्म रही आएको देखिने प्रमाणहरु

- यस क्षेत्रमा वि.स. २०४६ सालमा सिमेन्टका पिलर र तारवार लगाउने क्रममा खन्दा माटाका पाकेका गुलेली तथा कन्खत्री (माटाका भाँडाका टुक्राहरू) भेटिएका थिए ।
- हालको टेंग्रा नदी पूर्व रहेको महाड (ढिस्को) खनी माटो सम्याउदा माटाका घैलामा चाँदीका सिक्काहरू भेटिएका थिए ।
- गढी वन क्षेत्रतिर महाड (ढिस्को) ले घेरिएको हालसम्म रहेकोले र पाको माटो तथा कन्खत्री (माटाका भाँडाका टुक्राहरू) भेटिने गरेकोले समेत दरवार क्षेत्र रहेको अनुमान गरिन्छ ।

## दैवी शक्ति प्रकट भएका केही घटनाहरु

केही दैवी शक्ति प्रकट भएका घटना क्रमहरू यस प्रकार रहेको जनविश्वास छ ।

- गढी क्षेत्रमा अनकन्टार जंगल रहेको थियो । जगरनाथ बसी पूजाआजा गर्न पूजारी धामीलाई बाँध बाहिर निस्की सुरक्षा पहरा दिएको थियो ।
- पूजारीलाई पूजाआजामा ल्याउन गढीले हात्ती घरमै पुऱ्याई दिएको र सोही हात्तीमा पूजा गर्न जान्थे ।
- मानिसहरूलाई घैला भएको सुन चाँदीका रुपैया पैसा देखाई लोभ्याएको ।
- कसैलाई नागमा नै चढाएर घर सम्म पुऱ्याएको ।
- नयाँ बेहुली (लैया कन्या) एक पटक दाउरा टिप्न गढी जाँदा एक हप्ता सम्म गढीमै गुप्त भएको र धामीले वेत लिई झारफुक गर्दा बाहिर देखा परेको ।
- गढीको छेउछाउ तथा बाटो भई जाने ढोल, बाजा, रेडियो जस्ता सामानहरू सो स्थानमा नवजाएमा नवज्ने तथा केही घटना घटने जनविश्वास रहेको छ ।
- गढी वन क्षेत्रमा सखुवाको रुख भएको र सो क्षेत्रको रुख काट्ने क्रममा मुखबाटै रगत निस्केको ।
- ठूला ठूला नागहरू रहेको र नागमणीहरू समय समयमा देखा पर्ने गरेको ।
- त्यस क्षेत्रबाट एक जना बुढी महिला र केटी निस्केको र विवाहको प्रस्ताव समेत राखेको ।
- बेला वखतमा पुरै शरीरमा आँखा नै आँखा भएको एक बुढी महिला निस्कने गरको ।
- गढी थान रहेको स्थानमा हाल सम्म दैविक शक्तिहरू रहेको र ती शक्तिहरू विभिन्न रुपमा प्रकट भई देखा पर्ने गरेका छन् ।



*गढी वनको भित्रि भाग*

## महत्व तथा जनविश्वास

जीवित देवी देवताको बास भएको र तीनका आत्माहरूले हालसम्म पनि विभिन्न भेष धारण गरी कुनै न कुनै बाहानमा आउने गरेको हुँदा त्यसको कदर गर्नका लागि पूजाआजा गर्ने क्रम शुरु भयो । पूजाआजा गर्ने क्रम पनि थारूहरूको वंशजबाटै भएको र तिनको पूजाआजामा जानकार तथा शक्तिशाली व्यक्तिहरूबाट भएको अनुमान गरिए तापनि कालान्तरमा आएर बिच्छु धामीले पूजाआजाको जिम्मा सम्हालेका थिए । बिच्छु धामी पश्चात् रन्जित धामीले गढी वनको पूजाआजाको जिम्मा लिएका थिए जो हाल अम्फोकी गाउँका निवासी थिए । रन्जित धामीले गढी वनको पूजाआजा गर्दै जाँदा आइजाइमा कठिनाई भएको भनी आफ्नो सहयोगी पुजेगिरी (पतिहर) जमाहिर सरदारलाई पूजाआजाका लागि दानको रुपमा दिएका थिए । पूजारीको रुपमा पुस्ता पुस्ता गर्दै हाल हेम नारायाण सरदारले पूजाआजा तथा रेखदेख गर्ने गरकोले भूत तथा शैतानहरूबाट गढीले रक्षा गरेको छ ।



*गढी वनपरिसरमा क्वारेन्टाइन निर्माण*



*वौद्ध विहार वनाउन सिलान्यास*

## वर्तमान अवस्था

### यस क्षेत्रबाट फेलापारी नासिएका केही तत्वहरू

- आज भन्दा करिव १५० वर्ष अगाडि उत्तर पश्चिम कुनामा झाडी रहेको स्थानमा खराउ र राजदण्ड (सोटा) फेला पारी स्थानीयले आफ्नो घरमा लगि नासिएको ।
- अमुल्य धातुका सिकी हातले समाती उठाउदा टुक्रा टुक्रा भई टुट्ने र छोड्दा भुईमा जस्ताको तस्तै भई जोडिने सो सिकी १०० बर्ष अगाडि देखा परेको तर कस्ले लग्यो थाहा नभएको ।
- ५० बर्ष अगाडि उत्तर पश्चिम कुनामा तामाका सिक्काहरू भेटिएको तर संरक्षण गर्न नसकिएको ।
- गढी क्षेत्रमा गौमुखी शंख फेला परेको तर संरक्षणको अभावमा कहाँ गए कस्ले लगे हाल संरक्षणमा नरहेको ।
- गढी थानमा छतको कोठाहरूमा पूजा गर्ने दिनमा सर्पहरू यत्रतत्र रहेको तर कसैलाई पनि नोक्सानी नपुर्‍याएको ।

### सवाल तथा समस्याहरू

- यस क्षेत्रको खोज तथा संरक्षण हुन नसक्दा पूरातात्विक तथा ऐतिहासिक स्थल नासिदै गएका छन् ।
- यस क्षेत्रमा हालसम्म पूरातत्व विभागले उत्खनन नगर्दा धेरै कुराहरू यसको गर्भभित्र रहेको हुनसक्ने धेरैको अनुमान छ ।
- गढी वन सदियौ देखि थारूहरूले सेवा गर्दै आइरहेको अवस्थामा गढी वन परिसरमा बुद्धको शालिक बनाउने, प्रार्थना घर वनाउने जस्ता कार्यहरू भएकोले गढी वनको आफनो पहिचान धरापमा परेको छ ।
- गढी वनभित्र थानमा पशुवली दिने गरिन्छ । त्यसै परिसरमा बुद्धको शालिक बनाउँदा थारूहरूको संस्कार र संस्कृतिमा अपचलन हुने देखिन्छ ।

### संरक्षणको प्रयासहरू

- गढी वनको आफनो पहिचानका वहुमूल्य सामानहरूको खोज तलास गरी संरक्षण गर्नका लागि गढी वन संरक्षण समिति गठन गर्नुपर्ने देखिन्छ ।
- स्थानीय सरकारले थारूहरूको नासोको रुपमा रहेको गढी वन संरक्षण तथा सम्वर्द्धन तथा विकासका लागि थारूहरूको नेतृत्वमा काम अगाडि बढाउनु पर्ने देखिन्छ ।
- गढी वनको आफनो पहिचान नमेटाउने गरी पर्यटन क्षेत्रको रुपमा विकास गर्नका लागि सरकारका सवै निकायहरूले रचनात्मक भूमिका निभाउनु पर्ने देखिन्छ ।
- स्थानीय तहबाट विशेष रुपमा गढी वनको संरक्षण तथा सम्वर्द्धनका लागि डि.पि.आर.तयार गरी काम गर्नु पर्ने देखिन्छ ।

# १.९ प्रितम गैया थान

## परिचय

सुनसरी जिल्लाको १२ वटा स्थानीय तह मध्ये रामधुनी नगरपालिका पनि एक हो । सुनसरी सदरमुकाम इनरुवाबाट ११ कि.मि.को दुरीमा रहेको उक्त नगरपालिकामा ९ वटा वडाहरू रहेका छन् । रामधुनी नगरपालिकामा थारूहरूको सघन वसोवास रहेको छ । थारूहरूले तत्कालीन अवस्थामा रहेको घना जंगल फडानी गरी त्यस क्षेत्रमा मानव वस्ति वसाएका हुन् । रामधुनी नगरपालिकामा ६३,४५२ जनसंख्या रहेको छ । (राष्ट्रिय जनगणना २०७८) ।

यस नगरपालिकाको पूर्वमा इटहरी उप म.न.पा., पश्चिम र उत्तरमा वराहक्षेत्र नगरपालिका, दक्षिणमा इनरुवा नगरपालिका रहेको छ । रामधुनी नगरपालिकामा थारू, बाहुन, क्षेत्री, दलित, साह लगायतका जात जातिहरूको बसोबास रहेको छ ।



*प्रितम गैया थान*



*दही, खीर, मिठाई भाकल लाउने ठाउँ*

## ऐतिहासिक पृष्ठभूमि

प्रितम गैया थान थारूहरूको संस्कार, संस्कृति, धर्मसँग जोडिएको ऐतिहासिक थान हो । जंगल रहेको सो क्षेत्रमा जंगल फडानी गरी थारूहरूले बसोबास गर्दै आइरहेका छन् । थारूहरू जंगल फडानीसँगै जीविकोपार्जनका लागि खेतीपाती गर्दै आइरहेको अवस्थामा थारूहरूसँग गाईवस्तु पर्याप्त रहेको कारण त्यसको संरक्षण गर्नका लागि प्रितम गैया नाम गरेको देउतालाई थारूहरूले पूजा गर्ने गरेका छन् ।

प्रितम गैयाको कुनै थान घर नरहेको अवस्थामा तितौराको बोट मुनि पूजा गर्ने चलन रहेकोमा हाल सानो पक्कि घर बनाई पूजा गर्ने गरिएको छ । प्रितम गैयालाई सबैभन्दा पहिला टिमाई दासले आफ्नो नम्बरी जग्गामा थान बनाएका हुन् । उक्त थान झण्डै ३ कट्ठा जग्गामा फैलिएर रहेको छ । यहाँ प्रत्येक वर्ष बैशाख १ गते मेला लाग्ने गरेको छ ।

## महत्व तथा जनविश्वास

प्रितम गैया कुन देवताको नाम हो भन्ने हालसम्म कसैले प्रष्ट पार्न नसकेता पनि हालसम्म त्यस वरपरका जनसमुदायको विश्वास रहेको छ । आफनो गाईवस्तुलाई सुरक्षित राख्नका लागि स्थानीयहरूले प्रितम गैयाको पूजा गर्ने गरेका छन् ।

खासगरी हलो जोत्ने नयाँ बाछ्लालाई हलो जोत्न सिकाउनु भन्दा पहिले त्यस थानमा गई भाकल गर्ने गर्दछन् । मेरो बाछ्लाले राम्रोसँग हलो तान्न सक्यो वा दःुख दिएन भने दही, खीर, मिठाई चढाउने छु । यती भनेर भाकल गरिसके पछि बाछ्लालाई हलो जोत्न सिकाइन्छ । त्यसपछि भाकल अनुसार केराको पातमा नयाँ माटोको भाँडोमा राखेको दुध दही भाकल लगाइन्छ भने पहिलो पटक गाईले बच्चा जन्माएपछि त्यस गाईको दुध दही त्यस प्रितम गैया थानमा चढाइन्छ । गाईवस्तु, बाखा वा घरपालुवा जनावर हराएमा प्रितम थानमा गइ बिन्ती गरिन्छ, भाकल गरिन्छ र हराएको वस्तु फेला पर्ने गरेकोले प्रितम गैयाप्रति जनविश्वास बढेर गएको छ । प्रत्येक चाडपर्वमा त्यस थानमा पूजाआजा दियो बत्ती बाल्ने गरिएको छ ।



*खीर प्रसाद चढाउने ठाउँ*

### वर्तमान अवस्था

थारूहरूको ऐतिहासिक साँस्कृतिक महत्व बोकेको प्रितम गैया थान संरक्षण विहिन अवस्थामा रहेको छ । टिमाई दासको नम्बरी जग्गामा रहेको प्रितम गैया थानमा पक्की घर बनेता पनि खुल्ला ठाउँमा रहेको हुनाले संरक्षित रहन सकेको छैन । स्थानीय निकायले पनि खासै चासो नदेखाउँदा यसको संरक्षण हुन सकेको छैन ।

### सवाल तथा समस्याहरू

- थान आफैमा खुल्ला ठाउँमा रहेकोले संरक्षणको अभाव देखिएको छ ।
- थानको स्वामित्वमा रहेको जग्गा अतिक्रमण भइ रहेको देखिन्छ ।
- संरक्षणका लागि कुनै पनि समितिहरू निर्माण गरिएको छैन ।

### संरक्षणका प्रयासहरू

- थारुहरूको यो थान निकै प्रसिद्ध भए पनि प्रचार प्रसारको कमी हुदाँ पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिएको छैन । त्यसैले यसमा सरोकारवालाहरूको ध्यान जान जरुरी छ ।

## १.१० दुहवी सुहवी थान

### परिचय

सुनसरी जिल्लाको सदरमुकाम इनरुवाबाट १५ कि.मि. पूर्वमा दुहवी नगरपालिका रहेको छ। १२ वटा वडा रहेको दुहवी नगरपालिकामा कुल जनसंख्या ६६,०७४ रहेको छ। (राष्ट्रिय जनगणना २०७८ ) ।

दुहवी नगरपालिकाको पूर्वमा वुढी खोला, पश्चिममा गढी गाउँपालिका, उत्तरमा इटहरी उप महानगरपालिका र दक्षिणमा वर्जु गाउँपालिका रहेका छन् । यस न.पा.को वडा नं. ७ मा थारूहरूको सघन वसोवास रहेको छ ।

यहाँ थारूसँगै, साह, ठाकुर, मुसहर, क्षेत्री, वाहुन लगायतका जात जातिहरू वसोवास गर्दै आइरहेका छन् । वडा नं. ७ मा थारूहरूको दुहवी सुहवी थान रहेको छ । दुहवी सुहवीको नामबाट हालको दुहवी नगरपालिका नाम रहन गएको हो ।

### ऐतिहासक पृष्ठभूमि

दुहवी सुहवी थानको स्थापना कहिले कसले गरेको हो एकिनका साथ भन्न सकिएको छैन । थारू प्रकृतिको पूजा गर्ने जात भएकोले प्रकृतिमै रमाउने गर्दछन् । थारूहरू सदियौंदेखि जंगलमा बस्दै आएकोले विभिन्न प्रकारका बिरामी हुनु स्वभाविकै थियो । बिरामी पर्दा तन्त्रमन्त्र, धामी झाँक्रीमा विश्वास गर्ने भएको हुँदा धामी झाँक्री लाउने गर्दथे ।



*दुहवी सुहवी थान*





*दुहवी सुहवी माताको मूर्ति*

यस क्रममा त्यस क्षेत्र आसपास विभिन्न प्रकारका बिरामी, महामारी आएको वेला सुरक्षाको दृष्टिकोणबाट धामीले पत्योर खेलाउदा दुहवी सुहवी माताले रक्षा गर्ने जानकारी गराएपछि स्थानीय थारू समुदायले पूजा आजा गर्दै आइरहेका छन् । चारैतिर घना जंगल भएकोले काठको घर र खरको छाप्रो राखी दुहवी सुहवी माताको थान बनाइएको थियो ।

दुहवी सुहवी थान आफैमा धनी थानको रुपमा रहेको स्थानीय गहदार गौकरण चौधरी बताउनु हुन्छ । थानमा विभिन्न प्रकारका वहुमूल्य सम्पत्तिहरू, सुन, चाँदी, हीरा, जवाहरात तथा चाँदीका टक्का (सिक्का) रहेको छ भन्ने कुरा गहदारले बताउनु हुन्छ । झण्डै ११० वर्ष पहिले स्थानीय एक जना फुचै चौधरीले दुहवी सुहवी थानको रुपैया, पैसा आफनो घरमा ल्याए पछि क्रमशः सबै सन्तानहरू समाप्त भएको स्थानीय निरंजन चौधरी बताउनु हुन्छ ।

थानको पैसाको संरक्षणका लागि नथिया लगाएका ठुलो नाग देउता रहेको छ र बेला बेलामा अहिले पनि स्थानीयहरूले देख्ने गर्दछन् । थानलाई अवहेलना गर्ने, नास गर्ने तथा थानको सम्पत्ति हिनामिना गर्नेहरूलाई हात्तीले खेदाउने गर्दथ्यो भन्ने कुरा स्थानीय धिरेन्द्र गच्छदार बताउनु हुन्छ । स्थानीय गाउँलेहरू थान छेउछाउको आफनो खेतवारीमा खनजोत गर्दा चाँदीका टक्का (सिक्का) भेटने गर्दथे ।

थानको नाउँमा दुई विगाहाको पोखरी रहेकोछ जुन गहदार गौकरण चौधरीको वुवा, वाजेले दिएका थिए ।

## महत्व तथा जनविश्वास

सुनसरी जिल्ला दुहवी नगरपालिका ७ मा रहेको दुहवी सुहवी थानको आफनै महत्व रहेको छ । त्यस थानमा गहदारले पूजाआजा गर्ने गराउने गर्दछन् । केही वर्ष पहिले त्यस थानको पूजाआजा गहदारले गर्न छोडेपछि गाउँमा मानिसहरू तथा गाईवस्तुहरू समेत धमाधम मर्न थालेको र पछि पूजाआजा गर्दा गाउँमा शान्ति छाएको हालको गहदार गिरधारी चौधरी बताउनु हुन्छ ।

त्यसैगरी नयाँ विवाहित दम्पतिहरूले त्यो बाटो हिड्दा मिठाई, दही लगायतका प्रसाद चढाउने गर्दछन् । वेहुला वेहुलीलाई परिक्रमा गराई दुहवी सुहवी माताको आर्शिवाद लिने गर्दछन् ।

गाउँहरूमा हुने धार्मीक कार्यक्रमहरूमा दियो बाली तथा आवश्यकता अनुसार नयाँ वर्ष तथा थारू पर्वहरूमा पूजा आजा गर्ने चलन अहिलेसम्म चलि आएको छ । प्रत्येक वर्षको बैशाख १२ गते मेला लाग्ने गरेको छ । मेलामा हाँस, कुखरा, बोका, पाठी, परेवाको वली दिने चलन रहेको छ भने आफनो इच्छा पूरा हुनेहरूले पनि वली चढाउने गरेका छन् ।



*दुहवी सुहवी थानको पोखरी*

### ३.१०.४ वर्तमान अवस्था

दुहवी सुहवी थान झण्डै ४ कट्ठा जग्गामा रहेको छ। तर उक्त जग्गा स्थानीय गैर थारूहरूको अतिक्रमणमा परेकोले हाललाई जग्गाको क्षेत्रफलमा कमी भएको छ। थानको नाउँमा रहेको पोखरीको डिलमा अनाथ आश्रम वनाई जग्गा अतिक्रमण गरिएको छ। थानको नाउँमा रहेको जग्गामा स्थानीय गैर थारूहरूले अतिक्रमण गरी घर बनाएको कारण मुद्धा चलिरहेको थियो। पछि मुद्धा फैसला हुदा थानको पक्षमा निर्णय भएको थियो। थानको जग्गामा हेल्थपोष्ट समेत बनेको छ।

### सवाल तथा समस्याहरू

- स्थानीय थारूहरूको प्रमुख जिम्मेवारीको रुपमा रहेको उक्त थानको संरक्षणको अगुवाइ गर्न कुनै प्रकारका समितिहरू निमार्ण हुन नसक्दा वरपरका जग्गाहरू अतिक्रमणमा परेका छन्।
- स्थानीय सरकारले थानको नाउँमा रहेको पोखरीबाट माछा पालनगरी ठेक्का लगाई आएको आम्दानी थानको संरक्षणमा लगाउन नसक्दा थानको अवस्था नाजुक हुँदै गएको छ।
- स्थानीय तह, वडा कार्यालयले खासै चासो नदेखाएको कारण थान संरक्षित हुन सकेको छैन।

### संरक्षणका प्रयासहरू

- स्थानीय सरकार, सम्वन्धित सरोकारवालाहरूको ध्यान जान नसकेको अवस्थामा स्थानीय थारूहरूको अगुवाइमा संरक्षण समिति बनाइ अगाडि बढनु पर्ने देखिन्छ।
- थानमा आएको आम्दानीबाट थानको संरक्षणमा लगाउन स्थानीय थारूहरूको भुमिका हुन पर्ने देखिन्छ।

## १.११ बिर्जु (बिच्छु) धामी थान

### परिचय

सुनसरी जिल्लाको दक्षिण पूर्वमा बर्जु गाउँपालिका रहेको छ। बर्जु गाउँपालिका सुनसरी सदरमुकाम इनरुवाबाट २५ कि.मि. को दूरीमा रहेको छ। पूर्वमा वुढी खोला, पश्चिममा देवानगंज गाउँपालिका, उत्तरमा गढी गाउँपालिका र दक्षिणमा भारतको विहार राज्य रहेको छ। यस गाउँपालिकामा जम्मा ३६,२४९ जनसंख्या रहेको छ। (श्रोत :राष्ट्रिय जनगणना २०७८)

यहाँ थारू जातिसँगै अन्य जात जातिहरू जस्तै : मेहता राय, गुरुङ्ग, यादव, साह समेत रहेका छन्। यिनीहरूको आफनै भाषा, संस्कृति, रीतिरिवाज, खानपान, चालचलन, धर्मकर्म तथा पाठपूजा अर्चना रहेका छन्।

बर्जु गाउँपालिकामा ६ वटा वडाहरू रहेका छन्। वडा न.६ मा रहेको बर्जु दह (ताल) को नाउँबाट यस पालिकाको नामाकरण गरिएको हो। यसै पालिकाको वडा नं. ५ मा बिर्जु (बिच्छु) धामी थान पनि रहेको छ।



*बिर्जु (बिच्छु) धामीको मूर्ती*




*वर्जु (बिच्छु) धामी थान*

## ऐतिहासिक पृष्ठभूमि

बिर्जु (बिच्छु) धामी थान थारूहरूको आस्था विश्वासको रुपमा रहेको पाइन्छ । यो थान कहिलेदेखि कसले निर्माण गरेका हो भन्ने कसैलाई थाहा नरहेको कुरा स्थानीय जयनारायण चौधरीले बताउनु हुन्छ ।

यो थानको बनोट हेर्दा खरको छाना र चारैतिरबाट काठले बनेको थियो र समयसँगै थानको मर्मत गर्न लाग्दा थानको बीच भागमा रहेको (काठको धरन) मा वि.सं. १९८५ लेखिएको भएता पनि यसको निर्माण यकिनका साथ भन्न सकिने अवस्था नरहेको स्थानीयहरूले बताउने गरेका छन् ।

बिर्जु धामी, कारी धामी, गोरे धामी लगायतका ७ भाइहरूले आफनो योग तपश्याले शक्ति प्राप्त गरेको स्थानीयहरूको विश्वास रहेको देखिन्छ जस मध्ये बिर्जु धामीले त्यही स्थानमा रही आफनो शक्तिको प्रयोग गर्दै आइरहेको थिए । प्रत्येक नयाँ वर्षको बैशाख १ गते मेला लाग्ने गरेको छ र पूजा आजा गर्ने गरिन्छ ।

## महत्व तथा जनविश्वास

आदिवासी थारूहरू जंगलमा वसोवास गर्दै आइरहेका विभिन्न लेखकहरूको लेख, पुस्तकहरूबाट देखिन आउँदछ । वि.स. २००८ सालमा गाउँमा विभिन्न प्रकारका रोग हैजा, मलेरिया, फौती जस्तो महामारी आएको वेला पूजा गर्दा गाउँमा शान्ति आएको भन्ने विश्वास रहेको छ । त्यसैगरी वि.स.२०२२ सालमा बालीनालीमा आएको किराको प्रकोपबाट बाँच्नका लागि पूजाआजा गरिएको थियो जस्ले गर्दा बालीनाली संरक्षित हुन गएको थियो ।

वि.स.२०७७ सालमा फैलिएको कोरोना भाइरसका प्रकोपबाट बाँच्नको लागि सवै गाउँले मिलेर पूजाअर्चना गर्दा कोही पनि कोरोनाको कहरमा नपरेको स्थानीयहरूको भनाई रहेको छ । गाउँलेहरूलाई भोज भतेर, पूजाआजा, विवाह व्रतबन्धमा आवश्यक हुने भाँडाकुडाहरू माग गर्दा पाउने गर्दथे । थानमा गई आफ्नो इच्छा अनुसार केही कुरा माग्दा पूरा भएपछि मेलामा मिठाइ, प्रसाद, पाठा, पाठी, बोका, परेवा लगायत वली दिने गरिएको छ ।

## वर्तमान अवस्था

बिर्जु धामी संरक्षण समितिको नाउँमा जिल्ला प्रशासन कार्यालय इनरुवामा यो थान दर्ता कायम रहेको छ । यस थानको नाउँमा एउटा मडर नामको पोखरी रहेको छ, जुन पोखरीलाई मडर दहको नामले पनि चिनिन्छ । यो ४ विगाहा १० कट्ठा जग्गामा फैलिएर रहेको छ । यो जग्गा सदियौंदेखि सोही थानको नाउँमा भोग चलनमा रहेता पनि स्थानीय सरकारले अतिक्रमण गर्न खोज्दा स्थानीयहरूले इन्कार गरी संरक्षण गरी रहेका छन् । बिर्जु धामी थानको पश्चिमपट्टी बाहेक तीनतर्फ पक्की पर्खालले घेरावेरा गरिएको छ । सोही थानको अगाडिपट्टी ठुलो खेल मैदान रहेको छ । पश्चिमतर्फ सामाजिक कार्य गर्नका लागि मञ्चको निर्माण कार्य गरिएको छ ।

### सवाल तथा चुनौतीहरू

- थानको नाउँमा रहेका सम्पत्तिहरू (जग्गा जमिन) मा स्थानीय सरकारले विभिन्न भवन निर्माण गर्न खोज्दा त्यसको संरक्षण गर्न कठिन हुदै गएको स्थानीयहरू बताउँछन् ।
- समिति निस्क्रिय भएकोले काम गर्न कठिन भएको स्थानीयहरूको गुनासो रहेको छ ।

### समाधानका उपायहरू

- स्थानीय समुदाय, स्थानीय सरकार तथा विभिन्न सरोकारवालाहरू मिली थानको संरक्षण गर्नुको विकल्प नरहेको देखिन आएको हुनाले यसको सम्पूर्ण दायित्व स्थानीय सरकारमा रहने देखिन्छ ।
- थानको महत्वको प्रचार प्रसार गर्न सके बर्जु तालसँगै बिर्जु धामी थान पनि पर्यटकीय क्षेत्रको रुपमा विकास हुन सक्ने प्रवल सम्भावना रहेको देखिन्छ ।

## १.१२ डंग्राही पोखरी

### परिचय

सुनसरी जिल्लाको १२ स्थानीय तहमध्ये रामधुनी नगरपालिका पनि एक हो । सुनसरी सदरमुकाम इनरुवाबाट ११ कि.मि.को दूरीमा रहेको उक्त नगरपालिकामा ९ वटा वडाहरू रहेका छन् । रामधुनी नगरपालिकामा थारूहरूको सघन बसोबास रहेको छ । थारूहरूले तत्कालीन अवस्थामा रहेको घना जंगल फडानी गरी त्यस क्षेत्रमा मानव वस्ती बसाएका हुन । रामधुनी नगरपालिकामा ६३,४५२ जनसंख्या रहेको छ । (राष्ट्रिय जनगणना २०७८) ।

यस नगरपालिकाको पूर्वमा इटहरी उप म.न.पा., पश्चिम र उत्तरमा वराह नगरपालिका, दक्षिणमा इनरुवा नगरपालिका रहेको छ । रामधुनी नगरपालिकामा थारू, बाहुन, क्षेत्री, दलित, साह लगायतका जात जातिहरू बस्ने गरेका छन् । रामधुनी नगरपालिकाको वडा नं. ५ मा थारूको ऐतिहासिक साँस्कृतिक संरचनाका रुपमा डंग्राही पोखरी रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

थारूहरू निकै मेहनती जाति भित्र पर्दछ । अहिले पनि उनीहरूको मुख्य पेशाको रुपमा कृषि रहेको छ । गाईवस्तु पालन पनि उनीहरूको सहायक पेशाको रुपमा रहेको छ ।



*डंग्राही पोखरी*



*डंग्राही पोखरीको अवस्था*

थारूहरू जंगल नजिक बसोबास गर्ने जातिको रुपमा चिनिएको हुनाले विभिन्न प्रकारका रोगहरूको प्रकोपबाट ग्रसित हुने गर्दथे । उनीहरूको सन्तान टिक्दैनथे । सन्तानकै मायाको कारण दर्जनौ सन्तानहरू जन्माउनु पर्ने बाध्यता रहेको स्थानीय बुढापाकाहरू बताउँछन् । यस क्रममा हालको डंग्राही वरपर बसोबास गर्ने एकजना थारूको एउटी छोरी थिइन् । उनी दुब्ली पातली थिइन् । उनलाई गाउँलेहरूले वेला वेलामा (डंग्राही) पातली भनेर जिस्काउने गरेको देख्दा उनका वुवाले सो पोखरी खनाउन लागाएका थिए जसले गर्दा पोखरीमा हुने माछा, सितुवा, गंगटा लगायतका परिकार खाएर मोटाउने विश्वास गरिएको थियो । त्यसैले हाल आएर त्यस पोखरीको नाम डंग्राही रहेको भनी स्थानीय थारू अगुवा मनोज चौधरीले बताउनु हुन्छ ।

अर्को तर्फ केही फरक भनाइहरू पनि रहेका छन । थारूहरू कृषि पेशामा आधारित रहने भएकोले पशुपालनमा पनि बढी जोड दिएको थियो । पशु मरि सकेपछि हाल भनिएको डंग्राही भन्ने ठाँउमा फाल्ने गरिन्थ्यो जस्ले गर्दा पशुहरूको हाड हड्डि (डाँगर) रहेको हुनाले डंग्राही भनिएको हो ।

अरु जे जस्तो भए पनि यी कुराहरूलाई विचार गर्दा दुवै भनाइहरू थारूको पहिचानसँग जोडिएको देखिन आउँछ । त्यसैले डंग्राही पोखरी थारूहरूको ऐतिहासिक सम्पदा हो भन्न सकिन्छ ।

## महत्व तथा जनविश्वास

थारूहरूको आफ्नै धर्म कर्म, रीतिरिवाज, प्रथा परम्परा रहेको छ । थारू बेहुला बेहुलीको विवाह पश्चात् तिनीहरूले टाउकोमा लगाएको मौर (फूल) लाई त्यही पोखरीमा बिसर्जन गर्ने गर्दछन् ।

थारू लागायत अन्य समुदायले मनाउने गरेको छैठ पर्व पनि त्यही पोखरीमा गएर मनाउने गरेका छन् । गाईवस्तुलाई पानी खुवाउने काम पनि त्यही पोखरीमा गर्ने गरिन्छ । भरीभराउ भएको बेला थारूहरूले घाट स्नान तथा अन्य मर्किकर्महरू पनि त्यही पोखरीमा गर्ने गरेको स्थानीयहरू बताउँछन् ।

## वर्तमान अवस्था

डंग्राही पोखरी झण्डै २ विगाहामा फैलिएर रहेको छ । चारैतर्फ वोट विरुवाहरू रहेका छन् । पोखरीको चारैतर्फ पर्खालले घेरावेरा गरिएको छ भने पोखरीको डिलमा भवनहरू बनाइएको छ । अहिले पोखरीमा माछा पालन गरिएको छ त्यसबाट आउने सवै प्रकारका आम्दानीहरू स्थानीय सरकारले प्रयोग गर्दै आइरहेको छ ।

## सवाल तथा चुनौती

थारूहरूको डंग्राही थान प्रति ध्यान आकर्षण हुन नसक्नु सवालको रुपमा देखिएको छ । सरकारबाट धेर थोर बजेटबाट योजना संचालन भए पनि त्यसबाट थारूहरूको विकासमा खासै प्रभाव परेको देखिदैन । पहिचानको पर्खाइमा रहेको डंग्राही पोखरी चौतर्फी

रुपमा गैर थारूहरूबाट अतिक्रमणमा पर्दै गईरहेको छ । यसलाई संरक्षण गर्नको लागि न थारू समुदाय आफै लागि परेका छन् न त सरकारको तर्फबाट ठोस नीति नियम निर्माण हुन सकेको छ ।

### संरक्षणका प्रयासहरू

- थारूहरूको आफनै सम्पत्ति भएपनि त्यस प्रति ध्यान जान नसक्दा थारूहरूकै अगुवाईमा थारू समुदायलाई डंग्राही थानबारे जनचेतना जगाउन सके थारूहरूले अपनत्व लिन सक्नेछन् ।
- स्थानीय सरकार तथा सम्वन्धित सरोकारवालाहरूले डंग्राही थानको संरक्षण तथा सम्वर्द्धनका लागि विशेष नीति तथा कार्यक्रमहरू संचालन गर्नुपर्ने हुन्छ ।

## १.१३ रामधुनी मन्दिर

### परिचय

सुनसरी जिल्लाको १२ स्थानीय तहमध्ये रामधुनी नगरपालिका पनि एक हो । सुनसरी सदरमुकाम इनरुवाबाट ११ कि.मि. को दुरीमा रहेको उक्त नगरपालिकामा ९ वटा वडाहरू रहेका छन् । रामधुनी नगरपालिकामा थारूहरूको सघन बसोबास रहेको छ ।

थारूहरूले तत्कालीन अवस्थामा रहेको घना जंगल फडानी गरी त्यस क्षेत्रमा मानव बस्ती बसाएका हुन । रामधुनी नगरपालिकामा ६३,४५२ जनसंख्या रहेको छ । (राष्ट्रिय जनगणना २०७८ ) ।

यस नगरपालिकाको पूर्वमा इटहरी उप म.न.पा., पश्चिम र उत्तरमा वराह नगरपालिका, दक्षिणमा इनरुवा नगरपालिका रहेको छ । रामधुनी नगरपालिकामा थारू, बाहुन, क्षेत्री, दलित, साह लगायतका जात जातिहरू बस्ने गरेका छन् । रामधुनी नगरपालिकाको वडा नं ४ मा थारूको ऐतिहासिक साँस्कृतिक संरचनाका रुपमा रामधुनी मन्दिर रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

रामधुनीमा रहँदा भगवान रामले छोडेका खराम (पाउदान) र रथका पाङ्ग्राहरू अहिले पनि त्यहाँ देख्न सकिन्छ । भगवान रामको पाइला छुने यो पवित्र भूमिमा बाबा बनखंडीले त्यसबेला ध्यान गर्नको लागि आगोको धुनीलाई निरन्तर जलाएका थिए ।

यो जलेर निस्कने खरानी नै भक्तजनको मुख्य प्रसाद हो । त्रेतायुगमा भगवान रामचन्द्र वनवासमा जाँदा सुनसरीको पवित्र क्षेत्रमा



*रामधुनी मन्दिर*

आएर एक रात बसेको जनविश्वास छ ।

भगवान राम बनवास गएको वेलामा एक रात विताएको यही ठाउँ मुनी विश्वामित्रले तपस्या गरी भिक्षा लिएको ठाउँको रुपमा चिनिन्छ । *(वाल्मीकि पूराणमा उल्लेख रहेको पूजारीको भनाइ)*

प्रसिद्ध तीर्थस्थलका रूपमा स्थापित रामधुनी मन्दिरमा ऋषिमुनी, ब्रह्मचारी, पूजारीहरू युगौंयुगदेखि बस्दै आएका छन् । अहिले त्यहाँका पूजारी काशीदास उदासी (थारू) छन् । रामनवमी, विवाह पञ्चमी, वाला चतुर्दशी लगायतका दिन भक्तजनको भीड लाग्ने गरेको छ । नेपाल गुठी संस्थान अन्तर्गतको तीर्थस्थलमा दैनिक भक्तजन आउने गर्दछन् ।

यो क्षेत्र आन्तरिक तथा बाह्य धार्मिक पर्यटन केन्द्रको रुपमा स्थापित हुँदै आएको छ । वर्षेनी लाखौं भक्तजन आउने गरेको पूजारी काशीदास उदासीले बताए । ८७ वर्षीय पूजारी उदासीले आफ्नो सम्पूर्ण जीवन मन्दिरको पूजामा बिताउने बाचा गरेका छन् । उदासीले भने, "बाँकी जीवन मन्दिरको संरक्षण र भगवानको पूजा गर्ने मेरो लक्ष्य हो" । उदासीले १३ वर्षको उमेरदेखि नै मन्दिरको सेवा गर्दै आएका छन् । मन्दिरभित्र शिवलिङ्ग, दुर्गा, चन्द्र र सिंह, बाबा बनखण्डीका मुर्तिहरू राखिएका छन् । त्यहाँको पूजारीहरूमा बाबा बनखण्डी, मोहन दास, ठाकुर दास, बुद्ध दास, तिर्थ दास, गोपाल दास, गम्भिर दास, निहाल दास र हाल काशी दास रहनु भएको छ ।

एक दिन बाबा बनखण्डीले मन्दिर क्षेत्रमा सालको रुखलाई आँपको रुखमा परिणत गरीदिए । अहिले मन्दिर परिसरमा ठूला आँपका रुख देख्न पाइन्छ । साल र आँपका ठूला-ठूला रुखहरू एकसाथ जोडिएका छन् । केही समयदेखि मन्दिर परिसरमा आँप र सालको रुख काटानी भएकोले मन्दिरका पूजारीहरू दुखी छन् ।

७ प्रकारका काठको लकडीहरू बाबा बानखण्डीले जलाई धुनी बालेका थिए । हाल पनि सात प्रकारका काठको लकडीहरू जलाई धुनी बाल्ने गरिएको छ ।

मन्दिरको उत्तरपट्टि बाबा बनखण्डीले आफ्नो कमलडोलको पानी हातमा लिईसकेपछि पोखरीको निर्माण भएको स्थानीयहरूको भनाइ रहेको छ । हाल उक्त पोखरीलाई कमण्डोल कुण्ड भनिन्छ । कुण्ड चारैतिरबाट पक्की ढलानले घेरिएको छ । यो पोखरीको पानी कहिल्यै सुक्दैन भन्ने मान्यता छ । तर संरक्षण नहुँदा पोखरीको पानी प्रदूषित भएको छ ।

भगवान राम आउनुभन्दा पहिले पनि बाबा (ऋषि) बनखण्डीले धूप बालेर तपस्या गर्नु हुन्थ्यो भन्ने किम्बदन्ती पनि छ । त्यहाँका पूजारी कासी दासका अनुसार पृथ्वीमा जब हिन्दु धर्मसंकटमा रहेको थियो त्यसबेला भगवान शिवको अवतार प्रकट भएको बताउँछन् ।



*कमलडोल कुण्ड*



*धुनी बलिरहेको मन्दिर*

मन्दिरको वरिपरी करिब २०५३ हेक्टर जंगल रहेको छ। यो जंगलमा प्रायस् जसो पूराना सखुवाको र सालको रुखहरू पाईन्छ। भगवान रामले यो जंगलमा धुनी बालेका कारणले यो जंगललाई धुनी जंगल वा रामधुनी जंगल भनेर चिनिने गरिन्छ। यसैका आधारमा रामधुनी नगरपालिकाको नामाकरण गरिएको छ।

मन्दिरको ३०० मिटर पश्चिममा सानो खोला रहेको छ। उक्त खोलाको नाम सुनसरी खोला हो। सुनसरी खोलाको नाउँबाट सुनसरी जिल्लाको नामाकरण गरिएको छ।

## महत्व तथा जनविश्वास

रामधुनी मन्दिरले आफ्नो छुटै महत्व बोकेको छ। रामधुनी मन्दिर सुनसरी जिल्लाको प्रसिद्ध धार्मिक स्थलको रुपमा चिनिन्छ। रामधुनी मन्दिर हिन्दु धर्मावलम्बीहरूको पवित्र स्थानको रुपमा रहेकोले यस मन्दिरमा देशविदेशबाट हिन्दु धर्मावलम्बीहरू दर्शन गर्न आउनेहरूको निकै भिड रहेको हुन्छ। दिनहुँ २/३ सय मानिसहरू दर्शन गर्न आउनेहरूको भिड हुन्छ। विभिन्न पिडा कष्ट लिएर आएकाहरूको पिडा दूर हुने भक्तजनहरूको विश्वास रहेको छ। वर्षेनी उक्त मन्दिर तथा जंगलको परिसर भित्र वनभोज खाने तथा घुम्न आउँने आन्तरीक पर्यटकहरूको भिड लागेको हुन्छ।

यहाँ बालाचर्तुदशीका दिन विभिन्न प्रकारका अन्न (सतविज) छर्ने चलन रहेको छ। जसले गर्दा पितृहरूको स्वर्गमा बास होस् पितृहरूको मुखमा अन्न पुगोस् भन्ने मान्यता रहेको छ।

सुनसरी जिल्लाको धार्मिक पर्यटनको सम्भावित प्रसिद्ध मन्दिरको रुपमा रामधुनी मन्दिर रहेको छ। धार्मिक पर्यटनको सम्भावना बोकेको सुनसरी जिल्लाको रामधुनी नगरपालिका-४ प्रकाशपुरको जंगलको बीचमा रामधुनी मन्दिर रहेको छ।

## वर्तमान अवस्था

मन्दिर संरक्षण समितिले विभिन्न नाममा विनाससँगै अनियमितता गरेको हुनाले त्यहाँका पूजारी र मन्दिर संरक्षण समिति बीच भेदभावपूर्ण वातावरण सृजना भएको छ। मन्दिर जंगलको बीचमा रहेको हुनाले चोरी चकारी भईरहेको पाईन्छ। मन्दिरका सामान, घण्टी, त्रिशूल र भेटी चोरी भएको स्थानीयहरूले बताएका छन्।

मन्दिर आफैंमा पवित्र पूजा स्थल भएकाले मन्दिर परिसरको सरसफाई अनिवार्य गरिएको छ। तर रामधुनी बाबा बनखण्डी मन्दिर गुठी व्यवस्थापन समितिले सरसफाइमा खासै ध्यान नदिने धर्मका अनुयायीहरूको बुझाइ छ। पर्यटकका लागि खानेपानी, धर्मशाला र शौचालयको व्यवस्था छैन। मन्दिरमा चढाइएको भेटी पारदर्शिता हुन आवश्यक छ। जसको व्यवस्थापन अहिलेसम्म पनि रामधुनी बाबा बनखण्डी मन्दिर गुठी व्यवस्थापन समितिले गर्न नसकेको अवस्था छ। भक्तजनहरूलाई नुहाउनको लागि

मन्दिरको उत्तर-पश्चिम तर्फ एउटा सानो खोला छ जसलाई व्यवस्थित बनाउन सकिएको छैन ।

## सवाल र चुनौतीहरू

मन्दिरका मुख्य पूजारी काशी दास थारू उदासीका अनुसार मन्दिरको हेरचाह गर्ने, पूजारी र भक्तजनले चढाउने भेटीको सुरक्षा गर्न चुनौती रहेको छ । घना जंगलको बीचमा मन्दिर परिसरमा पूजारी एक्लै बसिरहेका छन् ।

भगवान राम र योगी बनखण्डीले पनि परीक्षा लिइरहेका छन् भन्ने अनुभुति भएपछि पूजारी दुःखी छन् । तर सानैदेखि मन्दिरको हेरचाह र पूजापाठ गर्दै आएकाले भगवानको सम्झनाले सबै समस्याको समाधान हुन्छ भन्ने उनलाई लाग्छ । धार्मिक स्थलमा टेलिफोनको टावर रहेतापनि विद्युतको समस्याले पर्याप्त मात्रामा कार्य गर्न नसकेको हुँदा समस्या रहेको पूजारीहरू बताउँछन् । जंगलको बीचमा रहेको मन्दिरमा आउने महिलालाई दुर्व्यवहार, लुटपाट समेत हुने गरेको स्थानीयहरू बताउँछन् ।

## संरक्षणका प्रयासहरू

- मन्दिरको छेउमा रहेको पोखरीलाई अझै सरसफाइ र व्यवस्थापन गर्न आवश्यक छ ।
- मन्दिरमा रहेका पूजारीहरूको संरक्षण गर्न तथा आधाभूत आवश्यकता परिपूर्ती गर्न स्थानीय, प्रदेश र संघीय सरकारबाट सहयोग गर्नुपर्ने अवस्था हुनु जरुरी देखिन्छ ।
- पर्यटकका लागि खानेपानी र शौचालयको व्यवस्था तुरुन्तै मन्दिर गुठीको आन्तरीक वा स्थानीय सरकार र प्रदेश सरकारको सहयोगमा निर्माण हुनु जरुरी देखिन्छ ।
- मन्दिरमा चढाएको दक्षिणामा पारदर्शिता कायम गर्न समितिले मासिक रुपमा सार्वजनिक गर्न आवश्यक छ ।
- सडक निर्माणसँगै मन्दिर परिसरमा टेलिफोन र मोबाइल सेवा जडान गर्न आवश्यक छ ।
- धार्मिक स्थल भए पनि प्रचारप्रसार हुन सकेको छैन । यस क्षेत्रको उचित प्रचार प्रसार गरेर आन्तरिक तथा बाह्य धार्मिक पर्यटकको संख्या बढाउन सकिन्छ ।
- मन्दिर र आउने भक्तजनहरूको सुरक्षाको प्रवन्ध गर्न आवश्यक छ ।

# अध्याय दुई

## मोरङ जिल्लाको संक्षिप्त परिचय

मोरङ जिल्ला कोशी प्रदेशमा पर्ने औद्योगिक जिल्ला हो । मावराङ्गबाट अपभ्रंस भएर मोरङ नाम भएको मान्यता छ । पूर्वाञ्चलकै ऐतिहासिक गौरव बोकेको मोरङ जिल्ला औद्योगिक तथा जनसंख्याको हिसाबले नेपालकै दोस्रो ठूलो जिल्लाको रूपमा परिचित छ ।

बहुजाति बहुभाषी बसोवास गर्ने नेपालको पूर्वी तराईमा पर्ने यो जिल्ला प्राचीनकालमा बिराट राजाको राजधानीको रूपमा प्रख्यात थियो । मोरङ जिल्लाको क्षेत्रफल १,८५५ वर्ग किलोमिटर छ । यो पूर्वमा झापा र पूर्वोत्तरमा ईलामसँग जोडिएको छ भने उत्तरमा धनकुटा, पाँचथर र पश्चिममा सुनसरी तथा दक्षिणमा भारतको बिहारसँग यसको सीमाना रहेको छ ।

वि.सं. २०७८ मा यस जिल्लाको जनसंख्या ११,४८,१५६ रहेको छ । मोरङ जिल्लाको सदरमुकाम बिराटनगर हो । यो जिल्ला धार्मिक तथा सांस्कृतिक हिसाबले पनि अग्रस्थानमा रहेको छ ।

राजनीतिक विभाजनको कुरा गर्ने हो भने यस जिल्लामा ८ गाउँपालिका, ८ नगरपालिका र १ महानगरपालिका रहेको छ । त्यसैगरी प्रतिनिधिसभा निर्वाचन क्षेत्र -६ र प्रदेशसभा निर्वाचन क्षेत्र- १२ रहेको छ । मोरङ जिल्ला बहुजाति, बहुभाषी र विभिन्न संस्कृति तथा रितीरिवाज र परम्परा मान्ने मानिसहरूको बसोबास भएको जिल्ला हो । ब्राह्मण, क्षेत्री, लिम्बु, राई, गुरुङ, मगर, तामाङ, कोचे, मेचे, सतार, धिमाल, थारू, ताजपुरिया, राजवंशी, विश्वकर्मा,दर्जी, मुसलमान, झाँगड, दनुवार, यादव लगायत अनेकौं जाति रहेका छन् ।

मोरङ जिल्लामा आर्थिक क्रियाकलापको रूपमा अनेकौ व्यवसायहरू रहेका छन् । यहाँको मुख्य व्यवसाय कृषि रहेको छ । यहाँ अनेकौ उद्योगहरू रहेकाले धेरै व्यक्ति औधोगिक क्रियाकलापमा संलग्न रहेको पाइन्छ । मोरङ जिल्ला नेपालकै दोस्रो धान उत्पादन गर्ने जिल्ला पनि हो । यहाँका मानिसहरू व्यापार व्यवसायमा पनि उत्तिकै अगाडि रहेका छन् । माछा पालन, कुखुरा पालन, बाख्रा पालन, गाई पालन, चिया खेती पनि यहाँका मानिसको जीविकोपार्जनको आधार हो ।

*मोरङ जिल्लाको नक्सा*



# मोरङ जिल्लाका थारु सम्पदाहरू

## २.१ धनपाल गढी

### परिचय

धनपाल गढी मोरङ जिल्लाको बेलवारी नगरपालिकामा पर्दछ। यस नगरपालिकाको दक्षिणमा रंगेली नगरपालिका, पश्चिममा ग्रामथान गाउँपालिका, सुन्दर हरैंचा नगरपालिका, उत्तर तर्फ लेटाङ नगरपालिका र पूर्वतर्फ कानेपोखरी गाउँपालिका रहेका छन्। यस नगरपालिकामा जम्मा जनसंख्या ८१,७७१ रहेको छ। (श्रोत :राष्ट्रिय जनगणना २०७८ )

बेलवारी नगरपालिकामा थारूसँगै राजवंशी, श्रेष्ठ, राई, लिम्वु, क्षेत्री, ब्राह्मण, यादव, साह, उँराव, मुसहर र मुस्लिम लगायतका विभिन्न जात जाति, जनजातिहरूको बसोवास रहेको छ। यिनीहरूको आफनै भाषा, संस्कृति, रीतिरिवाज, खानपान, चालचलन, धर्मकर्म तथा पूजाअर्चना रहेका छन्। यस नगरपालिकाको वडा नं ५ मा निकै पुरानो ऐतिहासिक महत्व वोकेको धनपाल गढी रहेको छ।

### ऐतिहासिक पृष्ठभूमि

धनपाल र मनपाल दुई भाइहरू थिए। धनपाल थारू थिए र उनकी एउटी फुलवा नामको छोरी थिइन्। उनी साह्रै सुन्दर थिइन्। साँझपख आफ्नो राजदरबारबाट बाहिर आएर बस्दा त्यस वरिपरी उज्यालो हुने गर्दथ्यो। केही समयपछि भारतको अल्लाह रुदल नगरका राजा अल्लाह रुदलका दुई भाइ मध्ये रुदलले राजा धनपालको राज्यमा आक्रमण गरी राजा धनपाललाई पराजय गरी छोरी फूलवालाई लगेका थिए भन्ने पूराना पुस्ताका अगुवा स्थानीय थारूहरूले बताउने गरेका छन्।

राजदरबारको चारैतर्फ एक हात लम्बाई र सवा फिट चौडाईको ईटाले घेरिएको थियो। हालसम्म पनि सो देख्न पाइन्छ। तर त्यो दरवार कहिले बनेको हो सहजै अनुमान लगाउन सकिदैन। त्यस क्षेत्रभित्र ईनार, सातवटा पोखरीहरू देख्न सकिन्छ। धनपाल मन्दिरमा तामाको हात्तीको मूर्ति रहेको थियो। त्यसको तौल झण्डै २० (बीस) के.जी. सम्मको रहेको थियो।

धनपाल गढी मन्दिरको नाममा ३५ बिघा ५ कट्ठा जग्गा रहेको तत्कालीन ग्राम पञ्चायतका प्रधानपञ्च (२०३३ साल) शिवु चौधरी बताउनु हुन्छ। उहाँले आफ्नो कार्यकालमा उक्त जग्गा सो मन्दिरको नाममा नापी गराउनु भएको थियो। यो साविक कसेनी गाउँ पञ्चायत वडा नं. २ मा रहेको थियो।



*राजा धनपालको मूर्ति*

## महत्व तथा जनविश्वास

यस थानमा हरेक वर्षको बैसाख १० गते ठुलो मेला लाग्ने गरेको छ। मुख्य रुपमा त्यस धनपाल क्षेत्रमा कसैले कुनै प्रकारको चोरीचकारी, फोहर, दिसा, पिसाब गर्न पाइदैन। त्यसो गर्नेलाई तुरुन्तै शारीरिक रुपमा कठिनाई हुने गर्दछ र थानमा गई अनुरोध गर्दा क्षमा माग्दा निको हुने गर्दछ। थानमा गएर भाकल गरी कामना गर्दा सो कामना पूरा हुने गरेको जनविश्वास छ।



*धनपाल राजाको मन्दिर*

गाउँघरमा हुने गरेको रोग व्याधी, हैजा, फौती वा कुनै प्रकारको प्रकोपबाट बच्नको लागि समय समयमा पूजा अर्चना हुने गरेको छ। केही समय पहिले आफ्नो इच्छा पूरा भएकै कारण एक भक्तजनले नागको मूर्ति चढाएका थिए। मुर्ति चढाउनुको मुख्यकारण भनेको एउटा नाग रुखमा बस्थ्यो, जसको नाकमा नथिया लगाएको थियो र त्यो नाग बस्ने रुख चोरी गर्ने चोरलाई मुद्धा लागि सबै सखाप भएको थियो। समय समयमा आफ्नो चमत्कार देखाउने क्रममा कोरोना कहरको बेला त्यस धनपाल गढीको रुखमा ठुलो आकारको जुनकिरी झण्डै महिना दिनसम्म बल्ने गरेको थियो। त्यसपछि स्थानीयहरूले पूजाआजा गर्दा जुनकिरी आफैं बिलाउदै गएको थियो र समाजमा कुनै पनि अनिष्ट भएको थिएन।

## वर्तमान अवस्था

राजा धनपालको ३५ बिगाहा ५ कट्टामा रहेको पौराणिक दरवारलाई चारै तर्फबाट पर्खाल लगाई घेरावेरा गर्ने कार्य गरिदैं छ। यो आफैमा पनि राम्रो पक्ष हो तर गढी भित्र रहेको ७ वटा पौराणिक पोखरीहरू मध्ये २ वटा मात्र रहेको देखिन्छ भने ५ वटा पुरिएको अवस्थामा छ।



*राजा धनपालको पौराणिक पोखरी*



*धनपाल राजाको मूर्ति*

पूर्व उत्तर कुनामा रहेको पौराणिक इनार अहिले माटोले पुरिएको छ भने गढीभित्रका पूराना रुख विरुवाहरू मासिएका छन् । राजा धनपालको २० किलोको तामाको हात्तीमा सवार मूर्ति चोरी भएको छ भने झण्डै ५० वर्ष पहिले तत्कालीन जनप्रतिनिधि शिवु चौधरीले फेला पारेको ताम्रपत्र तत्कालीन गाउँ पञ्चायतमा जिम्मा लगाएता पनि अहिले हराएको बुझिन्छ । थारूहरूको बिशुद्ध ऐतिहासिक तथा साँस्कृतिक महत्व बोकेको राजा धनपालको गढीमा विकासको नाउँमा विभिन्न भौतिक संरचनाहरू धमाधम निर्माण गरिदै छ ।

### चुनौतीहरू

- धनपाल थान (गढी) भित्र बिभिन्न प्रकारको संरचनाहरू बनिरहेकोले थारूको पहिचानको रुपमा रहेको धनपाल गढीको ऐतिहासिक महत्व हराउने संभावना बढीरहेकोछ । यसको लागि संसद बिकास कोषबाट तथा संघीय सरकारले केही योजना तथा बजेटहरू उपलब्ध गराएतापनि थारूको बिशुद्ध संस्कृति संरक्षित भएको देखिदैन ।

### संरक्षणको प्रयास

- बि.सं. २०३६ साल ताका धनपाल गढीमा सयौं घर टहराहरू बनाई सकेका थिए । स्थानीयहरू र तत्पश्चात स्थानीय सरकार समेतले संरक्षण गर्न खोज्दा केही स्थानीयले इन्कार गरेकोमा पूरातत्व विभाग काठमाण्डौमा गई निवेदन दर्ता गरी सोको आदेश वमोजिम सात दिनभित्र वन विभागको मद्दतबाट निजहरूलाई उठाइएको थियो । त्यसपछि वृक्षारोपण गरियो र हालसम्म कायम रहेको छ । सो समयमा ताम्रपत्र भेटीएकोमा उक्त ताम्रपत्र तत्कालीन पञ्चायत कार्यालयमा बुझाईएको थियो ।
- संरक्षण समितिले गढीभित्र विभिन्न प्रकारका भौतिक संरचनाहरू निर्माण गरी रहँदा थारूहरूको मौलिकता झल्कने कार्यहरूमा बढी जोड दिनुपर्ने देखिन्छ ।
- गढीभित्र बेलाबेलामा फेला परेका पूरातात्विक सामाग्रीहरूको संरक्षण गर्नुपर्ने देखिन्छ ।

## २.२ सर्वानी पर्वानी ग्रामथान

### परिचय

सर्वानी पर्वानी ग्रामथान मोरङ जिल्लाको ग्रामथान गाउँपालिकामा पर्दछ र यो ग्रामथान कटहरी गाउँपालिका र विराटनगर महानगरपालिकाको सिमानासँग जोडिएको छ । ग्रामथान गाउँपालिकाको पश्चिममा बुढीगंगा गाउँपालिका, उत्तरतर्फ सुन्दरहरैचा नगरपालिका र पूर्वतर्फ बेलबारी र रंगेली नगरपालिकाको सिमानासँग जोडिएको छ। यस गाउँपालिकामा जम्मा जनसंख्या ३६,०२४ रहेको छ । (श्रोत :राष्ट्रिय जनगणना २०७८ )

ग्रामथान गाउँपालिकामा थारू जातिको जनघनत्व बढी रहेसँगै यहाँ अन्य जात जातिहरू जस्तै : राजवंशी, श्रेष्ठ, राय, यादव, साह, उँराव, मुसहर र मुस्लिम समेत रहेका छन् । यिनीहरूको आफ्नै भाषा, संस्कृति, रीतिरिवाज, खानपान, चालचलन, धर्मकर्म तथा पूजाअर्चना विधी रहेका छन् । ग्रामथान गाउँपालिकामा ७ वटा वडाहरू रहेका छन् ।

मोरङ्ग जिल्लाको ग्रामथान गाउँपालिकामा रहेको यो सर्वानी पर्वानी ग्राम देवता मोरङ्गको सदरमुकाम विराटनगरबाट झण्डै १० कि.मि. दुरीमा रहेको छ । यो ग्रामथानको संरक्षक एवं गाउँको अगुवा (गहदार) मा सोही गिधनीया गाउँका स्थानीय निवासी भकुलाल विश्वास थारूको अध्यक्षतामा विभिन्न कार्यहरू गर्दै गराउँदै आईरहेको छ । यस ग्रामथानमा प्रत्येक वर्ष चैत्र महिनाको अन्तिम हप्तामा विशेष दिन पारी साँझ बाति दिने प्रचलन रहेको छ । हाल यो थानमा खप्टु धामीले पूजा आजा गर्ने गरेका छन् ।


*सर्वानी पर्वानी थान*

### ऐतिहासिक पृष्ठभूमि

मोरङको ग्रामथान गाउँपालिका वडा नं. ५ गिधनियामा सर्वानी पर्वानी ग्रामथान रहेको छ । यो थान गाउँको पूर्वपट्टि रहेको छ । ग्रामथान गाउँपालिकाको नामाकरण पनि यही थानबाट रहन

गएको यहाँका स्थानीयहरू बताउँछन् । आज भन्दा करिब ४०० वर्ष अगाडिदेखि हरेक वर्ष बैशाख १५ गतेदेखि २५ गतेभित्रको विहिबार १ दिन भव्य मेला लाग्ने गरेको छ ।

थानभित्र तीन ओटा मन्दिर प्रमुख रुपमा रहेका छन् । ग्रामथानकोभित्र दक्षिणतिर प्रमुख देवताको रुपमा ग्रामदेवताको थान रहेको छ । उत्तरतिर रणकालीमाता र बीचमा ग्रामदेवताको पूजारीको रुपमा काम गर्दै आएको ग्रामधामीको मन्दिर रहेको छ । ग्रामदेवताको प्रमुख पूजारीको रुपमा सडियो धामी रहेका थिए । उनी एक दैविशक्ति भएका व्यक्तित्वको रुपमा चिनिन्छन् ।

यस ग्रामदेवताको उत्पत्तिको विषयमा सोध खोज गर्दा ग्राम थान देवताको वरपर थारु समुदायका मानिसहरूको बिगतदेखि बसोबास रहदैं आएको थियो । त्यस वेलाका मानिसहरू प्राकृतिक चिकित्सा जडीबुटीबाट स्वास्थ्य उपचार गर्ने गर्दथे । त्यही बखतमा गाउँ तथा बस्तीभित्र महामारीको रुपमा हैजा, फौत्ती र कालाजार फैलिई दैनिक मृत्यु हुनेको संख्या बढ्दै जाँदा कतिपय मानिसहरू घरपरिवार छोडेर भागे भने कतिको परिवारको वंश नै सखाप भएको थियो । त्यसपछि गाउँ बस्तीहरूको सुरक्षाका लागि सबैले मिलेर देवताको आराधना र प्रार्थना गर्दा देवताको प्रभावबाट महामारीको रुपमा फैलिएको हैजा, फौत्ती र कालाजारबाट मानिसहरू सुरक्षित रहन थाले ।

त्यहाँका स्थानीय थारू समुदायका सर्वानी पर्वानी दुई दाजुभाइ पहलमानको रुपमा परिचित भएको हुँदा कुस्ती प्रतियोगिताका निम्ती दैनिकी अभ्यास गर्न सोही ग्रामथान देवता भएको ठाउँमा जाने गरेका थिए । आफ्नै गाउँको मेलामा कुस्ती खेल्नका निम्ती प्रतियोगितामा सहभागी भएर ती दाजुभाइले खेलमा भाग लिए । दुबै दाजुभाइ कुस्ती खेल्दा विपक्षी खेलाडी (पहलमान) हरूको खेल मैदानमा नै मृत्यु हुन पुग्यो । यी दुबै दाजुभाइ केही समय पश्चात् अन्तर्ध्यान भएपछि थानको नाम पनि सर्वानी पर्वानी ग्रामथान रहन गएको त्यहाँका जानकारहरू बताउँछन् । सोही वर्षदेखि त्यो ग्रामथान मेलामा अन्य खेल भए पनि कुस्ती प्रतियोगिताको आयोजना गरिदैन । यो थानको बारेमा कहीँ कतै लिखित दस्तावेज भने फेला परेको छैन ।

## महत्व तथा चमत्कार

सर्वानी पर्वानी ग्रामथानको महत्व भने छुट्टै रहेको पाइन्छ । गाउँमा विभिन्न प्रकारका समस्याहरू आइपर्दा वा व्यक्तिगत कुनै समस्या आइपर्दा सफा मनले प्रार्थना गरेपछि सम्पूर्ण समस्या समाधान अहिले पनि भईरहेको स्थानीयहरू बताउँछन् । गाउँ तथा टोलमा प्राकृतिक विपत्तीसँगै हैजा, फौती विभिन्न माहामारीमा पनि यस ग्रमथान देवताले रक्षा गरिरहेको बिश्वास गरिन्छ । उक्त सर्वानी पर्वानी ग्रामथान देवताको आसपासमा कुनै किसिमको चोरी, फोहर, अनैतिक कार्यहरू गरेको पाइएमा निजलाई तुरुन्तै विभिन्न बिपत्ति आईपर्छ भन्ने अहिले पनि विश्वास रहेको पाइन्छ । सोही गाउँमा कहि कसैको विवाह हुँदा वेहुला वेहुलीले उक्त थानमा आशिर्वाद लिने तथा लावा छर्ने कार्य गरेको पाइन्छ । साथै ती गाउँ तथा आसपासका गाउँलेहरूले लगाएका बालीनालीहरूको पनि संरक्षण हुने आम जनसमुदायमा विश्वास रहेको पाइन्छ ।



*सर्वानी पर्वानी थान*



*सर्वानी पर्वानी थान*

### थानको वर्तमान अवस्था

सर्वानी पर्वानी ग्राम देवताको थान पहिला उक्त स्थानमा माटोको ढिस्को रहेकोमा सामान्य कुनै माटोको झुपडी बनाई संचालन गर्दै आईरहेको बखत पछि विकाससँगै टिनको छानोमा परिणत हुन पुग्यो । उक्त समय पनि बित्दै जाँदा हाल प्रदेश सरकार र स्थानीय तहको सहयोगमा ३ कोठे पक्की भवन निर्माण भएसँगै चारैतिरबाट घेराबेरा गरी व्यवस्थित बनाइएको छ । बाहिरी भागमा धेरै पूराना रुखहरू रहनुको साथै चौताराको पनि निर्माण गरिएको छ । थानले ओगटेको भूभाग अन्दाजी ७ कट्ठा रहेको स्थानीयहरू बताउँछन् ।

### सवाल तथा चुनौतीहरू

- सर्वानी पर्वानी थानको हालसम्म कुनै किसिमको ऐतिहासिक महत्व बोकेको कुनै अवशेष फेला नपरेकोले सर्वानी पर्वानी थानको इतिहास हराउँदै गइरहेको छ ।
- थानमा दैनिकी पूजाआजा तथा सरसफाइ नभएका कारण थान बेवारीसे अवस्थामा रहेको छ ।
- थानको बारेमा कुनै किसिमको ऐतिहासिक पौराणिक कुराहरू प्रचार प्रसार नहुनुका कारण पनि थानको महत्व घटदै गएको छ ।

### समाधानका उपायहरू

- सर्वानी पर्वानी थानमा सर्वप्रथम थानको ऐतिहासिक पक्ष झल्काउन सर्वानी पर्वानी दाजुभाइको शालिक स्थापना गर्ने तथा चित्रकला बनाउन आवश्यक देखिन्छ ।
- थानमा ग्राम देवताको मूर्ति स्थापना गर्न गराउन पनि उत्तिकै महत्व दिनुपर्ने देखिन्छ ।

## २.३ अहिमान खाँ ग्रामथान

### परिचय

अहिमान खाँ ग्रामथान मोरङ जिल्लामा रहेको छ । ग्रामथान गाउँपालिका दक्षिणमा कटहरी गाउँपालिका र विराटनगर महानगरपालिकाको सिमानासँग जोडिएको छ । यो गाउँपालिकाको पश्चिममा बुढीगंगा गाउँपालिका रहेको छ । उत्तर तर्फ सुन्दरहरैचा नगरपालिका र पूर्वतर्फ वेलबारी र रंगेली नगरपालिकाको सिमानासँग जोडिएको छ । यस गाउँपालिकामा जम्मा जनसंख्या ३६,०२४ रहेको छ । (श्रोत :राष्ट्रिय जनगणना २०७८)

ग्रामथान गाउँपालिकामा थारू जातिको जनघनत्व बढी रहेसँगै यहाँ अन्य जात जातिहरू जस्तैः राजवंशी, श्रेष्ठ, राय, यादव,

साह, उँराव, मुसहर र मुस्लिम समेत रहेका छन् । यिनीहरूको आफनै भाषा, संस्कृति, रीतिरिवाज, खानपान, चालचलन, धर्मकर्म तथा पूजाअर्चना विधि रहेका छन् । यस गाउँपालिकामा ७ वटा वडाहरू रहेका छन् । यसै पालिकाको वडा नं. १ मा निकै पूरानो अहिमान खाँ ग्रामदेवता पनि रहेको छ ।

## ऐतिहासिक पृष्ठभूमि

मोरङ्ग जिल्लाको ग्रामथान गा.पा. १ लखन्तरीमा अहिमान खाँ ग्रामथान रहेको छ । यो ग्रामथान आज भन्दा करिब ६०० वर्ष पूरानो रहेको त्यहाँका जानकारहरू बताउँछन् । हालसम्म यस ग्रामथानबारे कुनै दस्तावेज फेला परेको छैन् । त्यहाँका स्थानीयहरूका अनुसार आज भन्दा करिब ६/७ पुस्ता अगाडि नै अहिमान खाँ थारू भनिने एक जना थारू रहेका थिए । उनले खेतीपाती गर्नका निम्ति घरदेखि पूर्वतिर गाउँलेहरूको सहयोगमा सिंचाई गर्नका निम्ति ठुलो मात्रामा पानी जम्मा गर्नका निम्ति बाँधको निर्माण गरेका थिए । तर पटक पटक बाँध भत्किदा राती बाँधलाई कसैबाट भत्काउने कार्य भएकोले अहिमान खाँ थारू हैरान भइ एक दिन राती बन्दुक बोकी आफै राती जाग्राम गर्ने बेलामा निर्वस्त्र २ जना रङ्गा र महेश्वा नामको दिदीबहिनीले बाँधलाई सधैं भत्काउने गरेको देखे । सो देखेर अहिमान खाँ थारू ती स्त्रीहरूलाई बाँध किन भत्काएको भनेर प्रश्न गर्दा ती दिदीबहिनीको जवाफमा अरु केही होइन हाम्रो छातीमै बाँध बाधिएकोले यो बाँध भत्काईएको हो भनी जवाफ आउँदा अहिमान खाँ आश्चर्य मान्दै उनले बाँध भत्काउँदा हामी किसानहरूलाई खेतीपाती गर्न निकै कठिन हुने बताए, साथै बाँधलाई नभत्काउन अनुरोध समेत गरे । तर ती निर्वस्त्र दिदीबहिनीले "आफूहरूलाई निर्वस्त्र देखिएका कारणले हामीसँग विवाह गरे पश्चात मात्र बाँध नभत्काईने" प्रस्ताव गरे । उक्त प्रस्तावलाई अहिमान खाँ थारूले यदि "म बाट पूरै गाउँको किसानहरूको भलो हुन्छ भने म विवाह गर्न तयार रहेको" बताए । त्यसको भोलिपल्ट अहिमान खाँ थारूले सम्पूर्ण कुरा आफ्नो गाउँघरका मानिसहरूलाई सुनाए र सम्पूर्ण आफन्त इष्टमित्रहरूलाई आफ्नो विवाहको निमन्त्रणा समेत गरे । त्यसपछि अहिमान खाँ थारूले बाजागाजाका साथ जन्ती लिएर त्यही बाँधनिर गएर आफू विवाह गर्न तयार भई आएको बताउँदै हातमा सिन्दुर लिई पानी भित्र पसे । पानी यती गहिरो थियो कि अहिमान खाँ त्यहीँ गएर हातबाट सिंन्दुर पानीमा छोडेपछि पुरै पानी सिन्दुरले रगत जस्तै भई अहिमान खाँ त्यहीँ विलय भए । सोही दिनदेखि सो ठाउँलाई अहिमान खाँ ठाउँ भनी चिनिएसँगै उनको आत्मालाई शान्तिका निम्ति साँझ साँझ बाति दिने गरिएको थियो । केही दिन पछि अहिमान खाँले आफ्नो पारिवारीक सदस्यलाई सपनामा आफनो मृत्यु नभएको र आफू त्यहीँ समाधि भएको आफनो परिवारलाई सपनामा जानकारी गराएपछि अहिमान खाँको आफन्तले उनको प्रतिमा स्वरुप त्यहीँ ग्रामथानको निर्माण गरेको जानकारहरू बताउँछन् । त्यही दिनदेखि त्यहाँ राजधामीहरूको नेतृत्वमा पूजाआजा गरिँदै आएको छ ।

## महत्व तथा चमत्कार

अहिमान खाँ ग्रामथानले आफ्नै छुट्टै महत्व बोकेको छ । अहिमान खाँ ग्रामथानमा पछि नाग देवताले पनि बसोबास गर्दै आईरहेको



*अहिमान खाँ ग्रामथान*

त्यहाँका राजधामी बताउँछन् । अहिमान खाँ ग्रामथानले त्यस ठाउँको बालिनाली रक्षासँगै गाउँको विभिन्न संकटलाई समेत निराकरण हुने कुरामा अहिले पनि विश्वास रहेको त्यहाँका स्थानीयहरू बताउँछन् । अहिले पनि अहिमान खाँ थान वरिपरी पूराना बाँसका बिट्टासँगै पूराना ठुल्ठुलो रुख भए अनुसार त्यसको कहीकसैले हानी नोक्सानी गर्न नसकेको जानकारहरू बताउँछन् । यदी कही कसैबाट त्यहाँ चोरी गरेको पाइएमा तत्काल ती चोरलाई विभिन्न समस्याहरू आईपर्ने गर्दछन् ।

हालै थानबाट एक चोरले कल चोरी गरेकोमा त्यो चोरले रगतै उल्टी गर्न बाध्य हुन गयो । यो थानमा हरेक वर्ष चैत्रको अन्तिम हप्तामा ३ दिन साँझ बाति दिईने गरेको पाईन्छ । बैशाख १६ गते पुरै गाउँका मानिसहरूले प्रत्येक घरबाट बाति दिई पूजा आजा गरी मेला लगाउने चलन आईरहेको छ ।

### वर्तमान अवस्था

स्थापना कालमा थान रहेको ठाउँमा माटोको एक ढिस्को भएको ठाउँमा एक छाप्रो बनाई पूजाआजा गर्दै आइरहेका थिए । समय परिस्थिति अनुसार थानको मर्मत सम्भार हुँदै अहिले स्थानीय तह र गाउँबासीको सहयोगमा टिनको छानोसँगै पक्की ३ कोठे भवन निर्माण गरिएको छ । साथै छेउछाउमा एउटा विश्राम कक्ष समेत निर्माण गरिएको छ । थानले अनुमानित १० कठ्ठा क्षेत्रफल ओगेटेको स्थानीयहरू बताउँछन् ।

### सवाल तथा चुनौतीहरू

- अहिमान खाँ थानमा हालसम्म सो थानको बारेमा जानकारीमूलक सूचनाहरू टाँस गर्न नसक्नु ।
- थानको दैनिक सरसफाई तथा पूजाआजा नभएका कारण थानको भौतिक संरचना जिर्ण बन्दै जानु ।
- थानको पौराणिक भौतिक संरचनाहरूलाई मासेर नयाँ भौतिक संरचना निर्माण गर्दा थानको स्वरुप परिवर्तन भएर आफ्नो अस्तित्व मेटिदै जानु ।

### समाधानका उपायहरू

- थानलाई पहिलैकै अवस्थामा ल्याउनका निम्ति थानको भौतिक संरचनालाई सुधार गर्दै जानुपर्ने देखिन्छ ।
- अहिमान खाँ ग्रामदेवता थानको महत्वको प्रचार प्रसार गर्नुपर्ने देखिन्छ ।
- थानको दैनिक सरसफाई गर्नका निम्ति पूरै गाउँसमाज नियमित रुपमा आलो पालो गरी सरसफाई गर्दा भौतिक संरचनाको पनि संरक्षण हुने देखिन्छ ।

## २.४ गंगिर बाबाजी थान

### परिचय

ग्रामथान गाउँपालिकामा थारू जातिको बाहुल्यता रहेसँगै यहाँ अन्य जात जातिहरू जस्तैः राजवंशी, श्रेष्ठ, राय, यादव, साह, उँराव, मुसहर र मुस्लिम समेत रहेका छन् । यिनीहरूको आफनै भाषा, संस्कृति, रीतिरिवाज, खानपान, चालचलन, धर्मकर्म तथा पाठपूजा रहेका छन् । ग्रामथान गाउँपालिकामा ७ वटा वडाहरू रहेका छन् ।

मोरङ्ग जिल्लाको ग्रामथान १ लखन्तरी र विराटनगर उपमहानगरपालिकाको सिमामा यो गंगिर बाबाजी थान रहेको छ । त्यहाँ दिनहुँ पूजापाठ गर्नेदेखि मानिसहरू घुम्न समेत आउने गरेको पाइन्छ । गंगिर बाबाजी थानको संरक्षण तथा गहदारको रुपमा संजय कुमार चौधरी रहेका छन् भने युवाहरूको साथ सहयोगमा सिकेन चौधरीको नेतृत्वमा थान संरक्षण कार्य भईरहेको छ । गंगिर बाबाजी थानमा प्रत्येक वर्षको बैशाख १५ गते ठुलो मेला लाग्ने गरेको पाइन्छ । गंगिर बाबाजी थानमा विशेषगरी मिठाई, दही, दुध जस्ता सामग्रीहरू मात्र चढ्ने गर्दछन् । यस थानमा वली दिने चलन छैन । गंगिर बाबाजी थानको क्षेत्रफल अनुमानित १ बिघा भन्दा बढी रहेको छ ।

मोरङको ग्रामथान गाउँपालिकाको दक्षिणमा कटहरी गाउँपालिका र विराटनगर उपमहानगरपालिका पर्दछ । ग्रामथान गाउँपालिकाको पश्चिममा बुढीगंगा गाउँपालिका रहेको छ । उत्तरतर्फ सुन्दरहरैचा नगरपालिका र पूर्वतर्फ वेलबारी र रंगेली नगरपालिका पर्दछ । यस गाउँपालिकामा जम्मा जनसंख्या ३६,०२४ रहेको छ । (श्रोत :राष्ट्रिय जनगणना २०७८ )



*गंगिर बाबाको पोखरी*

## ऐतिहासिक पृष्ठभूमि

मोरङ्ग जिल्लाको ग्रामथान गाउँपालिका र विराटनगर उपमहानगरपालिकाको सिमामा गंगिर बाबाजी थान रहेको छ । गंगिर बाबा एक साधु सन्त ऋषि थिए । करिब ८०० वर्ष अगाडि हालको विराटनगर ग्रामथान लगायतका आसपासका क्षेत्रमा घना जंगल थियो । त्यही बखतमा गंगिर बाबाजी ध्यान गर्नका लागि हालको ग्रामथान १ खुनियाकट्टामा अन्तर्ध्यान हुन पुगेको र त्यही ठाउँमा समाधिमा परिणत हुँदा उहाँको प्रतिमालाई गंगिर बाबाजी थानको रुपमा स्थापना गरिएको हो ।

गंगिर बाबाजी थान आज भन्दा करिब २५/३० वर्ष पहिला जीर्ण अवस्थामा रहेको थियो । एक दिन त्यही थानको छेउ भएर जाने बाटोमा एक कामदार दैनिक आफनो काममा जाँदा उक्त कामदारलाई प्रत्यक्ष रुपमा जट्टा धारी कमलडोल, चिम्टा इत्यादि साथमा लिई गंगिर बाबाजीले दर्शन दिनु भएको थियो र उनलाई बाटोमा रोकी यो थानलाई किन जिर्ण अवस्थामा राखेको भन्दै त्यहाँबाट अन्तरध्यान हुनु भएको थियो । त्यही कुरा भोलिपल्ट बिहान सम्पूर्ण गाउँबासीहरूलाई जानकारी गराई उक्त ठाउँलाई तत्काल मर्मत गरि सरसफाई गर्न थालियो ।

गंगिर बाबाजी थान नजिक एक पोखरी पनि रहेको छ । थारूहरूको घरमा विवाह, ब्रतबन्ध लगायतका कार्यक्रमहरूमा तथा विभिन्न सामाजिक कार्यहरू गर्न आवश्यक पर्ने भाँडाकुडाका लागि १ दिन अगावै निम्तो गर्दा त्यसको भोलिपल्ट बिहान उक्त पोखरीमा निम्तो गरे अनुसारको भाँडाकुडा पाइने गर्दथ्यो । त्यस वरपर विशेषगरी थारू समुदायको बढी बसोबास रहेको हुनाले उक्त थानमा थारू समुदायले पूजाआजा गर्दै आएकाले थारू जातजातिको संस्कृति बढी झल्किने गरेको पाइन्छ ।

## महत्व तथा जनविश्वास

गंगिर बाबाजी थानको आफ्नो छुट्टै महत्व रहेको छ । गंगिर बाबाजी थानमा गाउँका मानिस मात्र नभई विभिन्न ठाउँबाट भाकल गरी मनोकामना पूरा हुनेहरूको समेत दिनहुँ आवतजावत रहेको पाइन्छ । गंगिर बाबाजी साधु सन्त रहेको कारणले त्यहाँ कुनै किसिमको वली दिने चलन रहेको छैन । गंगिर बाबाजी थानमा भक्तजनहरू आफ्नो श्रद्धा तथा विश्वासले आउने र मनोकामना पूरा भई त्यहाँ चढाईएका सामग्रीहरू ठुलो संख्यामा रहेको पाइन्छ । अहिले पनि रातीको समयमा बाबाजीले गाउँको परिक्रमा गरी सुरक्षा गरिरहेको जनविश्वास रहेको छ ।



*थान भित्रको मुर्ति*




*गंगिर बाबाको पोखरी*

गंगिर बाबाजीको पोखरीको पनि त्यतिकै महत्व रहेको छ। भक्तजनहरू पोखरीमा गई स्नान गरी पवित्र भई बाबाको दर्शन गर्नाले शरिरमा रहेको रोगहरू निको हुने गरेको जनविश्वास रहेको छ। पोखरीको धार्मिक तथा सांस्कृतिक तवरले पनि उत्तिकै महत्व रहेको छ। उक्त पोखरीमा विभिन्न चाँडपर्वमा पूजापाठ समेत गरिने गरेको पाइन्छ।

### थानको वर्तमान अवस्था

गाउँबासीहरू मिलेर ठुलो महासप्ताह पूराण लगाई र व्यक्तिगत तवरले ठुलो धनराशी सहयोग गरी प्राप्त रकमबाट थानको भौतिक निर्माणसँगै व्यवस्थापनमा ठुलो धनराशी खर्चिएको छ। अहिले गंगिर बाबाको छुट्टै आकर्षक मन्दिर निर्माण भएको देख्न सकिन्छ। मन्दिरमा चारैतिरबाट मार्वल लगाई मन्दिरलाई घेरावेरा गरिएको छ। त्यसैगरी पोखरीलाई पनि चारैतिरबाट घेरावेरा गरी माछापालन समेत भइरहेको छ। पोखरीको डिलमा आर्कषक फूलहरू लगाई त्यहाँका युवा सिकेन चौधरीको नेतृत्वमा रमणीय वातावरणको सृजना गरिएको छ।

### सवाल तथा चुनौतीहरू

- गंगिर बाबाजी थानमा हालसम्म गंगिर बाबाजीको ऐतिहासिक मूर्ति स्थापना गर्न सकिएको छैन।
- गंगिर बाबाजी थानले थारूहरूको इतिहास बोकेको भएतापनि थारू संस्कृति तथा जातजातिको पहिचान स्वरुप कुनै अवशेष नरहेको र त्यसलाई संरक्षण गर्न नसक्नु मुख्य चुनौतीको रुपमा रहेको छ।

### संरक्षणका उपायहरू

- गंगिर बाबाजी थानको ऐतिहासिक स्वरुपसँगै थानबारे प्रचार प्रसार गर्नु पर्ने देखिन्छ।
- गंगिर बाबाजी थानको ऐतिहासिक कुराहरू मूर्ति तथा चित्रकला मार्फत थानमा प्रस्तुत गर्न सकियो भने ऐतिहासिक कुरा सदियौंसम्म रहिरन सक्छ।
- गंगिर बाबाजीको थानको नाम हाल मन्दिरमा नामाकरण गरिएको छ तर यसलाई थानमा परिणत गर्न आवश्यक देखिन्छ।

## २.५ जिम्दार पोखरी

### परिचय

जिम्दार पोखरी मोरङ जिल्लाको बुढीगंगा गाउँपालिकामा पर्दछ। यसको दक्षिणतर्फ विराटनगर महानगरपालिकासँग सिमाना



*जिमदार पोखरी*

जोडिएको छ । विराटनगरबाट यो गाउँपालिका उत्तरतिर पर्दछ । तसर्थ बुढीगंगा र विराटनगरको बीचमा खासै अन्तर रहेको छैन । त्यसैगरी पूर्वमा ग्रामथान गाउँपालिका, पश्चिममा दुहवी नगरपालिका रहेको छ भने उत्तरमा सुन्दरहरैचा नगरपालिका रहेको छ । यस गाउँपालिकामा जम्मा ५१,४९७ जनसंख्या रहेको छ । (श्रोत :राष्ट्रिय जनगणना २०७८)

यहाँ थारू जातिको घना बस्ती रहे पनि अन्य जात जातिहरू जस्तैः राय, गुरुङ्ग, यादव, साह, मुस्लिम समेत रहेका छन् । यिनीहरूको आफनै भाषा, संस्कृति, रीतिरिवाज, खानपान, चालचलन, धर्मकर्म तथा पूजापाठ अर्चना विधि रहेका छन् । बुढीगंगा गाउँपालिकामा ७ वटा वडाहरू रहेका छन् । यसै पालिकाको वडा नं ७ मा जिम्दार पोखरी रहेको छ । जिम्दार पोखरी मोरङ्गको सदरमुकाम विराटनगर भन्दा करिब १५ कि.मि. को दुरीमा रहेको छ । यहाँ विशेषगरी जलकुमारी माता लगायत आफ्ना पितृहरूको आत्माले शान्ति पाओस् भन्ने हेतुले वर्षेनी पूजाआजा गरिन्छ ।

## ऐतिहासिक पृष्ठभूमि

आजभन्दा करिब ६०० वर्ष पहिला लेदम चौधरीले सरकारबाट वनजंगल फडानीको अनुमती पाए अनुसार साबिक डंग्राहा गाउँको वन फडानी गरेका थिए । सोही वन फडानी गर्दा लेदम चौधरीलाई रेखदेख गर्न मानिसको खाँचो पर्ने गरेको थियो । जस अनुसार लेदम चौधरीले आर्थिक लेखाजोखा गर्न र बोर्डर छेउमा रहेको उनको ज्वाँइ छलि विश्वासलाई बसाई सरी डंग्राहामा नै आउन अनुरोध गरे पश्चात् जिम्दार छली विश्वास र उन्नका सन्तानहरू डंङग्रा गाउँमा बसोबास गरी बस्ती बसाल्न सफल भएको जानकारहरू बताउँछन् ।

सोही डंग्राहा गाउँ बसाल्ने क्रममा खेतीपाती गर्नका निम्ती सिंचाईको आवश्यकता भएकोले हालको सुन्दर हरैचा मझुवा स्थित कजला भन्ने ठाउँमा तटबन्ध बनाई डंग्राहा गाउँको खेती सिंचाई गर्दै आईरहेका थिए तर गाउँभन्दा पश्चिमतिर नदी रहेकोमा गाउँको उन्नति प्रगति नहुँने, जिम्दार छली विश्वासका छोरा तेजनारायण चौधरीको नेतृत्वमा गाउँका मानिसहरूको सक्रियतामा पश्चिमपट्टि रहेको नदीलाई गाउँदेखि पूर्वतर्फ सार्ने निर्णय भयो । नदीलाई वस्तीको पूर्वतर्फ सार्न पुग्दा गाउँको पश्चिममा रहेको नदीको अवशेषलाई जिम्दार छली विश्वासले उत्तर र दक्षिणतर्फ डिलको निर्माण गरी जिम्दार पोखरीको निर्माण गर्न सफल भए ।

जिम्दार पोखरीलाई गाउँलेहरूबाट विधिविधान पूर्वक विवाह गरे पश्चात विवाहित पोखरीमा परिणत भयो । पोखरीको बीचमा काठको किलालाई पूजाआजा गरी जाठमा परिणत गरीयो । यस पोखरीमा पितृहरूको आत्माको चीर शान्तिका निम्ति र जलकुमारी मातालाई पहिला दिनहुँ साँझ बाति दिने प्रचलन रहेको थियो । हाल विभिन्न चाँडपर्वहरूमा यस पोखरीमा गाउँभरीका मानिसहरूले साँझ बाति दिने गर्दछन् ।

## महत्व तथा जनविश्वास

जिम्दार पोखरीको परापूर्व कालदेखि नै आफनो छुट्टै महत्व रहेको छ । त्यो पोखरीमा आजसम्म कहिल्यै पानीको मुहान नसुकेको कारणले गर्दा गाउँभरका मानिसहरूले आफनो आवश्यकता अनुसार प्रयोग गर्दै आइरहेका छन् ।

जिम्दार पोखरीमा नव विवाहित जोडीहरूको मुकुट अथवा विवाहमा प्रयोग भएका समाग्रीहरू सेलाउने समेत गरिन्छ । गाउँभरीका



*ड्रोनबाट जिम्दार पोखरी हेर्दा*

मानिसहरू आजभन्दा दुई दशक अगाडिसम्म त्यही पोखरीमा नुहाउने कपडाहरू धुने गरेको पाइन्थ्यो । हाल यो जिम्दार पोखरीमा जिम्दार तेजनारायण चौधरी नामको समाज सेवा समितिमार्फत पोखरीको छेउमा रहेका धेरै वर्षदेखि रहिआएका रुख लगायत पोखरीको माछालाई संरक्षण तथा प्रवर्द्धन गरी त्यहाँका मानिसहरूले लाभ लिदै आइरहेका छन् । साथै उक्त जिम्दार पोखरीबाट त्यहाँका वासिन्दाहरूले आर्थिक, सामाजिक, सांस्कृतिक लाभसँगै गर्मीको समयमा पोखरीको डिलमा शितलको महसुस पनि लिने गरेका छन् । पोखरीको वरिपरी चमेरो लगायत विभिन्न प्रजातिका चराचुरुङ्गी र बाँदरहरू प्रशस्तै पाइन्छन् ।

## पोखरीको वर्तमान अवस्था

जिम्दार पोखरीको अवस्था हालसम्म पनि सोही स्वरुपमा रहेको हामी पाउन सक्छौं । पहिला मानिसहरू त्यहाँ दिनहुँ आवत जावत भएको हुँदा अलिक सफा भएको देखिन्थ्यो । अहिले पनि पोखरीको डिलमा वरिपरी धेरै पूराना रुखहरू रहेको छ ।

जिम्दार पोखरीको संरक्षण तथा प्रवर्द्धनका निम्ति तेजनारायण चौधरी नामक सामाज सेवा समितिले रेखदेख गर्दै आइरहेको छ । यो पोखरीको क्षेत्रफल अनुमानित १५ कट्ठा भन्दा बढी रहेको छ ।

## सवाल तथा समस्याहरू

- जिम्दार पोखरीले डंग्राहा गाउँबासीहरूका लागि एक छुटै इतिहास बोकेको पाइन्छ । तर पोखरीको आसपासका क्षेत्रहरू सरसफाई नभएका कारणले पोखरीको अवस्था दिनानुदिन जिर्ण बन्दै गएको छ ।
- पोखरीको संरक्षण समितिले हालसम्म प्रभावकारी कार्य नगरेका कारण पनि पोखरीको अवस्था जिर्ण बन्दै गएको र त्यहाँका ऐतिहासिक कुराहरू हराउँदै गइरहेको छ ।
- स्थानीय तह तथा प्रदेश सरकार र संघीय सरकारबाट हालसम्म कुनै किसिमको सहयोग नभएको अवस्था छ ।

## संरक्षणका प्रयासहरू

- जिम्दार पोखरी संरक्षण तथा सम्बर्द्धन गर्नका निम्ति त्यहाँका समितिका पदाधिकारीहरूलाई दायित्वको महसुस गराउनु पर्ने देखिन्छ ।

- पोखरीको इतिहास पूरानै अवस्थामा कायम राख्नका निम्ति सर्वप्रथम पोखरी आसपासका क्षेत्रहरूमा सरसफाई कायम राख्नु पर्ने देखिन्छ ।
- कार्य समिति मार्फत आवश्यक पर्ने आर्थिक सहयोगबारे संघ, प्रदेश सरकार तथा स्थानीय तहमा पहल गर्नुपर्ने देखिन्छ ।

## २.६ बुद्ध सेन राजाजी थान

### परिचय

बुद्ध सेन राजाजी थान मोरङ जिल्लाको बुढीगंगा गाउँपालिमा रहेको छ । मोरङ सदरमुकाम विराटनगरबाट १३ कि.मि. उत्तरतर्फ यस गाउँपालिकाको कार्यालय हात्तीमुडामा रहेको छ । हात्तीमुडादेखि दक्षिण वडा नं. २ को अमहै (अमाही) भन्ने ठाउँमा बुद्ध सेन राजाजी थान रहेको छ । यो थान थारूहरूको पूजाआजा गर्ने थानको रुपमा रहेको छ ।



*बुद्ध सेन थान*

### ऐतिहासिक पृष्ठभूमि

वुढी गंगा गाउँपालिकाको उक्त क्षेत्र तत्कालिन अवस्थामा घना जंगल क्षेत्रभित्र रहेको थियो । थारूहरूले आफ्नो बसोवासको क्रममा जंगल फडानी गरेका थिए । त्यस ठाउँलाई बुद्ध सेन गढ पनि भन्ने गरिन्छ ।

राजा बुद्ध सेनले त्यही ठाउँबाट आफ्नो राज्य चलाएको स्थानीयहरूले बताउने गरेका छन् । राजा बुद्ध सेनको उक्त दरवारमा किम्ती खरखजाना, गरगहना, सोना, चाँदी, हिरा जवाहरात, हात्ती घोडा रहेको बुद्ध सेन थानमा पूजा गर्ने पूजारी बताउनु हुन्छ । थानको सम्पत्तिको रुपमा ४ वटा पोखरीहरू रहेका थिए ।

ती पोखरीहरू कसले कहिले खनाएका थिए कसैले पनि बताउन सकेका छैनन् । समय परिवर्तनसँगै थानको पश्चिमपट्टि रहेको बुढी खोलाको बाढीले ती पोखरीहरू पुरिदै गएको स्थानीय गोपाल चौधरी बताउनु हुन्छ । थानको वरपर खनजोत गर्दा पूरानो दरवारको अवशेषको रुपमा ईटा, ढुंगाहरू पाउने गरेको छ ।

अहिले थानको स्वामित्वमा २ विगाहा ६ कट्ठा जग्गा रहेको स्थानीय गोपाल चौधरीको भनाइ रहेको छ । यहाँ हरेक वर्षको वैशाख ८ र ९ गते ठुलो मेला लाग्ने गरेको छ । त्यस मेलाका दिन भाकल स्वरुप हाँस, कुखुरा, बोका, पाठी, परेवा लगायत पशुपंक्षीहरूको वली दिने गरिन्छ ।



*बुद्ध सेन थान*

### महत्व तथा जनविश्वास

थारूहरू प्रकृतिका पूजक हुन् । यिनीहरूको जल, जंगल र जमिनसँग अती घनिष्ट सम्वन्ध रहेको छ । परापूर्व कालदेखि खोला छेउछाउमा बसोवास गर्दै आइरहेको थारूहरूले त्यस

क्षेत्रमा रहेको जंगल फडानी गरी बसोवास गरेका थिए ।

तत्कालीन अवस्थामा आउने गरेको हैजा, फौती, मलेरिया जस्ता महामारीबाट बच्नको लागि बुद्ध सेन बाबालाई पूजा गर्ने गरेको स्थानीयहरू बताउछन् । निसन्तान दम्पत्तिहरू त्यस थानमा गई सन्तान माग गर्दा तिनीहरूको इच्छा पूरा हुने, कसैले थानको नियम विपरित खेत बारी खनजोत गरे पूजारीले थाहा पाउने र दण्ड स्वरुप भाकल लाउने गरिएको छ । गाउँ घरमा भोज भतेर वा सार्वजनिक कार्यहरू हुँदाका बखत खाना खुवाउनका लागि आवश्यक भाँडाकुँडाहरू पोखरीबाट पाउने गरेको थियो ।

### वर्तमान अवस्था

थारू समदायको बीचमा रहेको बुद्ध सेन राजाजी थान खुल्ला ठाउँमा रहेको छ । यो थानको अगाडि विभिन्न जातका ठूला ठूला रुखहरू रहेका छन् । यो थानमा पहिले काठको घर र खरको छानो रहेता पनि हाल पक्की घर बनाइएको छ । थानलाई संरक्षण र सम्वर्द्धन गर्नका लागि राजा बुद्ध सेन थान संरक्षण समिति गठन गरिएको स्थानीयहरूले बताएका छन् । थानको स्वामित्वमा रहेको जग्गाहरू स्थानीयहरूले खनजोत गरी मुआब्जा समितिमा बुझाउने गरेको स्थानीयहरू बताउँछन् ।

### सवाल तथा समस्याहरू

- थानको नाउँमा समिति बनेता पनि थान संरक्षणको सवालमा खासै प्रभावकारी कार्यहरू गर्न सकिरहेको छैन ।
- स्थानीय निकाय तथा सम्वन्धित सरोकारवालाको थान प्रति ध्यान जान नसक्दा थारूहरूको ऐतिहासिक सम्पदा भएता पनि लोप हुने अवस्था विद्यमान रहेको छ ।
- थानको स्वामित्वमा रहेको सम्पत्ति, जग्गा जमिनको अभिलेखीकरण नहुँदा भएको सम्पति पनि मासिन सक्ने सम्भावना रहेको देखिन्छ ।

### संरक्षणका प्रयासहरू

- स्थानीय थारू अगुवा तथा युवाहरूको नेतृत्वमा सक्रिय समिति गठन गरी संरक्षण र सम्वर्द्धन गर्नुपर्ने देखिन्छ ।
- स्थानीय तह, प्रदेश सरकार तथा संघीय सरकार मार्फत विशेष योजना बनाई तथा बजेट छुट्याई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
- थारूको ऐतिहासिक सांस्कृतिक सम्पदाको रुपमा व्यापक प्रचार प्रसार गर्नुपर्ने हुन्छ ।

## २.७ चमेनी ग्रामथान (सन्धुवा थान)

### परिचय

चमेनी ग्रामथान (सन्धुवा थान) मोरङको बुढीगंगा गाउँपालिकामा पर्दछ । बुढीगंगा गाउँपालिका वडा नं. ६ सन्धुवा र कडेरुवा गाउँको सिमानामा यो थान रहेको छ । विराटनगरदेखि करीब १५ कि.मि. को दूरीमा यो थान रहेको छ । हाल यस थानलाई सन्धुवा थानसँगै चमेनी ग्रामथान भनेर चिनिने गर्दछ ।



*सन्धुवा पोखरी*



*पोखरीको गेट*

## ऐतिहासिक पृष्ठभूमि

चमेनी ग्रामथानको ऐतिहासिक पृष्ठभूमि हेर्दा आज भन्दा ३ पुस्ता अगाडि कलगरु गच्छदारले स्थापना गरेको पाइन्छ । आजभन्दा करिब १५० वर्ष अगाडि कलगरु गच्छदारको घरबाट पैसा चोरी भएको थियो । थानको छेउमा दैत्यहरूले पोखरी खनेको जनविश्वास रहेको छ । आफ्नो हराएको पैसा भेटेमा थानको स्थापना गर्ने संकल्प लिए । पछि हराएको पैसा भेटि्टएको थियो र कलगरु गच्छदारको मनोकामना पूरा भएअनुसार ग्रामदेवताको स्थापना गरिएको निजको परिवारका सदस्यहरू बताउँछन् ।

गाउँघरमा केही ब्रतबन्ध तथा सामाजिक कार्य हुँदा भाँडाकुँडाको खाँचो पर्दा त्यही पोखरीमा गई विन्ति गरेपछि आवश्यकता अनुसार पोखरीबाट निस्केको भाँडाहरू आफूले लिन पाइन्थ्यो र काम सकेपश्चात त्यही पोखरीमा लगी सम्पूर्ण भाँडाकुँडा सेलाउने समेत गरेको स्थानीयहरू बताउँछन् । तर दुर्भाग्य कसैले भाँडा लुकापछि फेरी पनि भाँडाकुँडा निस्किन बन्द भएको जनविश्वास रहेको छ ।

कलगरु गच्छदारले स्थापना गरेको थानपछि आएर उनकै सन्तान घोरघोरु गच्छदार र अहिले शिवनारायण गच्छदारले रेखदेख गरिरहेका छन् । थानको पूजाआजा नागेश्वर धामीबाट गराई रहेका छन् । एक दिन शिवनारायण गच्छदार धामी सुती रहेको बेला थानमा विभिन्न प्रकारका बहुमूल्य जवाहरातहरू, सुन, चाँदी, हिरा, मोती रहेको देखेका थिए । ती सबै सम्पत्तिलाई १ जना बुढी आमा र २ जना कुमारी केटीले संरक्षण गरिरहेका थिए । सो थानमा विशाल सर्पहरू रहेको उनले सपनामा देखेका थिए भन्ने जनविश्वास रहेको छ । तत्पश्चात थानको नाम शिवनारायण गच्छदारले चमेनी ग्रामथान राखेको स्थानीयहरू बताउँछन् । थान र पोखरीमा अहिले पनि बेला बेलामा कसैकसैलाई गहना लगाएको ठूलो सर्पले दर्शन दिने गरेको बताउँछन् । यो थानमा वली बिना कुनै पनि कार्य गर्न नसकिने बताउँछन् ।

## महत्व तथा जनविश्वास

गाउँबासीहरूको जनधनको रक्षासँगै विभिन्न किसिमको रोगव्याधी महामारीबाट सुरक्षा समेत चमेनी थानले गरीरहेको विश्वास छ । गाउँघरमा अहिले पनि कसैलाई कुनै समस्या आईपर्दा त्यही थानमा प्रार्थना गर्ने गर्दछन् र मनोकामना पूरा हुने बताउँछन् । त्यस थानको वरपर कहि कतै कसैले पनि चोरी तथा फोहोर गरेमा तत्कालै विभिन्न समस्याहरू आउने गरेको समेत बताइन्छ । थानमा विभिन्न चाडपर्वसँगै हरेक वर्ष चैत्र महिनाको अन्तिम हप्तामा ३ दिन लगातार दियो बाल्ने (साँझ बाति दिने) गरेको पाइन्छ ।

प्रत्येक वर्ष बैशाख १० गते गाउँघरका मानिसहरूले पूजाआजा गर्नेदेखि त्यस ठाउँमा मेला समेत लगाउने गरेको पाइन्छ । त्यसैगरी थानमा रहेको पोखरीमा बैशाख १ गते नव वरवधुको वैवाहिक बस्तुहरू त्यही पोखरीमा सेलाउन समेत घुँइचो लाग्ने गरेको पाइन्छ ।

यो थानलाई हाल गाउँपालिका र प्रदेश सरकारले सांस्कृतिक सम्पदाको सूचीमा समेत राखेको छ । यो थान अहिले करिब ३०० घर धुरीबाट व्यक्तिगत रुपमा रकम संकलन गरेर थानको पूजाआजा र संरक्षण कार्य गरिएको छ ।

## थानको वर्तमान अवस्था



*सन्धुवा पोखरी थान*

थानको स्थापना गर्दा कलगरु गच्छदारले सामान्य रुपमा टहरा बनाई पूजाआजा गर्ने गरेको थिए । अहिले दुई कोठे पक्की भवन बनाई पूजाआजा गर्ने गरेको पाइन्छ । थानमा र पोखरीको वरपर फलामको तारले घेरावार गरी अगाडि ठुलो गेटको निर्माण गरिएको छ । थानको वरपर ठूल्ठूला पूराना रुखहरूसँगै नयाँ बोटविरुवाहरू पनि वृक्षारोपण गरिएको छ । एउटा विश्राम स्थल समेत निर्माण गरिएको छ ।

त्यसैगरी चारैतिरबाट पक्की पर्खाल बनाइएको छ । थान र पोखरीको क्षेत्रफल १ बिघा भन्दा बढी नै रहेको छ । पोखरीमा माछा उत्पादनसँगै संरक्षण समितिबाट माछा बेचविखन गरी प्राप्त आयआर्जन त्यही थानको मर्मतमा प्रयोग गर्ने गरिएको छ ।

### सवाल तथा चुनौतीहरू

- थानमा हालसम्म कुनै पनि किसिमको ऐतिहासिक तथा पौराणिक महत्व वारे ब्यापक प्रचार प्रसार नहुँदा थानको अस्तित्व मेटिदै गइरहेको देखिन्छ ।
- थानको संरक्षण समिति तथा संघर्ष समिति निष्कृय अवस्थामा रहँदा वर्षमा १ दिन मात्र उक्त ठाउँको महत्व देखा पर्न गइरहेको देखिन्छ ।

### संरक्षणका प्रयासहरू

- थानको भौतिक संरचनालाई नयाँ युग सँगसँगै आफ्नो अस्तित्वलाई पनि आत्मसाथ गरी अगाडि लैजानु पर्ने देखिन्छ ।
- संरक्षण समिति सक्रिय हुनुपर्ने देखिन्छ ।
- विभिन्न सरोकारवाला निकायहरूसँग सहकार्य गर्नुपर्ने, योजना बनाउनु पर्ने जस्ता कार्यमा जोड दिनुपर्ने हुन्छ ।

## २.८ झुरै धामी थान

### परिचय

झुरै धामी थान मोरङ जिल्लाको बुढीगंगा गाउँपालिकामा पर्दछ । यसै पालिकाको वडा नं. ७ मा झुरै धामी थान रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

झुरै धामी थान आज भन्दा करिब ५०० वर्ष अगाडि स्थापना गरिएको जनविश्वास छ । यो थानको निर्माण खड्दार उमालाल चौधरीले गरेका हुन् । आज भन्दा करिब ५०० वर्ष अगाडि डंग्राहामा ५ कोषिया राजा भनेर जिम्दार परिवारका खड्दार उमालाल चौधरी र उनका भाइहरू जिम्दार हेमनारायण चौधरी, देवलाल चौधरीलाई चिनिने गरिन्थ्यो । त्यतीखेर राणा शासन कालमा ती पाँच कोषिया राजा जिम्दारकहाँ नै सम्पूर्ण जग्गाहरूको तहसिल बुझाउने चलन रहेको थियो । जिम्दार उमालाल चौधरीसँग पर्याप्त जग्गा भएकै कारण कहिल्यै अरुको जग्गाबाट नहिड्ने गरेको त्यहाँका जानकार भरतलाल चौधरी बताउनुहुन्छ ।



झुरे धामी थान

खड्दार उमालाल चौधरीको सन्तान नहुँदा उनले झुरै धामी थानमा भाकल गरे पछि मात्र सन्तान प्राप्त गरेको थियो । झुरै धामीको प्रतिमासँगै उहाँको नाममा ग्रामथान बनाई दिने संकल्प राखे अनुसार खड्दार उमालाल चौधरीलाई २ सन्तान प्राप्त भयो । उनीहरूको नाम जिम्दार शिवनारायण चौधरी र सत्यनारायण चौधरी रहेको थियो । खड् दार उमालालको सन्तानको चाहना पूरा भए अनुसार उहाँले झुरै धामीको प्रतिमा सहित त्यस बेलामा गुम्बा शैलिमा २ ओटा पक्की भवन निर्माण

गराउनु भयो जुन पछि ग्रामथानका रुपमा मानिन थालियो ।

खड्दार उमालाल चौधरीले उक्त ग्रामथानको उत्तरतर्फको भवनमा झुरै धामी हात्तीमा सवार तामाको मूर्ति बनाउनु भएको थियो भने दक्षिणमा झुरै धामीको अर्धाङ्गिनी लहरो कजरो माताको मूर्ति बनाउनु भएको थियो । साथै थानको पूर्वतिर पोखरी पनि निर्माण गरिएको थियो जुन हालसम्म यथावत रहेको पाइन्छ ।

## महत्व तथा चमत्कार

झुरैधामी थानको महत्व भन्नुपर्दा यो थान परापूर्व कालमा बनाइएकोमा थान हालसम्म पनि सोही आकारमा रहेको छ । यस थानमा विभिन्न ठाउँबाट बेला बेलामा मानिसहरू अवलोकन भ्रमणमा आउने गरेको पाइन्छ । यो ग्रामथानमा पनि गाउँघरको जनधनको रक्षासँगै गाउँमा भैपरी आइपरेका महामारी देखि विभिन्न समस्याहरूको समाधान हुने विश्वास गरेको पाइन्छ । अहिले सम्म पनि उक्त ग्रामथानले दैविक शक्ति बोकेको त्यहाँका जानकारहरू बताउँछन् । गाउँका मानिसहरू प्रत्येक वर्ष वैशाख महिनामा पाठपूजा गरी सरसफाई गर्ने गर्दछन । थानको पूर्वपट्टि रहेको पोखरीमा माछा पालन गरी आर्थिक लाभ प्राप्त गरी थानको मर्मत सम्भार कार्यहरूमा खर्च गरेको पाइन्छ ।

गाउँघरका जनताहरूमा बेला बेला हुने गरेको महामारी तथा दैवि प्रकोपबाट बच्नको लागि थानमा पूजाआजा गर्ने गरेको स्थानीयहरूले बताउने गरेका छन् ।

## थानको वर्तमान अवस्था

थानको मर्मत नभएको कारण अहिले जीर्ण अवस्थामा रहेको पाइन्छ । थानमा रहेका विभिन्न पूराना काँशका मूर्तिहरू चोरी भइसकेको छ । थानको दुई ओटा भवन मध्ये एक भवन भुकम्पको कारण मासिएको छ । लहरो कजरो माताको भवन सरसफाई नभएका कारण जीर्ण अवस्थामा रही अवशेष मात्र रहन गएको छ । भूकम्पको बेला मासिएका भवनलाई पुनः निर्माण गर्न नसकेको अवस्थामा रहेकाले सोको जिर्णोद्धार तथा पुनर्निमाण गर्नु अति आवश्यक छ ।

झुरै धामी थानमा झुरेधामीको मूर्ति, लहरो कजरो माताको मूर्ति लगायत हनुमानको मूर्ति र रक्षा सिंहको मूर्ति रहेको थियो । हाल कुनै पनि मूर्ति उक्त स्थानमा रहेको छैन । त्यहाँका स्थानीयको भनाइ अनुसार गाउँदेखि निकै टाढा रहेको कारणले सम्पूर्ण मूर्तिहरू चोरी भईसकेको हो । थानले ओगटेको क्षेत्रफल १० कट्ठा जति भएको स्थानीयहरू बताउँछन् ।

## सवाल तथा समस्याहरू



*झुरै धामी थानको अवशेष*

- झुरै धामी थान थारूहरूको एक ऐतिहासिक सांस्कृतिक पृष्ठभूमि बोकेको थान हो । तर सो थानको दैनिक रुपमा सरसफाई तथा समयमै मर्मत नभएको कारणले हाल थानको स्थिति निकै जीर्ण अवस्थामा परिणत भएको छ ।
- थानमा वर्षमा एक दिन मात्र पूजाआजा हुने भएकोले संरक्षणको दृष्टिकोणले थानको अवशेष मात्र बाँकी देखिन्छ ।
- गाउँदेखि निकै टाढा रहेकोले यस थानमा रहेका पूराना मूर्ति तथा बहुमुल्य सामग्रीहरू चोरी भएको छ ।

### संरक्षणका प्रयासहरू

- झुरैधामी थानको संरक्षण तथा सम्बर्द्धन गर्नका निम्ति स्थानीय, प्रदेश तथा संघीय सरकारबाट उचित बजेटको व्यवस्था मिलाइ थानलाई पूरानै संरचनामा ल्याउन पहल गर्नुपर्ने देखिन्छ ।
- सुरक्षाको दृष्टिकोणले हेर्दा दिनहुँ त्यहाँ पूजापाठ गर्न उक्त स्थानको ग्रामधामीको व्यवस्थापन गरी अगाडि बढाउन सक्ने योजना ल्याउनुपर्ने देखिन्छ ।
- स्थानीयहरूबाट आर्थिक संकलन गरी थानलाई मर्मत गर्न सकिन्छ ।

## २.९ बगिया थान

### परिचय

बगिया थान मोरङ जिल्लाको बुढीगंगा गाउँपालिकामा पर्दछ । बुढीगंगा गाउँपालिकामा विभिन्न ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू रहेता पनि वडा नं. ७ बडहरामा रहेको यो बगिया थान धरान विराटनगर रोडको खनारदेखि पूर्व करिब १५ कि.मि. भित्री गाउँमा पर्दछ । यो थान थारूहरूको ऐतिहासिक सांस्कृतिक सम्पदाको रुपमा बुढीगंगा गाउँपालिकाले सूचिकृत गरेको छ । यो थानमा विशेष गरी थारू समुदायका मानिसहरूले पूजाआजा गर्दै आइरहेको पाइन्छ ।

### ऐतिहासिक पृष्ठभूमि

मोरङ्ग जिल्लाको बुढीगंगा वडा नं. ७ बडहरामा बगिया थान रहेको छ । थारूहरूको ऐतिहासिक धरोहर बोकेको यो थानमा विशेष गरी थारू परिकारहरू मात्र पाइने गर्दछ । बगिया थानलाई मलङ्ग थान पनि भनेर चिनिन्छ । यो थान कहिले र कसरी उत्पति भएको हो भन्ने आजसम्म पत्ता लागेको छैन । यो बगिया थानमा वलीप्रथा नरहेकोले यहाँ विशेषगरी खीर, स्वाहारी (चामलको रोटी) र मिठाईका परिकारहरू मात्र चढाउने गरेको पाइन्छ । बगिया थान धेरै शक्तिपिठ बोकेका कारण परापूर्वकालदेखि नै यहाँ दिनहुँ मनोकामना पूरा भएका मानिसहरूले भाकल चढाउने गरेको पाइन्छ । यो थानको मेलामा थारू परिकार बगिया बढी किनबेच भएका कारण उक्त थानलाई हाल बगिया थान भनेर नामाकरण गरिएको हो ।

### महत्व तथा जनविश्वास

बगिया थानको आफ्नो छुट्टै महत्व रहेको छ । बगिया थानबारे जो कोहीलाई थाहा भए अनुसार दिनहुँ त्यहाँ आफ्ना पीर मर्कालाई सच्चा मनकासाथ प्रार्थना गर्दा मनोकामना पूरा हुने विश्वास रहेको पाइन्छ । यो बगिया थान गाउँदेखि टाढा रहेको छ । यो क्षेत्रभित्र रहेको खेतीपातीमा अहिलेसम्म कुनै किसिमको बाधा अड्चन नआएको गाउँलेहरू बताउँछन् । बगिया थानमा प्रत्येक वर्षको चैत्रको अन्तिम हप्ताको शनिबार विशेष पूजाआजा गरी केही वर्षदेखि मेला



*बगिया थानमा दियो बाल्दै स्थानीयहरू*



*बगिया थानको मेलामा स्थानीयहरू*

लाग्दै आइरहेको छ। बगिया थानमा पूजाआजा गर्दा कम्तीमा गाउँभरी ३ दिन माछा मासु बार्ने चलन रहेको पाइन्छ।

थारूहरूको मुख्य पेशाको रुपमा कृषि रहेको छ। आफ्नो खेतीपाती गर्दा बेलाबेलामा विभिन्न प्रकारका प्रकोपका कारण बाली नष्ट हुने गरेको थियो। त्यस क्षेत्रमा घना जंगल भएको कारण जंगली जनावरहरूले बालीनाली नष्ट गरीदिने गरेकाले त्यसबाट बच्नको लागि थारू किसानहरूले अन्नको परिकारको रुपमा बगिया चढाउने गरेका छन् जुन हालसम्म चलिआएको छ।

## थानको वर्तमान अवस्था

थान थारूहरूको जीवनसँग जोडिएको हुन्छ। थारू किसानहरूले आफ्नो बाली संरक्षणको लागि अन्नको परिकार (बगिया) बनाएर एकै ठाउँमा चढाउने गर्दथे जहाँ कुनै घर थिएन। पछि किसानहरू मिलेर जंगलबाट रुख ल्याई खरको छाप्रो बनाएर पूजापाठ गर्ने गरेका थिए। हाल थानमा पक्की पर्खालसँगै माथि टिनको छानो रहेको छ। थानको वरिपरी पूराना ठूला ठूला रुखहरू छन्। सो थान ऐलानी जग्गामा रहेको छ। धरनीधर विश्वास थानको गहदारको रुपमा रहेका छन्। परापूर्व कालदेखि नै उनैका पुर्खाहरूले गहदार भई पूजाआजा गर्दै आइरहेका थिए।

## सवाल तथा चुनौतीहरू

- ग्रामथानको ऐतिहासिक वस्तु तथा पौराणिक कुराहरू हराउँदै गएको छ।
- दैनिक रुपमा थानको सरसफाई नभएका कारणले थान बेवारिसे अवस्थामा रहन गएको छ।
- थानको हालसम्म लिखित दस्तावेज तयार नभएका कारण थारू संस्कृतिबाटै हराएर जाने संभावना रहेको देखिन्छ।

## संरक्षणका प्रयासहरू

- बगिया थान थारूहरूकै ग्रामदेवता हो भनी थानको लिखित दस्तावेज तयार गर्नु पर्दछ।
- थानको दैनिक सरसफाईमा गाउँबासीले आलोपालो गर्दा थानको संरक्षण हुने देखिन्छ।
- थानमा ग्रामदेवताको मूर्तिको स्थापना गराउन गाउँबासी स्वयं या स्थानीय, प्रदेश तथा संघीय सरकारसँग सहयोग माग गर्नु पर्छ।
- ऐलानी जग्गालाई ग्रामथानको नाममा ल्याउनु पर्ने देखिन्छ।

# अध्याय तीन

## उदयपुर जिल्लाको संक्षिप्त परिचय

कोशी प्रदेशको पश्चिम-दक्षिण हिस्सामा उदयपुर जिल्ला अवस्थित छ। क्षेत्रफलको हिसाबले यो जिल्ला नेपालको २७ औं ठूलो स्थानमा पर्दछ। उदयपुर सिमेन्ट उद्योग यसै जिल्लामा रहेको छ।

यस जिल्लालाई भित्री मधेसको रूपमा पनि गणना गरिन्छ। यस जिल्लाको पश्चिममा रहेको फाँटमा कटारी नगरपालिकाको केही भाग (पूरानो विभाजन अनुसार त्रिवेणी गाविस, रिश्कु गाविस र कटारी गाविस) रहेको छ भने पूर्वी भागको ठूलो फाँटमा बेलका नगरपालिका (पूरानो विभाजन अनुसार तपेश्वरी गाविस र रामपुर ठोक्सिला गाविस), चौदण्डीगढी नगरपालिका (पूरानो विभाजन अनुसार बेल्टार गाविस, बसाहा गाविस, सुन्दरपुर गाविस र हडिया गाविस) तथा त्रियुगा नगरपालिकाको केही भाग (पूरानो विभाजन अनुसार त्रियुगा नगरपालिका र जोगीदह गाविस) रहेको छ।

नगरपालिकाहरूको बाँकी क्षेत्र तथा सबै गाउँपालिकाहरू सामान्य पहाडदेखि विकट पहाडमा पर्दछन्। २०७८ सालको जनगणना अनुसार यस जिल्लाको जनसंख्या ३,४०,७२१ रहेको छ। यस जिल्लामा क्षेत्री, राई, मगर, थारू, ब्राम्हण, तामाङ्ग, विश्वकर्मा, नेवार, दनुवार, दर्जी, मिजार, माझी, मुसहर, सुनुवार, ठकुरी, सन्यासी आदीको बसोबास रहेको छ।

उदयपुर जिल्लाको नक्सा




# उदयपुर जिल्लाका थारू सम्पदाहरू

## ३.१ भवरी माताको थान (मन्दिर)

### परिचय

भवरी माताको थान (मन्दिर) बेलका नगरपालिका उदयपुर जिल्लाको पूर्वी भागमा अवस्थित छ। पूर्वमा सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिका र धनकुटा जिल्लाको साँगुरीगढी गाउँपालिका, उत्तरमा भोजपुर जिल्लाको हतुवागढी र आमचोक गाउँपालिका, पश्चिममा उदयपुरकै चौदण्डीगढी नगरपालिका र सप्तरी जिल्लाको सप्तकोसी नगरपालिका त्यसैगरी दक्षिणमा सप्तरी जिल्लाको कञ्चनरुप नगरपालिका यस नगरपालिकको सिमाना रहेको छ। यस नगरपालिकाको कार्यालय रामपुर बजारमा रहेको छ। बेलका नगरपालिकाको कुल जनसंख्या ५१,०४३ रहेको छ। (राष्ट्रिय जनगणना २०७८ )



*भवरी माताको थान (मन्दिर)*

## ऐतिहासिक पृष्ठभूमि

भवरी माताको मन्दिर उदयपुर जिल्ला बेलका नगरपालिका वडा नं. १ भालमन्तीमा रहेको छ । माता भवरी महारानी कहिलेबाट त्यस स्थानमा रहेको हो त्यसको कुनै लिखित दस्तावेज रहेको छैन । तर त्यस क्षेत्रमा थारूहरूको बसोवास भने सदियौंदेखि सघन रुपमा रहेको छ । जंगलै जंगल रहेको त्यस क्षेत्रमा थारूहरू बसोवास गर्दाका बखतबाट भवरी महारानीको पहिचान भई थारूहरूले पूजाआजा गर्दै आइरहेका छन् । त्यसताकाका पूजारी मध्ये हाल पनि तिनैका सन्तान गेनालाल चौधरीले पूजाआजा गरी रहेका छन् ।

स्थानीय हरीनारायण चौधरीका अनुसार भवरी माता भनेको लाटी, बौकी लगायत ७ बहिनी छन् र यिनीहरू सबै थारू हुन् । गाउँमा एकजना धामी (झाकी) सुकैर धामीले पाँच जना बहिनीहरूलाई अन्त पठाउने क्रममा भवरी मातालाई त्यस ठाउँमा स्थापना गरेका छन् भन्ने कुरा अहिले पनि स्थानीयहरूले दावा गर्ने गरेका छन् । बाँकी रहेका २ जना बहिनी लाटी बौकी अहिले पनि त्रियुगा नदीको किनारामा रहेका छन् । त्रियुगा नदी किनारामा रहेको लाटी बौकी भवरी (मुल भवरी) बाट भैसा, राँगा, माछा जस्ता जलचरहरू निस्किने गर्दथ्यो जसको नाकमा नथिया लगाइएको हुन्थ्यो ।

स्थानीयहरू त्यस भवरीमा आफ्ना गाई भैंसीलाई पानी खुवाउन लैजादा त्यस भवरीमा आफै छिर्दथ्यो र केही समय पश्चात् आफै बाहिर निस्किन्थ्यो भन्ने स्थानीयहरूको कथन रहेकोछ ।



*भवरी माताको मूर्ति*



मूल (भवरी) बाट निस्केको पानी



भाकल लाउने ठाउँ

## वर्तमान अवस्था

भवरी माताको थान अहिले पक्की बनेको छ । परापूर्व कालमा मन्दिर नभएकोले त्यही ठाउँमा झार पातमा पूजा गर्ने गरिन्थ्यो । समय परिवर्तनसँगै त्यस ठाउँमा गैर थारूहरूले पूराण लगाई करिब २२ लाख रकम संकलन गरी माताको काममा खर्च गर्न इच्छा नदेखाउदा थारूहरूले चन्दा उठाई पछि मन्दिर बनाएका हुन् । पूजारीले ३ कट्ठा जग्गा भवरी माताको नाउँमा दान दिएका छन् । यसरी थारू र गैर थारूहरूसँग भएको यस्तो फरक स्वार्थका कारण मुद्दा समेत चलेकोले हाल विवादित अवस्थामा रहेको देखिन्छ ।

## महत्व तथा जनविश्वास

भवरी देवी माताको महत्व तथा विशेषताको कुरा गर्ने हो भने शरीरमा हुने गरेको छाला सम्बन्धि रोग खुजली, दाद आदि निको हुनका लागि टाढा टाढाबाट रोगीहरू आउने गरेका छन् । भवरीबाट निस्केको पानीमा नुहाई आफूले लगाएको पूराना कपडा त्यहीँ फाली अर्को नयाँ बस्त्र लगाएर माता भवरीको सामुन्ने गई निको हुने वर माग्दा त्यस्ता रोगीहरू निको हुने गरेको स्थानीय पूजारी गेना लाल चौधरी बताउनु हुन्छ ।

त्यसै गरी बिरामीहरूले माटोको नयाँ भाँडोमा भवरी माताको पानी घरमा लगी सेवन गर्दा समेत निको हुने गरेको विश्वास गरिन्छ । २४ सै घण्टा भवरीबाट पानी निस्कने भएकाले सिंचाईका लागि पनि सो पानी प्रयोग हुने गरेको छ । भवरी माता थान वरपरमा दिशा, पिसाब, थुक, खकार वा फोहर गरेमा कष्ट हुने हुँदा त्यसबाट बच्न पनि पूजाआजा गर्ने गरिन्छ । गाउँ घरमा मानिसहरूलाई कान दुखेमा कानमा भवरीको पानी हाल्दा निको हुने, ज्वरो आएमा त्यही पानी पिउदा ज्वरो निको भएको इतिहास रहेको छ । त्यस वरपर (मूल भवरी) पूजाआजा गरी मात्र अन्य काम सफल हुने स्थानीयहरू बताउँछन् । इच्छा पूरा हुँदा भाकल लाउने गरेका छन् । भवरी माताको थानमा चुनरी, लहठी झोफा, टिकली, चुरा समेत चढाउने गरिन्छ । माघे संक्रान्ती र जितियाको दिन ठुलो मेला लाग्ने गरेको छ ।

## सवाल तथा समस्याहरू

- थारूहरूको भवरी थानसँग निकै प्रगाढ सम्बन्ध रहेको छ । भवरी थान हुनुपर्नेमा भवरी मन्दिर नामाकरण गरिएकोमा थारूको पहिचान तथा ऐतिहासिक संरचना धरापमा पर्न गएको छ ।
- भवरी थानलाई गैर थारू समुदायले जल्पा देवीको नामबाट प्रचार प्रसार समेत गरी रहेकोले यसको ऐतिहासिक पहिचान गुमराहमा पर्ने भएको स्थानीयहरूले बताउने गरेका छन् ।
- त्यस क्षेत्रमा थारूहरूले आफ्नो वंश कुलको मन्दिर समेत बनाउन लागेकोले भवरी माताको पहिचानमा आँच आउन सक्ने संभावना रहेको छ ।
- भवरी थानलाई संरक्षण गर्नका लागि स्थानीय थारू समुदायले सम्वन्धित निकायमा उजुरी दिएकोमा सरोकारवालाहरूले खासै महत्व दिएको देखिदैन ।

### संरक्षण प्रयासहरू

- स्थानीय थारूहरूले विभिन्न क्षेत्रमा बसोवास गर्ने थारूहरूसँग समन्वय गरी चन्दा संकलन मार्फत भवरी माताको थान (मन्दिर) बनाएका छन् ।
- स्थानीय तथा सांसद विकास कोषबाट सांसदहरूले केही बजेट उपलब्ध गराएका छन् । पर्यटन क्षेत्रको रुपमा विकास गर्न भनी स्थानीय थारूहरू लागि परेका छन् ।

## ३.२ मुडकटुवा राजा थान

### परिचय

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट त्रियुगा नगरपालिकामा पर्दछ । यस नगरपालिकाको पूर्वमा चौदण्डी नगरपालिका, पश्चिममा उदयपुरगढी गाउँपालिका, उत्तरमा रौतामाई गाउँपालिका र दक्षिणमा सप्तरी जिल्ला पर्दछ । त्रियुगा नगरपालिकाको कुल जनसंख्या १,०२,७२५ रहेको छ । (राष्ट्रिय जनगणना २०७८)

यो नगरपालिकामा १६ वटा वडाहरू रहेका छन् । यस नगरपालिका उदयपुरको सदरमुकाम भएकोले मुख्य व्यापारीक क्षेत्रको रुपमा पनि रहेको छ । यस नगरपालिकामा थारू, राई, लिम्वु, क्षेत्री, ब्राम्हण, मगर लगायत मधेशी समुदायको बसोवास रहेको छ । उदयपुर जिल्लालाई चारै तर्फबाट पहाडले घेरेको छ भने बीच भागमा समथर रहेको छ ।

उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नं. ३ मतीगडामा रहेको मुडकटुवा राजा थान थारूहरूको ऐतिहासिक थान हो । हाल यो थान गाईघाटको त्रियुगा कलेजको परिसर भित्र रहेको छ । यसको आफ्नै इतिहास रहेको छ । कुनै बेला मुडकटुवा राजा शक्तिशाली राजाको रुपमा रहेका थिए ।

### ऐतिहासिक पृष्ठभूमि

प्राचीन समयमा त्यस ठाउँमा सरस्वती रानीसँग विवाह प्रस्ताव राख्दा रानीले आफूलाई जुवा खेलेर हराएमा मात्र विवाह गर्ने बाचा गरेपछि मुडकटुवा राजा जुवा खेल्न तयार भएका थिए । जुवामा राजा परास्त हुँदापनि सरस्वती रानीसँग जबरजस्ती विवाह गर्न खोज्दा रानीले आफ्नो घाँटी काटेकोले पछि मुडकटुवा राजा भनेर नाम रहन गएको स्थानीय थारूहरूले बताउने गरेका छन् । थारूसँग मुडकटुवा राजा थानको सम्बन्ध पूरानो रहेको छ । थारूहरूले यसलाई सिरा थानको रुपमा पूजाआजा गर्ने गरेका छन् ।

### महत्व तथा जनविश्वास

मुडकटुवा थानमा गएर भाकल गर्दा इच्छापूरा भएपछि पूजाआजा गर्ने गरिएको छ । जिउमा खटिरा, दादुरा, भिमरा, ऐचनी, दिल्ला जस्तो बिरामी हुँदा त्यहीँ गएर भाकल लाउने गरिन्छ । जंगल नजिक थारूहरू बस्ने गरेकोले जंगली जनावरबाट बच्नको लागि पनि मुडकटुवा राजाको पूजाआजा गर्ने गरिन्छ । थारूहरूको पर्वहरूमा यसको विशेष पूजा गर्ने गरिन्छ । मुडकटुवा राजा थानमा



*मुडकटुवा राजा थान*



*मुडकटुवा राजा थान*

चाप, ठाडी, बगाहा, मतिपुर लगायत ८ गाउँका थारूहरूले यस थानमा पूजा गर्ने गरेका छन् । भाकलको रुपमा विभिन्न प्रकारका अन्नबाली, मिठाई, खीर, दही लगायत प्रसाद चढाउने गरेका छन् ।

## वर्तमान अवस्था

मुडकटुवा राजाको थान अहिलेको उदयपुर जिल्ला गाईघाट सदरमुकामबाट दक्षिण पश्चिम ३ किलोमिटर त्रियुगा कलेजको परिसर भित्र रहेको छ । पिपलको बोट मुनी रहेको उक्त थान थारूहरूको सिराथानको रुपमा रहेको छ ।

झण्डै १ कट्ठामा रहेको उक्त थानलाई संरक्षण गर्नको लागि पक्की मन्दिर बनाइएको छ । थानमा जान नसक्नेहरूले उनकै नाउँमा आफनो गाउँ छेउमा थान बनाइ पूजा गर्ने गर्छन् ।

## सवाल तथा समस्याहरू

- कलेज परिसरभित्र मुडकटुवा राजाको थान रहेकोले स्थानीय थारूहरूलाई पूजाआजा गर्न जान असहज भएको छ ।
- आफनो घर थान नभएकोले रुख मुनी राखेर जेनतेन पूजाआजा गरिरहेका छन् ।
- स्थानीय थारूहरू त्यसको संरक्षणको लागि निस्क्रिय रहेको देखिन्छ ।
- थानलाई मन्दिर नामाकरण गर्दा थारुहरूको पहिचान गुम्ने खतरा रहेको छ ।



*निर्माणाधिन पक्की थान*

### संरक्षणका प्रयासहरू

- कलेज परिसर मै भएपनि थानको लागि पक्की भवन निर्माण गरिदै छ ।
- स्थानीय थारूहरू संरक्षणको विषयमा एकजुट भई स्थानीय तह तथा सम्वन्धित सरोकारवालाहरूसँग सहकार्य गर्नुको विकल्प नरहेको देखिन्छ ।

## ३.३ धमियाइन भवरी

### परिचय

धमियाइन भवरी उदयपुर गाइघाटबाट दक्षिण पश्चिम ३ कि.मि. को दुरीमा पर्ने जलजलियामा रहेको छ । त्रियुगा न.पा.४ मा रहेको धमीयाइन भवरी थारू समुदायसँग जोडिएको छ । त्यस भवरीमा थारूहरूले हरेक पर्वहरूमा पूजाआजा गर्ने गरेका छन् । यो भवरीको थारू समुदायसँग निकै धार्मिक सम्वन्ध रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

यो भवरी परापूर्व कालदेखि त्यस ठाँउमा रहेको कुरा थारू कल्याणकारिणी सभा उदयपुरका सभापति शिवकान्त चौधरी बताउनु हुन्छ । थारूहरू त्यस क्षेत्रमा रहेको घना जंगल फडानी गरी बसोवास गरेका थिए । थारूहरू कृषिमा आधारित रहेकाले पशुपालन पनि गर्ने गरेको स्थानीयहरू बताउँछन् ।

थारूहरू जंगल नजिक बसोवास गर्ने भएकोले बिरामी पर्दा औषधी उपचारको लागि झारफुक गर्ने र प्राकृतिक उपचार विधिबाट आफ्नो बिरामीहरूको उपचार गर्ने गर्दथे । त्यसै बेलादेखि धमीयाइन भवरीबाट हुने प्राकृतिक उपचारबाट प्रभावीत भई पूजाआजा गर्ने चलन चलेको था.क.स.जिल्ला सभापती चौधरीले बताउनु हुन्छ ।

### महत्व तथा जनविश्वास

धमीयाइन भवरीमा गई नुहाई, धुवाई गर्दा जिउमा रहेको ऐचनी, घाउ, खटीरा, खुजली, दिनाई, छालारोगहरू निको हुने गरेको स्थानीयहरूले बताउने गरेका छन् । आफ्नो रोग निको भएपछि बिरामीले परेवा, मिठाई, दही, चिउरा, लड्डु चढाउने गरेका छन् ।

### वर्तमान अवस्था

धमियाइन भवरी जंगल पहाडमा रहेको छ । यो खुल्ला ठाउँमा रहेको छ । यसलाई संरक्षण गर्न भने स्थानीयहरूको पहल भई रहेको छ ।



*धमियाइन भवरी*

### सवाल तथा समस्याहरू

- थारुहरूको आफनो मौलिकतासँग जोडिएर रहेको भएतापनि कतै कुनै क्षेत्रबाट संरक्षण हुन सकेको छैन ।

### संरक्षणका प्रथासहरू

- स्थानीय तह तथा विभिन्न सरोकारवालाहरूसँग थारूहरूको नेतृत्वमा यसको संरक्षण गर्न अति आवश्यक रहेको देखिन्छ ।

## ३.४ कुन्ति माई (मायादेवी) र भिमसेन (सुद्धोधन) मन्दिर



*चट्टानमा रहेको कुन्तीमाई (मायावती) को मूर्ति*

### परिचय

चौदण्डीगढी नगरपालिका उदयपुर जिल्लाको महत्वपूर्ण ठाउँको रुपमा रहेको छ । यस नगरपालिकाको कार्यालय वेलटारमा रहेको छ । यो नगरपालिकाको पूर्वमा बेलका नगरपालिका, पश्चिममा त्रियुगा नगरपालिका, उत्तरमा खोटाङ्ग र भोजपुर जिल्ला तथा दक्षिणमा सप्तरी जिल्ला पर्दछ । चौदण्डीगढी नगरपालिकाको कुल जनसंख्या ५३,६३१ रहेको छ । (राष्ट्रिय जनगणना २०७८ )

यो नगरपालिकामा १० वटा वडाहरू रहेका छन् । यस नगरपालिकामा थारू लगायत, राई, लिम्वु, क्षेत्री, ब्राह्मण, मगर र मधेशी समुदायको बसोवास रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

महाभारतको बेला भिमसेन (हालको चौदण्डीगढी नगरपालिकाको वडा नं. १० स्थित) देवधार स्थानमा बसेका थिए । उनको आमा कुन्ती थिइन् तर कुनै पनि शास्त्र, महाभारत र पूराणमा भिमलाई भिमसेन भनिएको फेला नपरेको हुँदा कुन्ती कसरी भिमसेनको



*भीमसेन थान र भीमसेनको मूर्ति*

आमा हुन गईन् । जबकी कुन्ति त भिमको आमा हो भन्ने महाभारत, पूराण, शास्त्रमा उल्लेख भएको पाइन्छ । यस अवस्थामा हेर्ने हो भने चौदण्डीगढी नगरपालिका १० नं. वडामा रहेको कुन्ती माई भनेको मायावती हुन् र सुद्धोधनको पत्नी मायावती थिइन् । भिमसेनको अर्को नाम सुद्धोधन हो । यस अर्थमा कुन्तिमाई र भिमसेन भनेको मायावती र सुद्धोधन भएको हुनाले यिनीहरू थारु हुन् भन्ने कुरा थारू इतिहासकार तथा अनुसन्धानकर्ता स्थानीय लक्ष्मण चौधरी बताउनु हुन्छ । हिन्दुकरण गरी कुन्ति माई र भिमसेन बनाइएको हो भन्ने कुरा वहाँको रहेको छ ।

## महत्व तथा जनविश्वास

कुन्तीमाई (मायावती) र भिमसेन थानमा प्रत्येक वर्षको बैशाख १ गते ठुलो मेला लाग्ने गरेको छ । गाउँलेले घरपालुवा जनावरहरू जंगलमा हराएपछि त्यस स्थानमा गई मन, बचन, कर्मले हराएको सामान फेला परेमा भाकल लाउने वचन राख्दा महिनौंसम्म नभेटेका गाईबस्तुहरू आफै घर आउने गरेको स्थानीयहरूको भनाइ रहेको छ ।



*चट्टानमा कुन्ति भएको ठाउँको भग्नावशेष*

त्यसैगरी आफू र आफ्नो घर परिवारमा अस्वस्थ्य हुँदा अथवा बिरामी परेको बेला त्यस ठाउँमा गई पूजाअर्चना गर्दा निको हुने गरेको स्थानीयहरूले बताउने गरेका छन् । थान वरपर फोहर मैला, जुठो गर्ने, अमानविय व्यवहार गर्ने, दिशा पिसाब गर्ने गरेमा कुन्तीमाईले दण्ड दिन्छिन् भन्ने जनविश्वास रहेको छ । यहाँ शिवरात्रीमा मेला लाग्ने गरेको छ भने वर्ष वर्षमा अष्टयाम हुने गरेको छ । पहाडबाट ढुंगा निकालि गाडिमा राख्दा गाडी बिग्रिने हुँदा पूजाआजा गरी त्यसो गर्नुपर्ने विश्वास छ ।

## वर्तमान अवस्था

कुन्तीमाई (मायावती) को मुर्ति एउटा चट्टानमा रहेको छ । कुन्तीमाई (मायावती) देवी हुन् । पश्चिम र दक्षिण पट्टिबाट आउने खोलाको संगम स्थलमा पश्चिम मुख फर्की बसेकी छिन भने देब्रेपट्टि महादेवको शिवलिङ्ग समेत रहेको छ । उत्तर र पश्चिम तर्फबाट ढुङ्गाको पर्खाल लगाइएको छ । बाहिरतर्फ चट्टानमा ७ वटा खोपिल्टाहरू रहेका छन् जसमा भक्तजनहरूले दुध चढाउने गर्दछन् । त्यसैगरी आफनो इच्छा पूरा भएमा वली दिनेहरूले त्यही चट्टानमा (कुन्ती भएको ठाउँमा) वली दिने गरेका छन् ।

खुल्ला आकाश मुनी नदीको छेउमा चट्टानमा रहेको कुन्तीमाई र माथिल्लो पट्टि भिमसेनको सानो घर (थान) रहेको छ । त्यस ठाउँमा दूध, दही, मिठाई, प्रसादहरू मात्र चढाउने गरिन्छ ।

## सवाल तथा समस्याहरू

- कुन्तीमाई (मायावती) भिमसेनको पौराणिक नाम मायावती र सुद्धोधन हो भनी प्रचार प्रसार हुन नसक्दा थारूको ऐतिहासिक सांस्कृतिक सम्पदा हराउन सक्ने, नष्ट हुन सक्ने सम्भावना बढी रहेको छ ।

- जंगल पहाड भएकोले बाटो घाटो विजुली बत्ती खानेपानी जस्ता भौतिक पूर्वाधार पुग्न नसक्दा पर्यटकीय स्थलको रुपमा विकास हुन नसकेको र त्यसमा स्थानीय तह लगायतका सरोकारवालाहरूको ध्यान जान सकेको छैन् ।

### संरक्षणको प्रयास

- स्थानीय राम भगत पोखेलले आफ्नो लगानीमा घेराबेरा गरी दिएका छन् ।
- त्यस ठाउँलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न स्थानीयहरूले पहल गरिरहेको बताएका छन् ।
- भिमसेन थानभित्र रहेको ओखल (उख्डी मुसरा) मध्ये मुसरा चोरी भएको अथवा त्यस ठाउँमा अर्को मुसरा रहेको स्थानीय भरत चौधरी बताउनु हुन्छ जो त्यस थानहरूमा वर्षौंदेखि पूजाआजा रेखदेख गर्दै आइरहनु भएको छ ।
- थारूसँग जोडिएर रहेको यो संरचनालाई विशेष रुपमा संरक्षण सम्वर्धन गर्नका लागि थारूकै नेतृत्वमा समिति गठन गरी विभिन्न सरोकारवालाहरूसँग समन्वय, सहकार्य, सहयोग प्राप्त गरी संरक्षण गर्नु पर्ने देखिन्छ ।

## ३.५ राजा रन्केसर

### परिचय

उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा राजा रन्केसरको थान रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

वि.स. २०११ साल भन्दा पहिला हालको उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नं. ४ वगाहा क्षेत्रमा परमानन्द चौधरी थारूको परिवार आएर बसेका थिए । त्यस क्रममा घरपालुवा जनावरलाई जंगली जनावरले खाने, बालबालिकाहरू मर्ने जस्ता घटनाहरू घटिरहेको थियो । सोही समयमा परमानन्द चौधरीको अगुवाईमा त्यस घटनाको खोजतलास गर्न तिलाइ चौधरी र रेसम चौधरी समेत (जिम्दार) ले हेदल दास धामी कहाँ गई आफ्ना दुःख बताउँदा धामीले उपाय बताएका थिए । जस अनुसार घरबाट दक्षिण जंगलमा बरको गाछी मुनी राजा रन्केसर र रानी हिरामतीलाई पूजाआजा गर्नुहोला सबै कुरा पूरा हुनेछ भनेपछि उनीहरूले सोही बमोजिम पूजाआजा गर्दा गाउँवस्ती सुरक्षित रहने गरेको जनविश्वास छ । हाल पनि त्यहाँ राजा रन्केसर र रानी हिरामतीलाई बैसाख १ गते र असार १ गते पूजाआजा गर्ने गरिन्छ ।

विवाहमा त्यस ठाउँमा गएर बेहुला बेहुलीलाई परिकमा गराइन्छ । अहिले त्यो ठाउँ स्थानीय मानिसको नम्बरी जग्गामा पर्दछ ।



*बरको गाछी मुनी राजा रन्केसर र रानी हिरामती*

## महत्व तथा जनविश्वास

राजा रन्केसर र रानी हिरामतीको आफ्नै महत्व रहेको छ । थारूहरूले बसोवास गरेको त्यस क्षेत्रमा जंगली जनावरबाट असुरक्षित हुने गरेको, बालीनाली पशुपंक्षी र जंगली जनावरले खाई नोक्सान गरीदिने तथा परिवारका सदस्यहरूको विभिन्न महामारी, हैजा, फौती, मलेरियाबाट हानी हुने भएकोले त्यसबाट बच्नको लागि राजा रन्केसरको पूजाआजा गर्ने गरेका छन् । उक्त ठाउँमा रहेको वरको गाछी झ्याङगिदै जाँदा खेतवालाले सफा गर्न भनी हाँगा काट्दा अनिष्ट भएको थियो । गाईवस्तु मर्ने गरेको, हाँगा काट्ने मान्छे बिरामी परेको थियो । पछि धामी झाँकीले पूजाआजा गरी देउतालाई मनाएको स्थानीयहरू बताउछन् । हाल पनि दशैं तिहार जस्ता पर्वमा साँझ बत्ती दियो बाल्ने गरिन्छ ।

## वर्तमान अवस्था

राजा रन्केसर र रानी हिरामतीको बस्ने कुनै घर रहेको छैन । वरको रुख मुनी रहेको उक्त राजा रानीको थान झण्डै १ कट्ठामा रहेको छ । परापूर्व कालदेखि त्यही वरको रुख मुनी रहदै आएको राजा रानीको थानको जग्गा थारूहरूको आफ्नै रहेकोमा कारणवस बिक्री गरी सकेपछि हालका जग्गा धनीले त्यस ठाउँ बाहेक अन्य भूमि जोती खाएका छन् । राजा रानीको थान खुल्ला ठाउँमा रहेको छ । जग्गा धनीले त्यस ठाउँलाई त्यही थानको नाममा जग्गा उपलब्ध गराउन सकेको छैन । पूजा गर्नका लागि जाने बाटोको पनि समस्या रहेको देखिन्छ ।

## सवाल तथा समस्याहरू

- पूजा गर्न जान समेत बाटो नरहेकोले कठिन भएको छ ।
- थानको आफ्नो घर नभएकोले रुख मुनी राखेर जेनतेन पूजाआजा भइरहेको छ ।
- नम्बरी जग्गामा रहेको हुनाले स्थानीय थारूहरू त्यसको संरक्षणको लागि निस्क्रिय रहेको देखिन्छ ।

## संरक्षणका प्रयासहरू

- स्थानीय थारूहरू संरक्षणको विषयमा एकजुट भई स्थानीय सरकार तथा सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य गर्नुको विकल्प नरहेको देखिन्छ ।
- राजा रानीको थानलाई संरक्षण गर्नुपर्ने अवस्था रहेको छ । हालसम्म कुनै पनि तह तप्का, स्थानीय तहबाट पनि पहल हुन नसकेको अवस्था छ ।

# अध्याय चार

## झापा जिल्लाको संक्षिप्त परिचय

झापा जिल्ला नेपालको कोशी प्रदेशमा रहेको अत्याधिक उर्वर तथा घनाबस्ती भएको जिल्ला हो । यसको उत्तरी भाग पहाडी पर्वतमालाले सजिएको छ भने अतिरिक्त सम्पूर्ण भू-भाग तराईमा पर्दछ । वि.सं. २०७८ सालको जनगणना अनुसार यहाँको जनसंख्या ९,९८,०५४ रहेको छ । यो जिल्लाको क्षेत्रफल १६०६ बर्ग कि.मि.रहेको छ ।

यो जिल्लाको पूर्वमा मेची नदीले भारतको पश्चिम बङ्गालसँग सिमाना छुट्याएको छ भने दक्षिणमा भारतको बिहार राज्य रहेको छ । यसको उत्तरमा इलाम तथा पश्चिममा मोरङ जिल्ला रहेको छ । समुन्द्र सतहबाट नेपालको सबभन्दा होचो भू-भाग केचनाकल (५८ मि.) यसै जिल्लामा पर्दछ ।

यहाँका प्रमुख व्यापारिक शहरहरू बिर्तामोड, दमक र काकरभिट्टा हुन् । यस जिल्लाका प्रसिद्ध पर्यटकीय एवं तीर्थस्थलहरूमा कन्काई धाम कोटीहोम, अर्जुनधाराको जलेश्वर धाम, जामुनखाडी सिमसार क्षेत्र, किच्चकवध, केचनाकवल, सतासीधाम आदि पर्दछन् । झापाका प्रमुख नदीहरूमा कन्काई नदी, बिरिङ नदी, रतुवा नदी, मावा नदी र मेची नदी रहेका छन् । झापा जिल्लामा संसदीय निर्वाचन क्षेत्र ५ वटा, प्रदेश निर्वाचन क्षेत्र १० वटा रहेका छन् भने ८ नगरपालिका, ७ गाउँपालिका गरी १५ वटा स्थानीय तहहरू रहेका छन् ।

**झापा जिल्लाको नक्सा**




**झापा जिल्लामा रहेका थारुहरुको ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरु बारे सम्बन्धित सरोकारवालाहरूको भनाई यस प्रकार रहेको छ ।**

- नेपालको विभिन्न जिल्लाहरूमा थारूको सघन बसोवास भएता पनि केही जिल्लाहरूमा कम रहेको छ । पश्चिम नेपालबाट पूर्वतर्फ बसाई सर्दै जाँदा थारुहरू पूर्वी नेपालको झापा जिल्ला र मेची पारी भारतका केही ठाउँहरूमा समेत थारूहरूको बसोवास रहेको देखिन्छ । थारुहरूको छाता संगठन थारू कल्याणकारिणी सभाको गठन २००५ सालमा भएपछि नेपालको विभिन्न जिल्लामा बसोवास गर्ने थारूहरूलाई संगठित गर्दै आफनो संगठन बनाएको छ ।

- सुचीकरण कार्यलाई निरन्तरता दिने क्रममा झापा जिल्लाका थारू कल्याणकारिणी सभा झापाका सभापती पुष्प चौधरी र उपसभापति हरी प्रसाद चौधरीसँग कुराकानी गर्दा पश्चिमका जिल्लाहरूबाट थारूहरू बसाईसराइ गरी आएकोले झापा जिल्लामा थारूहरूको ऐतिहासिक सांस्कृतिक संरचनाहरू बन्न नसकेको हो भनी जानकारी गराउनु भएको छ ।
- थारु कल्याणकारिणी सभाका केन्द्रीय सदस्य हरी नारायण चौधरी आफैं पनि सप्तरीबाट वि.स.२०३५ सालताका झापाको धुलाबारीमा रहेको विद्यालयमा अध्यापन गराउने क्रममा आएको र त्यहीँ घरबार गरि बस्दै आएको आप् न्नो अनुभव जानकारी गराउनु भएको हो ।

## अध्ययन गर्दाको अनुभव

### क) सबल पक्षहरू

१) कोशी प्रदेशको ४ जिल्लामा बस्ने थारूहरूको सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक अवस्थामा खासै फरक रहेको देखिदैन । थारूहरूको वंशीय गुण अनुसार उनीहरूको स्वभाव सहनशील, स्वाभिमानी, निडर, सेवामुखी रहेको हुन्छ । यो गुण चारै जिल्लाका थारूहरूसँग समान रहेको छ ।

२) ऐतिहासिक तथा सांस्कृतिक कुराहरूमा पनि थारूहरूमा समानता रहेको देखिन्छ ।

३) थारूहरूको इष्ट देउता आफ्नै हुन्छन् । व्यक्ति, परिवार तथा समाजको भलो तथा हितका लागि थान देउताको सामुहिक रुपमा पूजा गर्ने गरिएको छ ।

४) थारूहरू परम्पराकालदेखि जंगल फडानी गरी बस्दै आएका छन् । उनीहरू प्रकृतिका पुजक पनि हुन् ।

५) थारूहरू थानमा गएर थान देवता समक्ष आफ्ना इच्छाहरू व्यक्त गर्ने गर्दछन् र इच्छा पूरा भएपछि पशुपंक्षीको वली दिने गरेका छन् ।

६) थान, पोखरीहरूको स्थापनाको कुरा गर्नु पर्दा पौराणिक कालदेखि निर्माण भएको र केही थारूहरूले आफैं बनाउनुका साथै थारूहरूकै संरक्षणमा रहेको देखिन्छ ।

७) स्थानीय सरकार तथा गैर सरकारी क्षेत्र, स्थानीय थारू समुदायको सहयोगमा केही ऐतिहासिक सांस्कृतिक संरचनाहरू हालसम्म संरक्षित रहेका छन् ।

### क) सवाल तथा समस्याहरू

१) चार जिल्लामा रहेका थारूहरूको ऐतिहासिक सांस्कृतिक सम्पदाहरूको अध्ययन गरी रहदा सम्पदाहरूको विषयमा कतै कुनै ठाउँमा लिखित दस्तावेज फेला नपरेको हुँदा काम गर्न कठिन भएको ।

२) अध्ययन गर्न जाँदा स्थानीयहरूसँग भेटघाट गर्न कठिन भएको र पटक पटक सम्पर्क गरी सूचना संकलन गरिएको ।

३) ऐतिहासिक सांस्कृतिक सम्पदाहरूको संरक्षण बारे आम थारू समुदायलाई पर्याप्त जानकारी नभएको ।

४) सम्पदाहरूलाई संरक्षण गर्ने नाउँमा गैर थारूहरूको नेतृत्वमा समिति बनाई पौराणिक सम्पदाको स्वरुप, महत्व बिगार्ने काम भएको ।

५) सम्पदाहरूको स्वामित्वमा रहेको चल अचल सम्पत्तिहरूमा विभिन्न पक्षले अतिक्रमण गरेको ।

६) कतिपय सम्पदाहरूलाई नेपाल सरकार तथा स्थानीय तहबाट जवरजस्ती आफ्नो स्वामित्वमा लिई थारूको ऐतिहासिक सांस्कृतिक संरचना तथा सम्पदाहरूलाई कम महत्व दिएको ।

७) . आधुनिकता र शहरीकरणको नकारात्मक प्रभाव थारूहरूको मौलिक ज्ञान, सीप र संस्कृतिमा पर्न गई यस्ता अमूल्य नीधिहरू लोपोन्मुख हुँदै गइरहेको ।

## गर्नुपर्ने संरक्षणका प्रयासहरू

१) देशभरी फैलिएर रहेका थारू समुदायका ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक सम्पदाहरूको पहिचान र अभिलेखीकरण गरी तिनीहरूलाई पर्यटकीय आकर्षणका स्थलहरूमा विकास गरिनुपर्ने ।

२) नेपालको संविधानमा थारूको चौतर्फी विकासका लागि भएको ब्यवस्था तथा अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूमा भएको ब्यवस्थालाई नेपाल सरकार, स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने ।

३) थारूको ऐतिहासिक सांस्कृतिक सम्पदाहरूको पहिचान, अध्ययन, अनुसन्धान तथा संरक्षण सम्बर्द्धन वारे थारू समुदायलाई विभिन्न तालिम, गोष्ठी, अभियान मार्फत सचेत बनाउनु पर्ने ।

४) थारूहरूको ऐतिहासिक सांस्कृतिक सम्पदाहरू पर्यटकीय क्षेत्रको रुपमा विकास गरी संचार माध्यम मार्फत सघन प्रचार प्रसार गर्नुपर्ने ।

५) थारूको ऐतिहासिक सांस्कृतिक सम्पदाहरूको संरक्षणका लागि थारू युवा तथा अगुवाहरूलाई प्रशिक्षण दिई संरक्षणका लागि उत्साहित गर्नुपर्ने ।

६) नेपाल सरकारले थारूको ऐतिहासिक सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धनका लागि थारू सम्वद्ध संघ संस्थाहरू मार्फत गुरुयोजना बनाउनका लागि पहल गर्नुपर्ने ।

७) थारूको ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नका लागि विशेष कानुन तथा नीति निर्माण गर्नुपर्ने ।

८) विज्ञहरू मार्फत थारूको सम्पदाहरूको बारेमा गहन अध्ययन, अनुसन्धान तथा खोज गरी प्राप्त तथ्य एवं सूचनाका आधारमा दस्तावेजीकरण गर्न लगाउने ।

## निश्कर्ष

थारूको ऐतिहासिक सांस्कृतिक सम्पदाहरू आफैमा महत्वपूर्ण रहेको छ । थारूहरू यस प्रकारका बहुमूल्य सम्पदाहरूको बारेमा जानकार हुन नसक्दा आफ्नै पहिचान धरापमा पर्न गएको कुरा बारे अनविज्ञ रहेका छन् । संरक्षण र सम्वर्द्धनका सवालमा नेपाल सरकार तथा अन्य सरोकारवालाहरूको मात्र मुख ताक्नु भन्दा थारू समुदायका नेतृत्व वर्ग स्वयं अग्रसर हुनु जरुरी छ । त्यसको लागि थारू आयोग मार्फत नेपाल सरकारलाई सिफारिस गर्दा प्रभावकारी हुने कुरामा विश्वस्त हुन सकिन्छ । साथै थारू आयोगलाई आफ्नो समुदायको इतिहास, कला, संस्कृतिको संरक्षण तथा सम्बर्द्धनका लागि ठोस र रचनात्मक सुझावहरू दिन आवश्यक छ । आफ्नो सम्पदाको संरक्षणार्थ थारूहरू संगठित भई अगाडि बढ्नुको विकल्प छैन ।

एकातिर थारूहरू आफ्नो ऐतिहासिक सांस्कृतिक सम्पदाहरूलाई संरक्षण तथा सम्वर्द्धन गर्नका लागि असमर्थ भई रहँदा गैर थारूहरूले थारूको सम्पदाहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अतिक्रमण गर्नु निन्दनीय रहेको देखिन्छ । सरकार आफैले पनि ठोस नीति, कार्यक्रम ल्याउन नसक्नु भनेको थारू प्रतिको उदासिनता हो । त्यसैले थारूको पहिचान, अस्तित्व, पहुँच, राज्यको हरेक निकायमा समान सहभागीताका लागि राज्यले ब्यवस्था गरेका प्रचलित कानुन, नीति, सिद्धान्त पर्याप्त नरहेको अवस्थामा थारूहरूले विभिन्न तालिम, गोष्ठी, अन्तरक्रियाहरू गरी अगाडि बढ्दै जानुपर्ने देखिन्छ ।

प्रस्तुत अध्ययनले थारूको संस्कृति, सम्पदा निकै पूराना भए पनि बर्तमान आधुनिक युगको माग अनुसार आधुनिक प्रविधिहरूको प्रयोग गर्नुपर्ने देखिन्छ । थारू सम्बद्ध संघ संस्थाहरूले यस प्रकारका कार्यहरूमा उदासिनता देखाउदा संरक्षणमा पछि परेकोले थप सक्रियताको खाँचो रहेको छ ।

# परिशिष्टाङ्क -१

## स्थलगत अध्ययन गर्दा सम्पर्क, सहकार्य गरिएका ब्यक्तिको विवरण (सुनसरी)

| क्र.स. | नाम | ठेगाना | जिम्मेवारी |
|---|---|---|---|
| १ | सुरेन्द कुमार चौधरी | गढी-३ | था.क.स.सभापति |
| २ | रुपेश चौधरी | बर्जु-६ | था.क.स.सचिव |
| ३ | तेज नारायण चौधरी | इटहरी उ.म.न.पा. | ग्रामथान संरक्षण समिति |
| ४ | सुशिला चौधरी | इटहरी उ.म.न.पा. | सभापति थारु महिला सभा |
| ५ | गौकरण चौधरी | दुहवी न.पा.-६ | पूर्व गहदार |
| ६ | धिरेन्द्र गच्छदार | दुहवी न.पा.-१ | था.क.स.नगर सभापति |
| ७ | पर्शुराम चौधरी | रामधुनी न.पा.-७ | था.क.स.केन्द्रिय पार्षद |
| ८ | विनोद चौधरी | गढी गा.पा.-२ | कानुन ब्यवसायी |
| ९ | जयराम चौधरी | बर्जु गा.पा.-५ | शिक्षक |
| १० | अजय चौधरी | बर्जु गा.पा.-५ | जनप्रतिनिधी |
| ११ | मनोज चौधरी | रामधुनी न.पा. | था.क.स.पूर्व जिल्ला सचिव |
| १२ | निसान चौधरी | रामधुनी न.पा.-७ | संचारकर्मी |
| १३ | रमेश चौधरी | दुहवी न.पा.-९ | थारु विद्यार्थी समाज, अध्यक्ष |
| १४ | युवराज चौधरी | दुहवी न.पा.- ११ | सिने कलाकार |
| १५ | प्रदिप चौधरी | बर्जु गा.पा.-६ | स्थानीय |
| १६ | सरोज चौधरी | बर्जु गा.पा.-६ | संचारकर्मी |
| १७ | राजेन्द्र चौधरी | रामधुनी न.पा.-७ | स्थानीय |
| १८ | चेतन लाल चौधरी | रामधुनी न.पा.-७ | स्थानीय |
| १९ | देवेन्द्र चौधरी | इनरुवा न.पा.-७ | था.क.स.सदस्य |

### स्थलगत अध्ययन गर्दा सम्पर्क,सहकार्य गरिएका ब्यक्तिको विवरण (मोरङ)

| क्र.स. | नाम | ठेगाना | जिम्मेवारी |
|---|---|---|---|
| १ | प्रदिप भगत | विराटनगर म.न.पा. | था.क.स. सभापति |
| २ | सिवु चौधरी | बेलवारी न.पा.-१ | पूर्व पञ्चायत अध्यक्ष |
| ३ | अवध चौधरी | बेलवारी न.पा.-५ | स्थानीय |
| ४ | भरत लाल चौधरी | बुढीगंगा गा.पा.- ६ | स्थानीय वुद्धिजिवि |
| ५ | चतुर लाल चौधरी | बुढीगंगा गा.पा., सिसवनी | सभापति |
| ६ | राम विश्वास | ग्रामथान गा.पा.-७ | थारु सिनेकर्मी |
| ७ | मोहित चौधरी | बेलवारी न.पा.-५ | स्थानीय बुद्धिजिवि |
| ८ | विर चरन चौधरी | बुढीगंगा गा.पा.- ६ | स्थानीय बुद्धिजिवि |

### स्थलगत अध्ययन गर्दा सम्पर्क,सहकार्य गरिएका ब्यक्तिको विवरण (उदयपुर)

| क्र.स. | नाम | ठेगाना | जिम्मेवारी |
|---|---|---|---|
| १ | शिव कान्त चौधरी | त्रियुगा न.पा.-४ | था.क.स. सभापति |
| २ | लक्षमण चौधरी | चौदण्डीगढी न.पा.-१० | थारू अनुसन्धानकर्ता |
| ३ | गेना लाल चौधरी | बेलका न.पा.-१ | स्थानीय पूजारी |
| ४ | भरत चौधरी | चौदण्डीगढी न.पा.-१० | स्थानीय |
| ५ | हरी नारायण चौधरी | बेलका न.पा.-१ | स्थानीय |

### स्थलगत अध्ययन गर्दा सम्पर्क, सहकार्य गरिएका ब्यक्तिको विवरण (झापा)

| क्र.स. | नाम | ठेगाना | जिम्मेवारी |
|---|---|---|---|
| १ | पुष्प चौधरी | बिर्तामोड | था.क.स. सभापति |
| २ | हरी नारायण चौधरी | धुलाबारी | था.क.स. केन्द्रिय सदस्य |
| ३ | वच्चे लाल चौधरी | बिर्तामोड | स्थानीय |
| ४ | हरी प्रसाद चौधरी | बिर्तामोड | था.क.स. उप-सभापति |
| ५ | दुर्गा चौधरी | धुलाबारी | स्थानीय |

# खण्ड ख

## थारू आयोग

अनामनगर, काठमाडौं, नेपाल

मधेश प्रदेश अन्तर्गतका
थारू ऐतिहासिक, साँस्कृतिक सम्पदाहरूको
सूचीकरण सम्बन्धि अध्ययन प्रतिवेदन

## थारू भसा साहित्य केन्द्र

नेपाल,काठमाडौं

# दुई शब्द

नेपालको संविधान अनुसार नेपाल एउटा संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको मूलुक हो । यो देश चार जात छतीस वर्णको साझा फुलवारी हो । यहाँ सबै फूलहरुलाई फल्न-फुल्न समान अवसर प्रदान गरिएको छ । यहाँका यस्तै फूलहरुमध्ये एउटा फूल थारु समुदाय हो । थारु जाति भगवान गौतम बुद्धका बंशज हुन् । यो जाति नेपालका आदिबासी जनजाति हो । नेपालका इतिहास शिरोमणी डा. बाबुराम आचार्यका अनुसार थारु समुदाय नेपालका आदिबासी हुन् । उनको अनुसार थारुको उत्पति नेपालमा भएको हो र यो समुदाय हजारौ-हजार वर्ष अगाडिदेखि अहिलेसम्म पनि नेपालमै बस्दै आएका जाति हुन् ।

थारु जाति नेपालका भूमिपुत्र हुन् । थारु जाति आदिम समयदेखिनै आफ्ना जीवनकालमा अनेकौं किसिमका दु:ख-पीडा, रोग-ब्याधि, खतरनाक जंगली जीव-जन्तु, भूत-पिचास तथा अस्वस्थकर हावापानीका शिकार हुँदै वर्षेनी हजारौं-हजार जीवन वलीदान गर्दै बस्दै आएका हुन् । थारुलाई यहाँका माटो, नदी-नाला, बन-जंगल तथा हावापानीसँग माया छ । थारु जाति अनेकौं किसिमका दु:ख-पीडा सहँदै बनजंगल फडानी गर्दै बिहारबाट पनि खेतालाहरु ल्याई उब्जनी गरी पूरै नेपाललाई पालन-पोषण गर्दै आएका जाति/समुदाय हो । सायद, यसैले होला, धेरै-जसो इतिहासकारहरुले नेपालको तराईलाई अन्नको भकारी (ग्चभबम दबकपभत) उल्लेख गर्दै आएका छन् ।

२०७८ सालको जनगणनानुसार नेपालमा थारुको जनसंख्या १८०७१२४ रहेको छ । यो सख्या नेपालको कुल जनसंख्या २९१६४५७८ को ६.२ प्रतिशत हो । यो जाति जनसंख्याको हिसाबले चौथो स्थानमा पर्छ । आदिबासी जनजातिहरु मध्ये यो जाति दोश्रो स्थानमा पर्दछ । त्यस्तै भाषाको हकमा थारुभाषा बोल्ने नेपालमा ५.८८ प्रतिशत अर्थात् चौथो स्थानमा पर्छ ।

नेपालमा थारुको स्थिति अध्ययन-विश्लेषण गर्दा थारुमा एउटा अवगुण छ । छल-कपटको अभावले गर्दा थारु नेपालको यति पूरानो पालनकर्ता र बहुसंख्यक समुदाय हुँदाहुँदै पनि बडो रफ्तारमा आफ्ना सबै हक-अधिकार तथा पहिचान गुमाउँदै गएको बुझिन्छ ।

कुनै समयमा थारुहरु तराईका राजा थिए भने अहिले अधिकांश थारुहरु जग्गा विहिन भएर सुकुम्बासी भएका छन् । विगतमा पूर्व-पश्चिम मेचीदेखि महाकालीसम्मका तराई भू-भागलाई सबैले थरुहट भन्दथे । थरुहट भनेको थारुको थलो अर्थात् जहाँ थारुहरु बस्दछन् भने कुरो सबैको बुझाई थियो तर अहिले यै गणतन्त्र नेपाल हुँदाखेरि यो थरुहट भन्ने भू-भागमा यति आँधी-बेहेरी आयो कि थारुहरुको थरुहटलाई उडाएर कहाँ लगे, कहाँ लगे, कि भोलि यो भू-क्षेत्र थरुहट थियो भन्ने थारुहरुले कल्पना पनि गर्न सक्ने छैन ।

मुख्यरुपमा पहिचानका चार बुँदाहरु: भूगोल (थरुहट), भाषा, सँस्कृति र सम्पदा (साँस्कृतिक र आर्थिक) मध्ये जो पहिचानका मेरुदण्ड समान हुन् अर्थात् भूगोल र जग्गा-जमीन, त्यो त खतम नै भईसक्यो र अब बाँकी रह्यो थारुहरुका भाषा, सँस्कृति र साँस्कृतिक सम्पदा । थारुहरुका पहिचान रुपी यी चीजहरुमा पनि बडो जोडले चाहे पहाडी समुदाय हुन् वा मधेशी समुदाय सबै समुदायबाट आ-आफ्ना क्षेत्रहरुमा चाहे भाषा हुन् वा सँस्कृति वा साँस्कृतिक सम्पदा, आ-आफ्नै किसिमले अतिक्रमण भइरहेका छन् ।

यी विभिन्न किसिमले विभिन्न समुदायबाट थारु पहिचानलाई अतिक्रमण गर्ने कार्य रोक्नका निम्ति नेपाल सरकार, थारु आयोगले मधेश प्रदेशमा भएका ऐतिहासिक, साँस्कृतिक सम्पदाहरुको सूचीकरण गर्ने आयोगको काम प्रसंशनीय कामहरु मध्ये एक हो । थारु आयोगले यो काम थारु भसा साहित्य केन्द्र,

नेपालमाथि विश्वास गरेर यस केन्द्रलाई नै जिम्मेवारी दिएकोमा यो केन्द्र थारु आयोगलाई मुरी-मुरी धन्यवाद दिन चाहन्छ । थारु भसा साहित्य केन्द्र नेपालले मधेश प्रदेशमा थारु साँस्कृतिक सम्पदाहरु सूचीकरण गर्नको लागि मधेश प्रदेशमा सबै साँस्कृतिक सम्पदाहरुको प्रत्यक्ष रुपमा स्थलगत अवलोकन गरी त्यहीँका स्थानीय मानिसहरूसँग छलफल गरी त्यहाँबाट उपलब्ध कागज-पत्रहरु तथा प्रमाणहरुको प्राथमिक जानकारी संकलन गरी यी साँस्कृतिक सम्पदाहरु सूचीकृत गर्ने काम भएको छ । यी सम्पदाहरु सूचीकरण गर्दा उपलब्ध भएका अन्य स्रोतहरुको जानकारीको पनि मनन् गरिएको छ तर मौलिक रुपमा यी नतिजाहरु हाम्रा आफ्नै अध्ययन टोलीका प्रतिफल हुन् ।

हामीले यी सबै जानकारीहरु हामीलाई थारु आयोगले दिएको चेकलिस्टको आधारमा संकलन गरेका छौं र पछि यी जानकारीलाई विश्लेषण गरी आयोग समक्ष प्रस्तुत गरेका छौं । जसमा मधेश प्रदेश अन्तर्गतका ८ जिल्लाहरुमध्ये पर्सा जिल्लामा १४ वटा, बारा जिल्लामा ५ वटा, रौतहट जिल्लामा १६ वटा, सर्लाही जिल्लामा ९ वटा, महोतरी जिल्लामा ५ वटा, धनुषा जिल्लामा २ वटा, सिरहा जिल्लामा १० वटा र सप्तरी जिल्लामा १४ वटाको दरले जम्मा-जम्मी ७४ वटा थारु ऐतिहासिक साँस्कृतिक सम्पदाहरुको बारेमा उल्लेख गरिएको छ ।

हाम्रा साथीहरु कहिले सरस्वती पूजा, कहिले माघी, कहिले फागु, कहिले जाडो त कहिले कोरोना-१९ को कहरबाट जुध्दै तन-मनले कुनै समस्याहरुको वास्ता नगरीकन सम्पदाहरुको अध्ययन गर्न सफल भएका छन् । यसका लागि म सम्पूर्ण अध्ययन टोलीका साथीहरु बुधसेन चौधरी, सीता चौधरी, रामस्वागत चौधरी, गीता कुमारी चौधरी, राकेश सिंह थारु, पुरुषोत्तम चौधरी, डा. पुल्कित चौधरी, दुर्गानन्द चौधरी लगायत यस पूनित काममा सहयोग गर्ने स्थानीय बासीहरु मध्ये पर्सा जिल्लाका बृजनारायण चौधरी, रामगोपाल चौधरी, सोहान चौधरी, पुरेन्द्र चौधरी, गौरी शंकर चौधरी, सिताराम महतो, ठाकुर प्रसाद महतो, हरिदास थारु र दशरथ चौधरी, बारा जिल्लाका भगवान चौधरी थारु, शीव चौधरी, रामबहादुर चौधरी, जोगिन्दर साह, आत्माराम चौधरी, चन्द्रिका चौधरी, मणीराम चौधरी, रामनारायण चौधरी, रौतहट जिल्लाका राम उपसरय चौधरी थारु, अमृत खाँ, (पूर्व महामन्त्री, थारु कल्याणकारिणी सभा), अधिकलाल चौधरी, रामकृष्ण चौधरी र रामचन्द्र चौधरी, सर्लाही जिल्लाका ब्रह्मनारायण चौधरी, महोत्तरी जिल्लाका हुकुमलाल सिंह थारु, नरेन्द्रसिंह थारु, सुरेन्द्र सिंह थारु, धनुषा जिल्लाका रामदेव चौधरी, रामएकवाल चौधरी, अशोक चौधरी, नरेन्द्र प्रसाद चौधरी, सिरहा जिल्लाका भरतभूषण चौधरी, भागवत धामी थारु र सप्तरी जिल्लाका शिवनारायण यादव, विद्यानन्द चौधरी, चतुरनारायण चौधरी, हरिकान्त चौधरी, अनिरुद्र प्रसाद चौधरीलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

यस्तै धन्यवादकै क्रममा यस केन्द्रका उपाध्यक्ष श्री बुधसेन चौधरीले यो सम्पदा अध्ययनको काममा स्थलगत जानकारी, संकलनदेखि सम्पदा लेखन समेतका सबै काम सम्पन्न गरेकाले वहाँलाई एकपटक फेरि धन्यवाद दिन चाहन्छु । यसका साथै हाम्रा केन्द्रका सबै साथीहरुले आयोगबाट यो सम्पदा अध्ययनको लागि जिम्मेवारी लिने देखि आवश्यक सबै कामहरु सम्पन्न गर्न साथ दिएकोमा सबै साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**भुलाई चौधरी**
अध्यक्ष
**थारु भसा साहित्य केन्द्र नेपाल**

# अध्याय एक

## मधेश प्रदेश

### संक्षिप्त परिचय

मधेश प्रदेश नेपालको संविधान, २०७२ अनुरूप संरचना गरिएको सातवटा प्रदेश मध्येको एक प्रदेश हो । नेपालको संविधान, २०७२ ले मधेश प्रदेश अन्तर्गत  पर्सा, बारा, रौतहट, सर्लाही, सप्तरी, सिरहा, धनुषा र महोत्तरी जिल्लाहरू रहने व्यवस्था गरेको छ। दक्षिणी भू-भाग समथर रहेकाले यसको सीमाना भारतका विभिन्न जिल्लासँग जोडिएको छ भने पूर्वमा सुनसरी जिल्ला सीमाना रहेको छ । यस्तै उत्तरमा उदयपुर, सिन्धुली, मकवानपुर र पश्चिममा चितवन जिल्लाले सीमाना जोडिएको छ ।

८ वटा जिल्ला मिलेर बनेको मधेश प्रदेशको क्षेत्रफल ९ हजार ६ सय ६१ वर्गकिलोमिटर रहेको छ। मधेश प्रदेशमासामाजिक विविधता र जनसंख्याको घनत्व अधिक रहे पनि मानव विकास सूचकांकको आधारमा अन्य प्रदेशभन्दा निकै पछाडि रहेको छ । समथर मैदान भएकाले यो प्रदेशमा जनसंख्याको चाप बढी छ। २०७८ को जनगणना अनुसार यो प्रदेशको जनसंख्या ६१,१४,६०० रहेको छ ।

यहाँका प्रमुख जातिहरूमा आदिवासी थारू, यादव, शाह, मण्डल, झा, मुस्लिम आदिरहेका छन् । यस्तै अन्य जातिहरुमा पासवान (दलित), मुसहर (दलित), डोम (दलित), चमार (दलित), खत्वे (दलित), राम (दलित) लगायत छन्। यहाँको प्रमुख मातृभाषाहरूथारू, मैथली, भोजपुरी र अवधि हुन्। थारू समुदाय आफ्नो मौलिक थारू भाषामै अन्य जातिहरुसँग कुरा गर्छन् भने उनीहरूपनि थारू भाषामै बोली फर्काउँछन्। थारू समुदायको बाहुल्य सप्तरी, सिरहामा ज्यादा छ भने धनुषा र महोत्तरीमा मैथिली भाषाको प्रभाव छ। यहाँका झा, यादव, कायस्थहरू मैथिली भाषाको प्रयोग गर्ने गर्दछन् ।

यस्तै यहाँका ऐतिहासिक तथा धार्मिक स्थलहरूठाउँ विशेषले प्रख्यात रहेका छन्। सप्तरीमा सेमनाथ बाबा रहेका छन् भने सिरहामा सलहेशको फुलवाइर धाम । यस्तै धनुषामा जानकी मन्दिर रहेको छ भने महोत्तरीमा जलेश्वर नाथ महादेव प्रमुख धार्मिक स्थल हो। यस्तै पर्सामा वन्यजन्तु आरक्ष छ । पर्सा राष्ट्रिय निकुञ्ज र वन्यजन्तुलाई वन पर्यटनका रूपमा अघि बढाएर स्वदेशी तथा विदेशी पर्यटकलाई जंगल सफारी गराउने प्रचुर सम्भावना छ । विरगन्जको घडिअर्वा पोखरी पर्यटकको मन लोभ्याउने अर्को आकर्षक पर्यटकीय स्थल हो ।

बाराको गढीमाई मन्दिर धार्मिक पर्यटनका लागि महत्वपूर्ण देवस्थल हो। यहाँको रतनपुर जंगल प्रमुख पर्यटकीय स्थल हो । रौतहटका शिवनगर मन्दिर, बडेवाताल, राजदेवी मन्दिर सुन्दर पर्यटकीय स्थलहरू हुन् । सर्लाहीका सागरनाथ, बाबाधाम, हरिहर महादेव पनि प्रमुख पर्यटकीय स्थल हुन् । पर्सादेखि सप्तरीसम्म रहेका धार्मिक स्थलहरूलाई धार्मिक 'पर्यटन जोन'का रूपमा विकास गरे पर्यटक भित्र्याउन सकिन्छ । यो प्रदेश चारवटा विमानस्थलले जोडिएको छ। राजधानी जोड्ने मुलुककै छोटो काठमाडौं-निजगढ द्रूतमार्ग र निजगढमा बन्न लागेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल यो प्रदेशको सबैभन्दा ठूलो सम्भावना हो। मुलुककै आर्थिक केन्द्र पथलैया-वीरगंज करिडोर जहाँ हजारभन्दा बढी उद्योग सञ्चालनमा रहेका छन्। मुलुककै आर्थिक केन्द्र वीरगंज भन्सार यहीँ छ भने देशकै सबैभन्दा ठूलो चारकोशे झाडी पनि यही प्रदेशमा रहेको छ।यस प्रदेशमा रहेका जनताको प्रतिव्यक्ति आम्दानी अन्य प्रदेशको तुलनामा न्यून छ। शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, आम्दानी लगायतका क्षेत्रमा यो प्रदेश कमजोर छ।राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजनको प्रतिवेदन अनुसार मधेश प्रदेशमा गरिबी दर उच्च रहेको छ सो प्रतिवेदन अनुसार यो प्रदेशमा ४७.९ प्रतिशत गरिबी रहेको छ। गरिबी, बेरोजगारी र अशिक्षा यस प्रदेशका मुख्य समस्या हुन्।

विभिन्न समस्याहरूको माफमा पनि मधेश प्रदेशमा मानव स्रोत, प्राकृतिक स्रोत, पर्यटकीय सम्भावना, कृषि, धार्मिक पर्यटनजस्ता थुप्रै सम्भावना छन् । त्यसैले यो प्रदेश साधन र स्रोतका हिसाबले धनी छ । यहाँ रहेको सम्भाव्यता बुझेर उपयोग गर्न सके र यस प्रदेशमा राज्यले थोरैमात्र मेहनत गर्ने हो भने अन्य प्रदेशको तुलनामा मधेश प्रदेशबाट पर्यटन व्यवसायले बढी आम्दानी लिन सक्ने अवस्था छ । भौगोलिक सहजताले उद्योग, कलकार खानाका लागि यो प्रदेश उपयुक्त छ भने खेतीयोग्य जमिनको भरपुर उपयोग गर्न सके धनी प्रदेशको रूपमा उदाउन सक्ने प्रशस्त सम्भावना रहेको छ ।

संघीय व्यवस्थामा गएको नेपालमा अहिले यो व्यवस्था धान्ने गरी स्रोत व्यवस्थापन कसरी गर्ने भन्ने बहस चुलिएको छ। खासगरी आर्थिक रूपमा आत्मनिर्भर नभइसकेका प्रदेश र स्थानीय तहलाई लामो समय केन्द्रले नै अनुदान दिनुपर्ने भए संघीयता नै नटिक्ने हो कि भन्ने आशंका पनि शुरु भएको छ तर मधेश प्रदेशले आफूसँग भएको पर्यटकीय प्रचूरतालाई पनि ध्यान दिने हो भने यसबाट मनग्य लाभ लिन सक्छ ।

# जिल्ला पर्सा

पर्सा जिल्ला मधेश प्रदेशको पश्चिमी जिल्ला हो । यो जिल्लाको सदरमुकाम बिरगञ्ज हो । यो जिल्लाको पूर्वमा बारा, पश्चिममा चितवन, उत्तरमा चितवन र मकवानपुर र दक्षिणमा भारतको बिहार राज्य पर्दछन् । यो जिल्लाको क्षेत्रफल १३५३ वर्ग किलो मिटर रहेको छ । यो जिल्लाको जनसंख्या ६५,४४,७१ रहेको छ जसमा थारूको जनसंख्या ४५,०१८ रहेको छ जुन कि जातीय जनसंख्याको हिसाबले तेस्रो स्थान हो । यो जिल्लामा १ महानगरपालिका, ३ नगरपालिका र १० वटा गाउँपालिकाहरू छन् । मुख्य रुपले थारूहरू बसोवास गरेका स्थानीय तहहरूमध्ये बिरगञ्ज महानगरपालिका, पर्सागढी नगरपालिका, पटेर्वा, सुगौली गाउँपालिका, सखुवा परसौनी गाउँपालिका, जिरा भवानी गाउँपालिका रहेका छन् । थारू बसोवास गरेका मुख्य गाउँहरूमा सखुवा प्रसौनी, शंकर सरैया, सेढवा, महादेवपट्टि, मधुवन मथवल, जितपुर, सुगौली पटेर्वा, सुपौली, निचुटा, हरपुर, गादी, बिरुवागुठी, बेल्वापरसैनी, बगवान आदि छन् ।

## १.१ पर्सा गढी

### परिचय

पर्सागढी पर्सा जिल्ला अन्तर्गत पर्सागढी नगरपालिका वडा नं. ६ झिंगनामा रहेको छ । उक्त गढी नेपाली सेनाहरूले अंग्रेज सेनाहरूलाई परास्त गरेको युद्ध स्थलको रुपमा परिचित छ । यो गढीमा अंग्रेज सेना र रंजित चौधरीको नेतृत्वमा रहेको सेनाहरूले युद्ध गरी अंग्रेज सेनाहरूलाई बिक्रम सम्वत १८७१ पौष १९ गते युद्ध गरी परास्त गरेका थिए । पर्सा जिल्लाको नामाकरण पनि उक्त ठाउँको नाम विशेषले भएको हो भन्ने जनविश्वास छ भने हालको पर्सा गढी नगरपालिको नामाकरण पनि उक्त स्थान कै नाम विशेषले भएको हो । उक्त गढी पथलैया बिरगञ्ज सडकको जितपुरदेखि १२ किलोमिटर पश्चिममा रहेको छ भने सदरमुकाम बिरगञ्जबाट उत्तर- पश्चिम २५ किलोमिटरको दूरीमा अवस्थित रहेको छ । उक्त स्थानसम्म पुग्नको लागि केही पिच मोटरबाटो तथा केही ग्राबेल बाटो भएर पुग्न सकिन्छ । यो गढीलाई अंग्रेज सेनाको हातहतियार तथा मारिएका र शहिद भएका नेपाली सेनाहरू पुरिएको ठाउँको रुपमा पनि जान्ने गरिन्छ । उक्त स्थानमा हालसम्म पनि खन-जोतको क्रममा एउटा तरबार र तोपको सिसा फेला परेको छ भने बेला-बेलामा युद्ध सामग्रीहरू समेत प्राप्त हुने गरेको स्थानीयहरूको भनाई रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

स्थानीय सोहन चौधरीका अनुसार अंग्रेजसंगको युद्धमा उक्त गढीभन्दा पूर्व रहेको सिंगयाही नदी र पश्चिममा रहेको तिलाउ नदीलाई युद्ध रणकौशल अनुसार रंजित चौधरीको योजना बमोजिम दुबै नदीलाई गढीभन्दा तल राता-रात बाँध बाँधेको कारण उक्त स्थानभन्दा तल पानी थुनिएर भरिएकोले अंग्रेज सेनाहरू फर्किन नसकेको तथा अगाडि रंजित चौधरीको सेना रहेकोले उनीहरू अगाडि पनि बढन नसकेको अवस्थामा त्यही स्थानमा मारिए । निज मारिएका सैनिकहरूको लास र उनीहरूको बन्दोबस्तीको समान पनि त्यही स्थानमा पुरिएकोले उक्त गढीको स्थान अन्य समतल भूमिभन्दा अग्लो रहेको देखिन्छ ।



### महत्त्व

यो पर्सा गढी वीर-शहिदहरूको वलीदानको रुपमा सूचीकृत भएको छ । पुरातत्व विभागको सम्पदा सूचीमा यसलाई समावेश गरिएको छ भने यसले एउटा वीर थारुहरूको इतिहासलाई ज्यूंदो राखेको छ । यसले सबै नेपालीहरूलाई गौरवान्वित गरेको छ । यहाँ विभिन्न धार्मिक स्थलहरू रहेकाले यसले धार्मिक सम्पदालाई पनि संरक्षण गरेको छ ।

### हालको अवस्था

हाल यो गढी अतिक्रमणमा परेको छ । स्थानीय रंजित चौधरीका बंशज पुजारी सोहन चौधरीको अनुसार पहिला उक्त गढी ४५ बिगाहा क्षेत्रफलमा फैलिएको भएता पनि पछि २५ बिगाहामा सिमित भएको छ । स्थानीय मानिसहरूको भनाई अनुसार उक्त गढीको जग्गा २०२८ सालको नापीमा केही व्यक्तिले गोप्य रुपमा आफ्नो नाममा दर्ता गरिसकेको बुझियो। उक्त कुराको बारेमा स्थानीय बृजमोहन चौधरीसँग बुझ्दा हाल उक्त मुद्दा सैनिक मुख्यालयमा पुगेको र फिर्ता ल्याउने सम्बन्धमा पहल भईरहेको जानकारी गराउनु भयो ।

स्थानीय व्यक्तिहरूले उक्त जग्गा सम्पदाको नाममा नै फिर्ता ल्याउनु पर्ने तथा अतिक्रमण गर्नेहरूलाई कारवाही गर्नु पर्ने माग गरेका छन् ।

## १.२ बन्हर बाबा मन्दिर

### परिचय

यो बाबाको मन्दिर पर्सा जिल्ला अन्तर्गत पर्सा गढीभन्दा १०० मिटर उत्तरपट्टि रहेको छ । यो रंजित चौधरीको कुल देवताको रुपमा रहेको थियो र हाल पनि रंजित चौधरीका सन्तानहरूले पूजा गर्ने गरेका छन् । उक्त स्थानमा विजया दशमीमा वली चढ्ने गरेको छ । विजया दशमी शुरु हुने बितिकै त्यहाँका स्थानीय थारूहरूको कसैको घरमा पनि वली दिने चलन छैन दिनै परे पनि बन्हर बाबाको मन्दिरमा वली दिएर घरमा लगेर प्रसादको रुपमा ग्रहण गर्ने चलन रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

यो बाबा रंजित चौधरीको पुर्खाको सँगसँगै वहाँहरूको कुल देवताको रुपमा रहेको थियो र हालसम्म पनि निजकै सन्तानहरूले यसलाई आफ्नो कुल देवताको रुपमा पूजा गर्ने गरेका छन्। स्थानीयहरूको भनाई अनुसार यो बाबा एकदम शक्तिशाली रहेका छन् र निजकै बलमा नै रंजित चौधरीको कमाण्डमा रहेका सेनाले अंग्रेज सेनालाई उक्त स्थानमा पराजित गरेको हुनाले निजले नै उक्त गढीसँगै बाबाको मन्दिर स्थापना गरेको पाईयो ।

### महत्त्व र जनविश्वास



यो बाबाको मन्दिरमा दशैंमा मेला लाग्ने गरेको छ । दशैं भरी अन्य स्थानहरूबाट पनि बाबाको दर्शनको लागि दर्शनार्थीहरू आउने गरेका छन् । दशैंताका यहाँ १० दिनसम्म मेला लाग्ने गरेको छ । यो बाबा पर्सा जिल्लाका शक्तिपीठहरू मध्येका एक हुन् । यो बाबाको मन्दिरसँगै जमरा घर छ जसमा दशैंमा जमरा राखेको दिनदेखि नै अनवरत रुपमा दशैं नसकुन्जेल सम्म दीप प्रज्वलन हुने गरेको छ। यो बाबाको पूजा गर्नाले शक्ति प्राप्त हुनुको साथै बिग्रेका कार्यहरू पूरा हुने तथा पराक्रम बढ्ने जनविश्वास रहेको छ ।

यो स्थानमा हाँस, परेवा, बोकाको वली दिने चलन भएता पनि उक्त स्थानमा रक्सी सेवन तथा मासु बिक्री-बितरण हुने गरेको छैन । रंजित चौधरीको खलक एवं थारू कल्याणकारिणी सभाको केन्द्रीय सदस्य बृजमोहन चौधरीका अनुसार यो स्थानको शक्ति अलौकिक छ। एक चोटी एक जना हाँस चढाउँनको लागि आएको थिए तर पहिला बन्हर बाबामा रंजित चौधरीको परिवारले वली चढाउँने भएकोले निजले उक्त हाँसलाई बाबा भएको स्थानबाट पूर्वपट्टि बाँधेर राखेका थिए।मन्दिरमा मान्छे भरि भराउ थिए। पछि निजले हाँसको वली दिन खोज्दा उक्त हाँस फेला नपरे



बन्हर बाबा मन्दिरको भित्री भाग

पछि पूजारीलाई आएर हाँस हराएको कुरा सुनाउँदा निजले यतै होला, पाइहाल्छ भनेकोमा उक्त हाँस मन्दिर परिसरको पश्चिम पट्टि झाडीमा निज व्यक्तिले नै फेला पारेका थिए ।

त्यस्तै एक समयको घटना हो उक्त स्थानमा वली चढाउनको लागि बनाएको काठको मौलो एउटा भैंसी चर्ने क्रममा भाँचिएको थियो । उक्त भैंसी घर गएर जुन ठाँउमा बस्यो त्यही ठाउँमा बसेको बसै गरेर मृत्यु भयो । जसबाट पनि बाबाको शक्तिको गरिमा बढ्न गएको छ ।

मन्दिर वरिपरि रक्सी तथा माछा मासु बिक्रि गर्ने चलन छैन। एक चोटी एउटा व्यापारीले लुकाएर रक्सी ल्याएकोमा राती निजको पेट्रोमेक्स (मैन्टोल) पड्किएको थियो। जसले गर्दा स्वस्फुर्त रुपमा कसैले पनि यहाँ रक्सी सेवन तथा मासु खाने गरेको छैन।

## हालको अवस्था

यो मन्दिर भौतिक रुपमा राम्रो रहेको छ । मन्दिरको निर्माण स्थानीय थारू समुदायबाट चन्दा संकलन गरी माननीय बिजय कुमार गच्छदार ज्यूबाट २०६८ साल कर्तिक १९ गतेमा उद्घाटन गरिएको देखिन्छ भने मन्दिरको दक्षिणपट्टि जमरा घर रहेको छ । यो मन्दिर २ कट्ठा १० धुर जमीनमा रहेको छ जुन मन्दिरकै नाममा रहेको छ । यो बाहेक २२ कट्ठा जमीन पनि मन्दिरको नाममा रहेको छ । जसमा आँपको बगैचा रहेको छ । यो पनि पहिला पर्सा गढीकै एक भागको रुपमा रहकोमा अतिक्रमणको चपेटामा परी सिमित हुन पुगेको देखिन्छ । मन्दिरको आम्दानीको स्रोत रंजित चौधरीको सन्तानहरू तथा अन्य स्थानीय थारू समुदायहरूले उठाएको चन्दा रहेको छ ।

# १.३ सती दाई मन्दिर

## परिचय

यो मन्दिर पर्सा जिल्लाको पर्सा गढीसँगै करिब ४० मिटर पश्चिम पट्टि रहेको छ । यो मन्दिरले १० धुर जग्गा चर्चेको छ जुन मन्दिरको नाममा नै रहेको छ । बाबाको देहावसान पछि निजको धर्मपत्नीले आफ्नो तपोबलले उक्त स्थानमा आफ्नो देह त्याग गरी सती गएको हुनाले निजलाई पनि बाबासँगै पूजा गर्दै गरेपछि मन्दिर स्थापना गरी पूजा-पाठ गर्ने गरिएको छ । त्यसकारण यस मन्दिरको नाम सति दाई रहन गएको जनविश्वास रहेको छ । यो मन्दिरमा परेवाको वली दिने प्रचलन रहेको छ । यो मन्दिरमा पूजा गर्नाले सौभाग्यवती रहने तथा सफल दाम्पत्य जीवन रहने जन विश्वास रहेको छ। यो मन्दिर राम्रो अवस्थामा रहेको छ ।



सती दाई मन्दिर

## १.४ गुदर बाबा मन्दिर

### परिचय

गुदर बाबाको मन्दिर पर्सा जिल्ला अन्तर्गत पटेर्वा सुगौली गाउँपालिका वडा नं. २ सानो सुगौली टोलमा अवस्थित रहेको छ। यो स्थान सदरमुकाम बिरगञ्जदेखि ३० किलोमिटर पश्चिम- उत्तरमा रहेको छ। यस मन्दिरसम्म पुग्नको लागि ग्राबेल बाटो रहेको छ।

### ऐतिहासिक पृष्ठभूमि

स्थानीय मानिसहरूको भनाई अनुसार यी बाबा थारू समुदायको धर्मात्मा एवं सिद्धी प्राप्त व्यक्ति थिए। निज अविवाहित रहेका थिए। करिब १५० वर्षभन्दा पहिलाको कुरा हो, हाल मन्दिर रहेको स्थानमा एक दिन बाबालाई केही व्यक्तिहरूले भोक लाग्यो केही खानु पर्यो भनि अनुरोध गर्दा बाबाले झटारो फ्याकेर जे माग्यो त्यही ल्याई दिएका थिए। सबैले आफुले इच्छाएको भोजन खाई सकेपछि अन्तिममा हात धुन तथा पिउनको लागि बाबालाई पानीको अनुरोध गर्दा बाबाले हातमा बोकेको लट्ठीले भुईमा गाडेर पानी निकालेका थिए। उक्त स्थानमा हाल पनि इनार रहेको छ। त्यसपछि बाबाले हाल मन्दिर निर्माण गरेको स्थान पिपलको रुख मुनी समाधी लिएको जनविश्वास रहेको कुरा स्थानीय पूर्व मुखिया पुरेन्दर चौधरीले बताउनु भयो। हाल मन्दिर परिसरमा गुदर बाबाको मन्दिर तथा गुदरेश्वर महादेव र पार्वतीको मन्दिर लगायत अन्य देवी देवताको मन्दिर पनि निर्माण गरिएको छ।



गुदर बाबा मन्दिर

### महत्त्व तथा जनविश्वास

उक्त मन्दिरमा पुजारी राजिन्दर दासबाट बिहान बेलुकी पूजा-पाठ हुने गरेको छ भने प्रत्येक दिन बिहान सम्पूर्ण गाउँको प्रत्येक घरबाट उक्त इनारबाट पानी भरी गुदरबाबालाई चढाउने गरेको तथा बाँकी पानी आफ्नो घरमा ल्याई घरमा पकाउने कुरामा मिसाई खानेकुरा पकाउने चलन अझै पनि रहेको छ। यसरी खाने कुरामा बाबाको जल मिसायो भने शुद्ध हुने तथा केहि कुराको कमी नहुने स्थानीयको भनाई रहेको छ। कसैले कुनै पनि किसिमको भोज-भतेरको आयोजना गर्यो भने बिहानै उठेर बाबामा जल चढाई बाँकी जल घर ल्याई पकाउने खानामा मिसाउने गरिएको छ। जसले गर्दा जतिजना आएता पनि खानाको कमी नहुने जनविश्वास रहेको छ।

एउटा अर्को जनविश्वास के छ भने वर्षौं सैकडौं बिगाहा जमीन कटान गर्ने भलुवाही खोलाले बाबाको शक्तिले गर्दा नै उक्त गाउँ र स्थान कटान गर्न सकेको छैन। बाबाको कृपाले गर्दा नै हालसम्म सो स्थान र गाउँ सुरक्षित रहेको छ। बाबाले देह त्याग गरे पनि गाउँलाई अझै संरक्षण गरिरहनु भएको जनविश्वास रहेको छ। यो स्थानमा शिवरात्री र साउनमा मेला लाग्ने गरेको छ। उक्त मन्दिर परिसर भित्र रहेको बाबा र शिव पार्वतीको मन्दिरमा पूजा गर्दा कहिले पनि केही कुराको कमी नहुने जनविश्वास रहेको छ।



गुदर बाबाको मूर्ति

### मन्दिरको हालको अवस्था

मन्दिर भौतिक रुपले राम्रो छ। पिपलको रुखमुनि बाबाको पूजा गर्दै आएता पनि पछि उक्त स्थानमा मन्दिर निर्माण गरी भित्र बाबाको मूर्ति स्थापना गरिएको छ भने पछि महादेवको स्थापना गरी गुदेश्वर महादेव नामाकरण गरिएको छ। यसको पूर्वपट्टि पार्वतीको मन्दिर स्थापना

गरिएको छ । मन्दिरमा नित्य पूजा गर्नको लागि पूजारी राजिन्दर दास थारू र चन्द्रीका दास थारू रहेका छन् । मन्दिरको मुख्य द्वारसँगै इनार रहेको छ जुन राम्रो अवस्थामा माथिबाट जस्ताको छानाले छाएको अवस्थामा छ ।

उक्त मन्दिर परिसरले करिब १८ कट्ठा जग्गा चर्चेको छ जुन जग्गा मन्दिरको नाममा नै रहेको स्थानीयले जानकारी गराउनु भएको थियो। परिसरभित्र आँप लगायत विभिन्न बिरुवाहरू रहेका छन् । मन्दिर निर्माणमा स्थानीय निकायले हालसम्म सहयोग गरेका छैनन् । स्थानीय थारू समुदाय र अन्य समुदायको सहयोगमा मन्दिरको संचालन भईरहेको छ ।

## १.५ राय बाबा मन्दिर

### परिचय

यो मन्दिर पर्सा जिल्ला अन्तर्गत जिरा भवानी गाउँपालिका वडा नं. ४ कुढौली गाउँमा अवस्थित रहेको छ । यो सदरमुकाम बिरगञ्जदेखि ३५ किलोमिटर पश्चिम-उत्तरमा रहेको छ । यो गाउँसम्म पुग्नको लागि ग्राबेल बाटो रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

यस मन्दिरको स्थापना कहिले भएको हो यसको यथार्थ विवरण कसैले उपलब्ध गराउन नसकेता पनि यो मन्दिर एउटा महान योद्धा पराक्रमी भुपाल राय थारूको हो भन्ने स्थानीयहरूको भनाई रहेको छ । निजकै नाममा यो मन्दिरको स्थापना गरिएको छ । प्राप्त लालमोहर अनुसार भोपाल रायको नाति मोती राय र शिबनाथ रायले १८२४ मा तत्कालीन महाराज राजेन्द्र विक्रम शाहबाट लालमोहर प्राप्त गरेको जसमा मुगल लडाईमा भुपाल रायले देखाएको बहादुरी र सहयोगले गर्दा मकवानपुरे राजाले प्रदान गरेको मौजै ९३ सालदेखि उपभोग गर्दै आएको कुरा उल्लेख छ । जस अनुसार भुपाल रायले १७३१ को आसपासमा वीरगती प्राप्त गरेको अनुमान गर्न सकिन्छ ।

स्थानीय व्यक्तिहरू र निज भोपाल रायका बंशज १२ औं पुस्ताका गौरी शंकर चौधरीका अनुसार मुगल युद्धमा मुगललाई हराएर भुपाल रायले वीरगती प्राप्त गरेपछि निज सबार घोडा उक्त स्थानमा आएर अडेको थियो । निज भुपाल रायको टाउको नभएता पनि शरीर र अन्य कपडाले पहिचान गरिएको थियो । उक्त घटनापछि निजका दुईवटी श्रीमतीहरूले पनि उक्त स्थानमा समाधी लिएका थिए । हाल उक्त स्थानमा मन्दिर निर्माण गरिएको छ भने मन्दिर भित्र तिनै जनाको प्रतिकको रुपमा सानो स्तुप निर्माण गरिएको छ । उक्त मन्दिर परिसरमा स्थानीय निकायको सहयोगमा जरी देवी माईको मन्दिर पनि स्थापना गरिएको छ ।

### महत्त्व र जनविश्वास

यो स्थान एउटा योद्धाको वीर गाथाले सजिसजाउ रहेको छ भने धार्मिक आस्थाले पनि भरिपूर्ण रहेको छ । यो मन्दिर परिसरमा चैत्र अष्टमी र असोजको अष्टमीमा मेला लाग्ने तथा वली प्रदान गर्ने गरिएको छ । वली राय बाबा र जरी देवी मन्दिरमा चढाउने चलन रहेको छ । गाउँको कसैले पनि बिहे गरेर फर्केमा पहिला उक्त बाबाको स्थानमा आएर बोका चढाएर मात्र आफ्नो घर जाने



भुपाल राय बाबा

चलन रहेको छ । कसैले बोका चढाउन नसकेमा हाँस परेवा भए पनि अनिवार्य रुपमा चढाउने गरेको परम्परा रहेको छ । यो बाबा तथा माईको भक्तिपूर्वक पूजा गरेमा मनको इच्छा पूरा हुने जनविश्वास रहेको छ ।

### मन्दिरको हालको अवस्था

यो मन्दिर र मन्दिर परिसरमा रहेका अन्य संरचनाहरू राम्रो अवस्थामा रहेका छन् । यसले करिब १० कट्ठा सार्वजनिक जग्गा ओगटेको छ । यो परिसर भित्रमा पिपलको रुख, राय बाबाको मन्दिर, जरीमाईको मन्दिर र स्थानीय थारू समुदायको ग्रामथान रहेका छन् । यस मन्दिरलाई व्यवस्थित गर्नु पर्ने आवश्यक्ता छ । मन्दिरमा हाल निज राय बाबाका सन्तानहरूले नै पूजारीको रुपमा पूजा गर्ने गरेका छन् भने मनोकांक्षा पूरा भएपछि जो सुकैले पनि वली प्रदान गर्ने गरेका छन् ।

## १.६ जिरा भवानी माई

### परिचय



जिरा भवानी माई पर्सा जिल्ला अन्तर्गत जिरा भवानी गाउँपालिका वडा नं. १ महादेवपट्टि जिरा भवानी अवस्थित रहेको छ। उक्त गाउँपालिकाको नामाकरण पनि यो माईको नामले नै रहेको छ । पहिलाको ५ वटा गाउँ विकास समिति मिलेर हालको यो गाउँपालिकाको निर्माण भएको हो । यो स्थान सदरमुकाम बिरगञ्जदेखि ४० किलोमिटर उत्तर-पश्चिममा अवस्थित रहेको छ भने हुलाकी राजमार्गको जितपुर नौकाटोला ( नयाँ टोल) देखि १ किलोमिटर पश्चिममा रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

यसको स्थापना कहिले भएको हो, यकिनसाथ थाहा नभएता पनि करिब ३०० वर्ष पहिले यसको स्थापना भएको हुन सक्छ भनि यस मन्दिरका संरक्षण समितिका कोषाध्यक्ष ठाकुर महतो थारूले जानकारी गराउनु भयो । १९९० सालको महाभुकम्पमा पनि उक्त मन्दिरलाई कुनै किसिमको क्षति नभएको कारणबाट पनि उक्त स्थानको महत्त्व रहेको स्पष्ट हुन्छ । यो मन्दिर बिसुनी महतो थारूले निर्माण गरेको हो तर कहिले निर्माण गरिएको हो यकिन समय थाहा हुन सकेको छैन । प्रचलित किबदन्ती अनुसार बिसुनी महतो उक्त मन्दिरभन्दा पूर्वपट्टि रहेको चमरी खोलामा माछा मार्ने क्रममा जालमा दुईवटा ढुंगाहरू आएकोमा निजले उक्त ढुंगा निकाली पुनः माछा मार्नलाई जाल हान्दा खेरि फेरी पनि उक्त जिरा भवानी माई र महादेवको प्रतिकको रुपमा हाल स्थापना गरिएका ढुंगाहरू जालमा परेपछि बिसुनी महतोले उक्त ढुंगालाई घरमा ल्याएर राखेका थिए । राती सपनामा तिमी मलाई स्थापना गर, हामी जिरा भवानी र बटेश्वर महादेव हौं भनि दर्शन दिएकोले उक्त स्थानमा नै निजले मूर्ति स्थापना गरेको हो । त्यसपछि उक्त स्थान एउटा शक्ति-पिठको रुपमा स्थापित भई सर्वसाधारणको आस्थाको केन्द्रको रुपमा ख्याती कमाएको छ । हाल उक्त मन्दिर परिसरमा विवाह मण्डप, राधा कृष्ण मन्दिर, राम-जानकी मन्दिर, पार्वती- गणेश मन्दिर र हनुमान मन्दिरहरू निर्माण गरिएका छन् ।

### महत्त्व तथा जनविश्वास

यो शक्ति पिठमा शिवरात्रीको अवसरमा मेला लाग्ने गरेको छ जुन मेला ७ देखि १५ दिनसम्म चल्ने गर्दछ । यो जिरा भवानी माई मन्दिरमा यो मन्दिरभन्दा पश्चिम महादेवपट्टि बस्ने बिसुनी महतो थारूका सन्तानहरूले मात्र पूजा गरी दशमीको अष्टमीमा वली

प्रदान गर्ने गरेका छन् । अरुले कुनै पनि किसिमको वली दिने प्रचलन छैन ।

यो जिरा भवानी माईमा भक्तिपूर्वक पूजा अर्चना गर्नाले मनोकांक्षा पूरा हुनुको साथै आत्म सन्तुष्टी प्राप्त हुने जनविश्वास रहेको छ । मन्दिरमा लड्डु, पान, सुपारी, अन्न लगायतका सामग्रीहरू चढाउने प्रचलन रहेको छ ।

### हालको अवस्था

हाल मन्दिरको भौतिक अवस्था राम्रो रहेको छ । उक्त स्थानमा दुई जना साधुहरू रहेका छन् । पूजारीको रुपमा तथा मन्दिर व्यवस्थापनको अध्यक्षको रुपमा तुलसी दास बाबा रहेका छन् । उक्त मन्दिर सार्वजनिक जग्गामा रहेको छ । यो मन्दिर परिसरले आँपको बगैचा सहित २ बिगाहा जति जग्गा ओगटेको छ । यहाँ अहिले धर्मशाला निर्माणाधीन अवस्थामा रहेको छ । मन्दिरको पर्खाल तथा घर्मशाला स्थानीय सरकारको सहयोगमा निर्माण गरिएको छ भने प्रदेश सरकारबाट पनि पूरा कम्पाउन्डको लागि पहल भइरहेको छ । हाल उक्त मन्दिरको खर्च त्यहाँबाट भएको आम्दानीले नै चलिरहेको छ । मन्दिर तथा मेला व्यवस्थापनको लागि समिति निर्माण गरिएको छ । जसमा पुजारी नै अध्यक्ष रहेका छन् भने अन्य पदाधिकारीहरूमा अन्य व्यक्तिहरू पनि रहेका छन् ।

## १.७ लाटी माई मन्दिर

### परिचय

यो लाटी माई मन्दिर, पर्सा जिल्लाको जिरा भवानी गाउँपालिका वडा नं. २ बसन्तपुरमा अवस्थित रहेको छ । यो मन्दिर सदरमुकाम बिरगञ्जदेखि लगभग ४० किलोमिटर उत्तर-पश्चिम बसन्तपुर भन्ने स्थानमा हुलाकी राजमार्गसँगै पश्चिम पट्टि रहेको छ । यो मन्दिरसम्म पुग्नको लागि ग्राबेल बाटो रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

यस मन्दिरको स्थापना कहिले भएको हो यथार्थ विवरण थाहा नभएता पनि सिताराम महतो थारूले आफ्नो कुल देवीको रुपमा यो मन्दिरको निर्माण गरेका हुन् । स्थानीय ठाकुर प्रसाद महतो थारूका अनुसार वहाँहरू जितपुर नौकाटोलामा बस्नु अगाडि यसै स्थानमा बसोबास गर्दै आएका थिए र सो भन्दा पनि अगाडि वहाँहरू भारतबाट त्यहाँ आएका थिए । निजहरूकै पुर्खाहरूले यो ठाउँमा यो देवीको स्थापना गरेका थिए । तर यो मन्दिरको स्थापना कहिले भएको हो त्यसको यकिन नभएता पनि करिब २०० वर्ष अगाडिको हुनु पर्छ भन्ने विश्वास गरिएको छ ।



### महत्त्व र जनविश्वास

यस मन्दिरमा दशैं तथा चैते दशैंमा मेला लाग्ने गरेको छ । यो लाटीदेवी महतो परिवारको कुल देवताको रुपमा रहेता पनि हाल यो सबैको आस्था र भक्तिको केन्द्र विन्दु बनेको छ । दशैं र चैते दशैंको अवसरमा नै लाटी देवी मन्दिरमा पनि वली दिने चलन रहेको छ । वलीको रुपमा राँगा, बोका, हाँस, परेवा हुने गरेको छ भने लड्डु, पान र सुपारी पनि चढाउँने चलन रहेको छ । यस मन्दिरमा भक्तिपूर्वक पूजा-पाठ गरेमा मनोकांक्षा पूरा हुने गरेको पूजारी हरिदास थारूले जानकारी गराउनु भएको छ ।

### हालको अवस्था

यो मन्दिरको नाममा ८ कट्ठा ६ धुर जग्गा रहेको पुजारीद्वय हिरादास र भगवती देबीले जानकारी गराउनु भएको छ । मन्दिरको संरक्षणको लागि कुनै पनि समिति नरहेको र निज महतो परिवारबाट नै उक्त मन्दिरको संरक्षण हुँदै आएको छ भने दर्शनार्थीहरूले चढाएको र प्रदान गरेको दक्षिणबाट नै मन्दिरको व्यवस्थापन हुँदै आएको छ । मन्दिर राम्रो अवस्थामा रहेको छ । अन्य निकायबाट हालसम्म कुनै

पनि किसिमको सहयोग प्राप्त भएको देखिदैन । पूर्व सचिव स्व. बालेश्वर प्रसाद सिंह थारू र निजको छोरा पूर्व प्रहरी अतिरिक्त महानिरिक्षक रामनाथ प्रसाद सिंह थारू तथा निजहरूको परिवारले यसलाई संरक्षण र सम्बर्द्धन गर्दै आइरहनु भएको छ । उक्त मन्दिरलाई सूचीकृत गरी प्रचार -प्रसार गर्नु पर्ने आवश्यकता रहेको छ ।

## १.८ किर्तनीया पोखरी

### परिचय



किर्तनीया पोखरी

यो पोखरी पर्सा जिल्लाको जिरा भवानी गाउँपालिका वडा नं. ३ जितपुर गाउँमा अवस्थित छ । यो सदरमुकाम बिरगञ्जदेखि करिब ३८ किलोमिटर पश्चिम-उत्तरमा पर्छ । यो पोखरी करिब ५ बिगाहा क्षेत्रफलमा फैलिएको छ । स्थानीयको भनाई अनुसार यो पोखरी थारूहरूको ३०८ किर्तन मण्डलीले लगातार किर्तन-भजन तथा झुमरा गरी निर्माण गरेकोले यस पोखरीको नाम किर्तनीया पोखरी रहन गएको हो । हाल यो स्थानीय निकायको स्वामित्वमा रहेको छ । यसमा व्यवसायिक रुपमा माछा पालन गर्ने गरिएको छ ।

## १.९ बैरी पोखरी

### परिचय

यो बैरी पोखरी पर्सा जिल्लाको पर्सागढी नगरपालिका वडा नं. २ मा रहेको छ । यो पोखरी सदरमुकाम बिरगञ्जदेखि करिव २८ किलोमिटर उत्तर-पश्चिम तथा त्रिभुवन राजपथबाट ७ किलोमिटर पश्चिममा रहेको छ । यो पोखरीको निर्माण कहिले भएको हो अनुमान गर्न नसकिएता पनि यो पोखरी परापूर्वकालमा थारू समुदायका मानिसले आफ्नो दिब्य शक्ति प्रयोग गरी दैत्यहरूको सहयोगमा एक रातमा नै यो पोखरी निर्माण गरिएको हो । यो पोखरीको चार कुनामा ४ वटा इनार तथा बीचमा एउटा इनार रहेका थिए जुन हाल देखिदैन ।

पहिला-पहिला कुनै किसिमको विवाह इत्यादि कार्यक्रमहरूमा भोज-भतेर गर्नको लागि ठूला- ठूला भाँडा बर्तनको आवश्यक्ता परेको खण्डमा उक्त पोखरीमा गई हात-खुट्टा धोएर सुपारी चढाएर माग गर्दा आफूलाई चाहिने जतिका भाँडाहरू निस्केर पानीमा तैरिदै छेउमा आउने गरेका थिए । काम सकेपछि पुनः उक्त पोखरीमा नै फर्काउनु पर्दथ्यो । यस्तो क्रम चलिनै रहेको थियो कि एकपटक यस्तै भाँडाकुँडाहरू ल्याएर आफ्नो काम सकाई पोखरीबाट ल्याएका भाँडाहरू फेरि फर्काउने क्रममा फर्काएका भाँडाहरू मध्ये केही भाँडाकुँडा छुटेकोले पोखरीमा नडुबी पानीमा नै तैरिरहेका थिए । पछि सबैले मिलेर पुनः कमी भएको भाँडा ल्याई दिए पछि सम्पूर्ण भाँडाहरू पानी मुनि पसेका थिए । तत् पश्चात पोखरीबाट भाँडा उपलब्ध गराउने क्रम बन्द भएको स्थानीयहरूको भनाई रहेको छ ।

उक्त पोखरीले करिब ७ बिगाहा जग्गा चर्चेको छ भने पानीको भाग मात्रै ४ बिगाहाको रहेको छ । उक्त पोखरीमा हाल नगरपालिकाबाट टेन्डर मार्फत व्यवसायिक रुपमा माछा पालन गर्न दिने गरिएको छ ।

## १.१० सुगीभार मन्दिर

### परिचय

यो मन्दिर पर्सा जिल्लाको जिरा भवानी गाउँपालिका वडा नं. ५ स्थित सखबोनिया गाउँको उत्तरपट्टि जंगलको छेउमा रहेको छ । यो मन्दिर सदरमुकाम बिरगञ्जदेखि ३६ किलोमिटर उत्तर-पश्चिममा रहेको छ । यो मन्दिरसम्म पुग्नको लागि ग्राबेल बाटो रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

यो मन्दिर कहिले कसले निर्माण गरेको हो सही समय थाहा नभएता पनि थारू समुदायले परापूर्वकालमा जंगलमा गाई वस्तु चराउनको लागि जाने क्रममा जंगलमा आफ्नो वस्तुलाई केही नहोस् तथा आफूहरू सुरक्षित रहनको लागि यो देवीको पूजा गरेको जनविश्वास रहेको छ । यो मन्दिर पहिला जंगल छेउदेखि करिब डेढ किलोमिटर भित्र रहेको र उक्त स्थानमा २०३२ सालदेखि नै कार्तिक पूर्णीमामा मेला लाग्ने गरेकोमा मेला भर्न आउनेहरूले जंगल बिनास गरेको कारण स्थानीयहरूले मन्दिरमा पूजा गरी देवीलाई मनाई हाल जंगल बाहिर छेउमा ल्याई स्थापना गरी मन्दिर निर्माण गरेका हुन् । जंगल भित्रमा पनि मन्दिर यथावत रहेको छ । उक्त स्थानमा पहिला काठको मन्दिर रहेकोमा हाल पक्की मन्दिर निर्माण भएको छ ।

### महत्त्व र जनविश्वास

यो मन्दिर विभिन्न शक्ति-पिठमा पूजा गर्ने ७ बहिनी देवी मध्येको एक बहिनी रहेको स्थानीय बासीहरूको भनाई छ । यसमा पूजा गरेमा समृद्धि हुने तथा दुष्ट आत्माले नसताउने जनविश्वास रहेको छ । यो मन्दिरमा कार्तिक पूर्णीमा र चैत्रको नवमीमा वली चढाउने तथा मेला लाग्ने प्रचलन रहको छ । जंगल बाहिर २०६० सालदेखि मेला लाग्न शुरु भएको हो । यो मन्दिर सार्वजनिक भएता पनि यसमा सबैभन्दा पहिले शंकरसरैया गाउँलेहरूले पहिलो पूजा गर्ने चलन रहेको छ । यो स्थानमा बैशाखदेखि पिकनिक मनाउनेको भिड लाग्ने गरेको स्थानीय दशरथ चौधरीले जानकारी गराउनु भयो । निजको परिवार नै यस मन्दिरमा पूजारीको रुपमा रहेको छ । यो मन्दिरमा थारूहरूको आत्मीय तथा बंशानुगत सम्बन्ध रहेको देखिन्छ ।



### हालको अवस्था

यो मन्दिर परिसर सरकारी वन भित्र रहेको छ । मन्दिरको अवस्था भौतिक रुपमा राम्रो रहेको छ । मन्दिर परिसरमा हाल शंकर भगवानको मन्दिर पनि निर्माण गरिएको छ । मन्दिरको टायल हाल श्रीमती मिरा देवी थरुनीले निर्माण गरेको प्रष्ट देख्न सकिन्छ भने माननीय जयप्रकाश चौधरी ज्यूले संसद विकास कोषबाट धर्मशालाको पनि निर्माण गर्नु भएको छ । अन्य पूर्वाधारहरू निर्माणाधीन अवस्थामा रहेका छन् । पिकनिक मनाउनको लागि पनि पूर्वाधारको निर्माण गर्ने तयारी रहेको छ ।

## १.११ आमो देवी मन्दिर

### परिचय

यो आमो देवी मन्दिर पर्सा जिल्लाको पर्सागढी नगरपालिका वडा नं. ४ अन्तर्गत झबरहा गाउँको जंगल छेउमा रहेको छ । यो मन्दिर बिरुवा गुठी चोक भन्दा उत्तरमा रहेको छ । यो मन्दिर सदरमुकामदेखि २५ किलोमिटर उत्तर- पश्चिम तथा पथलैया बिरगञ्ज सडक खण्डको जितपुरदेखि १० किलोमिटर पश्चिममा रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि



यो मन्दिरको स्थापना कहिले भएको हो यसको यकिनसाथ जानकारी नभएता पनि यसको स्थापना थारू समुदायका पूर्खाहरूले जंगली जनावरहरूबाट आफूहरूलाई सुरक्षित राख्न तथा जंगलका दुष्ट आत्माहरूले नसताओस् भन्ने उद्देश्यले उनीहरूले यो माताको स्थापना गरी पूजापाठ गर्न लागेको जनविश्वास रहेको छ। पहिला-पहिला घना जंगल रहेको र बस्ती पनि पातलो रहेको कारण गाउँलेहरूले महामारीबाट बच्नको लागि देवीको अराधना गरेको स्थानीयहरूको भनाई रहेको छ।

### महत्व र जनविश्वास

यो मन्दिरमा देवीको पूजा गरेमा दुष्ट आत्मासँग छुटकारा पाउने तथा कुनै पनि किसिमको संकट नपर्ने जनविश्वास रहेको छ। यो मन्दिर जंगलको छेउमा रहेकोले काम विशेषले जंगल भित्र प्रवेश गर्दा कुनै पनि किसिमको आपतविपत आई नपर्ने विश्वास रहेको छ। यस मन्दिरमा कार्तिक पूर्णिमामा राती मेला लाग्ने तथा पूजापाठ हुने गरेको छ। पूजारीको रुपमा कोही नभएता पनि सम्पूर्ण गाउँलेहरूले स्व:स्फुर्त रुपमा पूजा गर्ने गरेको तथा मनोकांक्षा पूरा हुने तथा आपत- विपतमा संकटबाट देवीको नाम लिएर फल प्राप्त गर्नेहरूले यो मन्दिरमा वली दिने गरेका छन्। वलीको रुपमा बोका हाँस, कुखुरा, परेवा अन्डा तथा लड्डु लगायतका सामग्रीहरू चढाउने गरेका छन्। यो देवीको मन्दिरसँगै हाल पूर्वमा शिव-पार्वती मन्दिर, हनुमान मन्दिर तथा गणेश मन्दिर निर्माण गरिएको छ।

### हालको अवस्था

मन्दिरको भौतिक पूर्वाधार राम्रो रहेको छ। मन्दिरमा वली प्रदान गर्नको लागि मौलो बनाएको छ भने नजिकै ६० मिटर पूर्वपट्टि स्थापना भएका मन्दिरहरूको पनि भौतिक अवस्था राम्रो रहेको छ। मन्दिर सार्वजनिक वनमा निर्माण गरिएकोले यसको नाममा छुट्टै जग्गा रहेको नदेखिए पनि यसले करिब ३ कट्ठा जमीन चर्चेको देखिन्छ।

## १.१२ गादीमाई मन्दिर

### परिचय

यो गादीमाई मन्दिर पर्सा जिल्लाको पटेर्वा सुगौली गाउँपालिका वडा नं. २ अन्तर्गत सोनवर्षा जंगलको छेउमा भलुवाही नदीको पश्चिम किनारमा अवस्थित रहेको छ। यो ठाउँ सदरमुकाम बिरगञ्जदेखि ३५ किलोमिटर उत्तर-पश्चिममा तथा पथलैया बिरगञ्ज सडक खण्डको जितपुरदेखि १७ किलोमिटर पश्चिममा रहेको छ। यो माताको मन्दिरसम्म पुग्नको लागि पक्की र ग्राबेल बाटो रहेको छ।



### ऐतिहासिक पृष्ठभूमि

गादीमाई स्थापना कहिले भएको हो यकिनसाथ जानकारी नभएता पनि स्थानीयहरूको अनुसार यो माईको स्थापना पनि सुगी भार माई, कोइला भार माई, आमो देवी माई सँग सँगै थारू समुदायले स्थापना गरेका हुन्। जंगल छेउमा बसोबास गर्ने थारू समुदाय बन देवीको रुपमा यी

माईहरूको पूजा गर्ने गरेको जनविश्वास रहेको छ। वन जंगलमा भएको जनावर तथा विषालु जीवजन्तुहरूबाट छुटकारा पाउन तथा निकुन्ज जंगल भित्र शिकार खेल्न तथा गाई वस्तु चरनको लागि यो देवीको पूजा गर्ने गरेको स्थानीय चन्द्रिका दास थारूले जानकारी गराउनु भएको थियो।

### धार्मिक मूल्य मान्यता र विश्वास

यो माताको मन्दिरमा कार्तिक पूर्णिमामा भव्य पूजा तथा मेला लाग्ने गरेको छ। यो पूर्णिमामा वली प्रदान गर्ने परम्परा रहेको छ। कुनै पनि किसिमको आपत विपतको समयमा गादीमाईलाई सम्झेमा आपत -विपतबाट बच्न सकिने आम विश्वास रहेको छ। यो मन्दिरमा पूजापाठ गरेमा गादीमाईले हर हमेसा साथ रही कुनै पनि किसिमको संकट आउन नदिने स्थानीयहरूको भनाई रहेको छ। श्रद्धा र भक्तिपूर्वक गादी माईको पूजा आराधना गरेमा मनमा चिताएको कुरा पूरा हुने गरेको छ। मनोकांक्षा पूरा हुनेले कार्तिक पूर्णिमाको दिन वली चढाउने गर्दछ। वलीको रुपमा आफ्नो भाकल अनुसार बोका, हाँस, परेवा, अन्डा, लड्डु, पान सुपारी हुने गरेका छन् भने चुनरी पनि चढाउने गरिन्छ। यो माईले सम्पूर्ण गाउँमा आपत विपत तथा माहामरीमा रक्षा गर्ने गरेको जनविश्वास रहेको छ।

### हालको अवस्था

यो मन्दिर भौतिक रुपले राम्रो रहेको छ। जंगलको किनारमा अवस्थित रहेकोले यसले कति जग्गा चर्चेको छ , यकिन नभएता पनि नदी छेउको समथर भूमि रहेको छ। यो मन्दिर परिसर करिब २ कठ्ठा सरकारी वनमा रहेको छ। मन्दिरको पूजारी कोही नभएता पनि स्थानीयहरूले पूजा गर्ने गरेको पाइन्छ। यो मन्दिरको संरक्षण र व्यवस्थापनको लागि समिति नभए पनि दाताहरूले दान गरेर तथा स्थानीयहरूले चन्दा संकलन गरेर मन्दिरको सम्भार तथा संचालन र पूजापाठ गर्ने गरेका छन्।

## १.१३ कोयला भार मन्दिर

### परिचय

यो कोयला भार मन्दिर पर्सा जिल्लाको पर्सा गढी नगरपालिका वडा नं. १ मा अवस्थित मनवा गाउँ भन्दा उत्तर जंगल भित्र खोलाको छेउमा रहेको छ। यो मन्दिर सदरमुकाम बिरगञ्जदेखि ३२ किलोमिटर उत्तर पश्चिममा रहेको छ। यो मन्दिरसम्म पुग्नको लागि मोटर चल्न सक्ने पीच तथा ग्राबेल बाटो रहेको छ।

### ऐतिहासिक पृष्ठभूमि

सुगीभार माई र गादी माई जस्तै कोयला भार मन्दिरको स्थापना थारू समुदायले परापूर्व कालमा गरेको भन्ने स्थानीय बासीहरूले जानकारी गराउनु भएको थियो। थारूहरू जंगलको छेउमा बसोबास गरी आएकाले जंगली जनावरले दुःख नदियोस् तथा जंगलमा प्रवेश गर्दा कुनै पनि आपत विपत नपरोस् त्यसको लागि यो देवीको स्थापना गरिएको हो। स्थापना कहिले भएको यकिन समय जानकारी हुन नसकेता पनि थारू समुदायको बसोवास सँग सँगै यी माताको पूजा हुने गरेको र मन्दिर निर्माणपछि गरिएको मन्दिर परिसरमा पुग्दा सहजै अनुमान गर्न सकिन्छ। यो मन्दिर पहिला काठको भएता पनि हाल आधुनिक पक्की भवन रहेको छ।

### मूल्य मान्यता र जनविश्वास

यो मन्दिर ७ बहिनी शक्ति देवीहरू मध्ये एक रहेकोले यसको अन्य बहिनी जस्तै मूल्य मान्यता र जनआस्था रहेको छ। यो मन्दिरमा कार्तिक पूर्णिमामा राती मेला लाग्ने गरेको छ भने जहिले पनि पूजा पाठ गर्न सकिन्छ। मनोकांक्षा पूरा हुनेहरूले कार्तिक पूर्णिमा तथा अन्य समयमा पनि वली दिने तथा पूजा गर्ने गरेका छन्।

यी माताको पूजापाठ गरे कुनै पनि किसिमको संकट नआउने तथा आपत विपतमा सजिलैसँग छुटकारा पाउने जनविश्वास रहेको छ। भाकल गरी मनोकांक्षा पूरा हुनेले जहिले पनि पूजा गर्ने गरेका तथा वली प्रदान गर्ने गरेका छन्। यस मन्दिरमा बोका, हाँस, परेबा, अन्डा तथा लड्डु, पान सुपारी चढाउने गरिएको छ।

यो मन्दिर जंगल छेउको शान्त बातावरणमा अवस्थित रहेकोले यहाँ पुग्ने जो कोही पनि आनन्दित हुने गरेको छन्। जंगलमा प्रवेश गर्ने जो कोही पनि यो मन्दिरमा ढोग गरेपछि मात्र जंगलभित्र पस्ने परम्परा रहेको छ।

### मन्दिरको हालको अवस्था

मन्दिर भौतिक रुपले सम्पन्न भए पनि भ्रमणको क्रममा मन्दिरमा कोही पनि नरहेको पाइएको थियो । मन्दिर परिसर भित्र कोइला भार माई, शिव पार्वती मन्दिर, बसाहा, होम, यज्ञ तथा विवाह गर्नको लागि मण्डप, पूजारी कक्ष, विश्राम कक्ष, शौचालय, चौतारा तथा पूर्व पट्टि रहेको नदीदेखिको सिँढी रहेको छ । मन्दिर जंगल परिसर भित्र रहेकोले यसको जग्गा कति रहेको छ यकिन गर्न नसकिए पनि मन्दिर परिसरले करिब ५ कट्ठा जग्गा चर्चेको देखिन्छ । यो देवीको मन्दिरमा विभिन्न निर्माण समितिहरू गठन गरिएको वोर्डहरू रहेको भएता पनि मन्दिर व्यवस्थापनको लागि समितिको वोर्ड नरहेको पाइयो ।



कोयला भार मन्दिर

## १.१४ आदर्श थारु छात्रावास

### परिचय

यो आदर्श थारू छात्रावास पर्सा जिल्लाको सदरमुकाम बिरगञ्ज महानगरपालिका वडा नं. ५ कुम्हाल टोलमा अवस्थित छ । यो छात्रावाससम्म पुग्नको लागि दुईवटा बाटो रहेका छन् । एउटा बाटोबाट मोटर साइकलले मात्र पुग्न सकिन्छ भने अन्यबाटो मोटर जाने किसिमको छ ।

### ऐतिहासिक पृष्ठभूमि

यो छात्रावासको स्थापना विक्रम सम्वत् २००९ सालमा भएता पनि यो २०१४ सालदेखि संचालनमा आएको हो । यसको स्थापना स्वर्गीय केवल चौधरी तथा रामप्रसाद राय थारूको अगुवाईमा स्थानीय पर्सा, बारा, रौतहट लगायतका थारू समुदायको सक्रिय सहयोगमा स्थापना भएको हो । यस छात्रावासमा अध्ययन गरेर शिक्षा हासिल गरेका थारू समुदायका व्यक्तिहरू मन्त्रीदेखि सचिव तथा विभिन्न विभागीय प्रमुखको रुपमा आफ्नो कार्यक्षमता प्रस्तुत गरिसकेका छन् । यस छात्रावासबाट कतिजना बिद्यार्थीले अध्ययन गरी शिक्षा हासिल गरे सोको यकिन तथ्याङ्क नभएता पनि हजारौं हजारले अध्ययन गरि सकेको देखिन्छ ।

### महत्व

थारू छात्रावास थारू समुदायको लागि मात्र नभई अन्य समुदायको लागि पनि एक उदाहरण हो भने थारूका अग्रजहरूको शिक्षा प्रतिको लगावको संकेत पनि हो । सुविधा सम्पन्न ठाउँमा बसेर निम्न आय श्रोत भएका व्यक्तिहरूको लागि अध्ययन गर्न पाउनु नै यो छात्रावासको विशेषता रहेको छ । यसको अगाडिको भाग खुल्ला चौर भएकोले यहाँ स्वच्छ वातावरण हुनको साथै अध्ययनको लागि एक उपयुक्त ठाउँ रहेको छ । यो छात्रावासमा बसेर जुनसुकै समुदायको व्यक्तिले पनि अध्ययन गर्न सक्छन् ।

### हालको अवस्था

पश्चिमतिरबाट दुई तल्ले पक्की भवन निर्माण गरिएको छ । तल्लो तल्लामा छात्रहरूको लागि ३ वटा ठूल-ठूला कोठाहरू रहेका छन् भने माथि हालै दुईवटा हल निर्माण गरिएको छ । वार्डेन गोपाल प्रसाद चौधरीका अनुसार यसको क्षेत्रफल लालपुर्जा अनुसार ७ कट्ठा १५ धुर रहेको छ । दुई तल्ला रहेको यो छात्रावासको ३ वटा कोठाहरू छात्रहरूको बसोवासको लागि छुट्याइएको छ । यसको क्षमता २० जना रहे पनि हाल ६ जना विद्यार्थीहरू मात्र रहेका छन् ।

यो छात्रावासको वार्डेन तथा कर्मचारीको रुपमा गोपाल प्रसाद चौधरी रहेका छन् । वहाँ विगत १६ वर्ष देखि उक्त छात्रावासमा कार्यरत रहनु भएको छ । वहाँको अनुसार उक्त पक्की भवन बिरगञ्ज महानगरपालिकाको १० लाख रुपैयाँको सहयोगमा निर्माण गरिएको हो भने हाल २०७६ सालमा मधेश प्रदेशका भौतिक पूर्वाधार मन्त्रालयको सहयोगमा माथिको तल्ला थप गरी निर्माण गरिएको हो जसको उदघाटन भौतिक पूर्वाधार मन्त्री माननीय जितेन्द्र सोनालज्यूले २०७६ साल असोज ११ गते गर्नु भएको हो ।




आदर्श थारू छात्रावास भवन

यसमा २ वटा सभा हलहरू रहेका छन् भने जस्ताको छानो रहेको छ ।

छात्रावासको वार्डेनका अनुसार उक्त जग्गाको मालपोत ०६६/०६७ सम्म तिरेको तर एकीकृत कर लागु भएदेखि हालसम्म नतिरिएको कारण हाल १२ लाख तिर्नु पर्ने देखिएको नगरपालिकाबाट बुझिएको छ । उक्त रकम के कसरी तिर्ने सो सम्बन्धमा पहल भइरहेको छ । नगरपालिकाका तत्कालीन इन्जिनीयरले ९ लाख ५० हजार ईस्टिमेट गरेको भएपनि निज अवकास भई सकेकोले हाल उक्त कार्य पनि विचाराधीन अवस्थामा रहेको छ । थारू कल्याणकारिणी सभाको केन्द्रिय सदस्य बृजमोहन चौधरीका अनुसार महानगरपालिकासँग कर तिर्ने सम्बन्धमा पहल भईरहेको छ ।

उक्त छात्रावासमा बस्नको लागि बेड चार्ज रु. ११००, चामल २० किलो तथा तरकारी वापत १५०० रुपैयाँ निर्धारण गरिएको छ । उक्त छात्रावास कम्पाउन्डमा मस्कट ऐकेडमी संचालन भई रहेकोले उक्त ऐकेडेमीले वार्षिक रुपमा ४ लाख ८० हजार भाडा वापत रकम दिने गरेकोले सोही रकमबाट कार्यालय संचालन तथा व्यवस्थापन हुँदै आएको छ । छात्रावास अगाडि रहेको चौरको लागि रु. ३५०० भाडा निर्धारण गरेको छ भने हलको लागि हालसम्म भाडा निर्धारण भएको छैन ।

उक्त छात्रावासमा पढेर अध्ययन गरेको व्यक्तिहरू मन्त्रीदेखि विभिन्न विभागका प्रमुखहरू भए पनि छात्रावासको स्तरोन्नतिको लागि कुनै पनि निकाय तथा व्यक्तिहरूले खासै पहल नगरेको वार्डेनको गुनासो रहेको छ । उक्त छात्रावासलाई आधुनिकीकरण गर्नु पर्ने तथा अन्य पक्षहरूमा पनि व्यापक सुधार गर्नु पर्ने देखिन्छ ।

# अध्याय दुई

## बारा जिल्ला

### परिचय

बारा जिल्ला मधेश प्रदेश अन्तर्गतको एक जिल्ला हो । यस जिल्लाको नामाकरण गढी गौडा (बारा गढीमाई) र गोश्वाराको रुपमा रहेको बारा गढी भन्ने स्थानको नामबाट बारा जिल्ला भएको हो भन्ने मान्यता रहेको छ । यो जिल्लाको सदरमुकाम कलैया हो । यो जिल्लाको पूर्वमा रौतहट जिल्ला, पश्चिममा पर्सा जिल्ला, उत्तरमा मकवानपुर जिल्ला र दक्षिणमा भारतको बिहार राज्यको चम्पारण जिल्ला रहेको छ । यो जिल्लाले १,१९० वर्ग किलोमिटर (१,२९,५६३ हेक्टर) क्षेत्रफल ओगटेको छ । २०७८ को जनगणना अनुसार यस जिल्लाको जनसंख्या ७,६३,१३७ रहेको छ । जसमध्ये थारूको जनसंख्या चौथो स्थानमा ७८,१६९ रहेको छ । बारा जिल्लामा थारूहरू मुख्यरुपले बसोबास गर्ने ठाउँहरूमा अमाब, बचनपुर्वा, बिष्णुपुर्वा, छातापिपरा, डुमरवाना, फत्तेपुर, हरिया, इनर्वासिरा, जीतपुर, भवानीपुर, ककडी, करैया, खोपवा, कोल्हवी, मनहरवा, नरही, पथरा, पिपरा, वसन्तपुर, परसोना, रामपुर्वा, सपही, सिहोर्वा, सिंहासनी, तेतरिया, उमजन र कलैया रहेका छन् ।

## २.१ गढीमाई

### परिचय

गढीमाई बारा जिल्लाको एक प्रसिद्ध धार्मिक स्थल हो । गढीमाई महागढीमाई नगरपालिका वडा नं. १ बरियारपुरमा अवस्थित रहेको छ । यो स्थान सदरमुकाम कलैयादेखि ८ किलोमिटर पूर्वमा रहेको छ । यो स्थानसम्म पुग्नको लागि कलैयादेखि पक्की र ग्राबेल बाटो रहेको छ । गढीमाईको नामले नै यस नगरपालिकाको नाम महागढीमाई नगरपालिका राखिएको छ ।

### ऐतिहासिक पृष्ठभूमि

मकवानपुरे राजाको पालामा बारा जिल्ला बरियारपुर गाउँका भगवान चौधरी थारू आफुले नगरेको अपराधको अभियोगमा मकवानपुर गढीको कारागारमा रहेको अवस्थामा एक दिन गढीमाईले सपनामा मलाई यहाँबाट लगेर आफ्नो ठाउँमा स्थापना गऱ्यो भने तिमी कैदबाट मुक्त हुनुको साथै सबै कुरा राम्रो हुनेछ भनि बताएकोले करिब १७ औं शताब्दीमा निज भगवान चौधरी थारू जेलबाट मुक्त भएपछि मकवानपुरगढीबाट ल्याएको त्रिशुल र शालिग्राम हाल मन्दिर रहेको स्थानमा स्थापना गरेर पूजापाठ गर्न लागिएको हो । त्यसपछि क्रमशः छरछिमेकी र गाउँलेहरूले पूजा गर्दैजाँदा हाल यो दक्षिण एसियाकै एक प्रमुख शक्ति पीठ मध्येको एक हुन गएको छ । त्यस बेलादेखिनै हालसम्म निजकै सन्तानहरूले यो शक्तिपीठको पूजारीको रुपमा पूजा गर्दै आएका छन् । वहाँको ११ औं पुस्ताको मंगल चौधरी मूल पूजारीको रुपमा रहनु भएको छ । गढीमाई भगवान चौधरी थारू परिवारको कुल देवीको रुपमा पनि रहेको छ ।

### महत्व र जनविश्वास

यो स्थानमा प्रत्येक पाँच पाँच वर्षमा भव्य मेला लाग्ने गरेको छ जसमा नेपाल लगायत भारत समेतका श्रद्धालु भक्तजनहरू आउने गरेका छन् । पञ्चवलीको पूजा गरी सकेपछि मात्र अन्य श्रद्धालु भक्तजनहरूले ल्याएका वलीहरूको वली प्रदान गर्ने चलन रहेको छ । पञ्चवलीमा सेतो मुसा, बोका, कुखुराको भाले, सुँगुर, परेवा र मानव रगत ५ थोपा वली दिएपछि यज्ञमा राखिएको दियो आफै प्रज्वलित हुने मान्यता छ । त्यसपछि हाँसको ५ वटा अण्डा वली दिई अण्डामै त्रिशूल गाडिने चलन छ । अनि ५ वटा राँगा मन्दिरकै मौलोमा वली दिएपछि भाकल गरी ल्याएका श्रद्धालु भक्तजनहरूका पशु वली खुल्ला हुने प्रचलन रहिआएको छ । २ वटा सेतो मुसा पहिला नै जंगलबाट तान्त्रिक विधि अनुसार पूजा गरेर समातेर ल्याईएको हुन्छ ।

पूजाको क्रममा गढीमाईको अन्य बहिनीहरू झुलाइ माई, गरबरा माई, संसारी माई, करमुला माई, सपही माई र सालफा माईको पनि पूजा गर्ने चलन रहेको छ । छुटपुट वली यहाँ माघे संक्रान्तिमा पनि दिने चलन छ भने फागु पूर्णिमामा पुजारीको घरमा वली दिने चलन रहेको छ ।

गढीमाई श्रद्धालुहरूको लागि एउटा आस्थाको केन्द्र बिन्दुको रुपमा रहेको छ । विश्वमा नै गढीमाईलाई सबैभन्दा बढी वली चढाईने

शक्तिपीठको रुपमा लिन सकिन्छ। श्रद्धापूर्वक यस मन्दिरमा पूजा गरेमा हरेक किसिमको समस्या सामाधान हुनुको साथै मनको इच्छा पूरा हुने जनविश्वास रहेको छ। मनोकांक्षा पूरा हुनेले आफ्नो भाकल अनुसार राँगा, बोका, हाँस, परेवा लगायतको वली दिने चलन रहेको छ।

### हालको अवस्था

उक्त मन्दिरको भौतिक अवस्था राम्रो रहेको छ भने स्थानीय निकायबाट अन्य पूर्वाधारहरू पनि निर्माणाधीन अवस्थामा रहेका छन्। यो मन्दिरको नाममा कूल २० बिगाहा जग्गा रहेको पुजारी शिब चौधरीले बताउनु भयो जसमा ८ बिगाहा धान खेती र बाँकीमा मन्दिर परिसर, स्कूल, पोखरी रहेको छ। धान तथा पोखरीको आम्दानी स्कूलमा लगाउने गरेको छ भने मन्दिरको आम्दानी पुजारीले लिने गरेका छन्।

यो गढीमाई मन्दिर संचालनार्थ २२ सदस्यीय विकास समिति गठन गरेको पाईयो। जसको अध्यक्षमा रामचन्द्र साह तेली रहनु भएको छ। जसमा ९ पदाधिकारीहरू तथा अन्य पदेन सदस्यहरू रहेका छन् तर यस समितिमा कुनै पनि थारू समुदायको व्यक्तिलाई समावेश गरिएको छैन। पुजारीलाई पनि पदेन सदस्यको रुपमा राखेको छैन।

पूरातत्व विभागको बारा जिल्लाको भौतिक, साँस्कृतिक सम्पदाको सर्बेक्षण -२०६६/०६७ अनुसार कर्नाटक बंशीय राजाहरूको पालादेखि यो गढीमाई शक्तिपीठको रुपमा रहेको छ। एक समयमा राजगुरू झाँक्रीले कुश र घाँस काटी बाघले दाँई गरी त्यसबाट असल चामल बनाउन सफल भई आफ्नो पुग्ने खर्च निकालेको थियो। उक्त कार्य राजाले हेरिरहेका थिए। राजाले निज झाँक्रीलाई बोलाई यो कसरी गरेको भनेर सोध्दा यो कलकत्ताको कालीमाईको शक्तिले गर्दा गरेको बताएका थिए। त्यसपछि राजालाई कालीमाईको दर्शन गर्ने तिब्र इच्छा जागेर तान्त्रिकलाई कालीमाईको दर्शन गराउनलाई आदेश भएको थियो। पहिला त तान्त्रिकले यो सम्भव छैन भन्दा तान्त्रिकलाई मारिदिने धम्की दिएको कारण उसले कालीमाईको दर्शन गरेमा यो ठाउँको १४ कोस जमीन पत्थर हुने बताएता पनि राजाले जिद्दी गरेको कारण झांक्रीले कालीमाईलाई कलकत्ताबाट पटना, बेतिया ल्याई राजालाई पुनः विन्ति गर्दा पनि नमानेपछि बिरगञ्जमा राजदेवीको रुपमा ल्याएको र राजाले पुनः नमानेको कारण बरियारपुरमा गढीमाईको रुपमा ल्याएको, तत्पश्चात् सिम्रौनगढमा ल्याइ राजालाई दर्शन गराएकोमा देवीले आफनो हातको बाला देखाउँदा १४ कोस पत्थर भएको थियो भने किंबदन्ती रहेको छ। जे जसो भएता पनि आदिबासी थारू समुदाय परम्परागतरुपमा मूल पुजारी रहेका छन्। यो शक्तिपीठ ऐतिहासिक रहेको छ।

## २.२ अमाब महादेव (अम्बेश्वर महादेव)

यो अमाब महादेवको मन्दिर बारा जिल्लाको कोल्हवी नगरपालिका वडा नं. १० अमाबमा रहेको छ। यो मन्दिर सदरमुकाम कलैयादेखि १२ किलोमिटर पूर्वमा अवस्थित रहेको छ। यो स्थानसम्म पुग्नको लागि ग्राबेल बाटो तथा पीच बाटो प्रयोग गर्न सकिन्छ।

### ऐतिहासिक पृष्ठभूमि

करिब २५० वर्ष पहिलाको कुरा हो। अमाब गाउँ बस्ने स्थानीय आसा चौधरीले हाल स्थापित रहेको स्थानमा महादेव रहेको सपना देख्नु भएको र उक्त स्थानमा निजले सफा गरी खन्दा महादेवको मूर्ति फेला परेको थियो। निजले नै उक्त स्थानमा महादेवको मूर्ति स्थापना गरी पूजापाठ गर्न थालेको र पछि सबैले मिलेर मन्दिर निर्माण गरेको हो। अमाब भन्ने स्थानमा फेला परेकोले उक्त महादेवको नाम अमाब महादेब रहन गएको हो। हाल अम्वेश्वर महादेव मन्दिरको नामले चिनिने गरिएको छ। उक्त नामबाट नै गा.वि.स.को नाम रहेकोमा नगरपालिका बनाउँदा यसलाई कोल्हवीमा समाबेस गरेको छ।

### आस्था र जनविश्वास

यो मन्दिरमा शिवरात्री, श्रीपञ्चमी तथा साउनको सोमबारमा जल चढाउने गरिएको छ। पूजारीले नित्य दिन पूजा गरेता पनि भक्तजनहरू जहिले पनि पूजा र दर्शन गर्न सकिन्छ। उक्त समयमा यो स्थानमा मेला पनि लाग्ने गरेको मन्दिरको पुजारीले जानकारी गराउनु भएको थियो। यो महादेवमा पूजा गर्दा र दर्शन गर्दा उचित फल प्राप्त हुनुको साथै सम्वृद्धि हुने जनविश्वास रहेको छ। जसले गर्दा नै यहाँ प्रत्येक बुधबार सामूहिक रुपमा सत्संग तथा भजन कीर्तन हुने गरेको छ।

### हालको अवस्था

यो महादेवको मन्दिर भौतिक रुपमा राम्रो रहेको छ । मन्दिरको पुजारी अर्जुन भगत थारूको अनुसार मन्दिर परिसर करिब २ बिगाहा क्षेत्रफलमा रहेको छ । अन्य स्थानमा मन्दिरको नाममा २ बिगाहा १० कट्ठा धान खेत समेत रहेको छ । मन्दिर परिसर भित्र अम्वेश्वर महादेवको मन्दिर, गणेश, हनुमानको मन्दिर, विवाह मण्डप, पुजारी बस्ने कोठा तथा सतसंगको लागि भवन रहेको छ । मन्दिर संचालन भक्तजनहरूले चढाएको दान दक्षिणा तथा खेतीबाट प्राप्त आम्दानीबाट भईरहेको छ ।

## २.३ बारा गढीमाई

### परिचय

बारा गढीमाईको स्थापना कहिले भएको यकिन नभएता पनि यो बरियारपुर गढीमाई भन्दा पनि पूरानो रहेको पुजारी राम बहादुर चौधरी थारूले जानकारी गराउनु भयो । वहाँको अनुसार बारा गढीमाईले सपनामा धनराज प्रसाद बछार थारूलाई म उक्त स्थानमा रहेकोले मलाई स्थापित गरी पूजा गरेमा सुख प्राप्ति हुनेछ भनि सपनामा दर्शन दिएकोले निज समेत ७ गाउँको थारू धामीहरूले उक्त देवीको स्थापना गरेका हुन् । तत् पश्चात विधिवत रुपमा पूजा गरी हाल एक धार्मिक सम्पदाको रुपमा स्थापित भई जनआस्थाको केन्द्र बिन्दु बनेको छ ।

उक्त बारा गढीमाई परिसरमा पूजा सामग्रीको ब्यापार गर्दै बसेका जोगिन्दर साहको अनुसार पथलैया बिरगञ्ज सडक शुरुमा बन्न लागेको बेलामा उक्त बारा गढीमाई नजिक काम गर्ने क्रममा मेसिन भाँचिने, दिनभरी काम गरेता पनि भोलि पल्ट भत्किने गरेकोमा सडकको ठेकदारले बारा गढीमाईको पूजा गरी बोका वली दिएपछि काम सहज भएको थियो भनि जानकारहरूले बताउने गरेको जानकारी गराउनु भएको छ ।

### मूल्य- मान्यता र जनविश्वास

यो बारा गढीमाई बारा जिल्लाको शक्तिपीठहरू मध्येको एक हो । यो गढीमाईमा दशैंमा मेला लाग्ने तथा नवमीमा वली चढाउने परम्परा रहेको छ । वलीको रुपमा बोका, हाँस, परेवा, कुखुरा आदि चढाउने गरिएको छ । यो गढीमाई मन्दिरमा भक्ति र श्रद्धापूर्वक पूजा आराधना गरेमा बिग्रेको काम बन्ने तथा मनमा चिताएको पूरा हुने जनविश्वास रहेको छ । यो गढीमाई मन्दिर धार्मिक आस्था तथा विवाह ब्रतबन्धको पनि केन्द्र बिन्दु बन्न पुगेको छ ।

### हालको अवस्था

बारा गढीमाई मन्दिरमा नित्य दिन पूजा गर्नको लागि ४ जना पुजारीहरू रहेका छन् । हाल राम बहादुर चौधरी थारू उक्त गढीमाई मन्दिरको मुख्य पुजारीको रुपमा रहेका छन् । मुख्य पूजारीको रुपमा निज धनराज प्रसाद बछार थारूको बंशजहरू नै रहेका छन् । मन्दिरको सरसफाई लगायतको अन्य कार्य उक्त पूजारीहरूबाट नै हुने गरेको उनीहरूले जानकारी गराएका छन् । मन्दिर परिसर १ बिगाहा ३ कट्ठा क्षेत्रफलको रहेको छ । उक्त परिसर भित्र धर्मशाला, विवाह मण्डप, सतसंग भवन रहेको छ भने चित्रगुप्त मन्दिर निर्माणाधीन अवस्थामा रहेको छ ।

मन्दिरको भौतिक अवस्था राम्रो रहेको छ । मेला संचालन तथा मन्दिर व्यवस्थापनको लागि समिति गठन गरिएको छ जसको अध्यक्षमा राम अयोध्या बि.क. रहेका छन् । व्यवस्थापन समितिले मन्दिर संचालनको लागि खासै सहयोग नगरेको पुजारीहरूको गुनासो रहेको छ । अन्य निकायहरूबाट सहयोग प्राप्त भएको छैन । पूर्वाधार निर्माण तथा अन्य खर्च चन्दादाता तथा मन्दिरको भेटीले हुने गरेको छ ।

## २.४ सहजनाथ महादेव (काँटघाँट महादेव)

### परिचय

सहजनाथ महादेवको मन्दिर बारा जिल्लाको कोल्हबी नगरपालिका वडा नं.७ सहजनाथको जंगलमा अवस्थित रहेको छ । यो मन्दिर सदरमुकाम कलैयादेखि १२ किलोमिटर उत्तरमा रहेको छ भने लोकमार्गको सहजनाथबाट ४ किलोमिटर दक्षिणमा काँटघाँट गाँउभन्दा उत्तर २ किलोमिटर मा अवस्थित छ । यो मन्दिर सम्म पुग्नको लागि ग्राबेल बाटो रहेको छ ।

## ऐतिहासिक पृष्ठभूमि

करिब २५० वर्ष वा सोभन्दा अगाडिको कुरा हो, स्थानीय थारू समुदायका व्यक्तिहरू जंगलमा गाई चराउन गएकोमा घना जंगलमा बाघसँगको जम्काभेटले गर्दा गाईहरू जंगलमा यत्रतत्र भागेर गएकाले गोठालाहरू रित्तै घर फर्किदा बुवाहरूले गाई किन नल्याएको भनी गाली गरेकाले गोठालाहरू रिसले पुनः जंगलमा गई गाई खोज्दा खोज्दै रात परेको र बाटो पनि बिर्सेकाले बाघ, भालु इत्यादि जनावरहरूको डरले रात बिताउनको लागि ठूलो रुखमा चढेकोमा राती रुखमा चढेको बेलामा महुलीको रुख मुनि केही बलेको देखेका र बिहान भएपछि त्यस रुखमुनि गएर झारपातहरू हटाएर हेर्दा शिवलिंग जमीनभन्दा माथि फेला परेको हुँदा बिहान बुवाहरूले तिमीहरू रात भरि कहाँ रहेको भनि सोधखोज गर्दा रातीको सबै कहानी सुनाएकाले सबै गाउँलेहरू बाटो पछ्याउँदै जंगलमा गई खोजी गर्दा उक्त स्थानमा पुग्न सफल भई शिवलिंगलाई जमीन मुनिबाट बाहिर ल्याई स्थापित गरेका थिए। यसरी सजिलैसँग शिवलिंग फेला परेकोले उनीहरू थारू भाषामा सहजे भेट गेलौ महादेव अर्थात् सजिलैसँग महादेव भेटियो भनी खुशी व्यक्त गरी उक्त महादेवको नाम नै सहजनाथ राखेको जनविश्वास रहेको छ। नजिकै रहेको काँट खोलाबाट पानी ल्याई पूजापाठ गरी जल अर्पण गरी पूजा शुरु गरेका थिए। काँटघाँटमा रहेका थारू समुदायले यसलाई पत्ता लगाएकाले यसलाई काँट महादेव पनि भन्ने गरिन्छ।

त्यस बेलादेखि नै उक्त लिंगको स्थापना जंगलमा गरी पूजा गर्न शुरु भएको हो। राणा शासन कालमा जितपुरका एक जना व्यापारी भोलाराम चौधरीलाई मुद्दा लगाएको कारण उनी काँटघाँट गाउँमा लुकी बसेको र सहजनाथ महादेवको पूजा गरी मुद्दा जित्ने मनोकांक्षा राखेकोमा उक्त मुद्दा निजको पक्षमा फैसला भएकोले निजले मन्दिरको नाममा जग्गा दान गरेका थिए भने २०२१ सालमा सहयोग प्रदान गरी मन्दिर निर्माण गरिएको थियो।

## मूल्य- मान्यता र जनविश्वास

यो मन्दिरमा महाशिवरात्रीमा १ हप्तासम्म मेला लाग्ने गरेको छ। त्यस्तै साउन महिना भरी मेला लाग्ने गरेको छ भने प्रत्येक धनतेरसमा मेला लाग्ने तथा भव्यरुपले पूजापाठ हुने गरेको छ।

यस मन्दिरमा दर्शन गर्नको लागि नेपाल लगायत भारतको विभिन्न स्थानबाट पनि भक्तजनहरू आउने गरेको कुरा मन्दिर परिसरमा वर्षौदेखि व्यापार गर्दै आएका आत्माराम चौधरीले जानकारी गराए।यस मन्दिरमा पूजा गरेमा वा ब्रत राखी भक्तिपूर्वक आराधना गरेमा सुख सम्बृद्धि बढनुको साथै धन लाभ तथा दाम्पत्य जीवन सफल हुनुको साथै मागेको वर/वधु प्राप्त हुने जनविश्वास रहेको छ। मन्दिरको उत्तरपट्टि धुनी घर छ जहाँ विगत २०० वर्षदेखि अनवरतरुपमा धुनी वलीरहेको छ। उक्त धुनीको दर्शन गरेमा र भु-भुतको टिका लगाएमा लाभकारी हुने जनविश्वास पनि रहेको छ।

## हालको अवस्था

मन्दिरको भौतिक अवस्था राम्रो रहेको छ भने परिसरभित्र राधाकृष्ण, हनुमान, गणेश, सोमेश्वरनाथ मन्दिर तथा धर्मशाला लगायतका पूर्वाधारहरू रहेका छन्। मन्दिरभन्दा उत्तरपट्टि पुजारी बस्ने घर तथा नजिकै पूर्व उत्तरपट्टि सानो पोखरी रहेको छ। मन्दिर विकासको लागि ११ सदस्यीय समिति पनि गठन गरिएको छ जसको अध्यक्षमा बिकाउ चौधरी रहेका छन्। उनका अनुसार मन्दिरमा समिति गठन भए पश्चात् जग्गाको खोजी गर्दा भोलाराम चौधरीले दान दिएको जग्गा हाल निजकै बंशजहरूले उपभोग गरिरहेकाले मन्दिरको नाममा नआएको तथापि मोटामोटी १५ बिगाहा सार्वजनिक जग्गामा मन्दिर रहेको छ भने १ बिगाहा भन्दा बढी जग्गा राधाकृष्ण मन्दिरको नाममा रहेको छ।

सहजनाथ मन्दिर परिसरमा रहेका सम्पूर्ण मन्दिरको नित्य पूजा गर्नको लागि पुजारीको रुपमा ४ जना रहेका छन्। मुख्य पुजारी नागा बाबा दिलिप पुरी थारू रहनु भएको छ। निजको घर बरियारपुर रहेको र सानोमा नै भारतमा बसी नागा बनी फर्केर बिगत २२ वर्षदेखि उक्त मन्दिरमा पुजारीको रुपमा रहनु भएको छ। साध्वीको रुपमा स्थानीय काँटघाँटका काली पुरी थारू रहेकी छिन् भने शम्भुदास बैरागी पनि पुजारीको रुपमा रहनु भएको छ।

मन्दिर व्यवस्थापन र पुजारीहरू बीच केही तालमेलको कमी रहेको देखिन्छ। पुजारीहरूको गुनासो समितिले मेलाको आम्दानी केही नदिने गरेको छ भने व्यवस्थापन पक्षको गुनासो मन्दिरमा चढाएको रकम कुनै पारदर्शी नरहेको र यसमा बाबा (पुजारी)ले एकलौटी गरेको भन्ने छ। मन्दिरमा स्थानीय निकायबाट सहयोग प्राप्त नभए पनि चन्दा दाता र भेटीबाट नै मन्दिर संचालन भईरहेको छ।

## २.५ बारागढी गढीमाई

### परिचय

बारागढी गढीमाई बारा जिल्लाको करैया गाउँपालिका वडा नं. ७ बारागढी भन्ने स्थानमा रहेको छ । यो स्थान सदरमुकाम कलैयादेखि १२ किलोमिटर पूर्व उत्तरमा रहेको छ । यो स्थानसम्म पुग्नको लागि ग्राबेल बाटो रहेको छ । खुल्ला चौरमा पूर्व दक्षिण भागमा ढिस्को जस्तो माथि उठेको भागमा मन्दिर रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

यो गढीमाईको स्थापना कहिले भएको हो त्यसको बारेमा यथार्थ जानकारी नभएता पनि यस जिल्लामा रहेको अन्य गढीमाई सँगसँगै करिब २०० वर्ष अगाडि स्थापना भएको अनुमान गर्न सकिन्छ । यो स्थान गढी हो कि होइन यसको यकिन नभएता पनि समथर भूमिमा यो गढी स्वरुपको उच्च स्थान रहेकोले गढी नै हुन सक्ने अनुमान गर्न सकिन्छ । युद्ध सामग्रीहरू फेला नपरे पनि यो एक युद्धस्थल जस्तो देखिन्छ । गढीसँगै रहेको नीमको रुखमुनि नै गढीमाई प्राकृतिक रुपमा बिराजमान रहनु भएको स्थानीय चन्द्रिका चौधरीले जानकारी गराउनु भएको हो । उक्त स्थान कुनै पनि प्रकारको मूर्तिको स्वरुप नभए पनि प्राकृतिक रुपमा माटोको स्तुप रहेको र उक्त स्थानमा नै गढीमाई रहेको विश्वास छ ।

### मूल्य मान्यता र जनविश्वास

बारा जिल्लाको नाम यही गढीबाट हुन गएको मान्यता अनुसार यसको महत्व रहेको सहजै अनुमान गर्न सकिन्छ । यो गढीको साथ साथै एउटा शक्तिपीठको रुपमा पनि रहेको छ । यो गढीमा पञ्चमीमा मेला लाग्नुको साथै वली पनि चढाउने परम्परा रहेको छ । मूल गढीमाई माता नीमको रुखमुनि प्राकृतिक रुपमा बास गरेकोले वली पनि उक्त स्थानमा नै दिने गरिएको छ । यहाँ वलीको रुपमा राँगा, बोका, हाँस, परेवा लगायतका वलीहरू दिने गरिएको छ । यहाँ सालै पिच्छे वली प्रदान गर्ने परम्परा रहेको छ । पुजारीले पूजा गरि सकेपछि वली दिने चलन रहेको छ । मनोकांक्षा पूरा हुनेले यही पञ्चमीको दिन वली प्रदान गर्ने गरेका छन् । यहाँ पूजापाठ गरेमा पराक्रम बढने तथा दुष्ट आत्माबाट छुट्कारा पाउनुको साथै मनोकांक्षा पूरा हुने जनविश्वास रहेको छ । भाकल गरेर मनोकांक्षा पूरा हुनेले भाकल अनुसारको वली तथा मिठाई इत्यादि चढाउने चलन रहेको छ ।

### हालको अवस्था

यो गढीको माथि ढिस्कोमा रहेको माताको मन्दिर भौतिक रुपले राम्रो छ । गढी वरिपरि तीन तीर पर्खाल लगाएको छ भने पछाडि पट्टि पर्खाल लगाउन बाँकी नै रहेको छ । गढीको उत्तरपट्टि नीमको रुखमा मुख्य देवीको बास रहेको छ भने त्यसपछि क्रमशः अन्य देवी देवताहरूका मूर्तिहरू रहेका छन् । एउटा सानो मन्दिर भित्र रहेको गणेशको मूर्ति चोरी भएको स्थानीय शिव शंकर चौधरीले जानकारी गराउनु भएको छ । मन्दिरको पूर्व-उत्तरपट्टि पक्की धर्मशाला निर्माण गरिएको छ ।मन्दिर गाउँ टोलभन्दा बाहिर रहेको छ । मन्दिरमा पुजारी बस्ने व्यवस्था छैन । पुजारी घरबाट नै आएर पूजा गर्ने गरेको कुरा पुजारी मणीराम चौधरीले जानकारी गराए । यहाँको पूर्वाधारहरू स्थानीय स्रोतसाधन तथा चन्दा दाताहरूको सहयोगमा निर्माण गरिएको हो । यस गढीलाई व्यवस्थित गर्नुपर्ने आवश्यक्ता रहेको छ । यस गढीमा गढी व्यवस्थापन समिति रहेको छैन ।

# अध्याय तीन

## रौतहट जिल्ला

रौतहट नेपालको मधेश प्रदेशको दक्षिण-पूर्वी तराई क्षेत्रमा अवस्थित जिल्ला हो । यो जिल्लाको पूर्वमा सर्लाही, पश्चिममा बारा, उत्तरमा मकवानपुर र दक्षिणमा भारतको बिहार राज्यको सीतामढी र पूर्वी चम्पारण जिल्ला पर्दछ। रौतहट जिल्ला १,१२६ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ । यस जिल्लाको सदरमुकाम गौर हो । नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार रौतहट जिल्लाको जनसंख्या ८,१३,५७३ रहेको छ । यो जिल्लामा थारूको जनसंख्या ३३,०६६ रहेको छ ।

यो जिल्लामा २ गाउँपालिका र १६ नगरपालिका रहेका छन् । थारूहरू बसोबास गर्ने नगरपालिकाहरू मध्ये चन्द्रपुर, गुजरा, फतुवा विजयपुर, वृन्दावन, गरुडा र कटहरिया नगरपालिका हुन् । थारूहरू त्यहाँका पुराना बासिन्दा भएपनि ऐतिहासक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरू नासिँदै र माँसिदै गएका छन् । यस्ता सम्पदा संरक्षण नगरिए लोप भएर जाने सम्भावना छ ।

## ३.१ हनुमान मन्दिर

हनुमान मन्दिर रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नं. २ हरिनगर, माइठामा रहेको छ । लोकमार्गको चन्द्रनिगाहपुरबाट ९ किलोमिटर दक्षिण-पश्चिम र सदरमुकाम गौरबाट लगभग ३५ किलोमिटर उत्तरमा यो मन्दिर अवस्थित छ । १० धुर सार्वजनिक जग्गामा यो मन्दिरको निर्माण गरिएको छ । यो मन्दिर स्थापना वि.सं. २०५३ सालमा भएको हो । यस मन्दिरको पूजारी स्थानीय संतोषी चौधरी थारू रहेका छन् । उनका अनुसार यस मन्दिरमा बिहान बेलुका पूजापाठ तथा आराधना हुने गरेको छ । मन्दिर संचालन गर्नको लागि हनुमान आराधना मण्डल समिति गठन गरिएको छ । जसको अध्यक्ष उनी स्वयम् रहेका छन् । उनको पहल र स्थानीय बासीहरूको सहयोग र चन्दा संकलनबाट यो मन्दिर निर्माण भएको हो । मन्दिरमा शनिवार र मंगलवार विशेष पूजा आराधना हुने गर्दछ । यस मन्दिरमा पूजा आराधना गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास छ ।

## ३.२ शिव मन्दिर

शिव मन्दिर रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नं. ९ सिमरा भवानीपुरमा रहेको छ । यो मन्दिर लोकमार्गको चन्द्रनिगाहपुरबाट १५ किलोमिटर दक्षिण-पश्चिममा तथा सदरमुकाम गौरबाट लगभग ३७ किलोमिटर उत्तरमा अवस्थित छ । यो मन्दिर १ कट्ठा जग्गामा निर्माण गरिएको छ ।

### ऐतिहासिक पृष्ठभूमि

स्थानीय दिपेन्द्र पन्हर थारूको अनुसार मुखा साह भन्ने व्यक्तिलाई प्यारालाइसिस रोगले च्याप्यो । उनले ढुंगालाई पूजा गरेमा यो रोग निको हुने सपना देखेको भोलिपल्ट त्यो स्थानमा रहेको ढुंगालाई पूजा अर्चना गरेपछि उनको रोग पूर्णरुपमा निको भयो । त्यसपछि सोही स्थानमा त्यो ढुंगाको मूर्ति स्थापना गरी पूजापाठ गर्न शुरु गरी शिव मन्दिरको स्थापना गरियो ।

मन्दिर वरिपरी थारूको बाक्लो बस्ती रहेको छ । पछि स्थानीय थारू समुदायका व्यक्तिहरूले पनि यस मन्दिरमा पूजापाठ गर्न शुरु गरेपछि थारूहरूकै पहलमा यो मन्दिर निर्माण भएको हो । हाल मन्दिरको नाममा ४ कट्ठा जग्गा थप गरिएको छ । मन्दिरको संरक्षकको रुपमा दिपेन्द्र पन्हर थारू रहेका छन् भने पूजारीको रुपमा रामानन्द गिरी रहेका छन् । स्थानीय लालक चौधरीका अनुसार यस मन्दिरले बोलबम समूह गठन गरेको छ । उक्त समूहले उठाएको रु. दुई लाख तथा स्थानीय स्तरमा चन्दा संकलन गरी यो मन्दिर निर्माण गरिएको हो । शिव मन्दिरमा विशेष गरी सोमबार जल चढाउनेहरूको घुइँचो लाग्ने गर्छ । मन्दिरमा श्रीपञ्चमी र चैत्रको नवमीमा भव्य मेला लाग्ने गर्दछ । यो मन्दिरमा निष्ठापूर्वक पूजा गरेमा चर्म रोग तथा प्यारालाइसिस रोग निको हुने जनविश्वास छ ।

## ३.३ रामजानकी मठ

यो रामजानकी मठ रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नं. ९ भवानीपुरमा रहेको छ । मन्दिर लोकमार्गको चन्द्रनिगाहपुरबाट १२ किलोमिटर दक्षिण-पश्चिम तथा सदरमुकाम गौरदेखि ३४ किलोमिटर उत्तरमा अवस्थित छ । मठ २ कट्ठा १० धुर जग्गा निर्माण गरिएको छ ।

रामजानकी मठको संरक्षण समितिको अध्यक्षमा सुवल चौधरी रहेका छन् । उनकै पहलमा मन्दिर निर्माण भएको हो । मठ १०० वर्ष पुरानो भए पनि यसको भौतिक संरचना निर्माण भएको २५ वर्ष मात्र भएको छ । यो मठको पूजारी राम बालक दास रहेका छन् । मठमा कृष्ण जन्मअष्टमीको अवसरमा मेला लाग्ने गरेको छ ।

## ३.४ रामजानकी मन्दिर

रामजानकी मन्दिर रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका वडा नं. १० वालचनपुर पडरिया भन्ने स्थानमा अवस्थित छ । पडरिया चन्द्रनिगाहपुरबाट १० किलोमिटर दक्षिण र सदरमुकाम गौरदेखि ३२ किलोमिटर उत्तर गौर जाने बाटोमा रहेको छ ।

स्थानीय बन्धु चौधरीले दान दिएको ३ कट्ठा जमीन र मन्दिर सेवा समितिको नाममा रहेको १७ कट्ठा जमीन समेतको परिसरमा यो मन्दिर निर्माण गरिएको छ । मन्दिरको संरक्षणकर्ता स्थानीय बालचनपुरका प्रेम चौधरी रहेका छन् । स्थानीय वासिन्दाहरूको भनाई अनुसार यो मन्दिर करिब २०० वर्ष पूरानो रहेको छ । यस मन्दिर परिसरमा कृष्ण जन्माष्टमीमा भव्य मेला लाग्ने गरेको छ भने धनतेरस, विवाह पञ्चमी, बोलबमको बेलामा विशेष पूजा अर्चना हुने गरेको छ । यस मन्दिरमा भक्तिपूर्वक पूजापाठ गरेमा सन्तान प्राप्त हुने तथा मनोकामना पूरा हुने जनविश्वास छ । यस मन्दिरमा नवदम्पतीको विवाह समेत गर्ने चलन छ ।

## ३.५ हनुमान मन्दिर

हनुमान मन्दिर रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नं. ९ अम्तारवामा अवस्थित छ । यो मन्दिर लोकमार्गको चन्द्रपुरबाट ११ किलोमिटर दक्षिण-पश्चिममा पर्दछ भने सदरमुकाम गौरबाट ३२ किलोमिटर उत्तरमा पर्दछ ।

यस मन्दिरको संरक्षणकर्ता तथा निर्माणकर्ता स्थानीय सोभलाल चौधरी रहेका छन् । उनको अगुवाईमा स्थानीय वासिन्दाहरूले चन्दा संकलन गरी यो मन्दिर निर्माण भएको हो ।उक्त स्थानमा १०० वर्ष अगाडि देखि नै पूजा पाठ हुँदै आएता पनि मन्दिर १५ वर्ष अगाडि निर्माण भएको हो । यस मन्दिरमा श्रद्धालु तथा हनुमान भक्तहरूले निष्ठा पूर्वक पूजापाठ नगरेमा अनिष्ट हुने जनविश्वास छ ।

## ३.६ गढीमाई मन्दिर

गढीमाई मन्दिर रौतहट जिल्ला अन्तर्गत गुजरा नगरपालिका वडा नं. ९ भंगहामा अवस्थित छ । लोकमार्गमा रहेको चन्द्रनिगाहपुर बजारबाट १३ किलोमिटर दक्षिण- पश्चिम तथा सदरमुकाम गौरबाट लगभग ३५ किलोमिटर उत्तरमा रहेको छ । मन्दिर परिसर करिब २ कट्ठा १० धुरको छ । मन्दिर व्यवस्थापन समितिले थप ४ कट्ठा जग्गा पनि उपभोग गरिरहेको छ । उक्त जग्गाको आम्दानीबाट नै मन्दिरको पूजारीको खर्च तथा कोषको स्थापना हुने गरेको छ । उक्त मन्दिरको पूजारीको रुपमा हाल जग्गा चौधरी थारू रहेका छन् । यस मन्दिरको अध्यक्षमा सन्त चौधरी थारू तथा सचिवमा सिकन्दर चौधरी थारू रहेका छन् । उनीहरूको प्रयासबाट करीब १२ वर्ष अगाडि मन्दिर निर्माण गरिएको हो ।

### ऐतिहासिक पृष्ठभूमि

स्थानीय किम्वदन्ती अनुसार मन्दिर स्थापना भएको स्थानदेखि १५ सय मिटरको दूरीमा सिमलको रूखनिरको खेतमा एउटा राँगा आउने गर्थ्यो र खेतको बाली खाई नष्ट गर्ने गर्थ्यो । यो घटना दिउँसै हुने गरेता पनि स्थानीयहरू त्यस ठाउँमा जाँदा राँगा देखा पर्दैनथ्यो भनी स्थानीयबासी सन्त चौधरी बताउँछन् । त्यही स्थान नजिक गढ छ भनी थाहा भयो र उत्खनन्को क्रममा ढुङ्गाको मूर्ति समेत फेला परेकोले धामी परिवारका थारूहरूले भेट्टाएको त्यो ढुङ्गाको मूर्ति गढीमाईको नाममा स्थापना गरी पूजापाठ गर्न शुरु गरिएको हो । मन्दिरमा गढीमाईको पूजा हुने गर्दछ । मन्दिरमा पूजा गर्नाले मनोकांक्षा पूरा हुने जनविश्वास छ । यस मन्दिरमा पूजा गर्दा शारीरिक रोग निको हुने जनविश्वास रहेको छ । मन्दिरमा प्रत्येक वर्ष असार महिनामा विशेष पूजा हुने गरेको छ भने पूजामा खीर, ल● चढाउने चलन रहेको छ । साथै बोका र परेवाको वली चढाउने गरिन्छ । पाँच पाँच वर्षमा मंसिर महिनाको पञ्चमीमा भव्य मेलाको आयोजना हुने गरेको छ भने भक्तजनहरू टाढा टाढाबाट मेला भर्न आउने गर्दछन् ।

## ३.७ श्री बुद्ध भिमेश्वरनाथ महादेव मन्दिर

यो मन्दिर रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नं. ७ परवामा अवस्थित छ । मन्दिरको प्रचलित नाम भुवनेश्वर महादेव पनि हो । यो मन्दिर लोकमार्गमा रहेको चन्द्रनिगाहपुरदेखि १७ किलोमिटर दक्षिण-पश्चिम र सदरमुकाम गौरदेखि लगभग ३५

किलोमिटर उत्तर- पश्चिममा रहेको छ।

यो मन्दिरको संरक्षण र विकासको लागि बुद्ध भिमेश्वर नाथ महादेव मन्दिर संरक्षण समिति गठन गरिएको छ। उक्त समितिको अध्यक्षमा राम गरसेन चौधरी थारू रहेका छन्। मन्दिर १ कट्टा जग्गामा निर्माण गरिएको भएता पनि मन्दिर संरक्षण समितको नाममा थप १० कट्टा जग्गा रहेको छ। जग्गा नै मन्दिरको आम्दानीको श्रोत रहेको छ। मन्दिरको निर्माण स्थानीय स्तरमा चन्दा संकलन गरी बनाएको हो। हाल मन्दिर रहेको स्थानमा पहिला चुरे जंगल थियो। स्थानीय रुपनारायण चौधरी थारूले राती सपनामा देवताको दर्शन गरेको र सो कुरा भोलिपल्ट उनले स्थानीय व्यक्तिहरूलाई सुनाउँदा उक्त स्थानमा उत्खनन् गर्दा ढुंगाको चट्टान र मूर्तिहरू पाइएको थियो। तर प्रशासनले थाहा पाएपछि उत्खननमा रोक लगाएको थियो र केही दिनको लागि काम बन्द भएता पनि स्थानीय बासीहरूको पहलमा पुनः उत्खनन् शुरु भइ प्राचीन ढुङ्गाको मूर्तिलाई पूजापाठ गर्ने काम शुरु भएको हो। त्यसपछि भुवनेश्वर महादेवको रुपमा र पछि बुद्ध भिमेश्वरनाथ महादेवको नाममा मन्दिर निर्माण भएको हो।

यस मन्दिरमा प्रत्येक आइतवारको दिन भक्तजनहरूले जल चढाउने गरेका छन्। मन्दिरको पूजारीबाट प्रत्येक दिन बिहान र बेलुका पूजा हुने गरेको छ। श्री पञ्चमी र फागुन महिनाको १३ गते यस मन्दिरमा भव्य मेला लाग्ने गरेको छ। मन्दिरमा भक्तिपूर्वक पूजा गरेमा सन्तान प्राप्ति हुने, रोगव्याधि निको हुने तथा मनोकांक्षा पूरा हुने जनविश्वास छ।

## ३.८ श्री गढीमाई

श्री गढीमाई मन्दिर रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नं. ४ कनकपुरमा अवस्थित छ। यो मन्दिर लोकमार्ग चन्द्रनिगाहपुरबाट १८ किलोमिटर दक्षिण-पश्चिम तथा सदरमुकाम गौरबाट लगभग ४२ किलोमिटर उत्तरमा अवस्थित छ। गढीमाई मन्दिर १ कट्टा जग्गामा निर्माण गरिएको छ भने मन्दिरको व्यवस्थापन तथा विकास परिषद्को नाममा थप ४ कट्टा जग्गा पनि रहेको छ।

मन्दिर व्यवस्थापनको अध्यक्षमा भुपेन्द्र कोइरी रहेका छन्। यो मन्दिर आधुनिक गुम्बज शैलीमा निर्माण गरिएको छ। मन्दिर निर्माणको लागि स्थानीय स्तरमा चन्दा संकलन तथा गुजरा नगरपालिकाबाट दश लाख तथा पूर्व प्रहरी महानिरीक्षक प्रदिप शमसेर जबरा ज्यूबाट रु. ३,००,००० (तीन लाख) सहयोग प्राप्त भएको थियो। मन्दिरको पूजारी स्थानीय कान्तिदेवी चौधरी थारू रहेकी छन्। उनको पूर्वजले दान स्वरुप जग्गा प्रदान गरेको जग्गामा मन्दिर निर्माण गरिएको छ। उनको पुर्खाबाट निरन्तर पूजापाठ हुँदै आइरहेको छ। मन्दिरमा मंसिर महिनाको विवाह पञ्चमीको दिन मेला लाग्ने गर्दछ। यसको अलावा दशैंको अवसरमा पनि यस मन्दिरमा भक्तजनहरूले पूजापाठ गर्ने गर्दछन्। प्रत्येक पाँच पाँच वर्षमा यहाँ भव्यरुपमा मेला लाग्ने गरेको छ।

## ३.९ रामजानकी मठ

यो रामजानकी मठ रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नं. ४ कनकपुरमा अवस्थित छ। लोकमार्गमा रहेको चन्द्रनिगाहपुरबाट लगभग १७ किलोमिटर पश्चिम-दक्षिण तथा सदरमुकाम गौरदेखि लगभग ४१ किलोमिटर उत्तरमा रहेको छ।

स्थानीय बासीहरूको अनुसार यो मठ २०० वर्ष पूरानो हो। यो मठको पूजारी केबर दास रहेका छन्। मठको निर्माणको लागि रामजानकी मठ व्यवस्थापन समिति पनि गठन गरिएको छ। जसको अध्यक्षमा हाल स्थानीय कमल चौधरी थारू रहेका छन्। यो मठ करिब १० धुर जग्गामा रहेको छ। मठको नाममा १ बिगाहा १५ कट्टा जग्गा रहेको छ। उक्त जग्गाबाट भएको आम्दानीबाट नै यस मठको व्यवस्थापन हुँदै आएको छ। मठ पूरानो तथा जिर्ण अवस्थामा रहेको छ। मठमा कृष्ण जन्माष्टमीमा भव्य मेला लाग्ने गरेको छ। मठमा पूजा गर्नाले सन्तान प्राप्ति हुने तथा मनोकांक्षा पूरा हुने जनविश्वास रहेको छ। सन्तान प्राप्त भएकोले स्थानीय सियाराम चौधरीले मठ परिसरमा शिव मन्दिरको स्थापना गरिदिएका छन् भने मनोकांक्षा पूरा भएपछि भगवानी देवी चौधरीले हनुमान मन्दिरको निर्माण गरिदिएकी छन्।

## ३.१० रामजानकी मठ

रामजानकी मठ रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नं. २ मा अवस्थित छ। यो मठ लोकमार्गको चन्द्रनिगाहपुरबाट १३ किलोमिटर पश्चिम तथा सदरमुकाम गौरबाट लगभग ४४ किलोमिटर उत्तरमा अवस्थित रहेको छ। यो मठ स्थानीय थारू समुदायले रामजानकीको रुपमा निर्माण गरेको हो। मठको परिसरमा राम, सीता र हनुमानको मूर्ति रहेको छ। मठ २५० वर्ष पूरानो मानिन्छ। हाल मठ व्यवस्थापन समितिको अध्यक्षमा तेजनारायण चौधरी थारू रहेका छन्। मठ परिसरमा १० कट्टा जग्गा छ। स्थानीय मलेसी पटवारी थारूले उक्त जग्गा दान दिएका हुन्। यस मठको पूजारी दिना चौधरी थारू रहेका छन्।

स्थानीय तेज नारायण चौधरीका अनुसार यो मठमा प्रत्येक ३ वर्षमा भण्डारा हुने गरेको छ। जसमा १०० देखि १५० जना साधु सन्तहरूलाई आमन्त्रण गरिएको हुन्छ। उक्त भण्डाराको लागि बारा, सर्लाही, रौतहट लगायतका जिल्लाहरू तथा भारतबाट समेत साधु सन्तहरूको उपस्थिति हुने गरेको छ। मठमा प्रत्येक २ वर्षमा अष्ठजाम ( अखण्ड कीर्तन) समेत हुने गरेको छ। मठमा पूजा गरेमा सन्तान प्राप्त हुने, सुस्वास्थ्य रहने, धन प्राप्त हुने जन विश्वास रहेको छ।

## ३.११ ब्रह्मस्थान रंगापुर

ब्रह्मस्थान रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नं. १ रंगपुरमा रहेको छ। ब्रह्मस्थान लोकमार्गको चन्द्रनिगाहपुरबाट लगभग ११ किलोमिटर दक्षिण-पश्चिममा अवस्थित रहेको छ। उक्त स्थानमा लगभग १०० थारू घर परिवारहरू बसोवास गर्दै आएका छन्।

स्थानीय राम आश्रय थारूका अनुसार उनीहरूले उक्त मन्दिरमा १२/१३ पुस्तादेखि पूजा गर्दै आएका हुन। यो स्थान करिब १ कट्ठा जग्गामा निर्माण गरिएको हो। ब्रह्मस्थान परिसरमा रहेको पिपलको रुख, काली, भगवती, नरसिंह देवताको पूजा अर्चना हुने गरेको छ। उक्त ब्रह्मस्थानमा रामसेवक थारू पूजारीको रुपमा रहेका छन्। यो थानमा प्रत्येक एकादशी, चैत्र नवमी, विवाह पञ्चमी, लक्ष्मी पूजा तथा दशैंमा समेत पूजापाठ हुने गर्दछ। यसका साथै सत्यनारायण पूजा तथा विशेष अवसरमा स्थानीयहरूले दियाबत्ती बाल्ने गरेका छन्।

## ३.१२ चन्देश्वर महादेव मठ

चन्देश्वर महादेव मठ रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका वडा नं. ६ मोतिपुरमा अवस्थित छ। यो मठ चन्द्रपुर चोकबाट ३ किलोमिटर दक्षिण-पूर्वमा रहेको छ। मठले ४ कट्ठा जग्गा चर्चेको छ भने चन्देश्वर महादेव मठ समितिको नाममा अन्य स्थानमा थप १ बिगाहा जग्गा रहेको छ। सो जग्गा नै यो मठको आयको स्रोत बनेको छ। मठको विकासको लागि सांसद विकास कोषबाट सहयोग तथा अनुगमन समेत हुने गरेको छ। मठ सञ्चालक समितिको अध्यक्षमा प्रेमलाल चौधरी र रामचन्द्र थारू रहेका छन्। मठको पूजारीको रुपमा सेवक दास रहेका छन्।

पूर्व वन अधिकृत सिधुलाल चौधरीका अनुसार यो मठ २०० वर्ष भन्दा पूरानो हो। यस ठाँउमा मोतिपुर हात्तिसार थियो जसको रेखदेख सबै थारू माहुते (महौथिया)ले गर्ने गर्दथे। उक्त स्थानमा नै यो मठको निर्माण भएको हो।

यो मठमा महाशिवरात्रि तथा श्रीपञ्चमीको अवसरमा मेला लाग्ने गरेको छ भने वार्षिक रुपमा अष्ठजाम पनि हुने गरेको छ। यो मठमा पूजा गर्नाले सन्तान सुख प्राप्त हुनुको साथै धन प्राप्त हुने जनविश्वास रहेको छ।

## ३.१३ मोतियाही मठ

मोतियाही मठ रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका वडा नं. ६ मोतियाहीमा रहेको छ। यो मठ चन्द्रनिगाहपुरबाट गौर जाने बाटोमा २ किलोमिटर दक्षिण- पश्चिमको भागमा रहेको छ। मठको निर्माण १५० वर्ष पहिले भएको हो। यो मोतियाही मठ संरक्षण समितिको संरक्षक जितेन्द्र चौधरी रहेका छन् भने समितिको अध्यक्ष रामानन्द चौधरी छन्। मठ जीर्ण अवस्थामा छ। मठमा शनिबार र आइतबार भक्तजनहरूबाट पूजापाठ हुने गर्दछ। मठमा कृष्णा जन्मअष्टमीमा भव्य मेला लाग्ने गर्दछ। मठको नाममा एउटा पोखरी पनि रहेको छ। उक्त पोखरीको आम्दानीबाट स्कूल सञ्चालनको लागि नगद सहयोग प्रदान गरिएको छ। उक्त मठ परिसरमा एक धर्मशाला बनाउनु पर्ने स्थानीयहरूको माग छ।

## ३.१४ किर्तिकेश कुँवर मेला

यो किर्तिकेश कुँवर मेला रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका वडा नं. ८ सन्तपुरमा रहेको छ। यो मेला लोकमार्गको चन्द्रनिगाहपुरबाट ४ किलोमिटर दक्षिणमा अवस्थित छ। यो किर्तिकेश कुँवर मेला मूर्ति घरको रुपमा प्रचलित रहेको छ। यस मूर्ति घरमा किर्तिकेश कुँवरको सातवटा मूर्ति बनाइ पूजापाठ गर्ने चलन छ। मूर्ति कार्तिक पूर्णिमाको अवसरमा बनाउने चलन रहेको छ। यो मूर्ति घरको स्थापना वि.सं. २०३४ साल मंसिर १० गते भएको हो।

समाचकेवा किर्तिकेश कुँवर मेला समितिको नाममा दर्ता रहेको जग्गामा यी मूर्तिहरूको निर्माण गरिएको छ। यस समितिको अध्यक्षमा रामचन्द्र चौधरी र सदस्यहरूमा बताही चौधरी थारू, रामचन्द्र चौधरी थारू, लक्ष्मीनारायण चौधरी थारू रहेका छन्।

किर्तिकेश कुँवर मेला कार्तिक पूर्णिमादेखि शुरु भइ ८/१० दिनसम्म लाग्ने गरेको छ। मेलामा युवा युवतीहरूको उत्साहवर्द्धक सहभागिता रहेको हुन्छ। मन्दिरको दर्शन र पूजा गरेमा आफ्नो इच्छाइएको जोडी प्राप्त हुने जनविश्वास रहेको छ।

## ३.१५ मुकेश्वर महादेव

मुकेश्वर महादेव मन्दिर रौतहट जिल्लाको फतुवा विजयपुर गाउँपालिका वडा नं. १० नासीटोलमा रहेको छ। यो स्थान लोकमार्ग देखि २५ किलोमिटर दक्षिणमा रहेको छ भने सदरमुकाम गौरबाट उत्तर-पश्चिम बारा जिल्लाको सिमानामा रहेको छ। मुकेश्वर महादेव व्यवस्थापन समितिको कोषाध्यक्ष राजकुमार चौधरी थारूका अनुसार मन्दिर परिसर ६ कट्ठा जमिनमा फैलिएको छ। यो मन्दिरको स्थापना वि.सं. २०५८ सालमा भएको हो। स्थानीय बासिन्दाहरूको चन्दा सहयोग र मन्दिर व्यवस्थापन समितिको अगुवाइमा नगरपालिकाको रु.१६ लाख आर्थिक सहयोगबाट यो मन्दिर निर्माण भएको हो।

स्थानीय बासिन्दाहरूको भनाई अनुसार हाल मन्दिर निर्माण गरिएको स्थानमा एउटा ढुङ्गाको मूर्ति फेला परेको थियो र उक्त ढुङ्गा शिवलिङ्ग आकारको रहेकोले यो ढुङ्गालाई स्थापना गरी पूजापाठ गर्न शुरु गरेको हो। यो मन्दिरमा कार्तिक महिनाको वालाचतुर्दशीमा महामेला लाग्ने गरेको छ।

## ३.१६ दुधियर्वा ब्रह्मबाबा

दुधियर्वा ब्रह्मबाबा मन्दिर रौतहट जिल्लाको फतुवा बिजयपुर नगरपालिका वडा नं. १० मा पर्दछ। लोकमार्ग तामागढीबाट २६ किलोमिटर दक्षिण र सदरमुकाम गौरबाट ४२ किलोमिटर उत्तर पश्चिममा अवस्थित छ। दुधियर्वा ब्रह्मबाबा स्थान भएको ठाउँमा थारू समुदायको घना बस्ती छ। यो मन्दिर स्थापना भएको १०औं पुस्ता भइसकेको स्थानीय बुद्धिजीवी तथा बिजयपुर खानेपानी उपभोक्ता समितिका अध्यक्ष भूप नारायण धामी थारूले बताएका छन्। यो मन्दिरको पूजारी स्थानीय मदन चौधरी थारू रहेका छन्। मन्दिरमा प्रत्येक वर्ष असार महिनामा स्थानीयहरूसँग चन्दा संकलन गरी खीर, ल● चढाइ पूजा पाठ गर्ने प्रचलन रहेको छ।

प्रत्येक पाँच-पाँच वर्षमा अनिवार्य रुपमा बोकाको वली प्रदान गर्ने परम्परा रहेको छ भने मुसा, परेवाको वली पनि उक्त अवसरमा दिने गरेको छ। जंगली मुसा जसलाई इनर मुसा भनिन्छ त्यसलाई जंगलबाट समातेर ल्याइ वली दिने गरिएको छ। जंगली मुसा समात्नको लागि नजिकको जंगलमा पान सुपारी राखी मुसालाई बोलाउने गरिन्छ। यसरी समातेर ल्याएको मुसालाई दुधियर्वा बाबालाई वली चढाउने परम्परा रहेको छ।

## ३.१७ कंकालनी माई मन्दिर

कंकालनी माई मन्दिर रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नं. १० को जंगलगैया भन्ने जंगल क्षेत्रमा अवस्थित छ। यो कंकालनी माई मन्दिर लोकमार्गको धनसारपुर भन्ने स्थानबाट १५ किलोमिटर दक्षिणमा र सदरमुकाम गौरबाट ४० किलोमिटर उत्तर-पश्चिममा अवस्थित छ। यो मन्दिर पशुपति सामुदायिक वनक्षेत्रभित्र रहेको छ। मन्दिरमा थारू समुदायले ११/१२ औं पुस्तादेखि पूजा गर्दै आइरहेका छन्। मन्दिरमा कोचिला वंशका थारू समुदायले आफ्नो कूल देवताको रुपमा पूजा गर्दै आएका छन्।

स्थानीयवासी मोहन चौधरी थारूका अनुसार यो मन्दिरमा प्रत्येक वर्ष असार महिनामा कूल देवताको पूजा हुने गरेको छ। थारू समुदायको बालबालिकाको मूण्डन पनि यही मन्दिरमा हुने गरेको छ भने मूण्डनको अवसरमा सुंगुरको वली समेत चढाउने गरिएको छ।

# अध्याय चार

## जिल्ला सर्लाही

### परिचय

सर्लाही मधेश प्रदेश अन्तर्गतको जिल्ला हो। यो जिल्लाको पूर्वमा महोत्तरी, पश्चिममा रौतहट,उत्तरमा सिन्धुली तथा दक्षिणमा भारतको विहार राज्य रहेको छ। यो जिल्ला कुल १,२५९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। जिल्लाको उत्तर-दक्षिण सरदर चौडाई ३२ किलोमिटर छ भने पूर्व-पश्चिम लम्बाई सरदर ४० किलोमिटर रहेको छ। नेपालको जनगणना २०७८ अनुसार सर्लाही जिल्लाको कुल जनसंख्या ८,६२,४७० रहेको छ जसमा थारू समुदायको संख्या २४,२७४ रहेको छ जुन जातीय जनसंख्याको आधारमा ९ औं स्थान हो। यस जिल्लामा १० वटा नगरपालिका र १० वटा गाउँपालिकाहरू रहेका छन् जसमा मुख्यरुपले थारूहरू हरिपुर, बरहथवा, ईश्वरपुर र लालबन्दी नगरपालिका तथा चन्द्रनगर गाउँपालिकाको हरिपुर, ईश्वरपुर, जब्दी, गौरीशंकर, ब्रह्मपुरी, लक्ष्मीपुर, बत्रोल, औरही, भगवतीपुर लगायतका स्थानहरूमा बसोवास गरेको पाइन्छ। यस जिल्लामा रहेका विभिन्न धार्मिक, ऐतिहासिक, साँस्कृतिक सम्पदाहरू मध्ये थारू समुदायसँग सम्बन्धित रहेका सम्पदाहरू निम्न अनुसार छन्।

## ४.१ चिताइन मन्दिर (लक्ष्मीनाथ महादेव)

### परिचय

चिताइन देवस्थल सर्लाही जिल्लाको हरिपुर नगरपालिका वडा नं. ७ अन्तर्गत चिताइन टोलमा रहेको छ। चिताइन भन्ने टोलमा स्थापित रहेकोले यस देव स्थलको नाम चिताइन रहन गएको स्थानीयको भनाइ छ। यो स्थल लोकमार्गको नवलपुरदेखि ७ किलोमिटर दक्षिण-पूर्वमा र सदरमुकाम मलंगवादेखि २० किलोमिटर उत्तरमा अवस्थित छ। उक्त स्थानसम्म ग्राबेल सडक भएर जान सकिन्छ।

यस देवस्थललाई श्री लक्ष्मीनाथ महादेव उत्पत्ति भएको ठाउँको रुपमा पनि मानिने गरिन्छ। श्री लक्ष्मीनाथ महादेव विकास समितिको नाममा रहेको १२ कट्ठा जग्गामा यो मन्दिर निर्माण गरिएको छ। मन्दिरको पूजारी स्थानीय मधुसुधन धामी थारू रहेका छन्। यसको संरक्षण र मन्दिर विकासको लागि ११ सदस्यीय समिति गठन गरिएको छ। जसको अध्यक्ष राजेन्द्र धामी थारू रहेका छन्। हाल उनले मन्दिरको विकास तथा संरक्षणको जिम्मेवारी निर्वाह गर्दै आइरहेका छन्। यो मन्दिरको पूजारीको रुपमा स्थानीय धामी परिवारका थारूहरू पुस्तौंदेखि रहँदै आएका छन्। मन्दिर निर्माणमा स्थानीयबासीहरू तथा स्थानीय तहले सहयोग गरेका छन्। स्थानीय चूडामणि धामी थारू मन्दिरको मूल संरक्षकको रुपमा रहेका छन्।


चिताइन मन्दिर (लक्ष्मीनाथ महादेव

स्थानीयबासीहरूको भनाइ अनुसार हरिपुर सोही महादेव मन्दिरको नामबाट नामाकरण भएको हो। साबिकमा यस ठाँउको नाम हरपुर थियो। हर भनेको महादेव र पुर भनेको स्थान हो। यसै महादेवको नामबाट हरपुर र पछि संशोधन भई हरिपुर नाम भएको हो। अहिले चिताइन भन्नाले मनले चिताएको पूरा हुने, चित्त शुद्ध हुने, चिताइन, सुन्दरता, रमणीय हुने पनि जनविश्वास रहेकोले यो मन्दिर वा देवस्थलको नाम चिताइन रहन गएको स्थानीयहरूको भनाइ छ।

## देवस्थलको उत्पति इतिहास



चिताइन मन्दिरमा जल चढाउने ठाउँ

यो देवस्थलको साबिक नाम लक्ष्मीनाथ महादेव थियो । देवस्थलको स्थापना वि.सं. १७३७ सालमा भएको हो । चुडामणि धामी थारूको अनुसार परापूर्वकालमा यस चिताइन भू-भागमा थारू र कछडिया दनुवारको मात्र बसोबास रहेको थियो । प्राचीन कालको कुनै एक समयमा सिबरक मिर्दाहा थारू समुदाय र कछडिया दनुवारहरू आफ्नो घर व्यवहारको लागि सामग्रीहरू लिन भारत विहार राज्यको सितामढी बैल गाडीमा जाने गर्दथे । यसै क्रममा एक दिन बाटोमा अति सुन्दर पत्थरमा सबैको नजर गएकोले सबैले त्यस पत्थरलाई बाटोको छेउमा ल्याएर राखी दिएको तर घर फर्किने बेलामा उक्त पत्थर पुनः सोही ठाउँमा नै देखा परेकोले उनीहरू उक्त पत्थरलाई घरमा ल्याएर राखेका थिए । राति सिबरक मिर्दाहा थारू र कछडिया दनुवारलाई तिमीहरूले मलाई स्थापना गऱ्यो भने तिमीहरूको धन धान्य हुनेछ भनी दर्शन दिएकोले हाल मन्दिर भएको ठाउँमा उक्त ढुङ्गालाई स्थापना गरी चिताइनको नामले पूजापाठ गर्न शुरु गरिएको हो ।

## मूल्य, मान्यता र जनविश्वास

यस चिताइन मन्दिरमा स्थानीय पूजारी मधुसुदन धामी थारूले बिहान र साँझ नियमित रुपमा पूजापाठ गर्दै आएका छन् । यो मन्दिरमा श्रीपञ्चमीदेखि जल चढाउन शुरु भइ शिवरात्रीसम्म लाखौं भक्तजनहरूले जल अर्पण गर्दछन् भने एक हप्तासम्म मेला पनि लाग्ने गरेको छ । यस मन्दिरमा मनवचन एकत्रित गरी जल चढाएमा मनोकांक्षा पूरा हुने जनविश्वास छ । कुनै पनि व्यक्तिको हात खुट्टा वा शरीरको अन्य भागमा कोठी, दुवी र मुसा भएको खण्डमा शिवरात्रीको दिन भन्टाको भार चढाएमा निको हुने जनविश्वास छ ।

# ४.२ थारू संग्रहालय





निर्माणाधीन थारू संग्रहालय

थारू संग्रहालय सर्लाही जिल्लाको हरिपुर नगरपालिका वडा नं. ७ को चिताइन टोलमा अवस्थित छ । यो संग्रहालय लोकमार्गदेखि ६ कि.मी. दक्षिण-पूर्वमा तथा सदरमुकाम मलंगवादेखि १९ किलोमिटर उत्तरमा रहेको छ । उक्त संग्रहालय हाल सार्वजनिक जग्गामा रहेको छ । स्थानीय थारू समुदायका व्यक्तिहरूको प्रयासमा यो थारू संग्रहालय भवन निर्माणको क्रममा रहेको छ । हाल यो एउटा सानो घरमा सञ्चालनमा छ । यो संग्रहालयको लागि स्थानीयहरूको प्रयासमा पोखरीमा माछा उत्पादन गरी त्यसबाट प्राप्त आम्दानीबाट यसको सञ्चालन गर्ने प्रयास गरेको देखिन्छ । संग्रहालयमा थारूहरूको परम्परागत रुपमा प्रयोग गर्ने हलो, कोदालो, कुटो, बैलगाडा, हस्तकलाका सामग्रीहरू, निर्माण सामग्रीहरू आदि संकलन गरी राखिएका छन् । स्थानीयहरूको भनाइ

अनुसार हाल आधुनिक संग्रहालय निर्माणको लागि पनि पहल भइरहेको छ । संग्रहालयको निर्माणमा संघ, प्रदेश र स्थानीय तहबाट सहयोग गर्नु पर्ने आवश्यकता देखिन्छ ।

## ४.३ कालिकास्थान मन्दिर

### परिचय

यो कालिकास्थान मन्दिर सर्लाही जिल्लाको हरिपुर्वा नगरपालिका वडा नं. ६ कालिका चौरी (पर्ति जग्गा भएको ठाउँ) मा रहेको छ । यो मन्दिर लोक मार्गको फुलजोरदेखि १७ किलोमिटर दक्षिण तथा सदरमुकाम मलंगवादेखि १० किलोमिटर उत्तरमा अवस्थित छ । यो कालिका मन्दिरमा कालिका देवीको पूजा अर्चना गर्ने गरिन्छ । कालिका मन्दिरले मात्र १५ धुर जग्गा चर्चेको भएता पनि कालिका मन्दिर संरक्षण समितिको नाममा भने १० कट्ठा जमीन रहेको छ ।

यस मन्दिरको पूजारी अमृत धामी थारू रहेका छन् । उनका अनुसार पुस्तौं पुस्तादेखि उनकै वंशजले यो मन्दिरमा पूजाआजा गर्दै आइरहेका छन् । यो मन्दिरको आधुनिक स्वरुप स्थानीय व्यक्तिहरूको सहयोग र चन्दाबाट निर्माण गरिएको हो । स्थानीय ब्रह्मनारायण चौधरीका अनुसार यो मन्दिरको उत्पत्ति र इतिहास बारेमा इतिहासविद महेश चौधरीले वि.सं.२०४९/०५० मा पनि एक प्रतिवेदन तयार गरेका थिए ।

### ऐतिहासिक पृष्ठभूमि

परापूर्व कालमा स्थानीय हरिपुर्वा थारू गाउँमा महरू धामी थारू र कारो धमियाइन (महिला) दम्पति बसोबास गर्दै आएका थिए । एक दिन कारो धमियाइन गाई बाखा चराउनको लागि स्थानीय बालबालिकाहरूसँग हाल मन्दिर रहेको स्थानमा गएकी थिइन् । बालबालिका सबैलाई उनी धमियाइन हुन् भन्ने थाहा थियो । बालबालिकाहरूले धमियाइनलाई 'ए आमा तपाई हामीलाई बाघ बनेर देखाउनुस् न' भनेर जिद्दी गरेकाले बालबालिकाहरूको कुरा सुनेर धमियाइनले बाघ बन्ने सहमत भइन् र भनिन्, 'म बाघ त बन्छु तर तिमीहरू डराउनु भएन र मैले लगाएको कपडा तिमीहरूले यहाँबाट लैजानु भएन'। बालबालिकाहरूले हुन्छ भनेपछि धमियाइन आफ्नो दिव्य शक्तिले बाघको रुप धारण गरिन् । बाघ बनेको देखेर बालबालिकाहरू डरले थरथर काप्दै धमियाइनको लुगा समेत लिएर भागे । उनको लुगा बालबालिकाले लिएर गएपछि कारो धमियाइन पुनः मानव रुपमा नफर्की उक्त स्थानमा नै बिलुप्त हुनु पऱ्यो ।

ततः पश्चात उनको श्रीमान् महरू धामी र स्थानीयबासीहरूले उक्त स्थानमा पूजाआजा गर्न थाले । पूजाआजा गर्ने क्रममा एक दिन महरू धामीले उक्त स्थानमा वली चढाए । वली चढाएर घर फर्किने क्रममा तरवार उक्त स्थानमा नै बिर्सेर आए । घरमा तरवार नभेटेपछि सोही तरवार खोज्नको लागि वली दिएको स्थानमा फर्केर जाँदा उनी पनि त्यही विलुप्त भएको किम्बदन्ती छ । हाल उक्त कालिका मन्दिर परिसरमा 'धामी दम्पतीहरू (कारो धमियाइन र महरू धामी)को समाधी स्थल रहेको छ ।

### मूल्य, मान्यता र जनविश्वास

यो कालिका मन्दिरको निर्माण थारू समुदायको बसोबास भएको ठाउँमा प्राचीनकालमा लगभग २ हजार वर्ष पहिले नै भएको हो भने स्थानीय बुद्धिजीवी ब्रह्मनारायण चौधरीको भनाई रहेको छ ।

कालिका मन्दिरमा प्रत्येक वर्ष असार महिनाको अन्तिम सोमबार र शुक्रबार मेला लाग्ने गर्दछ भने जुन सुकै सोमबार र शुक्रबार वली दिने प्रचलन



कारो धमियाइन र महरू धामीको समाधी स्थल

रहेको छ । यो देवीको शक्ति अलौकिक छ जसले गर्दा यो हरिपुर्वा नगरपालिका वडा नं. ६ अन्तर्गतको कुनै पनि स्थानमा अन्य देवीको स्थापना गरी पूजा गर्ने चलन छैन । कसैले यस्तो किसिमको पूजा गरेको खण्डमा अनिष्ट हुने भएकोले उक्त स्थानमा मात्र पूजा गर्ने चलन हालसम्म पनि रहिरहेको छ । यो मन्दिरमा श्रद्धापूर्वक पूजाअर्चना गरेमा भक्तजनहरूको मनोकांक्षा पूरा हुने गरेको जनविश्वास छ । यो मन्दिरमा बोका, हाँस परेवाको वली दिने गरिएको छ ।

## ४.४ कालिका स्थान गढ

यो कालिका स्थान गढ सर्लाही जिल्लाको हरिपुर्वा नगरपालिका वडा नं. ६ मा रहेको छ । यो स्थान लोकमार्ग स्थित फुलजोरबाट १६ किलोमिटर दक्षिण र सदरमुकाम मलंगवाबाट ११ किलोमिटर उत्तर-पूर्वमा पर्दछ । यो करिब १० धुर सार्वजनिक जग्गामा रहेको छ ।



यस गढको बीच भागमा पूरानो पिपलको रुख रहेको छ । यो गढलाई महरू धामी र कारो धमियाइन थारूको सयर गर्ने ठाउँको रुपमा बनाएको जनविश्वास छ । यस गढमा स्थानीय युवायुवती तथा बासिन्दाहरूले पूजापाठ गर्ने गर्दछन् । यो गढ कालिका मन्दिरकै एक अंगको रुपमा रहेको छ ।

## ४.५ सोकनाहा ब्रह्मस्थान

सोकनाहा ब्रह्मस्थान सर्लाही जिल्लाको हरिपुर नगरपालिका वडा नं. ६ मा रहेको छ । यो स्थान लोकमार्गको फुलजोरबाट ११ किलोमिटर दक्षिण र सदरमुकाम मलंगवाबाट १७ किलोमिटरको उत्तर-पूर्वमा अवस्थित छ ।

मन्दिरमा स्थानीय धामी र थारू जातिका मानिसहरूले पूजापाठ गर्ने चलन छ ।यहाँ स्थानीय तहबाट चन्दा संकलन गरी मन्दिर निर्माण गरिएको छ । मन्दिर करिब १० धुर जग्गामा अवस्थित छ । मन्दिरको चारैतिर पर्खाल लगाइएको छ ।

यस मन्दिरमा असार महिनामा पूजापाठ हुने गर्दछ । भक्तजनहरूले उक्त स्थानमा पूजा गर्ने चलन रहेको छ । विवाहको अवसरमा पनि नव दम्पतीले यस मन्दिरमा पूजा तथा परिक्रमा गर्ने चलन रहेको छ । सोकनाहा ब्रह्मस्थानमा पूजाआजा गर्नाले मनोकांक्षा पूरा हुने जनविश्वास छ ।

## ४.६ सागरनाथ

सागरनाथ मन्दिर सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिका वडा नं. ४ सागरनाथ भन्ने स्थानमा रहेको छ । यो मन्दिर लोकमार्गको फुलजोरदेखि २ कि.मि. दक्षिण तथा सदरमुकाम मलंगवादेखि २५ कि.मि. उत्तर- पूर्वमा रहेको छ । यो मन्दिर चुरे क्षेत्रमा सार्वजनिक जग्गामा निर्माण गरिएको छ । मन्दिरले चर्चेको कुल जग्गा ४ कट्ठा १ धुर रहेको छ ।

स्थानीयबासीहरूको भनाई अनुसार यो मन्दिरमा पूजा गर्ने चलन करिब १ हजार वर्ष पहिलेदेखि भएको हो तर मन्दिरको निर्माण भने करिब २२ वर्ष अगाडि भएको हो । स्थानीय रामनारायण चौधरीका अनुसार बुढापाका व्यक्तिहरू अन्तिम प्राण जाने समयमा असजिलो महसूस भइरहेको अवस्थामा यो मन्दिरको नाममा एकादशीको व्रत/भाकल गरेमा प्राण त्याग्न सहज हुने जनविश्वास छ । यो मन्दिरमा कार्तिक एकादशीमा मेला लाग्ने गर्दछ ।

## ४.७ राजदेवी मन्दिर

राजदेवी मन्दिर सर्लाही जिल्लाको लालबन्दी नगरपालिका वडा नं. ४ मा अवस्थित छ । यो मन्दिर लोकमार्गबाट ५ किलोमिटर दक्षिण र सदरमुकाम मलंगवाबाट १९ किलोमिटर उत्तर-पूर्वमा रहेको छ । यो मन्दिरसम्म ग्राबेल सडक भएर जान सकिन्छ । यो

मन्दिर १ कट्ठा सार्वजनिक जग्गामा स्थानीय जनस्तरबाट चन्दा र सहयोग संकलन गरी निर्माण गरिएको हो ।

स्थानीयहरूको भनाइ अनुसार यो मन्दिर सर्लाही जिल्लाभरीका थारू जातिका देवताहरूको माइतीघर हो भन्ने किम्बदन्ती रहेको छ । यस देवीको पूजा गरेपछि मात्र थारूहरूले ग्राम देवता, ब्रह्मस्थान र अन्य स्थानमा पूजाको आरम्भ गर्ने गर्दछन् ।

किम्बदन्ती अनुसार कमरु धामी थारू र उमराउ धामी थारूको बाहन बाघ थियो । उनीहरू बाघमा बसेर सयर गर्ने गर्थे ।उनीहरू दैविक शक्ति युक्त थिए । उक्त स्थानमा कमरु धामी परिवारले राजदेवी मन्दिर स्थापना गरेका थिए । राजदेवी माइलाई कमरु धामी परिवारको "मनबोध धामी" नामको अग्रजले सप्तरी जिल्लास्थित राजबिराजबाट स्थानान्तरण गरी यहाँ ल्याइ स्थापना गरेका हुन् ।यस मन्दिरमा बोका, हाँस, परेवाको वली दिने चलन छ ।

## ४.८ नादी मयन (नारी मन) तलाउ

सर्लाही जिल्लाको बबरगंज गाँउपालिका बबरगंजमा नादी मयन तलाउ रहेको छ । यो नादी मयन तलाउ लोकमार्गको फुलजोर भन्ने स्थानबाट १५ किलोमिटर दक्षिण र सदरमुकाम मलंगवाबाट १३ किलोमिटर उत्तरमा अवस्थित छ । यो तलाउको वरिपरि थारू र दनुवार समुदायको घना बस्ती रहेको छ । नादी मयन तलाउको संरक्षणकर्ता दुर्गालाल दास थारू र सहदेव सिंह दनुवार रहेका छन् । यो तलाउ करीब १२ बिगाहा जमिनमा फैलिए पनि सिमसारको रुपमा रहेको छ । हाल स्थानीय तहको संरक्षणमा रहेको छ । यस सिमसार तलाउको पश्चिम भागमा महादेवको मन्दिर रहेको छ भने भित्र नाग देवताको मूर्ति स्थापना गरिएको छ । श्रीपञ्चमीको अवसरमा यस मन्दिरमा मेला लाग्ने तथा भक्तजनहरूले पूजापाठ गर्ने गर्दछन् ।

## ४.९ बोद्धिमाई मन्दिर

बोद्धिमाई मन्दिर सर्लाही जिल्लाको बरहथवा नगरपालिका वडा नं. १५ पीपरभितामा रहेको छ । यो बोद्धिमाई मन्दिर लोकमार्गको बागमती कर्मैया, पुतली चोकबाट २० किलोमिटर दक्षिणमा छ भने सदरमुकाम मलंगवाबाट लगभग २२ किलोमिटर पश्चिममा पर्दछ । परापूर्वकालमा यो बोद्धिमाई स्थानमा थारूहरूको बाक्लो बस्ती रहेको भए पनि हाल यस क्षेत्रमा थारू लगायत अन्य समुदायहरूको बसोबास छ ।

### ऐतिहासिक पृष्ठभूमि

परापूर्वकालमा हाल मन्दिर रहेको ठाउँमा ढुंगाको मूर्ति भेटिएको र सोही मूर्तिलाई बौद्धिमाई देवीको रुपमा स्थापना गरी हालसम्म पूजापाठ गर्ने परम्परा चलिआएको छ । मन्दिर लगभग २५० वर्ष पूरानो मानिएको छ । मन्दिर करीब ३ कट्ठा जग्गामा निर्माण गरिएको छ । यस मन्दिरमा दशैंमा पूजापाठ, वली दिने तथा मेला लाग्ने गरेको छ ।मन्दिर संरक्षण र विकासको लागि बोद्धिमाइ मन्दिर विकास समिति गठन गरिएको छ भने समितिबाट नै मन्दिरको रेखदेख तथा चन्दा संकलन गरी सञ्चालन हुँदै आएको छ ।

# अध्याय पाँच

## महोत्तरी

### परिचय

महोत्तरी नेपालको मधेश प्रदेश अन्तर्गतको एक जिल्ला हो। यसको पूर्वमा धनुषा जिल्ला, पश्चिममा सर्लाही जिल्ला, उत्तरमा सिन्धुली जिल्ला तथा दक्षिणमा भारतको बिहार राज्य पर्दछ। वि.सं २०७८ को जनगणना अनुसार यस जिल्लाको जनसंख्या ७,०६,९९४ रहेको छ भने थारू समुदायको जनसंख्या १०,७३८ रहेको छ। यो जिल्लाको कुल क्षेत्रफल १००२ वर्ग किलोमिटर रहेको छ। यो जिल्लाको औसत लम्बाई उत्तर दक्षिण ५८ किलोमिटर छ भने औसत चौडाई पूर्व पश्चिम १८ किलोमिटर रहेको छ।

## ५.१ मेघनाथ महादेव बाबा

### परिचय

मेघनाथ महादेब बाबाको मन्दिर महोत्तरी जिल्लाको भंगहा नगरपालिका वडा नं. ७ मेघरौल भन्ने स्थानमा छ। यस बाबाको मन्दिर सदरमुकाम जलेश्वरबाट २७ किलोमिटर उत्तरमा रहेको छ। यो स्थान लोक राजमार्गको बर्दिबासबाट १७ किलोमिटर दक्षिणमा रहेको छ। उक्त स्थानसम्म पुग्नको लागि ग्राबेल सडक भएर जान सकिन्छ।

### ऐतिहासिक पृष्ठभूमि

यो मन्दिरको स्थापना २०२१ सालतिर भएको हो। मन्दिरको नामबाट नै साविकको मेघनाथ गोरहना गाउँको नाम राखिएको थियो। स्थानीय नरेन्द्र सिंह थारूको भनाइ अनुसार उक्त समयमा महामारीले गर्दा गाउँ नै सखाप हुने अवस्था आएकोले त्यसलाई रोक्नको लागि स्थानीय थारू समुदायको तान्त्रिकहरूले यो महादेवको स्थापना गरेका हुन्। तत्पश्चात यो मन्दिरमा नियमित रुपमा पूजापाठ हुन लागेको स्थानीयहरू बताउँछन्। पहिले यस मन्दिरमा प्रत्येक वर्ष माघ महिनाभरी प्रत्येक आइतवार मकर मेला लाग्ने गरेको थियो जसमा विभिन्न स्थानबाट दर्शनार्थीहरू मेला भर्न आउँने गर्दथे। तर करीब ४० वर्षदेखि मेला लाग्ने गरेको छैन तथापि यस ठाउँमा एकादशी, चतुर्दशी, सोमबारी, शिवरात्रीमा भक्तजन तथा दर्शनार्थीहरू टाढाटाढाबाट बाबाको दर्शन तथा पूजा गर्न आउने चलन रही आएको छ।

### महत्त्व

भोले बाबाको मन्दिरमा श्रद्धा र भक्तिपूर्वक पूजाआजा गरेमा दीर्घायू हुने, दु:ख कष्टको निवारण हुने, कुमार तथा कुमारीले इच्छित कन्या र वर प्राप्त गर्ने तथा अन्य इच्छित काममा सफलता प्राप्त हुने जनविश्वास छ। गाउँमा कुनै किसिमको प्रकोप तथा महामारी भएको खण्डमा यो मन्दिरमा सामूहिक पूजा गरेमा सो रोकिने विश्वास पनि रही आएको छ।

### हालको अवस्था

यो मन्दिरले १० धुर जग्गा चर्चेको छ। मन्दिर कलात्मक शैलीमा निर्माण गरिएको छ। मन्दिरको पर्खाल तथा भित्रि छाना कलात्मक तरिकाले बनाइएको छ। मन्दिर र थारू कुटीको कला उस्तै भएकोले दुवै संरचना एकै कालीगढले बनाएको स्थानीयहरूको भनाइ छ। मन्दिर परिसर भित्र धर्मशालाको निर्माण गरिएको छ जसको निर्माण वि. स. २०७५ फागुन २० गते डा. बिजय कुमार सिंह तथा श्रीमती अरुणा सिंहको आर्थिक सहयोगमा निर्माण गरिएको हो। यस मन्दिरको व्यवस्थापन हाल मन्दिरको नाममा रहेको २ बिगाहा १० धुर जमीनबाट प्राप्त आम्दानी र स्थानीयको सहयोगमा संचालन हुँदै आएको छ।

## ५.२ तरसरी मन्दिर

### परिचय

तरसरी मन्दिर महोत्तरी जिल्ला भंगहा नगरपालिका वडा नं. ७ मेघरौल साबिक मेघनाथ गोरहना १ मेघरौल उत्तरबारी टोलमा अवस्थित छ। यो टापु जस्तो देखिने करिब ३ बिगाहा जग्गामा फैलिएको र चारैतिर तरसरी नदी रहेकोले यस मन्दिरको नाम

तरसरी मन्दिर रहन गएको हो । यो मन्दिरसम्म पुग्नको लागि बर्दिबास जलेश्चर सडक खण्डको औरही बजारदेखि २ किलोमिटर पूर्व तथा ढल्केबर जनकपुर सडक खण्डको महेन्द्रनगर बजारबाट २० किलोमिटर पश्चिममा रहेको छ । यस मन्दिर पुग्नको लागि ग्राबेल र कच्ची सडक रहेता पनि मन्दिर परिसरमा पुग्नको लागि गोरेटो बाटोको प्रयोग गर्नुपर्छ ।

### ऐतिहासिक पृष्ठभूमि

तरसरी मन्दिर एक ऐतिहासिक धार्मिक स्थलको रुपमा रहेको छ । यसको स्थापना कहिले भएको हो यकिन नभएता पनि यहाँको भौगोलिक अवस्था तथा स्थानीय हुकुमलाल चौधरी र सुरेन्द्र सिंह थारूको भनाई अनुसार यो मन्दिर करिब २२५ वर्ष पहिले निर्माण गरिएको हो । परापूर्वकालमा यो ठाउँ ऋषिमुनिहरूको तपोभूमिको रुपमा रहेको थियो । यो मन्दिरको स्थापना कसरी र कसले गरेको भन्ने यकिन नभए पनि थारू समुदायका सिद्धि प्राप्त व्यक्तिहरूले उक्त जंगलमा स्थान पत्ता लगाइ पूजा गर्न शुरु गरेदेखि अस्तित्वमा आएको र हालसम्म पूजा गर्ने चलन रहिआएको जनविश्वास छ । सिद्धि प्राप्त नगरेको व्यक्ति उक्त स्थानको पुजारी हुन नसक्ने जनविश्वास छ । पहिलाको पूजारीले आफ्नो पेट सफा गर्नको लागि सम्पूर्ण भुँडी मुखबाट निकाली सफा गरी पुनः मुखबाट पेटमा हाल्ने गरेको स्थानीयको भनाइ छ ।

### महत्त्व

यस मन्दिर परिसर र जंगल सफा सुग्घर छ । यस परिसर भित्र कसैले पनि मानव मल मुत्र बिसर्जन गरेमा अनिष्ट हुने र मन्दिर परिसरमा आइ भाकल गर्नेको मनोकांक्षा पूरा हुने जनविश्वास छ । मन्दिर परिसरको चारैतिर तरसरी नदीले घेरिएको तथा उक्त नदीमा बाह्रै महिना पानी रहने हुनाले मन्दिर जाँदा खुट्टा पखालिने गर्दछ । उक्त स्थान प्राकृतिक रुपमा पनि सफा सुग्घर र सुन्दर रहेको छ । उक्त स्थानमा पुग्दा कुनै टापुको तपोवनमा पुगेको अनुभूति हुन्छ तथा उर्जाशील महसूस हुन्छ । दर्शनार्थीहरूलाई कहिलेकाँही टिका र बुलाकी भएको नागले दर्शन दिने गरेको मन्दिरको पूजारीको भनाइ रहेको छ ।

यस मन्दिरमा कुनै पनि किसिमको जात्रा तथा मेला लाग्ने परम्परा नरहे पनि स्थानीय थारू समुदायका व्यक्तिहरूले मिलेर २०७१ सालदेखि थारूहरूको महान साँस्कृतिक पर्व जितियाको उपलक्ष्यमा महोत्सव गर्ने गरेका छन् भने शुभ विवाह, ब्रतबन्ध लगायतका शुभकार्य गर्दै आएका छन् ।

### हालको अवस्था

मन्दिरको भौतिक पूर्वाधार निर्माण भएको छैन ।झोलुङगे पुल को लागि योजना पास भएता पनि हालसम्म कार्यान्वयन हुन सकेको छैन । उक्त पुलको लागि नगरपालिकामा बजेट आइसके पनि हालसम्म कार्य प्रारम्भ नभएको स्थानीयहरूको गुनासो छ ।

१ बिगाहा १५ कट्ठा क्षेत्रफलमा फैलिएर रहेको यो मन्दिर अगाडिको रुखमुनि ढुंगाका नाग प्रतिमाहरू प्रशस्त रहेका छन् । मन्दिरभित्र राम जानकीको प्रतिमा पनि रहेको छ ।

यस मन्दिरको आर्थिक व्यवस्थापनको लागि कुनै स्रोत नभएकाले मन्दिरमा चढाएको दान, भेटीले नै मन्दिर सञ्चालन भइरहेको छ । मन्दिरको पूजारीको रुपमा ८२ वर्षीय अगुवान चौधरी रहेका छन् । यो मन्दिरले लगभग २ बिगहा १० कट्ठा सरकारी जग्गा ओगटेको भएतापनि १ बिगहा १५ कट्ठा मात्र प्रयोगमा आएको देखिन्छ । जग्गा ऐलानी भए पनि जग्गा दाता हुकुमलाल सिंह थारूको प्रभुत्वमा रहेको देखिन्छ। यो जग्गा वनमा दर्ता गरिएको पुजारीको भनाइ रहेको छ । यस मन्दिर सम्बन्धमा हालसम्म कुनै पनि खोज भएको छैन ।

स्थानीयहरूले यस क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नु पर्ने तथा तरसरी मन्दिर जानको लागि पुलको व्यवस्था गर्नु पर्ने, मन्दिर निर्माण गर्नु पर्ने तथा मन्दिर परिसरको जग्गा मन्दिरको नाममा गर्नु पर्ने माग गर्दै आएका छन् ।

## ५.३ राजदेवी मन्दिर

### परिचय

राजदेवी मन्दिर महोत्तरी जिल्लाको भंगहा नगरपालिका हातिरसवा (झपौल) मा रहेको छ । यो मन्दिर सदरमुकाम जलेश्वरबाट १६ किलोमिटर उत्तर तथा बर्दिवासबाट १० किलोमिटर दक्षिणमा रहेको छ । यहाँसम्म पुग्नको लागि ग्राबेल सडक भएर जान सकिन्छ ।

### ऐतिहासिक पृष्ठभूमि

यो मन्दिरको स्थापना करिब ६० वर्ष पहिले भएको हो । गाउँमा हुने अनिष्टबाट जोगिनको लागि स्थानीय थारूले चन्दा संकलन गरी निर्माण गरिएको हो ।

### महत्त्व

यस मन्दिरमा भक्ति भावपूर्वक पूजाआजा गरेमा अनिष्टबाट जोगिने जनविश्वास छ भने मनोकांक्षा पूरा भएको खण्डमा हाँस, कुखुरा, परेवा, बोका, अण्डा इत्यादि चढाउने चलन रहेको छ । यस मन्दिरमा देवीको दर्शन तथा पूजा गरेमा सुख समृद्धि हुने तथा मनले चिताएको पूरा हुने गरेको जनआस्था रहेको छ ।

### मन्दिरको हालको अवस्था

यो मन्दिर २ धुर जग्गामा रहेको छ । यो पक्की मन्दिरमा हाल रेबिया सुनारले आफ्नो खर्चमा ग्रिलको ढोका बनाइ रंगरोगन गरिएको छ । यस मन्दिरको आर्थिक स्रोत केही नभएता पनि स्थानीय स्तरबाट सहयोग उठाइ पूजा गर्ने चलन रहेको छ ।दशैंको बेलामा स्थानीयहरूले सहयोग जुटाई भव्यरुपमा पूजा पाठ गर्ने गरेका छन् ।यो मन्दिरको संरक्षण तथा व्यवस्थापनको लागि कुनै किसिमको समिति गठन गरिएको छैन । सरकारी स्तरबाट पनि हालसम्म कुनै पनि किसिमको सहयोग प्राप्त भएको छैन । मन्दिरलाई व्यवस्थित गर्न तथा संचालनको लागि समिति गठन गर्नु पर्ने स्थानीयबासीको माग छ ।

## ५.४ गुन्तो सुन्तो मन्दिर

### परिचय

गुन्तो सुन्तो मन्दिर महोत्तरी जिल्लाको भंगहा नगरपालिका वडा नं. ६ मदनपट्टि थारू टोलमा अवस्थित रहेको छ । यो मन्दिर सदरमुकाम जलेश्वरदेखि १६ किलोमिटर उत्तर तथा बर्दिबासदेखि १० किलोमिटर दक्षिणमा रहेको छ । यो मन्दिरसम्म पुग्नको लागि ग्राबेल सडक भएर जान सकिन्छ ।

### ऐतिहासिक पृष्ठभूमि

यस मन्दिरको स्थापना अन्दाजी ८५ वर्ष पहिले भएको अनुमान गरिएको छ । यो मन्दिर पहिले खरले छाएको थियो भने वि. स. २०७५ सालमा रामनारायण चौधरीले आर्थिक सहयोग प्रदान गरी सानो पक्की मन्दिर निर्माण गरि दिएका हुन् । स्थानीयहरूको बालीनाली नाश हुने तथा चोरी हुने गरेकोले त्यसबाट बच्नको लागि यो मन्दिरको स्थापना गरेको जनविश्वास छ ।

### महत्त्व

यो मन्दिर भएर आउजाउ गर्ने जो सुकैको पनि मनमा सकारात्मक सोच आउने र मनमा शान्ति तथा सन्तुष्टि प्राप्त हुने जनविश्वास रही आएको छ । पहिले गाउँ घरमा हुने पारिवारिक कलहको कारण श्रीमान र श्रीमतीबीच मनमुटाव हुँदा रिसाएर घर छोडी माइती जान लाग्दा गाउँबाट उक्त मन्दिर भएर निस्कनु पर्ने र मन्दिर नजिक जाँदा आपसे आप रिस शान्त हुने भई फर्केर घर आउने गरेको स्थानीयहरूको अनुभूति रहेको छ । यो देवताको पूजा गर्नाले बालीनाली चोरी हुनबाट जोगिने तथा परिवार विखण्डन हुनबाट जोगिने जनविश्वास छ ।

### हालको अवस्था

यो मन्दिर नदीको किनारमा अवस्थित रहेकोले यसको आफ्नो छुट्टै कुनै जग्गा छैन । मन्दिर सरकारी ऐलानी जग्गामा निर्माण गरिएको छ । मन्दिर पक्की भए पनि अन्य संरचनाको अभाव रहेको छ । यो मन्दिरमा हालसम्म कुनै पनि किसिमको जात्रा तथा मेला लाग्ने गरेको छैन । मन्दिर व्यवस्थित गर्नको लागि कुनै समितिको गठन तथा पूजारी पनि रहेका छैनन् । स्थानीयले स्वतःस्फूर्त रुपमा पूजा गर्ने गरेको कुरा स्थानीय प्रमेन्द्र राय थारूको भनाइ छ । यो मन्दिरको बारेमा हालसम्म कुनै पनि किसिमको खोज तथा अनुसन्धान भएको छैन भने स्थानीय निकायबाट समेत कुनै पनि किसिमको सहयोग प्राप्त हुन सकेको छैन । मन्दिरलाई स्थानीय तहमा सूचीकृत गरी यसको विकास तथा प्रचार प्रसार गर्नु पर्ने स्थानीयको माग छ ।

## ५.५ गेरुका भव (मूल)

### परिचय

गेरुवा भव महोत्तरी जिल्लाको भंगहा नगरपालिका वडा नं. ९ भिमगढ थारू टोलमा रहेको छ। यो ठाउँमा पुग्नको लागि सदरमुकाम जलेश्वरदेखि ३८ किलोमिटर उत्तर तथा धनुषाको महेन्द्रनगरदेखि करीब ८ किलोमिटर पश्चिममा रहेको छ। यो स्थानमा पुग्नको लागि ग्राबेल सडक भएर जान सकिन्छ।

### ऐतिहासिक पृष्ठभूमि

यो भव करिब २५० वर्ष पहिले निर्माण भएको अनुमान गरिन्छ। यो कसैले निर्माण गरेको नभई प्राकृतिक रुपमा नै उत्पत्ति भएको हो। भवबाट अनवरत रुपमा पानी निस्किरहेको छ। यस ईलाकामा खेती गर्ने जो सुकैले पनि खेती गर्नुभन्दा पहिले र फसल काट्नुभन्दा पहिले यो नदीमा आइ देउतालाई पूजा गर्ने गर्दछन्।

### महत्त्व

यस भवले करिब ८ सय हेक्टर जमीनमा सिंचाई पुर्याएको छ। यस भवमा पूजा गरेको खण्डमा बाली सप्रिने तथा नगरेको खण्डमा बाली भित्रिने बेलामा माहुरीले टोक्ने गरेको स्थानीय संजय सिंह थारूको भनाइ रहेको छ।

### हालको अवस्था

यो भव करिब ४ बिगाहा क्षेत्रफलमा फैलिएको छ। भवले अविरल रुपमा पानी प्रवाह गरे पनि हाल यसलाई व्यवस्थित गर्नको लागि समिति बनाइएको छ तर समिति निस्कृय छ।भवको पानीलाई पूर्ण रुपमा उपयोग गर्न पक्की बाँधको व्यवस्था गर्नुपर्ने देखिन्छ।

# अध्याय छ

## धनुषा जिल्ला

## ६.१ रामजानकी थारु कुटी

### परिचय

यो थारू कुटी धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिका वडा नं. ९ साकेत नगर, बाह्र बिगाहा मैदानको दक्षिण-पश्चिम कुनामा अवस्थित छ । यो कुटी पुग्नको लागि जनकपुर ढल्केवर सडकमा रहेको रामानन्द चोकदेखि ५०० मिटर पूर्व सडक भएर जान सकिन्छ । जानकी मन्दिर स्थापना पश्चात् मन्दिरको दर्शनार्थ आउने विभिन्न समुदायहरूको भ्रमण तथा बसोबासलाई व्यवस्थित गर्न गुठीबाट उक्त स्थान थारू समुदायलाई प्रदान गरेकोले उक्त स्थानको नाम रामजानकी थारू कुटी रहन गएको हो ।

### ऐतिहासिक पृष्ठभूमि

यो कुटीको स्थापना कहिले भएको हो यकिन नभएता पनि तत्कालीन समयको मिथिलाञ्चलको राजधानी जनकपुरमा भारत मध्य प्रदेशस्थित टिकमगढकी राजकुमारी बृषभानु कुमारीले सन १८९४ मा सिलान्यास गरी १९११ मा जानकी मन्दिर निर्माण कार्य पूरा गरे पश्चात दर्शनार्थीहरूको सुविधाको लागि यो रामजानकी थारू कुटी निर्माण गरेकोले त्यसैको सेरोफेरोमा सन् १९१५ देखि १९२० सम्ममा कुटी निर्माण भएको अनुमान गर्न सकिन्छ । यस कुटीबाट लाखौ भक्तजन तथा विभिन्न कामले जनकपुर आउने व्यक्तिहरूले नि:शुल्क सेवा अझै पनि लिइरहेका छन् ।

### मूल्य मान्यता

रामजानकी थारू कुटीभित्र रहेको राम जानकीको दर्शन गरी पूजापाठ गरेमा पापबाट मुक्त हुने, मनमा शान्ति हुने, सुख समृद्धि बढ्ने र सन्तान नहुने दम्पत्तीलाई सन्तान प्राप्त हुने जनविश्वास छ । जनकपुरधाम आउने श्रद्धालुभक्तजन तथा सेवाग्राहीहरूलाई समेत आश्रय दिने गरिएको छ ।

### भौतिक संरचना

यो थारू कुटी १ कट्ठा ४ धुर जमीनमा निर्माण गरिएको छ । वि. सं. २०४२ सालको नापीको फिल्डबुकमा थारू कुटी जनिएको भएता पनि हालसम्म लालपुर्जा प्राप्त भएको छैन । यो कुटी थारू समुदायले दिएको जग्गाको आम्दानीबाट सञ्चालन भइरहेको छ । कुटी मुगल शैलीमा बनाइएको छ जसमा रामजानकीको प्रतिमा राखिएको छ । थारू कुटी र मन्दिर जीर्ण भएकाले पुन: निर्माण गर्नु पर्ने देखिन्छ ।

कुटीको पश्चिमतर्फ पुराना काठ र बाँसले बनेको दुई तल्ले धर्माशाला रहेको छ जसको छानो खपडाले छाएको छ । यस कुटीको प्रवेशद्वारमा ग्रीलको ढोका लगाएको छ जसमा श्री रामजानकी थारू कुटीमा महन्थ ब्रह्मदेव शरण लेखिएको छ । मन्दिर प्राङ्गणको अगाडि भागमा व्यापारिक प्रयोजनको लागि ६ वटा सटरहरू निर्माणाधीन अवस्थामा रहेका छन् । जग्गादाता दुर्गादत्त थारू र लक्ष्मी सिंह थारूको नाति ७६ वर्षीय हुकुमलाल सिंह थारूका अनुसार हाल थारू कुटीले उपभोग गरिरहेको जग्गा यस प्रकार रहेको छ ।

| क्र.सं. | जग्गादाताको नाम/ठेगाना | क्षेत्रफल | जग्गा रहेको स्थान |
|---|---|---|---|
| १. | दुर्गादत्त थारू र लक्ष्मी सिंह थारू, मेघरौल | ३ बिगाहा १० कट्ठा | मेघरौल,महोत्तरी |
| २ | बच्छारहरूले दान दिएको | १० कट्ठा | धरमपुर, महोत्तरी |
| ३ | नखुलेको | १२ कट्ठा | मदन पट्टी महोत्तरी |
| ४ | नखुलेको | १४ कट्ठा | रामनगर सर्लाही |
| ५ | नखुलेको | १२ कट्ठा | जब्दी सर्लाही भैरापुर- मोही |
| ६ | नखुलेको | १० कट्ठा | बयलबास, ईश्वरपुर सर्लाही |
| ७ | नखुलेको | १ बिगाहा | जगतपुर, सर्लाही |
| ८ | नखुलेको | १० कट्ठा | धमौरा, रौतहट |
| ९ | नखुलेको | १२ कट्ठा | गंज भवानीपुर, रौतहट |
| १० | नखुलेको | १२ कट्ठा | मनहरवा, रौतहट- बट्टिदार |

थारू कुटी व्यवस्थित गर्न विभिन्न समयमा समितिहरूको गठन गरिएको भएता पनि व्यवस्थापन सम्बन्धी कार्य सन्तोषजनक हुन सकेको छैन । कुटीमा दैनिक पूजापाठको लागि महन्थ ब्रह्मदेव शरण थारू रहेका छन् भने हुकुमलाल सिंह थारू र बिष्णु देव सिंह थारू कुटीको दैनिक कामको लागि खटिएका छन् ।

## ६.२ माँ वैष्णो देवी मन्दिर

### परिचय

माँ वैष्णो देवी मन्दिर धनुषा जिल्लाको क्षिरेश्वर नगरपालिका वडा नं.९ इच्छापुर कोनहामा अवस्थित छ । यो स्थान ढल्केबर जनकपुर राजमार्गमा रहेको महेन्द्रनगरबाट ५ किलोमिटर पूर्वमा रहेको छ । यहाँ पुग्नको लागि परिक्रमा मार्गको पनि प्रयोग गर्न सकिन्छ ।

### पृष्ठभूमि

स्थानीय सोनेलाल चौधरी थारूले १८ वर्षसम्म जम्मूकाश्मिरमा काम गर्ने सिलसिलामा त्यहाँ रहेको माँ बैष्णो देवीको मन्दिरमा दर्शन गर्न जाने गरेको र पछि उनको शरीरमा नै देवता आउन थाले । यसै क्रममा एक दिन माँ बैष्णो देवीले आफूलाई स्थापना गरी मन्दिर निर्माण गरेमा मनको इच्छा पूरा हुनेछ भनी सपनामा बताएकोले त्यही सपनालाई आधार मानेर सोनेलाल चौधरीले आफ्नो गाउँ औरहीमा मन्दिर निर्माण गर्नको लागि उपयुक्त स्थानको खोजी गर्न थाले । उपयुक्त स्थानमा जग्गा उपलब्ध हुन नसकेपछि आफ्नो फुफा महेन्द्रप्रसाद चौधरीको जग्गामा वि. सं. २०७२ सालमा माँ बैष्णो देवीको मन्दिर निर्माण गरियो ।

### महत्त्व र जनविश्वास

माँ बैष्णो देवीको मन्दिरमा दर्शन गर्नाले जीवन आनन्द हुने तथा सन्तान सुख प्राप्त हुने विश्वास छ । मन्दिर स्थापनादेखि ३० जना निसन्तान दम्पतीले सन्तान प्राप्त गरिसकेको स्थानीयहरूको भनाइ छ । निसन्तान दम्पतीले यस मन्दिरमा ९ दिनसम्म प्रतिदिन ९ पटक परिक्रमा गरे सन्तान सुख प्राप्त हुने र मनोकांक्षा पूरा हुने जनविश्वास छ ।

मिति २०७६ माघ १८ गते शनिवारको दिन बैष्णो देवी माताको शीरमा रहेको शीर (पिरही) चोर्न लाग्दा मन्दिरमा आफै आगो लागेकाले चोरी असफल भएको थियो । मन्दिर स्थापना अगाडि उक्त स्थानमा दुर्घटना भइरहने, मोटर साइकल आफै लड्ने, एक्लै हिड्दा डरत्रास हुने गरेकोमा मन्दिर स्थापना पश्चात् उक्त कार्य रोकिएको स्थानीयको भनाइ छ ।

मन्दिर परिसरमा चैते दशैं, रामनवमीमा मेला तथा कलश जात्रा गरी पूजा गर्ने चलन छ भने उक्त अवसरमा कुमारी भोजन, साधु सन्तलाई वस्त्र दान तथा अष्टजाम (अखण्ड कीर्तन) हुने गर्दछ ।

### हालको अवस्था

मन्दिरको अवस्था आकर्षक रहेको छ । १० धुर जग्गामा मन्दिर बनाइएको छ भने २ कट्ठा थप जग्गा दान स्वरुप प्राप्त भएको देखिन्छ । मन्दिर निर्माणको लागि स्थानीय पालिका तथा प्रदेश सरकारबाट अनुदान प्राप्त हुने गरेको छ भने मन्दिरको सञ्चालन तथा खर्च हाल पूजारी सोनेलाल चौधरीले आफ्नै हिसाबले गर्दै आएका छन् ।

# अध्याय सात

## जिल्ला सिरहा

सिरहा नेपालको मधेश प्रदेशमा रहेको जिल्ला हो । यो जिल्लाको पूर्वमा सप्तरी जिल्ला (बलान नदी), पश्चिममा धनुषा जिल्ला (कमला नदी), उत्तरमा उदयपुर जिल्ला (चुरे पहाड) तथा दक्षिणमा भारतको बिहार प्रदेश पर्दछ । यहाँ प्राकृतिक रूपमा उत्तरी भेगमा उच्च, पाखो जमीन बढी छ भने दक्षिणी भेगमा होचो र समथर जमीन बढी छ । यस जिल्लालाई ९ गाउँपालिका र ८ नगरपालिकामा विभाजन गरिएको छ । यसको भौगोलिक अवस्था हेर्नुपर्दा जिल्लाको क्षेत्रफलः १,२२८ वर्ग किलोमिटर, अक्षांशः २६ डिग्री ३३" देखि २६ डिग्री ५५" उत्तर, देशान्तरः ८६ डिग्री ६" देखि ८६ डिग्री २६" पूर्व, उचाईः समुन्द्री सतहदेखि ७६ मिटरदेखि ८८५ मिटरसम्म, औषत लम्बाईः ४२.४ किलोमिटर र जिल्लाको सदरमुकाम सिरहा रहेको छ । यस जिल्लाको उत्तरी भाग हुँदै पूर्व-पश्चिम राजमार्ग अवस्थित छ । यस जिल्लाको नाम र सदरमुकाम पनि सिरहा नै रहेको छ । राजमार्गको चोहर्वा चोकबाट जिल्लाको सदरमुकाम सम्म पुग्न लगभग ४१ किलोमिटर पक्की सडक छ ।

## ७.१ पतारी पोखरी (पताइर पोखैर)

### परिचय

पतारी पोखरी सिरहा जिल्लाको लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ३ र ४ मा अवस्थित रहेको छ ।यो स्थानसम्म पुग्नको लागि सिरहा जिल्लाको व्यापारिक केन्द्र लहान बजारदेखि दक्षिण ग्राबेल सडक हुँदै जानु पर्दछ ।

### ऐतिहासिक पृष्ठभूमि

पतारी पोखरी सिरहा जिल्लाको प्रसिद्ध पोखरी हो । यो पोखरी बरियार माइझ थारूका दुई छोरा माने माइझ र पाते माइझ थारू मध्येका कान्छा छोरा पाते माइझ थारूले निर्माण गरेका हुन् । उनले निर्माण गरेकोले उक्त पोखरीको नाम थारू भाषामा पताइर पोखैर अपभ्रंश हुँदै हाल आएर पतारी पोखरी भएको हो । जनबोलीमा पताइर पोखैर भन्ने चलन अझै पनि विद्यमान छ । उक्त पोखरीको दक्षिणपट्टिको डिलमा हरिसिंह देव र देवल देवीको शीला स्थापना गरिएको छ ।

राजा हरिसिंह देवले तिरहूत राज्यको कर्णाटक वंशीय राजा थिए भने त्यसको राजधानी सिम्रौनगढ थियो । राजा हरिसिंह देव सिम्रौनगढका सातौं राजा थिए । उनको शासनकाल विक्रम सम्वत् १२५१-१३८१ सम्म रहेको थियो । उनी चक्रवर्ती राजा थिए । विक्रम सम्वत् १३८१ मा दिल्लीका सुल्तान गयासुदिन मुगलको सेनाले सिम्रौनगढमा आक्रमण गरेपछि हरिसिंह देव आफ्नो महारानी देवल देवी, राजकुमार जगत सिंह कुवर, मन्त्री चण्डेश्वरको साथ प्राण रक्षाको लागि उत्तरर्तफ गएका थिए ।

राजा हरिसिंह देव सिम्रौनगढ बाहेक सिरहा जिल्लामा हरिसिंहले देवपुर गाउँ बसालेका थिए । उक्त गाउँलाई बंगाली मुसलमानहरूले आक्रमण गरेर ध्वस्त पारेका थिए । गाउँ ध्वस्त भए पनि उनीहरूको सम्झना स्वरुप स्थानीय थारू समुदायले मिलेर विक्रम सम्वत् १४५० मा हरिसिंह देव र देवल देवीको सम्झनामा मन्दिर निर्माण गरेका थिए ।



पतारी पोखरी



स्थानीय शिवनगर निवासी पाते माइझ उक्त मन्दिरमा नित्य सेवा गर्न थाले। फलस्वरुप एक दिन सपनामा पाते माइझ थारूलाई मन्दिर अगाडि पोखरी निर्माण गरेर मलाई पूजा गरी त्यस पोखरीमा डुबुल्की मारेर पानीभित्र जे भेटायो त्यही लिएर भिजेकै कपडासहित फर्केर नहेरी सिमाना कटेपछि मात्र कपडा परिवर्तन गरी घरतिर लागेमा सन्तान प्राप्त हुनेछ भनी बताएका थिए।

त्यसपछि पाते माइझ थारूले नै पोखरी निर्माण गरी वैशाख १ गतेको दिन पूजा गरी २ गते पोखरीमा डुबुल्की मारेर सपनामा भने अनुसारको कार्य गरेपछि निजलाई सन्तानको रुपमा छोरी भएको थियो। त्यस बेलादेखि थारूहरूको नयाँ वर्ष बैशाख १ गते उक्त मन्दिरमा पूजा गरी २ गते पोखरीमा डुबुल्की लगाउने चलन चलिआएको छ। यो धार्मिक तथा ऐतिहासिक स्थलको रुपमा आफूलाई चिनाउन सफल भएको छ।

यो क्रम चलि नै रहँदा पाते माइझ बुढो भएको करण उनले पूजा गर्नको लागि आफ्नो नाति (पोता) जो भाई माने माइझको नाति तथा कल्याण माइझको छोरा कल्याण माइझलाई लिएर जान थाले। त्यसपछि यो पोखरी र मन्दिरमा पाते माइझको सन्तानहरू मूल पूजारीको रुपमा रहने चलन चलाए। त्यसपछि कल्याण माइझको छोरा सुनर माइझ पुजारीको रुपमा काम गर्न थाले। समयले कोल्टो फेर्दै गयो। काठमाडौंका राजा यक्ष मल्ल पूर्वी विजय अभियनमा निस्केको समयमा बिक्रम सम्वत् १५३० मा यो मन्दिरको दर्शन तथा महत्वको बारेमा जानकारी लिएका थिए। त्यसपछि उनले पुजारी सुनर माइझलाई एक लालमोहर प्रदान गरेका थिए। समयको परिवर्तनसँगै आसपासमा बस्तीहरू बस्न थाल्यो। सबैभन्दा पहिले लक्ष्मी सिंह दनुवार नामको व्यक्तिले पोखरीको पश्चिम-दक्षिण भागमा घर बनाएर बसे। जो जादुटोना विद्यामा निपुण थिए। उसको मित्रता पाते माइझको पाँचौ पुस्ताको सुनर माइझसँग रहेको थियो।सुनर माइझको वृद्धावस्थामा एउटा सन्तान भयो। उनको नाम नारायण माइझ राखियो। नियमित मन्दिरमा पूजापाठ गर्न अप्ठ्यारो हुँदै गयो किनभने यो पोखरीभन्दा शिवनगर गाउँ करिब डेढकोश टाँढा रहेको थियो। यसै मौकाको फाइदा उठाउँदै मित्र लक्ष्मी सिंह दनुवारले सुनर माइझ समक्ष एक प्रस्ताव राखे कि यो मन्दिरको पूजापाठ गर्ने जिम्मा मलाई दिनुहोस्। तपाईले त्यहाँबाट दैनिक धाउनै पर्दैन। यो प्रस्ताव सुनेर सुनर माइझले बाध्यतावस स्वीकार गरे। छोरा नारायण माइझ नावालक नै थिए। दुवैबीच घनिष्ट सम्बन्धका कारण सुनर माइझले मर्नुभन्दा अगाडि आफूले प्राप्त गरेको लालमोहर पनि मित्र लक्ष्मी सिंह दनुवारलाई नै दिए। नारायण माइझ नाबालक भएपनि वैशाखको पूजामा उनलाई नै पगरी लगाएर सबै कार्य लक्ष्मी सिंहले नै गर्न थाले। त्यसपछि पुजारीको पगरी नारायण माइझका सन्तानहरूलाई यथावतरुपमा आइरहेकोमा दशौं पुस्ताका समयमा गाउँमा फैलिएको हैजाले गर्दा पाँच भाइ चेतदास माइझ, रञ्जित माइझ, धनजित माइझ, मनजित माइझ, छोटी माइझमध्ये चेतदास माइझ र धनजीत माइझको तर्फबाट छोरीहरूको मात्र जन्म भयो। धनजित माइझ निसन्तान रहे। रञ्जित माइझ बसाई सरेर सप्तरीको मटिगढी गए। यता, छोटी माइझका छोराहरू जंगल माइझ र मंगल माइझ नावालक भएको कारण पूजामा साथ दिन सकेनन्। पछि छोटी माइझको मृत्यु भएपछि उनीहरू क्रमशः मन्दिरमा जान छोडे। त्यसपछि माइझहरूले पगरी पाउने क्रम टुट्यो। अब उक्त मन्दिर र पोखरीमा पूर्ण रुपले दनुवारहरूले काम काज गर्न थाले। हाल उक्त स्थान थारूहरूको पैतृक स्थान रहे पनि समयको परिबन्धमा परेर दनुवारहरूको अधिनमा रहन गयो। यस विषयमा त्यहाँको दनुवारहरूलाई जिज्ञासा राख्दा अन्य कुराहरू भने पनि पोखरीको बारेमा भने केही बताउन चाहेनन् तर अहिले पनि पाते माइझको सन्तानको नाममा उक्त मन्दिर र देवी देवताको पूजा हुने गरेको छ। यसका साथै स्थानीयहरूले यो उनीहरूकै कूलको हो भन्ने मान्दै आएका छन्। हाल उक्त स्थानलाई लक्ष्मीपुर पताइर भन्ने गरिएको छ।

## मूल्य, मान्यता र जनविश्वास

यो पोखरी र मन्दिरमा थारू समुदायको वंशाणुगत सम्बन्ध रहेको छ। यो मन्दिरमा नित्य पूजा हुने गरेपनि वैशाख १ र २ गते मेला लाग्ने गरेको छ। जसमा हजारौं संख्यामा मानिसहरू छिमेकी जिल्ला तथा भारतबाट समेत मेला भर्न र देवीको दर्शन गर्न आउने गरेका छन्। यो मन्दिरमा पूजा गरी पोखरीमा डुबुल्की मारी नियमानुसार कर्म गर्ने दम्पत्तीले सन्तान प्राप्ति गरेको जनविश्वास

रही आएको छ ।उक्त देवीदेवता माने माइझका सन्ततिहरूको कूल देवताको रुपमा रहेको छ ।

### हालको अवस्था

यो मन्दिर भौतिक रुपमा आकर्षक रहे पनि पोखरीको घाट स्थानीय निकायबाट निर्माणाधीन अवस्थामा रहेको छ । उक्त मन्दिरको हालको पुजारी राम लोचन सिंह दनुवार रहेका छन् । उनका अनुसार यो मन्दिर तथा पोखरीले ३ बिगाहा १२ कट्ठा ५ धुर ऐलानी जग्गा चर्चेको छ । उक्त स्थानको जग्गा अतिक्रमणमा परी निजीकरण गर्ने प्रयास गरिएको छ । साथै उक्त जग्गा सम्बन्धि मुद्दा अदालतमा विचाराधीन अवस्थामा रहेको छ । स्थानीयबासीहरूले उक्त सम्पदा राष्ट्रिय सम्पदाको रुपमा सूचीकृत गरी पर्यटकीय तथा धार्मिक स्थलको रुपमा विकास गर्न माग गरेका छन् ।

## ७.२ राजदेवी माता मन्दिर

### परिचय

राजदेवी माताको मन्दिर सिरहा जिल्लाको धनगढीमाई नगरपालिका वडा नं. ३ रुपनगर अलुवाबाँध भन्ने स्थानमा रहेको छ । यो मन्दिर एउटा पवित्र धार्मिक स्थलको रुपमा परिचित छ । यो स्थान लहान बजारदेखि १५ किलोमिटर पश्चिममा रहेको छ । उक्त स्थानमा पुग्नको लागि लोक राजमार्गको धनगढीदेखि २ किलोमिटर दक्षिणमा ग्राबेल सडक छ ।

### ऐतिहासिक पृष्ठभूमि

परापूर्वकालमा यो माता रहेको स्थानमा गोठालाहरूले गाई चराउन जाँदा त्यस ठाउँमा फोहर गरेमा देवी लाग्ने गरेको जनविश्वास रहेको छ । यो मन्दिर कसले र कहिले निर्माण गरेको यकिन नभएतापनि करीब ५०० वर्ष पहिले निर्माण भएको अनुमान छ । अहिले पनि उक्त स्थान जंगलको रुपमा रहेको छ ।



### मूल्य मान्यता र जनविश्वास

यो मन्दिरमा वैशाख पूर्णिमाको दिनमा मेला लाग्ने तथा वली दिने चलन रही आएको छ । यो देवी माताको पूजा आराधना गरेमा आपत्त विपत्नपर्ने तथा परे पनि टरेर जाने विश्वास छ । मनोकांक्षा पूरा हुनेले यो मन्दिरमा वैशाख पूर्णिमाको दिन वलीको रुपमा बोका, हाँस, परेवा तथा पूजन सामग्रीको रुपमा लड्डु चढाउने गरेका छन् ।

### हालको अवस्था

यो मन्दिरको संरक्षणको लागि राजदेवी माता पर्यटक प्रवर्द्धन विकास केन्द्र नाम गरेको सामाजिक संस्था जिल्ला प्रशासन कार्यालय सिरहामा दर्ता भएको छ । मन्दिरको भौतिक संरचना आकर्षक छ । मन्दिरको वरिपरि घेराबार लगाएको छ भने धर्मशाला पनि निर्माण गरिएको छ । हाल उक्त मन्दिरमा पुजारीको रुपमा अशोक सदाय रहेका छन् । मन्दिरले जंगल सहित ६ बिगाहा जग्गा ओगटेको छ ।

## ७.३ देवल सुब्बा दरबार

### परिचय

देवल सुब्बा दरवार वा गढी सिरहा जिल्ला लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं.१ रामपुरमा रहेको छ । यो एक ऐतिहासिक स्थानको रुपमा परिचित रहेको छ । देवल थारूले राजाबाट पदवी पाएपछि निजलाई देवल सुब्बा भन्न थालिएको हो । यो स्थान



लहान बजारदेखि १२ किलोमिटर दक्षिण-पश्चिममा रहेको छ । उक्त ऐतिहासिक दरबारसम्म पुग्नको लागि पक्की तथा ग्राबेल सडक भएर जान सकिन्छ ।

## ऐतिहासिक पृष्ठभूमि

देवल थारू एक पराक्रमीका साथै धार्मिक एवं तान्त्रिक शिद्ध पुरुष थिए । देवल थारूले मात्तिएको जंगली हात्तीलाई आफ्नो अधीनमा पारी राजा सुरेन्द्र विक्रम शाहलाई चढाएका थिए । त्यसवापत राजा सुरेन्द्रले बिक्रमले सम्वत् १९२३ सालमा लालमोहर प्रदान गरी देवल थारूलाई सुब्बा पदवी दिएका थिए । त्यसै बेलादेखि उनको नाम देवल सुब्बा रहन गएको हो ।

स्थानीय जानकार सितल साहको भनाइ अनुसार देवल सुब्बाले त्यसपछि बिर्ता प्राप्त गर्नुको साथै तिरो उठाउने जिम्मा पनि पाएका थिए । स्थानीयको भनाइ अनुसार उनी तन्त्र विद्यामा निपुण भएकाले देवी-देवतासँग पनि प्रत्यक्ष कुरा गर्न सक्दथे । मोरङ्गसम्मको तिरो उठाउने जिम्मा निजले प्राप्त गरेकाले उनी तिरो उठाएर सरकारलाई बुझाउने काम गर्ने गर्थे । उनलाई ७ खून माफ थियो भन्ने भनाई पनि प्रचलित छ । जसले गर्दा उनी तिरो उठाउन हात्तीमा जाँदा कसैले पनि तिरो तिर्न आनाकानी गर्दैनथे ।

देवल सुब्बाको दरबारको भग्नावशेष रहेको स्थानमा पोखरीको डिलमा अझै पनि महादेव र दुर्गा भवानीको मन्दिर रहेको छ । उक्त मन्दिर देवल सुब्बाले बिक्रम सम्बत १९२३ मा स्थापना गरेका थिए । दरबार क्षेत्रभित्र धेरै ठूलो इनार भएकाले हात्ती इनारको चारैतिर परिक्रमा गर्न सक्थ्यो । उक्त इनारमा थारू समुदाय बाहेक अन्य समुदायले पानी भर्न पाउदैनथे ।देवल सुब्बा निःसन्तान थिए । उनको निधनपछि अन्य जातका व्यक्तिहरूले पनि पानी झिक्न थालेपछि इनार भत्केर गएको जनश्रुति रहेको छ ।

## मूल्य मान्यता र जनविश्वास

देवल सुब्बा थारू एक कुशल प्रशासक थिए । सरकारको काम जिम्मेवारीपूर्वक निर्वाह गर्ने गर्थे । उनले रामपुरमा अन्य जातीय समुदायका मानिसहरूलाई पनि बसाएका थिए । उनी एक पराक्रमी तथा दयालु भएकाले ७ खून माफको हुकुम पाए पनि त्यतिबेला कसैलाई हानी नोक्सानी गरेनन् । उनी धर्मात्मा तथा देवान्शी थिए । यो गढी दरबार एक वीर पुरुषको कहानी तथा गाथाले भरिएको छ । यहाँ रहेका महादेव र देवी दुर्गा भवानीको पूजा आराधना गर्ने गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास रहिआएको छ । उक्त स्थानमा दशमीमा दुर्गा भवानीको पूजा हुने गरेको छ ।

## हालको अवस्था

दरबारको भग्नावशेष अतिक्रमणमा परेको कारण संरक्षण गर्न मुश्किल भइरहेको छ । त्यहाँका सबै ऐतिहासिक वस्तुहरू लगभग हराइसकेका छन् । यो दरबार स्थानले २ विगाहा १९ कट्ठाको ऐलानी जग्गा चर्चेको भएता पनि विभिन्न व्यक्तिहरूले २०२६ सालको नापीमा भित्र भित्रै स्थानीय पदाधिकारी तथा सरकारी कर्मचारीहरूको मिलोमतोमा आफ्नो नाममा दर्ता गरिसकेका छन् । राजदेवी मन्दिरको लागि १ धुर जग्गा बाहेक बाँकी सबै अतिक्रमणमा परेकोले सो सम्बन्धमा अदालतमा मुद्दा चलिरहेको छ ।

उक्त दरबार तथा स्थान संरक्षणको लागि महेन्द्र साहको अध्यक्षतामा समिति गठन गरिएको छ । मन्दिरको पुजारीको रुपमा नवीन कुमार साह रहेका छन् । स्थानीयहरूले उक्त स्थानको सरकारी तवरबाट संरक्षण गर्नुपर्ने तथा सार्वजनिक महत्वको सम्पदा व्यक्तिले अतिक्रमण गरेकोले जनताको पक्षमा फैसला होस् तथा सबै निकायबाट यसको संरक्षणको लागि पहल होस् भन्ने माग रहेको छ ।

## ७.४ पकडिया गढ (राजा कुलेश्वर बाबा)

### परिचय

पकडिया गढ सिरहा जिल्ला लहान नगरपालिका वडा नं. १८ अमही बसाजोरी गाउँको उत्तरपट्टि मुतनी नदीको किनारमा रहेको छ । यो स्थान लहानस्थित लोक मार्गबाट ४ किलोमिटर उत्तरमा रहेको छ । यहाँसम्म पुग्नको लागि पक्की र ग्राबेल सडक रहेको छ । यो गढ तत्कालीन समयको राजा कुलेश्वरको दरबारको रुपमा प्रख्यात रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

परापूर्वकालमा यो स्थान राजा कुलेश्वरको राजदरवारको रुपमा रहेको थियो । उनी थारू समुदायका पराक्रमी र धर्मात्मा राजा थिए । उनी आफ्नो बोलीको पक्का थिए । दैनिक पूजापाठ गर्ने गर्दथे । दरबारभित्र फूल टिप्नको लागि पाँचजना मालिहरू कार्यरत रहेका थिए । दरबारको सुरक्षाको लागि भारतको मोकमा घर भएका चोहरमल राखेका थिए । चोहरमल राजकुमारी चन्द्रावतीको सुन्दरतामा मनमनै मन्त्रमुग्ध भइ एकतर्फी मायामा परेका थिए । जसले गर्दा उनी १२ वर्षसम्म बिना तलब दरबारमा खटेका थिए । यो कुराको सुइको राजाले पाएपछि चोहर मललाई नोकरीबाट निकाली दिएका थिए । त्यसको सट्टामा सुरक्षाको जिम्मेवारी सलहेशलाई दिइयो । यसकारण चोहर मलले सलहेशसँग बदला लिने गरी पुनः दरबारमा स्थान बनाउन खोजेका थिए ।

सलहेश कुस्ती लगायत अन्य विद्यामा निपूण थिए । उनी आफ्ना भाईहरू मोतिराम र बुध्धेश्वरलाई कुस्ती सिकाउनको लागि सलहेस फुलवारी नजिकै कुस्ती खेल्ने अखारा (अखडा) निर्माण गरेका थिए । उक्त स्थानलाई धाबाचौरी भन्ने गरिएको छ । यो कुस्ती खेल्ने ठाउँ हालसम्म रहेको छ ।

राजा कुलेश्वरले सुरक्षा लगायतका सम्पूर्ण कार्यको जिम्मेवारी सलहेशलाई दिएका थिए । एकपटक कैरकन्हालाई दरवारको सुरक्षाको जिम्मा दिई कुनै आवश्यक कामले सलहेस सिन्धुली गएको समयलाई सलहेससँग बदलालिने राम्रो अवसर ठानी चोहरमलले दरबारमा चोरी गरी यो चोरीको अभियोग सलहेसलाई लगाउन सफल भए । त्यसपछि चोरीको आरोपमा राजाले सलहेशलाई कारागारमा राख्ने आदेश दिए । सलहेशलाई भाई मोतिराम, बुध्धेश्वर र अन्य शुभचिन्तकहरूले छुटाउन अनेक प्रयास गरे पनि उनको केही लागेन ।त्यसबेला दरबारमा कार्यरत सामैर र देउना नामका जादुटुनामा निपूण दुई महिला पनि थिए । सलहेसलाई कारागारबाट छुटाउन ती महिलाहरू रातारात आफ्नो शक्तिले नटीनी (खोदहा/ट्याटु बनाउने महिला) को भेषमा भारतको मोकमा भन्ने ठाउँमा पुगेर चोहरमललाई सुतेको खाटसहित राजाको दरबारमा हाजिर गराए । राजा समक्ष पुनः छानबिन गर्दा सलहेश निर्दोष देखएपछि उनी कारागार मुक्त भए । त्यसको स्थानमा राजाले चोहर मललाई कारागार चलान गर्न आदेश दिए । यो लोकगाथा अहिले पनि रहीआएको स्थानीय जानकार जनार्दन चौधरी थारू बताउँछन् ।

### मूल्य, मान्यता र विश्वास

राजा कुलेश्वर एक महापराक्रमी तथा धार्मिक प्रवृतिका थिए । उनले पूजा आराधना गर्दा मनको इच्छा पूरा हुनुको साथै राज्यमा सुख समृद्धि प्राप्त हुन्थ्यो भन्ने जनविश्वास रहेको छ । राजा थारू समुदायको भएकाले पकडिया गढमा वली प्रदान गर्दा सबैभन्दा पहिले थारू समुदायले नै वली प्रदान गर्ने परम्परा हालसम्म पनि कायम छ । यो स्थानसँग थारू समुदायको वंशानुगत सम्बन्धका साथै भावनात्मक सम्बन्ध रहेको छ । यो स्थानमा पहिला पहिला देव हाट (जमघट) लाग्ने गरेको स्थानीय बुढापाकाहरूको भनाइ छ । उक्त स्थानमा नयाँ वर्षको उपलक्ष्यमा वैशाख १ र २ गते दुईदिने मेला लाग्ने गरेको छ ।

### हालको अवस्था

यो स्थान संरक्षणको लागि पकडिया गढ पर्यटन प्रवर्द्धन विकास केन्द्र नामको संस्था जिल्ला प्रशासन कार्यलयमा दर्ता रहेको छ । पुजारीको रुपमा खुशीलाल चौधरी कार्यरत छन् । यसको खोज तथा अनुसन्धानको लागि पुरातत्व विभागबाट उत्खनन् गर्दा निस्किएको प्राप्त इट्टा र मानव अस्थिपञ्जर विभागमा लिएर गएको स्थानीयहरू बताउँछन् । यो पकडिया गढले ५ बिगाहा १० कट्ठा ३ धुर सरकारी जग्गा चर्चेको छ । यसको व्यवस्थापन यस गढीबाट वार्षिक रुपमा हुने २ लाख आम्दानीबाट सञ्चालित छ । यसको विकासका लागि स्थानीय जनसमुदाय तथा पर्यटन वोर्डबाट सहयोग प्राप्त भएको छ । स्थानीय निकायबाट पनि सहयोग हुने गरेको तर त्यो प्रर्याप्त नभएको स्थानीयको गुनासो छ । यो गढलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गरी पर्यटन प्रवर्द्धनको लागि प्रचार प्रसार गर्नु पर्ने स्थानीयहरूको माग रहेको छ ।

# ७.५ राजदेवी पञ्चावती मन्दिर (देवी थान)

## परिचय



राजदेवी मन्दिर (देवीथान)

राजदेवी पञ्चावती शक्तिपीठ सिरहा जिल्लाका विभिन्न शक्तिपीठहरू मध्येको एक हो । यो शक्तिपीठ, सिरहा जिल्लाको लहान नगरपालिका वडा नं. १५ ढोढना गाउँ जहाँ थारू समुदायको बाक्लो बस्ती रहेको छ, त्यही चुरे पहाडको फेदमा अवस्थित छ । यो एक प्रसिद्ध पीठ हो । यो स्थान लहान बजारदेखि १० किलोमिटर उत्तरमा रहेको छ । यहाँ पुग्नको लागि ग्रावेल र पक्की सडक हुँदै जान सकिन्छ ।

## ऐतिहासिक पृष्ठभूमि

यो स्थानमा राजदेवी माता कहिले र कसरी बिराजमान हुनु भएको हो र कसले स्थापना गरेको हो भन्ने ऐतिहासिक तथ्य फेला नपरेपनि स्थानीय वृद्धवृद्धाहरूको भनाइ अनुसार करिब ३०० वर्ष अगाडि यो स्थानमा घनघोर जंगल थियो । एक समय जंगल फडानी गर्दै थारू समुदायका व्यक्तिहरू उक्त स्थानमा आए । हाल राजदेवी रहेको भनिएको रुखको लहरा स्थानीयहरूले काट्दा खेरि एकै साथ बाघ, हात्ती, चितुवा, भालु लगायतका जंगली जनावरहरूको आवाज सुनेपछि ती मानिसहरू त्यहाँबाट डराएर भागेका थिए । गाउँमा आएर जंगलमा भएको घटनाको बारेमा अरुलाई सुनाउँदा उनीहरूको कुरा कसैले पत्याएनन् । साँचो कुरा बुझ्नको लागि गाउँलेहरू फेरि जंगलमा गए । तर जसले रुखको हाँगा पहिले काटेको थियो, उनीहरूका गाई वस्तु त्यही मृत अवस्थामा फेला परेपछि सबै डराए । त्यसपछि उनीहरूले विभिन्न जनावरहरू कराएको आवाज पनि सुने । त्यसपछि उनीहरू त्यहाँबाट भागेर गाउँ फर्किए । तत् पश्चात कसैले हात्ती, कसैले बाघ, त कसैले चितुवा, सर्प इत्यादि जनावरहरू देख्न थाले । त्यस्तै कसैले सुनको नथिया लगाएको कालो बिरालो देख्न थाले र ती जनावरहरूले जनधनको क्षति गर्न थाले । त्यसपछि स्थानीयहरूले त्यहाँ कुनै न कुनै दैवी शक्ति रहेको अनुमान गरी धामी झाँक्री कहाँ गुहार माग्न पुगे । धामीले नै उक्त स्थानमा राजदेवी माता बिराजमान रहनु भएको र तिमीहरूले गल्ती गरेकोले यस्तो भएको हो भन्नु भयो । सबैजना गाउँलेहरू मिलेर सामूहिक पूजा गरेमा यो क्रमशः हराउँदै जानेछ भनी विश्वास दिलाएपछि गाउँलेहरूले पूजा गरेको र त्यस दिनदेखि जनधनको क्षति हुन बन्द भएको जनश्रुति छ ।



देवीबाट गाउँको धार्मिक व्यक्तिलाई सपनामा उक्त स्थान सफा सुग्घर राख्नु, काठ दाउरा नकाट्नू, सामूहिक रुपमा पूजा गर्नु, भनी जानकारी गराएको भनाइ अनुसार उक्त स्थानमा वर्षमा एकपटक सामूहिक पूजा गर्ने चलन रहि आएको छ ।

## मूल्य, मान्यता र विश्वास

यो राजदेवी थान (मन्दिर) शक्तिपीठ भएकोले यहाँ पूजा र दर्शन गर्दा पराक्रम बढ्ने , दुष्ट आत्माले नसताउने तथा सबै मनोकांक्षा पूरा हुने जनविश्वास छ । यो स्थानमा वैशाख पूर्णिमाको दिन ठूलो मेला लाग्ने गरेको छ जसमा हजारौं बोका, हाँस, परेवा आदिको वली दिने गरिन्छ । मेला भर्नको लागि स्वदेश तथा विदेशका भक्तजनहरूको यहाँ ठूलो भिड लाग्ने गर्दछ । हाल उक्त राजदेवी थानमा नियमित पूजा हुने गरे पनि शनिवार बढी भिडभाड हुने गरेको छ ।

एक समय, राजदेवी थानमा पूजा भइरहँदा मन्दिरभित्र कुकुर प्रवेश गर्दा अचानक भक्तजनहरूको भिडबाट नै बाघ निस्केर कुकुरलाई च्यापेर जंगलतिर गएको थियो । वि.सं २०६२ सालमा नागको पूजा गरिरहेको अवस्थामा गल्तीले कसैले धूप बालेकोमा नाग प्रकट भइ फँण (छतर) उठाइ कराउन थालेपछि भक्तजनहरूले प्रत्यक्ष देखेका थिए । त्यसपछि पुजारी लगायत सबैले गल्ती भयो माफ पाऊँ भनी बिन्ती भाकल गरेपछि उक्त नाग प्रसादीको थुप्रोमा पसेको र पछि खोजी गर्दा फेला नपरेको स्थानीयको भनाइ छ । त्यस्तै वि. सं.२०६५ सालमा सामूहिक पूजाको अघिल्लो दिन राती मन्दिरमा भएका घण्टीहरू एक्कासी एकैसाथ बजेको थियो र भोलिपल्ट पनि त्यस्तै बजेको सुनिदा पुजारीलगायत सबैजना एक खुट्टामा उभिएर केही गल्ती भए माफी पाऊँ भनी प्रार्थना गर्दा घण्टी बज्ने क्रम रोकिएको स्थानीयहरूको भनाइ छ । यो देवीको मन्दिर परिसरमा राजदेवी माता, राजाजी, दिनाभद्री, अगुवान धाइ, लाटीबौकी तथा नाग देवताको पूजा गर्ने परम्परा रहिआएको छ ।

## मन्दिरको हालको अवस्था

देवी थानमा वि.सं. २०५६ सालमा राजदेवी पञ्चावती मन्दिर संरक्षण विकास समिति गठन गरी जिल्ला प्रशासन कार्यालय, सिरहामा दर्ता गरिएको छ । समितिको अध्यक्षमा स्थानीय मागैन चौधरी रहेका छन् भने पुजारीको रुपमा चन्दर कुमारी चौधरी छिन् । भक्तजनहरूले चढाएको भेटी तथा स्थानीय व्यक्तिहरूको सहयोगमा मन्दिरको भौतिक पूर्वाधार निर्माणको कार्य शुरु गरिएको छ भने संघ, प्रदेश र स्थानीय तहबाट समेत सहयोग प्राप्त भएको छ ।

मन्दिरको जग खन्दाखेरी कसले, कसरी शुरुवात गर्ने विषयमा विभिन्न छलफलपछि ढोढना निवासी सम्मतलाल चौधरीको नेतृत्वमा समिति गठन गरी पोखरभिण्डा निवासी तथा धामी स्वर्गीय किसुनलाल सिंह थारूले वि. सं. २०५८ माघ ३ गते खनेका थिए भने शिलान्याश माननीय पदम नारायण चौधरीले गरेका थिए ।

मन्दिरको प्रवेशद्वार, पोखरी, धर्मशाला लगायतका पूर्वाधारहरू निर्माणाधीन अवस्थामा रहेका छन् । मन्दिर तथा जंगल परिसरले ४ बिगाहा ८ कट्ठा जग्गा चर्चेको छ । मन्दिर निर्माण भएपनि मूल देवीको थान पहिलाको रुख मुनि नै रहेको छ ।देवीको मूल पूजा त्यही गर्ने गरिएको छ । मन्दिरमा पहिला पहिला बैशाख चण्डी पूर्णिमामा पूजा हुने गरे पनि हाल दैनिक रुपमा भक्तजनहरू उक्त स्थानमा आई पूजा गर्ने गरेको छन् भने शनिवारको दिन भक्तजनहरूको भिड हुने गरेको छ । यो स्थानलाई अझ व्यवस्थित गरी यसलाई धार्मिक तथा साँस्कृतिक स्थलको रुपमा अन्तर्राष्ट्रिय स्थलमा समेत प्रचार प्रसार गर्नु पर्ने स्थानीयहरूको माग रहेको छ ।

# ७.६ बरमहान ठाकुर बाबा मन्दिर

## परिचय

बरमहान ठाकुर बाबा मन्दिर सिरहा जिल्ला लहान नगरपालिका वडा नं. २० मा अवस्थित रहेको छ । यो स्थान लहान चोकदेखि करीब डेढ किलोमिटर दक्षिण बरमहान जंगलमा रहेको छ । यहाँसम्म पुग्नको लागि ग्राबेल सडकबाट जान सकिन्छ ।

## ऐतिहासिक पृष्ठभूमि

यो स्थानमा करीब ५०० वर्ष पहिले घना जंगल थियो । बरमहान ठाकुर बाबा उक्त स्थानमा देवताको रुपमा रहनु भएको थियो । उहाँको दुई श्रीमती थिए । उक्त स्थानमा दरबार र ईनारहरू पनि रहेको तर हाल नदेखिएको स्थानीयहरूको भनाइ रहेको छ । सो स्थानमा हालसम्म रहेको लिंग कसैले निर्माण गरेको नभइ प्राकृतिक रुपमै स्थापित भएको जन विश्वास छ । उक्त स्थानमा देवहाट लाग्ने गरेको थियो । जंगलबाट कसैले घाँस दाउरा काटेर ल्याए घरमा बाघ, भालु कराउन आउथे भन्ने स्थानीयको भनाइ छ । त्यही बेलादेखि पूजा गर्ने चलन रहिआएको छ । यहाँ वैशाख १ गते २२ मौजाका समुदायले पूजा गर्दछन् जसमा पहिलो पूजा थारूले गर्दछन् । पूजामा वली दिने चलन छ । राम जानकी मन्दिरको महन्थको भनाइ अनुसार अहिले पनि बरमहान ठाकुर राजा डिहबार थारू बाहेक अन्य समुदायको शरीरमा प्रवेश गर्ने गरेको छैन ।

### मूल्य, मान्यता र विश्वास

बाबाको श्रद्धा र भक्तिपूर्वक पूजा गरेमा मनले चिताएको पूरा हुने जनविश्वास छ ।यहाँ प्रकृतिलाई पूजा गर्ने गरिन्छ । यस ठाउँमा थारू बाहेक अन्य कसैले पहिलो पूजा गर्ने चलन छैन । अर्को के मान्यता छ भने यो मन्दिरमा पूजा गरिसके पछि फेरि फर्केर जाने चलन छैन । परापूर्वकालमा एक जना पूजा गरी सकेपछि फर्केर जाँदा बाघ भेटिएकोले त्यो बेलादेखि फर्केर नजाने चलन रहको हो । यो मन्दिरमा वैशाख १ गते बरमहान मेलाको नामले तथा शिवरात्रिमा मेला लाग्ने गरेको छ ।

### हालको अवस्था

यो स्थान ११ बिगाहा जंगलमा फैलिएको छ । स्थानीयहरूले चन्दा संकलन गरी मन्दिर निर्माण गरेकोले भौतिक अवस्था आकर्षक छ । उक्त स्थानमा १२ फिट चौडाइ र ६ फिट मोटाइ भएको चारैतिर आयताकार एकनासको डिल रहेको छ । सो डिल कतै पनि भत्केको छैन । डिल र समथर भू-भाग पुरै रुख बिरुवाले ढाकेको छ । जंगलभित्र बडो अचम्मका जनावरहरू रहेका स्थानीयहरूको भनाइ रहेको छ । उक्त मन्दिरमा पुजारीको रुपमा सिरहा जिल्ला सखुवानान्कारकट्टी गाउँपालिका, बेताहा बस्ने सुमन चौधरीको छोरा खुशीलाल चौधरी रहेका छन् । थारूहरूको धरोहर भएकाले यो स्थानलाई धार्मिक तथा सांस्कृतिक स्थानको रुपमा सूचीकृत गरी उत्खनन् गर्नुपर्ने आवश्यकता स्थानीयहरूले बताएका छन् ।

## ७.७ मानिक दह

### परिचय

मानिक दह सिरहा जिल्ला लहान नगरपालिका वडा नं. १ स्थित चुरे पहाडको काखमा छ । लहान नगरपालिकाको मुख्य सडकबाट १० किलोमिटर उत्तर पश्चिममा अवस्थित छ । यहाँसम्म पुग्नको लागि ग्राबेल सडक भएर जानु पर्नेछ । यो दह एक प्रसिद्ध धार्मिक पोखरीको रुपमा प्रख्यात छ ।

परापूर्वकालदेखि यो स्थानमा थारू समुदाय बसोवास गर्दै आइरहेका छन् । वि.सं. १४३८ मा तिरहूत गणराज्य प्राणालीको आधारमा त्यतिबेला तिरहूत राज्यको स्थानीय प्रमुख माने माइझ थारू थिए । उनैले तत्कालीन समयमा स्थानीय समुदायको सुविधाको लागि गाई वस्तुलाई पानी खुवाउने पोखरीको निर्माण गरेको जानिफकार सत्यनारायण चौधरी बताउँछन् । उनका अनुसार अहिले पनि थारू समुदायको प्रत्येक गाउँमा पोखरी रहने गरेको छ । यसका साथै तत्कालीन समयमा नुहाउन, लुगा सफा गर्न, भाडा सफा गर्न, गाई वस्तु तथा चरा-चुरुङगी जस्ता प्राकृतिक जनावरलाई पानी खुवाउनको लागि यो पोखरी निर्माण गरिएको उनको भनाइ छ । त्यो बेला पोखरीलाई स्थानीयहरूले मान पोखरी भन्ने गर्थे । पोखरी ठूलो भएकोले कसैले यसलाई माने दह भनी नाम राखे । त्यही माने दह अपभ्रंश भएर हाल मानिक दहको नामले परिचित छ ।

### मूल्य मान्यता र विश्वास

स्थानीयहरूका अनुसार उक्त मानिक दहमा सलहेश नित्य स्नान गर्न आउने गर्दथे । सलहेश नुहाएकोले पछि मानिक दह धार्मिक पोखरीको रुपमा स्थापित हुन गयो । यो दहलाई थारू समुदायले जिउँदो इतिहासको रुपमा मान्दै आएका छन् । यो पोखरीमा आइ नुहाएमा मन शुद्धी हुने तथा आफूले चिताएको पुग्ने धार्मिक जनविश्वास छ । यो दहमा पहिले कार्तिक पूर्णिमामा मात्रै मेला लाग्ने गरेपनि अहिले वैशाख १ गते मेला लाग्ने गरेको छ । कार्तिक पूर्णिमा लाग्ने मेलाको भने आफ्नै विशेषता थियो । उक्त मेलामा कौडा, जुवा, तास खेल्ने गरिन्थ्यो । उक्त खेललाई मेला भर्न आउने सहभागीहरूले आफ्नो भाग्य परीक्षाको रुपमा समेत हेर्ने गर्दथे । त्यही भएर होला जुवा खेल्नकै लागि छिमेकी लगायत अन्य जिल्लाहरूबाट (पहाड, तराई र भारत) मानिसहरू मेला भर्न आउने गर्दथे तर हाल उक्त जुवा, कौडा खेल्ने कार्यमा प्रतिबन्ध लगाइएको छ ।

### हालको अवस्था

मानिक दह ३ बिगाहा जग्गामा रहेको छ ।

# ७.८ बाबा बाला चौधरी मन्दिर

## परिचय

बाबा बाला चौधरीको मन्दिर सिरहा जिल्ला लहान नगरपालिका वडा नं. ३ मटियर्वामा अवस्थित छ। उनलाई थारू समुदायले देव पुरुषको रुपमा पनि चित्रण गर्ने गरेका छन्। बाबा बालाको स्थान लहान नगरपालिकाको लहान बजारस्थित लोकतान्त्रिक चोकदेखि ५०० मिटर दक्षिणमा रहेको छ।

## ऐतिहासिक पृष्ठभूमि

बाला माझी (थारू) को जन्म वि. सं. १८१७ मा सिरहा जिल्लाको गोपाल खोन्हिया भन्ने ठाउँमा भएको थियो। सो ठाउँ हाल लहान नगरपालिका मटियर्वा गाउँदेखि डेढ किलोमिटर पूर्व पर्दछ। हाल उक्त स्थानमा बस्ती छैन। बाला जन्मेको ठाउँ उजाड अवस्थामा रहेको छ। बुवा कलरु माझी (थारू) को पहिलो सन्तानको रुपमा थिए बाला थारू।

त्यतिबेला उनी एक कुशल प्रशासक मानिन्थे। राजा सुरेन्द्र वीर विक्रम शाहले बाला माझीलाई 'चौधरी'को उपाधि र जागिर बकस दिएका थिए। त्यसपछि बालाका वंशजहरूले आफ्नो वंशावलीमा 'चौधरी' लेखाउन थालेका हुन। त्यसताका श्री ५ महराजाधिराजबाट उनलाई २२ मौजे बकस दिइएको थियो। उनले २२ मौजेको सम्पूर्ण आर्थिक तथा प्रशासनिक कार्यहरू निपूर्णताकासाथ गर्ने गर्दथे। उनले उक्त मौजाहरूको तिरो उठाउने र सरकारलाई बुझाउने गर्दै आएका थिए। एकपटक गाउँमा आगलागी हुँदा तिरो तिर्ने सम्पूर्ण कागजातहरू जलेर नष्ट भए। उनले सरकारलाई तिरो तिर्न नसक्दा सजाय स्वरुप राजाबाट मृत्युदण्ड दिने आदेश भएको थियो। उनले १ महिनाको समय माग गरेका थिए र उक्त समयभित्र सम्पूर्ण कागजातसहित तिरो तिर्ने वचन दिएका थिए। एक महिनाको समयमा उनले वचन दिए अनुरुप नै तिरो तिर्न सफल भए जसकारण राजाबाट थप २० बिगाहा जमीन बकसमा उनले पाएका थिए। त्यसबेलादेखि नै सिरहा जिल्लाको केन्द्रको रुपमा मटियर्वा डौढी रही आएको छ। बाला चौधरीले पाँच जिल्ला (सिरहा, सप्तरी, सुनसरी,उदयपुर, मोरङ्ग) जिल्लाको थारूहरूको आर्थिक तथा प्रशासनिक जिम्मेवारी सम्हालेका थिए। उनको देहावसान वि.सं. १९८४ मा भएको थियो जसमा पाँचै जिल्लाका मौजे प्रमुखहरू उपस्थित भएका थिए। तत्पश्चात् उनका सन्ततिहरूले हाल रहेको पोखरीको डिलमा बाबा बाला चौधरीको मूर्ति स्थापना गरी मन्दिर निर्माण गरेका छन्। सोही बखतदेखि उक्त स्थानमा पूजा अर्चना गर्ने तथा मेला लगाउने चलन रही आएको छ।

## मूल्य, मान्यता र विश्वास

बाला चौधरीलाई थारू समुदायले लौह पुरुष तथा न्यायमूर्तिको रुपमा लिने गरेका छन्। बाला चौधरीले गरेका साहासिक तथा ऐतिहासिक कार्यलाई थारू समुदायले प्रेरणाको रुपमा लिने गरेका छन् भने तत्कालीन समयको यथार्थतालाई चित्रित गर्दै शिरोधार्य गर्नु पर्ने थारू अगुवाहरू बताउँछन। बाबा बाला चौधरी ट्रष्टका सचिव भरतभूषण चौधरीको अनुसार बाबा बाला देवताको रुपमा प्रकट भएको र बाला बाबाको शरणमा भक्तिभावपूर्वक जाने जोकोहीलाई मनोकांक्षा पूरा हुने जनविश्वास छ।


बाबा बाला चौधरी, मन्दिर

वि.सं. २०५१/२०५२ सालतिर एकजनाको गोरु हरायो। तीस चालिस हजार मूल्य बराबरको गोरु हराएपछि ऊ निक्कै चिन्तित भयो। गोरु हराएको ४/५ दिन भइसकेको थियो। ४/५ दिनदेखि घरपरिवारका सबैजना गोरु खोज्दा खोज्दै थाकिसकेका थिए। अन्तमा, यो कुरो एकजना आफन्तसँग भने, आफन्तले बाबा बाला चौधरीको पराक्रम बारेमा सुनाए। त्यसपछि बाबाको भाकल गरे र भाकल गरेको दुई घण्टाभित्रै उनको गोरु दाम्लोसहित घरमै आइपुग्यो। यतिमात्रै होईन, बाला चौधरीकै खलकका मटियर्वा निवासी एकजना स्व. नन्दीलाल चौधरीले पनि बाला बाबा आफ्नो गाईवस्तु बलान नदी छेउको वनमा चराउन जाँदा आफू

सुतिराख्ने र देवदूतहरूले वस्तुभाउ चराइदिने बताएका थिए । स्थानीयहरूले कुनै पूजा गर्दाखेरी पहिले बाबा बाला चौधरीको पूजा गरेपछि मात्रै अन्य देवी देवताको पूजा गर्ने गरेका छन् । यसबाट पनि उनको पराक्रम र दैवत्वको चित्रण बुझ्न सकिन्छ ।

### हालको अवस्था

वि.सं. १९९० को महाभूकम्प अघि बाबा बालाको मन्दिर पोखरीको पूर्वपट्टिको डिलमा थियो । तर महाभुकम्पमा भत्केपछि हाल पोखरीको पश्चिम दक्षिण कुनामा पुनः निर्माण गरिएको छ । यो मन्दिर र पोखरी समेतले ४ बिगहा १६ कट्ठा ६ धुर जमीन चर्चेको छ । श्री बाबा बाला चौधरी नामको संस्था ट्रष्टको नाममा जिल्ला प्रशासन कार्यालय सिरहामा दर्ता भएको छ भने संस्थाको अध्यक्षमा गोपाल चौधरी, सचिवमा भरत भूषण चौधरी रहेका छन् । उक्त मन्दिरमा स्थानीयहरूले विवाह, ब्रतबन्ध गर्दै आएका छन् भने विवाह पञ्चमी तथा छठमा मेला लाग्ने गरेको छ ।

## ७.९ सलहेश फुलबारी

### परिचय

सलहेश फुलबारी प्राचीन समयदेखि एक घना जंगलको रुपमा स्थापित नाम हो । यो फूलवारी सिरहा जिल्लाको लहान नगरपालिका लहान बजार चोकदेखि ४ किलोमिटर पश्चिममा अवस्थित छ । यो सलहेस फूलवारी चारकोसे झाडीको एक अवशेष स्वरुप फूलबारीको रुपमा रहेको छ । सलहेश पहिले राजा हिनपैतको सेनापतिको रुपमा रहेको र पछि आफ्नो पराक्रम तथा लोकप्रियताले राजा कुलेश्वरको समेत सेनापति हुनु भएको थियो । सलहेशलाई मनपराउने धेरै राजकुमारीहरू भएकाले सलहेस फूलवारीलाई अहिले पनि प्रेमको प्रतिकको रुपमा चिनिने गरिएकोछ ।

### ऐतिहासिक पृष्ठभूमि

१४औं शताब्दीका सलहेशको सम्झनामा सलहेशको शौर्य, पराक्रम, वीरता, साहस र प्रेमसँग गाँसिएका गाथाहरूको सम्झनास्वरुप यहाँ प्रत्येक वर्ष वैशाख १ गते परम्परागत मेला आयोजना हुन्छ । लहान बजारदेखि चार किलोमिटर पश्चिम-दक्षिणमा ९ बिगाहा क्षेत्रफलमा सलहेश फूलबारी फैलिएको छ । फूलबारीको मध्यभागमा हारमको रुखमा प्रत्येक वर्ष बैशाख १ गते माला आकारमा यो फूल फुल्ने गर्दछ । आश्चर्य त के छ भने मेलाको भोलिपल्ट अर्थात् वैशाख २ गते दिन ढल्दै जाँदा विस्तारै फूल पनि ओइलिएर जान्छ । यही अनौठो फूल हेर्न पनि त्यस दिन टाढा टाढाबाट श्रद्धालुहरू आइपुगेका हुन्छन् । फूलबारीमा सलहेश र मालिनीको छुट्टा छुट्टै गहबर (मन्दिर) छ । पूजारी नागेश्वर सिंह धामी को भनाइ अनुसार मन्दिर पछाडि इनार र बालीगंगा नदी बग्ने गरेको छ । बालीगंगा नदी कहिल्यै सुक्दैन । सोही दिन यस नदीमा हजारौं श्रद्धालुहरू स्नान गर्छन् । सिरहामा सलहेश गाथाको परिवेश




सिरहामा रहेको सलहेश फूलबारी






ऐतिहासिक तथ्यमाथि आधारित छन् । सलहेश कुनै काल्पनिक पात्र नभई आफ्नो क्षेत्रका लोकनायक मानिन्थे । उनी आफ्नो पराक्रम राष्ट्रप्रेमी र नेतृत्वशक्तिले गर्दा पुज्य र अहिंसावादी थिए । उनी आफ्नो सवारी हात्तीमा गर्थे र जनताका पीरमर्कालाई नजिकबाट बुझ्ने गर्दथे । उनी आफ्नो बाहुवल तथा बृद्धिले त्यस क्षेत्रमा लोकप्रिय भएका थिए । आफ्ना क्षेत्रका जनतालाई सुरक्षा दिएर अन्य शक्तिको आक्रमण विफल तुल्याइदिएका थिए । उनी सबैको समस्या बुझेर त्यसको समाधान गरिदिन्थे । त्यसकारण उनी सर्वसाधारणबीच लोकप्रिय भएका थिए भनि सलहेश गाथामा वर्णन गरिएको छ । सलहेश एकै दिनमा मानिकदहमा नुहाउने गर्थे, लहानको फूलवारीमा फूल टिप्थे, सिलहट अखाडामा कुस्ती खेल्थे, आफ्नो जन्मथलो महिसोथामा कुल देवीको पूजा गर्थे र त्यसपछि आफ्नो प्रजाको समस्या सुन्नका लागि कंचनगढ पुगी सबैको पीरमर्का एक एक गरी बुझ्थे । सलहेशगाथा सलहेस बारेमा थारू भाषामा यसरी भनिएको छ ।

*'खन खन रहै चिही, बैलका पहाड मे*
*खन रहै चिही सरर वाग मे,*
*मानिकदह मे, स्नान करैत चिही*
*मागै छी त ह ही मलिनियाँ के खातिर*
*गढ पकरिया मे मैयाके सुमीरै छ ।*

कुनै बेला बेलका पहाडतिर (उदयपुर जिल्लाको बेलका वनमा पर्ने पहाड) हुन्छ, कुनै बेला सरर फूलवारीतिर जान्छ, कुनै बेला मानिक दहमा नुहाउँछ र त्यसपछि पकडिया गढमा देवीको पूजा गर्छ । सलहेश लोकगाथामा जति ठाउँको नाउँ आएको छ जस्तो महिसोथा पकडियागढ, कंचनगढ, तरेगना, मानिकदह, सलहेश फूलवारी, यी सबै ठाउँहरू सिरहा जिल्लामा अवस्थित छन् । सिरहा जिल्लामा रहेका सलहेश गाथासँग सम्बन्धित पुरातात्विक महत्वका स्थलहरू आज पनि ऐतिहासिक बनेर रहेको छ ।

## मूल्य, मान्यता र विश्वास

पुजारी सिंहका अनुसार सलहेश एकै दिनमा मानिक दहमा नुहाउने, फूलबारीमा फूल टिप्ने, सिलहट अखाडामा कुस्ती खेल्ने, कुलदेवीको पूजा गर्ने तथा जनताको पीरमर्का सुन्ने गर्दथे । मेला भर्न आउनेहरू सलहेश गहबरमा पूजापाठ गरेर भाकल गर्दा मनोकामना पूरा हुने गरेको पूजारी सिंह बताउँछन् । उनको भनाइ अनुसार मनोकामना पूरा हुने गरेकै कारण टाढा टाढाबाट मानिसहरूले भाकल गर्न यहाँ आउँछन् । भारतबाट पनि हजारौं महिला र पुरुष एक दिन अगावै यहाँ आइपुग्छन् । सलहेश गहबरमा पूजापाठ गर्दा नि:सन्तान महिलाहरूले सन्तान समेत पाउने गरेको जनविश्वास छ । यहाँ मेला भर्न आउनेहरू अधिकांश प्रेम जोडी वा नि:सन्तानहरूले सन्तानको आशामा भाकल गरेर सलहेशको फूलबारी अवलोकन गर्न आउने गर्छन् ।



### हालको अवस्था

सलहेश फुलबारीले ९ बिगहा जमीन चर्चेको छ। यहाँको भौतिक संरचनाहरू निर्माणाधीन अवस्थामा छन्। सलहेश फुलवारीको विकास तथा संरक्षणको लागि समिति बनाइ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको छ। यसका साथै नेपाल सरकारले वि.सं. २०६६ सालमा आदेश जारी गरी सलहेश क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति गठन गरेको छ। उक्त समितिको अध्यक्षको रुपमा पूर्व सांसद रामरति राम रहेकी छिन्।

## ७.१० कमरु धामी

### परिचय

कमरु धामीको मन्दिर सिरहा जिल्ला लहान नगरपालिका भदैया टोलमा रहेको छ। यो स्थान लहान चोकदेखि ३ किलोमिटर उत्तरमा पीच सडक भएको बाटोमा रहेको छ।

### ऐतिहासिक पृष्ठभूमि

कमरु धामी थारू एक गरीब परिवारमा जन्मिएका थिए। उनी एकपटक तीर्थ यात्राको लागि काली कमुरक्षा गएका थिए। त्यहाँ उनलाई एउटी बंगाली महिलाले आफ्नो जादुटुनाले आफ्नो बशमा पारी घरमा राखेकी थिइन्। स्थानीयहरूका अनुसार कमरु धामीले कमुरक्षा माईको पूजा गरेर शक्ति पाएको र आफू ती बंगाली महिलाको कब्जाबाट मुक्त भएर घर फर्किएका थिए। त्यही बेलादेखि उनी गाउँमा कसैलाई केही समस्या आइलागेमा झारफुक गर्न थालेका थिए। झारफुक गर्ने क्रममा स्थानीयहरूले उनलाई कमरु थारूको साटो कमरु धामीको नामले चिन्न थाले। यही नामले उनलाई बोलाउन थालियो। निःशुल्क झारफुक गर्दा उनी दिनदिनै झन झन गरिब हुँदै गए। गरिबीको कारण घरका सदस्यहरू भोकभोकै बस्न बाध्य हुनु पर्‍यो। त्यो समयमा गाउँमा खडेरी परेकोले खानाको अभाव थियो। उनीसँग एउटा गोरु मात्रै थियो। उनले त्यही एउटा गोरु लिएर खेतमा हलो जोत्न गए।तर एउटा गोरुले हलो जोत्ने कसरी ? उनले उपाय खोजी गरे। नजिकै जंगल भएकाले उनले आफ्नो शक्तिले अर्कोतिर बाघ लगाउने निधो गरे। उनले बाघ बोलाए र एकापट्टि गोरु अर्को पट्टि बाघ लगाएर खेतमा हलो जोत्न थाले। उनको यो अद्‌भूत चमत्कारको हल्ला गाउँभरी फैलियो। स्थानीयहरू भन्न थाले, कमरु धामी त एकापट्टि गोरु अनि अर्कोपट्टि बाघले हलो जोतिरहेका छन्। यसको ठ्याक्कै मिति थाहा नभए पनि स्थानीयहरूका अनुसार यो करीब ३०० वर्ष पहिलेको कुरा हो एक पटक घरमा अन्न नहुँदा कमरु धामीले एकदिन आफ्नी श्रीमतीलाई कुश काटेर ल्याउ भनी अह्राए। उनी आफूले पनि श्रीमतीसँगै कुश काटेर घरमा ल्याए। तत्पश्चात् उक्त कुशलाई भुइँमा छरेर गोरु लगाएर दाइँ गर्न थाले। दाई गरेसँगै उक्त कुशघाँसबाट धान निस्किन थाल्यो। त्यो समय खडेरी परकोले आफूले चाहिने धान राखेर बाँकी छरछिमेक र गाउँलेलाई बाँडिदिए। पछि सबै गाउँलेहरूले उहाँलाई एक देव पुरुषको रुपमा पूजा गर्न थाले।

### मूल्य मान्यता र जनविश्वास

कमरु धामी एक सिद्धि प्राप्त मानव भएकोले हाल पनि कसैलाई केही समस्या पर्‍यो भने उहाँलाई स्मरण गरी भक्ति पूर्वक पूजा आराधना गरेमा समस्या समाधान हुने जनविश्वास छ। थारू समुदायमा असारमा हुने अखारी पूजा (जात पूजा) को समयमा कमरु धामीलाई पनि पुज्ने गरिएको छ। वैशाख ७ गते कमरु धामीको स्मृतिमा यसको महिमा तथा समाजमा पुर्‍याएको योगदान बारे चर्चा हुने गरेको छ। साथै पूजा पनि गर्ने गरिन्छ। कमरु धामीको पूजा गरेमा बिग्रेको काम सप्रने जनविश्वास रही आएको छ।

### हालको अवस्था

कमरु धामीको नाममा ५ धूर जग्गामा पोखरी निर्माण गरिएको छ। पोखरी परिसरको नजिकै उनका सन्तानहरूले मन्दिर निर्माण गरि दिएका छन्। साथै मन्दिरको भौतिक अवस्था संरक्षणको लागि कमरु धामी बाबा समिति बनाइएको छ। मन्दिरको पुजारीको रुपमा भागवत चौधरी धामी रहेका छन्। थप भौतिक पूर्वाधारको लागि कतैबाट सहयोग आएको छैन।

# अध्याय आठ

## सप्तरी जिल्ला

### परिचय

सप्तरी नेपालमै विशिष्ट पहिचान बोकेको जिल्ला हो । कुनै समयमा सप्तरी जिल्ला तिरहूत राज्यको एउटा महत्त्वपूर्ण भाग मानिएको थियो । अहिले यस जिल्लामा विभिन्न जातजातिहरूको बसोवास रहेको छ । यस जिल्लाको पूर्वमा सुनसरी, पश्चिममा सिरहा, उत्तरमा उदयपुर तथा दक्षिणमा भारतको विहार राज्य पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल १ हजार ३ सय ६३ वर्ग किलोमिटर रहेको छ । यस जिल्लाको पूर्व-पश्चिम लम्बाई सरदर ४५ किलोमिटर तथा उत्तर- दक्षिण चौडाइ सरदर ३० किलोमिटर रहेको छ । कुल क्षेत्रफलको ६३ प्रतिशत भू-भाग तराई तथा ३७ प्रतिशत भू-भाग चुरे पहाडले ओगटेको छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार सप्तरी जिल्लाको जनसंख्या ७,०६,२५५ रहेको छ जसमा थारूको जनसंख्या ७९,३६६ रहेको छ। यहाँका मुल बासिन्दाहरूमध्ये थारू जाति एक हुन् । यहाँ थारू भाषाका साथै भारतसँग खुल्ला सीमाना भएकाले हिन्दी, मैथिली लगायतका भाषाहरू पनि बोल्ने गरिन्छ । सप्तरी जिल्लाका थारूहरू आदिवासी भएकाले यहाँ थारूहरूको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरू हजारौं वर्षदेखि स्थापित रहिरहेका छन् । तीमध्ये थारू ऐतिहासिक तथा धार्मिक स्थलहरू यस प्रकार छन् ।

## ८.१ खोदहरदेव गुफा

### परिचय

खोदहरदेव गुफा सप्तरी जिल्ला कञ्चनरुप नगरपालिका वडा नं. ७ बक्साहा गाउँदेखि १ किलोमिटर पूर्व-उत्तर चुरे पहाडको छेउमा रहेको देवी खोलाको किनारमा अवस्थित छ । यो गुफा लोकमार्गको बक्साहा गाउँदेखि १ किलोमिटर उत्तरमा तथा सदरमुकाम राजविराजदेखि पूर्वमा १८ किलोमिटर टाढा रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

यो गुफा कहिले निर्माण भएको हो यकिन नभए पनि यो महाभारत कालीन रहेको स्थानीयहरू बताउँछन् । महाभारतको कथा अनुसार पाण्डवहरूले १२ वर्षको वनवास आउँदा अन्तिम एक वर्ष गुप्तवास बस्दा यही गुफामा एकरात बसेको र भिमसेनले देवीको पूजा गरी पाँच पाण्डवहरूले रुप परिवर्तन गरी विराट राज्यतर्फ प्रस्थान गरेको जनविश्वास छ । यस्तै भष्मासूर राक्षसले महादेवको तपस्या गरी महादेवबाट भष्म हुने बरदान पाएकोमा यो बरदान साँचो हो की होइन भनी जाँच्नको लागि महादेवलाई नै लखेट्न लागेकोमा महादेव भाग्दा भाग्दै यही गुफाबाट प्रवेश गरेर उदयपुरको छामलिंग कोशी हुँदै खोटाङ्गको हलेसीमा पुगरे पुनः तपस्या सुरू गरेको किवदन्ती छ । त्यसकारण यो गुफाको उत्पति परापूर्वकालमा नै भएको स्थानीयहरू बताउँछन् ।

गुफाभित्र खोदरदेव माता प्रकट भइ बसेकाले यसमा खास गरी यही देवीको पूजा गरिन्छ । गुफाभित्र चार पाँच घुम्ती पार गरी सकेपछि राजाजी, पाँच पाण्डवमध्ये भिमसेन, राजदेवी, मोलाना सुब्बा नामक देवी देवताहरू अवस्थित रहेको देख्न सकिन्छ ।

यसमा कहिलेदेखि पूजापाठ गर्न सुरु भएको भन्नेबारे जिज्ञासा राख्दा स्थानीय धामी हंकु चौधरी भन्छन्, थारू समाज यहाँ बसोवास गरिआएको दिनदेखि नै पूजा गर्न थालियो । तराइको पुरानो बासी यो गुफामा शिरुवा पावैन तथा नयाँ वर्ष बैशाख १ र २ गते मेला लाग्नुको साथै पूजापाठ हुने गर्दछ । पूजारीको रुपमा थारू समुदायको धामी नै रहेका छन् ।

### मूल्य, मान्यता र विश्वास

यो गुफाभित्र अदृष्य रुपमा रहेको खोदहरदेव माताको पूजा आराधना गरेमा विभिन्न किसिमका औषधि उपचारले निको नहुने रोगहरू, धामी झाक्रीले ठीक गर्न नसकेका दुष्ट आत्माहरू, पहिचान हुन नसकेका रोगहरू निको हुने गरेको जनविश्वास छ । खासगरी नयाँ वर्षको उपलक्ष्यमा वैशाख १ गते भक्तजनहरू विहान सबेरै पूजा गर्छन् । धामीको निर्देशन अनुसार अक्षता, पान, फूल, सुपारीले पूजा गर्छन् भने भाकल गर्नेले सोही अनुसार चढाउने गरेका छन् ।

यो गुफाभित्रको गिलो माटो प्रसाद स्वरुप सबैले टिका लगाउने गर्छन् । यो मन्दिरमा देवीको रुपमा कालो सुनको नथिया लगाएको बिरालो रहेको स्थानीयहरूको भनाइ छ । स्थानीयहरूको अनुसार मानिसहरू आफ्नो मनोकांक्षा पूरा गर्न सानो बिरालोलाई गाजल लगाइ गुफामा देवीलाई समर्पण गरी छाड्ने गरेका छन् । साथै परेवालाई पूजा गरी उडाउने गरिन्छ भने बोकाको वली प्रदान गर्नुको साथै घण्टा, त्रिशुल र भण्टा चढाउने चलन छ । यसलाई एउटा प्रेमको प्रतिकको रुपमा पनि लिन सकिन्छ । यो गुफा भित्र प्रेमी प्रेमीकाको नाम पनि कुँदिएको पाइन्छ । यसमा भक्तिपूर्वक पूजा गरेमा आफूले चिताएको जोडी प्राप्त हुने पनि विश्वास रहेको छ ।

### हालको अवस्था

यो गुफा करिब २०० मिटर लामो रहेको छ । १०/१५ वर्ष अगाडि टर्च लिएर गुफा भित्रसम्म जान सकिन्थ्यो तर हाल जाने चलन छैन । भित्र निलो पोखरी रहेको छ । यसको व्यवस्थापन थानपति (पूजारी) लगायत स्थानीयले गर्दै आएका छन् । नयाँ वर्षको पहिलो दिन बाजा गाजासहित गुफामा पुगेर पूजा गर्ने चलन छ । यो गुफालाई एक धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गरे पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने स्थानीयको भनाइ छ । तर हालसम्म स्थानीय निकाय तथा सरकारबाट कुनै पहल भएको देखिदैन ।

## ८.२ गोरमुराइन मन्दिर

### परिचय

गोरमुराइन (मनैन) मन्दिर सप्तरी जिल्लाको महुली (मौहरी) खोलाको किनारमा अवस्थित छ । यो मन्दिर लोकमार्गमा रहेको महुली बजारदेखि डेढ किलोमिटर उत्तरमा पर्छ । यो एक धार्मिक स्थलको रुपमा खालिसा मौजाको शिरा थान (शीर्ष स्थान) को रुपमा रहेको छ । यसलाई तिरहूत माइभकको तपोभूमिको रुपमा पनि चिनिने गरिन्छ ।

### उत्पत्तिको इतिहास

यो मन्दिर परापूर्वकालमा उत्पत्ति भएको स्थानीयहरू बताउँछन् । गोरमुराइन बेहुलाबेहुलीको रुपमा यहाँ रहेको भएपनि मूर्तिको व्यवस्थापन हुन नसक्दा नदीले बगाएर वा कसैले उखेलेर लगेको हुन सक्ने स्थानीयको भनाइ छ । उक्त स्थानमा ढुंगाको विवाहमण्डप त्यही अवस्थित रहेको देख्न सकिन्छ । उक्त ढुंगामा केरा, नरिवल, ओखर तथा मूर्तिका आकृतिहरू कुदिएको अवस्थामा रहेका छन् । स्थानीय थारू भाषामा यसलाई 'सिरुवा परव' पनि भन्ने चलन छ । यो स्थानमा नयाँ वर्षको दिन अर्थात् वैशाख १ गते जल चढाउने तथा मेला लाग्ने गरेको छ । भाकल गरेकाहरूले उक्त दिन यहाँ बोकाको वली दिने गरेका छन् । साथै भाकल राख्नेहरू बालबालिकाहरूलाई उक्त स्थानमा लगेर मुण्डन पनि गर्ने गरेका छन् ।



यो स्थानदेखि केही पर अर्को देवस्थल पनि रहेको छ जसलाई देवहाट भन्ने गरिन्छ । उक्त स्थानमा देवताहरूको जमघट हुने जनविश्वास छ । शिवलिंग र काठको इनारको अवशेष रहेकोमा उक्त स्थान हाल पुरिएको अवस्थामा रहेको स्थानीयहरू बताउँछन् । उक्त स्थानमा सप्तऋषीहरूले बास गरी तपस्या गरेकोले केही समय अगाडिसम्म भारतबाट तपस्या गर्न ऋषि, जोगीहरू आउने गरेका थिए तर हाल उनीहरूको आउने क्रम रोकिएको छ । करीब १०० वर्ष



अगाडि यो स्थानलाई सप्तरी प्रगन्नाको नामले चिनिने गरिन्थ्यो । उक्त स्थानमा पुराना मूर्तिहरू तथा भवनका टुक्राहरू रहेका छन् जसलाई देवताको रुपमा पूजिँदै आएको छ ।

### हालको अवस्था

हाल उक्त स्थानमा मन्दिर निर्माण गरिएको छ र मन्दिरभित्र केही मूर्तिहरू छन् भने मन्दिर बाहिर ढुंगा ईट्टा तथा मन्दिरमा प्रयोग हुने अमालक रहेको छ । उक्त स्थानबाट कतिपय मूर्ति र बिम्ब तथा खम्बाहरू अन्य स्थानमा पनि लगिएको स्थानीयहरूको भनाई छ । उक्त स्थानबाट पञ्चबुद्ध कुँदिएको बीम महुली बजारमा रहेको पञ्चेश्वर महादेवको मन्दिरको पूर्वपट्टि बरण्डामा स्थापित गरिएको छ । हाल उक्त स्थानमा तिरहूत वंशावलीले उक्त मन्दिरको मर्मत सम्भार तथा वैशाख १ गते पूजा गर्दै आएका छन् । यसका साथै भाकल गर्नेहरूले भने आफू अनुकुल आएर पूजा गर्ने गर्छन् ।

## ८.३ अगिनसाइर

### परिचय

यो देवस्थल अग्निसाइर कृष्णासवरन गाउँपालिका वडा-२ मा रहेको छ । अगिनसाइर देवस्थल पूर्व-पश्चिमम लोकमार्गमा रहेको सितापुर चाँदनी चोकबाट डेढ किलोमिटर उत्तर-पूर्वमा अवस्थित डुमरजोर खोलाले घेरिएको डाँडामा छ । थारू समुदायले यसलाई शीर्ष स्थान अर्थात् 'सिरा थान'को रुपमा पूज्ने गरेका छन् । यहाँ पुग्न ग्राबेल सडक भएर जानु पर्ने हुन्छ ।

### उत्पत्तिको इतिहास

यो देवस्थल जंगलभित्र रहेको छ । गाउँबाट पर रहेको यो देवस्थललाई स्थानीयहरूले छैठौं/सातौ शताब्दीको मूर्तिलाई आधार मान्दै पूजा आराधना गर्दै आएका छन् । स्थानीय मुंगालाल चौधरी थारू धामीका अनुसार सीतापुर गाउँमा बस्ती बसाउने समयमा निक्कै ठूलो प्रकोप बेहोर्नु परेको थियो । उक्त प्रकोपले त्यहाँका अधिकांश मानिसहरूको एक्कासी मृत्यु हुन थालेपछि त्यतिबेलाको हलेश्वर धामीलाई स्थानीयहरूले अनुरोध गरेका थिए । धामीले एक सातापछि जंगलमा देवी देवताको वास रहेकोले बेलाबेलामा देवताको प्रकोप गाउँसम्म आउने गरेको बताएका थिए ।

सोही अनुसार यो कसरी पत्ता लगाउने र वासस्थान कहाँ छ ? भन्ने बारेमा सल्लाह भयो । धामीको सल्लाह अनुसार गाउँ वरिपरिको सबै खेत उत्तर दक्षिण नभइ पूर्व खेत बनाएर त्यसमा तोरी लगाउने सल्लाह भयो । तोरी फूलेपछि गाउँलेहरूले लुकेर चियो गर्न थाले । एक दिन गाउँलेहरू देवताहरू आएको थाहा पाए र हल्लाखल्ला गरी पछ्याउदै जाँदा हाल रहेको स्थानमा शिलामा परिणत भएको देखियो । यसपछि धामीलाई स्वप्नमा आफूहरू अगिनसाइर र बघेश्वरी देवता भएकाले हामीलाई पूजा गरेमा गाउँमा भएको नराम्रो प्रकोप लगायत सबै समस्याहरू समाधान हुने बताइएको स्थानीयको भनाइ छ । सोही बेलादेखि उक्त स्थानमा पूजा गर्ने चलन रहेको जनविश्वास छ । त्यहाँ रहेको स्थानमा थानपति (पुजारी) आएर नियमति रुपमा वर्षमा पूजा गर्न थाले भने गाईभैंसी चराउनेले असार पहिलो दिन वली दिने चलन बसाए ।



मन्दिरभित्र बुद्ध भगवानको पाऊको छाप रहेको स्थानीयको भनाइ छ । साथै शिलाको अन्य स-साना मूर्तिहरू पनि रहेका छन् । यो मन्दिरलाई बुद्धकालीन सम्पदाको रुपमा समेत लिने गरिएको छ । यसको निर्माण अशोक स्तम्भसँगसँगै भएको







स्थानीयहरूले बताउने गरेका छन् । उनीहरूका अनुसार यहाँ फेला परेको ढुंगाको इटाहरू र मूर्तिहरू चन्द्रभोगामा रहेको मूर्ति तथा ढुंगासँग हुबहु मेल खाने गरेको छ ।

## मूल्य, मान्यता र विश्वास

यो मन्दिर परिसरमा वैशाख १ गते विशेष पूजा हुनुका साथै मेला लाग्ने गरेको छ । स्थानीय व्यक्तिहरूको भनाइ अनुसार यो मन्दिरमा प्रमुख जिल्ला अधिकारीबाट पनि प्रत्येक वर्ष पूजा गर्नुको साथै वली दिने गरिएको छ । यो देवस्थल थारू परम्परा अनुसार १४ मौजाको सिरा थानको रुपमा पनि रहेको छ । जसअनुसार बोका, हाँस परेवाको वली प्रदान गर्नुको साथै लड्डु, पान, सुपारी, अक्षता चढाउने परम्परा रहेको छ ।यो मन्दिरमा पूजापाठ गर्नाले सन्तान प्राप्ति हुने, भाग्य वृद्धि हुने, सुख शान्ति प्राप्त हुने जनविश्वास छ भने जंगलमा भ्रमण गर्नाले केही नहुने तथा गाई वस्तु कुशल रहने विश्वास छ ।

## हालको अवस्था

यो मन्दिर परिसर र जंगल ५ बिगाहा क्षेत्रफलमा फैलिएको छ । पहिले उक्त स्थानमा रहेका मूर्तिहरू नजिकैको पत्थरले बनेको र खाल्डोमा खुल्ला रुपमा रहेका थिए तर पछि उक्त मूर्तिहरू चोरी भएकोले स्थानीयहरूले चन्दा संकलन गरी हालको मन्दिर निर्माण गरिएको हो । हाल उक्त दुईवटा मूर्तिहरू पनि भाँचिएको अवस्थामा रहेको छ । उक्त मन्दिरको व्यवस्थापन वन उपभोक्ता समितिले हेर्दै आएको छ जसमा अध्यक्षमा सुरेश चौधरी रहेका छन् ।

यस्तै स्थानीय निकायको सहयोगमा अर्को मन्दिर निर्माणाधीन अवस्थामा रहेको छ भने पश्चिममा रहेको खोलामा बाँध बाँधेर नेपाल सरकारद्वारा संचालित राष्ट्रपति चुरे तराई मधेश बन संरक्षण समितिद्वारा भूमिगत जल पूनर्भरण र सतहमूनिको पानी उपयोग गर्ने उद्देश्यले समिति र उपभोक्ता समितिले पोखरी निर्माण गरिरहेका छन् ।

मन्दिर र डाँडामा पुराना ईटाहरू यत्रतत्र छरिएर रहेकोले उत्खनन् गरी उक्त मूर्तिहरूको संरक्षण गर्नुपर्ने स्थानीयको भनाइ छ ।

# ८.४ राजदेवी मन्दिर (राजबिराज)

## परिचय

राजदेवी मन्दिर सप्तरी जिल्लाको सदरमुकाम राजबिराजमा अवस्थित छ । यो मन्दिर राजविराज नगरपालिका वडा नं. १ पडरिया गाउँभन्दा १ किलोमिटर दक्षिण-पश्चिममा रहेको छ । यो मन्दिर मध्यकालीन सेन वंशीय शासन कालमा स्थापना गरिएको मानिन्छ । यसलाई राजा महाराजाहरूको कूल देवीको रुपमा मान्ने गरिएको छ ।

### ऐतिहासिक पृष्ठभूमि



यो मन्दिर सेन वंशीय राजाहरूको पालामा निर्माण भएको विश्वास गरिन्छ । यो मन्दिरभित्र र वरिपरि बनाइएको कलात्मक प्रस्तरमा कुँदिएको बुँट्टा र शम्भुनाथ मन्दिरमा रहेको कलात्मक प्रस्तर सिम्रौनगढमा रहेको कलात्मक मूर्तिसँग मेल खान्छ । यसका साथै बारा जिल्लामा स्थित रानी बासमा रहेको मूर्तिहरूसँग पनि मिल्दोजुल्दो रहेको छ ।

स्थानीय पडरिया गाउँ निवासी बुटाई चौधरीले आफ्नो घरभन्दा केही पर घर निर्माणको लागि जग खन्दा यो राजदेवी माताको कलात्मक मूर्ति फेला पर्यो । फेला परेको उक्त मूर्तिलाई स्थापना गरी पूजापाठ गर्न सुरु गरेसँगै यो मन्दिरको पुन: स्थापना भएको हो । त्यसपछि उक्त मन्दिरमा पूजापाठ गर्ने क्रम चलेको स्थानीयहरू बताउँछन् । हालसम्म यो एउटा पवित्र पर्टकीय धार्मिक स्थलको रुपमा स्थापित रहेको छ । उक्त मन्दिर व्यवस्थापनको लागि चौधरी परिवारलाई वि. स. १९०६ सालमा शाहवंशीय राजाहरूबाट लालमोहर प्राप्त भएको थियो ।

### मूल्य, मान्यता र विश्वास

तत्कालीन समयमा यो देवी राजपरिवारको इष्ट देवीको रुपमा रहेको थियो । त्यो बेलादेखि हालसम्म पनि यो मन्दिरमा दैनिक पूजापाठ हुने गरेको छ भने मन्दिरको पूजारीको रुपमा बुटाई चौधरीका सन्तानहरू नै रहेका छन् । पूजारीका अनुसार यो मन्दिरको भित्रपट्टि गुफा रहेको छ जुन गुफा २ किलोमिटर पर पुगेर गढिया गाउँमा निस्किन्छ भने स्थानीयहरूको बुझाई छ ।

यो मन्दिरमा नयाँ वर्ष पूर्वका थारूहरूले मनाउने पहिलो पर्व 'सिरुवा पावैन' को अवसरमा मेला लाग्ने गरेको छ । विजया दशमी र चैते दशैंको शुभ अवसरमा पनि यो मन्दिरमा वली दिने गरिएको छ । तर भाकल गरेकाहरूले भने आफू अनुकुल मन्दिर आइ वली चढाउने गरेका छन् । मन्दिरमा नित्य पूजा कर्मका साथै समय-समयमा अष्ठजाम, भागवत पूराण वाचन तथा भजनकिर्तन हुने गरेको छ । यो देवीको पूजा गरेमा मनोकांक्षित फल प्राप्त हुने तथा दुष्ट आत्माले नछुने धार्मिक विश्चास छ ।

### हालको अवस्था

यो मन्दिर करीब ४ कट्ठा परिसरमा छ । मन्दिरको भौतिक संरचना आकर्षक रहेको छ भने मन्दिरको मूल पूजारीको रुपमा बुटाई चौधरीका सन्ततिहरू रहेका छन् । यो मन्दिर व्यवस्थापन गर्नको लागि एउटा समिति गठन गरिएको छ । मन्दिरको ५ विगाहा गुठी जग्गा रहेकोमा २ विगाहा १० कट्ठा जग्गा नहर निर्माण गर्दा मासिएको छ भने बाँकी १ बिगाहा जग्गा बेचेर मन्दिर निर्माण गरिएको छ । हाल १ बिगाहा जग्गा विद्यमान छ ।

## ८.५ जीवनदास बाबा

### परिचय

जीवनदास बाबाको मन्दिर जिल्ला सप्तरी रुपनी गाउँपालिका वडा नं. १ रायपुर टोलमा रहेको छ । यो स्थान लोक मार्गको रुपनीदेखि २ किलोमिटर दक्षिण रुपनी राजबिराज पक्की सडकदेखि २०० मिटर पश्चिममा अवस्थित छ । सडकसँगै रहेकोले यहाँ सजिलै पुग्न सकिन्छ । यो स्थान सदरमुकाम राजविराजदेखि ८ किलोमिटर उत्तरमा पर्दछ ।

### ऐतिहासिक पृष्ठभूमि

जीवनदास बाबा (जीवनदास माझी थारू) को जन्म गौर, गोविन, कमल, रघुनाथ, भगिरथ वंशको पाँचौ पुस्तामा आजभन्दा करिब २५० वर्ष पहिले सप्तरी जिल्लाको रायपुर गाउँमा भएको थियो । मैलराम माझी थारूको चार दाजुभाइ मध्ये उनी साईलो छोरा थिए । बुढापाकाहरूका अनुसार जीवनदास बाबामा जिउदैदेखि देवत्व शक्ति विद्यमान थियो । उनी शाकाहारी थिए । त्यसैले



जीवनदास बाबाको मन्दिर, रायपुर

उनलाई सबैले जीवनदास भनेर बोलाउँने गर्थे । थारू समुदायमा शाकाहारीलाई 'दास' अर्थात् वैष्णव भन्ने चलन छ ।

प्रायः असोज महिनामा दशैंताका हरेक गाउँमा मानिसहरू धामी सिक्न चैठसार (देउता बोलाउने यज्ञ) राखेका हुन्थे । यसै क्रममा जीवनदास बाबा मृत्युवरण गरेको केही समययता आजभन्दा करीव १५० वर्ष पहिले रायपुर गाउँमा पनि मानिसहरू धामी सिक्न चैठसार बसाइएको थियो जसमा भाग लिनेहरू मध्ये एकजना ठेकाई माझी थारू पनि थिए जो मझियान वंशावली अन्तर्गतका थिए । त्यही चैठसारमा ठेकाई माझीमा जीवनदास बाबाको स्वभाव प्रकट भयो । त्यहाँ त्यतिखेर धेरैजनाले सोधपुछ गर्दा थाहा भयो कि उनको शरीरमा प्रकट हुने देउता जीवनदास बाबा नै हुन् । जीवनदास बाबाको प्रकट रुपलाई तपाइ किन आउनुभयो ? भनेर सोध्दा उक्त प्रकट स्वरुप जीवनदास बाबाले आफूलाई पूजा गर्नु पर्ने माग गरेका थिए । त्यसवापत उनले पुरै गाउँ-समाजको भलाई गर्ने, सबै काल-संकटबाट रक्षा गर्ने वाचा दिलाएका थिए ।

सोही अनुरुप कहिले, कुन सामग्रीले, कसरी, कहाँ पूजा गर्ने लगायतका सबै वृतान्त जीवन बाबाबाट सुनिसकेपछि हालसम्म पनि सोही विधि विधान अनुसार सबै गाउँलेहरूले हरेक वर्ष जीवनदास बाबा थानमा गइ सामूहिक रुपमा उनको पूजाआराधना गर्दै आइरहेका छन् ।

एक समयको कुरा हो उनी बाटो छेउँमा खेतमा काम गरिरेका थिए । जब ध्यानको समय भयो, उनी हातमुख धोएर आफूले लगाएको धोतीको भर्रा खोलेर आधा धोती जिउमा ओढेर खेतमै एक कुनामा ध्यानमा बसे ।त्यही बखतमा खेतको बाटो हुँदै केही नागा जोगीहरू आइरहेका थिए । ती नागा योगीहरूको दृष्टि जीवनदास बाबामा पर्यो । नागाहरू स्वभावैले डराउने प्रवृति भएकाले उनीहरूले रिसाएर जीवनदास बाबाको ध्यान भङ्ग गर्न उद्यत भए । नागाहरूले "बच्चा क्या तुम भी ध्यान करते हो ? क्या शक्ति है तुम मे ? अपना शक्ति दिखाओ, नही तो यही चिमटासे पिटाई लगेगी " जस्ता अनावश्यक कुराहरू भनेर जीवन बाबालाई तर्साउन थाले । तर नागाहरूको उक्त गाली नसक्दै जीवनदास बाबाको आफ्नो शक्ति स्वरुप प्रकट भयो । जीवनदास बाबा भुईमा बसेर आकाश छुने आकृति देखिएपछि नागाहरू स्वयम तर्सिएर माफी माग्दै नौ दुई एघार अर्थात् त्यहाँबाट कुलेलम ठोकेका थिए ।

यस्तै जीवनदास बाबाको अर्को रोचक प्रसंग रहेको छ । जब जीवनदास बाबाले आफ्नो भौतिक शरीर त्याग गरे । मृत्युको खबरपछि अन्तिम संस्कारको लागि उनको सम्धी उनकै घर रायपुर आइरहेका बेला बाटोमा सम्धी जीवनदास बाबासँग भेट भयो । मरेको मान्छे बाटोमा भेट हुँदा सम्धी तीन छक्क परेका थिए । सम्धि बाध्य भएर सोच्न थाले की मानिसहरू कहाँसम्मको घिनलाग्दो काम गर्दा रहेछन् ? जिउँदै मान्छेलाई मरेको खबर पठाउन अलिकति पनि लाज लाग्दो रहेनछ । जीवनदास बाबालाई जिउँदै बाटोमा भेटाएपछि उनको सम्धीको मन अब रायपुर जाउँ कि नजाउँको दोधारोमा पर्यो ।यो देखेपछि जीवनदास बाबाले सम्धीलाई वाणी दिए, ' सम्धी साहब तपाई जहाँ गई रहनु भएको छ, जानुस् । त्यसपछि सम्धी जीवनदास बाबाको घर आईपुग्दा आफ्नै आँखा अगाडि बाबाको अन्तिम संस्कार भइरहेको देखेर फेरि छक्क परेका थिए। उनी त्यही बाटोमा भेट्ने सम्धी ज्यू चाँहि को भन्ने प्रश्नमा बारम्बार घोत्लिरहन्थे ।सो कुरा पछि आएर सार्वजनिक भयो । बाटोमा सम्धीसँग भेटघाट हुने भएकोले गर्दा बाबाको मन्दिर भएको स्थललाई स्थानीयहरूले अहिले पनि 'समाईध' भन्ने गरेका छन् ।

## आस्था र जनविश्वास

जिवनदास बाबाको प्रसिद्धि र शक्ति तलको चौपाइबाट स्पष्ट हुन्छ ।

## चौपाई

*जीवनबाबा जब नाम सुनाबे, कालकंटक निकट नही आबै ।*

*हटै रोग मिटै सब पीडा, जब सुमरै जीवनदास बलबीरा ॥*

अर्थात् कुनै पनि किसिमको संकट तथा आपत विपतमा जीवनदास बाबालाई सुमरेर (सम्झेर) दोहाई जीवन बाबा भनेमा त्यस प्रकारको संकट दूर हुने जनविश्वास छ ।

रायपुर गाउँमा जहिलेदेखि जीवनदास बाबा देवस्थलको रुपमा पहिचानमा आयो, त्यो दिनदेखि रायपुरका गाउँलेहरू हैजा लगायतका रोगहरूबाट मुक्त रहेको स्थानीयहरूको भनाइ छ । उनीहरूका अनुसार यस मन्दिरको मुख्य पुजारी सोही वंशका अर्थात् गौर, गोविन्दका वंशजहरू हुन् ।

आजभन्दा लगभग ६०-७० वर्ष पहिले तराई थरुहटमा हरेक वर्ष गाउँगाउँका मानिसहरू हैजा रोगको शिकार भई अत्यधिक संख्यामा मर्ने गर्दथे । भनिन्छ प्रकोपले घर छुट्न सक्थ्यो तर गाउँ छुट्न प्रायः असम्भव थियो । तराईमा हैजा रोगले वर्षेनि सताइरहेको थियो । मानिसहरू हैजाको आतंकले त्राहीमाम थिए। जीवनदास बाबाको सामूहिक भक्ति तथा पूजाले यो गाउँ यस्तो किसिमको महामारीबाट मुक्त भएको स्थानीयको भनाइ छ ।

त्यसैले त्यहाँका स्थानीयहरू आफ्नो गच्छे अनुसार नयाँ भाडोमा दही, अरुवा चिउरा, सखर, केरा, लड्डु, कपडा, काठको खराउ, धुप-दीप, तुलसीको फूल इत्यादिले वर्षको चैत्र रामनवमीको दिन सामूहिक रुपमा भव्य पूजा गर्दै आएका छन् । यसका साथै भक्तजनहरूले भाकल अनुसार अन्य समयमा पनि पूजा गर्ने गरेका छन् ।

कसैले पुजन सामग्री लगी देउतालाई पूजा गरी प्रसाद बनाएर खाने र खुवाउने चलन छ भने कसैले साधु-महात्मालाई त्यस स्थलमा बोलाई जमाउने (खुवाउने) पनि चलन छ । यस कार्यमा प्रसाद थोरै भए पनि थपिएका साधुसन्तलाई समेत पुग्ने गरेको जनविश्वास छ ।

## हालको अवस्था

हाल जीवनदास बाबाको एउटा सानो मन्दिर छ । यो बाबाको मन्दिर लगभग ७ धुर सार्वजनिक जग्गामा निर्माण गरिएको छ । पहिले यसलाई जीवनदास बाबाको नामले सम्बोधन गरिए पनि हाल जीवन बाबाको नामले चिनिएको छ ।

मन्दिरको भित्री माझ भागमा जीवन बाबाको पीढी छ भने पश्चिम भागमा नरसिंह बाबाको पीढी छ । मन्दिरको बाहिरी भागमा हनुमान बाबाको पीढी छ। त्यहाँ रहेको एउटा आपको रुख बेचेर आएको आम्दानीले र सोही वंशका भुलाई चौधरीले सहयोग स्वरुप दिनु भएको रु. ५० हजारले मन्दिरको चारैतिर ईटाको घेरा बनेको छ ।

जीवनदास बाबाको मन्दिरको भौतिक संरचना जीर्ण भएपनि स्थानीय सरकारबाट कुनै प्रकारको सहयोग हालसम्म प्राप्त भएको छैन। जीवनदास बाबाको खोजी भुलाई चौधरीले आफ्नो पुस्तक 'थारू संस्कृति ' निबन्ध संग्रहमा प्रकाशन गरेका छन् ।

# ८.६ शम्भुनाथ मन्दिर (सेमनाथ मन्दिर)



## परिचय

सेमनाथ मन्दिर सप्तरी जिल्लाको शम्भुनाथ नगरपालिका वडा नं.१ मा रहेको छ । सेमनाथ/शम्भुनाथ मन्दिर लोक राजमार्गको शम्भुनाथ भन्ने स्थानवाट ३०० मिटर दक्षिणमा अवस्थित छ । यो मन्दिरलाई राजमार्गबाट सजिलैसँग देख्न सकिन्छ ।

खासमा यसको नाम सेमनाथ रहेको तर बोलीचालीमा शम्भुनाथ भएकोले हाल यही मन्दिरको नामबाट शम्भुनाथ नगरपालिका नामाकरण गरिएको हो । यो थारू समुदायको एउटा महत्वपूर्ण धार्मिक स्थल हो । सेमनाथ



मन्दिर सप्तरी जिल्लाको सवैभन्दा पुरानो मन्दिरको रुपमा परिचित छ ।

## ऐतिहासिक पृष्ठभूमि

प्रचलित किंवदन्ती तथा स्थानीय वृद्धवृद्धाका कथन अनुसार परापूर्वकालमा हालको चन्द्रभोगा रहेको पहाडमा थारू समुदायको बसोबास थियो । त्यो बेला सेमनाथ आफ्नो मावली आएका थिए । सेमनाथ सानै थिए । उनको माइजू चनरभोगा महारानी खाजा तयार गरिरहेकी थिइन् । भान्जा सेमनाथ माइजूले भुट्दै गरेको भूजा खाँदै खेल्दै गरेका थिए । माइजूले उनलाई बार बार सम्झाइन् की यसरी खाजा नखानुस् जुठो हुन्छ । यो खाजा अरुले पनि खानुपर्छ । सेमनाथले बारम्बार सोही क्रम दोहर्याएपछि डर देखाउनको लागि चामल भुट्दै गरेको लरनाले (बाँसको भाँटाले बनाएको पन्यू) भान्जालाई हिर्काइन् । भान्जा सेमनाथ रिसले त्यहाँबाट तत्क्षण नै भागेका थिए । भाग्दा-भाग्दै सेमनाथ हालको कनकपट्टी गाउँ (पहिला उक्त स्थानमा गाउँ थिएन) भन्दा उत्तरपट्टि रहेको चौकिया धाँतीको जंगलबाट बाहिर आई आफ्नो दैवी शक्तिले आठ पाते खम्बाको रुपमा परिणत भएका थिए ।

यता गाउँले युवायुवतीहरू गोठालो जाँदा उक्त स्थानमा रहेको लामो पत्थरको खम्बा जस्तो वस्तु फेला परेकोले त्यसमा आफ्नो खुकुरीको धार लगाउँने गर्थे । तर उनीहरूले लगाएको धारले खम्बाबाट रगत बगेको देखेर गाउँ आइ आफूभन्दा जेष्ठलाई यो कुरो सुनाएका थिए । गाउँलेहरूले सुरुमा पत्याएका थिएनन् । तर जब गाउँलेहरू आएर हेर्दा उक्त कुरो सही रहेको थाहा पाए त्यसपछि स्थानीय थारू समुदायको माइन्जन (मुखिया) लाई सपनामा आफू सेमनाथ भएको बताएका थिए । आफूलाई स्थापना गरे सबैको भलो हुने भन्दै आफ्नो वृतान्त सुनाएपछि माइन्जनले बैठक बोलाई छलफल गरी सेमनाथलाई स्थापना गर्ने निर्णय गरेका थिए । सबैजना दलबलसहित सेमनाथलाई ल्याउनको लागि बयलगाडा लिएर गए तर सेमनाथलाई बैलगाडामा लोड गर्दा तान्न सक्ने अवस्था आएन । जती बलीयो गोरु ल्याएर तान्दा पनि थोरै तान्न नसकिने र गाडाको कुनै न कुनै भाग टुक्रिने गरेको थियो । अन्त्यमा, सबैजनाले त्यहाँ बिन्तीभाउ गर्दा पुनः माइन्जनलाई आफू सानै बालक भएकाले मलाई बालबालिकाले खेल्ने गाडामा लिएर मझौवा प्रगन्नामा स्थापना गर्नू भनी सेमनाथले बताएका थिए । त्यसपछि सोही विधि अनुसार ल्याउँदल्याउँदै उक्त सवारी हाल स्थापित रहेको स्थानमा अड्किएको थियो । त्यसपछि दैनिक पूजापाठ गर्न लागेको तथा प्रत्येक नयाँ वर्ष वैशाखमा वली दिने परम्परा कायम रहन गएको स्थानीयहरू बताउँछन् । सोही समयदेखि थारू समुदायमा भान्जाभान्जीलाई गाली गर्न नहुने, जोरले केही भन्न नहुने तथा ढोग्ने चलन चलेको स्थानीय थारू समुदायका अगुवा तथा थारू नाचका नायक ८८ वर्षीय बलदेव चौधरी थारूको कथन छ ।

उनका अनुसार पहिला उक्त स्थानमा काँशको दुवैतिर छानो भएको घर रहेको थियो। हालको मन्दिर वि.सं.२०१२/०१३ सालतिर स्थानीयहरूले रकम संकलन गरी निर्माण गरेका हुन् । उक्त मन्दिर निर्माण कार्यमा गैह्र थारूहरूको पनि योगदान रहेको थियो। यसक्रममा हिन्दु धर्मावलम्बीहरूले यो लिंगाकार स्तम्भलाई महादेव मानी मन्दिरको नाम सेमनाथको साटो शम्भुनाथ परिवर्तन गराए। उक्त मन्दिरको नाम शम्भुनाथ लेखेको भए पनि हालसम्म सबै थारूको जनजिब्रोमा सेमनाथ नै रहेको छ । सबैले सेमनाथ नै भन्ने गरेका छन् । स्थापना गरेदेखि नै थारू समुदायले पूजापाठ गर्न थाले र नयाँ वर्ष वैशाख १ गते मेला लगाउन थाले । पूजा गरी मनको इच्छा पुरा हुनेहरूले बोका, परेवा, हाँसको वली दिने र झाँप, ल● चढाउने चलन चलेको छ । पञ्चायत कालमा स्थानीय जिमीदार झुमरमल मारवाडीको मुन्सी धनराज मारवाडी शाकाहारी भएको कारण यो भोले बाबा हो, यसलाई वली दिनु हुँदैन भनी यसको नाम शम्भुनाथ हुनुपर्छ भनेकोले स्थानीयले निजलाई लखेटेकोमा त्यस दिनदेखि बेपत्ता भएको र हालसम्म पनि मुन्सी फर्केर नआएको कथन छ । तर पनि स्थानीय निकाय विभाजन गर्दा पञ्चायतकालमा थारूहरूलाई झुक्यानमा पारी अन्य समुदायका व्यक्तिहरूले पहुँचको आधारमा प्रशासन समेतको मिलेमतोमा शम्भुनाथ गाउँ पञ्चायत भनी नामाकरण गरेकोले यसको नाम आधिकारिक रुपमा शम्भुनाथ रहन गएको हो । तर अझै पनि अधिकांशले यसलाई सेमनाथ नामले सम्बोधन गर्ने गरेका छन् ।

### धार्मिक मूल्य मान्यता एवं विश्वास

यो एक धार्मिक र ऐतिहासिक स्थलको रुपमा रहेको छ। यसमा पहिले थारू समुदायको पूजारी रहने गरेकोमा हाल जो सुकै पनि पूजारी रहने चलन छ तर पनि वैशाख १ गते थारू समुदायले पूजा गरेपछि मात्र अन्य समुदायले पूजा गर्ने चलन अझै पनि विद्यमान छ। यस मन्दिरमा बिगत २० वर्षदेखि पूजारीको रुपमा कार्यरत रहेका सुर्यनारायण झाका अनुसार यो मन्दिरमा पूजा आराधना गरेमा दाम्पत्य जीवन सफल हुनुको साथै निःसन्तान दम्पत्तिले सन्तान प्राप्त गर्ने गरेका तथा फलिफाप हुने र काममा सफलता हासिल हुने भन्ने विश्वास छ। यो मन्दिरको पश्चिमपट्टि रहेको पोखरीबाट भक्तजनहरूले जल ल्याइ चढाउने गरेका छन्। यो मन्दिरमा पूजा आराधना गरी भान्टाको भार चढाउने भाकल गरेमा चर्म रोग तथा शरीरमा भएको दुवी हराएर जाने विश्वास छ। एक भार भाकल गरेमा २ भार चढाउने चलन रहेको छ। यस मन्दिरमा भक्तजनहरूले लड्डु, पान, सुपारी, झाँप चढाउने गरेका छन्।

यसका साथै स्थानीयहरूले विवाह, घरदेख (टीकाटालो) मा खसी बोका काट्नु पर्यो भने सेमनाथमा आएर चढाएर प्रसाद स्वरुप पाहुनाहरूलाई खुवाउने चलन रहेकोमा हाल यसमा केही कमी आएको छ।

यो मन्दिरमा वैशाख १ गतेदेखि ७ दिनसम्म तथा ठूलो एकादशीमा मेला लाग्ने गरेकोमा हाल आएर यो मेला महिनौं दिनसम्म लाग्ने गरेको छ। पहिला यो मेलाको वरिपरिका सबै गाउँमा र सबैको घरमा मेला भर्ने पाहुनाहरू आउने गरेका थिए जो कि हालसम्म पनि कायम नै रहेको छ। यो मेलामा लाखौं भक्तजनहरू नेपाल लगायत भारतबाट समेत आउने गरेका छन्। वैशाख १ गते मात्र सामूहिक रुपमा यहाँ रहेको पोखरीमा माछा मार्ने चलन रहेको भए पनि हाल नगरपालिकाले टेन्डर मार्फत पोखरीमा व्यवसायिक रुपमा माछा पालन गर्ने गरेकोले माछा मार्ने पूर्व चलन लोप भएर गएको छ।

### हालको अवस्था

मन्दिर भौतिक रुपमा आकर्षक रहेको छ। शम्भुनाथ नगरपालिका-३ का वडाध्यक्ष शत्रुध्न प्रसाद चौधरीको अनुसार मन्दिरले पोखरी लगायतको अन्य भाग गरी ३ बिगाहा १६ कट्ठा ऐलानी जग्गा चर्चेको छ। यो मन्दिरको व्यवस्थापन हाल वडा कार्यालयबाटै हुने गरेको छ। मन्दिरको पूर्वाधार निर्माणको कार्य जारी रहेको छ।

मन्दिर परिसर भित्र विभिन्न जातीय समुदायको मन्दिरहरू पनि हाल आएर निर्माण गरिएको छ।मन्दिर परिसरभित्र शिव पार्वती मन्दिर, राम जानकी मन्दिर, राधा कृष्ण मन्दिर, हनुमान मन्दिर तथा जातीय समुदायको मन्दिरहरूमा ठाकुर समुदायको बाबा बेनिराम ठाकुर मन्दिर, पासवान समुदायको बाबा शोसिया माहाराज मन्दिर निर्माण भएका छन् भने सदा (मुसहर) समुदायको गैर सिंह, सदाय समुदायको दिनाभद्री, हलुवाई समुदायको गनीनाथ मन्दिर, निर्माणाधीन अवस्थामा रहेको छ। यो स्थानमा सुरुमा एकान्त भए पनि हाल यो बजारको रुपमा विकास हुँदै गएको छ।

मन्दिरको अलावा उक्त स्थानमा धर्मशाला तथा आदिवासी थारू समुदायको संग्राहलय पनि रहेको छ तर संग्रहालयमा हाल केही पनि संग्रहित छैन। संग्रहालयको बारेमा जिज्ञासा राख्दा वडाध्यक्ष शत्रुध्न प्रसाद चौधरीले यो संग्राहलयलाई छिट्टै पूर्णता दिई संचालन गर्ने बताउँछन्।

## ८.७ पोखरिया इनार

### परिचय

पोखरिया इनार एक तान्त्रिक, धार्मिक र ऐतिहासिक इनार (कुपा) हो। यो इनार शम्भुनाथ नगरपालिका वडा नं. ८ पोखरिया गाउँभन्दा दक्षिण-पश्चिममा अवस्थित छ।यो इनारसम्म पुग्नको लागि गोरेटो बाटो भएर जानु पर्छ। यो स्थान लोक राजमार्गको देवधार पुलभन्दा २ किलोमिटर दक्षिणमा रहेको छ भने सदरमुकाम राजबिराजदेखि १९ किलोमिटर पश्चिम उत्तरमा पर्दछ।

### ऐतिहासिक पृष्ठभूमि

यो इनारको स्थापनाको विषयमा स्थानीय बुद्धिजीवीहरूसँग बुझ्दा यो परापूर्वकालमा थारूहरूले नै निर्माण गरेको हो। पछि थारूहरूले उत्तरतिर जंगल फडानी गरी बसाई सराई गर्दा इनार त्यहीं रह्यो।

यो इनार करीब ३०० वर्ष पहिले निर्माण भएको हुनुपर्छ। यसलाई पछि यदाकदा कमिया (विश्वकर्मा) इनारको नामले पनि चिन्ने



गरिएको छ ।यो इनारको बारेमा जिज्ञासा राख्दा मेयर योगेन्द्र प्रसाद चौधरीले यो इनार थारूकै पुर्खाहरूले निर्माण गरेको बताउँछन् । त्यसताका समाजमा जातीय छुवाछुत विद्यमान रहेको र कामी समुदायलाई गाउँमा बसाउने काम गरेकोले उनीहरूलाई पानीको लागि त्यही इनारको प्रयोग गर्ने अनुमति दिएकोले त्यसलाई कमिया इनार पनि भन्ने गरेको हो ।

परापूर्वकालमा एक जनालाई चर्मरोग लागेको थियो जसले गर्दा सबैले उनलाई घृणाको दृष्टिले हेर्थे । उनले एक दिन एकान्तमा रहेको उक्त इनारमा गई स्नान गर्दा घाउ निको भएकोले उक्त इनारमा गई लड्डु चढाएका थिए । त्यस दिनदेखि उक्त इनारमा पूजा गर्ने र भाकल गर्ने क्रम शुरु भएको हो । पूजा गरी स्नान गर्ने र रोग निको हुने विश्वास २०० वर्षअघि देखि चलिआएको स्थानीयको भनाइ छ ।

### मूल्य,मान्यता र विश्वास

यो इनारमा माता कमलेश्वरीको वास रहेको जनविश्वास छ । इनारमा नुहाएमा जुनसुकै किसिमको चर्म रोग नष्ट हुने जनविश्वास रही आएको छ। इनारमा परापूर्वकालदेखि असार साउन महिनामा थारू समुदायले डिहबार थानमा पूजा गर्ने समयमा नै पूजा तथा वली दिने चलन छ । इनारको पानीले नुहाएर आफूले लगाएको कपडा त्यहीं छोडेर गएमा शरीरमा रहेको छालाको रोग तथा घाउ निको हुने विश्वास छ ।

### हालको अवस्था

यो इनारलाई हाल पुनः निर्माण गरिएको छ । यो इनार करिब २५ फिट गहिरो छ । यसले १ कट्ठा १० घुर ऐलानी जग्गा चर्चेको छ । इनारको पुनः निर्माण स्थानीयहरूले चन्दा संकलन गरी बनाएको हो भने निर्माणाधीन पर्खालमा नगरपालिकाले सहयोग गरेको छ ।

पहिला यो स्थानमा असार साउनमा हुने थारू समुदायको डिहबार थानमा हुने जात पूजाकै दिन पूजा तथा मेला लाग्ने गरेकोमा वि. सं.२०६९ साल असार ७ गते इनारको पुनः निर्माण गरी पूजापाठ गरी देवीलाई मनाई २०७० सालदेखि वैशाख १ गते पूजा तथा वली प्रदान गर्नुको साथै मेला लाग्ने परम्पराको थालनी गरिएको छ ।

## ८.८ सन्यासी थान

### परिचय



सन्यासी थान शम्भुनाथ नगरपालिका वडा नं.८ पोखरिया गाउँभन्दा पश्चिमपट्टि पोखरीको पूर्वपट्टि बरको रुखमुनि रहेको छ । यो ठाउँ सदरमुकाम राजबिराजदेखि १९ किलोमिटर पश्चिम -उत्तरमा रहेको छ भने लोक राजमार्गको देवधार नदीको पुलदेखि २ किलोमिटर दक्षिणमा रहेको छ । यहाँसम्म पुग्नको लागि ग्रावेल सडक भएर जान सकिन्छ ।

### ऐतिहासिक मूल्य मान्यता र विश्वास

सन्यासी बाबा एक त्यागी, धर्मात्मा र वाकसिद्धि प्राप्त थारू समुदायको व्यक्ति रहेको स्थानीय बुद्धिजीवीहरू बताउँछन् । यी कहाँका थिए भन्ने बारेमा यकिन जानकारी नभएपनि यी ब्रह्मचारी र अन्तर्यामी थिए । यीनले सिद्धिबाट व्यक्तिहरूको कष्ट तथा समस्याहरू दूर गर्ने गरेका थिए । यी बाबाले कुन समयमा कसरी समाधि लिएको यकिन हुन नसके पनि आफूलाई पुज्न आग्रह गरेको स्थानीयहरूको भनाइ छ । थारू समुदायको डिहबार थान नजिकै यो सन्यासी बाबाको पनि मन्दिर रहेको छ ।

बाबाको पूजा आराधना गरेमा जीवनमा दुःख कष्ट कहिले नहुने जनविश्वास छ । बाबाको नाममा पोखरिया गाउँमा सन्यासी क्लब स्थापना गरिएको छ जुन सन्यासी फुटवल क्लबको नामले प्रख्यात छ ।

### हालको अवस्था

बरको रुखमुनि बाबाको आश्रम भएपनि हाल रुख मुनि नै सानो मन्दिर निर्माण गरिएको छ । यो रुख २५० वर्षभन्दा पुरानो रहेको बुझिन्छ । मन्दिर र पोखरीले करिब ४ बिगाहा ऐलानी जग्गा चर्चेको छ । यो बरको रुखलाई स्थानीय निकायले काटछाट गरी सानो पारिएकोमा यसको संरक्षण गर्नु पर्ने स्थानीयको माग छ ।

## ८.९ कारी धामी मन्दिर

### परिचय

कारी घामीको मन्दिर सप्तरी जिल्ला, शम्भुनाथ नगरपालिका वडा नं. ६ अन्तर्गतको लटियाही गाउँमा अवस्थित छ । यो मन्दिर लोक राजमार्गको कठौना बजारदेखि करिब ३ किलोमिटर दक्षिण-पश्चिममा रहेको छ । कठौना पातो सडक खण्डको कठौना गाउँभन्दा दक्षिणबाट १ किलोमिटर पश्चिममा रहेको छ । यो स्थान सदरमुकाम राजविराज देखि १८ किलोमिटरको दूरीमा छ । यो स्थानसम्म पुग्नको लागि पिच तथा ग्राबेल सडकको प्रयोग गर्न सकिन्छ ।

### ऐतिहासिक पृष्ठभूमि

स्थानीय ७७ वर्षीय राजेश्वर चौधरीका अनुसार कारी चौधरी थारूको साबिक घर सिरहा जिल्लाको एकरतिया गाउँमा रहेको थियो । उनी यस गाउँमा कहिले आएका हुन भन्ने यकिन नभए पनि उनी यो गाउँमा रहँदा धामी झाक्रीको काम गर्ने गर्थे ।कसैलाई भूत, प्रेत वा देवी लागेको खण्डमा कारी धामी समक्ष आएमा आफैं जे लागेको छ त्यही बक्ने गरेको र उनकै ईशारामा नै नाच्ने गरेको बताए । निःसन्तान कारी धामीको देहावसान २०३५ सालमा भएपछि गाउँलेहरूले मिलेर मन्दिर निर्माण गरेका हुन् जुन मन्दिरसँगै भगवती मन्दिर पनि रहेको छ । भगवती मन्दिर वि. सं.२०४२ साल जेठ महिना ६ गते निर्माण गरिएको हो ।

### मूल्य, मान्यता र विश्वास

यो मन्दिरमा कारी धामी र भगवती माताको श्रद्धापूर्वक पूजा आराधना गरेमा फलिफाप हुने तथा संकट दूर हुने जनविश्वास छ । भाकल गरी मनोकांक्षा पुरा हुनेले लड्डु, पान, सुपारी, खीर इत्यादि चढाउने गरेका छन् । यो मन्दिरमा वली प्रदान गर्ने चलन छैन । कसैको घरमा कुनै किसिमको शुभकार्य र पूजापाठ भएमा यो मन्दिरमा समेत दियो बाल्ने चलन रहेको छ ।

### हालको अवस्था

यो मन्दिर भौतिक रुपमा आकर्षक छ । पर्खालले घेरिएको यो मन्दिरले लगभग १ कट्ठा जग्गा चर्चेको छ जुन जग्गा कारी धामीको बहिनीपट्टिको नातिको हो । मन्दिर निर्माण गरेपनि उनीहरू आफ्नै गाउँ सिरकजरीमा बस्ने गरेको स्थानीयको भनाइ छ । मन्दिर गाउँको बीचमा अवस्थित छ । यो मन्दिरमा कुनै पनि किसिमको मेला नलागे पनि भक्तजनहरू आफू खुशी पूजा गर्ने गरेका छन् । यो मन्दिर सञ्चालनको लागि कुनै समिति छैन ।

## ८.१० गाछी बाबा मन्दिर

### परिचय

गाछी बाबाको मन्दिर बोदे बरसाइन नगरपालिका वडा नं. २ नेङ्गडामा रहेको छ । यो सदरमुकाम राजबिराजदेखि २५ किलोमिटर पश्चिम -उत्तरमा अवस्थित छ । पूर्व-पश्चिम लोक राजमार्गको बिसनपुर चोकदेखि ३ किलोमिटर दक्षिणमा बिसनपुर बरसाइन सडकभन्दा १०० मिटर पश्चिममा रहेको छ । थारू भाषामा रूखलाई गाछी भनिन्छ । रुखै रूखको बगैंचा भएको स्थानमा बाबा बस्ने भएकोले सबैले माया गरी उनलाई गाछी बाबा भन्ने गरेका छन् । मिर्दाहा वंशका यी बाबाको असली नाम गुणदेव चौधरी हो ।

### ऐतिहासिक पृष्ठभूमि

बाबा नाम जस्तै कामले पनि आफ्नो गुण मन्तरले विभिन्न किसिमको दुःख कष्टहरूलाई हर्ने तथा झारफुक गर्ने गर्दथे । बाबा एक धामी भए पनि त्यस समयमा डाक्टरको काम गर्ने गर्दथे । निज बाबाकै वंशका ७१ वर्षीय भुटाई चौधरीका अनुसार गाउँमा कसैलाई आपत विपत आएमा यी बाबाले नै झारफुक गरी निको पार्ने गर्दथे ।

करीब २०० वर्ष पहिलाको कुरा हो, बाबाको देहान्त भएपछि निजकै पुस्तामा एक दिन कसैको घरमा छोरा बिरामी भएकोमा झार फुक तथा औषधी गर्दा पनि निको भएको थिएन । त्यसबेला उनले आफ्नो पुर्खालाई सम्झिदा सपनामा गुणदेव चौधरी आई तिम्रो बच्चा अब ठिक भयो तिमी गाछी (रुख) मा मेरो स्थान बनाउनु र मलाई पूजा गर्नु भनी बताएका थिए । भोलिपल्ट बिहान उठ्दा बच्चा निको भएको थियो । त्यसपछि उनले रुखनेर गइ एक ठाउँमा बाबाको स्थान बनाई पूजा गर्न लागेको दिनदेखि नै अन्य सबैले पूजा आराधना गर्न सुरु गरेको जनविश्वास छ । पछि निजकै सन्ततिहरूले उक्त स्थानमा बाबाको मन्दिर निर्माण वि.सं. २०७३ सालमा शुरु गरे पनि हाल तयार भएको अवस्थामा छैन। प्रत्येक मंगलबार बाबाको मन्दिरमा पूजा गर्ने चलन छ । हाल अन्य समुदायको व्यक्तिहरू पनि बाबाको पूजा गर्ने गरेका छन् ।

### मूल्य मान्यता र विश्वास

बाबा एक पराक्रमी धर्मात्मा थिए । उनको इच्छा बिना सामान कसैले चलाएमा केही न केही अनिष्ट हुने गरेको स्थानीयको भनाइ छ । त्यहाँ विशाल आँपको बगैंचा रहेपनि कसैले चोरी गर्दैनथे र कसैले चोरी गरेमा बाटो नदेखेर फेरि चोरीको सामान त्यहीँ छाडेर जाने गरेको जनविश्वास छ । बाबाको थानमा कुनै पनि किसिमको वली प्रदान गर्ने चलन छैन । भक्तजनहरूले श्रद्धापूर्वक लड्डु, खीर, फलफुल,पान सुपारी चढाउने गर्दछन् । बाबाको भक्तिपूर्वक पूजा आराधना गरेमा बिग्रेको काम सप्रिने तथा संकट नपर्ने जनविश्वास रहेको निजकै वंशज ७३ वर्षीय पाँचु चौधरी बताउँछन् । गाउँमा कुनै पनि किसिमको देवता खेलाउने काम भएमा गाछी बाबा पनि प्रकट हुने गरेको र समाजलाई मरणोपरान्त पनि सेवा गरिरहेको जनविश्वास छ ।

### हालको अवस्था

आँपको रुखैरूखले भरिएको यो स्थानमा हाल रूख छैन । मन्दिर अगाडि सानो साहोरको रुख र एउटा सानो आँपको रुख रहेको छ । यो स्थानले करिब १० धुर जग्गा ओगटेको र बाबाकै सन्ततिहरूको निजी सम्पत्तिको रुपमा रहेको छ । निर्माणाधीन अवस्थामा रहेको मन्दिरको व्यवस्थापन मिर्दाहा वंशका थारूहरू तथा नेंगडाका थारूहरूले गर्दै आएका छन् । कुनै किसिमको समिति नरहे पनि प्रत्येक मंगलबार बाबाको स्थानमा दियो, अगरवती बाल्ने चलन रहेको छ । भक्तजनहरूले खराउ, लंगौटी लगायतका बाबाले लगाउने वस्तुहरू चढाउने गरेका छन् । वार्षिक रुपमा उत्सव, जात्रा, मेला नभए पनि गाउँमा हुने विवाह, पूजालगायतको



काम भएमा बाबाको मन्दिरमा पनि पूजा गर्ने चलन रहेको छ । बाबाको दर्शन तथा पूजाको लागि टाढा टाढाबाट भक्तजनहरू पनि आउने गर्दछन् ।

## ८.११ मानराजा गढी

### परिचय

मानराजा गढी सप्तरी जिल्लाको बोदेबरसाइन नगरपालिका वडा नं. ७ अन्तर्गत मानराजा बजारमा रहेको छ । मानराजा गढीलाई कर्नाटक वंशीय क्षेत्री राजा मानसिंह देवको दरबारको रुपमा पनि मान्ने गरिएको छ । यो गढी लोकमार्गको बिसनपुर चोकदेखि ९ किलोमिटर दक्षिणमा रहेको छ भने सदरमुकाम राजबिराज देखि करीब २२ किलोमिटर पश्चिममा रहेको छ । मानराजा गढी ग्राबेल सडक भएर जान सकिन्छ ।

### ऐतिहासिक पृष्ठभूमि

सिम्रौनगढका पहिलो राजा नान्यसिंह देव थिए । राजा शक्तिसिंह देवको प्रधान सेनापतिको रुपमा तिरहूत माइझ थारू थिए । शक्तिसिंह देवले आफ्नो छोरा राजकुमार हरिसिंह देवको विवाह सेनापति एवं मुख्य सहयोगी तिरहूत माइझकी छोरी ईसरवती देवीसँग गराएका थिए । पछि हरिसिंह देव राजा भए र उनले अर्को विवाह काठमाण्डौको मल्ल राजाकी छोरी देवल देवीसँग गरेका थिए । पछि जेठी महारानी ईसरवती देवी र कान्छी महारानी देवल देवीबीच पारिवारीक कलह उत्पन्न भएका कारण जेठी महरानी ईसरवती देवीले आफ्ना छोराहरू मानसिंह देव र श्यामसिंह देवलाई साथमा लिएर हाल मानराजा रहेको स्थानमा आएर जेठो छोरा मानसिंह देवलाई राजा बनाई स्वतन्त्र राज्य स्थापना गरी राज्य सञ्चालन गरेकी थिइन् । (ईसरा बंशावलीको लेखक चन्द्रकान्त सिंह चौधरी, पातोडौरहीको अनुसार) ।

राजा मानसिंह देव प्रतापी र धर्मात्मा थिए । उनले त्यस स्थानमा भव्य दरबार निर्माण गरी उनकै विशाल पोखरी र पोखरीको पूर्वपट्टि कलात्मक मन्दिर निर्माण गरी नरसिंह नारायणको कलात्मक मूर्ति स्थापना गरेका थिए जसको भग्नावशेष हालसम्म पनि छ । मानसिंह देवको नामले उक्त गढी नामाकरण गरिएको हुँदा यसलाई मानराजा गढी भनिएको स्थानीयहरू बताउँछन् ।

### हालको अवस्था

यो मन्दिरमा अहिले पनि भक्तजनहरू नियमित रुपले पूजा गर्ने गरेका छन् । यो गढीमा थारूहरूको नयाँ वर्ष सिरुवा पावैन पर्वको अवसरमा वैशाख १ गते भव्य रुपमा विशेष पूजा गर्ने र मेला लगाउने गरिएको छ । उक्त गढी ईसर वंशका थारूको रहेकोले अझै पनि पातो डौरहीबाट डोली आएर यो गढीमा पूजा गरेपछि मात्र अन्य समुदायले यहाँ पूजा गर्ने चलन छ ।

स्थानीय माध्यमिक विद्यालयमा कार्यरत शिक्षक शिवनारायण यादवका अनुसार मानराजा गढीको मूल मन्दिर नरसिंह नारायणको रहेको छ । बिष्णुको नरसिंह अवतारको पत्थरको कलात्मक मूर्ति पनि केही खण्डित अवस्थामा रहेको उनी बताउँछन् । मन्दिरको पर्खाल ठूल्ठुला ढुंगाले बनाइएको छ । पूरानो रुख र गढी जस्तो देखिने गढीमा रहेको मन्दिर जीर्ण अवस्थामा भएतापनि मूल मन्दिरको गर्भगृह अझै पनि सुरक्षित देखिन्छ । स्थानीय बासिन्दा विद्यानन्द चौधरीको अनुसार नयाँ वर्ष सिरुवा पावैन र कार्तिक एकादशीको अवसरमा पातो डौरहीको ईसरान वंशको चन्द्रकान्त चौधरी र उनका सन्ततिहरूले आफ्ना पुर्खाहरूको आराध्य देवलाई प्रथम पूजा गर्ने परम्परा अझै पनि कायम छ । उक्त मन्दिरको पूजारीको रुपमा इसरान वंशका थारू समुदाय रहेका छन् । साथै शिक्षक शिवनारायण यादवको अनुसार मानराजा गढी भएको ठाउँको तल्लो भागमा मानसिंहको दरबार रहेको र वि.सं. १९१६ र १९९० सालको भूकम्प अगाडि नै ध्वस्त भएको थियो ।

त्यसको उत्तरपट्टि रहेको पोखरीको नजिकमा पश्चिमपट्टि कलात्मक इनार अझै पनि कायमै छ । त्यहाँ देखिएका ईँटाहरू मन्दिर पर्खालमा देखिएका ईँटाहरू उस्तै प्रकारका छन् । उक्त गढीलाई कसैले कुनै वस्तुले खन्ने वा ईटा निकाल्ने प्रयास गरेमा अनिष्ट हुने तथा विषधर सर्पहरूले डसेर मृत्यु हुने गरेको स्थानीयको भनाइ छ ।

### हालको अवस्था

हाल यो मानराजा मन्दिर, गढी र पोखरी सार्वजनिक जग्गामा अवस्थित छ । मन्दिर परिसर करिब ४ कट्ठा जमीनमा रहेको छ भने उक्त मन्दिरभन्दा ५० मिटर पश्चिम-दक्षिणमा करिब १० कट्ठा भू-भाग ओगटेको ढिस्को छ । उक्त ढिस्कोको १५ मिटर उत्तरमा

करीब १ बिगाहा क्षेत्रफलको पोखरी रहेको छ । अहिले गढी तथा मन्दिरको जिर्णोद्धार गर्नु पर्ने देखिन्छ । मन्दिरको पुनःनिर्माण तथा गढीको उत्खनन गर्ने कार्यमा संघ, प्रदेश तथा स्थानीय निकायबाट पहल हुनु पर्ने स्थानीयको भनाइ छ ।

## ८.१२ डाकनी थान

### परिचय

डाकनी थानलाई हाल डाक्नेश्वरी मन्दिर पनि भन्ने गरिएको छ । यो मन्दिर सप्तरी जिल्लाको डाक्नेश्वरी नगरपालिका वडा नं. ५ वलीराजपुर बजार (हालको पातो बजार) मा अवस्थित छ । यो एक शक्तिपीठको रुपमा रहेको छ । यहाँ यही देवीको नामले डाक्नेश्वरी नगरपालिका नामाकरण गरिएको हो । यो स्थान लोकमार्ग स्थित कठौना बजारदेखि १६ किलोमिटर दक्षिण तथा सदरमुकाम राजबिराजदेखि ३१ किलोमिटर पश्चिम-दक्षिणमा पातो बजारमा छ ।

### ऐतिहासिक पृष्ठभूमि

डाकनी मन्दिर पहिला पुरानो पिपलको रूखमुनि रहेको थियो भने हाल देवीलाई नजिकैको रुखभन्दा दक्षिणपट्टि निर्माण गरिएको आधुनिक मन्दिरमा स्थानान्तरण गरिएको छ । उक्त मन्दिर थारू जमीनदार चन्द्रकान्त चौधरीले निर्माण गरी डाक्नेश्वरी भगवतीको कलात्मक मूर्ति स्थापना गरेका छन् । उक्त मन्दिर परिसरमा अन्य देवीदेवताहरूको पनि स्थापना गरिएको छ । यसको अलावा धर्मशाला तथा चौताराहरू पनि निर्माण गरिएका छन् । स्थानीय समाजसेवीहरूको अनुसार सिम्रौनगढका कर्नाटक वंशीय ईसरवती देवीका वंशज ईसरानहरूमध्ये वली इसरले (वली राजपुर / पातो) ईसरवती देवीलाई आफ्नो कूल देवीको रुपमा स्थापना गरेका थिए । यो मन्दिरमा सप्तरी तथा छिमेकी देश भारतबाट आइ भक्तजनहरू दिनहुँ दर्शन तथा पूजापाठ गर्ने गरेका छन् । भक्तजनहरू यस मन्दिरमा वली चढाउनुको साथै फूल प्रसाद पनि चढाउने गरेका छन् । यो मन्दिरमा खास गरी विजयादशमीको अवसरमा वली चढाउने र तिहारसम्म भव्य मेला लाग्ने गरेको छ ।

### हालको अवस्था

मन्दिर करीब १ कट्ठा जग्गामा रहेको छ । भौतिक संरचना आकर्षक रहेको छ । मन्दिरको जग्गा तथा मन्दिर निर्माण माननीय सांसद चन्द्रकान्त चौधरीले प्रदान गरेका हुन् । हाल मन्दिर व्यवस्थापनको लागि यहाँ कुनै समिति बनाइएको छैन ।

कुसमहार गढी (नकट्टा मन्दिर)

### परिचय

कुसमहार गढी सप्तरी जिल्लाको बोदेबरसाइन नगरपालिका वडा नं-३, कुसमहार गाउँमा रहेको छ । यो गढी पूर्व-पश्चिम लोकमार्ग स्थित खरचुहिया बजारदेखि ९ किलोमिटर दक्षिणमा रहेको छ भने सदरमुकाम राजबिराजदेखि करीब ३० किलोमिटर पश्चिममा रहेको छ । लोकमार्गबाट त्यहाँसम्म ९ किलोमिटर ग्राबेल मोटरबाटो भएर जान सकिन्छ । यसका साथै सदरमुकाम राजबिराजबाट सो स्थानसम्मको लागि बसयात्रा पनि गर्न सकिन्छ ।

### ऐतिहासिक मूल्य, मान्यताः

यस मन्दिरभित्र नारायण भगवानको कालो पत्थरको कलात्मक मूर्ति स्थापना गरिएको छ । १४ औं शताब्दीतिर मुगल आक्रमणको समयमा मुसलमान गयासुद्धिन तुगलकले आक्रमण गरी उक्त मूर्तिको नाक काटी दिएकोले उक्त मन्दिरको नाम थारू भाषामा नकट्टा मन्दिरको नामले प्रचलित छ । यस मन्दिरमा दैनिक पूजापाठ हुने गरेपनि नयाँ वर्ष सिरुवा पावैनको अवसरमा विशेष मेला लाग्ने गरेको छ । पहिला उक्त मेला महिना दिनसम्म विभिन्न मनोरन्जनका साधनसहित लाग्ने गर्दथ्यो र हजारौं श्रद्धालु भक्तजनहरूले दर्शन गर्ने गर्दथे । स्थानीय बुद्धिजीवी चतुरनारायण चौधरीका अनुसार उक्त मेला कुसमहार मेलाको नामले ख्याति कमाएको थियो । मन्दिरमा मेला भर्न आफूहरू पनि जाने गरेको स्थानीय हरिकान्त चौधरी र वयोवृद्ध अनिरुद्धप्रसाद चौधरी बताउँछन् । उनीहरूले उक्त मन्दिरसँग सम्बन्धित लालमोहर लगायत अन्य कागजातहरू आफूसँग सुरक्षित रहेको समेत बताएका छन् । उक्त नारायण भगवानको मन्दिर कसले कहिले बनाएको हो यकिन जानकारी उपलब्ध हुन नसके तापनि उनीहरूका अनुसार उक्त लक्ष्मी नारायणको मन्दिर सिरहा जिल्लास्थित नहरा भगवानपुरमा रहेको प्रसिद्ध बाला सुन्दरी मन्दिरसँग सम्बन्धित रहेको भनाइ छ ।

बाला सुन्दरी भगवती त्यस समयमा प्रख्यात वीर पराक्रमी थारू दाजुभाइ भवनाथ चौधरी थारू र देवनाथ चौधरी थारूको इष्ट देवीको रुपमा रहको छ । ती थारू दाजुभाइ धौल माइझ थारूका सुपुत्र हुन् । थारू समाजमा एउटा प्रख्यात भनाई छ, "धौल धमके त भौर चमके" । त्यस समयमा धौल माईझ यति वीर, शक्तिशाली र चमत्कारिक धामी गुणी थिए ।

उक्त बाला सुन्दरी भगवती मन्दिरमा भारतको दरभंगा निवासी बंगवीर बाबा कृष्णदास पूजारी थिए जो एक तान्त्रिक पनि थिए । पछि उक्त बाबाको गलत तथा अनैतिक कार्यले गर्दा उनलाई स्थानीयहरूले बाला सुन्दरीको पुजारी पदबाट हटाएका थिए । त्यसपछि उक्त तान्त्रिक पुजारी बंगवीर बाबा सिरहाबाट सप्तरीको कुसमहार आएर यहाँ स्थित लक्ष्मी नारायणको मन्दिरमा पुजारीको काम गर्न थाले तर यहाँ बाला सुन्दरी मन्दिर जस्तो सुख सयल र वैभव उनले पाउन सकेनन् । त्यसपछि उक्त बाबाले त्यहाँ आफ्नो तान्त्रिक शक्तिले तत्कालीन राजा र राणा शासकहरूलाई जमीनमाथि उल्टो झुन्डिएर आश्चर्य चकित पारी खुशी गरेपछि उक्त मन्दिर सञ्चालनको लागि १६ बिगाहा जग्गा बिर्ता स्वरुप मन्दिरलाई लाल मोहर प्राप्त गराएका थिए । उक्त लालमोहर विक्रम सम्वत १९४२ मा महाराजा पृथ्वी वीर विक्रम शाहबाट जारी गरिएको थियो । संरक्षकको रुपमा थारू जमिनदार देवनाथ र भवनाथलाई तोकिएको थियो ।उक्त लक्ष्मी नारायण गुठीको लालमोहर र लाल पुर्जा अहिले पनि स्थानीय कुसमहार निवासी चतुरनारायण चौधरीसँग सुरक्षित रहेको छ ।

## हालको अवस्था

सानो क्षेत्रफलमा मन्दिर निर्माण गरिएको भए तापनि मन्दिरको पश्चिमतर्फ ठूलो पोखरी रहेको छ । यो मन्दिर कुसमहार गाउँदेखि पश्चिमतर्फ करिब २ कट्ठा क्षेत्रफलमा रहेको छ । हाल गुठीको नाममा २२ बिगाहा जमीन छ । मन्दिर नजिकै धर्मशालाको पनि निर्माण भइरहेको छ । स्थानीय वृद्ध अनुरुद्ध प्रसाद चौधरीका अनुसार मौलिक मन्दिर ठूल्ठूलो ढुंगाले बनेको थियो । पुरानो जीर्ण मन्दिरको ढुंगा र काठहरू हराएपछि अहिले नयाँ मन्दिर निर्माण गरिएको छ ।

# खण्ड ग

## थारू आयोग

अनामनगर, काठमाडौं, नेपाल

नवलपरासी 'ब.सु.पु.', चितवन र मकवानपुर जिल्लाका
थारु समुदायका ऐतिहासिक, सांस्कृतिक एवं पूरातात्विक
सम्पदाहरूको अध्ययन (सूचीकरण)

प्रतिवेदन, २०७८

## मानव कल्याण विकास केन्द्र

भीमदत्तनगर, कञ्चनपुर

# अध्याय एक

## परिचय

### पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त मुलुक हो । राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा १४२ भन्दा बढी जात/जाति र १२४ मातृभाषा रहेका छन् । (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । यी विभिन्न जातजाति र समुदायमध्ये थारू समुदाय पनि एक हो । यो समुदाय नेपालका भूमिपुत्र/पुत्री आदिवासी जनजाति थारू समुदाय भनी परिचित छ । थारू आयोग ऐन, २०७४ को दफा २ (घ) ले थारू समुदाय भन्नाले थारू आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको आदिवासी थारू सम्झनु पर्दछ भनी परिभाषित गरेको छ । यस जातिलाई आदिवासीजनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा पनि सूचीकृत गरिएको छ ।

वि.सं २०७८ को जनगणना हेर्दा थारुहरूको जनसंख्या १८,०७,१२४ रहेको छ भने यो नेपालको पूरै जनसंख्याको ६.२ प्रतिशत हो । जनसंख्याको दृष्टिकोणले हेर्दा यो नेपालको चौथो ठूलो जनसंख्या भएको जाति हो । नेपालको राष्ट्रिय जनगणना, २०६८ मा १७,३७,४७० जनसंख्या थियो जुन तत्कालीन सम्पूर्ण जनसंख्याको ६.५६ प्रतिशत हो ।

नेपालको जनगणना २०७८ अनुसार मातृभाषाको रुपमा थारु भाषा बोल्ने थारुहरूको संख्या १७,१४,०९१ रहेको छ जुन नेपालको पूरै जनसंख्याको ५.८८ प्रतिशत हो । यो जाति तराईमा बस्ने सबैभन्दा ठूलो जनसंख्या भएको जाति हो । बढी संख्यामा तराईमा बसोबास गर्दै आएको यो समुदाय पछिल्लो समयमा नेपालको सबै जिल्लामा बसोबास गर्दै आएको देखिन्छ (थारू आयोग, २०७७) ।

थारू जाति मुख्यगरी तराईका २४ जिल्लामा बसोबास गर्दछन् । काठमाडौं उपत्यकामा समेत २५० भन्दा बढी परिवार स्थायी रुपमा बसोबास गर्दछन् । थारू जाति नेपालमा मात्र बहुसंख्यक नभई भारतका विभिन्न क्षेत्र बिहारको चम्पारण, उत्तर प्रदेशका गोरखपुर, नैनीताल, गोण्डा, बहराइच, खिरी आदि जिल्लाहरूमा बसोबास गर्दछन् । पूर्वमा झापादेखि पश्चिम कञ्चनपुरसम्मका तराई र भित्री मधेस क्षेत्रहरूमा थारूहरू आदिमकालदेखि बसोबास गर्दै आइरहेका छन् । त्यही क्षेत्रलाई नै थरुहट भन्ने चलन रही आएको छ (दिवस, २०६५) । थारू बाहेकका अन्य जातिहरू आफ्नो परम्परागत ठाउँलाई छाडी समय समयमा मुलुकका विभिन्न भागमा छरिँदै गएका छन् । थारूहरूथरुहट छोडेर अरु ठाउँमा बसाइँ सरेर गएको विरलै पाइन्छ । नेपालको तराई तथा भित्री मधेसका हरिया फाँटहरूमा प्राचीनकालीन अन्न उत्पादन गरेर देशको आर्थिक मेरुदण्डमा थारूहरूले योगदान पुऱ्याउँदै आएका छन् । थारू जाति नेपालका आदिवासी, मूलवासी तथा तराई र भित्री मधेसका धर्तीपुत्र हुन् (डा.गुरुङ २००३) । थारू जाति भूमिपुत्र भएकै कारण थारू जातिको मुख्य पेशा कृषि हो । ९० प्रतिशत भन्दा बढी थारूहरू कृषि पेशामा निर्भर रहेका छन् । थारू जातिमा लाम्पुछिया (मोरङगीया), कोचिला, चितौनिया, नवलपुरिया, लम्पुछुवा (पर्सा), दङ्गौरा, कठरिया, राना आदि रहेको पाइन्छ (गुणरत्ने, २००२) । वि.सं. १७८३ देखि वि.सं. १८९१ सम्म विजयपुर, मकवानपुर, पाल्पाका सेन तथा शाह राज्यवंशीय राजाहरूका शासनकालमा ५० जना थारूहरूले लालमोहर, स्यामोहर र रुक्का प्राप्त गरेका थिए । जसमा सप्तरीका १९, उदयपुरका ३, महोत्तरीका २, बाराका ५, पर्साका ५, चितवनका १, नवलपरासीका ७, दाङ्का ३, काठमाडौंका १ र गोरखपुर (हाल उत्तर प्रदेशका) का ४ थारूहरूले प्राप्त गरेका थिए (क्राउसकोफ र मेयर, २००१) । गौरवमय इतिहास रचेका थारूहरूले नेपालको तराईका विभिन्न क्षेत्रहरूमा राज्य गरेको पाइन्छ ।

यसरी थारू जातिको आफ्नै ऐतिहासिक लोक सम्पदा, संस्कृति, रहनसहन, रीतिरिवाज, भाषा, भेषभूषा, लोकगीत, तथा लोक नृत्य रहेको छ । थारू संस्कृतिमा कथा, कविता, लोकगीत, लोक नृत्य थारू नाटक, संवाद आदि प्रचलनमा रहेका छन् । सुदूरपूर्वदेखि सुदूरपश्चिमसम्मका थारूजातिमा विविध प्रकारका लोकनृत्यहरू प्रचलनमा रहेका छन् । मुङ्ग्रहवा, नाच, झुम्रा नाच, सखिया नाच, लट्ठहवा नाच, हुर्दङ्वा नाच, मघौता नाच, बर्का नाच, कठघोरी नाच, भवरा नाच, महाभारत नाच, सीताहरन नाच, विरहैन नाच, चाँचर नाच, चोरखेलिया नाच, रसलीला नाच, तरबार नाच, लट्ठीनाच, झरा नाच, वरका नाच, महरवादेवी नाच, झुमरा नाच, कठमाघरी नाच, बारमासा नाच, फगुवा नाच, कठरिया नाच, सरु नाच, मधवलाल नाच, गोपीचन नाच, मयुर नाच, र जटाजातिन नाच प्रचलित छन् । यसरी मूर्त र अमूर्त धर्म, संस्कृति एवं ऐतिहासिक सम्पदाका धनी मानिन्छन् ।

## नेपालका थारू समुदायको जनसंख्या विवरण

तालिका - १ : थारू समुदायको जनसंख्या र मातृभाषी संख्या

| सि.नं. | प्रदेश | जम्मा जनसंख्या | जम्मा थारू जनसंख्या | थारू मातृभाषी संख्या |
|---|---|---|---|---|
| १ | कोशी प्रदेश | ४९६१४१२ | २०९५१९ | २१८५३४ |
| २ | मधेस प्रदेश | ६११४६०० | ३०१०३८ | २५४६८५ |
| ३ | बागमती प्रदेश | ६११६८६६ | ११०२८४ | ९५४२३ |
| ४ | गण्डकी प्रदेश | २४६६४२७ | ४७६१९ | ४२७९५ |
| ५ | लुम्बिनी प्रदेश | ५१२२०७८ | ७३२०६९ | ६९५९४९ |
| ६ | कर्णाली प्रदेश | १६८८४१२ | ८७७३ | ७७९१ |
| ७ | सुदूरपश्चिम प्रदेश | २६९४७८३ | ३९७८२२ | ३९८९१४ |
|  | जम्मा | २९१६४५७८ | १८०७१२४ | १७१४०९१ |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाडौं, राष्ट्रिय जनगणना, २०७८

## अध्ययनको उद्देश्य

थारु समुदायका ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक सम्पदाहरूको सूचीकरण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।

## अध्ययन विधि

उपर्युक्त उद्देश्य हासिल गर्ने प्रयोजनको लागि देहाय अनुसारको अध्ययन विधि अबलम्बन गरिएको छ ।

क) प्राथमिक तथ्याङ्क/सूचना संकलन/प्रशोधन/प्रस्तुतीकरण र विश्लेषण: यस प्रयोजनको लागि परिशिष्टाङ्क १ बमोजिमको चेकलिस्ट तयार गरी अध्ययन-अनुसन्धानकर्ताले अध्ययनक्षेत्रको स्थलगत अवलोकन अध्ययन, अन्तक्रिया जस्ता औजारहरूको प्रयोग गर्दै सूचना संङ्कलन गर्ने कार्य सम्पन्न गरेपछि उक्तानुसारका सूचनाहरूलाई प्रशोधन, प्रस्तुतीकरण र विश्लेषण गर्ने कार्य गरिएको छ ।

ख) द्वितीय तथ्याङ्क/सूचना संकलन/प्रशोधन/प्रस्तुतीकरण र विश्लेषण: अध्ययनको उद्देश्य प्राप्तिका लागि सरकारी, गैरसरकारी तथा व्यक्तिगत प्रतिवेदन, पुस्तक, कृति, आलेख आदि संकलन गरी पुस्तकालयीय विधि द्वारा सूचनाको प्रस्तुतीकरण र विश्लेषण गर्ने कार्य गरिएको छ ।

ग) मस्यौदा प्रतिवेदन तयारी : उपर्युक्त उद्देश्य सहित थारू आयोगले मानव कल्याण विकास केन्द्रलाई यस अध्ययन कार्यको कार्यक्षेत्र र कार्य निर्दिष्ट गरे अनुरुप अध्ययन प्रतिवेदनको मस्यौदा तयार गरी सो उपर पृष्ठपोषण, राय, प्रतिक्रिया र सुझावको लागि एक प्रति थारू आयोग समक्ष पेश गरिएको छ । तत्सम्बन्धमा थारू आयोगको आयोजनामा थारू आयोगमा आयोजित छलफल कार्यक्रममा अध्ययन अनुसन्धानमा संलग्न विज्ञहरूको सहभागिता रहेको थियो ।

घ) माथि प्रकरण (ग) अनुरुपको छलफलवाट प्राप्त पृष्ठपोषण/सुझाव समेतलाई सकभर समावेश गरी अन्तिम अध्ययन प्रतिवेदन तयार गरी थारू आयोग समक्ष पेश गरिएको छ ।

## अध्ययनको कार्य क्षेत्र

क) चितवन, मकवानपुर र नवलपरासी 'ब.सु.पु.' जिल्लाहरूमा रहेका थारू समुदायका ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक सम्पदाहरूका वारेमा अध्ययन अनुसन्धान ।

ख) सम्बन्धित जिल्लाका पालिका, थारू कल्याणकारी सभा र थारू वुद्धिजीविहरूसँग सम्पर्क गरी विवरण संकलन ।

ग) अध्ययन क्षेत्रमा विद्यमान जात्रा, पर्व, पूजा पद्दति सम्बन्धी व्यवस्था र परम्पराको अध्ययन ।

घ) अध्ययन क्षेत्रमा विद्यमान सम्पदाहरूको संरक्षण वा व्यवस्थापनको विद्यमान अवस्थाको अध्ययन ।

ङ) अध्ययन गरिएका सम्पदाहरूसम्मको पहुँचको अवस्थाको अध्ययन ।

## अध्ययनको सीमा

वास्तवमा यो अध्ययन कार्य निकै वृहत, संवेदनशील र महत्वपूर्ण रहेको छ। यस सम्बन्धी सघन अध्ययनको लागि पर्याप्त समय, साधन र श्रोतको आवश्यकता पर्दछ। सीमित साधन स्रोत र समय सीमा भित्र यस कार्यलाई सम्पन्न गर्नु पर्ने चुनौतीपूर्ण अवस्थाका वावजुद यस कार्यलाई यस स्वरुपमा तयार पार्न सकिएको छ। अध्ययन गरिएका सम्पदाहरूको नाप, नक्सा, कित्ता नं., क्षेत्रफल, आदि उपलब्ध हुन सकेको छैन। अध्ययनका क्रममा सम्पर्क गरिएका आधिकारीक निकाय, व्यक्ति, समूहहरूवाट प्राप्त मौखिक जानकारीलाई आधार मानिएको छ। लेख्य प्रमाण (प्रमाणिक दस्तावेज) को अभावमा समुदायमा प्रचलित श्रुति, किम्बदन्ती र परम्पराहरू नै यस अध्ययनका प्रमुख सूचना श्रोत हुन पुगेका छन्। सकेसम्म सूचना संकलन गर्ने क्रममा सूचनाको विश्वसनीयतामा ह्रास हुन नदिनका लागि एउटै विषयवस्तुका सम्बन्धमा कम्तीमा तीनजना व्यक्तिहरूसँग छुट्टा छुट्टै छलफल गरी फरक पर्न गएका जानकारीहरूको सम्बन्धमा सामुहिक छलफल गरिएको छ।

## अध्ययन प्रतिवेदनको स्वरूप

प्रस्तुत अध्ययन प्रतिवेदनलाई निम्न भागमा तयार पारिएको छ।

भाग १ पृष्ठभूमि

भाग २ आदिवासी थारू समुदायको संक्षिप्त परिचय

भाग ३ नवलपरासी 'ब.सु.पु.'का थारू सम्पदाहरू

भाग ४ चितवनका थारू सम्पदाहरू भाग ५ मकवानपुरका थारू सम्पदाहरू

भाग ६ निष्कर्ष तथा सुझाव

परिशिष्टाङ्क

# आदिवासी थारू समुदायको संक्षिप्त परिचय

## पृष्ठभूमि

सुदूरपूर्वको झापादेखि सुदूरपश्चिमको कञ्चनपुर जिल्लासम्मको तराईको भूभाग (विशेषगरी कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, सुर्खेत, दाङ्ग, कपिलवस्तु, रुपन्देही, नवलपरासी पश्चिम, नवलपरासी पूर्व, चितवन, मकवानपुर, उदयपुर, बारा, पर्सा, महोत्तरी, सुनसरी, मोरङ्ग र झापा) मा थारूहरूको शताब्दीयौंदेखि बसोबास रहिआएको पाइन्छ। भारतको विहार राज्यको पश्चिम चम्पारण, नैनीताल, गोरखपुर, गोण्डा, खिरी, आदि ठाउँमा पनि थारूहरूको पुरानो बसोबास रहिआएको छ।

नेपालका विभिन्न आदिवासी जनजातिहरूमध्ये थारू जाति पनि एक हो। २०७८ सालको जनगणना अनुसार थारू समुदायको जनसंख्या १८,०७,१२४ देखाइएको छ जुन नेपालको कुल जनसंख्याको ६.२ प्रतिशत देखिन्छ तर थारू समुदायले नेपालमा यस समुदायको जनसंख्या करिव चालीस लाख रहेको दावी गर्ने गरेको पाइन्छ। २०७८ सालको जनगणनामा पनि थारूहरूको जनसंख्याले चौथो स्थान ओगटेको छ।

कतिपय मानवशास्त्रीहरूले विश्वशान्तिका अग्रनायक भगवान् बुद्ध र सम्राट अशोक समेत थारू वंशका रहेको विश्वास गर्दछन्। भारतको विहार राज्यको चम्पारण जिल्लासम्म थारू वग्रात रहेको केही समाजशाास्त्रीहरूको दावी छ।

बुद्धका वंशज पूर्णत: थेरवादी बौद्ध मतमा दिक्षित भएपछि स्थाविरलाई थेरवाट थारू भन्न थालिएको हो। बुद्धका वंशजलाई शाक्य र कोलिय भनिएको सम्बन्धमा कौशल नरेश वनारसका राजा ओकाका र ओखामुखाबीच राज्यद्रोह भयो। ओकाकाका चार दाजुभाइ एवं पाँचवटी दिदी वहिनीले राज्यद्रोह गर्नुभन्दा शान्तिको उपाय खोज्न उपयुक्त हुने ठानी कपिल मुनिको ध्यानस्थल कपिलवस्तुमा आई जंगल फाँडी बसोवास गरे। निर्जन स्थानमा कोही नभएका कारण चार दाजुभाइले चार दिदी बहिनी विवाह गरी वंश वृद्धि गरे। उनीहरूका वंशजलाई 'शाक्य' भनियो भने जेठी छोरी प्रियाले रामनामका एक जना कुष्ठरोगीलाई कोलियाको रुखको पातको औषधी प्रयोग गरी निको पारी उनैसंग विवाह गरे। त्यसपछि उनीहरूका वंशज 'कोलिय' कहलाए। भगवान् गौतम बुद्धले उनै कोलियवंशी यशोधरा (आफ्नै मामाकी छोरी) संग विवाह गरेका थिए।

कपिलवस्तुमा विरुद्धकले शाक्यहरूको आमविनाश गर्दा भागेर काठमाडौं उपत्यका प्रवेश गरेका शाक्य तथा कोलियहरूले नेवार समुदायमा समाहित भए भने बंगलादेशको चटगाउँ (चैत्यगाउ) पुगेकाहरू वंगाली बनेर रहेको कुरा पनि केही इतिहासहरूले उल्लेख गरेको पाइन्छ। यसैगरी केही इतिहासकारहरूका अनुसार मयुर पालक थारू वंशज मौर्य कहलाए। अशोक सम्राट मौर्य वंशका थारू नै थिए। तराईलाई खनी खोस्री खेतीयोग्य बनाउने एवं औलोग्रस्त जंगललाई बसोबास योग्य बनाउने थारूहरू तेह्रौं देखि पन्ध्रौं शताब्दीतिर राजस्थानको थार मरुभूमिमा मुसलमानहरूको आक्रमण हुँदा नेपालको जंगलभित्र पसेका हुन् भन्ने केही इतिहासकारहरूको भनाइसँग भने प्रायश: थारू समुदाय सहमत देखिदैनन् किनकी यस भनाईलाई पुष्टि गर्ने पर्याप्त वैज्ञानिक प्रमाणहरू रहेका पाइदैनन्। विशाल थारू वग्राटका आदिवासी थारूहरू परिवार विचलन, राजनीतिक हस्तक्षेप, भूमि अतिक्रमण एवं धार्मिक, सांस्कृतिक एवं आर्थिक कारणले पछाडि पारिएका छन्।

थारूहरूको शारिरीक बनोट गोलाकार चेप्टो अनुहार, मझौला कद, अलिक थेप्चो नाक, बलिया पाखुरा, हात र गोडा, चौडा छाती हुनुको साथै गहुँगोरो रंगको रहेको पाइन्छ। थरुहट तराईको गर्मी स्थानमा बसोबास गर्ने भएकोले गाढा गहुँगोरो रंग भएका थारूहरू पनि छन्। झट्ट हेर्दा मंगोलियनको जस्तो आकृति देखिन्छ। यस समुदायका महिला तथा पुरुष आफ्नो पहिरनमा सजिदा निकै आकर्षक र सुन्दर देखिन्छन्। थारूहरू सोझा, सरल र इमान्दार हुन्छन्। लिएको जिम्मेवारी वा पाएको काम पूरा मेहनतका साथ समयमा सम्पन्न गर्दछन्। यस समुदायवाट जाल, झेल, ठगी, चोरी, डकैती जस्ता अनैतिक कार्यहरू विरलै हुने गरेको पाइन्छ। जन्मदैदेखि थारूहरू कर्ममा विश्वास गर्ने र मेहनती हुन्छन्। जतिसुकै दु:ख समस्या परे पनि सानो खुसी पाउने वितिक्कै रमाउने गर्दछन्। सोझो र इमान्दार बानी व्यहोरा भएकै कारण यिनीहरू विगतका विभिन्न कालखण्डमा समाजका तथाकथित उच्च अथवा सम्भ्रान्त वर्गको शोषणमा परेका तमामौं घटनाहरू जीवन्त छन्। (दहित, २०७० :१)

## सांस्कृतिक सम्पदा

थारू समुदायको आफ्नै भाषा, भेषभूषा, रहन सहन, धर्म, संस्कृति, लवाइ-खवाइ, आदिवासी ज्ञान, परम्परा र थातथलो पनि छ। थारूहरूले बोल्ने भाषालाई थारू भाषा भनिन्छ। थारू भाषा अन्तर्गत विभिन्न भाषिकाहरू रहेका छन्। तीमध्ये प्रमुख भाषिकाहरूमा डगौंरा, डेसौरा, चितौनिया, मोरङ्गीया, सप्तरिया, राना, आदि हुन्। यी मध्ये सबैभन्दा समृद्ध भाषिकामा डगौंरा

पर्दछ किनकी यस भाषिकामा आधारित भई अन्य विभिन्न भाषिकालाई समेटी थारू शब्दकोष,व्याकरण र विभिन्न पुस्तकहरू पनि प्रकाशन भई सकेका छन् (दहित, २०७०)।

थारूहरूको आदिवासी ज्ञानलाई मूलतः १९ वर्गमा सूचीकरण गरिएको पाइन्छ, जस्तै, बैडावा प्रणाली जडीबुटी ज्ञान), गुरुवा प्रणाली (मन्तर ज्ञान), संगठन प्रणाली, खानपिन, सीप (हस्तकला र सामग्रीहरू), गरगहना र भेषभुषा, संस्कृति (रीतिरिवाज, चाडपर्व, गीतवास, नाँचगान, आदि), घर आगन निर्माण, भाषा र साहित्य, खेलकुद, खेती प्रणाली, माछा पालन र मार्ने ज्ञान, जल, जंगल र जमीन व्यवस्थापन, महोतिया कला, औलो विरुद्ध लडने क्षमता, सोहिनिया (डगरेन) ज्ञान, सुत्केरी र मालिस, पशु पालन, लोक गीत तथा नृत्य, आदि। यी मध्ये कृषि ज्ञान, स्वास्थ्य उपचार ज्ञान, स्वशासित संगठन र धर्मसंस्कृति प्रमुख रहेका छन्

थारूहरूले दैनिक जीवन र विशेष अवस्थामा प्रयोग गर्ने परम्परागत भेषभूषा रहेका छन्। महिलाहरूले चोलिया, कुर्ठा लेहंगा, आदि लगाउने गर्दछन् भने पुरुषहरूले धोती, कमिज, बुसट, टोपी, आदि लगाउने गर्दछन्। तल खुट्टाको औँलादेखि माथि शीरसम्म लगाउने विभिन्न खाले गरगहनाहरू लगाएर थारू महिलाहरू सजिने गर्दछन्। उनीहरूले दैनिक जीवनमा सामान्य खाले गहना लगाए पनि भोज, विवाह, चाडपर्व, आदिको बेलामा गच्छे र रुची अनुसार धेरै थरिका गरगहना र लुगाफाटाहरू लगाउने गर्दछन्। नाक, कान, औंलामा सुनका गहना धेरै लगाउने गर्दछन् भने अन्य अङ्गमा लगाउने धेरैजसो गहनाहरू चाँदीका बनेका हुन्छन्। महिलाहरूले पाउमा पाउजु, बिछिया र रुनझुन लगाउने गर्दछन्। डेल्वा/ढकिया, मचिया, मौनी, कोहवर, मोख र खेलौना थारू समुदायका प्रख्यात हस्तकलाका नमूनाहरू हुन्। थारूहरूको भोज विवाहमा दुलाहा र दुलहीले लगाउने लुगा, शुभ साइतको चिजबस्तु डेल्वामा राख्ने परम्परा रहेकोले डेल्वाको सांस्कृतिक महत्व उच्च रहेको छ।

थारूहरूको प्रमुख पेशा कृषि रहेको हुनाले हलो, कोदालो, जुवा, हेंगा, लह्रिया (गाडा)/लहरू, किलवाही आदि सामग्री प्रयोग गर्नुको साथै हरोत, बगाल, औली लेना, औली उतर्ना जस्ता पूजाहरू गर्ने गर्दछन्। कृषिबाली राख्नको लागि डेहरी, भकारी आदि बनाई प्रयोग गरिन्छ। डेहरी विशेष तरिकाले बनाउने गर्दछन्। चिम्टाइलो माटो र धानको कमलो भूस एउटैमा मुछेर दैनिक एक वा दुई पाता थप्दै करिव एक महिना लगाएर डेहरी बनाइन्छ। यसरी बनाइएको डेहरीमा धान, चामल, तोरी आदि जुनसुकै बाली सुरक्षित साथ भण्डारण गर्न सकिन्छ। सानो खाले डेहरी जसलाई कुठली पनि भनिन्छ, यसमा धान कुटेर तयार पारिएको चामललाई वर्षसम्म नविग्रने गरी सुरक्षित राख्न सकिन्छ। यस्तो प्रविधि अन्य समुदायमा पाइदैन। डेहरी सानो, मझौला, ठूलो, चौडाकार, गोलाकार, खण्डे, सिंगै गरी विभिन्न खाले बनाउने चलन पाइन्छ।

थारूहरूमा परम्परागत रुपमा एक दिनमा चार समय खानेकुरा खाने चलन छ, जस्तै, विहानको खानालाई 'वासी' भनिन्छ, करिव ९ बजेतिरको खानालाई 'कल्वा' भनिन्छ, दिउँसो २ बजेतिरको खानालाई 'मिझनी' भनिन्छ, यसैगरी लगत्तै ३ बजेतिर खानेकुरालाई 'सिझनी' भन्ने गरिन्छ। साथै साँझ ७ वा ८ बजेतिरको खानालाई 'बेरी' भनिन्छ। थारूहरूले खाने नियमित खानामा भात, रोटी, दाल, कपुवा, नुन मिर्चाको चटनी, मौसम अनुसारको विभिन्न खाले तरकारी, माछामासु, घोंघी, गंगटो, खेतमा पाइने बिलकोरवा मुसाको मासु आदि पर्दछन्। चाडपर्वमा विभिन्न खाले ढिक्री, बंगुर, बाख्रा, परेवा, कुखुरा, हाँसको मासुको विभिन्न परिकार, माछाको थरि-थरिका परिकार, भुजा र तिलको लड्डु, खिचडी, विशेष खाले गेडागुडी खाने चलन छ।

अन्नवाट बनाइएको जाँड र रक्सी खाने चलन पनि थारू समाजमा व्याप्त रहेको छ। माघीमा अन्डी चिचर को गुलियो जाँड, त्यसको झोल, यसैगरी दशैं, तिहार र होलीमा रक्सी खाने गर्दछन्। दैनिक रुपमा भने रक्सीभन्दा जाँड खाने चलन बढी मात्रामा रहेको छ। चुरोट विडीभन्दा आफ्नै गाँउघरमा तयार पारेको माखुर वा सुर्ती खाने चलन थारूमा बढी पाइन्छ। तर आजभोलि वजारबाट किनेर खान्छन्। थारू समुदायका प्रत्येक गाउँमा वर्षेनी माघ महिनामा अगुवा चयन गर्ने चलन छ। गाउँको अगुवालाई स्थानीय भाषामा वडघर/ वरघर (बर्दिया, बाँके, कैलाली), भल्मन्सा (कैलाली र कञ्चनपुर), महटावा (दाङ), गुमस्ता (पश्चिम चम्पारन), ककनदार (देउखर), पूर्वतिरको जिल्लामा मुखिया, गच्छदार, आदि भन्ने चलन पनि छ। गाउँको अगुवा वडघरलाई मूलतः निम्न पाँचवटा जिम्मेवारी प्रदान गरिएको हुन्छ, क) गाँउको संरक्षकत्व वा अभिभावकत्व, ख) न्याय विकास सम्पादन, ग) विकास निर्माण, घ) संस्कृति संरक्षण र ङ) मध्यस्थकर्ता।

थारूहरूको प्रमुख पेशा कृषि हो। पहिले परम्परागत तरिकाले खेतीपाती गरिआएकोमा आजभोलि क्रमशः आधुनिकतातिर रुपान्तरित भएको पाइन्छ। जसको कारण थारूहरूको पहिचान बोकेका धानहरू जस्तै- वासमती, लटेरा, कनकजिरा, जरहन

(लल्का र उजर्का विजन्ता), असहन, तिल्की, चिन्हा, सौठ्यारी (साठा), डेरवा, अन्डी, आदि करिव विस्थापित हुने अवस्थामा छन् र विकासी धानबाली उत्पादन गर्ने गरेको पाइन्छ। केवल थारूहरूले मात्र खाने गरेका तरकारी जस्तै थारू आलु, जिलबुल लर्चा, अमला लर्चा, आदि संकटापन्न अवस्थामा छन्। यसको व्यवसायिक खेती हुन सकेको छैन।

## धर्म र संस्कृति

आदिवासी थारूहरू संस्कृतिका निकै धनी छन्। संस्कार, गीतबास, नाचगान, चाडपर्व, पूजापाठ आदि वार्षिक तालिका अनुसार विविधताले भरिपूर्ण छन्। कतिपय पर्व पूजापाठ र संस्कारहरू वार्षिक तालिकामा समेत अटाउदैनन्। त्यसको लागि बहुवर्षीय तालिका समेत बनाउनु पर्दछ। थारूहरूको केही संस्कार र चाडपर्वहरू मगर जातिसित पनि मिल्ने गर्दछ। जन्मदेखि मृत्युसम्मका संस्कारहरूमा भौगोलिकताको आधारमा केही भिन्नता पाइए पनि बच्चा सोह्राई, घट्वाजैना, बच्चाको नामाकरण, पुतवह्राउ, विवाह, सतगत, मर्नीकर्नी, श्राद्ध वा पितृ पूजा आदिमा भने मौलिक समानता पाइन्छ। थर अनुसार सामान्य विधि फरक परे पनि समग्रमा मिल्ने गर्दछ। बच्चाको नामाकरण गर्दा पुरानो चलन अनुसार वच्चा जन्मेको दिन, वार वा पर्वको आधारमा, वा घरवाहिर जहाँ गएको अवस्था छ, त्यही ठाउँ विशेषको नामको आधारमा, बच्चाको दोहोलो वा ग्रह दशाबाट मुक्त गराउने जस्ता परम्परागत विधि तथा मौलिक पद्दतिहरू अपनाएर नाम राख्ने चलन रहेको पाइन्छ।

आजभोलि थारू इतर समुदायको प्रभावमा परी हिन्दु देवीदेवताको नाम अनुसार नामाकरण गर्ने र पछिल्लो अवस्थामा आएर अंग्रेजी नाम राख्ने गरेको पनि पाइन्छ जस्तै लक्की, रिचु, मिक्की, आदि। आफ्नो छोराछोरीको नाम हिन्दु देवीदेवता, भाषा, परम्परा, पूजा, आदिसँग मिल्ने नाम राख्ने गरे पनि हिन्दुहरू जस्तै ग्रह, नक्षत्र, राशि आदि मिलाई पुरोहित (बाहुन) बाट नामाकरण गराउने चलन बढ्न थालेको छ।

थारूहरूको नाचगान नेपाल र सायद विश्वकै कुनै पनि जातिय समुदायसित तुलना समेत गर्न नमिल्ने गरी अथाह खानी रहेको छ। एउटै नाचमा बजाइने मादलको ताल दिन र रातको प्रहर अनुसार फरक फरक छ। गीतको सन्देश र सुरताल समेत फरक-फरक छ। हुरडुङ्ग्वा नाच यसको ज्वलन्त उदाहरण हो। थारूहरूले नाच्ने 'लाठी नाच'मा मात्र कम्तिमा २५ थरिको मादलको ताल पाइन्छ। सख्या नाचमा सयौंको संख्यामा असंख्य मादलको ताल पाइन्छ। मुङग्रहवा नाच, बर्का नाच, आदिको सुरताल पनि फरक फरक छ। नाच्ने वेला गाउने, वनमा गएको वेला र फर्किदा गाउने, डिहवामा हलो जोतकोर गर्दा गाउने, धानबाली लगाउँदा गाउने, धान काट्ने बेला गाउने गीत फरक-फरक सन्देश र सुरतालका छन्। मघौटा नाचका गीतहरूमा केटाकेटीहरू दोहोरी गाउने क्रममा मायाप्रितीका भाका हाल्ने गर्दछन्। केटाहरूमात्र, केटीहरूमात्र, केटाकेटी मिलेर, ससाना केटाकेटी, अविवाहित जवान केटाकेटी, विवाहित, आदि फरक-फरक लिङ्ग र उमेर समूह बनाई नाच्ने र गाउने चलन पनि थारू समुदायमा प्रचलित छ।

थारूहरूका प्रमुख चाडपर्वहरूमा माघ, जितिया, अटवारी, समाचकेवा, डस्या, डेवारी, फगुई, होली, जुरसितल आदि पर्दछन्। त्यसमध्ये माघ राष्ट्रिय महत्वको पर्व हो। नेपाल सरकारले यस पर्वलाई थारूहरूको राष्ट्रिय पर्वको रुपमा मान्यता समेत दिएको छ।

थारूहरूले यस पर्वलाई बहुआयामिक तरिकाले मनाउने गर्दछन्। थरुहट क्षेत्रका विभिन्न गाउँ, ठाउँमा माघ महोत्सव, माघ मिलन, खिचडी महोत्सव, तिला सक्राइत आदि नामले विविध गतिविधिका साथ मनाइन्छ। पुरानो चलन अनुसार, पुषको अन्तिम दिन वा माघ १ गतेको अघिल्लो दिन गाउँका सवै मिलेर जिता मार्ने गर्दछन्। यसर्थ यस दिनलाई जितामर्ना दिन भनिन्छ। साना ठूला, धनी गरिव, गाउँले-शहरिया सबैले गच्छे अनुसार मिठो मसिनो खाने गर्दछन्। भोलिपल्ट माघ १ गतेका दिन ़माघ लहान' भनिन्छ। यस दिन भाले नबास्दै नजिकको नदीमा गएर नुहाउने गरिन्छ र चामलको सेतो टीका लगाउने गरिन्छ। घरमा फर्केपछि सबभन्दा पहिले 'निश्राउ कहर्ना' कार्य गरिन्छ। 'निश्राउ कहर्ना' भन्नाले चामल, मासको दाल र नून पाँच पाँच वा सात सात उँजरा र पसरा चेलीवेटीको नाममा छुट्याइन्छ। यसपछि आफ्ना बा-आमा, बाजे-बजै, काका-काकी, दाज-भाउजु लगायत आफूभन्दा जेष्ठहरूलाई ढोगसलाम गर्ने र आशीर्वाद लिने गरिन्छ। होली दहन गर्दै गाउँठाउँको सवै मान्यजनकहाँ गएर पनि ढोकसलाम गर्ने र आशिष लिने पनि गरिन्छ। यसरी ढोकसलाम गर्न आउनेलाई आशिष दिने र आफू कहाँ भएको मिठो मसिनो जे छ, खुशीसाथ खान दिने गर्दछन्। दोश्रो दिन अर्थात माघ २ गतेलाई 'माघी दिवानी' भनिन्छ। अघिल्लो दिन चेलीको नाममा छुट्याइएको चामल, दाल, नून साथै थप विभिन्न खाले रोटी, तरकारी, माछा आदि आफ्ना दिदी बहिनी कहाँ दिन जाने चलन छ। चेलीहरू पनि आफ्ना दाजुभाइ पक्कै पनि निसराउ लिएर आउँदैछन् भन्ने आशा

र विश्वासमा खानेकुरा तयार पारी प्रतिक्षारत रहन्छन्। चौथो, पाँचौं लगायतको पछिल्लो दिनमा आफ्नो घरायसी योजना बनाउने, समुदायको साझा नेतृत्व चयन गर्ने जस्ता कार्य गरिन्छ र माघ मनाउने क्रम पनि जारी रहन्छ। माघमा अन्डीको भात, रोटी र गुलियो जाँड अनिवार्य रहन्छ। यसको अभावमा माघ टिउहार अधुरो जस्तै लाग्छ।

जितिया पर्वमा महिलाहरू आफ्ना छोराछोरी, श्रीमान् र परिवारका सदस्यहरूको सुस्वास्थ्य र उन्नति प्रगतिको कामनासाथ व्रत बस्ने गर्दछन् र मिठा-मिठा खानेकुराको व्यवस्था पनि गरेका हुन्छन्। कृष्णजन्माष्टमी पछि ओजरियाको पहिलो आइतवार वा भाद्र शुक्लपक्षको पहिलो आइतवारलाई बर्का अटवारी भनिन्छ। यसैदिन अटवारी पर्व मनाइन्छ। घरमा नयाँ वाली भित्र्याएको शुभ अवसरलाई ध्यानमा राखी प्रत्येक साल फगुई पूजा गर्ने चलन पनि छ।

कृषि प्रमुख पेशा भएको हुनाले थारूहरूले खेतवारी, हलो कोदालो, आदिको पूजा गर्ने गर्दछन्। जल र जंगलसँग यस समुदायको प्रगाढ सम्बन्ध रहेको छ। जल र जंगलको उपभोग गर्नु अगावै अनुमतिको लागि वनसप्ती वा वनदेवी र पानीको मुहानको पूजा गर्ने गर्दछन्।

# नवलपरासी 'ब.सु.पु.' जिल्लामा रहेका थारू सांस्कृतिक सम्पदाहरु

## धार्मिक सम्पदा

### १.१ श्री वेवर थान महावेवर कुमारवर्तीमाई, देवचुली

प्राचीनकालमा प्रयागराज (इलाहावाद) मा गङ्गा र यमुना पावन नदीहरूको संगममा कुमारवर्तीमाई स्वर्णमयी महलमा स्वर्ण स्वरुपमा प्रकट हुनु भएको थियो । सूक्ष्म रुपधार यिनलाई गौरी (पार्वती) स्वरुप मान्ने गरिन्छ । नयाँ ठाउँमा प्रकट भइसकेपछि देवी उपयुक्त वासस्थानको खोजीमा संसार भ्रमण गर्दै जानु भयो यस क्रममा उहाँ पटना शहरमा पुगी पाटको घर बनाएर बस्नु भयो । केही समयपछि त्यो स्थान देवलीाई उपयुक्त लागेन । त्यँहाबाट देवी लौरी नेपाल (सानो नेपाल) भन्ने ठाँउमा पुग्नु भयो र त्यहाँ सुनको महल बनाएर बस्नु भयो । कालान्तरमा त्यो स्थानलाई पनि मन नपराउँदा त्यस स्थानलाई छोडी काशीमा बस्न थाल्नु भयो । त्यस ठाउँलाई पनि बासस्थलको लागि उपयुक्त नहुने ठहर्‍याई त्यहाँबाट छेउनी बेउली (नवलपुर छिर्ने पहाडको फेद) मा पुग्नु भयो । घना जंगलको दक्षिण र मानव वस्तीको उत्तरतर्फ रुखवाट खसेको पातको मुनी गुह्यको रुपमा लुकेर बस्नु भयो । हावाहुरी लाग्दा ती पातहरू उडाएर लैजाने भएकोले आफू नाङ्गो भए पनि आमा भएको भन्दै देवलीाई आमाको स्मरण हुन थाल्यो र विलौना गर्न थाल्नु भयो । केही वर्ष पश्चात उहाँलाई त्यो ठाउँ पनि मन परेन । उपयुक्त स्थानको खोजीमा पश्चिम चम्पारणको हर्दिराज भन्ने ठाउँमा जानुभयो र वेसारको पात र डाँठबाट महल बनाएर बस्न थाल्नु भयो । केही समय त्यहाँ बसेपछि त्यो स्थान पनि देवली मन पराउनु भएन र गया तर्फ जानु भयो । त्यहाँ तामाको महल बनाएर बस्न थाल्नु भयो र आफू सुनको मूर्तिकै रुपमा रहनु भयो । कालान्तरमा देवलीाई त्यो स्थान पनि चित्त बुझेन र चुरे पहाडको फेदमा घना बाँस भएको (हाल चितवन राष्ट्रिय निकुञ्ज अवस्थित) ठाँउमा पुग्नु भयो । त्यस ठाउँवाट उत्तरतिर फर्केर हेर्दा सोचमग्न भई कुनै पनि बसोबासको ठाँउ आफ्नो लागि उपयुक्त नभएकोले त्यहाँवाट देखिने उत्तरपट्टीको पहाडसम्म जाने उपाय खोज्न थाल्नु भयो र एउटा दूधे बाँस काटी टुप्पो र फेद फाली बीचको भागवाट मन्त्रको बलले बाघ उत्पन्न गराउनु भयो । त्यस बाघलाई सुम्सुम्याई बाघमा चढ्नु भयो र सँगै छडी लिएर वायुजस्तै भएर ठोक्राबासमा आएर बस्नु भयो । त्यहाँवाट पनि फेरी बाघमै चढेर सवार भई चन्द्रछती (देउचुलीफेद) खोलाको मुहानमा बस्नुभयो । फेरी त्यहाँवाट पनि चित्त नबुझ्दा बाघमा सवार भई माथि देउचुली चुचुरोमा पुग्नुभयो । बाघवाट तल ओर्ली बाघलाई बेलको रुखमा बाँधी आफ्नो सरसमान त्यँही राखी आफु गुफा भित्र पस्नुभयो । त्यो गुफा आफ्नो लागि उपयुक्त ठानेर त्यँही विराजमान हुनु भयो । त्यसपछि गुफाबाट बाहिर आई छेउमा रहेको पिपलको रुख जसको हाँगा चारै दिशामा फैलिएको थियो, त्यसको पूर्वतिरको हाँगामा बस्दा गर्मीमा शितल हावा आएको, पश्चिम, दक्षिण र उत्तरतिरको हाँगामा बस्दा सारा संसार छर्लङ्ग देखिने भएकोले महादेवी त्यहाँ विराजमान हुनुभयो ।

त्यसपछि महादेवी लगायत देवीका मातहतका अरु गणहरूको भेटावली दिन भनेर देवली चिठीसहित आफ्नी सेविका सुनकुसुण्डा देवलीाई महाराजा कहाँ पठाउनु भयो । चिठीमा यस क्षेत्रको राज्यशासन तिमीले नै गर्नु तर वर्षको एकपटक म र मेरा गणहरूलाई भोगवली दिनु भन्ने कुरा उल्लेख गरिएको थियो र राजामा शक्तिको दम्भ भएकोले एउटी नारीले भनेको के मान्ने भनेर देवीको आग्रहलाई अस्वीकार गरे । निराश भएर सुनकुण्डा देवी भएको स्थानमा फिर्ता जानु भयो । सुनकुण्डाले महाराजको दम्भपूर्ण अस्वीकारोक्तिको व्यहोरा देवलीाई सुनाएपछि देवली आफ्नो शक्तिको प्रभावबाट महाराजकी दुईटा राजकुमारीहरू चैता र पैता (चाँचुन र पंचायन पनि भनिन्छ) लाई मुर्छित पारिदिनु भयो । राजकुमारीहरू अकस्मात मुर्छित भएको देख्दा पनि यो देवीको छल हो भन्ने ठहर्‍याई महाराजले आत्तिएर सुनकुण्डा देवलीाई फिर्ता बोलाउन रौता पौता नामका सेवक पठाउनु भयो । ती सेवकहरूले विन्ती गरी सुनकुण्डा देवलीाई फिर्ता बोलाउनु भयो र राजाले आफ्ना राजकुमारीहरूलाई निको पारी दिन आग्रह गरे । महादेवीकी सेविका सुनकुण्डा देवली क्रमशः पूर्वपश्चिम तर्फ फर्केर महादेवलीाई पुकारिन् । महादेवली ती मुर्छित राजकुमारीको शिरमा जल छर्कनु र उनीहरू होशमा आउने छन् भन्ने कुरा आकाशवाणीवाट सुनकुण्डालाई सुनाउनु भयो । महादेवीको आदेश बमोजिम सुनकुण्डाले राजकुमारीहरूलाई होशमा फर्काइन् । सोही अवसरमा महादेवली महाराजालाई सानोभेडी, ठूलोभेडा, बाखीपाठा, सिङ भएको बोका, पाडो (राँगो), परेवा, कुखुरा, चोचे (वनमुसा), भंगेरासहितको १०७ ठाउँमा भोग वली दिनु भनेर कबुल गराउदै महादेवी विराजमान रहनु भएको स्थानमा वर्षको एक पटक पूजा चढाउन र देवीको स्थापना रहेका अन्य स्थानहरूमा प्रत्येक पाँच वर्षमा एक पटक पूजा चढाउनु पर्ने रीति बाध्न लगाउनु भयो । महाराजाले त्यस पछि महादेवलीाई इष्टदेवी स्वीकार गरे र महादेवलीाई प्रसन्न तुल्याउन आफ्नी दुवै राजकुमारीहरूलाई महादेवीको सेवा सुश्रुवा गर्न महादेवी आसन्न स्थान (देवचुली) मा पठाए । महादेवली ती दुवै राजकुमारीहरूलाई आफ्नो सुरक्षा हेतु दायाँ-वायाँ पट्टि तैनाथ गराउनु भयो । आफूप्रतिको महाराजको

समर्पणलाई हृदयङ्गम गर्दै महादेवली महाराजलाई एक प्रभावशाली तरवार दिदै यस तरवारको प्रयोगबाट जुनसुकै शत्रु पराजित हुने आशिर्वाद प्रदान गर्नु भयो । प्रत्येक वर्षको चैत्र पूर्णिमामा थारू समुदायका स्थानीय बासिन्दाहरू पुजारी सहित यस स्थानमा पूजा गर्न जाने परम्परा विद्यमान छ ।

## १.२ श्री कुमारवर्तीमाई जमुडार थान, प्रगतिनगर

जमुडार थान कुडौली नवलपरासी 'ब.सु.पु.' जिल्लाको देवचुली न.पा.-१५ (प्रगतिनगर नवलपुर) मा अवस्थित यो मन्दिर जिल्ला सदरमुकामवाट ८ कि.मी. दक्षिण-पूर्वमा रहेको छ । यस मन्दिर अवस्थित स्थानमा देवीको प्रकटीकरण वारे यिनका उपासक समुदायमा कुनै जानकारी नभएपनि परापूर्वकालमा यहाँ देवी प्रकट हुनु भएको विश्वास उनीहरूमा व्याप्त छ । आपतविपत, रोगव्याधी, अनिकाल, कृषिवाली फस्टाउने र जंगली जनावरवाट भयमुक्त पार्नको लागि थारू समुदायको पुजारीले प्रत्येक यस स्थानमा पूजाआजा गर्छन् । प्रत्येक वर्ष चैत्र पूर्णिमा, साउने पूर्णिमा एवं वडादशैंका अवसरमा विशेष पूजा गर्ने तथा बोका, पाठी, परेवा, लोखर्के र जंगली मुसाहरूको समेत वली चढाउने गरिन्छ । त्यस्तै प्रत्येक पाँच वर्षमा कन्तरी पूजा गर्ने चलन पनि रहेको छ । जसलाई संसारी पूजा पनि भनिन्छ । लोकको हित हुने भएकोले नै यसलाई संसारी पूजा भनिएको हो । यस कन्तरी पूजाको वेला पञ्चवली दिने चलन रहेको छ । पञ्चवलीमा राँगाको वली पनि समावेश हुन्छ । जसलाई उच्चभोग चढ्ने भनिन्छ । प्रत्येक पाँच वर्षमा कन्तरी पूजाको वेला मन्दिरको ठिक अगाडी काठको एक जोडी मौला रोप्ने गरिन्छ जसलाई मेहेना पनि भनिन्छ । त्यस मेहेनामै राँगाको वली दिने गरिन्छ । वली दिदा पाठीलाई मन्दिरभित्रै पूजा गर्ने ठाउँमै वली दिइन्छ भने अन्य प्राणीहरूको वली मन्दिरको वाहिरपट्टी दिइन्छ ।



जमुडार थान, प्रगतिनगर, कुडौली,

देवीहरू यसै ठाउँमा जम्मा भएर छलफल गर्ने भएकाले यस ठाउँको नाम जमुडार थान भनिएको हो भन्ने स्थानीय पूजारी देवीलाल गुरौ को भनाई रहेको छ । यस स्थानमा पुजारीले नित्य शुद्ध भएर परम्परागत विधिले पूजा गर्नु पर्ने हुन्छ कथंकदाचित पूजा विधि विग्रेमा वा लापरवाही भएमा त्यसै स्थानवाट बाघ निस्केर सताउने गर्छ र फेरि क्षमा पूजा चढाएपछि बाघको आक्रमण शान्त हुने स्थानीयहरूको विश्वास रहेको छ । यी देवीका प्रमुख उपासक थारू (चौधरी) र अन्य समुदायका व्यक्तिहरूले पनि विशेष आस्था र श्रद्धापूर्वक यिनको पूजाआजा गर्ने चलन छ । यस क्षेत्रमा सुख्खा (खडेरी) परेमा थारू समुदाय वाहेकका समुदायका मान्छेहरूले चौधरी गुरौलाई आग्रह गरी यी देवीलाई पूजा चढाएपछि बर्षा हुने विश्वास रहेको छ ।

यिनका उपासकहरूका अनुसार यस मन्दिरको गुठी ५ विघा ४ कठ्ठा जमीन कावासोती न.पा.११ मा र मन्दिर रहेको ठाउँमा ५ कठ्ठा जमीन रहेको छ । यस थानसम्म आइपुग्न केही पक्की बाटो र केही ग्राभेल सडक हुँदैं जानु पर्ने हुन्छ ।

## १.३ श्री कुमारवर्तीमाई, गडीवान थान, कुश्नहरी

कावासोती न.पा.१३ (कुश्नहरि) जिल्ला सदरमुकामबाट करिव तीन ३ कि.मि. भित्र दक्षिण-पूर्वमा जंगलको बीचमा शिरथान कुमारवर्तीमाई गडीवान थान अवस्थित छ । शिरथानदेवी विराजमान हुनुभएको ठाँउको नामले यस थानको नाम नै गडीवान थान कुश्नहरि रहन गएको हो भन्ने स्थानीय जनसमुदायको भनाई रहेको छ । यस स्थानसम्म आइपुग्न पनि पक्की र ग्रावेल सडक भएर नै जानुपर्ने हुन्छ । यस थान (मन्दिर) को नाममा करिव ५ विघा जति जमीन रहेको छ ।

प्रत्येक औंसी, पूर्णिमा र माघे संक्रान्तिमा यस थानमा पूजाआजा गर्ने गरिन्छ त्यस्तै दुई पटक चैत पूर्णिमा र बडादशैंको दिन देवीथानमा पूजाआजा चढाउनका साथै बोका, पाठी, परेवा, कुखुरा आदि प्राणीहरूको वली दिने गरिन्छ । यसका अतिरिक्त



गडिवना थान, कुस्नहरि, नवलपरासी 'ब.सु.पु.'

प्रत्येक ५ वर्षमा एक जोडी मौला (मैहना) रोपेर कन्तरी पूजा गरिन्छ र उच्च भोग (राँगा वली) सहित पञ्चवली (राँगा, भेडाभेडी, बोका, पाठी, कुखुरा, परेवा आदिको वली) चढाइन्छ। पञ्चवली दिँदा राँगो (पाडो) को वली मौला गाडेको ठाँउमा चढाइन्छ। यी देवीका प्रमुख उपासक चौधरी समुदायका छन् तापनि स्थानीयहरूले यिनको पूजाआजा गर्ने गर्दछन्। यी देवली विशेष गरेर आपत-विपद्‌वाट जोगाउने, सुखशान्ति दिने, जंगली जनावरवाट सुरक्षा गरेको कुराप्रति यिनका उपासकहरू विश्वस्त देखिन्छन्। यस क्षेत्रमा पहिला बाघले आक्रमण गर्ने गरेकोमा र सरकारी प्रयासबाट बाघ नियन्त्रण गर्न बाघ खोर निर्माण गरी बाघ मार्न शिकारी समेत पठाउँदा पनि बाघ आक्रमण नियन्त्रण हुन नसकेपछि यी देवीको पूजा आराधना गरेपछि मात्र बाघ आतङ्कबाट समुदाय मुक्त भएको जनश्रुति व्याप्त छ। पूजारीले यस थानमा विधिपूर्वक आचरणको पालना गरेर पूजा नगरेमा हाल समेत बाघ निस्केर तर्साउने गर्छ भन्ने मान्यता समुदायमा रहेको छ।

## १.४ श्री कुमारवर्तीमाई देवी थान, भेडाबारी

गैंडाकोट नगरपालिका-११ अन्तर्गत पूर्व पश्चिम राजमार्गको दुई किलोमिटर उत्तरमा भेडाबारी भन्ने ठाउँमा शिरखान कुमारवर्तीमाई थान अवस्थित छ। यस थानसम्म पुग्नको लागि कच्ची र पक्की बाटो हुँदै जानुपर्ने हुन्छ। यस स्थानमा देवीको उत्पत्ति सम्बन्धमा स्पष्ट जानकारी यिनका उपासकहरूमा रहेको पाइदैन। तैपनि स्थानीय जनश्रुति अनुसार परापूर्वकालमा स्थानीय महाराजाकी राजकन्याहरूलाई कुमारवर्तीमाईले दुईवटी राजकन्याहरूलाई आफ्नो सहयोगीको रुपमा देवचुलीथानमा राखेको र एउटी कन्यालाई आफ्नो शक्ति प्रदान गरेर आफ्नै अवतारको रुपमा स्थापित गराएको भन्ने लोक मान्यता रहेको छ। यस स्थानलाई शक्तिशाली शक्तिपीठको रुपमा पूजाआजा गर्ने गरिन्छ। आस्था पूर्वक यस स्थानमा पूजापाठ गर्नाले विभिन्न बिघ्न बाधाहरूबाट मुक्त भइन्छ र देवी को कृपा रहिरहन्छ भने स्थानीय मान्यता रहेको छ। यहाँ नियमित पूजाआजा गरिन्छ भने चैत्र पूर्णिमामा यस स्थानमा विशेष पूजा गरिन्छ। यसबेला पूजाआजा सँगसँगै स्वेच्छिक एवं भाकल अनुसारको वली समेत चढाइन्छ। प्रत्येक पाँच वर्षमा यस स्थानमा कन्तरी पूजा गर्ने चलन रहेको छ। यस पूजाको वेला यस स्थानमा पाडो (राँगो) समेत वली दिइन्छ। स्थानीय सम्पुर्ण चौधरी समुदाय देवीका प्रमुख उपासक रहेका छन् भने अन्य समुदायका व्यक्तिहरूले समेत यस स्थानमा भक्तिपूर्वक पूजा आराधना गर्ने गर्दछन्। थारू समुदायभित्रकै व्यक्तिबाट यस स्थानमा नियमित तथा विशेष पूजा गर्ने गरिन्छ।

## १.५ श्री कुमारवर्तीमाई महादेव थान, सिक्रौली

गैंडाकोट नगरपालिका वडा-१३ (सिक्रौली) मा पूर्वपश्चिम राजमार्गबाट दुई किलोमिटर दक्षिणपट्टि शिरथान कुमारवर्तीमाई महादेवस्थान रहेको छ। शिरथान कुमारवर्तीमाई यस स्थानमा महादेवको रुप धारण गरी विराजमान रहनु भएको स्थानीय जनविश्वास रहेको छ। साथै यो स्थान शनिश्चरी माई (संसारी) नामले पनि चिनिन्छ। बर्खायाममा खेतबारीमा धान रोप्न वर्षा गराउन, अन्नबालीको फसल सपार्न, अनिकाल भोकमरी र आपतविपद्‌बाट मानव समुदायलाई जोगाउन यस थानको पूजा गर्ने गरिन्छ। यस स्थान वरिपरि रहेका ढुङ्गा (शिलाहरू) मा थारू गुरौले पूजा चढाउने र बोका, पाठी वली दिने चलन रहेको छ। पुजा गर्दा प्रत्येक शिलामा रक्सी चढाउनु पर्ने हुन्छ। हाल यो स्थानमा पुरातत्व विभागले उत्खनन गर्ने काम गरिरहेको छ। यस स्थानमा विशेषगरी वर्षाका देवतालाई खुसी पार्नको लागि पूजाआजा गर्ने चलन रहेको छ। प्रत्येक पाँचौं वर्षको जेठ महिनामा यस स्थानमा संसारी पूजा गर्ने चलन रहेको छ।

## १.६ श्री कुमारवर्तीमाई शिखरबासिनी थान, रजहरचोक

नवलपरासी 'ब.सु.पु.'को देवचुली नगरपालिका-१६ मा अवस्थित रजहरचोकबाट करिब ३०० मिटर उत्तरमा यस थानको

परापूर्वकालमा नै स्थापना भएको थियो । यस मन्दिरको भित्री भागमा तीनवटा माईका शिलाहरू स्थापना गरिएका छन् । तीनवटा दिदीबहिनीहरूको रुपमा पनि यसलाई चिनिन्छ । यस पहाडमा गुफाको भित्र रहेका शिखरवासिनीमा वर्षको एक पटक पूजाआजा गर्न जाने चलन रहेको छ । यस पूजाका क्रममा देवीलाई वली समेत चढाइन्छ । यस पवित्र स्थानमा शुद्ध र पवित्र भएर मात्र जान सकिन्छ र अपवित्र व्यक्ति त्यस स्थानमा पुग्नै सक्दैन भन्ने मान्यता रहेको छ । उक्त शिखरबासिनी मातालाई सात दिदीबहिनीको रुपमा पनि पूजा गर्ने गरिएको पाइन्छ । सातमाई दिदीबहिनीहरूमा तीन दिदी बहिनीहरू देवचुली नगरपालिका-१६ (रजहर) मा एक मनकामना देवी, एक विन्ध्यवासिनी, एक सोमेश्वर गढ चितवनमा अवस्थित कालिकामाई र सातौं वैनी हठिमाई देवी (भारतमा) विराजमान छन् भन्ने लोक मान्यता छ ।



शिखरवासिनी थान रजहर, नवलपरासी 'ब.सु.पु.'

शिखरवासीनी थानमा पनि थारू जातिका गुरौं रहने परम्परा छ । देउचुली शिखर प्रस्थान गर्दा यसै स्थान भएर पुजारीको पछिपछि लागेर सम्पूर्ण थारू उपासकहरू देवचुली जाने गर्दछन् । देवचुली शिखर जानको लागि दुईदिन बाटोमै बस्नुपर्ने हुन्छ । पहिलो दिन सम्पूर्ण भक्तजनहरू पुजारी सहित कीर्तिपुर (जुन पहिला टोकराबाँस भनिन्थ्यो) मगर बस्तीमा बसेर देउ खेल्ने (देवीको स्तुतिगान भजन) र भोलिपल्ट बिहान नुहाइधुवाइ गरी खाना खाएर कीर्तिपुरवाट प्रस्थान गरी साँझ इन्द्रछत्ती भने पहाडको खोल्सामा बास बस्ने गर्दछन् । तेश्रो विहान स्नान पश्चात् खाना खाएर देवचुली पुग्ने गर्छन् र पहिलो बास बसेको स्थानबाट नै मगर पुजारी पनि सँगै लिएर हिँडेका हुन्छन् देवचुली पुगेपछि मगर पुजारीले देवीको ढोका तान्त्रिक विधिबाट खोल्छन् । ढोका खुले पछि गुरौं (थारू पुजारी)ले पूजा चढाउने गर्दछन् । शिखरबासिनी थानको नाममा करिब ५ विगाहा जग्गा रहेको छ । यस स्थानमा पूजापाठ गरी विधिपूर्वक वली दिएमा गाउँमा सुखशान्ति रहने प्राकृतिक र दैवीय विपत्तिबाट मुक्त भइने तथा खेतीपाती राम्रो फस्टाउने भन्ने स्थानीय मान्यता रहेको छ ।

## १.७ श्री कुमारवर्तीमाई भगवती स्थान, साँड

कावासोती नगरपालिका-७ (साँड) मा अवस्थित यो थान कावासोती बजारबाट दक्षिणमा रहेको छ । कच्ची र पक्की सडक प्रयोग गरेर यस स्थानमा पुग्न सकिन्छ । यसैगरी प्रत्येक महिनाको औंशी र पूर्णिमामा यस मन्दिरमा मन्दिरका संरक्षकले दूध पाट चढाउने गर्दछन् । यसैगरी प्रत्येक चैत्र पूर्णिमामा पूजारीले पूजापाठ गर्ने र बडादसैंमा वली चढाइने गरिन्छ । त्यस्तै पाँच वर्षमा यस स्थानमा पनि कन्तरी पूजा गर्ने र घाटको एकजनाले मौला रोप्ने गरिन्छ । कन्तरी पूजाको बेला पञ्चवली समेत चढाइन्छ । अरु स्थानमा जस्तै यस अवसरमा यस स्थानमा पनि मौला रोपेको स्थानमा पाडो वली दिइन्छ । यस स्थानमा पनि पूजा गर्न विराएमा वा भूल गरेमा वा ठीक ढंगले पूजा गर्न नसकेमा बाघ आतंक हुने लोक विश्वास छ । विधिपूर्वक क्षमापूजा गरेर मात्रै बाघलाई शान्त पार्न सकिन्छ भन्ने मान्यता रहेको छ । यस स्थानको नाममा दुई कट्ठा मात्रै जमिन रहेको छ । थारू समुदायका मन्दिरहरूमा जस्तै यस मन्दिरका पुजारीलाई गुरौ भन्ने गरिन्छ । यसका साथै यस स्थानमा हरिहर बार्ना (धान रोपी सकेपछि) तेरुइ बार्ना (धान काटी सके पछि) र जखोड बार्ना समेत गरिन्छ । यस स्थानमा बार्ना गरेको दिन खेतीपाती सम्बन्धी कुनैपनि काम गर्नमा बन्देज लगाइन्छ ।




भगवती थान, साँड, नवलपरासी 'ब.सु.पु.'

## १.८ श्री कुमारवर्तीमाई डणावर देवीथान, डण्डा

कावासोती बजारबाट दक्षिणपट्टि करिब छ किलोमिटरको दूरीमा कावासोती नगरपालिका-१४ (डण्डा) मा शिरथान कुमारवर्ती डणावर देवीथान रहेको छ। कावासोती बजारबाट यस थानसम्म पुग्न कच्ची र पक्की दुवै किसिमको सडक भएर जानु पर्ने हुन्छ। रोग-व्याधि आपतविपद् र जंगली जनावरहरूको भयबाट मुक्ति पाउनका लागि विशेषगरी थारू समुदायले यी देवीको पूजा-आराधना गर्ने चलन रहेको छ। डणावर देवीमाईकै नामबाट नै यस क्षेत्रको नाम डण्डा रहन गएको हो भने स्थानीयको भनाई रहेको छ। यस थानकै छेउमा जाखड (चण्डी) को समेत स्थापना गरिएको छ। जाखडले एउटा गाउँ वा निश्चित क्षेत्रभित्र न्याय-निसाफ दिने र उपासकहरूको कल्याण गर्ने र डणावर देवीले आफ्नो अधिकार क्षेत्रभित्रका मानव वस्तीको रक्षा गर्ने गर्छन् भन्ने मान्यता रहेको छ। यी देवीका उपासक र पुजारी चौधरी नै रहेका छन्। यस स्थानमा चैत्र पूर्णिमामा विशेष पूजा गरिन्छ भने प्रत्येक पाँच वर्षमा कन्तरी पूजा गर्ने चलन रहेको छ। यस स्थानमा पुजापाठका संगसँगै बलि समेत दिइन्छ। गाउँघरमा आउने दुःख कष्टबाट मानवमात्रको रक्षा हेतु यस स्थानमा पूजापाठ गरिने जनविश्वास रहिआएको छ।




डणावर देवीथान, डण्डा, पूर्वीनवलपरासी

## १.९ श्री कुमारीवर्तीमाई पाँच पाण्डव मडवाभारथान, मदनपुर

मध्यबिन्दु नगरपालिका-४ मदनपुरमा अवस्थित यो स्थान जिल्ला सदरमुकामबाट ७ कि.मि. दक्षिणमा रहेको छ। यो स्थानसम्म आइपुग्न पनि केही पक्की र केही कच्ची सडकहरूको प्रयोग गर्नुपर्ने हुन्छ। यस स्थानमा परापूर्वकालमा पाँच पाण्डवहरूले आएर बसोबास गरी भोजन गरेको भन्ने मान्यता रहेको छ। यस स्थानमा पाँच भाइ पाण्डव र द्रौपदीलाई देवी देवताको रुपमा स्थापना गरी पूजापाठ सञ्चालन हुँदै आइरहेको छ। यस स्थानको साथै यसको वरपर अन्याय, अत्याचार व्यभिचार वा फोहोर गर्ने व्यक्तिलाई यी देवताहरूले दण्डित गर्दछन् भन्ने मान्यता रहेको छ। शिरथान कुमारवर्तीमाईले द्रौपदीसमेत नै पाँच पाण्डवहरूलाई



पाँच पाण्डव मन्दिर, मदनपुर, नवलपरासी 'ब.सु.पु.'



पाँच पाण्डवको मूर्ति मडवाभार थान, मदनपुर, नवलपरासी 'ब.सु.पु.'

शक्ति दिएर आफ्नो अवतारको रुपमा त्यस स्थानमा स्थापित गरेको जनविश्वास छ। यस स्थानमा देवी र पाँच पाण्डव रिसाएमा अनिष्ट हुने र पछि पूजापाठ गर्दा शान्ति कायम हुने भन्ने मान्यता रहेको छ। यस स्थानमा दैनिक नियमित पूजापाठ गरिन्छ भने चैत्र पूर्णिमामा विशेष पूजा गर्ने गरिन्छ। यसका अलावा यस स्थानमा भाकल अनुसार जुनसुकै बेला पनि पाडो बाहेक भेडा, बोका, पाठी, परेवा आदिको वली समेत दिइन्छ। प्रत्येक पाँच वर्षमा कन्तरी पूजा हुने गर्दछ। यस स्थानमा थारू जातिकै पुजारी (गुरौ) हुने र उपासक सम्पूर्ण चौधरी समुदाय रहेको छ।

## १.१० शिरथान कुमारवर्तीमाई जमुहिनीयाभारी थान, कोलकट्टा

मध्यबिन्दु नगरपालिका-१५ कोलकट्टामा अवस्थित यो थान कुमारवर्तीमाईको दशौं थान वा अन्तिम थानको रुपमा रहेको छ। यो थान नवलपरासी 'ब.सु.पु.'को सदरमुकाम कावासोतीबाट दक्षिण ७ किलोमिटरको दुरीमा रहेको छ। यस थानमा खुला ठाउँमा शिला राखेर पूजा गर्ने गरिन्छ।



जमुहिनीयाभार थान, कोलकट्टा, नवलपरासी 'ब.सु.पु.'

यो थान जामुनका रूखहरूको घारी भित्र रहेकोले नै यस स्थानको नाम जमुहिनीयाभारी थान रहन गएको हो भन्ने स्थानीय भनाइ रहेको छ। परापूर्वकालमा थारूहरूका पुर्खाले बस्ती बसाउँदा जंगली जनावर र दैवीय विपत्तिबाट हाम्रो रक्षा गरी पाउँ भनी कुमारवर्तीमाईको प्राथना/स्तुति गर्दा देवीले नवलपुर भरिका बासिन्दाहरूलाई तान्त्रिक विधिबाट पूजागरी यस ठाउँमा वा यस स्थानमा बाँधेर शान्त पार्नु भन्ने आदेश दिएपछि जमुहिनीयाभारी थानमा टीका गुरौ खलकका पुजारीले पूजागरी बाघ शान्त पारेको भन्ने भनाइ रहेको छ। यसका अलावा यस नवलपुर क्षेत्रमा बाघले मानव र पशुधनको क्षति गर्दा त्यस क्षेत्रका परिपक्व व्यक्तिहरूले यस स्थानमा विधिपूर्वक देवलीाई पूजापाठ गरी प्रसन्न पार्न सकेमा बाघ आतंक कम हुने ठहर गरे अनुसार त्यसै स्थानमा दिउँसै बाघलाई तान्त्रिक विधिबाट आफ्नो बसमा लिई बाघ शान्त पारेको भन्ने भनाइ जनमानसमा व्याप्त छ। यस थानमा ठिक ढंगले पूजा गर्न विराएमा हाल समेत बाघ निस्केर आतंक फैलाउने काम गर्दछ भन्ने स्थानीय समुदायको भनाइ रहेको छ। यस थान परिसरमा रहेका रुख समेत काट्न नहुने र फोहोर पार्न नहुने धार्मिक मान्यता रहेको छ। यस थानमा प्रत्येक पूर्णिमाका दिन गुरौले शुद्ध आचरणमा बसी गाईको दूध र पाट चढाउने गर्छन्। चैत्र पुर्णिमामा भने यस थानमा पूजापाठ गर्नुका साथै गरी वली समेत चढाइने गरिन्छ। साथै प्रत्येक पाँच वर्षमा कन्तरी पूजा समेत गरिन्छ। यी देवताका प्रमुख उपासक स्थानीय थारू समुदाय रहेको छ। स्थानीय अन्य समुदाय समेत यी देवीप्रति आस्थावान देखिन्छन्। यी मन्दिरका पुजारी चौधरी (थारू) गुरौ घरका व्यक्ति रहने प्रचलन छ।

## १.११ सिद्धबाबा मन्दिर, सितापुर



सिद्धबाबा मन्दिर, सितापुर, नवलपरासी 'ब.सु.पु.'

मध्यबिन्दु नगरपालिका-३ सितापुरमा अवस्थित यो मन्दिर नवलपरासी (ब.सु.पू.) जिल्लाको सदरमुकाम कावासोतीबाट ज्ञण किलोमिटर दक्षिणमा जङ्गलको छेउमा रहेको छ। यस स्थानमा परापूर्व कालदेखि नै विभिन्न जातिका पुजारीहरूले पूजाआजा गर्दै आइरहेका छन्। पूजाआजा गरिदै आएको यस मन्दिरको ठीक दाहिनेपट्टि छेउमै परापूर्वकालमा एक शिला प्राप्त भएको थियो। तत्कालिन समयदेखि नै शिलालाई सिद्धबाबाको प्रतीक मान्दै आएका स्थानीय थारू समुदायले केही वर्ष पूर्व शिलाकै समीपमा मन्दिर निर्माण गरेको जानकारी यिनका उपासक समुदायवाट प्राप्त हुन आएको छ। शिला प्राप्त गरेको स्थानलाई माथि जस्ताले छोपेर राखेको छ। गाउँमा अनिकाल, हैजा र अनेक संकटहरू आउनुपूर्व यस स्थान वरपर खैजडी, डमरु, डम्फू जस्ता बाजा बजेको आवाज सुनिने तर त्यो बाजा कहाँ बजेको भनेर पत्ता नलाग्ने,



सिद्धबाबा मन्दिरभित्रका विभिन्न देवीदेवताका मूर्तिहरू सितापुर, नवलपरासी 'ब.सु.पु.'




सिद्धबाबा, मन्दिर, सितापुर, नवलपरासी 'ब.सु.पु.'

त्यसो भइरहँदा यस थानमा पूजापाठ गरेमा बाजा बजेको आवाज निस्किन बन्द हुने र गाउँ समुदायमा शान्ति हुने मान्यता रहिआएको छ। सामान्यतया यस स्थानमा प्रत्येक वर्ष वैशाख पूर्णिमामा पूजाआजा हुने र बोका, परेवा, कुखुरा, पाठीको वली दिइन्छ। पुजाको क्रममा सिद्धबाबाको प्रतीकमा गाँजा, धुप, सुपारी, दूध, पाट, ध्यू समेत चढाइन्छ। यस थानमा पहिले गुरुङ, त्यसपछि कुमाल र हाल आएर मगर जातिले पुजारीको रूपमा काम गर्दै आइरहेका छन्। स्थानीय सबै समुदाय यी देवताका उपासक रहिआएका छन्। यस मन्दिरभित्र नै चण्डी, गोसाइँबाबाको समेत स्थापना गरी पुजा गरिदै आएको पाइन्छ। यसैगरी यस थानमा १६ वटा देवीदेवताको भोग लाग्ने गर्दछ। थारू समुदायले यस थानलाई कुमारवर्तीमाईको प्रशाखाको रुपमा समेत मान्ने गरेका छन्।

## १.१२ नन्द भाउजु (नन्दी भौजी) ताल

मध्यबिन्दु नगरपालिका-३ तितौरामा अवस्थित यो ताल कावासोती नगरपालिकाको डण्डाबाट ४ किलोमिटर दक्षिणमा जंगलको बीचमा रहेको छ। यो ताल दुई बिगाहा जमिनमा फैलिएको छ। तालको एक भागमा नन्द र अर्को भागमा भाउजु रहेको मान्यता रहेको छ। मध्यविन्दु नगरपालिकाले हाल यस तालको वरिपरि घुम्न सक्ने बाटो बनाएको छ। यो प्राचीन सम्पदा मानिदै आएको छ। स्थानीय समुदायमा बिहेवारी वा शुभकार्य हुँदा त्यस तालबाट डुंगामा भाँडाकुँडाहरू निस्किने र भोजभतेर सम्पन्न भएपछि उपभोक्ताले भाँडाकुँडाहरूलाई सफासँग माझेर डुंगामा राखेर छोडी दिनुपर्ने चलन थियो। कालान्तरमा गाउँमा बिहेवारी हुँदा त्यस स्थानबाट लिएका भाँडाहरू केही फिर्ता नगर्दा त्यसैबेलादेखि नन्द भाउजु तालबाट भाडा पुनः निस्कन बन्द भएको भन्ने स्थानीयको भनाइ रहेको छ। यस तालमा बाह्रै महिना पानी रहिरहन्छ।



नन्दभाउजु (नन्दी भौजी) ताल, तितौरा, नवलपरासी 'ब.सु.पु.'

## १.१३ दानव बाबा मन्दिर, लुस्लहरी



दानवबाबा मन्दिर, लुस्लहरी, नवलपरासी 'ब.सु.पु.'



दानवबाबा मन्दिरभित्रका मूर्तिहरू, लुस्लहरी, नवलपरासी 'ब.सु.पु.'

मध्यबिन्दु नगरपालिका अन्तर्गत लुस्लहरी गाउँमा पूर्वपश्चिम राजमार्ग अन्तर्गत डण्डा बजारबाट तीन किलोमिटर दक्षिणमा दानव बाबा मन्दिर अवस्थित छ। यस स्थानसम्म पुग्न कच्ची र पक्की सडक संरचना प्रयोग गर्नुपर्ने हुन्छ। यस मन्दिरको निर्माण १५ वर्ष पहिला भएको थियो। मन्दिर निर्माण गर्नुपूर्व यसै स्थानको खाली ठाउँमा पूजाआजा गर्ने गरिन्थ्यो। यसको उत्पत्ति बारेमा खासै जानकारी नभएपनि प्राचीनकालदेखि नै यस स्थानमा पूजाआजा गर्दै आइरहेको स्थानीय मान्यता रहेको छ। सुरुमा सम्पूर्ण नवलपुर क्षेत्रमा भोकमरी र विपत्ति आइलाग्दा गाउँमा आएका एक साधुले यस स्थानमा दानव बाबा नामक देउता रहेका र तिनको पूजाआजा गरेमा समस्यावाट मुक्त हुने कुरा बताएपछि स्थानीय जातिहरूले यस स्थानमा गई पूजा गरेको र भोकमरी एवं विपत्ती हटेको भन्ने किम्बदन्ती रहेको छ। यस सम्बन्धमा यस्तै एक अर्को किम्वदन्ती पनि रहेको छ जस अनुसार यस मन्दिर छेउमा पहिला एउटा पिपलको रुख रहेको थियो र त्यस रुखमा दानव बाबाले बास गर्दथे। दानव बाबासँगसँगै त्यस रुखमा एउटा राक्षस पनि बस्ने गर्दथ्यो। एक दिन त्यस ठाउँ हुँदै गइरहेको सोरठ मरेहरिया (चौकीदार) ले त्यस रुखमा कुरा गरिरहेको आवाज सुने। उसले त्यस पिपलको रुखको फेदमा लुकेर चियो गर्न थाले। त्यसपछि दानव बाबाले त्यस पिपलको रुखलाई राक्षससहित काशी र गया लग्ने र फेरि रुखै सहित त्यस स्थानमा आउनेजाने गरेको कुरा सोरठ मरेहरियाले थाहा पाए। यी देवताका प्रमुख उपासक स्थानीय थारू समुदाय रहेका भए पनि स्थानीय अन्य समुदायले पनि आस्थापूर्वक यिनको पूजाआजा गर्ने चलन रहेको छ।

## १.१४ जखोड मन्दिर, आँपचौर

नवलपरासी (ब.सु.पू.) जिल्लाको सदरमुकाम कावासोतीबाट सात किलोमिटर पूर्व उत्तरमा देवचुली नगरपालिका- १६ अन्तर्गत आँपचौर भन्ने ठाउँमा अवस्थित यस धार्मिक स्थानको प्रारम्भिक अवस्थाको वारेमा जानकारी उपलब्ध हुन सकेन। स्थानीय समुदायले जखोड देवतालाई वर्षा गराउने देवता (जल देवता) को रुपमा मान्दै आएका छन्। किम्बदन्ती अनुसार परापूर्वकालमा पाँच पाण्डवहरू बिहार गर्दै यस स्थानमा पुगेका र भीमसेनले यहाँ भकुन्डो खेलेको र उनले भकुन्डोलाई जोडसँग हान्दा भकुन्डो ठोकिएर यस स्थानमा अडिन पुगेको स्थानीयहरूको भनाई रहेको छ। यसै गरी यस सम्बन्धमा अर्को किम्बदन्ती पनि पाइन्छ जस अनुसार यस स्थानमा द्वापरयुगमा भीमसेनले युद्ध कला सिक्दा गदाको टाउको छुट्टिएर यसै स्थानमा रहन गएको मान्यता रहेको छ। हाल पनि यस स्थानमा भकुन्डो आकारको डल्लोलाई स्थापित गरिएको छ र त्यसलाई पुज्ने गरिएको पाइन्छ। यहाँ गदाको टुक्रा जस्तो डल्लो गोठालाहरूले यस स्थानमा भेट्टाएको भन्ने भनाइ स्थानीय बासिन्दाहरूको रहेको छ। हाल समेत यस डल्लो वा शिलालाई अन्जानमा कुनै व्यक्तिले छोएर उठाएमा सजिलै उचाल्न सक्ने र जानीजानी अथवा हेलचेक्रयाँइपूर्वक उचाल्न खोज्दा उचाल्न नसकिने विश्वास आज पनि रहेको छ। यस स्थानका उपासक र पुजारी चौधरी समुदायकै रहेका छन्। यस स्थानमा वैशाखमा वर्षको एकचोटी जखोड बार्ना वा पूजा गर्ने गरिन्छ। त्यस्तै साउनमा हरेरी बार्ना, मंसिरमा लेरुई बार्ना गरिन्छ। वैशाखमा गहुँवाली भित्र्याएपछि जखोड बार्ना गरिन्छ। जुन पूजा गरिसकेपछि गँहुको भुसा मन्दिरमा बालेर छोडेर जाने चलन छ। हरेरी बार्नामा खेतबारीमा काम नगर्ने र माटो नखेल्ने चलन छ। यस गर्नुको तात्पर्य असार-साउनमा रोपाई गर्नुपूर्व खेत राम्रो होस, समयमा वर्षा होस भन्ने कामना रहनु हो। हरेरी बार्नाका क्रममा मन्दिरमा देवी देवताको प्रतीकमा दूध चढाएर पूजा गरिन्छ। त्यस्तै मंसिरमा खेतीपाती भित्र्याई सकेपछि लेखई पूजा गरिन्छ। त्यसबेला बोकाको वली दिइन्छ। यसका अतिरिक्त जखोड पूजामा यस थानमा रक्सी पनि चढाइन्छ।

## १.१५ चन्द्रहंस खाँड मन्दिर, डण्डा

कावासोती नगरपालिका-१४ मा पूर्व पश्चिम राजमार्गको डण्डा बजारबाट दुई किलोमिटर दक्षिणमा चन्द्रहंस खाँड मन्दिर रहेको छ । चन्द्रहंस खाँडलाई थनेत वंशका चौधरी घरानाका कुल देवताको रुपमा मानिन्छ । प्रत्येक औंशी र पूर्णिमामा यस मन्दिरमा पूजाआजा गर्ने गरिन्छ । चैत्र पूर्णिमा र बडादँशैंमा यहाँ विशेष पूजापाठ गरिन्छ । यसैगरी प्रत्येक पाँच वर्षमा लाग्ने कन्तरी पूजाको बेला देवाली पूजा समेत गरिन्छ । खेतबारीमा नयाँ अन्नबाली पाकिसकेपछि किसानहरूले यस स्थानमा चढाएर मात्रै सो अन्नवाली उपभोग गर्ने परम्परा छ । थनेत थरका व्यक्ति यस मन्दिरका पुजारी हुने चलन रहिआएको छ । धेरै वर्ष पहिले मन्दिरमा पूजाविधिको परम्परा सावधानीपूर्वक अबलम्बन नहुँदा गाउँघरमा आगलागी भएको र आगलागी भएकै ठाउँबाट चन्द्रघण्टा र बन्दहंस खाँड उत्पन्न भई चन्द्रघण्टा देउचुली हुँदै रजहर भन्ने ठाउँमा गएको र चन्द्रहंस खाँड त्यही रहेकोले त्यसै बेलादेखि नै थनेत वंशका चौधरीहरूले आफ्नो घरानाको कुल देवताको रुपमा चन्द्रहंसलाई पूजापाठ गर्न सुरु गरेको भन्ने यिनका उपासकहरूको मान्यता रहेको छ । यस सम्बन्धमा विद्यमान अर्को किम्बदन्ती अनुसार पुर्खाहरूले युद्धमा शत्रुहरू परास्त गर्न यस चन्द्रहंस खाँड प्रयोग गर्ने गरेको यस खाँडलाई जति टाढासम्म पनि तन्काउन मिल्ने र त्यति टाढासम्म फैलिएर शत्रुहरू परास्त गरेर मात्र यथास्थानमा फर्किने गर्दथ्यो भन्ने मान्यता रहेको छ । पहिला यसलाई हतियारको रुपमा प्रयोग गरे पनि यसैलाई दुर्गा माताको रुपमा समेत पूजाआजा गर्ने गरेको पाइन्छ ।



चन्द्रहंस खाँड मन्दिर, डण्डा, नवलपरासी 'ब.सु.पु.'

## १.१६ जितवाहन मन्दिर

मध्यबिन्दु नगरपालिका अन्तर्गत डण्डा बजारबाट (पूर्वपश्चिम राजमार्गवाट) ५ किलोमिटर दक्षिणमा जितवाहन मन्दिर रहेको छ । थारू महिलाहरूले जितिया पर्व मनाउँदा यस थानको पूजाआजा गर्ने चलन छ । जितिया पर्वमा महिलाहरूले एक दिन एक रात उपवास गरेर जितवाहनको पूजा गर्न यस मन्दिरमा आउने गर्दछन् । जितवाहनलाई सूर्य भगवानको पुत्रको रूपमा पूजा गर्ने गरिन्छ । यो मन्दिर विक्रम संवत २०७६ मा निर्माण गरिएको जानकारी प्राप्त हुन आएको छ । यो मन्दिर निर्माण हुनु पूर्व थारू महिलाहरूले घरमै जीतवाहन देवताको पूजा गर्ने चलन रहेको थियो । जीतवाहनकै नामबाट जितिया पर्वको परम्परा चलेको स्थानीय मान्यता रहेको छ । किंवदन्तीअनुसार परापूर्वकालमा राजाले राजकुमारको विवाह गर्नका लागि धान कुटाउन गाउँका प्रत्येक घरमा धान पठाउने गर्दथे । यसरी सबै घरवाट धान कुटेर चामल बनाई दरबारमा पुऱ्याउनु पर्दथ्यो । एक बखत बर्खायाममा राजाले धान कुटाउन गाउँमा पठाएछन् । त्यस गाउँमा एउटा गरिब महिला रहिछन् । उनीकहाँ पनि धान पुग्यो । तुरुन्त धान सुकाउने र कुटेर चामल बनाई दरबारमा पुऱ्याउन उर्दी भयो । गरीब महिलाले बर्खाको समयमा धान सुकाउन नमिल्ने भएकोले कसरी धान कुटेर पठाउँ भगवान भनी बिलौना गर्न थालिन् । सूर्य भगवान् को अनुकम्पाले ती गरीब महिलाको आँगनमा मात्रै घाम झुल्केर धान सुक्यो । अनि चामल राजाकहाँ पठाइन् । साथै ती अविवाहित महिलाले



जितवाहन मन्दिर, कोल्हुवा, नवलपरासी 'ब.सु.पु.'



जितवाहन मन्दिर भित्र स्थापित मूर्तिहरू, कोल्हुवा, नवलपरासी 'ब.सु.पु.'

सूर्य भगवानकै कृपा पाई छोरा पनि प्राप्त गरिन् । उनको त्यो छोरा ज्ञानी, वीर, पराक्रमी भएर आयो । अविवाहित महिलाले छोरा पाएकोमा उनको कुरा ठाउँ ठाउँमा चल्यो र बाबु नभएको छोरा भनी जितवाहनलाई छिमेकीहरूले जिस्क्याउन थाले । छोराले ढिपी गरी आमालाई मेरो बुवा को हो भनी सोध्दा आमाले भोलि बिहान बताउने बाचा गरिन् । भोलिपल्ट विहान उदाउँदो सूर्यलाई देखाउँदै तिम्रो बुवा यिनै हुन भनी बताइन् । त्यसपछि जितवाहन आफ्नो बुवालाई भेट्न निस्के । उनले यसरी जान लागेको देखेर साथीभाइहरूले कहाँ जान लागेको भनी सोधे । प्रत्युत्तरमा जितवाहनले आफ्नो बुवा सूर्यलाई भेट्न जान लागेको जवाफ दिए । उनीहरूले हाम्रा समस्याहरू लगेर सूर्यलाई सुनाइदिनु र उपाय सोधी ल्याउनु भनी जितवाहनसँग मजाक गरेर भने । जितवाहन सूर्य लोक पुगेपछि सूर्यलाई तपाईको छोरा हुँ भनी भने । सूर्यले उनको दुई चोटी परीक्षा लिए । प्रचण्ड गर्मी भएको अग्निले समेत डढाउन नसकेपछि सूर्यले आफ्नो पुत्र स्वीकार गर्नुभयो र अझै वीर, पराक्रमी हुन वरदान दिनुभयो । उनका साथीभाइहरूले सुनाएका समस्याका उपायहरू समेत पत्ता लगाएर फर्के । त्यसैले विवाहिता महिलाले आफ्ना सन्तान वीर पराकर्मी बनून भनेर र अविवाहित महिलाहरूले आफ्ना दाजुभाइहरू वीर पराकर्मी बनून भनी जितिया पर्वमा उपवास बस्ने चलन चलेको हो भन्ने स्थानीय वासिन्दाहरूको भनाई रहेको छ ।

## १.१७ रामजानकी मन्दिर

कावासोती नगरपालिका-१४ (कोटारी मुनी वा जोगीकुटी) को डण्डा बजारबाट दुई किलोमिटर दक्षिणमा अवस्थित यो मन्दिर २०३४/२०३५ सालमा निर्माण गरिएको र सोही समयदेखि यस मन्दिरमा नित्य पूजाआजा चल्दै आएको स्थानीय वासिन्दाहरूको कथन रहेको छ । यस मन्दिरका संस्थापक मानबहादुर थनेत र दुलारी महतो हुनु भएको जानकारी प्राप्त भएको छ । रामनवमी र गुरुपूर्णिमाका अवसरमा यस मन्दिरमा विशेष पूजापाठ गर्न भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ । यस मन्दिरमा शुरुमा विष्णु दास नामक गुरु (पुजारी) ले भारतबाट आएर पुजा गर्ने गरेको र उहाँको देहान्त भएपछि मन्दिरको छेउमै दक्षिणपट्टि उहाँको समाधी बनाई त्यही समाधी माथि उहाँको शालिक निर्माण गरी पूजाआजा समेत गर्ने गरिन्छ । त्यसपछि उहाँका चेला मानबहादुर थनेत (दास) को देहान्तपछि कालीराम महतो दास हाल यस मन्दिरका पुजारी रहेका छन् । पुजारीले साँझ पूजा गरिसकेपछि फलामको घण्टामा हिर्काएर सिताराम सितारामको मिठो धुन निकाल्ने गर्छन् । यस मन्दिरमा स्थानीय बासिन्दाहरू विवाह सम्पन्न गर्न पनि आउने चलन रहिआएको छ ।



रामजानकी मन्दिर परिसरमा रहेको शिवालय, डण्डा, नवलपरासी 'ब.सु.पु.'



रामजानकी मन्दिर, डण्डा, नवलपरासी 'ब.सु.पु.'

## १.१८ माहाराजा थान

कावासोती नगरपालिका-१ मा अवस्थित यो मन्दिर जिल्ला सदरमुकामबाट ६ किलोमिटर उत्तरमा रहेको छ । यो मन्दिर प्राचीनकालमा नै निर्माण गरिएको थियो । यस स्थानमा

माहाराजा र माहारानीको मुख्य मन्दिर निर्माण गरी त्यसभित्र माहाराजा र रानीका दुईवटा शिला (राजाको ठूलो र रानीको अलि सानो आकारको) स्थापना गरी पूजाआजा गर्ने गरिएको छ । यसको साथै यस मन्दिरको वरिपरि शिवालय, गणेश मन्दिर, माहाराजाका बुढा बराजुको मन्दिर, शिरथान कुमारवर्तीमाई र नागदेवताको प्रतीकको रुपमा ठूलो शिलामा समेत पुजापाठ गर्ने गरिन्छ । यस मन्दिरमा भाकल चढाउँदा वा पूजापाठ गर्दा भाकल अनुसार मनोकामना पूरा हुने र निःसन्तानलाई सन्तान प्राप्त हुने विश्वास रहेको छ । भाकल अनुसार प्राप्त भएको सन्तानमा छोरा जन्मिए छोराको नाम माहाराजी र छोरीको नाम माहारजनी राख्ने चलन रहेको छ । यसका साथै कसैको घरमा गाई भैंसी ब्याएको छ भने त्यो व्यक्तिले त्यस्तो गाई भैंसीको दूध ल्याई यसबाट खीर पकाई त्यस स्थान परिसरमा रहेका सम्पूर्ण मन्दिर वा थानहरूमा चढाई पूजापाठ गरी त्यसैलाई प्रसादको रुपमा लैजाने गर्दछन् । यस मन्दिरमा चौधरी थरका पुजारी शिवराज महतो चौधरीले नित्य बिहान बेलुका पुजापाठ गर्ने गर्दछन् । पुजारीले बिहान कुनै पनि भक्तजन वा आस्तिक व्यक्तिले यस स्थानमा पूजापाठ गर्न आउनुपूर्व खोलामा नुहाएर विधिपूर्वक पूजा गरी आफूलाई दिनमा कुनै पनि अदृश्य शक्तिले समस्यामा नपारोस भनी देवीदेवतालाई पुकार्ने गर्छन् र अनि मात्र अन्य पूजा शुरु गर्छन् । यस स्थानका मुख्य उपासक थारू जाति रहे पनि अन्य समुदायका व्यक्तिहरूले समेत आस्थापूर्वक पूजापाठ गर्ने गर्छन् । यस स्थानमा दिनहुँजसो विभिन्न स्थानबाट भक्तजनहरू आएर पुजापाठ गर्ने, भाकल पूरा भएपछि भाकल अनुसार वली समेत दिने गर्दछन् । साथै प्रत्येक औंशी, पूर्णिमा, चैत पूर्णिमा, श्रीपञ्चमी र बडा दशैंमा विशेष पूजाआजा गरिने र भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ । नागपञ्चमीमा यस स्थानमा पञ्चवली समेत दिने चलन रहेको छ । यस स्थान वरपर पहिला थारू जातिहरूको मात्रै बसोबास रहेको थियो भने हाल नयाँ बस्तीको रुपमा यस भित्र मगर, थारू, गुरुङ, ब्राह्मण, क्षेत्री समुदायको समेत बसोबास रहेको छ ।

## १.१९ हात्तीखोजा शिवालय मन्दिर, अभिवन

यो मन्दिर मध्यबिन्दु नगरपालिका-१ (अभिवन) मा अवस्थित रहेको छ । प्राचीनकालमा यसक्षेत्रमा हात्तीहरूको बथानले हिँडेर जाँदा



माहाराजा थान मन्दिर, कावासोती न.पा.-१, नवलपरासी 'ब.सु.पु.'



माहाराजा र माहारानीको शिला, कावासोती न.पा.-१, नवलपरासी 'ब.सु.पु.'




माहाराजा थान, कावासोती न.पा.१, नवलपरासी 'ब.सु.पु.'




माहाराजा थान स्थित बुढाबराजु मन्दिर, कावासोती न.पा.१ नवलपरासी 'ब.सु.पु.'

उनीहरूको खुट्टाले कुल्चिँदा त्यस ठाउँमा पानी निस्केको र त्यसका पाइलालाई थारूभाषामा खोजा भन्ने गरिन्छ । त्यस खोजाबाट निस्केको पानीलाई चुवाडी (कुवा) को रुपमा वा खानेपानीको रुपमा प्रयोग गर्दै आइएको छ । त्यस पाइलाको खोजा माथिपट्टि २ वटा प्वाल रहेको र तिनै प्वालहरूमा पैसा वा भेटी चढाएर मात्रै पहिला पानी पिउने गरिन्थ्यो । हाल त्यस चुवाडीलाई सुरक्षित बनाउनको लागि ट्याङ्की निर्माण समेत गरिएको छ । यस हात्तीखोजाको वरिपरि चारवटा खोलाहरू रहेका छन् र ती खोलाहरूमा पानी बग्दछ । कसैलाई कुनै ठूलो बिरामी परेमा वा घरमा कुनै अनिष्ट हुने डरले भाकल गरी बार्षिक रुपमा आफ्नै गुरुवा (थारू पुजारी) ले पूजा गर्ने र वली चढाउने गर्दछन् । यसो गर्नुलाई 'भुत फ्याँक्ने काम' भनिन्छ । पहिला ती खोल्साहरूका डाँडामा एकजना साधु बस्ने गर्थे र सितिमिति ती साधु देखा पर्दैनथे । यदि गाउँमा केही अनिष्ट हुने संकेत देखियो भने ती साधुले डाँक (डम्फु) बजाउने गर्थे । त्यसपछि गाउँमा शान्ति कायम गर्नको लागि पूजाआजा गर्ने गरिन्थ्यो । यस हात्तीखोजा स्थानलाई संरक्षण गर्ने उद्देश्यले नै यस स्थानमा पछि हात्तीखोजाकै नामबाट हात्तीखोजा शिवालय निर्माण गरिएको छ । शिवरात्रीको दिन यस स्थानमा मेला लाग्ने गर्दछ ।

## १.२० गोसाइँ बाबा



चौधरी मह्, मदनपुर, नवलपरासी 'ब.सु.पु.'



चौधरी मह् भित्रको पृथ्वीको आकृति, मदनपुर, नवलपरासी 'ब.सु.पु.'

मध्यविन्दु न.पा. ८ को चोरमारा बजारवाट १ कि.मि. उत्तर पश्चिममा अवस्थित गोसाइँ बाबा थानलाई वनदेवता वा थारूहरूको पितृदेवताको रुपमा मान्ने चलन रहिआएको छ । यस थानमा गोसाइँ बाबाको मन्दिर निर्माण गरी पूजाआजा गर्ने र भाकल अनुसारको फलप्राप्त हुने जनविश्वासको आधारमा निःसन्तानले सन्तान प्राप्तिको कामना गर्छन् । भाकलकर्ताको भाकल अनुसार सन्तान प्राप्ति भएपछि गोसाइँ बाबाकै नामवाट बच्चाको नामाकरण गर्ने चलन रहिआएको छ । यस थानमा विशेषगरी कृष्णजन्माष्टमीमा पूजापाठ सहित मेला लाग्ने गर्दछ भने वली प्रथा प्रचलनमा रहेको देखिदैन । यसका साथै यस थानमा विवाह ब्रतबन्ध समेत गर्ने गरिन्छ । मुख्य रुपले यस थानका पूजारी र उपासकहरू थारू समुदायका नै रहेका छन् । यस थान वरिपरि ३ वटा पानीका धाराहरू रहेका छन् र यी धाराहरूको नामवाट नै हाल यस थानलाई लोहसे धाराको रुपमा पनि चिन्ने गरिन्छ ।

## १.२१ चौधरी मह्

मध्यबिन्दु नगरपालिका-४ (मदनपुर गाउँ) मा चौधरी मह् निर्माण गरिएको छ । विशेषगरी प्रकृतिको रुपमा पृथ्वी आकारको माटाको ढिस्कोभित्र राखेर मन्दिर जस्तो बनाएर बस्न मिल्ने किसिमका ठाउँमा पूजा गर्ने गरिन्छ । यस स्थानमा विशेषगरी आफ्नो कुल-खलकको सुख-शान्तिको कामना गरिन्छ । यसका साथै यस स्थानमा देवीको पूजा पनि गरिन्छ । विशेषगरी प्रत्येक औंशी, पूर्णिमा र वडादशैंमा यस स्थानमा पूजाआजा गरिन्छ । यस स्थानको पुजारीको रुपमा आफ्नै खलकका एक जनालाई नियुक्त गरिन्छ । चौधरी मह्मा सभा, बैठक बस्ने र विविध छलफलहरू गरी देबीलाई साक्षी मानी विभिन्न समस्याहरूको समाधान गर्ने गरेको देखिन्छ । उक्त बैठक बस्ने चौतर्फी खुला चारपाटे आकारको घर बनाई इसान ठाउँमा सानो कूलदेवीको पूजा गर्ने गरिन्छ ।




थारू राष्ट्रिय संग्रहालय, नवलपरासी 'ब.सु.पु.'

## १.२२ थारु राष्ट्रिय संग्रहालय अध्ययन केन्द्र

थारू राष्ट्रिय संग्रहालय अध्ययन केन्द्र कावासोती नगरपालिका अन्तर्गत डण्डा बजारमा वि.सं. २०६४ सालमा स्थापना गरिएको हो । यस केन्द्रको भवन हाल निर्माणाधीन अवस्थामा रहेको छ । यस संग्रहालयले साढे आठ विघा सरकारी जग्गा चर्चेको छ । यस संग्रहालयभित्र तीनवटा स-साना माथि जस्ताको छत हालेका संरचनाहरू निर्माण गरी एउटामा थारू कल्याणकारी सभाको कार्यालय रहेको छ भने अर्कोमा थारूहरूले प्रयोग गर्ने चीज/वस्तुहरू संग्रहित गरी राखेका छन् । साथै पच्चीस लाख रुपैयाँको लगानीमा एउटा सभाहल बनेको छ । यस संग्रहालयको पूर्ण निर्माण भइसकेपछि सबै जातजातिहरूका भेषभुषा, संस्कृति र ऐतिहासिक चिजवस्तुहरूको समेत संग्रह गरिने कुराको जानकारी थारू कल्याणकारिणी सभाबाट प्राप्त भएको छ ।

### नृत्य

#### मेडरी नाच (थारु नाच)

थारू समुदायमा यो नाच विशेषगरी हरिबोधनी एकादशीका दिन नाच्ने गरिन्छ । यसका अलावा कुनै विशेष अवसरमा बच्चाहरूको मुण्डन गर्दा समेत नाच्ने गरिन्छ । यो नाच विशेषगरी खोला, चउर वा खाली ठाउँमा ठूलाठूला मादल बजाएर नाच्ने गरिन्छ । धार्मिक हिसाबले पनि यो नाच नाचेपछि गाउँमा अनिष्ट हुँदैन भन्ने मान्यता रहेको छ । यो नाच सुरु गर्नुपूर्व कम्तिमा दुई-तीन दिन देखि हप्ता दिनसम्म पनि विशेष पूजा गर्ने चलन छ । नाच नाच्नेहरूले धोती, कुर्ता र आस्कोट लगाउने तथा मादललाई रातो कपडाले बेरेर घाँटीमा झुन्ड्याउने गर्दछन् । यसका साथै एक जना व्यक्ति हनुमान बनेर गदा बोकी काठको रथ बनाएर त्यसमाथि चढी नाचको अग्रपंक्तिमा रहन्छन् र त्यस व्यक्तिले घरीघरी ख्यालठट्टा गरी रमाइलो गर्ने गर्छन् । यसमा मादल, तरवार समेत बोकेर कसैले गाउँने र कसैले नाच्ने गर्छन् । यस नाचमा केटाहरू मात्र सहभागी हुन्छन् ।

#### रसधारी नाच

यसमा एकजना व्यक्तिले मादल (तबला डुगी) बजाएर धार्मिक गीत गाउँछन् र ५/७ जनाको समूहले त्यस गीतलाई पछ्याउने गर्दछन् । यस क्रममा दुईजना व्यक्तिहरू नाच्ने गर्दछन् । पूजापाठ, मृत्युसंस्कार वा क्रियाबाट उम्किने दिन यो नाच नाचिन्छ । यो नाचमा पुरुष मान्छे महिला बनी घाँघर लगाएर नाच्ने गर्छन् । यसका साथै पितृले मोक्ष पाओस् भनी यो नाच नाच्ने गरिन्छ ।

#### जोगेका नाच

यो नाचमा ख्यालठट्टा र मायाप्रेमका गीत गाएर १०/१५ जनाको समूहमा नाच्ने गरिन्छ । यसमा नाच्ने, गाउने, ख्यालठट्टा गर्ने, बाजा बजाउने सबै फरक फरक समूह हुने गर्दछन् । यस नाचमा आधा पुरुष र आधा महिला नाच्ने गर्दछन । महिलाले घाँघर र साडी लगाएर नाच्छन् भने पुरुषले पाइजामा, कुर्ता, सर्ट, पाइन्ट लगाएर नाच्ने गर्दछन् ।

#### झुमरा (रामझुमरी)

यो नाच विशेषगरी रमाइलो वा धार्मिक एवं सांस्कृतिक कार्यक्रमहरूमा नाच्ने गरिन्छ । यस नाचमा पुरुष र महिला दुवै नाच्ने गर्छन् । यस नाचको बीच भागमा मादल बजाउने व्यक्ति र त्यसको वरिपरि दुईजना व्यक्तिहरू नाच्ने गर्दछन् । महिलाले यस नाचमा घाँगर लगाउने र पुरुषहरू आफ्नै पहिरनमा सजिएका हुन्छन् । यो नाच धेरै मनोरञ्जनात्मक किसिमको हुन्छ ।

### प्रमुख संस्कार

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका थारू समुदायका संस्कारहरू वीच धेरथोर समानता रहेको भएता पनि नवलपरासी 'ब.सु.पु.' जिल्लाका थारूहरूका केही संस्कार (न्वारन, चुडाकर्म, विवाह र अन्त्येष्टी) मा केही विशिष्टता रहेको पाइन्छ । अतः यहाँका थारू समुदायका उक्त संस्कारहरूको संक्षिप्त प्रस्तुति देहाय अनुसार गरिएको छ ।

#### न्वारन विधि

थारू समुदायमा छोरी जन्मेमा आफ्नो गुरौकहाँ गएर पोथी कुखुरा चढाउनु पर्ने तथा छोरा जन्मिएमा भाले कुखुरा र एक बोतल रक्सी चढाउनुपर्ने परम्परा छ । यसरी गुरौलाई कुखुरा र रक्सी चढाउनुलाई "फुल टेकाउन" भन्ने गरिन्छ । फुल टेकाउनको प्रक्रिया शिशु जन्मेकै दिन सम्पन्न गरिन्छ । नवजात शिशुको न्वारन जन्मेको घ, छ, ठ, ढ वा ज्ञज्ञ औं दिनभित्र गर्नुपर्ने चलन रहेको छ । यहाँ थारू समुदायमा 'न्वारन' गर्नुलाई 'उठौनी' भन्ने गरिन्छ । नवजात शिशु जन्मेको बेजोडी दिनमा मात्र उठौनी

सम्पन्न गरिन्छ । उठौनी गर्ने दिनमा सबेरै घर-आँगनलाई लिपपोत गरी कुलदेवतालाई आह्वान गर्ने परम्परा छ । सुत्केरीले इनार वा धारामा सिन्दुरको टिका लगाई घरभित्र सुनपानी छर्केर शुद्धीकरण गर्ने गरिन्छ ।

थारू समुदायमा अन्य समुदायको जस्तो शिशुको पास्नी एवं जन्मोत्सव गर्ने प्रचलन थिएन । तर अचेल अन्य समुदायको प्रचलनको प्रभाव यस समुदायमा पनि छिटफुट परिरहेको देखिन्छ ।

### चूडाकर्म

थारू समुदायमा छोरा जन्मिएको दोस्रो वा तेस्रो महिनामा हजामलाई घरमा बोलाएर शिशुको कपाल खौरिने काम गरिन्छ । कपाल खौरिने कामलाई थारूभाषामा मुडौनी भनिन्छ । मुडौनी गरिसकेपछि हजामलाई दानदक्षिणा दिने परम्परा छ ।

## विवाह

पहिले-पहिले थारू समुदायमा कुनै महिला गर्भवती भएमा अन्य छिमेकी गाउँमा पनि गर्भवती अवस्थामा रहेकी महिलाको पहिचान गरी ती दुई परिवारबीच बच्चा नजन्मदै दुवै महिलाबाट विपरित लिङ्गी सन्तान जन्मेमा ती दुईबीच विवाह गर्ने, दुवैबाट छोरा-छोरा नै जन्मेमा ती दुईबीच मीत लगाउने र छोरी-छोरी मात्र जन्मेमा मितिनी लगाउने परम्परा रहेको थियो । हाल यो चलन लोपोन्मुख छ ।

विवाहको पहिलो चरणमा घरबार हेर्ने गरिन्छ, जसलाई घर 'देखासुनी' भनिन्छ । यस चरणमा केटी पक्षका आफन्तहरू केटाको घरमा जान्छन् र घरबार हेर्ने गर्छन् । दोस्रो चरणलाई 'घरदेखुवा' वा 'थारबाँड्ने' भनिन्छ जसमा छोरी लिने दिने पक्का भएपछि केटीपक्षले केटाको घरमा गई खाना खाने गरिन्छ जसलाई 'साइनो जोड्ने' भनिन्छ । यसै दिनमा बिहेको तिथिमिति समेत निश्चित गरेर फर्किने चलन छ जसलाई 'थारबाँड्ने' भनिन्छ । त्यसपछि पुनः केटा पक्षकोमा केटी पक्षका इष्टमित्र, आफन्त, नाता, कुटुम्बका पुरुषहरू भोज खान जाने र भोज खाई सकेपछि केटी पक्षका आफन्तहरूलाई केटा पक्षले सौगात स्वरुप नगद दिएर पठाउनुपर्ने चलन थियो । जुन सम्भ्रान्त परिवारले मात्रै गर्नसक्थ्यो । कसै कसैले केटा पक्षकोमा तीनपात सम्म खाने शर्तमा मात्रै छोरी दिने चलन थियो जसमा माछा र खसीको मासु दिनुपर्ने चलन थियो । हाल यो चलन हटिसकेको छ । विवाहको तिथिमिति अनुसार विवाह सम्पन्न गर्न केटा पक्षबाट तीन वा पाँच जना व्यक्तिहरू दुलही लिन जाने तर दुलाहा घरमै बस्ने गर्थे । जन्ती गएका व्यक्तिहरूले दुलही लिएर फर्केपछि दुलहीलाई गृह प्रवेश गराउन पूर्व विवाहको पुरा विधिविधान पुरागरी सिन्दुर, चुरा, पोते, गरगहना लगाएर कोलुमा राख्ने मुसल (मुसरा) लाई हातमा लिएर बाहिरबाट दुलही र भित्रबाट दुलहा सजिएर बाहिर आउने र त्यसपछि मुसललाई धातुको भाडामा आगो बालेर त्यसमा तोरी वा तिल छरेर निस्केको धुँवामा दुलहाको आमाले मुसललाई छोएर घुमाउने चलन थियो । मुसल घुमाउँदा विधिपूर्वक मन्त्रोच्चारण गर्ने परम्परा रहेको छ । यसो गर्दा दुषित तत्वहरू नाश हुने मान्यता रहेको छ । अन्तमा दुलही गृह प्रवेश गर्न लाग्दा दुलाहाको बहिनी ढोकामा उभिने चलन छ जसलाई 'गजवार छेक्ने' भनिन्छ । त्यसपछि दुलाहाले बहिनीलाई उपहार (सौगात) दिएर दुलहा/दुलही गृह प्रवेश गर्छन र विवाहको विधि सम्पन्न भएको मानिन्छ ।

## मृत्यु संस्कार

थारू समुदायमा कुनै व्यक्तिको मृत्यु भएमा लासलाई घाटमा जलाउने गरिन्छ । यस कार्यलाई 'साह जोड्ने' भनिन्छ । बुबाको मृत्यु हुँदा जेठो छोराले मात्र किरिया बस्ने र आमाको मृत्यु हुँदा कान्छो छोराले मात्र किरिया बस्नु पर्ने चलन रहेको छ । किरियामा बसेका बाहेकका भाइहरूले किरिया अवधिमा नुन बार्ने गर्छन् तर आमाको किरिया अवधिमा किरियामा नबसेका भाइहरू समेतले दूध र फलफूल समेत बार्ने र बुवाको किरिया अवधिमा सबै भाइहरूले दही बार्ने परम्परा छ । थारू भाषामा किरिया बस्नुलाई 'उत्रीबोक्ने' र किरिया पुत्रीलाई 'उत्रीबोक्लाह' भनिन्छ । मृतक पुरुष भएमा १२ औं दिनमा र महिला भएमा १३ औं दिनमा शुद्धि गरिन्छ । किरिया अवधिमा किरियापुत्रीले सेतो बस्त्र धारण गर्ने र लोटालाई समेत सेतो बस्त्रले बेर्ने गर्छन् । किरिया बस्दा पिपल, काप्रो, वा कटहरको रुखमा टुँइया (घैंटी) झुण्ड्याइन्छ । टुँइयामा प्वाल पारी बिहान बेलुकी नुहाइ एघार दिनसम्म किरियापुत्रीले त्यसमा पानी भर्नु पर्ने हुन्छ । बाह्रौं दिनमा त्यस टुँइयालाई निकालेर पिण्ड दिने ठाउँमा लगेर छोडिन्छ । यसो गर्नुको अर्थ पितृले त्यस भाँडोलाई जल पिउने प्रयोजनको लागि प्रयोग गरोस् भन्ने धारणा राख्नु हो । पिण्ड दिने बेला बाह्रौं दिनसम्म किरियापुत्रीले तीनधागे जनै लगाउँछ र पुरोहितबाट कर्मकाण्ड विधि अन्तर्गत किरिया कर्म सम्पादन गरिन्छ । पितृलाई पिण्ड दिँदा रक्सी चढ्दैन । पिण्डदान गरेर आएपछि घरको ढोका अगाडि 'कानकाठ' उतार्ने गरिन्छ । यस क्रममा मीठा-मीठा परिकार बनाई घरको ढोका अगाडि राखिन्छ । त्यसै ठाउँमा बन्चरो र बहिङ्गा (समान बोक्ने बाँसको भाँटा) मा टेकेर कानकाठ उतार्ने गरिन्छ । कानकाठ उतार्दा

पानीको लोटा र रक्सीको लोटालाई उत्रीबोक्लाहको टाउको माथिबाट पछाडिपट्टि फाल्ने गरिन्छ । कानकाठ उतार्ने बेला एकजना परिवारजनका मान्छेले किरियापुत्रीलाई 'कानकाठ उत्रल' भन्छ । त्यसपछि किरियापुत्रीले 'उत्रल' भनेपछि मात्रै रक्सी र पानी त्यो ढोका अगाडि राखिएका परिकारहरूमा फाल्ने गर्छन् । यो कार्य किरियाको अन्तिम दिनमा गरिन्छ ।

किरियापुत्रीले मान्छे मरेको १२ औं दिनमा कपाल खौरने र पिण्ड दिने काम गर्दछ । किरियाबस्दा वा बरखी बार्दा देवी देवताको थानमा जान मिल्दैन । बरखी बारेको मान्छेले बरखी अवधिमा नङ, दाह्री, जुँगा र कपाल काट्न नहुने परम्परा छ ।

# अध्याय - दुई

## चितवन जिल्लामा रहेका थारू सांस्कृतिक सम्पदाहरू

## पृष्ठभूमि

### चितवन जिल्ल्लाको सामाजिक संरचनामा थारू जाति (विगतदेखि वर्तमानसम्म)

#### मध्यकालमा चितवनको प्रशासनिक, सामाजिक र आर्थिक अवस्था

मध्यकालमा चितवन विभिन्न राज्यहरू कर्णालीको खस राज्य, तिरहुत राज्य, काठमाडौंको मल्ल राज्य, विशाल पाल्पा राज्य तनहूँ राज्य आदि अन्तर्गत रहे तापनि स्थानीय जनप्रतिनिधिले सम्पूर्ण काम गर्ने हुँदा प्रशासन व्यवस्थामा चितवनको आफ्नै मौलिकता रहिरह्यो । विशेषत: त्यस बखतको चितवनको प्रशासनमा सेन राज्यहरूकै प्रभाव परेको थियो किनभने राजपुरसम्म सेन राज्यको प्रभुत्व कायम भएको हुँदा करिब चारै दिशातर्फ सेन राज्यहरू थिए । राजाको प्रत्यक्ष निगरानीमा शासन हुने गरेको थियो । पाल्पा र तनहुँका सेन राजाहरूले हिउँदका महिनाहरूमा देवघाट र चितवनका विभिन्न स्थलहरूमा बसेर काम गर्ने गर्थे । अन्य देशहरूबाट हुन सक्ने आक्रमण रोक्न यहाँ विभिन्न गढी र किल्लाहरू निर्माण गरी व्यारेक चौकी आदि कायम गरिएको थियो । पाल्पा र तनहुँका राजाहरूले चितवनमा आफ्नै परिवारभित्रबाट एकजना प्रशासक नियुक्त गर्थे । राजाले तोकेको प्रतिनिधि अन्तर्गत रहेर चितवनका गुरौ, चौधरी, कानगोय, मिझार आदिले तिरोभरो उठाउने, जग्गा आवाद गराउने, रोगव्याधिबाट जनतालाई बचाउने, झै-झगडा मिलाउने काम गर्ने गर्थे । तनहूँका राजाले चितवनमा विचित्र सेनलाई प्रशासनिक जिम्मेवारी सुम्पेको पाइन्छ । जिल्लाका निश्चित मौजा-मौजामा कर सङ्कलन गर्न विशेष गरी ठेक्का दिने गरिएको पाइन्छ । जागिरदारलाई नगदको सट्टा खेतवारी दिएर त्यसबाट हुने आम्दानी खान भनिएको पाइन्छ । उच्च स्तरका राष्ट्रसेवकहरूलाई विर्ता जग्गा दिई सबै कर माफ गर्ने गरिन्थ्यो । मध्यकालमा फौजदार शब्द पनि प्रयोग भएको पाइन्छ । फौजदार भनेका जिल्लाको सबै काम गर्ने हाकिम हुन् ।

मध्यकालमा चितवनको सामाजिक अवस्थाको चित्रण गर्दा थारूको नाम अग्रपङ्क्तिमा आउँछ । प्राचीन समयदेखि चितवनमा थारूको बसोवास भएको बहुसंख्यक लेखकहरूले स्वीकार गरेका छन् । घाम, पानी, जङ्गली जनावरको प्रकोप, औलो पचाएका थारू समुदाय निश्चय पनि यहीका धर्तिपुत्र हुन् । माटो, जङ्गल, जीवजन्तुको समीप्य उनीहरूलाई ज्यादै मन पर्छ । थारू चितवनका सबैभन्दा पुराना वासिन्दा भएको मानिन्छ । त्यस बाहेक दराई, चेपाङलाई पनि पुराना बासिन्दा मानिन्छ ।

तत्कालिन राजा पृथ्वीनारायण शाहले वि.स. १८३७ मा भगवन्त नाथलाई मण्डल्याई दिन गरिएको लालमोहरमा थारू, कुमाल, माझी, चेपाङ आदिको नाम रहेको छ । यसबाट यी जाति नेपालको पुराना बासिन्दा भएको मान्न सकिन्छ । पृथ्वीनारायण शाहका समयदेखि कोतपर्वसम्मको अवधिमा चितवनमा बसोवास गरिरहेका जातिहरू मध्ये सबभन्दा बढी थारू समुदायको संख्या रहेको थियो । त्यसबेलाका थारूका मुख्य बस्तीहरू मधुवनी, दद्रेनी, बेलौट धनौजी, बसहट्टा, मेघौली, वनकटवा, चैनपुर, चमरौली, बघौडा, गर्दी, पिपरिया, बडगाउँ, म्हा, चित्रसारी, झुवानी आदि भएको पाइन्छ । ढ◗ी र जङ्गलले छोपेको, हिंस्रक जनावरको अतिक्रमण, प्रचण्ड गर्मी, औलोको प्रकोपसँग मुकाविला गरेर चितवनमा थारू समुदाय बसिरहेको थियो । यो वनजङ्गल, पशुपालन र खेतीपातीमा असाध्यै रमाउने समुदाय हो । चितवनको प्रगन्ना, कछार र पहाडी भागमा फाटफुट अरू पहाडिया जातिहरू गुरुङ, मगर, ब्राह्मण, क्षेत्री, आदि पनि बस्ने गरेको पाइन्छ । स्थानीय तहको प्रशासनमा करिव ९० प्रतिशत थारू र १० प्रतिशत अरू जातिका थिए । चितवनको थारु समुदायमा गुरौको ठूलो महत्व थियो । आफ्नो-आफ्नो क्षेत्रमा अलग-अलग गुरौ चौधरी आदि हुने गर्थे । गुरौको काम पूजाआजा, धामीझाँक्री र जडिबुटीको औषधी बनाई जनताको संरक्षण गर्ने थियो । समाजमा जात अनुसारका चाडपर्व, जीवन-पद्धति थियो । समाजका सवै समुदायका मानिसले बहुदेवतावादलाई अङ्गीकार गरेको देखिन्छ । त्यसबेलाका प्रमुख तीर्थस्थलहरू गोद्धक, देवघाट, त्रिवेणी, आदि थिए भने सोमेश्वर, विक्रमबाबा, भोजवाबा, चित्रसारी, कङ्कालीमाई आदिमा पर्वअनुसार पूजाआजा गर्ने गरेको पाइन्छ । स्थानीय प्रशासन कर सम्बधी काम गर्नका लागि चौधरी, मोकदम, महतो, धामित्रा, मुखिया, मिझार, आदि नियुक्त गरिएको हुन्थ्यो ।

राणाशासन कालको पूर्वार्धमा चौधरी, मोकदम, महतो आदिलाई गाउँ मौजा स्तरको प्रशासनको काम सुम्पिएको देखिन्छ । चौधरी एउटा पद हो । चौधरीले प्रगन्नाका निश्चित मौजाभित्र राजस्व सङ्कलन गर्ने जनताका पिरमर्का सरकारी निकायमा पुऱ्याउने र सरकारका निर्णय, घोषणा, नीति आदि आ-आफ्नो क्षेत्राधिकारभित्र कार्यान्वयनका लागि रैतीसँग आह्वान गर्ने गर्थे । आफ्नो

क्षेत्राधिकार भित्रका स-साना झगडा मिलाउने र गाउँस्तरको कर सङ्कलनको जिम्मेवारी महतोलाई दिने गरेको पाइन्छ । मुखियाले पनि गाँउस्तरको कर सङ्कलन गर्ने जिम्मेवारी पाएका हुन्थे । जिमिदारलाई सहयोग गर्न पटवारीको व्यवस्था गरिएको हुन्थ्यो । यो पद प्रायः स्थानीय व्यक्तिलाई दिने गरिन्थ्यो । पटवारीले महिनामा १ पटक मौजा घुम्नु पर्थ्यो । यसको उद्देश्य राजस्व समयमै उठाउनु, अवलोकन, मूल्याङ्कन र जमिनको लगत राख्नु थियो । पटवारीले आफ्नो एरिया छोडेर हिँड्न पाउँदैनथे । उनी बाहिर जानु पर्दा वडाहाकिम वा मालका सुब्बाको स्वीकृती लिनु पर्ने व्यवस्था थियो । पटवारीले राजस्व सङ्कलनको १५ प्रतिशत वा १ रूपैयाँमा १५ पैसा कमिसन प्राप्त गर्थे । चौधरी र पटवारी एउटै परिवारको हुन नपाउने व्यवस्था थियो । यसो गर्नुको उद्देश्य राजस्व हिनामिना हुनबाट रोक्नु हो । जिमिदार पटवारीले राजस्व सङ्कलनबाहेक अरू काम पनि गर्नु पर्थ्यो । उनीहरूले वन, काठ, भन्सारसम्बन्धी काम गर्ने कर्मचारीलाई सघाउनु पर्दथ्यो, सीमा सुरक्षामा ध्यान दिनु पर्थ्यो, ग्रामीण क्षेत्रमा शान्ति सुरक्षा विगार्ने, झगडा गर्ने मानिसहरूका गतिविधिहरूको निरीक्षण गर्ने, महामारी र प्राकृतिक प्रकोपका समयमा पीडितहरूलाई सहयोग गर्ने आदि पनि उनीहरूको काम थियो । राजस्व सङ्कलन अपेक्षित रूपमा हुन नसकेमा, गत सालको राजस्व रकम सरकारी कोषमा दाखिला गर्न नसकेमा, जनताका लागि बाँधपैन बनाएर बस्ती राम्रो गराउन नसकेमा त्यस्ता चौधरीलाई हटाएर अर्को योग्य जिमिदारलाई चौधरीमा नियुक्त गर्न सकिने सरकारी आदेश रहेको पाइन्छ । समाजका नायकका रूपमा चौधरी थिए । सानातिना झगडाको छिनोफानो उनीहरूले नै गर्ने गर्थे । एउटा मौजा भएकालाई जिमिदार भनिन्थ्यो भने पाँच मौजा भएकालाई चौधरी भनिन्थ्यो । जिमिदार र चौधरीको मुख्य काम मालपोत उठाएर राजश्व अ•ामा दाखिला गर्नु थियो ।

राणाशासन कालको अन्तिम समयतिर चौधरी र जिमिदारले उठेको मालपोतको ५ प्रतिशत प्राप्त गर्थे । उनीहरूले सरकारी सूचना जनतालाई सुनाउने, कर्मचारीलाई रसद पानी उठाउने, रसद पानी उठाएर स्थानीय जनतालाई बोक्न लगाई उपरदाङ पुऱ्याउने, सामाजिक गुठीको रूपमा धरम भकारी तयार गर्ने, जनता प्राकृतिक प्रकोपमा परे भने सरकारलाई जानकारी गराई स्वीकृत लिएर जनतालाई मालपोत माफी गर्ने आदि काम गर्थे । उनीहरूले चितवनमा उत्पादन भएको तोरी र तोरीको तेल बोकाएर काठमाडौंको राजदरवारमा पुऱ्याउनुपर्थ्यो । प्रधानमन्त्री जुद्धशमशेरले वि.सं. १९९७ तिर जिमिदारी र पटवारी प्रथामा केही सुधार गरे । उनले किसानले कर तिरिरहँदासम्म कसैको जग्गा नखोस्नु भन्ने आदेश दिएका थिए । कर भने कडाइकासाथ उठाउन पटवारी र राजस्व कार्यालयलाई निर्देशन दिएका थिए । काममा ढिलासुस्ती गर्ने कर्मचारी कार्यवाहीमा पर्नेछौ, कुनै पनि जमिन सरकारको स्वीकृति बेगर भोगचलन गर्न पाइने छैन, यस विषयमा विगतका निर्णयलाई मान्यता दिइने छैन, अब विन्तीपत्रका आधारमा छुट हुने छैन, कुत असुल गर्दा अनिवार्य रूपमा रसिद लिनुपर्नेछ । जिमिदार र पटवारीले रसिद दिन आनकानी गरेमा कडा कार्यवाहीमा पर्नेछन् । आवश्यकताअनुसार कुलो बाँधको प्रवन्ध गर्नु, तोकिएको दस्तुर नतिरेसम्म जग्गा खरिदविक्री गर्न पाइने छैन, भन्ने जस्ता विषयहरू वि.सं. १९९७ सालको सरकारी आदेशमा समावेश भएका थिए । राणाशासनकालमा आर्थिक कारोवार अत्यन्त कडा थियो । जङ्गवहादरको वि.सं. १९१३ मा तराइको जिल्लाको लागि तयार गरिएको सवालमा उल्लेख भएअनुसार करें रैती (कर तिर्ने व्यक्ति) भागेर मोगलान गयो र उसँग मालपोत तथा अन्य रकम सरकारले लिनु बाँकी देखियो भने सो रकम रैतीको जायजेथा लिलामबाट समेत पुगेन भने मौजाभरको मोकदमले तिर्ने र प्रगन्ना पूरैको बाँकी छ भने चौधरीले तिरेर पुरा गर्नुपर्ने कानुनी व्यवस्था थियो । त्यसै कागजमा किस्ता बमोजिम दामकाम पूरा गर्ने मुकदमको अदलीबदली नगर्ने भनी लेखिएको छ । राणा शासनकालमा चितवनको थारू समुदायमा गुरौको नाम विशेष उल्लेखनीय देखिन्छ । माडी क्षेत्रका प्रख्यात गुरौ थोतु गुरौ थिए भन्ने स्थानीय भनाइ छ । अर्को बेलौदका रसु गुरौ थिए । यी दुवै तान्त्रिक विद्यामा निपुण थिए । स्थानीय प्रशासनमा समय अनुसार गुरौको नाम पनि अग्र पंक्तिमा आउँछ । रसु गुरौ ढुङ्गामा चढेर चुरे र महाभारत पहाडमा आवागमन गर्थे भन्ने किम्बदन्ती छ । माडी गर्दीका गुरौलाई सरकारबाट लालमोहर प्राप्त भएको कुरा गर्छन् तर लालमोहर अर्केले लगिसकेको पाइयो । विशेषतः गुरौहरूलाई प्रगन्ना आवाद गराउने, रोगव्याधि उपद्रवबाट जनतालाई बचाउने जिम्मेवारी दिइएको पाइन्छ । गुरौ पनि प्रगन्ना स्तरीय, गाउँ स्तरीय र घरघरमा पूजा गर्ने घर गुरौ गरी तीन किसिमका पाइन्छन् । हरेक थारू समुदायले पुजाआजामा प्रकृति र गन (पितृ) देवतालाई प्रमुख मान्छन् । आदिकालदेखि नै गुरौलाई पुजाआजाको जिम्मेवारी दिइएको थियो । विशेषतः गुरौले महामारी रोक्न, खडेरी परिरहे वर्षा गराउन, पूजाआजा गर्ने गरेको पाइन्छ । भोजबाबा र विक्रमबाबा दुवै शक्तिशाली तन्त्रमन्त्रमा पोख्त भएका थारू थिए । थारूहरू विक्रमबाबा नै विक्रमादित्य राजा थिए भन्छन । थारू समुदायका गीतहरू महाभारत युद्धमा थारूहरूले पाण्डवहरूलाई सहयोग गरेको विषयसँग सम्बन्धित छन् भन्ने गर्छन् । थारूहरूलाई जमिनको हक दिइएको पाइन्छ । जग्गामा उनीहरूको हक आवादी थियो । उनीहरूले जग्गा बदलेर आवाद गर्न सक्थे ।

## चितवनमा थारू जातिको इतिहास

वास्तवमा चितवन थारूहरूकै पुरानो बस्ती हो । राणाकालमा सरकारी कागजातहरूमा सबै जसो जिमिदारमा थारूहरूको नाम नै उल्लेख गरिएको पाइन्छ । थारूहरूको सघन बस्ती मेचीदेखि महाकालीसम्म तराईको उत्तरी र चुरे-महाभारत पर्वतको बीचमा रहेको देखिन्छ । चितवन पनि यस्तै भूभाग हो जहाँ थारूहरूको बस्ती छ । उनीहरू वैशाली गणराज्य र लुम्बिनीको शाक्य वंशकै शासनकालदेखि चितवन जस्तो भू-भागहरूमा बसोवास गरेका हुन सक्छन् । यिनीहरू यो वा ऊ धर्म भनी धर्मलाई बढी महत्व दिदैनन् तर भूत, प्रेत, झारफुकमा बढी जोड दिन्छन् । उनीहरूको पूजा गर्ने शैली पूर्ण रूपमा प्रकृतिसंग सम्बन्धित हुन्छ । मठ, मन्दिरमा विश्वास गर्दैनन् । प्राकृतिक वस्तुहरूको पूजा गर्ने प्रकृतिपूजकका रूपमा उनीहरू देखिन्छन् । चितवनमा रहने थारूहरू विभिन्न थरका छन् । जस्तैः रजपुत (राना), बातर, खौसिया, वोट, महाउतो, मर्दनिया, बाँढ, रसुनाहा आदि । थारू भूमिपुत्र हुन् त्यसकारण उनीहरूको मुख्य पेसा खेतीपाती नै हो । यस जातिमा जाँड-रक्सी खाने चलन छ । थारूहरू सकभर आफ्नो जात थारू बाहेक अरूमा विवाह गर्दैनन् । यिनीहरू आफ्नी स्वास्नी लैजानेबाट जारी पनि लिन्छन् । लत्ता कपडामा त्यति महत्व नदिने यो जाति तराईको भूमिको संरक्षक हो । घर व्यवहारमा पुरुषभन्दा महिलाको भूमिका बढी हुन्छ । हात, गोडा र छातीमा गोदान गर्नु वा खोपाउनुलाई महिलाले आफ्नो श्रृङ्गार सम्झन्छन् ।

राणाकालीन चितवनमा थारूहरूका मुख्य वस्ती भएका प्रगन्ना चितौन, बेलौद, माडी गहिवाड, हुन् ती भू-भागहरूमा थारूको सङ्ख्या अझैसम्म पनि बढी नै छ । अहिले थारू चितवनका मुख्य वस्तीहरू गर्दी, बघौडा, शुक्रनगर, जगतपुर, पटिहानी, गीतानगर, दिव्यनगर, मेघौली, शारदानगर, मंगलपुर, खैरहनी, कुमरोज, बछ्यौली, पदमपुर, कठार आदि हुन् ।

राणाकालमा थारू समुदायमा गुरौको नाम विशेष उल्लेखनीय भएको पाइन्छ । गुरौको मुख्य काम ओखतीमुलो र पूजाआजा गर्नु हो । थारूहरूमा घर गुरौ, टिकायत गुरौ र मूल गुरौ गरी तीन तहका गुरौ हुने गरेको पाइन्छ । घरघरमा गएर पूजा गर्नेलाई घर गुरौ भनिन्थ्यो । प्रगन्ना स्तरको पूजा गर्नेलाई टिकायत गुरौ र गाउँस्तरीय पुजारीलाई शेभानीया गुरौ भनिन्थ्यो भन्ने पाइन्छ । मूल गुरौ भनेका जिल्लाभरिका गुरौका प्रमुख भन्ने बुझ्नुपर्छ । मूल गुरौ तन्त्रमन्त्र र पूजाआजामा निपुण हुन्थे । थारूका पाँच प्रगन्नाका अलगअलग देउता थिए र चितौन प्रगन्नाका चित्रसेन, बेलौदका विक्रमबाबा, माडीका सोमेश्वर कालिका, कालाबजारका भोजबाबा, टाँडी प्रगन्नामा देवौलीगढको कालिका ब्रह्मस्थान रहेको पाइन्छ । यसबाहेक उनीहरू आफ्ना पितृदेवता (गन) को पूजा ढुङ्गा राखी देवता स्थापना गर्छन् । सबै पूजाविधि प्रकृतिसँग सम्बन्धित भएको पाइन्छ । कुनै पनि रोगव्याधिबाट मुक्त हुन, पानी पार्न गुरौ बोलाएर पूजा गर्ने चलन थियो र छ । उनीहरू देवी मान्छन्, शिव मान्दैनन् र गुरौलाई नै शिवको रूपमा पूजा गर्ने गरेको पाइन्छ । यसबाहेक बाघ, मुसा, भुसुना, माई, गाई, नदी आदिको पनि पूजा गर्ने गरेको पाइन्छ । माघे संक्रान्ति उनीहरूको सबैभन्दा महत्वपूर्ण पर्व हो, जुन पर्वलाई खिचरापर्व भनिन्छ । उनीहरूको अत्यधिक मनोरञ्जनात्मक चाड फागुपूर्णिमा पर्छ । उनीहरूको नाचमा लट्ठीनाच प्रमुख मानिन्छ ।

## चितवनमा औलो उन्मूलन अभियान

घना जङ्गल, पातलो बस्ती, प्रचण्ड गर्मी, लामखुट्टेको प्रकोपका कारणले चितवन औलोको गोलो, कालापानी आदिका नामले परिचित थियो । चितवनको पहाडी भाग (१६ हजार चितवन पछिको विभाजन अनुसार) बाहेक अरू प्रगन्नामा थारू, दराई, माझ बाहेक अरूको स्थायी बसोबास ज्यादै कम थियो । राणाकालको अन्ततिर भने अरू जातिका केही महत्वपूर्ण कर्मचारी र केही साहसी व्यक्तिहरूले लालमोहरबाट जग्गा प्राप्त गरी चितवनमा ज्यादै कम सङ्ख्यामा बसेको देखिन्छ । उनीहरू पनि हिउँदका महिनामा मात्र यहाँ बस्ने गर्थे । राणाकालमा अपराधीलाई दण्ड दिनका लागि चितवनको जङ्गलमा लगेर छोडिन्थ्यो । उदाहरणको लागि प्रधानमन्त्री जङ्गबहादुरले आफू र आफ्ना भाइहरूको हत्या गर्ने योजना बनाएको भनी सन् १८४५ को नोभेम्बरमा कप्तान भोट सिंह र उनका भाइलाई चितवनको जङ्गलमा पुर्‍याएर त्यहीं छोड्ने आदेश दिए । औलोले गर्दा भोटु सिंह र उनका भाइहरूको त्यही नै मृत्यु भएको थियो । औलोकै गोलो भएको हुँदा चितवनलाई म्भबतज ख्र्बिथ भनिन्थ्यो । चितवनलाई देखाउँदा समेत हातको औंलो झर्छ भन्ने भनाइ पहाडतिर प्रचलित थियो । यो कालापानीको नामले परिचित चितवनमा बस्ती बसाउन राणा प्रधानमन्त्रीहरूले प्रयास गरेको देखिन्छ । प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले चितवनमा गएर बाँझो जग्गा आवाद गरी बसोबास गर्नेलाई बढीमा ७ वर्षसम्मको कर मिनाह गर्ने घोषणा गरेका थिए । अर्का सुधारवादी राणा प्रधानमन्त्री चन्द्र शमशेरले चितवनमा गएर बसोबास गर्ने दासदासी आफ्नो मालिकको बन्धनबाट मुक्त हुनेछन्, उनीहरू मालिकको घरमा फर्किन पर्नेछैन भन्ने घोषणा गरेका थिए । तर औलोको प्रकोपले गर्दा उनीहरू चितवन जानुभन्दा मालिकको घरमै रहेर काम गर्नु, दासदासी भइरहनुलाई श्रेयस्कर सम्झन्थे । प्रधानमन्त्री चन्द्र शमशेरले चितवनमा औलो कसरी नियन्त्रण गर्न सकिन्छ भनी प्रयास गरेका

थिए । उनकै मागअनुसार ब्रिटिस-भारत सरकारले डा.फिलिपको नेतृत्वमा चितवनको औलो प्रकोपको अध्ययन गर्न एउटा विशेषज्ञ टोली नेपाल पठाएको थियो तर औषधी तथा अन्य उपकरणको अभावले गर्दा यो अध्ययन अपूरै रह्यो । त्यसपछि अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेरको समयमा स्वीटजरल्याण्डका औलो विशेषज्ञहरू नेपाल आए । यो सन् १९४९ को कुरो हो । त्यसपछि सन् १९५२ मा सयुक्त राज्य अमेरिकाको एस.वी.एम. एफ. ले नेपालमा औलोको अध्ययन गर्ने द्यम्ऋ नामक संस्था खोल्यो । सन् १९५३ देखि विश्व स्वास्थ्य सङ्गठन (ध्ज्इ) ले नेपालमा औलोको अध्ययन गर्न विशेषज्ञहरू पठायो । चितवनको औलो र रोगव्याधि सम्बन्धमा जनकलाल शर्माले राप्ती उपत्यका नामक पुस्तकमा लेख्नुभएको छ । "रापती उपत्यकामा लामखुट्टेको धेरै प्रकोप छ । त्यसैकारण यहाँको मुख्य रोग औलो जरो वा मलेरिया हो । धेरै मानिसको मृत्यु यसै रोगबाट हुन्छ । यहाँका आदिवासीले यो औलो केही मात्रामा पचाएका छन् । चितवनमा पनि खास औलोको गुंड कालावजार थियो । मलेरिया बाहेक हैजा वा माइको प्रकोप पनि प्रतिवर्ष आइलाग्छ । माडी प्रगन्ना बाहेक प्राय: सबै ठाँउमा गलगण्ड वा गाँड हुने रोग र बहिरो अपाङ्ग हुने जस्ता रोग पनि निकै देखिन्छ । गलगण्ड रोग लोग्ने मानिसमा भन्दा स्वास्नी मानिसमा अधिक देखिन्छ ।

## चितवनका थारू सम्पदा

### २.१ सोमेश्वर गढी

सोमेश्वर गढी चितवन जिल्ला अन्तर्गत माडीको दक्षिणी-पश्चिमीतर्फको चुरे पर्वतमालामा पर्छ यो पूर्व-पश्चिम फैलिएको सबभन्दा उच्च भाग समुद्री सतहदेखि ८६७ मिटरको उचाइमा अवस्थित छ । पर्साको ठोरी त्रिवेणीको वाल्मीकि आश्रमसम्म नेपाल-भारत सिमानामा रहेको पिल्लर ४१ देखि ४६ सम्म सोमेश्वर गढी अवस्थित छ । सीमा स्थलको रूपमा रहेको सोमेश्वर पहाडमा आदिवासी थारूहरूको पवित्र स्थल कालिका देवीको थान रहेको छ । वि.स. २०१४ मा बस्ती विस्तार भएपछि यस ठाउँको महत्व अझ बढेर गयो । नेपाल र भारतका विभिन्न स्थानबाट भक्तजन पूजा गर्न आउने यस पौराणिक स्थलका धार्मिक पर्यटन प्रवर्द्धन गर्ने मुख्य आधारहरू ढुङ्गाका शिलालेख, पौराणिक ईट्टा तथा थुप्रै पुरातात्विक वस्तुहरूको संरक्षण गर्नुपर्ने देखिन्छ । धार्मिक र सामरिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण स्थान सोमेश्वर कालिका वसन्तपुर बजारदेखि १० कि. मी. दक्षिणमा पर्दछ । प्राचीन समयमा ऋषिमुनिहरूले तपस्या गर्ने यस तपोभूमि सोमेश्वर गढी वर्तमान समयमा नेपाल सरकारले देशभरिमा छनौट गरेका १०० गन्तव्यमा सूचीकृत भएको छ । वन्यजन्तु र चरा अवलोकन गर्न सकिने पर्यापर्यटनको केन्द्र माडीमा धार्मिक पर्यटन प्रवर्द्धनमा सोमेश्वर कालिकाले एउटा ईट्टा थपेको छ । माडी नगरपालिकाको दक्षिणतर्फ नेपाल-भारतको सीमा नजिक स्तम्भ नं. ४५ नजिकै पर्ने सोमेश्वर गढीमा पानीको अभाव भएपछि नेपाली सेना उपरदाङ गढी गएर बसेको कुरा इतिहासमा उल्लेख भएको छ । सामरिक दृष्टिले महत्वपूर्ण यो गढी लिच्छवीकालमा भारतसँग व्यापार गर्ने नाकाको रूपमा प्रख्यात थियो । स्थानीय जनताको सक्रियतामा सोमेश्वर क्षेत्रमा निर्माण गरिएको मूर्तिको फूलवारी अद्‌भूत कलाकारिताको नमुना देख्न सकिन्छ । रक गार्डेनमा भएका ढुङ्गाको आकारअनुरूप कुँदिएका विभिन्न स्वरूपका सजीव चित्रहरूले पर्यटकलाई थप उत्सुकता प्रदान गरेका छन् ।

माण्डव्य ऋषि, शिव, गणेश, पार्वती, विष्णु, शङ्ख, चक्र, मुशल, नेपालको चित्र, झन्डा आदि अनेक रूपका मूर्तिहरू तथा बाहुवली झरना नजिक निर्माण गरिएका कुण्ड, चौतारी, प्रतीक्षालय आदिले सोमेश्वर गढीको सौन्दर्य वृद्धि गरेका छन् । दशगजा क्षेत्रमा पर्ने सोमेश्वर कालिकालाई ऐतिहासिक रूपमा थारू समुदायले ढुङ्गाको स्वरूपमा पूजा गर्दै आएकोमा हाल उक्त ठाउँमा मन्दिर निर्माण गरेपछि भारत तथा नेपालका विभिन्न स्थानका भक्तजनहरू दर्शन गर्न आएको देखिन्छ ।



थारू भेषभूषा सहितको ऐतिहासिक सोमेश्वर गढी प्रवेश द्वार, माडी, चितवन

यस स्थानमा सोमनाथ कालिकाको उत्पत्ति सम्बन्धमा यथेष्ट सूचना उपलब्ध हुन सकेको छैन । जे होस्,



सोमेश्वर गढीमा रहेको कालिका मन्दिर, चितवन

परापूर्वकालदेखि नै यस स्थानमा पूजाआजा चल्दैआएको यिनका उपासकहरूको मान्यता रहेको छ। जंगली जनावरहरूबाट रक्षा गर्न र विभिन्न रोग व्याधिबाट जोगाउनको लागि तन्त्रमन्त्र विधिबाट यस स्थानमा थारू समुदायले संसारी पूजा गर्ने प्रचलन यद्यापि विद्यमान छ। जेष्ठ शुक्लपक्षको जुनेली रातमा यस स्थानमा पूजाआजा गर्ने गरिन्छ। यस पूजालाई 'जेठौती पूजा' भन्ने गरिन्छ। यसै गरी यस स्थानमा प्रत्येक पाँच वर्षमा ठूलो पूजा लाग्दछ। जसलाई 'कन्तरी पूजा' भनिन्छ। कन्तरी पूजाको क्रममा यस स्थानमा पञ्चवली (पाडो, बोका, भेडा, परेवा, कुखुरा आदि) चढाउने परम्परा छ। यस भेगका विभिन्न स्थानहरूमा सदियौंदेखि सोमशवर कालिका थानहरू रहेका छन् तर भिन्नाभिन्नै थानहरूमा बलि पूजा र भोग चढाउने विधिहरू भने भिन्न-भिन्न प्रकारका छन्। सांस्कृतिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिने यस स्थानको पर्यटकीय महत्व उच्च रहेको छ। यस थानका गुरौ नै भारतको विहार राज्य अन्तर्गत चम्पारणमा अवस्थित सोमेश्वर थानका पनि गुरौ हुने परम्परा छ।

यी देवीका प्रमुख उपासकहरूको रुपमा थारू समुदाय नै रहेका छन्। केही दशक पूर्वसम्म चितवन जिल्लाभित्रका देउचुली, मोतीनगर, भगौलीगढमा समेत सोमेश्वर कालिकाको पूजाआजा हुने गर्दथ्यो तर हाल यी ठाउँहरूमा पूजाआजाले निरन्तरता पाएको देखिँदैन।

यस किल्लाबाट दक्षिणतर्फ भारतको रामनगर र उत्तरतर्फ माडी उपत्यका देखिन्छ। यस गढीको बाटो भएर प्राचीन समयदेखि नै व्यापार चल्थ्यो तर गढीको निर्माण भने पाल्पाका राजा मुकुन्दसेन प्रथमको समयमा बनेको अनुमान गर्न सकिन्छ। पछि तनहुँका राजाले त त्यहाँ दरबार नै बनाएका थिए भन्ने इतिहासविदहरूको भनाइ रहेको छ। आफ्नो राज्य गुमाएपछि तनहुँका राजा हरकुमारदत्त सेन सपरिवार केही समय सोमेश्वर गढीमा बसेका थिए र त्यहीबाट रामनगरतर्फ लागेका थिए। यो गढी अहिले भग्नावशेषमा परिणत भएको छ। अङ्ग्रेजहरूसँगको विवाद कम हुँदै गएपछि किल्लाको त्यति महत्व पनि रहेन, साथै रसद पानीको असुविधाले गर्दा नियमित रूपमा त्यहाँ बसिरहन त्यति सम्भावना पनि थिएन।

यस गढीका भग्नावशेषहरू अवलोकन गर्दा किल्ला कुदिएका ढुङ्गाले बनेको देखिन्छ। यो गढी चितवनका अरू गढीहरू जस्तो फराकिलो देखिदैन। यो ८ कुने वा ८ पाटा भएको गढी हो। यसको आकार कस्तो थियो अहिले भन्न सकिदैन। गढीको पूर्वी-उत्तरी भागमा ५, ६ मिटर गहिरो र ४-४ मिटर घेरा भएको वर्गाकार पक्की ईनार छ। कसैले यसलाई हवनकुण्ड पनि भन्ने गर्छन्। किल्लाको भग्नावशेष भएकै स्थानमा पूर्वतर्फ थारूहरूकी ईष्टदेवी सोमेश्वरी कालीका मन्दिर छ। कालिका मन्दिरमा गुरौले पूजाआजा गरिसकेपछि तत्काल वर्षा हुन्छ भन्ने स्थानीयवासीहरूको भनाइ छ। किल्लादेखि केही पूर्वी भागमा एउटा ठूलो ढुङ्गा खोपेर बनाएको डुँड छ। त्यसलाई प्राचीन समयमा गुरौले चलाएर



सोमेश्वर गढीमा रहेको वली चढाउने ठाउँ, चितवन



सोमेश्वर गढी स्थित होम कुण्ड, , चितवन



सोमेश्वर गढीमा अवस्थित डुङ्गा आकारको ऐतिहासिक ढुङ्गा, चितवन

महाभारत पर्वत र चुरे पर्वत सोमेश्वरमा आउने जाने गर्थे भन्ने थारू समुदायको भनाइ छ । गुरौले आफ्नो तान्त्रिक शक्ति प्रयोग गरेर यो पत्थरको डुङ्गा चलाउँथे भन्ने रमाइलो कथा सुन्न पाइन्छ ।

सोमेश्वर गढी क्षेत्र व्यापारिक मार्ग थियो । त्यहाँ चौकी राखेर कर समेत असुल्ने गरिन्थ्यो । प्राचीन समयमा काठमाडौंबाट टिस्टुङ्ग, पालुङ्ग, हेटौंडा, चितवन हुँदै सोमेश्वर भएर भारतको पटनासँग व्यापार हुने गर्दथ्यो । सोमेश्वर चौकीमा भन्सार महसुलसमेत सङ्कलन हुने गर्दथ्यो । त्यसबेला चितवन भारत-तिब्बतबीचको मध्यस्थ व्यापार सञ्चालन गर्ने कडीको रूपमा थियो । सोमेश्वर गढी क्षेत्रका सोमेश्वरी कालिका र शिवालिङ्गलाई अहिलेसम्म पनि एउटा शक्तिपीठको, रूपमा लिने र पूजाआजा गर्ने गरिएको छ ।

## २.२ मेघौली

नेपालमा सर्वप्रथम जङ्गल सफारीको सुरुवात गर्ने टाइगर टप्स जङ्गल लज (सुरुको नाम टाइगर टप्स हन्टिङ्ग कम्पनी) को प्रवेशद्वार मेघौली भरतपुर चौबिसकोठीदेखि २५ कि.मी पश्चिमतर्फ वडा. नं. २७ मा पर्दछ । विश्वसम्पदा सूचीमा सूचीकृत चितवनको राष्ट्रिय रापती तथा नारायणीले घेरिएको सुन्दर पर्यटकीय नगरी मेघौली आदिवासी थारू समुदायको प्राचीन वस्ती हो । प्राकृतिक र सांस्कृतिक सम्पदाको अनुपम साम मेघौली पर्यापर्यटनको प्रमुख गन्तव्य हो ।

भरतपुर महानगरपालिकाको नं. १ गन्तव्य मेघौलीमा पर्यटकीय विमानस्थल पनि रहेको छ। यसै गरी मठ, मन्दिरमा मूर्ति पूजाभन्दा प्राकृतिक पूजामा रमाउने थारू समुदायले ढुङ्गालाई मूर्तिको स्वरूपमा पुज्दछन् सोही ढुङ्गाको स्वरूपमा रहेको थारू समुदायको प्राचीन धार्मिक स्थल ब्रह्मस्थान, मेघौली प्रवेशद्वारदेखि १ कि.मी. उत्तर पश्चिम तीनकुलेमा रहेको छ । वर्षा राम्रो होस् बालीनालीमा किरा, रोग नलागोस्, मानव, पशुपंक्षी सबैको रक्षा होस् भनी ब्रह्मबाबाको पूजा गरिन्छ । गाउँबाट टाढा पिपल वा बेलको बोटमुनि पूजा गरिने यस्ता पवित्र स्थानहरूले सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दछन् ।

## २.३ पटिहानी

भरतपुरदेखि १६ कि.मी. दक्षिण वडा नं. २२ मा पर्ने पटिहानी क्षेत्र नेपाल सरकारद्वारा सूचीकृत गरिएका १०० औं गन्तव्य अन्तर्गत पर्दछ । निकुञ्जको गोही प्रजनन केन्द्र, रापती नदी एवम् सामुदायिक वनका क्रियाकलापहरूले बाह्य पर्यटकहरूलाई आकर्षित गर्न सफल यस क्षेत्रमा निर्मित ४५० ओटा फाइवरका रंगीन छातामुनि १२० मी. पैदल यात्रा हुने अम्ब्रेला स्ट्रिटले आन्तरिक पर्यटकलाई मुग्ध बनाएको छ । थारू संस्कृतिले सम्पन्न पटिहानी क्षेत्रमै अवस्थित कमलपोखरी थप आकर्षणको केन्द्र भएको छ । पोखरीमा तैरिएका विभिन्न प्रजाति वा रङ्गीविरङ्गी कमलका फूलहरूले पर्यटकलाई आनन्द प्रदान गर्दछ । यहाँ सहज पहुँच एवम् सुविधा सम्पन्न होटल तथा रिसोर्ट जस्ता आवास सुविधा उपलब्ध छ । यसै गरी वडा नं. १३ मा रहेका सीतामाई, सामुदायिक वन तथा बाटुली पोखरी थप आकर्षण हुन् ।

## २.४. कसरा (गोही प्रजनन केन्द्र तथा विक्रमबाबा)

चितवन राष्ट्रिय निकुञ्जभित्र रापती नदीको किनारमा अवस्थित गोही प्रजनन केन्द्र महानगरको प्रमुख पर्यटकीय गन्तव्य हो । विश्वमा अति दुर्लभ प्रजातिमा पर्ने घडीयाल गोही प्रजनन केन्द्र नेपालकै प्रमुख आकर्षण हो । यस प्रजनन केन्द्रमा हुर्काएका गोहीहरू रापती तथा नारायणी नदीमा छोडिन्छन् । राणाकालीन संग्रहालय एवम् जैविक विविधताको अध्ययन केन्द्र कसरा संसारभरि नै प्रख्यात छ ।

यसै गरी आदिवासी थारू समुदायको पवित्र धार्मिक स्थल विक्रमबाबाको दर्शन गर्न देशका विभिन्न जिल्लाबाट लाखौं भक्तजन आउँदछन् । विशेष गरी चैते दशैमा भक्तजनको घुइँचो लाग्ने विक्रमबाबा सन्तान प्राप्ति एवम् सुख समृद्धिको आशीर्वादका लागि प्रख्यात रहेको छ । भरतपुरदेखि २२ कि.मी. दक्षिणमा पर्ने यो पर्यटकीय गन्तव्य भ्रमण गर्ने पर्यटकलाई पटिहानी तथा जगतपुरका सुविधा सम्पन्न होटल तथा रिसोर्टहरूले सेवा प्रदान गर्दै आएका छन् । रापती नदीको पुलबाट देखिने सूर्यास्त अवलोकन, रङ्गीविरङ्गी माछाहरू, विभिन्न प्रजातिका चराचुरुङ्गी तथा पुतलीहरू, दुर्लभ वन्यजन्तु यहाँका पर्यटकीय आकर्षण हुन् ।

## २.५ सिमरी टाउन

सिमरी टाउनको दियालो, देवीस्थान, हिराकुञ्ज, जोगीकुटी, बर्दाहा र नारायणी मध्यवर्ती सामुदायिक वन, निकुञ्जको दृश्य, जङ्गलसफारी, ज्याफ्टिङ्ग जस्ता आकर्षणदेखि होमस्टेको बसाइले पर्यटकलाई भरपुर आनन्द प्रदान गर्दछन् । देवघाट त्रिवेणीधाम जलयात्रा अन्तर्गत विश्राम स्थलको रूपमा उपयुक्त सिमरी टाउन क्षेत्रमा स्थानीय संस्कृति तथा खानाहरू पाइनुका साथै गुम्बा, मन्दिर, दुर्लभ वन्यजन्तु तथा चराचुरुङ्गी, गोहीको अवलोकन गर्न सकिन्छ । समुन्द्र सतहबाट करिब २२९ मी. उचाइमा अवस्थित सिसइमा रहेको थारू सांस्कृतिक संग्रहालय अर्को आकर्षक सम्पदा हो । थारू समुदायको परम्परागत ज्ञान, सीप तथा संस्कृति संरक्षण मार्फत राष्ट्रिय सांस्कृतिक विविधताको संरक्षण तथा विकासमा टेवा पुयाउने उद्देश्यले स्थापित भरतपुर महानगरपालिका वडा नं. २६ अन्तर्गत पर्ने यस संग्रहालयमा करिव २१७ प्रकृतिका ऐतिहासिक वस्तुहरूको संग्रह गरिएको छ । वि.सं. २०६० सालमा स्थापना गरिएको यस संग्रहालयले आदिवासी थारू समुदायको जीवन्त संस्कृति प्रदर्शन गर्दछ । जल तथा स्थलमार्गबाट सजिलै पुग्न सकिने गाजीपुर सिमरी टाउन क्षेत्रमा थारू होमस्टे साधारण होटल तथा रेष्टुरेन्टहरूको सुविधा छ ।

## २.६ चित्रसारी

रत्ननगर टाँडी बजारदेखि ४ कि.मी. दक्षिण वडा नं. ८ मा पर्ने चित्रसारी ऐतिहासिक महत्वको धार्मिक स्थल हो । चित्रसेन राजाको राजधानी चित्रसारीमा रहेको यस मन्दिरलाई पिपलको जराले ढाक्दै गएको छ । यहाँ निर्माण गरिएका शिव-पार्वतीको मन्दिर, चित्रसेन राजाका ४ दाजुभाइको प्रस्तर चिह्नहरू, हात्ती, घोडा, ऊँट आदि जनावर तथा चराचुरुङ्गीका आकृतिहरूले ऐतिहासिकपन झल्काएको देखिन्छ । आदिवासी थारू समुदायको पुण्यभूमि चित्रसारी मन्दिरमा ठुली एकादशीमा पूजा आजा गर्ने हाटवजारको रूपमा मालसामान खरिद-बिक्री गर्ने गरिन्थ्यो । दैवी आस्थाको स्थल चित्रसारीलाई चितवन जिल्लाका अन्य धार्मिक तथा ऐतिहासिक स्थलहरूसँग समन्वय गरी धार्मिक परिपथमा समेटेर प्रवर्द्धन गरे ओझेलमा परेको यो ऐतिहासिक स्थलले धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ । विशेष गरी सौराहा आउने पर्यटकलाई यस मन्दिर परिसरमा पुऱ्याएर चितवनको इतिहास वृत्तचित्र आदिका माध्यमवाट यहाँका ऐतिहासिक सम्पदावारे जानकारी गराउन सकिन्छ ।

चितवन जिल्लाको रत्ननगर नगरपालिका-८ मा अवस्थित यस थानमा सौराहा चोकबाट दक्षिणमा ४ किलोमिटर पक्की सडक हुँदै पुग्न सकिन्छ । यस स्थानलाई थारू भाषामा चित्रसारी भनिन्छ । अरु जातिले चित्रसारी शब्दलाई अपभ्रंश गरी चित्रसेन भन्न थालेको थारू समुदायको भनाइ रहेको छ । चित्रसेन एक साधक थिए । उनी चित्तलको छालामा बसेर योग र ध्यान गर्ने गर्दथे । साथै आफ्नो योगबलका शक्तिले चित्तलको छालालाई आकाशमा उडाउन सक्थे । आफ्नो जीवनको उत्तरार्धमा पुगेपछि योगबल




चित्रसेन बाबा मन्दिर, चितवन



चित्रसेन मन्दिर (चित्रसारी), टाडी, चितवन

र साधनको कारणले उनले देवत्व प्राप्त गरेका थिए भन्ने स्थानीय चौधरी लगायत अन्य समुदायहरूको कथन छ। स्थानीय समुदायका अनुसार चित्रसेनकै नामबाट यस ठाउँको नाम चितवन रहन गएको हो।

चित्रसारी थान रहेको ठाउँमा हाल मन्दिर निर्माण गरी दैनिक पूजापाठ गर्ने गरिन्छ। यस स्थान वरिपरि गणेश मन्दिर र शिवालय निर्माण गरिएका छन्। यी मन्दिरहरूका पुजारी थारू समुदायकै महतो जातिका व्यक्ति हुने परम्परा छ। चित्रसेन मन्दिरमा वर्षमा दुईपटक जेठ र मंसिरमा विशेष पूजा गर्ने गरिन्छ। विशेष पूजाका अवसरमा पूजा अर्चनाको साथै पशुवली चढाइन्छ। प्रत्येक पाँच वर्षमा यस स्थानमा पञ्चवली समेत दिने चलन छ। पहिला यस स्थानमा राँगा वली दिइन्थ्यो भने हाल त्यो प्रथा हटेर बोका वलीमात्र दिइन्छ।

मानवीय दुःख-कष्टबाट मुक्ति पाउन र सुखशान्ति कायम रहोस् भनी यस थानमा पूजाआजा गर्ने चलन रहेको छ। यस थानको आफ्नै दुई बिघा चार कट्ठा १८ धुर जमिन रहेको छ। यी देवताको प्रमुख उपासक विशेषगरी थारू समुदाय रहेको पाइन्छ।

## २.७ कठार

पर्सा बजारदेखि ३ कि.मी. दक्षिण खैरहनी नगरपालिका वडा नं. १० र ११ अन्तर्गत पर्ने सुन्दर पर्यटकीय स्थल कठार चितवन राष्ट्रिय निकुञ्ज, रापती नदी तथा कुमरोज जस्ता अद्वितीय मनोरम सम्पदाले घेरिएको छ। कुचकुचे, कण्टेश्वरी र देवीस्थान सामुदायिक वनले पर्यटकहरूको मन लोभ्याउँदछ। कुल २७७ हेक्टर क्षेत्रफलमा फैलिएका सामुदायिक वनको सौन्दर्य नै कठारको मुख्य आकर्षण हो। सौराहादेखि सयौं सङ्ख्यामा पर्यटकहरू जिप सफारीका लागि यस क्षेत्रको भ्रमण गर्दछन्। दुर्लभ वन्यजन्तु तथा चराचुरुङ्गी अवलोकन, रापती डेकमा साइकल यात्रा, मचान स्टे, डुङ्गा सयर, हात्ती सयर, थारू संस्कृति अवलोकनले पनि यहाँको पर्यटकीय महत्वलाई अझ बढाएका छन्। हात्तीसार, टावर, पदमार्ग, पोखरी, ग्रासल्याण्ड जस्ता पर्यटकीय पूर्वाधारको विकास भएको यस क्षेत्रमा सामुदायिक वनभित्र रहेको चिसापानीपार्क पर्यटकलाई थप मनोरञ्जन प्रदान गर्ने गन्तव्य बनेको छ। थारू समुदायद्वारा आदिवासी मध्यवर्ती सामुदायिक होमस्टे सञ्चालन गरिएको कठारमा यातायात तथा होटल रेष्टुरेन्टहरूको सुविधा उपलब्ध छ।

## २.८ भीमवली बाबा

चितवन राष्ट्रिय निकुञ्जको बीचमा रहेको पुरानो पदमपुरमा स्थानीय आदिवासीहरूद्वारा पूजा अर्चना चढाइँदै आएको प्राचीन भीमवली बाबालाई पदमपुर स्थानान्तरणसँगै कालिका नगरपालिका वडा-४ (पिपरिया) मा सारिएको हो। यो ऐतिहासिक मन्दिर खोलेसिमलबाट २ कि.मी. उत्तरमा पर्दछ। विभिन्न आकारका प्रस्तरलाई भीमवली बाबाको स्वरूपमा पूजा गर्दा आफ्ना समस्याहरू समाधान हुने जनविश्वास रहेको छ। यसै गरी खोलेसिमलबाट ५ कि.मी दूरीमा वडा-५ अन्तर्गत स्थानीय जनताले अर्को भीमवली बाबाको मन्दिर स्थापना गरेका छन्। भीमवली, शिव, गणेश, ब्रह्मस्थान, गढीमाई, दुर्गाको मन्दिर, हनुमानको मूर्ति, हवन यज्ञशाला, सत्तल, चौतारीहरू निर्माण गरिएको १३ कट्ठामा फैलिएको यो क्षेत्र मन्दिरहरूको पार्क जस्तै शोभायमान देखिन्छ।



भीमबली बाबा मन्दिर, पुरानो पदमपुर, चितवन



भीमबली बाबाको मूर्ति, पुरानो पदमपुर, चितवन

भरतपुरदेखि यस थानसम्म पुग्न कच्ची र पक्की बाटो भएर जानुपर्दछ। पाण्डवहरूले कौरवहरूमाथि विजय हासिल गर्नको लागि पातालवासिनी "अछावर देवी" को भाकल गरी यस थानमा वली चढाएका थिए। यसक्रममा पाण्डवमध्येका भीमले "अछावर देवी" लाई प्रसन्न तुल्याएकाले यस स्थानको नामाकरण 'भीमवली' रहन गएको भन्ने किम्बदन्ती छ। स्थानीय उपासकहरूका अनुसार भीमले यस ठाउँमा आई तपस्या समेत गरेको मानिन्छ। यस स्थानमा उनी ध्यान मुद्रामा लीन भएको बेलाको शिला (मूर्ति) स्थापना गरी त्यसमा पूजा गर्ने परम्परा थियो। सोही स्थानमा भीमवली बाबाको मन्दिर समेत निर्माण गरिएको छ।

भीमको शिला स्थापना गरिएको स्थान नजिकको समुदायमा कालान्तरमा बाघ आतङ्क हुन थाल्यो। सरकारले समेत बाघ आतङ्क नियन्त्रण गर्न शिकारी पठाएकोमा शिकारीहरूले बाघमार्दा जति बाघ मारेतापनि त्यस समुदायमा झन् बाघ आतंक बढ्दै गयो। कतैबाट पनि बाघ आतङ्क नियन्त्रण गर्न नसक्ने भएपछि त्यसै स्थानका एकजना थारू गुरौले सरकारसँग बाघ नियन्त्रण गर्नसक्ने जानकारी पठाए। सरकारकै प्रतिनिधिहरूको उपस्थितिमा गुरौले विसासौ (१२० वटा) बाघहरूलाई तान्त्रिक विधिबाट एकत्रित गराए। ती बाघहरूलाई खोरमा थुन्ने आग्रह गरे। खोरमा थुन्दा पनि बाघ आतङ्क शान्त नभएपछि पदमपुर स्थित हरदाकुवाँर भन्ने ठाउँमा खाल्डो खनेर सबै बाघहरूलाई बन्द गरियो। ती बाघहरूमध्ये एउटा बघिनी गर्भिणी थिइन्। ती बघिनीबाट जन्मेका बाघ-बाघिनीबाट नेपालमा रहेका सबै प्रजातिका बाघहरू बिस्तारित भएका हुन् भन्ने स्थानीय थारू समुदायको मान्यता रहेको छ। उक्त घटनापछि सरकारले ती गुरौका शाखा सन्तानहरूलाई मुग्लान (भारत) बाट झिकाई बिर्ता जमिन्दार र लालमोहर दिएर बसाएको हो भन्ने स्थानीयको भनाइ रहेको छ।

भीमवली बाबा थान (मन्दिर) मा अचेल दैनिक पूजापाठ गर्ने गरिन्छ। भाकल अनुसार वली चढाउने काम समेत हुने गर्दछ। विशेषगरी वैशाख शुक्ल पञ्चमी र बडादशैंमा यस स्थानमा मेला लाग्ने र भक्तजनहरूले पूजापाठ गर्ने तथा वली समेत चढाउने काम गर्छन्।

प्रत्येक पाँच बर्षमा यस स्थानमा कन्तरी पूजा दिने चलन रहेको छ। कन्तरी पूजाको बेला पञ्चवली राँगा, बोका, परेवा, कुखुरा, कालो बंगुर आदि वली चढाइन्छ। कालो बंगुरको वली मुसहर जातिले मात्रै दिने चलन छ।

मुख्यतया यी देवतालाई थारू समुदायले महत्वका साथ माने पनि स्थानीय सबै जातजातिले पनि उच्च आस्थापूर्वक यिनको पूजाआजा गर्ने चलन छ। यस स्थानमा पूजापाठ गर्दा मनोकामना पूरा हुने मान्यता रहेको छ। पशुपंक्षी, मान्छे वा सरसमान हराएमा यी बाबाको पूजापाठ गरेमा भेटिने विश्वास यिनका उपासकहरूमा रहेको छ। भीमवली बाबाको उत्पत्ति पुरानो पदमपुर (रापतीपारि बाँसको घारीमा) भएको भएतापनि थारूहरूले बसाइँ सर्ने क्रममा नयाँ पदमपुरमा उक्त शिलालाई पुनर्स्थापना गरी सोही सिलसिलामा पूजाअर्चना गर्दै आएका छन्। यस मन्दिर वरिपरि संसारीमाई, समय बाबा, ब्रह्म बाबा, नाग बाबा, मलेडबाबा र चुरियामाईको समेत स्थापना गरी पूजाआजा गर्ने गरिन्छ।

## २.९ भोजराज बाबा

भरतपुर महानगरपालिका-२७ बुद्धनगरमा अवस्थित भोजराज बाबाको स्थान चितवन जिल्लाको सदरमुकामबाट २८ किलोमिटर पश्चिममा रहेको छ। यस स्थानसम्म आइपुग्नको लागि पक्की सडकको सुविधा रहेको छ। केही दशक पूर्वसम्म रूखको फेदमुनि भोजराज बाबाको थान रहेको थियो। हाल सो ठाउँमा मन्दिर निर्माण गरिएको छ। विगतमा यस स्थानमा थारू गुरौहरूबाट पूजा चढाइने परम्परा रहेकोमा हाल ब्राह्मण पुजारीबाट पूजा लगाइने व्यवस्था गरिएको छ। बाह्रौं शताब्दीमा पाल राजाहरूको शासनकालदेखि देशमा भूमिसुधार योजना लागु नहुँदासम्म चितवन जिल्लाभरी चौधरी समुदायको स्थानीय प्रशासन र जग्गा प्रशासनमा आदिमा प्रभाव रहेको थियो। चितवन जिल्लाभरीको जमिनमा कर लगाउने, संकलन गर्ने अख्तियारी लालमोहर मार्फत चौधरी समुदायले प्राप्त गरेका थिए।

सातौं शताब्दीदेखि नै चितवन क्षेत्रमा थारूहरूको बसोबास रहेको थियो भन्ने थारू समुदायको दाबी रहेको छ। सुरुदेखि नै थारू जातिहरू जंगलको छेउमा खर बाँसको घर बनाउने, खेतीपाती गर्ने, जंगली जनावरसँग लड्ने भिड्ने र आखेट गर्ने गर्दथे। चितवन जिल्लालाई नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाहको शासनकालमा पाँचवटा प्रगन्ना (क्षेत्र) मा विभाजन गरी प्रत्येक प्रगन्ना सञ्चालनको जिम्मेवारी चौधरीलाई दिइएको थियो। शुरुमा थारू समुदायले मान्ने देव-देवी एउटै प्रकृतिका थिए तर कालान्तरमा विभिन्न प्रगन्नाहरूमा फरक-फरक देवीदेवताको पूजा गर्ने चलन बढ्न थाल्यो। थारूहरूले प्रकृति पूजालाई विशेष महत्व दिने गरेको पाइन्छ।

भोजराज बाबा थारू समुदायकै व्यक्ति थिए। भोजराज बाबाका दाजुको नाम भरथरी थियो। भरथरी सानैमा भाइ भोजलाई राजा बनाएर आफु सन्यासी भएका थिए। त्यसताका बिक्रमबाबा भोजराज बाबाका छिमेकी राज्यमा शासन गर्थे। बिक्रमबाबाका सात

भाई छोराहरू थिए । उनीहरू आचरणहीन, पथभ्रष्ट र विवेकहीन भएकाले शासन चलाउन योग्य थिएनन् । त्यसैले बिक्रमबाबाले आफ्नो स्वर्णनिर्मित राजसिंहासनलाई जमिनमुनि गाडी आफू सन्यासी भए । उनी सन्यासी बनेपछि राजा भोजराजले बिक्रमबाबाका सातवटै छोराहरूलाई परास्त गरी जमिनमुनि गाडेका स्वर्णिम सिंहासनलाई उत्खनन गरी त्यसैमा विराजमान भई शासन चलाउन खोजे तर जति पटक प्रयास गर्दा पनि सिंहासनमा आरूढ हुन सकेनन् । उनलाई सपनामा दैवीय शक्ति प्राप्त गर्ने व्यक्तिले मात्रै सिंहासनमा बस्न सक्ने संकेत पाइयो । दैवीय शक्ति प्राप्त गर्ने उद्देश्यले भोजराज सन्यासी भएर जंगल पसे र त्यही तपस्या गर्न लागे । तपस्वी भएपछि राजा भोजराजबाट “भोजराज बाबा” कहलिन थाले भन्ने चितवन निवासी थारू समुदायको भनाइ रहेको छ ।

भोजराजबाबाले प्राण त्याग गरेपछि देवत्व प्राप्त गरे । त्यसपछि स्थानीय थारू समुदायले उनलाई आफ्नो इष्ट देवताको रुपमा पूजा गर्न थालेको जनश्रुती छ । यस स्थानका मूल उपासकहरू थारू समुदाय रहे पनि हाल अरु जातजातिका व्यक्तिहरूले समेत उच्च आस्था पूर्वक यिनको पूजाआराधना गर्ने गर्दछन् । गाउँमा आपतविपद्, रोगव्याधी, दैवीय विपत्ति, महामारी आदिको रोकथाम, नियन्त्रण एवं सम्पूर्ण प्राणी जगतको रक्षा हेतु यस स्थानमा सामान्यतया प्रत्येक वर्ष असार र मंसिरमा पूजा गर्ने परम्परा छ ।

## २.१० ब्रह्मस्थान

स्थानीय थारू समुदायहरूमा प्रायशः ब्रह्मस्थान रहेका छन् । कालिका नगरपालिका-५ मा पनि थारू समुदायमा ब्रह्मस्थान रहेको छ तर गाउँ र समुदाय अनुसार फरक-फरक किसिमले ब्रह्मस्थान स्थापना गरी पूजाआजा गर्ने मान्यता रहेको छ । समुदायका बासिन्दाहरूले खेतीपाती राम्रोसँग फस्टाओस् एवं गाउँघरमा सुखशान्ति मिलोस भनेर स्थानीय परम्परा अनुसार ब्रह्मदेवताको पूजापाठ गर्ने गर्दछन् । प्रत्येक महिनाको पूर्णिमामा चामलको चौलानी, दूध, पाट आदि चढाएर यस स्थानमा पूजा गरिन्छ । आषाढ महिनाको औँशी बाहेक जुनसुकै बेला पनि बोका, परेवा (५ जोडी) एवं कुखुरा (भाले र पोथी तीन-तीनवटा) को वली चढाइन्छ । आश्विन शुक्ल नवमी (महानवमी) का दिन श्रद्धालुहरू ब्रह्मस्थानमा नगई ब्रह्मबाबालाई आ-आफ्नै घरमै आह्वान गरी एक जोडी परेवा, कुखुरा वली दिने गर्दछन् । भोलिपल्ट दशैंका दिन यस समुदायले हनुमानलाई पनि कुभिण्डोको वली दिएर पूजा गर्ने गर्दछन् ।



ब्रह्मस्थान, पदमपुर,चितवन

परापूर्वकालदेखि नै थारू समुदायका व्यक्तिहरूले गाउँको एक ठाउँमा ब्रह्मस्थान बनाउनुपर्ने मान्यता रहेको थियो । कालिका नगरपालिका-५ (पुरानो पदमपुर, रापतीपारि) बेलको घारी र आँपको रुखको फेदमा सानो शिलाको रुपमा ब्रह्मस्थान देवताको प्रतीक भेट्टाइएको थियो । यस स्थानका वर्तमान पुजारी सत्यदेव चौधरीका पुर्खाले शिला फेला पारेका थिए । उहाँलाई सपनामा त्यो ठाउँको बारेमा अवगत भएको र पछि खोजी गर्दा उक्त शिला फेला परेको भन्ने उहाँको भनाइ रहेको छ । त्यसपछि त्यो शिला पाइएको स्थानमा एउटा छाप्रो बनाई शिलामा पूजापाठ सुरु गरियो । त्यस स्थानबाट थारूहरू बसाइँ सरेर पदमपुर मर्चौलीमा गएपछि सोही गाउँमा ब्रह्म बाबाको मन्दिर बनाई मन्दिरभित्र नै शिला स्थापना गरी पूजापाठ गर्ने चलन अघि बढेको पाइन्छ ।

सुरुमा ब्रह्मस्थान फेलापरेको ठाउँ (पुरानो पदमपुर) बाट करिव ३०० मिटर उत्तरमा पानीको मूल फुटेको र त्यो मूल जुकाले भरिएको थियो । त्यस मूलको पानी थारू समुदायले पिउने पानीको रुपमा प्रयोग गर्ने गरेको र मूलको पूजापाठ गरेमा पानीको भाँडोमा जुका नपस्ने भन्ने मान्यता रहेको छ । हाल समेत त्यस मूलको पूजा गर्नुपर्ने मान्यता रहेको छ । यदि मूलको पूजन गरिएन भने हालसमेत घरमा पकाएको खानेकुरा एवं पानीको भाँडामा जुका निस्किने गर्छन् भन्ने स्थानीयहरूको भनाइ रहेको छ ।

## २.११ छिटामाई

चितवन जिल्लाको बेलौत प्रगन्ना अन्तर्गत बुढी राप्तीको उत्तरपट्टिको किनारमा छिटामाईको थान अवस्थित छ । भरतपुरबाट यस स्थानसम्म सडकमार्गको दूरी पाँच किलोमिटर रहेको छ । परापूर्व कालदेखि स्थानीय थारू समुदायले मान्दै आएका देवीदेवता मध्ये छिटामाई एक हुन् । हाल यी देवीको स्थान वरिपरी थारू समुदाय बाहेक अन्य समुदायको बस्ती बढ्दै जाने क्रममा यी

देवीलाई अन्य समुदायले समेत विशेष आस्थापूर्वक मान्ने गरेको छ । छिटामाई देवीका छ दिदीबहिनी र एक भाइ रहेका थिए भन्ने जनश्रृति छ । यस स्थानमा बैशाख सक्रान्तिदेखि असार मसान्तसम्म दैनिक पूजाआजा गर्ने चलन रहेको छ । यस स्थानमा पूजाआजा सँग-सँगै बोकाको वली समेत दिने प्रचलन रहिआएको छ । यी देवीको यस थानमा प्रारम्भदेखि हालसम्म थारू गुरौले पुजारीको भूमिका निर्वाह गर्दै आइरहेका छन् । यी देवीले उपासकहरूका दु:ख-कष्ट हरणगर्ने, दु:खी पीडितहरूको संरक्षण गर्ने र नि:सन्तानलाई सन्तान दिने जनविश्वास रहेको छ । यही विश्वासको आधारमा आफ्ना मनोकामना पूरा गर्नका निमित्त उपासकहरूले देवीलाई भाकल गर्ने गर्दछन् । भाकल अनुसार इच्छाएको कुरा प्राप्ति भएपछि छिटामाई देवीलाई मात्रै भाकल स्वरुप पूजापाठ र वली चढाइन्छ ।

## २.१२ विक्रमबाबा थान

विक्रमबाबालाई छिटामाई लगायतका सात दिदी-बहिनीका भाइको रुपमा नवलपरासी र चितवनका थारू समुदायले पूजा गर्ने चलन छ । यस सम्बन्धमा अर्को भनाइ पनि व्याप्त छ जसअनुसार सात दिदीबहिनी मध्येकी जेठी बहिनी पार्वती हुन । यसैले थारू समुदायले पार्वती समेत उनका पति शिवजीलाई आराध्यदेव मानी पूजा गर्ने चलन चलेको हो । विक्रमादित्यको पालादेखिनै यस स्थानमा विक्रमबाबाको पूजाआजा गर्ने चलन चलेको मान्यता रहेको छ । यस स्थानमा पूजापाठ गरेपछि उपासकहरू बिभिन्न प्रकारका दु:खकष्टबाट मुक्त हुने विश्वास रहेको छ । हाल चितवन राष्ट्रिय निकुञ्जभित्रको एक स्थानमा विक्रमबाबाको प्रतीकको रुपमा शिला स्थापित गरी पूजित रहेको छ । चितवन राष्ट्रिय निकुञ्जको कसरा स्थित कार्यालयले यस स्थानको संरक्षण गरिरहेको छ । यस स्थानमा भाकल गरी मनोकामना पूरा भएको अवस्थामा भाकलकर्ताले भाकल अनुसार पूजा गर्नुको साथै वली समेत चढाउने गर्दछन् । भाकल चढाउन जाँदा भाकलकर्ता दम्पतीले घरबाटै थानसम्म नाङ्गो खुट्टाले हिँडेर जानु पर्ने र भाकल चढाउन जाँदा गुरौलाई पनि साथमै लगेर जाने परम्परा छ । घरबाट हिडिसकेपछि विक्रमबाबाको थानमा पुगुञ्जेलसम्म भाकलकर्ताहरूले पछाडि फर्केर हेर्न नहुने मान्यता छ । यस स्थानमा वलीको रूपमा बोका र परेवामात्र दिइन्छ । सामान्यतया भाकल थानमा आएर गर्नुपर्दछ । अपवादको रूपमा केही व्यक्तिहरूले घरमै बिक्रमबाबाको नाम लिएर पनि भाकल गर्ने गर्दछन् । पूजाआजा सम्पन्न गरेपछि वा वली चढाएर घर फर्किदा समेत घर नपुगुन्जेलसम्म पछाडि फर्केर हेर्नु हुँदैन भन्ने मान्यता रहेको छ । यस स्थानका पुजारीलाई पनि गुरौ भन्ने गरिन्छ । विक्रमबाबाको प्रमुख उपासक थारू समुदाय नै रहेको छ । तर अन्य समुदायले पनि स्वेच्छाले यिनको पूजाआजा गर्ने गर्दछन् ।

## २.१३ धनौजी ताल

चितवन जिल्लाको बेलौत प्रगन्ना (तापा) अन्तर्गत पटिहानी, भरतपुर नगरपालिका-२२ मा एक सुन्दर प्राकृतिक ताल अवस्थित छ । यस तालको नाम धनौजी ताल रहेको छ । भरतपुरबाट यो ताल करिव तीन किलोमिटरको दूरीमा बुढी राप्तीको उत्तरतिर रहेको छ भने यसैको दक्षिणतिर तमोर ताल समेत अवस्थित छ । यी तालहरू चुरेको फेदमा अवस्थित छन् । धनौजी ताल र तमोर ताल दुवै ठाउँमा प्राचीनकालमा दुई दिदीबहिनी नागिनीहरू बसोबास गर्दथे भन्ने किम्बदन्ती रहेको छ । आफ्नो वरिपरि गरीब निमुखा व्यक्तिहरूले आफ्नो गुरौ लगेर शुद्ध जल चढाई धुप, अक्षता, फूल लगि हात जोडेर नागिनी देवीहरूको आस्थापूर्वक पूजापाठ गरेमा विभिन्न सांसारिक विघ्नवाधाहरूबाट जोगिन सकिने विश्वास स्थानीय समुदायमा जीवन्त छ । यस तालका विशेषताहरू निम्नानुसार रहेका छन् ।

दुबै ताल (धनौजी ताल र तमोर ताल) प्राकृतिक ताल हुन् । धनौजी ताल करीव दुई बिगाहा जमिनमा फैलिएर रहेको छ भने तमोर ताल करिव दश बिगाहा जमिनमा फैलिएको छ । यी तालहरू जंगली जनावरहरूको पिउने पानीका प्रमुख श्रोतको रुपमा रहेका छन् । यी ताल परिसरमा विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विचरण गर्ने स्थलको रुपमा रहेका छन् । यी तालहरूमा विभिन्न प्रजातिका माछा एवं गोहीहरू रहेका छन् । उचित संरक्षणको अभावमा यी तालहरू असुरक्षित अवस्थामा रहेका छन् । धनौजी तालको अर्को विशेषता भनेको करिब ६/७ दशक पूर्वसम्म गाउँमा बिहेवारी वा शुभकार्य हुँदा यस स्थानमा आई नागिनी देवीहरूको पूजाआजा गरी भाँडाकुँडा माग्ने चलन थियो । मान्छेले ती भाँडाहरू लगेर भोज भतेर सम्पन्न भएपछि सफासँग ती भाँडाकुँडाहरूलाई माझेर पोखरीको छेउमा गएर फेरि नागिनी देवीहरूलाई आव्हान गरी डुङ्गामा राखेर भाँडाकुँडाहरू पोखरीमा चढाउने चलन थियो । करिब ६ दशक पूर्व कुनै थारूको घरमा बिहेबारी हुँदा त्यो पोखरीबाट भाँडाकुँडा ल्याएर बिहेबारी सम्पन्न भएपछि भाँडाकुँडाहरूलाई सफा गरी ताल छेउमा लगेर डुङ्गामा छोडिदिएछन् तर डुङ्गा डुबेन । राजगुरुलाई बोलाई डुङ्गा किन डुबेन भनी ती थारू परिवारले बुझ्दा एउटा भाँडो हराएकोले डुङ्गा नडुबेको भन्ने जवाफ आयो । लगत्तै गाउँमा अशान्ति हुन थाल्यो । हराएको भाँडो खोज्न धेरै प्रयास गर्दा पनि भेट्टिएन । सो भाँडा त्यसै समुदायको एक महिलाले चोरेर लगेकी रहिछिन् । एक दिन

ती महिला दिसापिसाब गर्न ताल परिसरमा गइछिन् । त्यहाँ तिनलाई सर्पले बेरेर राखेको देखेर अरुले उनलाई सोधी-खोजी गर्दा तिनले एउटा कचौरा चोरेको स्वीकारिन् । त्यो चोरेको कचौरा ल्याएर डुङ्गामा राखेपछि मात्रै भाँडाकुँडा सहितको त्यो डुंङ्गा डुबेको र महिला सर्पको बन्धनबाट मुक्त भइन् । यस घटनापछि त्यस तालबाट भाँडाकुँडा आउन छोडेको भन्ने किंवदन्ती रहेको छ ।

## २.१४ थारू संस्कृति संग्रहालय



थारू संग्रहालय, मेघौली, चितवन

चितवन जिल्लाको सदरमुकाम भरतपुरबाट २८ किलोमिटरको दूरीमा राधाकृष्ण मध्यवर्ती सामुदायिक वन र विमानस्थलको मध्यभागमा रहेका सार्वजनिक जग्गामा विक्रम संवत् २०५६ मा थारू संस्कृति संग्रहालय निर्माण गरिएको छ । यस संग्रहालयको स्वामित्वमा १० कठ्ठा जग्गा रहेको छ । यस संग्रहालय स्थापनाको प्रमुख उद्देश्य थारू संस्कृतिका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण एवं प्रचार प्रसार गर्नु रहेको छ । थारू संस्कृतिको अध्ययन, खोज र अनुसन्धान गर्नको लागि यो एक आकर्षण केन्द्र हुन पुगेको छ । फलतः यसबाट पर्यटन विकासमा समेत टेवा पुग्ने देखिन्छ । यसभित्र संग्रहालयको साथै एउटा सभाहल निर्माण गरिएको छ. ।

# अध्याय - तीन

## मकवानपुर जिल्लामा रहेका थारु सम्पदाहरु

मकवानपुरमा गुरौ र धामीको महत्वमाथि प्रकाश पार्दै महेश चन्द्र रेग्मीले लेखेका छन्- "सन् १८०३ मा हेटौंडाको दक्षिणी भेगमा जनताको रक्षाका लागि चिन्च धामी र थितार धामी नियुक्त गरिए । चेपाङ्ग वाहुल्यका वस्ती मकवानपुरको चिसापानीमा गुराउँ (धामी, गुर्वा) को मृत्यु भएपछि गाउँलेहरू आपसमा झगडा गर्न थाले । सुरक्षा व्यवस्थाको अभावमा बाघले गाईवस्तु लगायत केही मानिसलाई समेत मार्‍यो । त्यस घटनाबाट आजित स्थानीय बासिन्दाले सन् १८३८ मा पश्चिम तराई दाङका मुथुवाका मुखिया परशुराम चौधरी नियुक्त गरेका थिए" ।

१) मकवानपुरका थारू समुदायहरूले विशेषगरी ब्रह्मा, विष्णु र महेश्वरलाई कूल देवताको रुपमा पूजा गर्ने चलन छ । यसैगरी भगवतीलाई देवीको रुपमा पूजा गर्ने गरेका छन् । बारा, पर्साबाट सयौं वर्ष पहिले मकवानपुरमा बसाइसरि आएका थारूहरूले "गढीमाई देवी" लाई इष्टदेवी मान्ने गरेका छन् । यहाँकै थारू समुदायका गुरौ गढीमाइ देवीका पुजारी हुने कुराको जानकारी स्थानीय थारू समुदायबाट हुन आएको छ ।

२) नवलपरासी 'ब.सु.पु.' र चितवनको जस्तै मकवानपुरमा थारूहरूका छुट्टै उल्लेखनीय सांस्कृतिक तथा पुरातात्विक सम्पदा नरहेको जानकारी स्थानीय थारू समुदायबाट हुन आएको छ तर आ-आफ्नै घर परिसरमा पुर्ख्यौली इष्ट देवताहरूको पूजाआजा गर्ने परम्परा छ ।

३) परिवारमा विशेष पूजापाठ, विवाह आदिका लागि उपस्थिति अनिवार्य मानिन्छ । धामीले सूत्रमन्त्रको प्रयोग गरी रोग, व्याधि, व्यवधानबाट उन्मुक्ति दिलाउने गरेको स्थानीयको विश्वास छ ।

४) मकवानपुर जिल्लामा बसोबास गर्ने थारू जातिका प्रमुख थर वछार, थारू, पञ्जियार, महतो, जोशी, थनैत, चौधरी आदि हुन् ।

५) मकवानपुरका सेनवंशी राजाबाट थारू भाषामा अधिकार प्राप्तिको लिखत प्रदान गरिएको थियो भन्ने स्थानीय श्रुतिको आधारमा सेनवंशीय शासनकालमा थारू भाषाले राजकाजको मान्यता पाएको देखिन्छ ।

६) थारूहरूका प्रायजसो बस्तीहरूमा ब्रह्मस्थान स्थापना गरिएका छन् ।

## समस्या एवं समस्या समाधानका लागि सुझाव

### विद्यमान समस्या

१) आधुनिक प्रविधिको विकास अनुसार थारू परम्परा र संस्कृतिको अभिलेखीकरण, संरक्षण र सम्वर्द्धन हुन सकेको छैन ।

२) आधुनिकता र शहरीकरणको नकारात्मक प्रभाव थारूहरूको मौलिक ज्ञान, सीप र संस्कतिमा पर्न गई यस्ता अमूल्य निधिहरू लोपोन्मुख हुँदै गइरहेका छन् ।

३) परम्परागत रुपमा आदिवासी थारू समुदायको एकल वस्ती रहेका क्षेत्रहरूमा ती वस्तीहरूमा अथवा ती वस्तीहरूको नजिक अन्य जाति समुदायको बसाइँसराइबाट थारू सम्पदाहरूको संरक्षण, सम्वर्द्धन र उपयोगमा थारू इतर समुदायहरूको प्रभाव बढ्न थालेको जसले गर्दा थारू संस्कृतिको मौलिकतामा ह्रास हुन थालेको छ ।

४) स्थानीय सरकार, प्रादेशिक सरकार र संघीय सरकारवाट थारू सम्पदाहरूको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसारका लागि गरिदै आएको प्रयास पर्याप्त नभएको ।

५) अध्यात्मिक सोच भन्दा भौतिक सोच हावी हुदै गएको ।

६) थारू समुदायमा रहेको परम्परागत ज्ञान, सीप र व्यवहारको महत्वको सदुपयोग हुन नसकेको ।

७) थारू समुदायको संस्कृति सभ्यता विषयक गहन खोज, अनुसन्धान हुन नसकेको ।

८) थारू पुरोहितको संख्या न्यून हुँदैछ, थारू समुदायमा ब्राह्मण पुरोहितको संस्कृति बढदैछ ।

९) थारू नृत्यलाई मनोरञ्जनको रुपमा लिइने गरिएको र त्यसको ऐतिहासिक महत्व विर्सिने गरिएको ।

१०) थारूको विशिष्ट पहिचानयुक्त थारू आवासहरू आधुनिक भवनबाट विस्थापित हुदैछन् ।

## समस्या समाधानका सुझावहरू

१) वर्तमान सूचना प्रविधिको उपयोग गर्दै नेपाल भरिका थारू समुदायहरूको परम्परागत ज्ञान, सीप, व्यवहार आदिको अभिलेखीकरण गर्ने र वर्तमान सन्दर्भमा के कसरी त्यस्ता ज्ञान, सीप र व्यवहारहरूको अधिकतम उपयोग गर्न सकिन्छ, त्यसतर्फ सरकारी (तीनवटै तह), गैर सरकारी र सामुदायिक प्रयासलाई एकीकृतरुपमा कार्यान्वयनमा लैजानको लागि थारू आयोगले पहल गर्नुपर्ने देखिन्छ ।

२) थारू संस्कृति नेपालको अत्यन्त प्राचीन र समृद्ध संस्कृति हो । यसको वैज्ञानिक अध्ययन गरी यसका व्यवहारिक पक्षहरूलाई औपचारिक एवं अनौपचारिक शिक्षाका पाठ्यक्रमहरूमा समावेश गर्न उपयुक्त हुने देखिन्छ ।

३) देशभरि फैलिएर रहेका थारू समुदायका ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक सम्पदाहरूको पहिचान र अभिलेखीकरण गरी तिनीहरूलाई पर्यटकीय आकर्षणका स्थलहरूमा विकास गरिनु पर्ने ।

४) थारू सम्पदाहरूका पर्यटकीय संभावनाहरूलाई दृष्टिकोण गर्दै यस्ता सम्पदाहरूको लागि पर्यटन विकासका पूर्वाधारहरू निर्माण गरिनु पर्ने ।

५) लोपोन्मुख थारू संस्कृतिका वृतचित्र निर्माण गर्ने र लोप हुनबाट जोगाउन आवश्यक सहयोग टेवा पुऱ्याउने ।

६) समग्र थारू सम्पदाहरूको विकासको लागि एकीकृत गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्ने ।

७) थारू तीर्थस्थल, धार्मिकस्थल र चाडपर्वहरू प्रति गैरथारू समुदायलाई आकृष्ट गर्न प्रवर्द्धनात्मक कार्यक्रमहरू लागु गर्नुपर्ने ।

८) वडागत रुपमा थारू सम्पदाहरूको लगत राख्ने कार्यको लागि थारू आयोगले स्थानीय सरकारसँग सहकार्य समन्वय गर्नुपर्ने ।

९) प्रत्येक प्रदेशमा एक एक र काठमाडौं उपत्यकामा पनि एउटा थारू संग्रहालय स्थापना गर्नुपर्ने ।

# परिशिष्टांक-१

## थारु सांस्कृतिक सम्पदासँग सम्बन्धित चित्रहरु




थारू होमस्टे, चितवन



थारू समुदायका बासिन्दाहरूसँग अनुसन्धानकर्ता



निर्माणाधीन थारू सामुदायिक भवन, साँड, नवलपरासी पूर्व

# परिशिष्टांक-२

स्थलगत अध्ययनका क्रममा सम्पर्क गरिएका व्यक्तिहरूको विवरण (नवलपरासी 'ब.सु.पु.')

| सि.नं. | नाम, थर | सम्पर्क नं. |
|---|---|---|
| १ | कमलराज गुरौ | ९८४७२४०५१५ |
| २ | चेतनारायण चौधरी | ९८५७०४१५५६ |
| ३ | भवानीलाल गुरौ | - |
| ४ | गणेशमान महतो | ९८४७०९५००८ |
| ५ | पुरनराम गुरौ | - |
| ६ | रतनलाल थारू | ९८४७०९५२०८ |
| ७ | पतिराम थनेत | ९८४७०४९५१६ |
| ८ | वीरेन्द्र चौधरी | ९८५७१७५३७४ |
| ९ | रामप्रसाद महतो | ९८६७२३५८३५ |

स्थलगत अध्ययनका क्रममा सम्पर्क गरिएका व्यक्तिहरूको विवरण (चितवन)

| सि.नं. | नाम, थर | सम्पर्क नं. |
|---|---|---|
| १ | मायाराम चौधरी | ९८५५०६३९४१ |
| २ | कमानसिंह चौधरी | ९८४०५०५६३३ |
| ३ | सत्यदेव चौधरी | ९८४५८१९०१३ |
| ४ | राम महतो | ९८५५०६४३४४ |
| ५ | भजुमन राम महतो | ९८५५०६४३४४ |
| ६ | कारी महतो | ९८४५०४३३३९ |

स्थलगत अध्ययनका क्रममा सम्पर्क गरिएका व्यक्तिहरूको विवरण (मकवानपुर)

| सि.नं. | नाम,थर | संस्था/पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | हरिलाल चौधरी | था.क.स., अध्यक्ष | ९८४५७८३९६५ |
| २ | अमिता चौधरी | था.क.स., उपाध्यक्ष | ९८४५१२६११२ |
| ३ | जानकी चौधरी | था.क.स., केन्द्रिय सदस्य | ९८४५०४१०२५ |
| ४ | बासुदेव चौधरी | हेटौडा उ.म.न.पा., अमिन | ९८६४३३८४६३ |
| ५ | चन्द्रकान्त चौधरी | था.क.स., सचिव | ९८५५०७६४६८ |

# परिशिष्टांक-३

(क) समूह छलफल (नवलपरासी 'ब.सु.पु.')

| सि.नं. | नाम, थर | संस्था/पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | राम प्रसाद महतो | थारू कल्याणकारी सभा, अध्यक्ष | ९८६७२३५८३५ |
| २ | पतिराम थनेत | शिरथान कुमारवर्तीमाई संरक्षण समिति, सचिव | ९८४७०४९५१६ |
| ३ | गणेशमान महतो | पूर्व था.क.स., अध्यक्ष | ९८४७०९५००८ |
| ४ | विरेन्द्र चौधरी | था.क.स., सदस्य | ९८५७१७५३७४ |
| ५ | भोज बहादुर चौधरी | था.क.स., केन्द्रिय पार्षद | ९८४७५३२३४.. |

(ख) समूह छलफल (चितवन)

| सि.नं. | नाम, थर | संस्था/पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | ललित चौधरी | था.क.स., अध्यक्ष | ९८५५०५४६४९ |
| २ | झलक चौधरी | था.क.स., उपाध्यक्ष | ९८५५०८१०९१ |
| ३ | भजुमन राम महतो | पूर्व था.क.स., उपाध्यक्ष | ९८५५०६४३४४ |
| ४ | नन्दलाल महतो | था.क.स., कानूनी सल्लाहकार | ९८५५०४७६५५ |
| ५ | मायाराम गुरौ | पूर्व था.क.स., अध्यक्ष | ९८५५०६३९४१ |

(ग) समूह छलफल (मकवानपुर)

| सि.नं. | नाम, थर | संस्था/पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | हरिलाल चौधरी | था.क.स., अध्यक्ष | ९८४५७८३९६५ |
| २ | अमिता चौधरी | था.क.स., उपाध्यक्ष | ९८४५१२६११२ |
| ३ | जानकी चौधरी | था.क.स., केन्द्रिय सदस्य | ९८४५०४१०२ |
| ४ | बासुदेव चौधरी | हेटौडा उ.म.न.पा, अमिन | ९८६४३३८४६३ |

## सन्दर्भ सामग्री


१. चौधरी, सुशील (२०६९), थारू छोक्रा गीतके भाव । बिहान । २१ माघ, पृ.१२ ।

२. थारू, अशोक (२०५६), सखिए हो, माघक पिली गुरी जा'र । लावा बिहान । १:२, पृ.७ ।

३. थारू, अशोक (२०६३), थारू लोकनृत्यः सख्या पैयाँ । लोक संस्कृति । १.१, पृ.६०-६७ ।

४. थारू, अशोक (२०६९), लोपोन्मुख थारू संस्कारः भ्वाज । थारू संस्कृति । ३६:२३, पृ.९-११ ।

५. थारू, कुलप्रसाद (२०५७), सजना बिहान । पृ. ८-१४ ।

६. थारू, फनिश्याम (२०६९), थारू लोक संस्कृति र चाडबाड । काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

७. चितवन दर्पण, (२०७८), जिल्ला समन्वय समितिको कार्यालय, भरतपुर, चितवन ।

८. कँडेल, देवीप्रसाद (२०७८), चितवनको ऐतिहासिक रुपरेखा, चितवन दर्पण, जिल्ला समन्वय समितिको कार्यालय, भरतपुर, चितवन, पृष्ठ-२१ ।

९. तेश्रो वार्षिक प्रतिवेदन (आ.व. २०७७/०७८), थारू आयोग अनामनगर, काठमाडौं । १०. नेपाल राजपत्र, खण्ड ६५, असोज ३ गते, २०७२ साल अतिरिक्ताङ्क १५, नेपाल सरकार ।

११. थारू आयोग ऐन, २०७४, नेपाल ऐन संग्रह, खण्ड (१), २०७८, कानून किताब व्यवस्था समिति, काठमाडौ, पृष्ठ-२७४-२८३ ।

१२. चौधरी, पुरुसोत्तम (२०७३), कोचिला थारूका सामाजिक संस्कार, नेपालका जातीय सामाजिक संस्कार (खण्ड चार), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ ४५-६५ ।

# खण्ड घ

## लुम्बिनी प्रदेशका थारु समुदायका ऐतिहासिक र सांस्कृतिक संम्पदाहरूको अध्ययन प्रतिवेदन

बुझाउने

वैकल्पिक अनुसन्धान केन्द्र नेपाल

केन्द्रिय कार्यालय, घोराही दाङ

बुझिलिने

थारु आयोगको कार्यालय

अनामनगर काठमाडौं

आ.व. २०७७/२०७८

# अध्याय एक

## थारु जातिको परिचय

### थारु जातिको उत्पत्ति

जातिशास्त्रीय, जाननिक र सांस्कृतिक विश्लेषणका आधारमा थारूहरू नेपालका सबभन्दा पूराना आदिवासी जस्ता हुन् । डोर बहादुर बिस्ट (१९७६ इ, 'पिपल अफ नेपाल') 'तराईमा बस्ने सबभन्दा पूराना जाति मध्ये थारू एउटा हो भन्छन् भने, भानड्रिमहरू (राकेश तामाङ र नीरज राईहरू, २०१४ इ, ...'थारू एन्सेस्ट्री') र कुताननहरू (२०१६ इ, 'माइटोकोन्ड्रियल जिनोम्स अफ अस्ट्रोएसियाटिक एन्ड ताइ (कदाइ लेङ्वेजेज') ले गरेको जाननिक अध्ययनबाट थारूहरू यस भेगमा बसोबास गर्ने पहिला आदिवासी प्रमाणित भएका छन् । थारूहरू नेपालको चारकोसे झाडी (तरी) का बिच बिचमा र दक्षिण तिर मेचीदेखि महाकाली सम्म र नेपालको सिमाना छेउमा भारतका बिहार, उत्तराखण्ड अनि उत्तरप्रदेशमा पाइन्छन्, जहाँका जनजाति मध्ये थारूको जनसख्या सर्वाधिक छ (विद्यार्थी, २०३१, 'भारतीय आदिवासी', ९७-९९, मुखर्जीहरू, २०१५ इ, 'बडीमास इन्डेक्स), त्यसैले थारूहरूलाई नेपालकै आदिवासी भन्न सकिन्छ । बिस्टले थारूहरू नेपालमा शिवालिक पर्वत भन्दा दक्षिण तिर जङ्गलका बीच बीचमा र दक्षिण तिर बस्छन् भन्दै तरीसँग एकदम घनिष्ठ भएर बसेका जाति हुनाले उनीहरूको नाम थारू भएको विचार व्यक्त गरेका छन । तराईका औलो लाग्ने घना जङ्गलका बीच बीचमा पनि डरलाग्दा गैंडा, हात्ती, बाघ र बिषालु सर्प जस्ता जन्तुले घेरिएर बसेका थारू बस्ती पाइन्छन् (बिस्ट, १९७६) ।

एघारौं शताब्दीमा महमुद गजनीका इतिहासकार अल बेरूनीले थारू (तारू) लाई तिरहुत (तिल्वात) का बासिन्दा भनेर चिनाए (एडवार्ड सातौं, २००२ इ, 'अलबेरूनिज इन्डिया', अध्याय १८ : ९६) । तिरहुतमा कोसी नदी गङ्गामा मिल्छ । नेपाल पछि थारूको बाक्लो बस्ती नेपालको दक्षिण सिमानादेखि तिरहुत सम्म नै अटुट रूपमा देखिएको छ । नामसाम्यले गर्दा कतिले 'थार' मरूभूमिसित 'थारू' नामको साइनो गाँसेका छन । गौतम (२०४४, थारू पूराण) ले नामको व्युत्पत्ति संस्कृतको 'थर्ब' (ठाउँ सर्नु) धातुबाट गरे पनि मानक कोशमा 'थर्ब' धातु भेटिएन । खालि जनार्दन घिमिरेको पिएचडी प्रबन्धमा पालि धातुको सूचीमा 'थ्र' (तर्नु) धातु भेटिएको छ । कसैले जङ्गल (तरी) मा बसोबास गर्ने भएकाले 'तरहुआ' (तराईको आर्द्र भूमि) बाट अथवा 'स्थविर' बाट अथवा दिनरात खेतको खेतै अडिने भएकाले हिन्दीको 'ठर्ह' धातुबाट थारू नाम बनेको पनि तर्क गरेका छन् (अशोक कुमार पाठक, २००६ इ, 'थारू जनजाति की सामाजिक- आर्थिक...', पिएचडी प्रबन्ध, लखनऊ विश्वविद्यालय, १६८) । दाङ उपत्यकाको सुकौरागढका खण्डहरलाई थारूहरू आफ्ना राजा (दङ्गाई भुसाई अथवा दङ्गीशरण) को दरबार ठान्छन् (बिस्ट, १९७६) ।

थारूहरू मुसलमानहरूको आक्रमणमा राजस्थानबाट नोकरहरूसित भागेका रानीहरूका सन्तान हुन् भन्ने कुरा कति थारूहरू पनि पत्याउँछन् (बिस्ट, १९७६), उनीहरू आफुलाई राजा बेनका सन्तान मान्छन् पाठक, १७३) । नेस्फिल्ड (१८८५ इ, 'ट्राइब्स एन्ड कास्ट्स इन इन्डिया', चम्पारन गजेटियर) ले थारूहरू गङ्गा बेंसीका आदिवासी हुन्, जो आर्यहरूले विस्थापित गरेर नेपाल तराईमा पुगे भन्ने धारणा राखेका छन् । नेस्फिल्डले थारूहरूलाई द्रविड र कोलहरूसँगै धेरै बान्की मिल्ने ठहराएका छन् भने, क्रुक (१९७४ इ, 'ट्राइब्स एन्ड कास्ट्स अफ नर्थवेस्टर्न इन्डिया', १६८) ले थारूको बान्की द्रविडसँग मिल्छ, जो नेपालमा बसोबास गरेर मङ्गोलाभ भएका हुन् भन्ने धारणा व्यक्त गरेका छन् । थारूहरू तराइका भूमीपुत्र तथा तराईमा सबैभन्दा पहिले बसोवास गरेका बासिन्दा हुन् ।

नेपालमा मेचीदेखि महाकालीसम्मको तराईको भू-भागलाई थारूहरूले आफ्नो बसोबास स्थलको रूपमा थरूहट भन्न मन पराउँछन् । यस क्षेत्रमा झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ-देउखुरी, सुर्खेत, बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्ला पर्दछन् । टेकनाथ गौतमले आफु वि.सं. १९९३ मा काठमाण्डौं गएको बेला दक्षिणकालीबाट फर्कदा चोभारनेरको गाउँमा बास बसेको र त्यहाँका स्थानीय वृद्धहरूले आफ्ना पूर्वजहरू थारू थिए भनेको कुरा उल्लेख गरेको पाइन्छ (२०४४: प्रस्तावना पृष्ठ) । डंगौरा थारू भाषामा रहेको लोकगाथा गुर्बाबक जर्मोटी/सुर्खेल अनुसार डंगौरा थारूहरू दाङका आदिवासी हुन् । थारूहरूको बारेमा उल्लेख गर्नेहरूमा मुस्लिम भूगोलविद अलबेरूनीले एघारौं शताब्दीमा उल्लेख गरेको सबभन्दा पूरानो दस्ताबेज भेटिन्छ (क्रसकुफ १९९९: ५०) । यसमा उनले तिल्वटका बासिन्दाहरूलाई 'तर' (तारू) भनिने र तिनीहरू तुर्फहरू जस्ता कालो वर्णका थिए । तिल्वटको (तिरहुत, मिथिला) विपरीत बाँया तिरको देश नेपाल हो । यसबाट ११ औं शताब्दीमा तिरहुतका मुख्य बासिन्दा थारू थिए भन्ने देखाउँछ । दाङदेखि पूर्वी नेपालसम्म विभिन्न राजाहरूको शासनकालमा विभिन्न थारूहरूले जग्गा आवाद गर्नका लागि प्राप्त गरेको अधिकारको रूपमा

लालमोहरहरू भेटिन्छ (मेयर, कुर्त/डूएल, पामेल/श्रेष्ठ, टेक बहादुर )। उक्त दस्ताबेजहरूका आधारमा थारूहरू नै तराईका आदिवासी भएको प्रमाणित हुन्छ। सुबोध कुमार सिंहका अनुसार (२००७:१०) ललितपुरको चापागाउँमा भेटिएको शिवदेवको अभिलेखमा (५९०-६०४ इ.) उत्कीर्ण "स्थरूद्रङ" शब्दको अर्थ थारूहरूको गाउँ हो भन्ने हुन्छ। यसले महाभारत भित्रको क्षेत्र ललितपुरमा पनि थारूहरूको बसोबास थियो भन्ने बुझाउँछ।

### थारू शब्दको उत्पत्ति

थारू शब्दको व्युत्पत्तीको विषयमा निकै मतमतान्तर पाइन्छ। दिवसका अनुसार(२०३९: १३-१४) मङ्गोललाई स्वयम्भू मनु भनिन्छ। मङ्गोल किरातइङ्वाका दश भाइ छोराहरू मध्येमा थाङदावाका कान्छा छोरा थिरूकवाका सन्तानले थारू शाखा लिए। गौतमका अनुसार (२०४४: २) संस्कृत व्याकरणमा पाइने "थर्व" धातुको अर्थ बसाइसराइ गर्ने, सिकार खेल्ने हुने र थारू जातिको प्रकृतिसँग मेल खाने हुँदा यसै धातुबाट "थारू" शब्द बन्यो र यो जातिको रूपमा चिनियो।

सुबोध कुमार सिंहका अनुसार (२००६ इ.:५) थारू जाति हैन यो थेरवादी बुद्धिष्ठ समुदाय हो। रमानन्द प्रसाद सिंहलाई (१९८८ इ.:४) उधृत् गर्दै उनी लेख्छन "थेरवादी बुद्धिष्ठहरू "स्थवीर" भनेर चिनिन्थे। यही स्थवीरबाट 'थवीर' हुँदै "थारू" शब्द बनेको हो। द्विवेदीलाई (१९५५ इ.:३) उधृत् गर्दै उनी पुनः लेख्छन् (२००६ इ.:१०) "स्थरू" को संक्षिप्त रूप नै "थारू" हो। उनी थप्छन् बुद्धद्वारा प्रतिपादित पहिलो दर्शनलाई "थेरवाद" भनिन्छ। पाली भाषामा यसलाई "थेरगाथा" भनिन्छ। जसको अर्थ "थारूको कथा" हुन्छ।

## थारु सांस्कृतिक सम्पदाको सैद्धान्तिक पक्ष

### थारू सांस्कृतिक सम्पदाको परिचय

थारू जाति सांस्कृतिक सम्पदाले सम्पन्न जाति हो र यो जाति आख्यान, परम्परा, कला, साहित्यमा समृद्ध छ। यो जातिका आफ्नै रितिरिवाज, चालचलन तथा परम्परागत शैली छ। थारूहरू विभिन्न भौगोलिक क्षेत्र अनुसार फरक फरक भेषभुषा, गरगहना, भाषा, रहन सहन, संस्कार, मूल्यमान्यता, रितिरिवाज तथा सांस्कृतिक पर्यावरणमा हुर्केका छन्। थारूहरू प्रकृतिपूजक हुन्, उनीहरू वन देवी देवता लगायत वनका अनेक प्रेतात्माहरूको पूजा गर्छन्। थारूहरू विशेष गरी वन तथा नदि, खोला नालाको आसपासमा बस्न रूचाउछन्। तसर्थ थारूहरू सम्पदाका धनी छन्।

कुनै भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानव समुदाय वा समुदायहरूले सिर्जना तथा अवलम्वन गरेका संस्कृतिलाई त्यसै क्षेत्रको नामबाट सम्बोधन गर्ने गरिएको पाइन्छ। उदाहरण स्वरूप पृथ्वीको पश्चिमी भागमा बसोबास गर्ने मानव समुदाय वा समुदायहरूको संस्कृतिलाई पश्चिमा वा पाश्चात्य संस्कृति भनिन्छ भने पृथ्वीको पूर्वी भू-भागमा बसोबास गर्ने मानव समुदाय वा समुदायहरूको संस्कृतिलाई पूर्वीय संस्कृति भन्ने प्रचलन छ। त्यसैगरी नेपालको कर्णाली प्रदेशमा बसोबास गर्ने मानव समुदायहरूको संस्कृतिलाई कर्णाली संस्कृति, डोटी प्रदेशका बासिन्दाको संस्कृतिलाई डोटेली संस्कृति, मिथिला क्षेत्रको संस्कृतिलाई मिथिला संस्कृति, भन्ने प्रचलन भए जस्तै थारू वाहुल्य भएको लुम्बिनी प्रदेशका तराइका जिल्लाहरूको थारू संस्कृतिलाई थरूहट संस्कृति भनेर चिनिदै आएको पाइन्छ। थारू संस्कृतिसँग जोडिएका सम्पदाहरू थारू सांस्कृतिक सम्पदाहरू हुन्।

सम्पदालाई भौतिक वा अभौतिकता भन्दा पनि स्थिरता र गतिशीलतामा बुझ्नुपर्दछ। हुन त, मूर्त सम्पदाले मानव सिर्जनाका भौतिक उत्पादनहरूलाई नै जनाउँदछ। जुन एकपटक सिर्जना गरेपछि केही समयमात्र रहन्छ वा हस्तान्तरित हुँदैन। तिनीहरूलाई वर्तमान र भविष्यका सन्ततिहरूको उपयोग र आनन्दका लागि श्रद्धा गर्न, पुनर्महत्व दिन, संरक्षण गर्न वा बचाउन सकिन्छ। ती चिजहरू विशेष सामाजिक-ऐतिहासिक चिनोहरू हुन। यसले समयको प्रवाहसँगै हामीलाई अघि बढाउँछ। हामीलाई समाहित गराउँछ। तर, यो अनन्तसम्म रहन सक्दैन। तुलनात्मक रूपमा, अमूर्त सांस्कृतिक सम्पदा गतिशील हुन्छ र निरन्तर चलिरहन्छ। यो धेरै सन्ततिहरूसँगै विगतमा रहेजस्तै अहिले पनि जीवन्त रहन्छ। यो एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित भइरहन्छ। यसको आफ्नै हस्तान्तरित हुने क्षमता वा गुण हुन्छ। यसका अभ्यासकर्ताहरूद्वारा समय र परिस्थिति अनुसार यो सम्पदाको अङ्गीकार गर्ने प्रणाली हुन्छ। शिल्पकलाका साधनहरू मूर्त भएपनि यसलाई बनाउने कलाले यसलाई अमूर्त सिर्जनामा परिणत गर्दछ। साधनहरू मूर्त हुन् तर त्यसलाई बनाउने योजना तथा सीपहरू अमूर्त हुन् (कुरिन रिचर्ड २००४:७०)। विश्व सम्पदामा प्राचीन स्मारक, वास्तुशिल्प र प्राकृतिक स्थलहरू पर्दछन।

थारू सांस्कृतिक सम्पदा सामूहिक सम्पत्ति हो । यो कुनै एक थारू समुदाय वा जातिको मात्र नभई नेपाल राष्ट्र र विश्वकै सम्पत्ति हो । थारू सांस्कृतिक सम्पदाहरू एक क्षण वा पुस्ताको मात्र नभई युगौंयुगका लागि रहेका छन् । यि सम्पदाहरू प्राकृतिक र मानव निर्मित सांस्कृतिक हुन् । समग्ररूपमा सांस्कृतिक सम्पदालाई मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको रूपमा बुझ्ेझै थारू सांस्कृतिक सम्पदाहरू पनि मुर्त र अमुर्त रहेका छन् । अमूर्त सांस्कृतिक सम्पदाले नै मूर्त सम्पदाको पनि अस्तित्व धानेको हुन्छ । संस्कृतिसम्बन्धी विश्वव्यापी अध्ययन र संरक्षणका लागि कार्य गर्ने संस्था "संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन युनेस्कोले यसलाई मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको रूपमा व्याख्या गरेको छ भने थारू सांस्कृतिक सम्पदा पनि विश्व सम्पदाको एक अंग भएकाले यसलाई पनि मुर्त र अमुर्त रूपमा वर्गीकरण गर्न सकिन्छ ।

## थारू सांस्कृतिक सम्पदाको वर्गीकरण

### मूर्त थारु सांस्कृतिक सम्पदा

Tangible Cultural Heritage' refers to physical artefacts produced, maintained and transmitted intergenerationally in a society. It includes artistic creations, built heritage such as buildings and monuments, and other physical or tangible products of human creativity that are invested with cultural significance in a society (UNESCO, 2003). युनेस्कोको परिभाषा अनुसार थारू समाजसँग जोडिएका पूराना दरवार, मठ मन्दिर, ऐतिहासिक पार्टी पौवा, ताल तलाउहरू मूर्त सम्पदा हुन् ।

२.२.२ अमूर्त थारू सांस्कृतिक सम्पदा

'Intangible Cultural Heritage' indicates 'the practices, representations, expressions, knowledge, skills – as well as the instruments, objects, artefacts and cultural spaces associated therewith – that communities, groups and, in some cases, individuals recognize as part of their Cultural Heritage' (UNESCO, 2003). अतः थारू समुदायमा प्रचलनमा रहेका प्रथाहरू, थारू प्रदर्शनकारी कलाहरू, थारू स्थानीय ज्ञानहरू, थारू परम्परागत सीपहरूलाई थारू अमुर्त सम्पदाको रूपमा लिन सकिन्छ ।

# लुम्विनी प्रदेशको परिचय

## लुम्विनी प्रदेश

लुम्बिनी प्रदेश नेपालको संविधान २०७२ ले विक्रम सम्वत २०७२ असोज ३ मा राज्य विभाजन गरी बनेका ७ प्रदेशहरू मध्ये एक हो । यो प्रदेश नेपालको चौथो सबैभन्दा बढी जनसंख्या भएको प्रदेश र क्षेत्रफल अनुसार तेस्रो ठुलो प्रदेश हो । लुम्बिनीको उत्तरमा गण्डकी प्रदेश र कर्णाली प्रदेश, पश्चिममा सुदुरपश्चिम प्रदेश, दक्षिणमा भारतको उत्तर प्रदेश र बिहार रहेको छ । लुम्बिनी दुई नेपाली प्रदेश मध्ये एक हो जसको भारतसँग मात्र अन्तर्राष्ट्रिय सीमाना जोडिएको छ । लुम्बिनी प्रदेशको राजधानी दाङ देउखुरी हो । यस प्रदेशका ठूला शहरहरू रूपन्देही जिल्लाको बुटवल र सिद्धार्थनगर, बाँके जिल्लाको नेपालगञ्ज, पाल्पा जिल्लाको तानसेन र दाङ जिल्लाको घोराही र तुलसीपुर हुन् ।

लुम्बिनी प्रदेशको नाम बुद्ध धर्मका संस्थापक गौतम बुद्धको जन्मस्थल लुम्बिनीको पवित्र तीर्थस्थलको नामबाट राखिएको हो । शुरूवाती नाम प्रदेश नं ५ रहेकोमा प्रदेश सभाबाट २०७७ असोज २० मा यस प्रदेशलाई लुम्बिनी प्रदेश नामाकरण गरी दाङको भालुवाङ देउखुरीलाई प्रदेशको राजधानी घोषित गरियो ।

यस प्रदेशको कुल क्षेत्रफल २२,२८८ वर्ग किलोमिटर सहित देशको कुल क्षेत्रफलको १५.१% ओगटेको छ । यो प्रदेश उत्तरदेखि दक्षिणमा १५० किलोमिटर र पूर्व पश्चिममा यसको अधिकतम चौडाइमा ३०० किमी फैलिएको छ । यो प्रदेश उत्तरमा पहाड र दक्षिणमा गंगाको मैदानहरूले घेरिएको छ । पूर्वी सीमा कालीगण्डकी नदीले छुट्याएको छ । लुम्बिनी प्रदेशमा मुख्यतया तराई मैदान, पहाड र उपत्यकाहरू छन् । कर्णाली, पूर्वी राप्ती, बबई, गण्डकी र तिनाउ जस्ता नदी पानीको भरपर्दो स्रोत हुन् र यसले जलविद्युत उत्पादन र बहावमा सिंचाईको सम्भावित अवसर प्रदान गर्दछ । लुम्बिनीको उष्णप्रदेशीय हावापानी रहेको छ र चार ऋतुहरूको अनुभव गर्दछ । माघ र फागुनमा जाडोपछि चैत्रदेखि जेठ महिना बीचको ग्रीष्मकाल र असारदेखि असोजको बीचमा मनसुनको मौसम हुन्छ ।

यो प्रदेशमा कुल १०९ वटा स्थानीय तहहरू रहेका छन् जसमा ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका रहेका छन् । लुम्बिनी प्रदेश नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रूकुम (पूर्वी भाग), रोल्पा, प्यूठान, दाङ, बाँके, बर्दिया गरी १२ जिल्लामा विभाजित रहेको छ । राज्यको प्रशासनिक पुनर्निर्माण पछि, नवलपरासी जिल्ला र रूकुम जिल्लालाई क्रमशः नवलपरासी (ब.सु.पु.) र नवलपरासी (ब.सु.प.) जिल्ला तथा रूकुम (पूर्व) र रूकुम (पश्चिम) जिल्लामा विभाजित गरिएको छ ।

# बर्दिया जिल्लाका थारू सम्पदाहरू

नेपालको लुम्विनी प्रदेशको दक्षिण पश्चिममा पर्ने बर्दिया जिल्ला नेपालको पश्चिम क्षेत्रको अन्न भण्डारको रूपमा पनि चिनिन्छ। यो जिल्लाको पूर्वमा बाँके, पश्चिममा कैलाली, उत्तरमा सुर्खेत र सल्यान तथा दक्षिणमा भारतको उत्तर प्रदेश पर्दछ। कुल क्षेत्रफल २०२५ वर्ग किलोमिटर मध्ये अधिकांश भू-भाग तराईको समतल जमिनले ओगटेको छ भने बाँकी भाग चुरे पर्वत पर्दछ। आदिवासी जनजाति थारूहरूको बाहुल्यता रहेको यो जिल्लामा पछिल्ला दिनहरूमा वाह्य जिल्लाहरूबाट बसाइसराई गरी आउनेको भिडले गर्दा जातीय विविधता रहेको छ।

प्रधानमन्त्री श्री ३ जङ्ग वहादुर राणाको समयमा यो जिल्ला नयाँ मुलुकको रूपमा नेपाललाई हस्तान्तरण गरिएको थियो। सन् १८६० को सन्धि पछि मात्र यो क्षेत्र अर्थात कैलाली, कञ्चनपुर, बाँके र बर्दिया नयाँ मुलुकको रूपमा नेपालको अङ्ग भएको हो। वि.सं. १९१४ मा भारतमा भएको सिपाही विद्रोहको समस्या समाधान गर्न तत्कालिन प्रधानमन्त्री जंगबहादुर राणाले ईष्ट ईण्डीया कम्पनिलाई सहयोग गरेवापत वि.सं. १७७३ को सुगौलीसन्धिबाट गुमेको भू-भाग मध्ये पुरस्कार स्वरूप वि.सं १९१७ मा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई फिर्ता आएकोले बर्दिया लगायतका चार जिल्लाहरूलाई नयाँ मुलुकको रूपमा चिनिन्छ। बर्दिया जिल्ला बढैया तालको जिल्ला, गजराज हात्तीको जिल्ला, थारू बहुल जिल्ला, जङ्गलै जङ्गलको जिल्ला, कृष्णसारको जिल्ला, पन्टुन पुलको जिल्ला तथा एक खम्बे पुलको जिल्ला आदि नामले पनि परिचित छ। यस जिल्लाको नाम बर्दिया रहनुको पछाडी विभिन्न जनश्रुति धार्मिक एवं पौराणिक आख्यानहरू रहेको पाइन्छ।

स्थानीय थारूभाषामा गाई गोरूलाई वलिबर्द भनिने र यहाँका गाई गोरू राम्रा मोटाघाटा र वलीया हुनेहुँदा यो ठाउँलाई वलिबर्द भनिएकोमा पछि अपभ्रंस भई बर्दिया भएको र यसै आधारमा जिल्लाको नामाकरण गरिएको मानिन्छ। ऐश्वर्य र समृद्धिका प्रतिकका रूपमा रहेको गोरूलाई संस्कृत भाषामा पनि वलिबर्द नै भनिन्छ।

बर्दिया जिल्लाको बारबर्दिया नगरपालिकामा वारवर्दिया भन्ने गाउँ छ पहिले यसै ठाउँमा हरिहर थारू राजाको दरबार थियो। बारबर्दियामा खेतिको लागि उन्नत जमीन भएको कारण बाहिरवाट बसाइसराई गरी यसै ठाउँमा आउन थाले र यो ठाउँ प्रसिद्ध हुन थाल्यो अन्तमा यसै ठाउँको नामबाट बर्दिया जिल्ला नामाकरण रहन गएको हो भन्ने भनाई पनि छ। थारू भाषामा गाईगोरू पाल्नेलाई बर्देवा भनिन्छ। बर्दिया जिल्लामा गाईगोरूलाई प्रशस्त चरण क्षेत्र भएकोले धेरै गाई गोरू पाल्ने र बर्देवाहरू धेरै बसोबास गर्ने भएकाले पछि बर्देवाबाट अपभ्रंस भई बर्दिया जिल्ला नामकरण रहेको हो भन्ने पनि भनाइ छ। बर्दिया जिल्लामा शिव मन्दिर, ठाकुरद्धारा, बर्की भवानी मन्दिर, विक्रि भवानी मन्दिर, मैना बहोरिया ठन्वा लगायतका थारू सांस्कृतिक सम्पदाको रूपमा परिचित छन्।

## १.१ शिव मन्दिर (शिवालय)

### परिचय

बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका ७ बकोटीया गाउँमा करिव हजारौं वर्ष पूरानो शिव मन्दिर रहेकोले स्थानीयले ऐतिहासिक मन्दिर मान्दछन्। शिखर शैलीमा बनेको यस मन्दिरको इमारत पूरातात्विक महत्वको रहेको छ। शिब मन्दिरको नाममा समिति गठन भई मर्मत संभार र पूजाआजा गरिंदै आएको छ। लुम्बिनी स्थित भगवान गौतम बुद्ध र भारतको लखनऊ स्थित भुलभुलैया दरबारसँग मेल खाने गरी निमार्ण गरिएको संरचना करिव ४० फिट अग्लो छ। छेउमा रहेको कुवा काठको पटराले ढाकिएको छ। पाँच तल्ले उक्त शिवालय मन्दिर मानव सभ्यताको परिचय बोकेको छ। हालसम्म महाभुकम्पले पनि असर गर्न नसकेको यस मन्दिरको भौतिक निर्माण थप रहस्यमय बनेको छ।

### ऐतिहासिक पृष्ठभुमी

बकोटीया स्थित उक्त मन्दिरमात्रै होईन बर्दियाका गाउँ-गाउँमा रहेका सयौं ऐतिहासिक सम्पदाहरूको संरक्षण हुन सकेको छैन। शिवालय, मन्दिर, कुवा, सयौं वर्ष पूराना मजार लगायतका ऐतिहासिक संरचनाहरू जीर्ण अवस्थामा पुगेका छन्। एउटै गाउँमा दुई/तीन वटा शिव मन्दिर छन्। मन्दिर अगाडि भएका कुवा पुरिएका छन्। थारू समुदायमा बिहेबारीका बेला चामल धुन अनिवार्य शिवालय अगाडिको कुवामा पुग्नै पर्छ। तर हाल धाराको पानीले काम चलाइन्छ। मन्दिरमा पुग्ने परम्परा भने जारी छ। स्थानीय सरकार आएपछि सडकलगायतका विकास निमार्णका कामले गति लिएको छ। ऐतिहासिक धार्मिक तथा परम्परागत संरचनातिर कसैको ध्यान पुग्न नसक्दा इतिहास मेटिने खतरा रहेको स्थानीयहरूको भनाइ छ। हाम्रा पुर्खाहरूले आफ्नै पौरख र

लगानीमा निमार्ण गरिएका ऐतिहासिक सम्पदाको संरक्षण नगर्ने हो भने भत्किएर जाने छन् । नयाँ पुस्ताले पुर्खाको चिनो देख्न पाउने छैनन् भनी स्थानीय युवा बीरबहादुर चौधरी भन्छन्, 'शहरका ऐतिहासिक सम्पदाको खोजी-खोजी जिर्णोद्वार गरिदै छ । गाउँका सम्पदाको कुनै ख्याल गरिएको छैन ।'



शिवालय मन्दिर, बढैयाताल ७ बकोटिया

### जनविश्वास

थारू समुदायमा बिहेबारी हुँदा चाउर (चामल) धुन त्यही कुवामा पुग्छन् । धार्मिक दृष्टिकोणले निकै महत्व मानिने उक्त संरचनाको संरक्षणमा भने सरकारको ध्यान पुगेको छैन । 'यो मन्दिर बनेको बारे मेरो बाजेको बाजेले समेत जानकारी नभएको बताउनु हुन्थ्यो । त्यसैले धेरै पूरानो मन्दिर हो भन्ने बुझिन्छ,' बकोटीया गाउँका स्थानीय ५० बर्षीय रामदयाल चौधरी भन्छन्,'मर्मत नभएर भत्किने अवस्थामा पुगेको छ । तर हामी यही पुगेर पूजा गर्छौ ।' उक्त मन्दिरमा पाली भाषामा निर्माण मिति लेखिएको थियो । बुझ्न नसक्ने उक्त मिति पनि मन्दिर जीर्ण भएसँगै मेटिएकोले त्यसका लागि अनुसन्धान आवश्यक छ । लुम्बिनी स्थित बुद्धको दरबारमा पाली भाषाको अवशेष भेटिएका छन् । बर्षौ पूराना बर्दियाका मन्दिरमा भगवान गौतम बुद्धको दरवारमा प्रयोग गरिएको जस्तै ईटा रहेको छ ।

### अवस्थिती

लुम्बिनी प्रदेश अन्तर्गतको बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका वडा नं ७, बकोटियामा शिव मन्दिर (शिवाला) अवस्थित रहेको छ । पूर्वतर्फ फुलपुर, पश्चिम तर्फ सगाहापुर, उत्तर तर्फ डेउडाकला र दक्षिण तर्फ पचासा मयुरबस्ती गाउँ रहेको छ ।

### पहुँच

बर्दिया जिल्लाको सदरमुकाम गुलरिया भन्दा करीव १२ किलोमिटर पूर्व र नेपालगञ्जभन्दा २५ किलोमिटर पश्चिममा रहेको छ । पूर्वपश्चिम राजमार्गभन्दा १० मिलोमिटर दक्षिण र हुलाकी राजमार्गभन्दा दुई किलोमिटर उत्तरमा मन्दिर अवस्थित रहेको छ ।

### क्षेत्रफल

शिब मन्दिर ( शिवाला) बढैयाताल गाउँपालिका ७, बकोटिया गाउँमा ५ कठ्ठा जग्गामा अवस्थित रहेको छ । पहिले ठूलो क्षेत्रफल रहेपनि हाल स्थानीय अतिक्रमणका कारण सीमित भएको छ ।

## १.२ मैना बहोरिया ठनवा

### परिचय

बढैयाताल गाउँपालिका वडा नं. ६ मा खल्ल्वा मैनापोखरमा रहेको मैनादेवी मन्दिर बर्दिया जिल्लाको महत्वपूर्ण शक्तिपीठ हो । मैना बहोरिया पोखरा बाट अपभ्रंश भएर मैना पोखरी हुदै नेपाली भाषामा मैनापोखर भनेर नाम जनजिब्रोमा रहेको छ । मैनापोखर नामबाट नै पहिले मैना पोखर गाउँ पञ्चायत र बहुदल आएपछि मैनापोखर गाउँ विकास समिति स्थानीय निकायको नामाकरण भयो । हाल संघीय गणतन्त्र नेपालको राजनीतिक संरचना बन्दा मैनापोखर बढैयाताल गाउँपालिकाको सदरमुकाम बनेको छ । मैनादेवी मन्दिरको संरक्षण हाल समितिले गरिरहेको छ । थारू पूजारीले विधिवत रूपमा दैनिक र अन्य विशेष पूजा आजा गर्ने गरेका छन् ।

## ऐतिहासिक पृष्ठभूमि

बढैयताल गाउँपालिका वडा नं. ६ मा खल्त्वा मैनापोखरमा रहेको ऐतिहासिक धार्मिक स्थल कसरी स्थापना भयो भन्ने पुर्खाले भन्दै आएको किम्वदन्ती यस प्रकार रहेको छ । सदियौं वर्ष अगाडिको समय हो । उक्त ठाउँमा जंगलले ढाकिएको थियो । मानव बस्ती एकदमै पातलो थियो । ठूलो राज्यले साना राज्यलाई आक्रमण गर्ने र आफुमा समाहित गर्ने अभ्यास चलेको थियो । यसबाट थारू कविला समुह पनि अछुतो थिएन । सो समयमा ठूला शक्तिशाली राज्यले आफ्नो लागि कर उठाएर बुझाउनु पर्ने थारू राज्यको राजालाई पञ्च वा मौजाधारीहरूलाई आदेश थियो । यतातिर थारू राजा पनि आफ्नो राज्य र जनतालाई सुरक्षा दिदै राजकाज चलाउँदै आएका थिए । साविक मानपुर मैनापोखर गाविस ६ हालको बढैयाताल गाउँपालिका ६ मैनापोखर गाउँ पहिले सो क्षेत्रमा एक मात्र गाउँ थियो । अरू गाउँहरू त्यहाँबाट धेरै टाढा टाढा रहेका थिए । सो समयमा किसानहरूले खेतीपाती गर्दा आकाशे पानीकै भर पर्नुपर्ने बाध्यता थियो । पिउने पानीसम्म पनि कुवाबाट पाउन मुस्किल हुने गर्दथ्यो ।

एक समयको कुरा हो । आकाशे पानी कै भर पर्ने सो ठाउँमा धेरै लामो समयसम्म पनि पानी परेन । पानी नपर्दा कुवाको पानी पनि सुक्न थाल्यो, रूखविरूवा पनि सुक्न थाले, पानीको हाहाकार हुन थाल्यो । उक्त क्षेत्रमा रहेका सबै गाउँमा पानी कसरी व्यवस्था गर्ने, वर्षा कसरी गराउन सकिन्छ भन्ने कुरामा छलफल, वहस हुन थालेपछि विभिन्न उपायको खोजी हुन थाल्यो ।

सोही समयमा गाउँका चौधरीया (जमिन्दार) को मनमा एक उपाय आयो । ठूलो पोखरी खनाएर त्यस बीचमा पनि गहिरो कुवा खनाएर पानी निकाल्ने । त्यसो गर्न सके अवस्य पानीको समस्या समाधान हुन्छ । उक्त योजनाको बारेमा उक्त गाउँ र सो क्षेत्रका अन्य गाउँहरूमा जानकारी दिएर छलफल भयो । चौधरीयाले आफुले बनाएको योजनाको बारेमा सबैलाई जानकारी गराउँदै अनुरोध गरे । उनको योजनामा सबै सहमती भएर सो क्षेत्रका सबै गाउँका अगुवाहरूले सहमती भई आफुहरू पनि सहभागी हुने बताए । योजना र सहमती अनुसार पोखरी खन्न शुरू भयो । केही समय पछि नै पोखरी तयार भयो । सोही पोखरीको बीचमा योजना अनुसार कुवा खन्न शुरू भयो । धेरै दिन लगाएर गहिरो कुवा पनि खनियो । पोखरी खनेर निकालेका माटोको सानो सानो पहाडै बन्न थाल्यो तर पानी निस्कने कुनै संकेत नै देखिएन । जति गहिरो खने पनि पानी निस्कने कुनै अवस्था नदेखिएपछि सबै तिर हल्लाखल्ला हुन थाल्यो । सबै चिन्तित हुन थाले । किन पानी ननिस्किएको हो ? भन्ने प्रश्न सबैतिर गुञ्जन थाल्यो ।

सबै निरास भएर बसेका थिए । सोही समयमा गाउँको कुवामा पानी भर्न गएकी एक केटीले आफ्ना साथीसंगीहरूसँग भनिन् की गाउँका 'चौधरीयाले जतिसुकै गहिरो कुवा खनाएपनि कुनै हालतमा पानी निस्कदैन ।' उक्त कुरा एक कान दुई कान हुँदै गाउँभरी फैलियो । चौधरीयाले पनि कुरा सुने । चौधरीयाले उक्त केटीलाई बोलाउन लगाएर सोधे 'जति खने पनि कुवाबाट पानी निस्कदैन भन्छौ अरे, कुवा बाट किन पानी निस्कदैन' भनेर सोधे ।

केटीले भनिन्, 'हो, तँपाईहरूले जति खने पनि पानी निस्कदैन ।' केटीको उक्त कुराले चौधरीया लगायत अगुवा गाउँलेहरू खिन्न भए । मन सानो बनाए । चौधरीयाले पुनः सोधे 'उसो भए पानी निस्कदैन भन्ने तिमीलाई थाहा छ भने के गर्दा कसरी पानी निस्कन्छ त केही उपाय छ की ! ' भनेर सोधे ।



मैना बहोरिया ठन्वा, बढैयाताल ६ मैनापोखर

तव केटीले भनिन्, 'एक उपाय छ मैले भनेका कुरा गरेको खण्डमा पानी निस्कन्छ ।' उनको कुरा सुनेर चौधरीया लगायत सबैको अनुहार चहकिलो भयो । केही आशा पलायो । चौधरीयाले सोधे, 'के गर्नु पर्छ भन म पानी निकाल्न गर्नुपर्ने सबै कुरा गर्न तयार छु । सबै कुरा मान्न तयार छु ।' केटीले भनिन्, 'उसो भए महिलाले लगाउने सबै गरगहना, अन्य सबै पहिरन तयार गरेपछि मलाई खबर गर' । केटीले भनेअनुसार सबै तयारी गरेपछि

चौधरीयाले खबर पठाए ।

केटीले चौधरीयालाई सो क्षेत्रका गाउँका बरघर, मौजावाल, देशको राजालाई पनि बोलाउ । की उनीहरूले पनि देखुन की कुवाबाट कसरी पानी निस्कियो भनेर हेरून् । यसको देश दुनियाँमा प्रचार होस भनिन् । चौधरीयाले सबैलाई आमन्त्रण गरे ।

सबै जम्मा भएपछि केटी नुहाईधुवाई गरी तयार पारिएको पहिरन र गरगहनाले सजिइन् । तयार भएपछि आफु अघि अघि हिड्ने पछि पछि बाजागाजा सहितको टोली आउन भनिन् । यसैगरी बाजागाजा सहित केटी खन्दै गरेको पोखरीको बीच भागमा गहिरो कुवा छेउ पुगिन् । कुवा खन्नेहरू खनिरहेका थिए । पोखरीलाई चारैतिरबाट नापेर बीच भाग पत्ता लगाउन भनिन् । नापेर बीच भाग पत्ता लगाएपछि सोही ठाउँमा सुनको मचियामा बसिन् ।

बीचमा बसिसकेपछि चौधरीयालाई आदेश गरिन की म गीत गाउँन शुरू गर्छु । गीत शुरू भएपनि मलाई एक्लै नछोड्नु । पालो लगाएर भएपनि यही बसिरहनु । नाचगान गर्नु भन्दै सुनको मचियामा बसेर मैना गीत गाउँन थालिन् । केटी सुनको मचियामा बसेर मैना गीत एक दिन गाइन्, दुई दिन, तीन दिन, चौथो दिन, पाँचौ दिन गाइन् । तब छैठौं दिन गीत गाइरहँदा कुवामा पानी निस्कन थाल्यो । कुवा खन्न संलग्न सबैलाई आफ्ना सबै सामान लिएर पोखरी बाहिर सुरक्षित जान अह्राइन् । कुवामा पानी निस्कदै गर्दा केटीले गीत गाउँन छोडिनन् ।

गीत गाउँदै गइन, कुवा अनि पोखरी पानीले भरिदै गयो । सातौं दिन जति जति गीत गाएर सकिदै जानथाल्यो पानीले पनि पोखरी भरीन थाल्यो । पोखरी भरिएर ती केटीको घाँटी मुखसम्म पानी पुग्न थाल्यो । तब उनीले चौधरीयालाई भनिन् की तिमिहरूले खोजेको पानी निस्कियो, मेरो एउटा शर्त छ । अब भन यो गाउँठाउँको नाम कसको नामबाट चिनिन्छ ? चौधरीया ठूलो सोचमा परे । कुवा पोखरी मैले खनाए । मेरो नाम भनेँ भने केटी रिसाएर फेरी कुनै अनिस्ट हुने हो की भनेर मनमा आयो । उनले भने यो कुरा त म के भन्न सक्छु र तिमीले भन तिमीले जे भन्छौ त्यही हुन्छ, हामी मान्छौ ।

केटीले भनिन् पहिले त मैना गीतको नाम चल्न पर्यो । दोस्रो पोखराको नाम चल्न पर्यो । थारू भाषामा पोखरीलाई पोखरा भन्ने चलन छ । तेस्रो गाउँको नाम चल्न पर्यो । भन्दै पूनः गीत गाउँन थालिन्, पोखरी पुरै पानीले भरियो । ती केटी पनि पोखरी मै अलप भइन् । उनीले भनेअनुसार नै मैना गीत र पोखरी जोडेर मैनापोखरा नाम रहन गयो । पछि यो शब्द अपभ्रंस भई मैनापोखर रहन गयो ।

## जनविश्वास

मैना बहोरिया ठनवा (मन्दिर) को उत्पत्तिको पृष्ठभूमिअनुसार मातृशक्तिको द्योतकको रूपमा मैना बहोरियालाई लिइएको छ । यसका साथै पानीको मुल फुटाउन सक्ने शक्तिकी देवी शक्तिपीठको रूपमा परिचित रहेको छ । थारू समुदाय कृषिमा आधारित भएर जीवन व्यवहार चलाउने भएकाले पानीको मुल फुटाउने शक्तिकी देवीलाई विधिविधानका साथा पूजा गरिन्छ । उनको पूजा नगरेसम्म थान र मन्दिरको आसपासमा केहीगर्न नसकिने र कुनै न कुनै अशुभ घटना हुने गरेकोले मैना बहोरिया माताको पूजा अपरिहार्य मानिएको छ । मैना माताले खनिएको तलाउमा पानीको मुल फुटाउन गाएको मैना गीत जसले पूरा गाउन सक्छ, मैना माता देवी साक्षात् प्रकट हुने जनविश्वास रहेको छ ।

## अवस्थिती

बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका वडा नं ६, खल्ह्वा मैनापोखरमा मैना महोरिया माता ठनवा अवस्थित रहेको छ । मैनाबहोरिया भएपनि स्थानीयहरूले मैनादेवी मन्दिर निर्माण गरेका छन् । मैना देवीको र लक्ष्मी देवीको मुर्ति स्थापना गरिएको छ । थारू पूजारीले पूजा गर्दै आएका छन् ।

## पहुँच

मैना बहोरिया माताको मैनादेवी मन्दिरको नामामा मन्दिर बनेको छ । उक्त मन्दिर मैनापोखर बजार हुलाकी सडकभन्दा एक किलोमिटर दक्षिणतर्फ रहेको छ ।

## क्षेत्रफल

करीब ४ बिगाहा भन्दा फराकिलो पोखरी क्षेत्र अतिक्रमण भएर १० कट्ठा जग्गा क्षेत्रमा सिमित रहेको छ । ढिलै भएपनि स्थानीयहरू संरक्षणमा जुटेका छन् ।

# १.३ बिक्री भवानी

## परिचय

नेपाल धार्मिक र सांस्कृतिक रूपमा धनी देश हो । यहाँ धेरै भन्दा धेरै जातजाती र भाषा-भाषी बोल्ने समुदाय बस्दै आएका छन् । आ-आफ्नै खालको धार्मिक र सांस्कृतिक परम्परा मान्दै आएका छन् । उनीहरू आफ्नै भाषा, संस्कार र परम्परामा रमाउँदै आएका छन् । आफ्नै मूल्य मान्यता अनुसार अगाडि बढ्दै आएका छन् । पूरातन देखि जरा गाडेर रहेको धर्म, संस्कार र परम्पराले बाँधेर राखेको छ ।

यही सर्न्दभमा थारू समुदायले आस्था राख्दै र बिश्वास गर्दै आएको देवी देवताको शक्ति मान्ने चलन परापुर्खादेखि चल्दै आएको छ । यो थारू समुदायको लागि सबै भन्दा धेरै महत्व रहँदै आएको छ । त्यसै गरी प्रकृतिबाट सृष्टि भएको भनेर बिश्वास गरिएको देवी देवताको पनि थारू समुदायहरूले पूजा गर्दै आएका छन् । निश्चित कालखण्डमा धर्म कर्म गरेको सन्दर्भमा जोडिएर बनेका मन्दिर देवस्थान बिभिन्न स्थानमा अस्तित्वमा रहेका छन् । यस्तै अस्तित्वमा रहेको देवस्थान “बिक्रि भवानी घोडा घोडी ठनवा” पनि हो । जुन बर्दिया जिल्लाको साविक धधवार गाविस ८ को हालको बारबर्दिया नगरपालिका वडा नं. ११ वेलभार दक्षिण कुम्भर वनक्षेत्रको कालाबेलभार सामुदायिक वनको बीचमा अवस्थित रहेको छ । यसले धार्मिक र पूरातात्विक महत्व राख्दै आएको छ । यस साँस्कृतिक सम्पदाको सामान्य परिचय दिने प्रयास गरिएको छ ।

## ऐतिहासिक पृष्ठभूमि

बिक्रि भवानी नाम कसरी रह्यो भन्ने आफ्नै वलीयो किम्वदन्ती रहेको छ । पुर्खाहरूका अनुसार परापूर्वकालमा, यस ठाउँमा कालाबेलभार गाउँ थियो । जुन ठाउँमा आदिवासी राजि र थारू जाति बस्दै आएका थिए । सोही समयमा हाल रहेको गुलरिया नगरपालिका १२ बिक्री गाउँ साविक कालिका गाविस ४ हाल बढैयाताल गाउँपालिका ९ कपास बिकास फर्मको पूर्वी क्षेत्रसँग जोडिएको लटकनियामा रहेको थियो । पछि मात्र पानी र सुरक्षाका साथै अन्य सुविधालाई मध्यनजर गर्दै सारिएको हो ।

उक्त मौजामा राजी जातिको व्यक्तिले गुरूवाको रूपमा देशबन्ध्या चलाउने गरेका थिए । उनैले भुइह्यार चलाउँदथे । अहिले पनि उक्त क्षेत्रमा राजिहरूकै वानधुप चल्ने गर्दछ । कालाबेलभार सामुदायीक वन भित्रको खोलाको ढिकमा रहेको यो देवस्थान बबई नदीबाट करीब २०० मिटर पूर्वमा पर्दछ । खोलामा बाह्रै महिना पानी जमिरहने गहिरो जरूवा रहेको छ । त्यहाँ कहिल्यै पानी सुक्दैन । साविक महम्मदपुर गाविस ९ बिक्रि गाउँबाट करीव पाँच सय मिटर उत्तरपश्चिममा रहेको छ । यसै देवस्थानको नाम बाटै बिक्रि गाउँको नाम रहेको पुर्खाहरूले बताउँदै आएका छन् ।

देवस्थानमा हलो जोत्ने हलोको फलामको फाली गाडीएको छ । सिदुरेको रूख मुनी त्रिशुल ध्वजा पताका चढाएका छन् । महिलाले लगाउने बस्त्रहरू पनि बिक्रि भवानी देवीलाई चढाएको देख्न सकिन्छ । धेरै माटाका मुर्ति, घोडा घोडी राखेर पूजा गर्दै आएका छन् ।

## जनविश्वास

बिक्रि भवानी कसरी स्थापना भयो भन्ने किम्वदन्ती अनुसार जनआस्था आफ्नै खालको छ । मुख्य देवताको रूपमा रहेको फलामको फालीलाई लगेर जहाँ फाले पनि केही दिनमै आफै त्यहाँ आएर बस्ने गरेको जनबिश्वास रहेको छ । निसन्तान दम्पतीले माघे संक्रान्तिको दिन बिक्रि भवानी छेउमा रहेको खोलामा नुहाएर पूजा गरेमा सन्तान हुने विश्वास रहेको छ । निःसन्तान र अन्य ब्रतालुहरू हरेक बर्ष आफुले मागेको कुरा पाउने आशा र विश्वासले माघे संक्रान्तिको दिन नुहाउन जाने गरेका छन् । गुरूवालाई अछेता हेराउँदा बिक्रि भवानी देवीले मागेको बस्तु चढाउने गरेका छन् । अहिले त्यहाँ पुग्दा महिलाले लगाउने पहिरन चोल्या, गोन्या, रिवन, झोवन्ना, कजरा, टिक्ली अन्य सामानहरू मचिया, खटौली बस्तु देख्न भेट्न सकिन्छ ।

## अवस्थिति

बारबर्दिया नगरपालिका वडा नं. ११ वेलभार दक्षिण कुम्भर वन क्षेत्रको कालाबेलभार सामुदायिक वनको बीचमा अवस्थित रहेको छ ।

## पहुँच

थारू समुदायको असीम आस्था बोकेको शक्तिपीठ बिक्री भवानी ठनवा बर्दिया जिल्लाको सदरमुकाम भन्दा पाँच किलोमिटर

उत्तरतर्फ रहेको छ । यसैगरी पूर्व-पश्चिम राजमार्गमा रहेको कतर्नियां बजारबाट ८ किलोमिटर दक्षिणमा रहेको छ ।

### क्षेत्रफल

सयौं विगाहा क्षेत्रफलमा विस्तारित कालाबेलभार सामुदायिक बनक्षेत्रमा रहेकाले यस ठनवाको सिमितता रहेको छैन ।

## १.४ ठाकुरबाबा (ठाकुरद्वारा मन्दिर)

### परिचय

बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालिका वडा नम्बर ९ बेतहनी ठाकुरद्धाराबजार नजिकै ठाकुरद्वारा मन्दिर रहेको छ । पश्चिम नेपालको प्रकृति र संस्कृतिका लागि लोकप्रिय पर्यटनको केन्द्र रहेको ठाकुरद्धारामा अवस्थित ठाकुरबाबा मन्दिर थारू समुदायको अति ठूलो धार्मिक आस्थाको केन्द्र मानिन्छ । लाखौं आन्तरिक र बाह्य पर्यटकहरू र धार्मिक समुदाय बर्सेनी ठाकुरबाबाको दर्शन गर्न आउने गर्दछन् । सोही प्रशिद्ध शक्तिपीठको नाममा ठाकुरबाबा नगरपालिकाको नामाकरण पनि भएको छ । धार्मिक पर्यटनको केन्द्र ठाकुरबाबा मन्दिरको बारेमा चर्चा गरिएको छ ।

### ऐतिहासिक पृष्ठभूमि

बेलायतको इष्ट इण्डिया कम्पनीले भारतमा शासन गरिरहेको बेलामा बर्दिया भारतको भूमि थियो । त्यतिबेला ठाकुरबाबा ठनवा (मन्दिर) भारतीय व्यक्तिहरूको स्वामित्वमा रहेको देखिन्छ । सन् १८५७ पछि बर्दिया नयाँ मुलुकको रूपमा नेपाललाई फिर्ता भएपछि एकजना सिद्धबाबा लोकगुरू “बाबा” ले सम्हाल्नुभयो । उहाँले उक्त शक्तिपीठको संरक्षण र प्रचार प्रसार गर्न ठूलो योगदान दिनुभएको जनश्रुति पाइन्छ ।

उहाँको मृत्युपश्चात सोही ठाँउका रैथाने थारूहरूले ठनवाको रेखदेख गर्न थाले । त्यसैले मन्दिरमा पूजारी थारूहरू नै हुदै आएका छन् । स्थानीय थारू समुदायले नै संरक्षण तथा व्यवस्थापन गरिरहेका छन् । त्यतिबेला बर्दियामा १२ मौजाको ८४ गाउँका दसेरी पसेरीबाट अर्थात बर्दिया जिल्लाभरीका मानिसहरूले धानचामल उठाएर संचालन भएको देखिन्छ ।

जब ठाकुरद्धाराको बेतहनीको जंगलमा पर्ने उक्त मन्दिर स्थानमा मानिसहरूको बसोबास हुन थालेपछि मुर्तिहरू आफै बिस्तारै निस्कन थालेपछि मन्दिरको रूपमा पूजा गर्न थालेको बताउँछन् । बिष्णुको मुर्ति जोगाउन ईटाको पर्खाल र घरको छानोले छाईएको थियो । पूराना ईटाहरू पाइएकाले ती ईटाहरू भारतीय बाबा र भक्तजनले ल्याएको हुनसक्ने अनुमान रहेको छ ।

बि.स.२०३८ साल पहिले यो मन्दिर पौराणिक खालको ईटाले चारकुने थारू समुदायको घर जस्तो पर्खाल र माथि खरले छाएको थियो । अहिले मन्दिर प्यागोडा शैलीमा बनेको छ । आधुनिक तथा कलात्मक शैलीमा चक्का जस्तै जग हालेको जस्तो देखिने रहेको छ । उक्त मन्दिरलाई २०३९ सालमा लखिमपुरका भारतीय मिस्त्रीले निर्माण गरेका थिए । नयाँ मन्दिर निर्माण हुने बेलामा नेउलापुर गाउँपञ्चायत रहेको थियो । सोहीबेला उक्त



ठाकुरबाबा मन्दिर, ठाकुरद्वारा ९ बेतहनी

गाउँपञ्चायतका अध्यक्ष सन्तराम थारू, सचिब वलीराम थारू लगायतको निर्वाचित प्रतिनिधिको टोली रहेको थियो। मुर्ति १० देखि १२ औं शताब्दीको हो की भन्ने अनुमान लगाउन सकिन्छ तर उक्त मन्दिर र मुर्तिको बारेमा कहि कतैपनि लिपिबद्ध रूपमा त्यसबारे लेखिएको कुनै प्रमाण भेटिदैन। पूरातत्व विभागले पनि अध्ययन गर्न सकेको छैन। मन्दिरलाई व्यवस्थित र विकसित गर्नका लागि स्थानीय स्तरमा २०५६ सालमा मन्दिर व्यवस्थापन तथा बिकास समिति ठाकुरद्वारा बर्दिया नामक सामाजिक संस्था जिल्ला प्रशासनमा दर्ता भएर काम गरिरहेको छ। उक्त संस्थाले हाल उक्त मन्दिरको व्यवस्थापनको काम गरिरहेको छ। सो मन्दिर र बर्दिया राष्ट्रिय निकुञ्जलाई ठाकुरबाबा नगरपालिकाले प्रमुख प्राथमिकतामा राखेर काम गरिरहेको छ। लुम्बिनी प्रदेश सरकारले पनि उक्त क्षेत्रलाई मध्यनजर गर्दै बाटोको बिस्तार गरिरहेको छ।

### जनविश्वास

- स्थानीय थारू किसानहरूले ठाकुरद्वारा मन्दिरलाई आस्थाको रूपमा मानेर आफ्नो खेतमा भएको पहिलो बाली त्यही मन्दिरमा चढाउने गरेको पाईन्छ।
- मन्दिरको ऐतिहासिकता र शक्तिपीठ मानेर मन्दिरको दर्शन गर्ने गरेको देखिन्छ।
- जब जमीनदार तथा राजाको स्वामित्वमा रहेको जग्गाको पोत लिन आएको बेला ठाकुरबाबा मन्दिरमा नै आफ्नो सुरक्षा र कामको सफलताका लागि पूजा गर्ने गरेको इतिहास रहेको छ।
- परापूर्व काल देखि त्यस स्थानमा धेरै जसो मानिसहरूले आफ्नो सोचेको कुरा पूरा होस् भनेर भगवानसँग आफूले इच्छाएको चिज माग्ने गरेमा पुग्ने जनविस्वास रहेको छ।
- बिशेष गरेर माघेसंक्रान्तीको अघिल्लो दिन रातभरी जागराम बस्ने र अर्को दिन बिहानै नुहाएर जल चढाउदै सन्तानको माग गरेपछि पुऱ्याई दिन्छन् भन्ने जनबिश्वास रहेको छ।
- ठाकुरबाबा बहिरो हुनुहुन्छ। उहाँसँग कुनै कुरा माग गर्दा चिच्याएर माग्नु पर्छ अनि मागेको दिनुहुन्छ भन्ने जनबिश्वास रहेको छ।

### अवस्थिति

बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालिका वडा नम्बर ९ बेतहनी ठाकुरद्वारा बजार पूर्वमा ठाकुरद्वारा मन्दिर रहेको छ।

### पहुँच

पूर्व पश्चिम राजमार्ग भएर जाने हो भने भुरीगाउँ अम्बासाबाट दक्षिण पश्चिम १६ किलोमिटर रहेको छ। भुरीगाउँ नेउलापुर हुदै जानेबाटो पनि तयार भईरहेको छ। हाल ग्राभेलबाटो करिब ९ किलोमिटर रहेको छ। हुलाकी सडक भएर जाने हो भने ओराली बजारदेखि उत्तर ७ किलोमिटर पर्छ र बर्दियाको सदरमुकाम गुलरिया देखि ३२ किलोमिटरको दुरीमा रहेको छ। अहिले पहुँचको आधारमा त्यहाँ सम्म पुग्नका लागि सहज पहुँचको बाटो बनेको छ।

### क्षेत्रफल

पहिले ठाकुरद्वारा (ठाकुरबाबा) मन्दिरको जमिनको क्षेत्रफल चार बिगाहा मात्र थियो भने अहिले धार्मिक बनको रूपमा मन्दिरको नाममा रहेको १७ हेक्टर जमिनलाई धार्मिक बनको रूपमा बनाईएको छ।

## १.५ बर्की भवानी मरुवा

### परिचय

तराई क्षेत्र थारू समुदायको मुख्य थलो हो। यस क्षेत्रमा थारू जाति कविलासँगै समय क्रम बित्दै जाँदा राज्य स्थापना गरी राजकाज गर्दै राज्यसत्ताको अभ्यास गरेको प्रमाणहरू प्रशस्त भेटिन्छन्। यसैको प्रमाण हो। बर्दिया जिल्लाको साविक मोतिपुर गाविस ९ हालको बाँसगढी न.पा. ५ मोतिपुरमा रहेको बर्की भवानी मरूवाले पनि यस क्षेत्रको पर्यटनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

## ऐतिहासिक पृष्ठभूमि



बर्की भवानी मन्दिर, बाँसगढी ५ मोतिपुर

पूरातन समयमा रझेट क्षेत्रमा वेदु थारूले राज्य स्थापना गरी राजकाज गर्दै आएका थिए। राजा वेदु र रानी राजदुलारीका सात जना छोरीहरू थिए। ती मध्ये जेठी बर्की भवानी थिईन्। उनलाई मेरटि भवानी भनेर पनि थारू समुदायमा चिन्ने गरिन्छ। बर्की भवानी शक्तिको प्रतिकको रूपमा पुजिन्छ। थारू समुदायले बर्की भवानीलाई बर्षा खेती सकेपछि पुजिने हरेरी पूजा गरेर मान्ने गर्दछन्। मन्दिर निर्माण गरी बर्की भवानी देवीको मुर्ती स्थापना गरिएपछि भने साँझ बिहान नै दियो वाली पूजा गरिन्छ।

यो मन्दिर वरीपरिका थारू गाउँबाट हरेरी पूजामा सुंगर ल्याएर बली दिने चलन थियो। तर मन्दिरका पूजारीले आफु साधु हुनुको साथै जय गुरूदेव अगालेपछि बर्की भवानी मरुवा भित्र वली दिने बन्द गराएका छन्। अहिले मिठाई प्रसाद फलफूल चढाएर पूजा गरिन्छ। तर कसैले वली दिन चाहेको खण्डमा मरुवा बाहिर व्यवस्था गरिएको पनि पूजारी भज्जुराम थारूले बताउनु भयो।

बर्की भवानी कहिलेदेखि अस्तित्वमा आइन् भन्ने मिति एकिन छैन। तर पूजारीका अनुसार यो सत्ययूगको समयको कुरा हो, देवु राजाका सात छोरीले बिवाह गरेन्न। बर्की भवानी प्रति एक मुस्लिम समुदायका ब्यक्ति लक्करशा मोहित भएर बिवाह गर्ने प्रस्ताव गरेका थिए तर भवानीले मानिनन्। लक्करशाले बल प्रयोग गरेर भएपनि बिवाह गर्ने दवाव र धम्की दिएपनि भवानीले आफुलाई लडाईमा जितेको अवस्थामा मात्र बिवाह गर्न तयार रहेको भन्दै लडाई गरेकी थिइन्।

बर्की भवानी लडाकु थिइन्। शस्त्रअस्त्र लडाईमा पारंगत थिइन्। लडाईमा लक्करशालाई पराजित गरी हत्या गरिन्। पूजारीका अनुसार लक्करशा अहिले लक्कर बाबाको नाममा बर्दिया जिल्लाकै गुलरिया न.पा. ९ नं. वडा नजिक भारतको सिमावर्ती जंगलमा थान रहेको छ। त्यहाँ उनको समाधी रहेको छ। हरेक वर्ष जेठ वा असार महिनामा त्यहाँ ठूलो मेला पनि लाग्ने गरेको छ।

बर्की भवानीले बाँसगढी न.पा. ५ मोतिपुरमा समाधी लिईन्। सो क्षेत्रको वन क्षेत्रलाई बर्की भवानीको नामबाट चिनिन्छ। उनी जीवन भरी अविवाहित रहिन्। उनका ६ बहिनीहरू अविवाहित नै रहे। उनका ६ बहिनीहरूले पनि नेपाल भारत स्थापना हुनु भन्दा अगाडिको 'रझेट' क्षेत्र हालको नेपालको बर्दिया जिल्लाको बाँसगढी न.पा. ६ पूरानो दमौली, बढैयाताल गाउँपालिका ५ को कोटही भवानी, वडा नं. ६ मैनापोखरमा कोह्नीन्या भवानी, वडा नं. २ फुटाहामा नगहा भवानी, वडा नं. ४ बुटाहा र बढैयातालमा पनि अन्य बहिनीहरूको समाधी रहेको जनबिश्वास रहेको छ। त्यहाँ थारू संस्कार अनुसार पूजा पनि गरिन्छ।

## जनविश्वास

पूरातन समयदेखि यस क्षेत्रमा थारू जाति बस्दै आएका हुन्। यस मन्दिरका पूजारी भज्जुराम थारूलाई थाहा भए अनुसार बर्की भवानीलाई पूजा गर्न थालेको उनी सातौ पुस्तामा पर्दछन्। उनी अहिले ७५ वर्ष भन्दा माथि उमेरका छन्। उनका अनुसार उनको घर लालु नाम गरेका ब्यक्तिलाई सेतो बाघले खाएको घरमा कुलदेवता बस्ने ठाउँमा बाघलाई थान दिएर पूजा गर्न थाले र पछि भोसरा नाम गरेका ब्यक्तिलाई भालुले खाएपछि उनलाई आँगनमा थान दिएर पूजा गर्न थालियो। सोही समयदेखि बाघ र भालु बर्की भवानीको रूप थियो। उनी नै रिसाएर ती दुई जनालाई खाएको भन्ने जनबिश्वास रहँदै आएको छ। पूजारी भज्जुरामको पुर्खाले घरको देवस्थान र बर्की भवानीको मुल थलोमा पूजा गर्दै आएका छन्।

## अवस्थिती

बर्की भवानी मन्दिर लुम्बिनी प्रदेशको सबैभन्दा पश्चिमको जिल्ला बर्दियाको बाँसगढी नगरपालिका वार्ड नं ५ मोतिपुरमा रहेको छ।

### पहुँच

बर्की भवानी मन्दिर बर्दिया जिल्लाको बाँसगढी नगरपालिकाको पूर्व पश्चिम राजमार्गमा पर्ने बाँसगढी बजारदेखि दक्षिण नेपालगंज गुलरिया हुलाकी सडक जोड्ने बाँसगढी मैनापोखर जाने वाटोमा बाँसगढी बजारदेखि ६ कि.मि. दुरीमा पर्दछ । यस स्थानमा पुग्न सार्वजनिक सवारी साधनहरू बस, जिप, अटो रिक्सा तथा निजी सवारी साधनहरू प्रयोग गर्न सकिन्छ ।

### क्षेत्रफल

बाँसगढी न.पा. ५ मोतिपुरमा १० विगाहा वन क्षेत्र धार्मिक वन स्थापना गरी संरक्षण र बिकास गर्न बर्की भवानी मन्दिरको नाममा हस्तान्तरण प्रक्रिया अगाडि बढेको छ । बर्की भवानीका अन्य बहिनीहरूको पनि सो क्षेत्रमा साना मन्दिर निमार्ण गरी मुर्ती स्थापना गर्ने योजना रहेको छ ।

## १.६ कर्ण रज्वक (राजाको) दरबार र ठनवा (मन्दिर)

### परिचय

बर्दिया जिल्लाको बारबर्दिया नगरपालिका वडा नं. ८ थानफेना गाउँमा हजारौं वर्ष पहिले कर्ण राजाको दरबार थियो । बर्दिया राष्ट्रिय निकुञ्ज नजिक मध्यवर्ती वन क्षेत्रमा रहेको उक्त दरबार क्षेत्र हाल जंगलमा परिणत भएको छ । करिब ५ बिघा क्षेत्रफलमा फैलिएको त्यस क्षेत्रमा अग्लो थुम्कोमा ईटाले बनेको जग र त्यस वरिपरी खपडाका टुक्राहरू भग्नावशेषको रुपमा रहेको छ । उक्त समयमा कर्ण राजाले ऐतिहासिक मन्दिर निर्माण गरेको अनुमान गर्न सकिन्छ । त्यहाँका स्थानीयका भनाइ अनुसार पूराना थारू जातिको देवता जस्तै बाघ, घोडा र हात्तीको माटोको मुर्ति भेटिएका छन् । साथै काँसको (धातुको) “अल्खा पतुरिया” नामक रानीको मुर्ति पनि थियो । ती पूरातात्विक महत्वका सामाग्रीहरू केहि समयसम्म संरक्षण गरिएको थियो तर करिब १५ वर्ष पहिले ती मुर्तिहरू चोरी भएको बताइन्छ । हाल त्यहाँ थारू समुदायले केही आर्थिक जुटाई सानो ठनवा (मन्दिर) बनाएर त्यस ठनवामा भेटिएका मुर्ति राखी पूजा आजा गर्दै आएका छन् । उक्त स्थानमा कर्न (कर्ण) राजा नभई कन्या राजा हो भन्ने कसै कसैको दाबी पनि छ । हाल कर्ण राजाको दरवारको भग्नावशेष ठनवामा राखेका घोडा घोडी, हात्ती र बाघको मुर्ति बाहेक केही देख्न पाइदैन ।

### ऐतिहासिक पृष्ठभुमी

करिव ८ सय वर्ष पूरानो मानिएको ऐतिहासिक एवम् सांस्कृतिक महत्वको उक्त दरबार क्षेत्रको बैज्ञानिक उत्खनन भएमा थारू समुदायको इतिहास बारे महत्वपूर्ण जानकारी प्राप्त हुन सक्ने देखिन्छ । बाजेको भन्दा पनि बाजेको आजाको पालामा त्यस ठाउँमा शंकर भगवानको बहान नन्दी, थारू भाषामा बसाहा (बर्धा) को पनि मुर्ति थियो र काँसको अल्खा पतुरिया नामक रानीको मुर्ति थियो । त्यहाँ प्रशस्त मात्रामा माटोको मुर्ति भेटिएका थिए, धेरै त चोरी भयो । पहिले यस ठाउँमा धेरै जंगली जनावरहरूले सताउँथे । जनावर आतंक भन्दा पनि फरक पर्दैन भन्छन् त्यहाँका बडघर तथा कन्या राजा (कर्ण राजा) ठनवाका संरक्षक रविलाल थारूले । जंगली जनावरबाट धेरै दुःख पाएपछि यहाँका थारूहरूले यस ठाउँमा ठनवा बनाएर पूजा गर्न थाले । यसो त यहाँ धेरै जात जातिको बसोबास भएतापनि त्यस मन्दिरमा थारू जातिले मात्र पूजा आजा गर्दै आएको पाइन्छ ।



कर्ण रज्वक ठनवा, बारबर्दिया न.पा.८ ठानफेना, बर्दिया

### जनविश्वास

एक जना कर्मचारी (चिरक्या) राखिएको छ । प्रत्येक सोमबार लिपपोत गरी धुप बत्ति बाल्ने गरिन्छ । यस कर्ण राजा ठनवालाई जर्गेना गर्नका निम्ति ८६ घर धुरीले वर्षमा २० किलो धान, १० किलो गहुँ र १ किलो तोरी उठाएर चिरक्यालाई दिने गरिएको छ । प्रत्येक वर्ष यसै ठनवामा लवांगी पूजा नगरे जंगलको छेउमा यो गाउँ भएको हुनाले बदेंल, बाँदर र हात्तीहरूले खेती केही बाँकी राख्दैनन् । बर्षेनी मंसिर महिनामा पुर्णिमाको दिन एउटा सेतो भाले र सेतो भेडाको वली चढाइन्छ । यसरी पूजा गर्दा जंगली जनावर आतंक विस्तारै कम भएको मानिन्छ । पूजाको लागि वर्षेनी चन्दा उठाउन गाऱ्हो भएपछि पूजाको खर्च घटाउन केही समयपछि गाउँमा मिठाईलाई प्रसादको रूपमा चढाउन थालियो तर पुनः जनावर आतंक बढेपछि पूरानै पूजा गर्ने तरिका र वली दिन थालियो । अझैसम्म यही चलन चल्दै आएको छ । पूजामा मिठाईका प्रसाद मात्रै चढाएको वर्ष मेरै पालामा ४ जनाले बाघबाट ज्यान गुमाएका छन् र यस ठाउँमा लवाङ्गी पूजा गरिएन भने पुनः जनावर आतंक हुन बेर लाग्दैन भन्ने यस ठाउँका बासिन्दाहरूको विश्वास छ भन्छन् रविलाल थारू ।

### अवस्थिती

कर्ण रज्वक (राजाको) ठनवा (मन्दिर) बारबर्दिया नगरपालिका वडा नं ८ थानफेना गाउँमा मध्यवर्ती सामुदायिक वनको छेउमा ठनवा अवस्थित छ भने त्यहाँबाट करिव ५०० मिटर पूर्व जंगलमा दरबार रहेको छ । यस थानफेना गाउँको पूर्वमा दुद्धा गाउँ पश्चिममा औंरी गाउँ र उत्तर पूर्वमा ढकेला गाउँ अनि पश्चिम उत्तरमा जंगल हुँदै चुरे पहाड रहेको छ ।

### पहुँच

बाँसगढी बजारदेखि महेन्द्र राजमार्ग हुँदै १४ कि.मी. पश्चिम दिशामा र भुरिगाउँ बजारदेखि करिब २० कि.मी. पूर्वमा बारबर्दिया न.पा. वडा नं. ८ थानफेना गाउँमा महेन्द्र राजमार्गदेखि उत्तर ३ सय मिटर जानु पर्दछ ।

### क्षेत्रफल

बारबर्दिया ८ नं. वडा स्थित थानफेना गाउँमा कन्या राजा (कर्ण राजा) ठनवाका लागि करिब ५ कट्ठा जति मध्यवर्ती सामुदायिक वन क्षेत्रबाट छुट्याइएको छ ।

## १.७ वनदेवी (वनसप्टि)

### परिचय

हजारौ वर्ष पहिले यहाँ वाल्मिकी आश्रम थियो । वाल्मिकीले माता सितालाई राजा दशरथका ज्येष्ठ पुत्र भगवान रामले यस ठाउँमा छोडेर गएपछि वाल्मिकीको शरणमा आएकी थिइन । वाल्मिकीले सितालाई ज्ञान दिदाको क्रममा सिताको नाम वनदेवी राखिदिएका थिए । यस ठाउँमा धेरै मात्रामा थारूको वस्ती भएको हुनाले थारू भाषामा वनसप्टी भनिन्थ्यो र अहिले सुधार गरिएको नाम वनदेवी पर्न गएको आजापुर्खाहरूको भनाइ छ । पूजारी बाबा लक्षीराम दास थारूज्यूले भन्छन् यहाँ म ४ वर्षदेखि यहाँको पूजारी छु र साथै वनदेवीको आर्शिवादले मैले पत्थरी, ग्याष्टिक कुनै प्रकारको जिउ दुख्ने रोगको औषधी वन जंगलको जडीबुटी वितरण गर्छु । आजसम्म सबै निको भई आएर वनदेवीको चरणमा परी दान पत्रमा दान गरेर जान्छन् । यस वनदेवी जडीबुटी औषधीले पनि धेरै टाढासम्म प्रख्यात रहेको छ ।



बारबर्दिया न.पा. ३ वनदेवी मन्दिर, बर्दिया

### ऐतिहासिक पृष्ठभूमि

रावणले सीतालाई हरण गरेर लगेपछि राजा दशरथका ज्येष्ठ पुत्र भगवान रामले फिर्ता ल्याई सकेपछि जनताले अनेक प्रकारका बेइज्जत जस्ता कुरा गरेपछि रामले सितालाई यसै वनमा छोडेका थिए भन्ने पौराणीक किम्वदन्ती रहेको छ। यो जंगलको बाटो हुँदै जो कोही वारपार गर्ने ब्यक्तिले यस ठाउँमा पुगे पछि कुनै पनि स्याउला (वनसप्टि) चढाएर प्रार्थना गर्नु पर्दथ्यो। अगाडि जंगलमा कुनै प्रकारको घटना नघटोस, बाघ, भालु लगायत भुत प्रेतहरू नभेटियोस भनेर यसरी प्राथर्ना गरी अगाडि जाने चलन थियो। हाल मन्दिर बनेपछि त्यस्तो चलन विस्तारै कम हुँदै गएको पाइन्छ।

### जन विश्वास

यहाँ आषाढ महिनाको गुरू पुर्णिमाको दिन र रामनवमीको दिनमा विशेष पूजा प्रार्थना गरेर आफुले मङ्गनत राखेमा मनोकामना पूरा हुन्छ भन्ने जनविश्वास रहेको छ। यहाँका पूजारी बाबा लक्षीराम दास थारूले भन्छन् एक अपरिचत महिलाले मेरै अगाडि हुने नहुने यस वनदेवीको बारेमा गाली गलौज गरेको मैले सुनिरहें। त्यसको २४ घण्टाभित्र त्यही महिला र उसको परिवार रूँदै हार गुहार गर्दै वनदेवीको पाउ चरणमा पर्न आएका थिए किनभने त्यस महिलाको सानोतिनो घटना घटेर बायाँ हात मर्केको अवस्थामा आएकी थिइन्। मैले सान्त्वना दिँदै भने "नआत्तिनुहोस वनदेवीको चरणमा आउनु भएको छ, माफी पाउनु हुन्छ" र जडीबुटी औषधी लगाई दिए र अरू औषधी दिई प्रयोग गर्ने तरिका बताएँ। करिब १५ दिन पछि पुन वनदेवीको दर्शन गर्न आउदा धेरै निको भैसकेको देखियो।

एक अर्का स्थानीय गोपाल थारूले भन्छन् म राती जंगली जनावरको शिकार गर्न गएको थिएँ मेरै भरूवा बन्दुकको छर्रा मेरै साँप्रामा लागेर घाइते भएको थिएँ। यसै वनदेवीको आर्शिवाद र यहाँको जडीबुटी औषधीले निको भएँ र शिकार गर्न चटक्कै छोडिदिएँ। वन देवीको आशिर्वादले जडीबुटी सतप्रतिशतले काम गर्छ जसले गर्दा यहाँ लगायत भारतसम्मका मानिसहरूले विश्वास गरेर आउँछन्। यति मात्रै नभएर सीताले वाल्मिकी आश्रममा शरण लिएकी हुनाले रामायण कथासँग मिल्ने भएकोले पनि यो जनविश्वास रहेको छ।

### अवस्थिती

बारबर्दिया न.पा. वडा नं. ३, वनदेवी फाँटा गाउँमा जयनगर जमुनिया मार्गमा जंगलको बीचमा वनदेवी पर्दछ। पश्चिममा बारबर्दिया न.पा. १ जमुनिया गाउँ, पूर्व-दक्षिणमा वनगैं गाउँ र उत्तरमा राष्ट्रिय निकुञ्ज रहेको छ।

### पहुँच

बारबर्दिया न.पा. वडा नं. ३, वनदेवीफाँटा गाउँमा पूर्व-पश्चिम राजमार्ग राष्ट्रिय निकुञ्जदेखि करिब ८ कि.मी. दक्षिणतर्फ रम्मापुर गुलरिया मार्ग हुँदै जयनगर बजार पुगे पश्चात् ४ कि.मी. पश्चिम यात्रा गर्नु पर्दछ। गुलरियाबाट उत्तर दिशामा करिब १२ कि.मी यात्रा पश्चात् जयनगर बजारदेखि पश्चिममा ४ कि.मी. वनदेवीको दर्शन गर्न सकिन्छ।

### क्षेत्रफल

बारबर्दिया न.पा. वडा नं. ३ मा हाल उक्त मन्दिर करिब ३ क कट्ठामा बार लगाइएको छ। भविष्यमा धर्मशाला बनाउनु पर्ने अवस्था आएमा करिब १ विघा जग्गा थप गर्न सक्ने सम्भावना देखिएको छ।

## १.८ दनुवाताल

### परिचय

ठाकुरबाबा नगरपालिका वडा नं. २ अम्रेनी नजिक राष्ट्रिय निकुञ्जभित्र दनुवा ताल पर्दछ। यो ताल हजारौ वर्ष पहिले प्राकृतिक रूपमा निर्माण भएको हो। करिब १ सय वर्ष पहिले दैलेख र सुर्खेतका बासिन्दा तराईमा ब्यापार गर्न र भारतको बिछियामा नून लगायत अन्य सामान खरिद गर्न यो बाटो ओहोर दोहोर गर्ने गर्दथे। ओहोर दोहोर गर्ने क्रममा धेरै जसो यसै तालको आसपास बास बस्दथे। यस तालमा दुई ओटा खोलाको पानी बगेर आउँथ्यो तर यहाँबाट कतै बगेर जाने कुनै निकास थिएन। ती दुई खोलाहरूको लम्बाइ त्यहीं आएर समाप्त हुन्थ्यो। यसै तालमा सानादेखि ठूला जंगली जनावरहरू पानी पिउन आउँदथे। पानीको सुविधा भएर जंगली जनावर पनि आसपासमै चर्न र बास बस्न रूचाउँथे।

त्यहाँ ब्यापार गर्न आएका तथा भारतको बिछियामा सामान खरिद गर्न आएका मानिस जब त्यहाँ बास बस्दथे अनि राती जनावरहरूको कोलाहल वा प्रत्यक्ष दर्शनले तर्सने गर्दथे जसले गर्दा त्यहाँ दानव वा भुत बस्छ भनेर जन मानिसमा हल्ला फैलियो । दानवको बास भएको हल्लाले त्यस तालको नाम दनुवा ताल रहन गएको भनाई छ । एक अर्को भनाई अनुसार त्यस स्थानमा धेरै पुरानो मानव बस्ती थियो जुन थारू समुदायको थियो । त्यसकारणले हाल पनि थारू गीत सखियामा दानु दादाको नाम जोडिएको र थारू गुरुवाहरूले मन्त्र उच्चारण गर्दा दनुवाको नाम लिने गर्दछन् ।

### ऐतिहासिक पृष्ठभूमि

जंग बहादुर राणाका पालामा नेपाललाई अंग्रेजले बाँके, बर्दिया, कैलाली र कंचनपुर जिल्ला फिर्ता दिएपछि अंग्रेजले यस ठाकुरबाबा दनुवा तालसम्म रेलमार्ग पनि बनायो र यहाँबाट बहुमुल्य सम्पति जे भेटाउँथ्यो त्यो लिएर जान्थ्यो । रेल मार्ग हुँदै काठ तस्करी गरेर लैजाने, खयरका काठ काटेर जंगलमै पकाएर कत्था जस्ता परिकारहरू बनाएर लैजाने गर्दथ्यो । जमिनबाट गिलो माटो खनेर निकालिएको एक मिनेटमा जम्ने त्यो सिमेन्टको जस्तो वलीयो हुने माटो सबै लैजाने गर्दथ्यो । यी सबै कार्यको शुरूवात गर्नका लागि हिन्दु परम्परा अनुसार भारतबाट नै ईटा मगाएर एउटा सानो मन्दिर पनि निर्माण भयो । अंग्रेजहरू क्रिश्चियन भएतापनि त्यो मन्दिर बनाउनुमा उनीहरूको एउटा स्वार्थ मात्र देखिन्थ्यो । उनीहरूको सोचाईमा यस्तो भयो कि यहाँ कुनै न कुनै शक्ति छ, जसले गर्दा दुईवटा खोलाको पानी यसै तालमा विलिन भएर जान्छ र यो शक्ति भनेको यहाँको कुनै देवताले गर्दा हो त्यसकारण त्यस देवतालाई खुशी पार्नुपर्छ अनि मात्र धेरै भन्दा धेरै बहुमुल्य सामान ओसार्न सकिनेछ भन्ने सोच आएर मन्दिर निर्माण गरेका थिए तर हाल मन्दिर छैन कता कता पूराना डिजाइनका ईटा मात्र भेटिन्छन् भन्ने स्थानीयको भनाई छ । बैज्ञानिक उत्खनन र अध्ययन हुन सके इतिहासबारे महत्वपूर्ण जानकारी प्राप्त हुने विश्वास इतिहासका विभिन्न अध्यताहरूको रहेको छ ।

### जन विश्वास

राष्ट्रिय निकुञ्ज भित्र रहेकोले त्यहाँ धेरै जनावरका डरले मानिसहरू त्यहाँ जान आउन सक्ने अवस्था छैन । जसले गर्दा स्थानीयले त्यस मन्दिरको रक्षा पनि गर्न सकेनन् । त्यहाँ पूजाआजा आदि गर्न सकेको भए तालमा आउने दुई खोलाको पानी सुकेर जाने थिएन र त्यहाँको अन्य धेरै शक्ति पनि हराएर जाने थिएन भन्ने जनविश्वास रहेको छ ।

### अवस्थिती

ठाकुरबाबा नगर पालिका वडा नं.२, अम्रेनी गाउँबाट पूर्व-पश्चिम राजमार्गदेखि उत्तर दिशामा ६ कि.मी. यात्रा पश्चात् चुरे पहाडको फेदमा दनुवा ताल अवस्थित रहेको छ ।

### पहुँच

ठाकुरद्वारा देखि उत्तर दिशामा १२ कि.मी. यात्रा पश्चात पूर्व-पश्चिम राजमार्ग रहेको छ । त्यहाँ बाट ६ कि.मी. उत्तर दिशा तर्फ लागेपछि चुरे पहाडको फेदमा दनुवाताल रहेको ठाउँमा जान सकिन्छ । भुरी गाउँदेखि पश्चिम दिशामा पूर्व-पश्चिम राजमार्ग हुँदै करिब ५ कि.मी. यात्रा पछि अम्रेनीबाट उत्तर करिब ६ कि.मी.मा पर्दछ ।

### क्षेत्रफल

स्थानीय रमेश कुमार थापाका अनुसार ठाकुरबाबा नगरपालिका वडा नं. ६ मा पर्ने दनुवा तालको क्षेत्रफल ठ्याक्कै यति उति छ भन्ने आज सम्म कसैले भन्न सकेका छैनन् । धेरै ठूलो थियो भन्ने भनाई छ तर अहिले पुरीएर समथर भई क्षेत्रफल घटेकोले एकिनका साथ क्षेत्रफल स्पष्ट नभएको पाइन्छ ।

## १.९ कुवाभार

### परिचय

बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालिका वडा नं २ बाट उत्तरतर्फ राष्ट्रिय निकुञ्ज भित्र कुवाभार पर्दछ । अंग्रेजले नेपालको प्राकृतिक सम्पत्ति कुम्ल्याउने बेला कामदारलाई खाना लगायत सबै सुविधाको प्रबन्ध मिलाएको थियो तर पिउने पानीको जोहो गर्न सार्है गाह्रो भएको हुँदा उनीहरूले एउटा कुवा खनाएका थिए । त्यसै कुवाले गर्दा त्यस ठाउँको नाम कुवाभार रहन गएको भन्ने भनाई रहेको छ । त्यस स्थानमा पहिलेदेखि नै एक थारू बस्ती रहेको थियो भन्ने पनि गरिएको छ ।

## ऐतिहासिक पृष्ठभूमि

भारतको बिछियाको बाटो जंगलै जंगल रेल मार्ग बनाई यस कुवाभारसम्म रेल गुड्ने गर्दथ्यो । यस ठाउँबाट रेल मार्ग हुँदै काठ तस्करी गरेर लैजाने, खयरका काठ काटेर जंगलमै पकाएर कत्था जस्ता परिकारहरू बनाएर लैजाने गर्दथ्यो । जमिन बाट गिलो माटो खनेर निकालिएको एक मिनेटमा जम्ने त्यो सिमेन्टको जस्तो वलीयो हुने माटो सबै लैजाने गर्दथ्यो । उतिबेला नदेखेको र नसुनेको कति हो कति धेरै सम्पत्ति कुम्ल्याएको अनुमान लगाउन सहजै सकिन्छ । त्यहाँ काम गरूञ्जेल त्यस कुवाको पानी प्रयोग गरियो त्यसपछि कसैले मर्मत सम्भार पनि गरेन । कहिले काँही जंगलमा शिकार गर्न वा दाउरा बनकस खर आदि काट्न जाँदा पानी पिउँदथे अहिले पुरिएर केही अवशेष नरहेको कुरा रमेश कुमार थापाले बताउँछन् ।

## जन विश्वास

त्यसबेलाको श्री ५ को सरकार होस् या यस बेलाको नेपाल सरकारले उक्त स्थानमा प्रोजेक्ट लगाएको भए वा पूराना चिजहरूलाई संरक्षण गर्ने गराउने गरेको भए आज हाम्रै प्राकृतिक सम्पदा रहिरहन्थ्यो । यस ठाउँलाई पर्यटकीय क्षेत्र पनि बनाउन सकिन्थ्यो र ती बहुमुल्य सम्पदालाई उपयोग गर्न सकिएको भए हाम्रै नेपाल सरकारलाई ठूलो आर्थिक मद्दत मिल्ने थियो भन्ने जनविश्वास रहेको पाइयो ।

## अवस्थिती

बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालिका वडा नं. २, अम्रेनी गाउँबाट पूर्व-पश्चिम राजमार्गदेखि उत्तर दिशामा करिब १० कि.मि. यात्रा पश्चात चुरे पहाडको नजिकै कुवाभार अवस्थित रहेको छ ।

## क्षेत्रफल

ठाकुरबाबा नगरपालिका वडा नं. २ अम्रेनीबाट करिब १० कि.मि. उत्तर तर्फ बर्दिया राष्ट्रिय निकुञ्जभित्र कुवाभारले अनुमानित १ कट्ठा जमिन ओगटेको छ ।

# १.१० हर्नहवा /अर्नहवा ताल

## परिचय

हँसिया जस्तो आकारमा यो हर्नह्वा ताल रहेको छ । यति उति वर्ष पहिले भन्ने ठ्याक्कै अन्दाज कसैको नभएको आजापुर्खाको




अर्नहवा ताल

पालामा राजापुर नगरपालिका वडा नं. ८ भोगपुर गाउँमा धेरै ठुलो प्रकृतिले निर्माण गरेको ताल हो अर्नहवा । यस तालको बारेमा थरी थरीका भनाईहरू रहेको पाइन्छ । स्थानीय बासिन्दा ८६ वर्षीय ठग्गा थारूले भन्छन् यस भोगपुर गाउँमा यादव जातिको परम्परा अनुसार भैंसी पाल्ने चलन थियो, उनीहरूको चलनले यहाँ भैंसी चराउन ल्याउने र भैंसी ठाँह्रा बनाएका थिए । ती यादव जातिहरूको ठेगाना थाहा नभएको तर भारतबाट यहाँ आएर भैंसी चराउँदथे भन्ने अनुमान लगाउँछन् । ती यादवहरूले भैंसी चराउने यसै तालको छेउछाउमा आहाल खेलाउने गर्थे रे । थारू भाषामा यादव जातीलाई अहिर भन्ने गरिन्छ । ती अहिर जातिहरूको एक जना मुख्य अहिरको यसै भोगपुरमा मृत्यु भएपछि सबै अहिरहरू आ-आफ्ना भैंसीहरू हाँकेर लगे । यसरी यस ठाउँमा ती अहिरहरू छोडेर गएपछि विस्तारै त्यस तालको नाम अर्नह्वा पर्न गएको भनिन्छ । अर्का एक स्थानीय बासिन्दा पृथ्वीलाल थारूले भन्छन् यहाँ पहिले धेरै संख्यामा हर्ना (हरिण) पानी पिउन तथा चर्न आउँथे रे । एक प्रकारले हरिणहरूको वस्ती नै थियो । तिनै हरिणहरूको नामले हर्नह्वा पर्न गएको हो भन्ने भनाइ छ ।

## ऐतिहासिक पृष्ठभूमि

आज भन्दा ४० वर्ष अगाडी यो ताल निकै ठुलो थियो । पानी टनाटन भरिएको थियो । माथि आकाशबाट वर्षा भएको बेला भल बगेर आउँदा भल सँगै धेरै जनावर हरू भागेर स्थानीयका घर गोठमा बच्ने ठाउँ खोज्दै आउँथे । वदेल, हरिण जस्ता जनावर कति हो कति स्थानीयले मारेर खाने गर्दथे तर ठुला जनावर आउँदा मानिसलाई नै खाने हो कि भन्ने त्रास निकै थियो तर पानीको कारण बाघहरू पनि शिकार गर्न हिम्मत गर्दैनथे । विस्तारै यो ताल पुरिदै पुरिदै गयो र यहाँका धेरै जनतालाई सास्ती भयो । किनभने ताल पुरिए पछि कतिले जग्गा बनाए । नेपाल सरकारले ४ कट्ठाका दरले सुकुम्बासी र मुक्त कमैयालाई जग्गा वितरण गऱ्यो । यस नामको दुई ओटा ताल थियो एउटा सानो अर्नहवा र अर्को ठुलो अर्नहवा । स्थानीयको पहलमा सानो अर्नहवा ताल पुरेर १० कट्ठा जग्गा मानपुर मा.वि.को नाममा पास गरिएको छ र अरू बाँकी धेरैले गुपचुपमा आफ्ना नाममा बनाए । यता ठूलो अर्नहवा ताल पनि विस्तारै पुरिदै आएपछि धेरैले गुपचुपमा आफ्ना व्यक्तिगत नाममा जग्गा बनाए ।

## जन विश्वास

राजापुर नगरपालिका वडा नं. ८, भोगपुरको सम्झना सामुदायिक वन उपभोक्ताका महिला सदस्यहरूले यस तालको मर्मतसंभार गर्ने जिम्मा लिएका छन् । सोही समुहकी अध्यक्ष सुनदेवी थारूले भन्छिन् हामीले यत्रो ठुलो ताल जिम्मा त लियौं तर खासै राम्रोसँग मर्मत सम्भार गर्न सकेका छैनौं । यसलाई सरसफाई गरेर तालको बिचमा एउटा मन्दिर बनाउने पहलमा छौं तर स्थानीय सरकारदेखि केन्द्रिय सरकारहरूले हेरेर अध्ययन गरेर जानुहुन्छ तर कुनै कार्यान्वयन नभएको बताउछिन् । प्रति व्यक्ति रू १० को पुर्जि काटेर घोंघी काढ्ने अनुमति दिइन्छ । यसै तालमा उब्जिएको ढोढी वा करम्वा साग टिप्नेको पनि प्रति व्यक्ति रू १० को पुर्जि लिइने गरिएको छ । भविष्यमा स्थानीय सरकार र स्थानीयबासीद्वारा आर्थिक संकलन गरि तालको बिचमा एउटा मन्दिर बनाई पर्यटकीय क्षेत्र बनाउछौं भन्ने सबैको अटुट विश्वास रहेको छ । पहिले यस तालमा नुहाएपछि रेबिज रोग लागेका रोगी ठिक हुन्छन् भन्ने विश्वास थियो । उहिलेको बेला कसैकसैको सन्तान भएन भने माघे सक्रान्तिको पर्वमा मंगनत राखेर ५ पटक डुबुल्की मारे पछि पनि सन्तान हुन्छन भन्ने विश्वास छ ।

## अवस्थिती

गुलरिया बजारबाट पश्चिम दिशामा करिब ३० कि.मी. हुलाकी मार्ग हुँदै भोगपुर पुगिन्छ । हुलाकी मार्गबाट उत्तर दिशामा भोगपुर गाउँभित्र करिब २०० मिटर टाढा हँसियाको आकारमा देख्न सकिन्छ । राजापुर बजारबाट पूर्व दिशामा करिब ८ कि.मी. टाढा यो ताल बर्दिया जिल्लाको राजापुर नगरपालिका वडा नं. ८ भोगपुर गाउँमा पर्दछ ।

## क्षेत्रफल

राजापुर नगरपालिका वडा नं. ८ भोगपुर गाउँमा रहेको अर्नहवा तालको क्षेत्रफल १२ बिघामा फैलिएर रहेको विवरण भूमिसुधार कार्यालय बर्दियाले राखेको पाइएको छ ।

## १.११ बाह्रो बर्दिया ठनवा (मन्दिर)

### परिचय

जिल्ला बर्दिया बारबर्दिया नगरपालिका वार्ड नं. ५ को बाह्रबर्दिया गाउँमा पर्ने बाह्रो बर्दिया मन्दिर ऐतिहासिक तथा साँस्कतिक पहिचान बोकेको मन्दिर हो । यो मन्दिरकै नामवाट बाह्रवर्दिया गाउँ, बारबर्दिया नगरपालिका र बर्दिया जिल्लाको नामाकरण भएको छ ।

### ऐतिहासिक पृष्ठभूमि

धेरै बर्ष पहिलेको कुरा हो यो ठाउँमा आदिवासी थारू जातिको मात्रै बसोबास रहेको थियो । थारू जाति खेति किसानी गरेर जीवन गुजारा गर्दथे । खेती किसानी गरेर बसेका किसानहरूका छोराहरू बर्दिवा (ग्वाला) जाने गर्दथे । गाई, गोरु, राँगा, भैंसी, भेडा, बाख्रा चराउन जाने मानिसलाई ग्वाला वा बर्दिवा भनिन्छ । त्यस ठाँउका बाह्र जना ग्वाला गएको बारेमा किम्वदन्ती रहेको छ । बाह्र बर्दिवाहरू आफ्ना पशुहरू जंगलमा चराउन लगि वरि सिङ्गना नालामा पानी पियाएर चिकना पकडियाको रुखहरूको मुनी गोठने, बिसाउने गर्दथे । यसरी उनीहरूको दिनचर्या वित्ने गर्दथ्यो । एक दिनको कुरा हो हाल बारबर्दिया मन्दिर रहेको स्थान जहाँ त्यस वेला जंगल फाँटा थियो । त्यस ठाउँमा उनीहरू एउटा खेल खेल्ने निधो गरे । ती बाह्र जनामध्ये एक जना केसौका बने, एक जना गुर्वा बने, एक जना कुखुराको भाले बने, एक जना कुखुराको पोथी बने, एक जना बोका बने, एक जना बाख्रा बने, एक जना सुगुंरको पाठो बने, एक जना सुगुंरको पाठी बने, एक जना भेरा बने, एक जना भेरी बने, एक जना भाले हाँस बने भने एक जना पोथी हाँस बने । यसरी बाह्रजना बर्दिवाहरूले आ-आफ्नो भूमिका निभाउदै खेल खेल्ने क्रममा गुर्वा बन्नेले देवता चढाउने मन्त्र जप्न थाले, पचरा गित गाउन थाले । गुर्वाले मन्त्र जप्न थालेपछि केसौका छ छ गर्दै देवी देवताहरूको लागि वलीको माग गर्न थाले । यसरी केसौकाको मुखवाट वलीको माग गरेको हुदा गुर्वाले पक्कै पनि देवि देवताहरूले वलीको माग गरेका हुन भनि संम्भिति कुखुराको भाले, कुखुराको पोथी, बोका, बाख्रा, संुगुरको पाठो, संुगुरको पाठी, भेरा, भेरी, भाले हाँस, पोथी हाँस बनेका दश जना बर्दिवाहरूको घाँटी कुसको डोभले रेटेर अलिअलि खुन चढाई बाहिर फाल्ने बेला ति सबै बर्दिवाहरू त्यही ठाँउमा आलोप भए । दशै जना बर्दिवाहरू जहाँको त्यहीं अलप (मृत्यु) भएपछि बाँकी रहेका दुई जना मध्ये एक जना गुर्वा र एक जना केसौका पनि गाउँलेहरूका डरले त्यही कुसको डोभले आ-आफ्नो घाँटी रेटी त्यही मुत्यु बरण गरे । ती बाह्र बर्दिवाहरू बेलुका रातिसम्म पनि घरमा नआएपछि गाउँका मानिसहरू उनीहरूको खोज तलास गर्न थाले । यसरी खोजी गर्ने क्रममा चिकना पकडियाको रुखहरू रहेको जंगल फाँटामा मृत्युवरण गरेको भेटाए । बाह्र जना बर्दिवाहरू सबैको एकै किसिमले मृत्यु वरण भएको हुदा तिनीहरू जसको जहाँ लास थियो त्यही ठाउँमा गाडी माटोको थुम्को बनाई सोही स्थानमा सानो मन्दिर बनाई पुजापाठ गर्न थाले । पछि ती बाह्र बर्दिवाहरूलाई गाडेको स्थानवाट फरक फरक किसिमका रुखहरू जागेको कुरा त्यस गाउँका बरघर बताउँछन् । कोही साल भएर उम्रे, कोही ढौठी बनेर उम्रे, कोही आँप भएर उम्रे, कोही जामुन भएर उम्रे, कोही साज भएर उम्रे, कोही निम भएर उम्रे भने कोही बेलौती भएर उम्रे । यसरी स्थानको महत्वको आधारमा उक्त ठाउँको नाम बाह्रबर्दिया नामाकरण भएको किम्वदन्ती रहेको छ । पछि आएर बर्दिया जिल्लाको नाम पनि बाह्रबर्दियाकै आधारमा राखिएको स्थानीय बासिन्दाहरू बताउँछन । त्यसैगरी यहीं ठाँउका जनताहरूको माग अनुसार ऐतिहासिक साँस्कृतिक धरोहरको रुपमा रहेको बाह्रबर्दिया मन्दिरको नामबाट बारबर्दिया नगरपालिका नामाकरण गरिएको बारबर्दिया नगरपालिका वडा नं ५ का वडा अध्यक्ष लाल बहादुर चौधरी बताउनुहुन्छ । नेपालमा मलेरिया उन्मुलन भएपछि पहाडबाट बर्दियामा बसाई सर्ने चाँप बढ्यो । त्यस ठाँउमा गैर थारूहरूले पनि खेतवारी जोहो गरी घर बनाई बसोवास गर्न थाले । बाह्र बर्दिया मन्दिर अलि सानो र काचो माटोको भएकाले प्रत्येक वर्ष बनाउनु पर्ने हुँदा साविक



बाह्रो बर्दिया मन्दिर *(मोहनलाल थारू र लालबहादुर चौधरीको सहयोगमा तयार पारिएको)*

पदनाहा गा.वि.स वार्ड नं. ३ बनघुस्री निवासी हरिहर उपाध्यायले बाह्रबर्दियाको पक्की मन्दिर बनाए भन्ने भनाई रहेको छ । पछी मर्मत सम्भार नभएपछी उक्त मन्दिर जीर्ण हुन गएपछि बुढान कुलापानि समितिले मर्मत सम्भार गरेको हो । बाह्रबर्दिया मन्दिरमा अझैपनि आश्विन पञ्चमीको समयमा बुढान टप्पाका किसानहरू धाक बजाउने कार्य गर्नुका साथै पुजापाठ गर्दै आइरहेका छन् । हरेक सोमबारका दिन चौकिदार र चिरक्याहरूले मन्दिर लिपपोत गर्ने मन्दिर भित्र र मन्दिर वरीपरी सरसफाई गर्दै आइरहेका छन् ।

### जनविश्वास

बाह्रवर्दियाको नाम वाट मन्दिर स्थापना गरी पुजापाठ गर्न शुरु गरेपछि त्यो स्थान ऐतिहासिक र सांस्कृतिक रुपमा महत्वपूर्ण भयो । त्यस स्थानमा पुजापाठ गर्न वा दर्शन गर्न जाने भक्तजनहरू जसरी गए उसरी नै फर्कनु पर्ने हुन्थ्यो । अर्थात जुन दिशामा मुख फर्काएर त्यस मन्दिरमा छिर्‍यो सोही दिशामै मुख फर्काएर मन्दिर परिसर भन्दा बाहिर निस्कनु पर्दथ्यो । यदि त्यसो नगरेमा त्यस मानिसलाई वा त्यस मानिसको परिवारमा अनिष्ट हुने गरेको किम्वदन्ती रहेको छ । त्यस मन्दिर परिसर वरिपरी दिसा पिसाव वा फोहर गरेमा जसले दिसा पिसाव वा फोहर गर्छ त्यस मानिसलाई वा त्यस मानिसको परिवारमा अनिष्ट हुने गरेको किम्वदन्ती पनि रहेको छ । त्यस मन्दिरमा पुजाआजा गर्ने पशुवली चढाउने गर्ने मानिस वा त्यसको परिवारको फलीफाप हुने, रोग व्याधी नलाग्ने, पशुपंछीहरू सप्रने, बालीनाली सप्रने जनविश्वास रहेको छ भने गाउँलेहरूले खासगरी बुढान टप्पाका किसानहरूले आश्विन पञ्चमीको समयमा धाक बजाउने कार्य गर्नुका साथै पुजापाठ गर्दा गाउँको सुरक्षा हुने, गाउँमा बाघ, भालु लगायतका जंगली जनावरहरूले नसताउने, गाउँका पशुपंछीहरू सप्रने, गाउँमा रोपेका छरेका बालीनालीहरू सप्रने जनविश्वास रहेको छ ।

### अवस्थिती

बारबर्दिया नगरपालिका वडा नं ५ बाह्रबर्दिया गाउँमा रहेको यो मन्दिर नेपालको पुर्व पश्चिम राजमार्ग अन्तरगत बर्दिया जिल्ला भित्र पर्ने बैदीचोकबाट ७ किलोमिटर दुरीमा रहेको जयनगर बजारदेखि दक्षिणतर्फ ३ किलोमिटर दुरीमा रहेको छ । यस मन्दिरमा जानका लागि बारबर्दिया नगरपालिका वडा नं ५ बनघुस्री हुदै बाह्रबर्दिया गाउँ छिरेर जान सकिन्छ ।

### क्षेत्रफल

यस मन्दिरको क्षेत्रफल पहिले ४ विघा भन्दा बढिमा छरिएर रहेको भएतापनि हाल करिव ४ कट्ठा जग्गामा सिमित रहेको छ ।

## १.१२ फेनापट्टी मरुवा

### परिचय

बर्दिया जिल्ला बारबर्दिया नगरपालिका वाड नं. ५ को बैदी गाउँमा रहेको फेनापट्टी मरुवा ऐतिहासिक तथा साँस्कतिक पहिचान



फेनापट्टी मन्दिर *(मोहनलाल थारूको सहयोगमा तयार पारिएको)*

बोकेको मन्दिर हो । बैदीमा स्थापित फेनापट्टी मरूवाको स्थापना फेना टप्पा लगायत वरीपरीका मानिसहरू बर्षेनी पुजाआजा गर्ने गर्दछन् ।

## ऐतिहासिक पृष्ठभूमि

कुनै समयमा घना जंगल रहेको साविक धधवार गाविसको बैदी नजिकैको त्यस स्थानमा आदिवासी थारूहरूको बसोवास रहेको थियो । घना जंगल भएका कारण त्यस गाउँमा जंगली जनावर बाघ, भालु, हात्ती, गैंडा लगायतका जनावरहरूको एकदमै डर हुने गर्दथ्यो । जंगली जनावरले एकदमै सताउने गर्दथे । खासगरी बाघले त्यस गाउँका मानिसहरूलाई, पशु चौपायाहरूलाई सखाप पार्ने गर्दथ्यो । त्यस गाउँका गुर्वाहरूले जंगलको पुजाआजा गर्ने गर्न थालेपछि बाघले प्रत्येक दिन एक घरको एक जनालाई मात्र आहाराको रुपमा लग्ने सहमति भएको किम्वदन्ती रहेको छ । यसरी सदियौंदेखि चलि आएको रीति अनुसार फेना टप्पा भित्र रहेको तत्कालिन मगरागाडी र धधवार गा.वि.स. (फेना टप्पा) का जनताहरू प्रत्येक दिन प्रत्येक घरबाट पालो अनुसार बाघको शिकार हुनुपर्ने थियो त्यसको लागि जुन घरमा बाघको शिकार हुनु पर्ने हो त्यस घरको छानोमा सेतो काग आएर बसेर संकेत गर्दथ्यो । एक दिनको कुरा हो बिहान सेतो काग एउटा घरको छानोमा बसि बोलेर संकेत गर्‍यो कि आज यसै घरको पालो हो । त्यसपछि उक्त घरमा खैला बैला मच्चीयो घरको मुलिले भन्यो म जान्छु बाघको अगाडि, छोराले भन्यो मै जान्छु, बुहारीले भनी म जान्छु यस्तै यस्तै चिन्तामा ग्रस्त थियो उक्त परिवार । केही समयपछि एक जना बुढो मान्छे लौरो टेक्दै सो घरमा पुग्यो र भन्यो मलाई धेरै भोक लागेको छ मलाई भात खान दिनु पर्यो । त्यो घरका सदस्यहरूले भन्न थाले आज सेतो बाघ हाम्रो घरमा आउँदैछ आज हाम्रो पाला हो शिकार (आहारा) बन्ने । बाघको सामुन्ने को जाने भनि विवाद भैरहेको छ, हामी त चिन्ताले गर्दा खाना पकाएकै छैनौं तपाइलाई कहाँ बाट खाना ल्याई दिने हो । सो कुरा सुन्दा बुढा भिखारीले भन्यो सारै नै भोक लागेको छ मलाई खाना बनाएर खान दिनुस् । तपाईहरूको सट्टा म बाघको अगाडि जान्छु भन्दा, ती घरका मानिसहरू खुशी भई खाना बनाई खाना खुवाई आफुहरू घरभित्र सुते अनि ती बुढाको लागि घरको बलेनी (ओसरहवामा) विछ्यौना लगाइ सुत्न दिए । रातको १२ बजेतिर सेतो बाघ आयो ती बुढालाई त्यो बाघले घुमफिर गरी, सुंघी त्यतीकै फर्कियो । ती बुढा भिखारीलाई खाएन । बिहान भयो ती घरका मानिसहरूले यो घटना फेना टप्पाका सबैलाई जानकारी गराए । सारा फेना टप्पाका जनताहरू जुटेर ती बुढालाई आग्रह गर्न थाले आज राति फेरी पाहुना भएर बसि दिन पर्यो । तर ती बुढाले यो मलाई अन्त जानु छ । यो गाउँमा आज मात्रै बास बसेको हुँ, साह्रै भोक लागेकाले मलाई बास बस्न परेको हो । म अब हिंडीहाल्छु । तर त्यस गाउँका जनताले मानेनन् ती बुढालाई जसरी भएपनि बास बसिदिनु पर्‍यो भनी आग्रह, अनुनय, विनय गर्न थालेपछि ती बुढा थप एक रातको लागि मात्रै बास बस्छु भनि बास बसे । सो राती पनि सेतो कागले संकेत गरेको घरमा सेतो बाघ आई चारैतिर घुमफिर गरी त्यत्तिकै फिर्ता भयो ।

अर्को बिहान फेना टप्पाका सारा किसानहरू जुटेर अनुरोध गर्न थाले कि बाघबाट छुटकारा पाउने उपाय गरिदिन पर्यो । निजहरूको कुरा सुनि बुढाले भने सेतो बाघबाट छुटकारा पाउन पुरै फेना टप्पाका जनताहरू मैले भने अनुसार गर्नु भयो भने बाघबाट छुटकारा पाउने उपाय छ । बडो हर्षित भै जनताहरू भन्न थाले हजुरले जे भन्नु हुन्छ त्यो मान्न तयार छौं । त्यसपछि बुढाले भने कि यस ठाउँमा बाघेश्वरी माता (बागेश्वरी मन्दिर)को स्थापना गर्नुपर्छ । माताको दर्शन गर्नुपर्छ । फुसको मरूवा (झुपडी) बनाउनुपर्छ । आश्विन पन्चमीको दिन धाक बजाइ गुरूवाई गर्नुपर्छ । सो गरेबापत घरधुरीको हिसाबले मलाइ १ पसेरी (२ किलो ५०० ग्राम) धान तिहाइको रूपमा वर्षेनी दिनु पर्नेछ । सो कुरा सुन्दा फेना टप्पाका सारा जनताहरू मान्न तयार भए । बुढाले भने बमोजिम फेनापट्टीको मरूवा (मन्दिर) तयार गरे, आश्विन पंचमीको राती धाक लगाए बिहान बागेश्वरी माता, फेनापट्टीको दर्शन गरे सोही दिनदेखि सारा फेना टप्पाका जनताहरू सेतो काग र सेतो बाघबाट छुटकारा पाए जनताहरू खुशहाल भए भन्ने भनाइ रहेको छ ।

## जनविश्वास

ऐतिहासिक, धार्मिक र सांस्कृतिक रुपमा महत्वपुर्ण रहेको फेनापट्टी मरुवामा पूजाआजा गर्ने पशुवली चढाउने गर्ने मानिस वा त्यसको परिवारको फलीफाप हुने, रोग व्याधी नलाग्ने, पशुपंछीहरू सप्रने, बालीनाली सप्रने जनविश्वास रहेको छ भने गाउँलेहरूले खासगरी फेना टप्पाका किसानहरूले पूजापाठ गर्दा गाउँको सुरक्षा हुने, गाउँमा बाघ, भालु, हात्ती लगायतका जंगली जनावरहरूले नसताउने, गाउँका पशुपंछीहरू सप्रने, गाउँमा रोपेका छरेका बालीनाली सप्रने जनविश्वास रहेको छ ।

## अवस्थिति

बारबर्दिया नगरपालिका वडा नं १० बैदी धधवार गाउँमा रहेको यो मन्दिर नेपालको पूर्व पश्चिम राजमार्ग अन्तरगत पर्ने

बैदीचोकबाट दक्षिणतर्फ बबई सिंचाइ आयोजनाको कार्यालय हुँदै ३ किलोमिटरको दुरीमा रहेको छ ।

### क्षेत्रफल

यस मरुवा (मन्दिर) को क्षेत्रफल पहिले करिब ३ विघा भन्दा बढिमा छरिएर रहेको भएतापनि हाल करिव ३ कट्ठा जग्गामा सिमित रहेको छ ।

## १.१३ सदाशिव मन्दिर

### परिचय

बर्दिया जिल्ला बारबर्दिया नगरपालिका वडा नं. ५ सदाशिव टोलमा रहेको सदाशिव मन्दिर एक ऐतिहासिक मन्दिर हो । जमिन्दार तथा किसानदेखि सर्वसाधारणसम्मका जनताले माघे संक्रान्ति मनाई सकेपछि यसै मन्दिरको प्रांगणमा बसी खोज्नी बोज्नी गर्ने चलन रहेको छ । उक्त माघे संक्रान्तिको दिन रात्रि मेला पनि लाग्ने गर्दछ । साथै शिवरात्रिमा भक्तजनहरूको ठूलो भिड हुने गरेको पाइन्छ ।

### ऐतिहासिक पृष्ठभूमि

किम्वदन्ती अनुसार धेरै वर्ष पहिले भारतबाट आउने गरेका बन्जाराहरू गाउँघरमा आई डकैटी गर्ने, चोरी गर्ने, गोठमा रहेका पशुहरू खोलेर लैजाने गर्दथे । एक दिनको कुरा हो सदाशिव मन्दिर रहेको स्थानमा साक्षात् भोलेनाथ (शिवजी) आफ्नो डमरु बजाई रहेको समयमा ती बन्जाराहरू आउँदा शिवजीलाई सोधे, हामीहरू यस क्षेत्रमा आउदा डरले चराचुरुङ्गी समेत चुप लाग्छन् तिमि को हो ? भन्दा शिवजी उनीहरूको जवाफ नदिई आफ्नै धुनमा डमरु बजाउँदै भजनमा लीन रहँदा ती बन्जाराहरूलाई निकै रिस उठि, ती बन्जाराहरू आफ्नो साथमा रहेको तरवारले प्रहार गर्दा त्यहाँ कंक्कर, पत्थर (शिवलिङ्ग) भै दिनु भयो, उक्त कंक्कर पत्थर(शिवलिङ्ग) बाट रगतका धारा बग्न थाल्यो, ती बन्जाराहरू सोचे यो त जीउदो रहेछ, यसलाई साथमा लिएर जाने भनेर उक्त शिवलिङ्गलाई उचाल्न खोज्दा शिवलिङ्ग झन तल जमिनमा धसिन थाल्यो ती बन्जाराहरू रातीमा जति खन्थे त्यतिनै तल धसिदै जाँदा दिक्क भएर आफ्नो बाटो लागे । सोही समयमा आकाशबाट आवाज आयो, “हे बन्जारा हो तिमिहरूले मलाई असाध्यै दुख दियौ, म तिमिहरूलाई श्राप दिन्छु कि आजका दिन देखि तिमिहरू यस क्षेत्रबाट क्षय हुनेछौ, विलय हुनेछौ” । तिमीहरूको सर्वनाश हुनेछ । सोहि दिन देखि बन्जाराहरूको यस क्षेत्रबाट क्षय (विलय) भएको हो । यहाँका जनताहरू, भक्तजनहरू, बिहान शिवजीसँग भेट गर्न आउँदा ती शिवजी (शिवलिङ्ग) को रुपमा परिवर्तन भएको, उक्त लिङ्गबाट रगतको धारा बगेको देखेपछि साक्षात शिवजी नै हुन् भनि सबै जना मिलि, त्यही शिवलिङ्गलाई शिव भगवानको रुपमा मानी पूजापाठ गर्न थाले । २०२४ सालको कुरा हो, साविक गा.वि.स मगरागडी-१ स्थित एउटा ठूलो बुढो रुख मुनि रहेको सदाशिव मण्डप भएको रुखमा चटयाङ्ग पर्दा, उक्त रुख जल्दा आगोको अगाँर,उक्त खरको मण्डपमा खस्दा समेत, कुनै असर नपरेकोले, मगरागडी निवासी स्व.कालिराम चौधरीले प्रतिबद्धता गर्नु भयो कि जबसम्म यो मण्डपलाई पक्का मन्दिर बनाउँदैन तबसम्म आफ्नो घर बनाउँदैन । सोही मुताविक वहाँले २०२६ सालमा हाल रहेको सदाशिव मन्दिर निर्माण गर्नु भएको थियो । मन्दिरको महन्थहरूमा थारू समुदायबाट क्रमशः बाबुराम दास, मदारी दास, अमर दास र हाल जालीराम दास रहनुभएको छ ।

### जनविश्वास

जमानादेखि हालसम्म यस मन्दिरमा माघे संक्रान्तिमा भक्तजनहरूको ठूलो घुँइचो लाग्ने गरेको छ । बालबच्चा नपाउने महिलाहरू ३ वर्ष लगातार माघे संक्रान्तिमा जल चढाई पूजापाठ गरेमा भगवान शिवले सन्तान दिन्छन् भन्ने जनविश्वास रहेको छ । साथै यस मन्दिरमा पूजापाठ गरेमा रोग व्याधी नलाग्ने, घर परिवारमा सुख शान्ति छाउने, मागेको बरदान पुरा हुने जनविश्वास रहेको छ ।



सदाशिव मन्दिर *(मोहनलाल थारूको सहयोगमा तयार पारिएको)*

## अवस्थिती

बर्दिया जिल्ला बारबर्दिया नगरपालिका वडा नं. ५ सदाशिव टोलमा रहेको सदाशिब मन्दिर नेपालको पूर्व पश्चिम राजमार्ग अन्तरगत बर्दिया जिल्लाभित्र पर्ने बैदीचोकबाट ७ किलोमिटर दुरीमा रहेको जयनगर बजारदेखि पूर्वतर्फ १ किलोमिटर दुरीमा रहेको छ ।

## क्षेत्रफल

मन्दिर स्थापना हुँदाका वखत करिव ३/४ बिघा क्षेत्रफल ओगटेको यस मन्दिर हाल आएर जम्मा ४ कट्ठा जग्गा क्षेत्रफलमा सिमित रहेको स्थानीय समाजसेवी मोहनलाल थारू बताउनु हुन्छ ।

# अध्याय दुई

## बाँके जिल्लाका थारु सांस्कृतिक सम्पदाहरु

वि.स. १९१४ मा भारतमा भएको सिपाही विद्रोहको समस्या समाधान गर्न तत्कालीन प्रधानमन्त्री श्री ३ जङ्ग बहादुर राणाले ब्रिटिस इष्ट इण्डिया कम्पनीलाई सहयोग गरे बापत वि.स. १८७३ को सुगौली सन्धिबाट गुमेको भू-भागमध्ये पुरस्कार स्वरूप वि.स. १९१७ मा बाँके, बर्दिया, कैलाली, कञ्चनपुर नेपाललाई फिर्ता आएकोले उपर्युक्त बाँके लगायतका जिल्लाहरूलाई नयाँ मुलुकका रूपमा चिनिन्छ। आर्थिक दृष्टिकोणले समग्र मध्य तथा सुदुर नेपालको मेरूदण्डको रूपमा यो जिल्ला रही आएको छ। यातायात, विद्युत, उद्योग तथा विकासका हरेक पुर्वाधारको राम्रो विकास भएको यो जिल्लामा पश्चिम नेपालको ठुलो शहर नेपालगञ्जको नाका भारतसँग जोडिएको छ। नेपालगञ्जदेखी १६ कि.मी. को दुरीमा रहेको कोहलपुर यहाँको अर्को महत्वपूण व्यापारिक केन्द्र हो। नगरपालिका कायम भएको कोहलपुर सिङ्गो मध्य तथा सुदुर पश्चिमको प्रवेशद्वार हो। बाँके जिल्ला यो क्षेत्रको उद्योग, शिक्षा र स्वास्थ्यको राजधानी मानिन्छ। अति विकट कर्णाली र सुदूरपश्चिमका पहाडी जिल्लाहरूमा यहाँबाट खाद्यान्न तथा आवश्यक वस्तुको ढुवानी हुने गर्छ। नेपालगञ्ज विमानस्थल क्षेत्रीय विमानस्थल को रूपमा रहेको छ। यो जिल्लाको मुख्य विशेषता भनेको सदियौंदेखि हरेक धर्म र जातजातिका मानिसहरू मिलेर बसोबास गरी भाइचाराको सन्देश दिनु हो। यहाँ रहेका बागेश्वरी मन्दिर, जामे मस्जिद, गुरूद्वारा, भुवर भवानी मन्दिर र बौद्ध गुम्बाहरू यहाँको सांस्कृतिक धरोहरहरू हुन्। साथै नेपालको कान्छो निकुञ्ज बाँके राष्ट्रिय निकुञ्ज यो क्षेत्रको गौरब हो।

यस जिल्लाको नाम बाँके रहनुको पछाडी विभिन्न जनश्रुति धार्मिक एवं पौराणिक आख्यानहरू रहेको पाइन्छ। ती मध्ये केही यस प्रकार छन्।

परापूर्वकालमा तराई क्षेत्रमा औलो कालाजार जस्ता रोगहरूको प्रकोपले गर्दा यस क्षेत्रमा वसोवास गर्ने अधिकांश मानिसहरूको मृत्यु हुन गई थोरै मानिसहरू मात्र यस क्षेत्रमा बाँकी रहेकोले बाँकी मानिसले बसोवास गरेको ठाउँ भन्दै जाँदा पछि अपभ्रंस भई यस ठाँउलाई बाँके भन्न थालिएको पाइन्छ।

सत्ययुगमा सतीदेवीको जिब्रो पतन भई त्यस ठाँउमा वाक्यस्वरी देवी उत्पन्न भई स्थापित वाक्यस्वरी हाल वागेस्वरी मन्दिर रहेको स्थानलाई छोटकरीमा वाक्य भनिदै जाँदा पछि बाँकेमा परिणत भएको भनाइ पनि रहेको छ।

परापूर्वकालमा यहाँका मानिसहरूले घाम, पानी, हुरी, वतास आदिबाट सुरक्षित रहन वरिपरी घुमाएर बाँके खालका घरहरू निर्माण गर्ने गर्थे भन्ने इतिहास छ। अधिकांश बाँके घरहरू रहेको बस्तीलाई बाँके बस्ती भन्दै जाँदा पछि जिल्लाको नाम नै बाँके रहन गएको हो भन्ने जनश्रुति पनि पाइन्छ। यस जिल्लामा तराईमा वस्ने थारू लगायत विभिन्न जातजातिहरू पहाडवाट वसाई सराई गरी आएका ब्राहमण, क्षेत्री, ठकुरीहरू पनि उल्लेख्य मात्रामा वस्ने भएकाले सांस्कृतिक सम्पदाहरूमा पनि विविधता रहेको छ। विशेष गरेर राप्ती सोनारी ३ बनघुस्रीमा रहेको भुवर भवानी मन्दिर थारू सांस्कृतिक सम्पदाको रूपमा प्रख्यात छ।

## २.१ भूवर भवानी मन्दिर

### परिचय

भूवर भवानी मन्दिर बाँकेको साविक बैजापुर गा.वि.स.- ५, बनघुस्री गाउँमा रहेको छ। हाल राप्ती सोनारी गाउँपालिका वडा नं ३ मा पर्दछ। पहिले नै रैथाने थारू, अहिर, राजी, गरारी, बञ्जाराहरू यस भूगोलमा बस्दै आएका थिए। विक्रम सम्वत् १९७० सालदेखि थारू बस्ती सघन हुन थालेको जानकारहरू बताउँछन्। अहिर, गरारी र बंजाराहरू अस्थायी रूपमा बसोवास गर्ने घुमन्ते रूपमा पशुपालन गर्दै हिँड्ने र राजीहरूको सङ्ख्या भएकाले थारू समुदायमा घुलमिल भएकाले पछि सोलारमा थारूहरूको बस्ती मात्र रहन गएको हुनसक्ने स्थानीय बुद्धिजिवी तुल्सीराम थारू बताउँछन्। त्यसो त बघौडा क्षेत्रमा यादव अहिरहरूको बस्ती पाउन सकिन्छ। सय वर्ष पहिले देखिनै भुवर भवानी मन्दिर रहेको बताइन्छ। पहिले सोलार क्षेत्र जसमा हालको बैजापुर, विनौना, कचनापुर गाविसले ओगटेको भवनियापुर, जुरपनिया, विनोना पूराना गाउँ हुनू भनेर सतासी वर्षीय कुलवीर थारू बताउछन्।

### ऐतिहासिक पृष्ठभूमि

पहिले घनघोर जङ्गल थियो। ठाउँठाउँमा छरिएको बस्ती थियो। बाघ, भालु, हात्ती, सर्प बिच्छीको बिगबिगी थियो। हरेक दिन कुनै



भुवर भवानी मन्दिर, राप्तीसोनारी ३ बनघुस्री

न कुनै गाउँमा घटनाको समाचारले बस्ती आतंकित हुने गर्दथ्यो । जनश्रुति अनुसार एक दिन पश्चिमबाट आएका राजी दम्पती हालको माथेवास भनिने हर्डेहवाको खेतमा बसेछन् । स्थानीय गाउँलेले सोलार क्षेत्रमा रहेका बाघ भालुले मानिस खाइरहेकोले खुल्ला रूपमा नबस्न बिन्ती गरे । तर ती राजी दम्पती आफूहरूलाई केही नहुने कुरा आस्वस्त पारेर खेतमा सानो कुटी बनाई रात कटाए । बुढाबुढीलाई बाघले आहारा बनायो होला भनेर बिहान हेर्न जाँदा त तिनीहरूलाई सकुशल पाउँदा गाउँले आश्चर्यचकित भए । कसरी त्यस्तो सम्भव भयो भन्दा उनी सिद्धी प्राप्त गुरूवा रहेछन् । तिनले आफ्नो आत्मज्ञानको माध्यम बाट बनदेवी भुवर भवानीलाई मनाएको कारण उनीहरूलाई केही नभएको बताए । ती गुरूवाले भवानीलाई स्थान दिनुपर्ने बताएछन् । त्यसपछि सोलार क्षेत्रका सबैको सहभागितामा हाल बैजापुर ५, बनघुस्री गाउँको सिरानमा रहेको वनमा स्थान दिई ठनवा (मन्दिर) बनाई विधिपूर्वक पूजा अर्चना गरिएछ । त्यसपछि त्यस क्षेत्रमा बाघ, भालु हात्तीको प्रकोप कम हुँदै गएको जनविश्वास छ । त्यसपछि हरेक वर्ष मंसिर शुक्ल पञ्चमीमा लवाँगी र जेठ पञ्चमीमा ढुर्या पूजा गरिँदै आइएको छ जुन पूजा थारू जातिको महत्वपूर्ण पूजा मानिन्छ । बीस वर्षमा विशेष पूजा पनि गरिँदै आएको छ ।

**पूजा विधि**ः दैनिक रूपमा फूल, अक्षता, धुप बाली पूजा गर्ने चलन रहेको छ । पहिले पहिले थारू चिरक्याहरूले दियो बत्ती बाली पूजा गर्ने गरिएकोमा पछि अन्य समुदायका पूजारी पनि मन्दिरमा पूजा चलाउन थालेको देखिन्छ । वर्षको दुईपटक मंसिरमा अघनीया पूजा र जेठमा जेठी पूजा भव्यरूपमा थारू तान्त्रिक पूजा विधि अनुरूप गरिन्छ । त्यसबेला थारू मन्त्र पचरा गाइन्छ । पचराका सबै स्लोक र अध्याय जप्दै पाटी बसिन्छ । पचरा थारू जातिमा गुरूवाहरूको सबैभन्दा शक्तिशाली मन्त्रास्त्र हो । जुन मन्त्रमा समग्र प्रकृति र वातावणलाई नियन्त्रण गर्न सकिने विश्वास गरिन्छ । त्यस मन्त्रले गुरूवाको सम्मोहन क्षमता उजागर गर्दछ । दुश्मनलाई परास्त गर्न र मित्रलाई मोहित पार्नका लागि यो मन्त्र जपिन्छ । राजी थारू गुरूवाले त्यही पचरा मन्त्र जपेर जङ्गलका सबै बाघ, भालु, हात्ती र अन्य हिंस्रक जनावर र किट पतङ्गलाई वसमा पारी मनाएपछि सोलारका मानिसहरू सुरक्षित भएको मानेर नै त्यो पूजामा पचरा जपिन्छ । पूजा उत्सवमा अहिले पनि राजी थारू गुरूवाको धुप चलाइन्छ र मुल गुरूवा पनि तिनैका सन्तान रहने गर्दछन् । अहिले ती परिवार बर्दियाको बारबर्दिया नगरपालिकाको दुद्धा थानफेनामा बसोवास गर्दछन् । हरेक वर्ष गुरूवालाई विधिपुर्वक निमन्त्रणा गरी पूजा उत्सव मनाइन्छ । पूजामा अर्का सहयोगी गुरूवा जसलाई केसौका भनिन्छ भने सोलारकै रहने गरेका छन् । हाल बैजापुर-६, देउपूरका ५६ वर्षिय रामनारायण थारू तीन वर्षदेखि केसौकी गर्दै आएका छन् । पूजामा हरेक गाउँबाट कम्तीमा एक एक बोतल शुद्ध रक्सी (छाँकी) प्रसादको रूपमा ल्याइन्छ । एक वटा खसी, एक वटा बाखा (मर्युज) दुईवटा सुगुरका पाठा, पाँच वटा भाले, अक्षेता धुप, पानी, दियो बाल्ने माटाका भाँडा आदि आवश्यक पर्दछ । बीस वर्षमा विसासी पूजा गरिन्छ । जसमा एउटा राँगाको वलि दिइन्छ । दुई रातभरी ढाक (ठुलो खैजडी) बजाइ ढुमरू पढिन्छ । सँगै रहेको बागेश्वरी मन्दिरमा भूवर भवानीको पूजा गर्दा दुधको धार दिइन्छ । बागेश्वरीलाई रगतको धार नदिएर दुधको धार दिनुमा हिंसा नहोस् भनी प्रतिकात्मक रूपमा देखाउन खोजेको हुन सक्ने स्थानीय युवा पर्वराम थारूले बताउँछन् ।

## जनविश्वास

भूवर भवानीलाई मान मनौता गरेपछि पूरा हुन्छ भन्ने जनविश्वास रहेको छ । खासगरी निसन्तानहरूले विधिपूर्वक पूजा र भाकल गरेमा सन्तान प्राप्तहुने जनविश्वास रहेको छ । यस किसिमको प्राप्ती हुने श्रद्धालुहरू हजारौको संख्यामा रहेको मानिएको छ ।

सोलारमा नरेन्द्रविक्रम शाह, मोहनविक्रम शाह, हरिहर शाह, विजया महारानी, माधवी महारानी, गीता महारानीको नाममा बाइस सय विगहा विर्तावाल जग्गा रहेको २०२३ सालको नापीबाट यो कुरा खुल्न आएको हो । ती महाराजाहरू भारतको लखनउ, दिल्ली लगायतका ठूला शहरमा बस्थे । तिनीहरूको कोठारीको रूपमा खेमराज श्रेष्ठ थिए । श्रेष्ठले भुवरभवानी मन्दिर बनाउन पहल गरेको मन्दिरमा रहेको शिलालेखबाट थाहा हुन्छ । उनी र पूजारी गोपालनाथ योगी गोरखाका भएका र राजपरिवारहरूको छत्रछायाँमा रहेका व्यक्तिहरू भएकाले यो ऐतिहासिक एवम् प्रसिद्ध शक्तिपीठ बारेमा तत्कालीन राणा शासक र दरबारको दृष्टि थियो भन्ने देखिन्छ । नेपाल एकीकरण पूर्व तुलसीपुर अर्थात पाटन राज्य अन्तर्गत पर्ने यो भूमि दाङका राजा रतननाथले दिल्ली दरबारबाट प्राप्त गरी तुलसीपुरको पाटन देवीको मन्दिर दाङ चौघेरा मठको अधिन गरेको मानिन्छ । महाभाष्यकार पतञ्जलीको जन्म पनि यही क्षेत्रमा भएको र काठमाडौं पश्चिमको बौद्धिक केन्द्र रहेको र नरभुपाल शाहका गुरू गोकुल विलासले पाटन देवीकै उपासना गरेपछि पृथ्वीनारायण शाह जन्मिएका हुन् भनिएको कुरा इतिहासकार टेकनाथ गौतमले आफ्नो पुस्तक राप्ती अञ्चलको इतिहास तथा केही संस्मरणहरूमा लेखेका छन् । पहिले पहिले ठूला-ठूला भजन किर्तन, प्रवचन हुने, सिद्धबाबाहरूको नियमित आवागमन हुने गरेका तथ्यले पहिले भूवर भवानी प्राज्ञिक केन्द्र पनि रहेको अनुमान गर्न सकिन्छ । धर्मशालाको भित्तामा बनाइएका उत्कृष्ट तेल चित्रहरूले अद्भुत चित्रकारिताको परिचय दिन्छ । सोलारको भूवर भवानी मन्दिर, नेपालगंजको बागेश्वरी मन्दिर, दाङको गोरक्षनाथ, चन्दननाथ मन्दिर, रिहार मन्दिर, बर्दियाको ठाकुरबाबाको मन्दिर, सुर्खेतको देउती बजै मन्दिर कैलालीको घोडाघोडी र बेहडाको मन्दिरको अन्तर सम्बन्ध रहेको स्पष्ट देखिन्छ । यी मन्दिरहरू थारू लोक महाकाव्य अनुरूपका भूगोलमा रहेका छन् । यो भूगोलमा थारूहरूको निरन्तर बसोवास रहेको छ । पूजारी पनि पहिले थारू रहेका थिए । केही ठाउँमा हाल सम्म पनि थारू पूजारीहरूले पूजापाठ गरिरहेका छन् । भारतको उत्तर प्रदेशको श्रावस्ती जिल्ला अन्तर्गत तुलसीपुरमा रहेको पाटनदेवी (पटनही भवानी) मन्दिर पनि विशुद्ध थारू समुदायसँग सम्बन्धित छ । न्याय नपाए गोर्खा जानु भने जस्तै देवता हराए पाटन जानू भन्ने थारू जनश्रुति रहेको छ । दाङ उपत्यका छिर्ने पहिलेका मुख्यतः बघौडा सोलार र कोइलावास भएकाले यो क्षेत्रमा लामो समयदेखि बसोवास गर्ने र आवतजावत गर्ने बाटो मानिएको छ । सोलार बघौडाबीचको चुरे श्रृङ्खला थारू लोकमहाकाव्य फुलवारमा लटौ महादेवको प्रिय आवास क्षेत्र भएको उल्लेख गरिएकोले पनि भूवर भवानी पवित्र थलो प्रमाणित हुन्छ ।

## अवस्थिती

भुवर भवानी मन्दिर बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिका वडा नं ३, बनघुस्रीमा रहेको छ । वनमा घुस्रिएको गाउँ भएकोले यस गाउँलाई बनघुस्री भनिएको हो । बाँके जिल्लाको सदरमुकाम नेपालगञ्जदेखि राजमार्गको बाटोमा पूर्व करिब ६० किलोमिटरको दुरीमा मन्दिर थोरै उकालोपछि डाँडामा अवस्थित रहेको छ । राप्ती नदी भन्दा करिब २.५ कि.मि.दक्षिण पूर्व हरेक वर्ष खरको झुपडी बनाएर भुवर भवानीलाई पूजा गरिदै आएको थियो । हरेक वर्ष डढेलोका कारण खरको झुपडी नष्ट हुने गरेकोमा कोठारी एवम् स्थानीय जमिन्दार दिल्लीमान श्रेष्ठ जो गोरखाबाट सोलारमा कोठारी भएर आएका हुन्, उनका छोरा खेमराज श्रेष्ठको पहल र सोलर टप्पाका बासिन्दाहरूको मुठीदानबाट उठेको पैसाले विक्रम संवत् २०१३ सालमा भुवर भवानी मन्दिर निर्माण गरिएको पाइन्छ । प्यागोडा र शिखर शैलीको मिश्रण गरी बनाइएको यस मन्दिरको उत्तर पश्चिममा गहिरो कुवा रहेको छ जसमा कहिल्यै पनि पानी सुक्दैन । दक्षिणतर्फ दुई कोठा र पटाँगिनीसहितको धर्मशाला छ । धर्मशालाको सय मिटर दक्षिणमा बागेश्वरी मन्दिर स्थापना गरिएको छ । भुवर भवानी मन्दिरमा श्रद्धालुले चढाएका मुर्तीहरू, घण्टाहरू, अन्य पूजाका सामग्रीहरू रहेका छन् । विशेषगरी बाघ, हात्तीका मुर्तिहरू देख्न सकिन्छ ।

स्थापनाकाल देखिनै राजी थारू गुरूवा पूजारीले नियमित पूजा गर्दै आएकोमा २०१३ सालदेखि गोरखाका पण्डित गोपालनाथ योगीले पूजारीका रूपमा कार्य सम्पादन सुरू गरेका थिए । गोपालनाथ योगीको शेषपछि उनकी धर्मपत्नी जनक योगीले २०३६ सालदेखि २०४६ सालसम्म मन्दिरको सबै पूजा र व्यवस्थापन गरेकी थिइन् । त्यसपछि विष्णु योगीले व्यवस्थापन सम्हाले भने विगत दश वर्षदेखि सल्यानका बलराम योगी पूजारीको रूपमा कार्यरत रहेका छन् । वि.स. २०२३ सालदेखि सोलार क्षेत्रमा घरकुरियाबाट घरौरा एक/एक लम्मर (पाँच किलो) धान, गहु, मकै, तोरी उठाउने व्यवस्था गरियो । हाल यो प्रक्रिया रोकिएको छ । पूजा समितिले पूजालाई निरन्तरता दिएका छन् । भूवर भवानी तथा रामकुटी संचालक समिति रहेको छ ।

## पहुँच

भुवर भवानी मन्दिर बाँके जिल्लाको सदरमुकाम नेपालगन्जभन्दा करीब २५ किलोमिटर पूर्व राप्तीसोनारी गाउँपालिका वडा नं ३, बनघुस्री गाउँमा रहेको छ । पूर्वपश्चिम राजमार्गको अगैया बजारबाट ५ किलोमिटर दक्षिण रहेको छ । श्रद्धालुहरू भारतका बहराइच, इलाहवाद, दिल्ली, लखनऊ, बलरामपुर, तुलसीपुर, उत्तर प्रदेश र बिहार राज्यबाट बढी आउँछन् । नेपालको काठमाडौं,

पोखरा, गोरखा, दाङ, सल्यान, प्यूठान, जाजरकोट, दैलेख, सुर्खेत, बाँके, बर्दिया, कैलाली, नवलपरासी लगायत जिल्लाबाट बढी आउने गरेको पाइएको छ। वर्षेनी लाखौंको संख्यामा भक्तजनहरू आउने गरेका छन्।

## क्षेत्रफल

बनघुस्री गाउँको सामुदायिक बनमा अवस्थित भुवर भवानी मन्दिरको ६ विगाहा जमिन रहेको छ। सोही जमिनबाट हुने उब्जाउबाट प्राप्त अन्न र राप्तीसोनारी गाउँपालिकाका तीन हजार घरकुरियाले गर्ने मुठीदानको आम्दानीबाट मन्दिरको दैनिक पूजा र अन्य व्यवस्थापन हुने गरेको छ।

# अध्याय तीन

## दाङ जिल्लाका थारु सांस्कृतिक सम्पदाहरू

दाङ लुम्बिनी प्रदेशको मध्यभागमा अवस्थित एशियाको ठूलो उपत्यका रहेको जिल्ला हो। यो जिल्ला समुन्द्र सतहबाट २१२ मिटर देखि २०५८ मिटरसम्म को उचाइमा रहेको छ। दाङमा विशाल दुईवटा उपत्यका र केहि पहाडी भूभाग रहेको यो जिल्ला ८२°२' देखि ८२°५४' सम्म पूर्वी देशान्तर र २७°३६' देखि २८°२९' सम्म उत्तरी अक्षांश बीच अवस्थित छ। यस जिल्लाको उत्तरमा रोल्पा, प्युठान र सल्यान पर्दछ भने दक्षिणमा भारत पूर्वमा कपिलवस्तु अर्घाखाची र पश्चिममा सुर्खेत, सल्यान र बाँके पर्दछ। दाङ जिल्लाको क्षेत्रफल २९५५ वर्गकिलो मिटर छ भने औसत लम्वाई ९० किलोमिटर र चौडाई ७२ किलोमिटर रहेको छ। दाङ जिल्लाका आदिवासी जातिहरू थारू हुन्। पछि अरू जातिहरू पहाडबाट यहाँ आई बसेको बुझिन्छ। वि.स. २०१४ सालसम्म यहाँ बढी संख्या थारूको, दोस्रो बाहुनको र अनि अरू जातिको थियो। नयाँ जमिन आवाद गर्न पाइने व्यवस्थाले बढी संख्यामा थारूहरू नयाँ मुलुकतर्फ सर्न लागे। बिर्ता उन्मुलन तथा भूमिसुधार थोरै समयका अन्तरालमा भएको हुनाले थारूहरूले अन्य समुदायलाई धमाधम जमिन बेच्न लागे। त्यसैबेला दाङबाट औलो उन्मूलन गरियो। औलोको डर रहेकोले थारूले छाडेको जमीनमा पहाडबाट मानिसको ओइरो लाग्यो। फलस्वरूप थारूहरूको संख्या घट्दै गयो। अघिदेखि दाङको उत्तरी काँठ पहाडी राजाहरूका अधिनमा र दक्षिणको मैदान भाग थारू राजाका अधिनमा थियो। बिक्रमको चौधौं शताब्दीको आखिरतिर यो जुम्लाको अधिनमा थियो। दाङ जिल्लाको सदरमुकाम घोराहीदेखि काठमाडौ सम्मको दूरी ४११ किलोमिटर रहेको छ। यस जिल्लामा दुईवटा उपमहानगरपालिका, एउटा नगरपालिका र सातवटा गाउँपालिकाहरू गरी १० वटा स्थानीय तहहरू छन्। आर्थिक, सामाजिक तथा सांस्कृतिक विविधताले भरिपूर्ण भएको दाङ जिल्लामा थारू राजा दंगीशरणको ऐतिहासिक दरवार सुकौराकोट, एशियाकै सबैभन्दा ठुलो त्रिशुल रहेको पाण्डवेश्वर महादेव धाम, गोरक्ष सिद्धरत्ननाथ मठ लगायतका आधा दर्जन भन्दा बढी थारू सांस्कृतिक सम्पदाहरू रहेका छन्।

## ३.१ पाण्डवेश्वर महादेव धाम

### परिचय

पाण्डवेश्वर महादेव धाम दाङ जिल्लाको एउटा प्रसिद्ध धार्मिक तथा ऐतिहासिक स्थल हो। यो धाममा विश्वको अग्लो त्रिशूल, १००८ वर पिपलको रूख, १०८ गौमुखी ढुङगेधारा, शिवलीङ्ग, साजको रूखहरू र ठुला साना बिभिन्न देबिदेबताको मन्दिरहरू रहेका छन्। यो धाम ऐतिहासिक, धार्मिक, पूरातात्विक र पर्यावरणीय दृष्टिकोणले अति नै महत्वपूर्ण मानिन्छ। त्यसै गरी दिनहुँ भगवान शिवको पूजा अर्चना गरिनुका साथै शिवरात्रीको दिन यस क्षेत्रमा भव्य मेला लाग्ने गर्दछ। यस स्थलमा नेपालभरीका तथा भारतबाट समेत भक्तजनहरू दर्शन गर्न आउने गर्छन्। साथै बनभोज खान आउने मानिसहरूको पनि बाक्लो उपस्थिति रहने गरेको छ।



पाण्डवेश्वर महादेव धाम, घोराही ५ धारपानी

### ऐतिहासिक पृष्ठभूमि

यो धामको नजिकै थारू गाउँबाट गाउँलेहरूले एक दिन रूख काट्न आए। रूख काट्न आएका गाउँलेहरू थारू जातिका थिए। गाउँलेहरू साजको रूख काट्न लागे, रूख काट्दा काट्दै साँझ भयो। आधा काटिसकेको रूख छाडि उनीहरू त्यतिकै घर फर्के। अर्को दिन पुनः उनीहरू उक्त रूख काट्न आए। तर

अचम्म आधा काटिसकेको रूख पुनः जस्ताको त्यस्तै देखियो । गाउँलेहरू अचम्मित हुँदै यो रूख र यो ठाँउमा दैबि शक्ति रहेको मानेर थारूहरूले यसको पूजा गर्न थाले । उक्त साजको रूख अझसम्म मन्दिर परिसरमा रहेको छ । यो ठाउँमा पाँच पाण्डवहरू बसेको विश्वास रहेको छ । पाण्डवहरूले यसै स्थानमा बर्का नाच नाचेको विश्वास रहेको छ । यहिबाट बर्का नाचको शुरूवात भएको पनि बताइन्छ ।

### जनविश्वास

यस धाममा दर्शन तथा पूजापाठ गर्नाले चिताएको पुग्ने, मनोशान्ति मिल्ने, मनोकामना पूरा हुने जनबिश्वास रहेको पाइन्छ ।

### अवस्थिती

यो धाम घोराही उपमहानगरपालिकाको वडा नं. ५, धारपानीमा रहेको छ ।

### पहुँच

यहाँ पुग्न घोराही उपमहानगरपालिकामा अवस्थित घोराही बजारदेखि दक्षिणतर्फ ९ किलोमिटर पक्की सडकको यात्रा तय गर्नु पर्दछ । निजी सवारी साधन, सार्बजनिक सवारी साधन, अटो रिक्सा आदिबाट यस ठाँउसम्म पुग्न सकिन्छ ।

### क्षेत्रफल

यस धामको जम्मा क्षेत्रफल २९.५ हेक्टर रहेको छ ।

## ३.२ बारकुने ताल

### परिचय

बाह्रकुने ताल ऐतिहासिक, धार्मिक र पर्यावरणीय दृष्टिकोणले अति नै महत्वपूर्ण मानिन्छ । बाह्रवटा कुना भएको प्राकृतिक ताल रहकोले यस काललाई बाह्रकुने ताल भनिएको हो । बाह्रकुने तालमा बिभिन्न मन्दिर, बनभोज स्थलहरू र वरिपरि बिभिन्न रूख बिरूवाहरू रहेका छन् । माघे संक्रान्तीको दिन यस क्षेत्रमा दर्शनार्थीहरूको बाक्लो उपस्थिति हुने गर्छ र यहाँ माघ पर्वको अवसरमा भव्य मेला समेत लाग्ने गर्दछ । यस स्थलमा नेपालभरीका तथा भारतवाट समेत भक्तजन तथा पर्यटकहरू दर्शन एवं अवलोकन गर्न आउने गर्छन ।

### ऐतिहासिक पृष्ठभूमि

प्राकृतिक रूपमा बाह्रवटा कुना भएको बाह्रकुने ताल र यो स्थल ऐतिहासिक, धार्मिक र पर्यावरणीय दृष्टिकोणले अति नै महत्वपूर्ण छ । प्राकृतिक रूपमा बाह्रवटा कुना भएको यस तालमा स्नान गरेपछि मनोकामना पूरा हुने जनविश्वास छ । यस स्थलको प्रचारप्रसार हुँदै आएको पाइन्छ । पछि यस स्थलको संरक्षण तथा प्रर्बद्धन गर्न थालिएको हो । यस बाह्रकुने दहमा बराह थान, झाँकी थान र गुरूवा थान गरि ३ ओटा थान रहेको छ । औलो उन्मुलन भन्दा धेरै समय अगाडि दाङमा पहाडबाट पहाडी समुदायको बसाई सराई नभएको समयमा सन्तान नभएका थारूहरूले सन्तान प्राप्तिका लागी यस स्थानमा स्नान गर्न जाने गरेको बताइन्छ ।



बाह्रकुने ताल, घोराही १३ सेवार

### जनविश्वास

यस धामको दर्शन गर्नाले मनोकामना पूर्ण हुने विश्वास

रहेको छ । साथै प्राकृतिक रूपमा बाह्रवटा कुना भएको यस तालमा स्नान गरेपछि छोरा छोरी नहुनेका छोरा छोरी प्राप्त हुने विश्वास पनि रहेको छ । माघी पर्वको दिन यस क्षेत्रमा दर्शनार्थीको बाक्लो उपस्थिति हुने गर्छ र भव्य मेला समेत लाग्ने गर्दछ ।

### अवस्थिती

यो स्थल घोराही उपमहानगरपालिका वडा नं. १३, सेवारमा पर्दछ ।

### पहुँच

यो स्थल घोराही बजारदेखि उत्तर-पश्चिमतर्फ ३ किलोमिटरको दूरीमा पर्दछ । बाह्रकुने ताल पुग्न निजी सवारी साधन वा बस/अटोरिक्साबाट पुग्न सकिन्छ । घोराहीबाट बाह्रकुने ताल जान पक्की सडक छ ।

### क्षेत्रफल

यस धामको जम्मा क्षेत्रफल ५३ हेक्टर रहेको छ ।

## ३.३ गोरक्ष सिद्धरत्ननाथ मठ

### परिचय

घोराही उपमहानगरपालिका वडा नं. १७, चौघेरामा अबस्थित सिद्धरत्ननाथ मठ नाथ पन्थको अति ऐतिहासिक, साँस्कृतिक, धार्मिक, आध्यात्मिक, पूरातात्विक महत्व बोकेको साँस्कृतिक धरोहर हो । यस मठमा नाथयोगको तान्त्रिक विधिद्वारा पूजा अर्चना गरिन्छ । यो मठ नाथयोग विद्या केन्द्र हो । यहाँ नवनाथ चौरासी सिद्ध चौसठ्ठी योगिनी सप्तऋषी एघार रूद्र, उनन्पचास भैरवको योग विधिले सजिएको यस मठ नाथयोगीहरूको आन्तरिक तप एवं आवरण कर्मकाण्ड सिक्ने स्थल पनि हो । यस मठको सम्बन्ध भारत स्थित देविपाटन मन्दिरसँग पनि रहेको छ ।

यस मठ परिसरमा गोरक्षपात्र देवता सिद्धरत्ननाथ मन्दिर, भैरवनाथ मन्दिर, पर्वस्थल (दलिचा), गोरक्षनाथ नवनाथ मन्दिर, ऐतिहासिक रत्नेश्वर महादेव, ऐतिहासिक कुवा, ऐतिहासिक गलैंचीको वृक्ष, प्रभात चित्रालय, गोरक्षरत्ननाथ पुस्तकालय, बिभिन्न वृक्षहरू लगायत ऐतिहासिक, साँस्कृतिक, धार्मिक, आध्यात्मिक, पूरातात्विक, पर्यावरणीय महत्व बोकेको साँस्कृतिक धरोहर रहेका छन् ।

### ऐतिहासिक पृष्ठभूमि

वि.स. ८०९ सालमा सिद्धरत्ननाथद्वारा स्थापना भएको यस मठमा प्रत्येक दिन १२ घण्टासम्म पूजा गरिने यो मठ नाथयोग विद्या केन्द्र हो । यस मठको सम्बन्ध घोराही १० अम्राईमा रहेको मन्ठोऱ्या भगवती मन्दिर र भारत स्थित तुल्सीपुरमा रहेको देविपाटन मन्दिरसँग पनि रहेको छ । हरेक बर्ष यस मठबाट गोरक्षपात्र देवता सिद्धरत्ननाथको सवारी चैत्र पञ्चमीका दिन देविपाटन मन्दिर पुगी चैते दशैंसम्म पूँजा गरी फिर्ती सवारी हुने चलन छ । सिद्धरत्ननाथ मठको सम्बन्ध थारू राजा दङ्गीशरणसँग सम्बन्धित रहेको छ । थारू राजा दङ्गीशरणको तेह्रौं पुस्ताका राजा मणी पारखुका छोरा रत्णपारखुले यस स्थलमा आई मन्दिर स्थापना गरेको पाइन्छ । रत्ण परिक्षकका केतुकी र भगवती गरी दुई वटा रानी थिए । पहिलो विवाह केतुकीसँग गरेका उनको सन्तान नभएपछि फेरी दोश्रो विवाह भगवतीसँग गरेका थिए । भगवतीवाट पनि सन्तान प्राप्त



सिद्ध गोरक्ष रत्ननाथ मठ, घोराही १७ चौघेरा

नभएपछि उनी वैराग्न भए अनी सन्यासी भएर गोरखनाथको तपस्या गर्न थाले । तपस्या गर्दै जाँदा गोरखनाथको छैठौं पुस्ताका चेला बन्न पुगेर सिद्धी प्राप्त गरे । सिद्धी प्राप्त गरेपछि रत्णपरिक्षक देवता भन्दा भन्दै श्रद्धालु भक्तजनहरूले उनलाई सिद्धरत्ननाथ देवता भनेर पुकार्न थाले । सिद्धि प्राप्त गरी देवता बनेका यिनै सिद्धरत्ननाथले गोरक्ष सिद्धरत्ननाथ मन्दिर स्थापना गरेको पाइन्छ । यस मठमा प्रत्येक वर्ष पिरफिरे मेला लाग्ने गर्दछ, जसलाई थारू भाषामा पिरम्याला भन्ने गरिन्छ । देविपाटनको धार्मिक यात्रा मेला, पात्रदेवताको महास्नान पूजा, काली रोटी महाभण्डारा पर्व जस्ता बिभिन्न पर्वहरू पनि लाग्ने हुनाले यो स्थल ऐतिहासिक तथा पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ ।

### जनविश्वास

यस मठमा दर्शन गर्नाले मनले चाहेको मनोकामना पूर्ण हुने जनविश्वास रहेको छ ।

### अवस्थिती

यो स्थान घोराही उपमहानगरपालिका वडा नं. १७, चौघेरामा अवस्थित छ ।

### पहुँच

यहाँ पुग्न घोराही बजारदेखि पूर्वतर्फ २ किलोमिटरको दूरीमा पर्दछ । निजी सवारी साधन वा अटोरिक्साबाट पुग्न सकिने यस स्थलसम्मको सडक पक्की रहेको छ ।

### क्षेत्रफल

यस धामले चर्चेको जग्गाको जम्मा क्षेत्रफल २२५ बिघा रहेको छ ।

## ३.४ बराहक्षेत्र बासुदेव स्थान लरैना

### परिचय

आध्यात्मिक, सांस्कृतिक तथा ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण रहेको बराहक्षेत्र बासुदेव मन्दिर घोराही उपमहानगरपालिकाको एउटा गहना हो । यो क्षेत्र साविक नारायणपुर गाविस हाल घोराही उपमहानगरपालिकाको वार्ड नं ९ मा रहेको छ । संरक्षण र विकासको पर्खाइमा रहेको यस स्थानमा प्रत्येक वर्ष माघ संक्रान्तिका दिन लरैनामा ठूलो मेला समेत लाग्ने गर्दछ । लरैनामा दर्शन गर्न दाङका विभिन्न स्थान लगायत बाँके, बर्दिया सुर्खेतबाट समेत दर्शनार्थीहरू आउने गर्छन् ।

### ऐतिहासिक पृष्ठभूमि

परापूर्वकालदेखि यस क्षेत्रमा वसोवास गर्ने सन्तान नभएका थारू समुदायका मान्छेहरूले विष्णु भगवानको रूप लरायाण (नारायण) लाई पुज्ने, जलब्रहालाई पुज्ने, १ भेडा वली दिने, पाँच वर्ष सम्म प्रत्येक वर्ष माघे संक्रान्तिको दिनमा नुहाउने गर्दा सन्तान प्राप्ती हुने भएर यस क्षेत्रको नाम लरैना भएको जनश्रुति रहेको छ । यस क्षेत्रमा आध्यात्मिक शक्तिको बिश्वास गर्दै यस क्षेत्रको बिकास भएको पाईन्छ । यो क्षेत्र घोराही १३ सेवारमा रहेको बाह्रकुने ताल (बराह क्षेत्र) सँग पनि सम्वन्ध रहेको पाइन्छ ।



बराहक्षेत्र बासुदेव लरैना, घोराही ९ पर्सेनी

### जनविश्वास

यस मन्दिरको दर्शन र पूजापाठ गर्नाले तथा यो मन्दिर क्षेत्रमा रहेको तालमा नुहाउँदा सन्तान नभएकालाई सन्तान प्राप्त हुने विश्वास रहेको छ ।

### अवस्थिती

यो स्थल घोराही उपमहानगरपालिका वडा नं. ९, पर्सेनीमा अवस्थित छ । घोराही–तुलसीपुर सडकखण्ड अन्तर्गत पर्ने नारायणपुर बजार नजिकको डोक्रेना चोकदेखि दक्षिणतर्फ २ किलोमिटरको दूरीमा रहेको बासुदेव लरैना मन्दिरको उत्तरतर्फ करिब एक बिघा बढी क्षेत्रफलमा फैलिएको तलाउ पनि रहेको छ । उक्त तलाउमा मनमोहक कमलको फूल अवलोकन गर्न सकिन्छ ।

### पहुँच

बराहक्षेत्र बासुदेव स्थान लरैना घोराही–तुलसीपुर सडकखण्ड अन्तर्गत पर्ने नारायणपुर बजार नजिकको डोक्रेना चोकदेखि मन्दिरसम्म पुग्नका लागि कच्ची सडक प्रयोग गर्नु पर्दछ । निजी सवारी साधन वा अटो रिक्सा प्रयोग गरेर सो स्थानसम्म पुग्न सकिन्छ ।

### क्षेत्रफल

यस धामको जम्मा क्षेत्रफल १ बिघा रहेको छ ।

## ३.५ मन्ठोरिया

### परिचय

पुरातात्विक तथा ऐतिहासिक दृष्टिकोणले महत्व बोकेको मन्ठोरिया मन्दिर नेपालको एक महत्वपूर्ण साँस्कृतिक सम्पदा हो । मन्ठोरिया मन्दिर देवि देवताद्वारा राताराता बनाएको मन्दिर मानिन्छ । मन्ठोरिया मन्दिरमा सबै चिजहरू ढुङगाले बनेको छ । यस धार्मिक क्षेत्रमा ढुङगाले बनेको ढिंकी, ढुङगाले बनेको चकिया, ढुङगाले बनेको घर इत्यादि धेरै संरचना रहेको छ । यी सबै चिज एक रातमा देवताद्वारा बनाइएको हो भन्ने विश्वास छ । यस धार्मिक क्षेत्रमा माघ महिनामा भव्य मेला लाग्ने गर्छ र पूजाआजा पनि हुने गर्दछ । यस धार्मिक क्षेत्रको खासै सरंक्षण र सम्वर्द्धन हुन भने सकेको छैन । यस मन्दिरको चर्चा भने दाङ लगायत थरूहट जिल्ला भरी रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

यस मन्ठोरिया धार्मिक क्षेत्र देविदेवताद्वारा एक रातमा बनाएको धार्मिक स्थल हो । यो मन्दिर बनाउँदा रातभर ढुङगाहरू फुटाएको आवाजहरू सुनिएको र विहान भाले बासेपछि उक्त ढुङगा फुटाएको आवाज बन्द भएको थियो भन्ने जनश्रुति रहेको छ । रातभरी निदाउन नसकेका वरिपरिका गाउँलेहरूले बिहान के भएको रहेछ भनि हेर्न जादा यी सबै सरंचनाहरू बनेको देखेर छक्क परेका थिए र त्यही समयबाट त्यस ठाउँमा पूजा गर्ने चलन सुरू भएको पाइन्छ । अर्कोतर्फ थारू राजा दंगीशरणको तेह्रौं पुस्ताका राजा मणी परिक्षकका छोरा रत्ण परिक्षकका केतुकी र भगवती गरी दुई वटा रानी थिए । पहिलो विवाह केतुकीसँग गरेका उनको सन्तान नभएपछि फेरी दोश्रो विवाह भगवतीसँग गरेका थिए । भगवतीबाट पनि सन्तान प्राप्त नभएपछि उनी वैराग्य भए अनि सन्यासी भएर गोरखनाथको तपस्या गर्न थाले । तपस्या गर्दै जाँदा गोरखनाथको छैठौं पुस्ताका चेला वन्न पुगेर सिद्धि प्राप्त गरे । सिद्धि प्राप्त गरेपछी रत्णपरिक्षक देवता भन्दा भन्दै श्रद्धालु भक्तजनहरूले उनलाई सिद्धरत्ननाथ देवता भनेर पुकार्न थाले । सन्यासी लिएका राजाले सिद्धि प्राप्त गरिसकेर देवताको रूप धारण गरेपछि उनले अन्तरध्यान गर्दा उनी सन्यासी भएर हिडेको बेला उनका दुबै रानीहरूले उनलाई खोज्दै खोज्दै जाँदा एकजना केतुकी रानीले भारतको तुल्सीपुर पाटनमा समाधी लिएको र अर्की रानी भगवतिले घोराही १० अम्राई स्थित मन्ठोरियामा समाधी लिएको पत्ता पाएपछि आफ्ना रानीहरूको सम्झनामा दुबै स्थानमा मन्दिर बनाउन लगाएको भनाई रहेको छ । यसरी रत्ननाथ देवताले नै देवताहरू लगाएर एक रात भरीमा मन्ठोरिया मन्दिर बनाउन लगाएको मानिन्छ ।

### जनविश्वास

यस धार्मिक क्षेत्रमा पूजा गर्नाले आफ्नो मनोकामना पूरा हुने र यस मन्दिरको दर्शन गर्नाले सन्तान नभएकालाई सन्तान प्राप्त हुने विश्वास रहेको छ।

### अवस्थिति

मन्ठोरिया मन्दिर घोराही उपमहानगरपालिका वडा नं. १० को उत्तर अम्राई भन्ने ठाउँमा अवस्थित छ।

### पहुँच

यो स्थल घोराही तुलसीपुर सडक खण्डको सौरी कुला चोकबाट करिब ३ किलोमिटर उत्तरतर्फ पर्दछ। निजी सवारी साधन वा अटोरिक्साबाट पुग्न सकिने यस मन्दिरसम्म पुग्नका लागि कच्ची सडक प्रयोग गर्नु पर्दछ। ४.३.५.६ क्षेत्रफल

यो स्थलको क्षेत्रफल १ विगाहा रहेको छ।

## ३.६ बगारबाबा धार्मिक स्थल, रिहार

### परिचय

लमही नगरपालिकाको वडा नं. ९ मा रहेको यो स्थल लमही बजारदेखि २१ किलोमिटर पश्चिम (पूर्व- पश्चिम राजमार्गको उत्तरतर्फको किनारा) मा अवस्थित रहेको छ। चुरे पहाडको फेदीमा रहेको यस स्थलदेखि दक्षिणमा राप्ती नदी छ। थारू र यादव समुदायको ऐतिहासिक पृष्ठभूमिसँग सम्बन्धित ठानिने यस स्थलमा भौगर्भिक महत्व राख्ने तप्तकुण्ड (तातोपानी) र नुनिलो जल उपलब्ध छ। यस धार्मिक क्षेत्रमा माघे संक्रान्तीमा तिर्थालुहरूको बाक्लो उपस्थिति हुने गर्दछ र त्यसै दिन यस क्षेत्रमा ठूलो मेला समेत लाग्ने गर्दछ। हाल बगारबाबा रिहारमा बगार बाबालाई वली दिने पूजारी जगमोहन चौधरी र शाकाहारी पूजारीको रूपमा तुल्सीराम चौधरी रहेका छन्।

### ऐतिहासिक पृष्ठभूमि

बगार बाबा द्वापर युग देखि जोडिएको धार्मिक स्थल हो। यस स्थलमा भगवान कृष्णका गाईहरू चरण गरेको विश्वास रहेको छ। प्रत्येक प्रगन्नाका किसानहरूले भदौ महिनामा आफ्ना गाई वस्तुहरूलाई रिहारमा चर खुवाउन, नुन खुवाउन लग्ने परम्परा थियो। ठुलो जंगल भएका हुनाले त्यस क्षेत्रमा जंगली जनावरहरू बाघ भालु लाग्ने गर्दथे। बाघले गाईवस्तु खाइदिने गर्दथ्यो। जंगली जनावरबाट आफ्ना गाईवस्तु जोगाउनका लागि दाङका प्रत्येक प्रगन्नाका मान्छेहरूले पाले लगाएर दश दश वर्षमा अग्याही बग्याहीको रूपमा त्यस ठाँउमा पञ्चवली पुज्न थालेको इतिहास रहेको छ। यसका साथै गाईवस्तु चराउन गएका ग्वालाहरूले गाईवस्तुहरू चरीचरण गरीसकेर आएपछि थारू चालचलन अनुसार धारधुप दिने चलन पनि रहेको इतिहास छ। त्यसो नगरेको खण्डमा दिउसै बाघ कराउन थाल्ने तथा बस्तुभाउ हराउने गर्दथे। बगार क्षेत्रमा पूजा गर्नाले त्यसो हुन रोकिन्थ्यो भन्ने ऐतिहासिक विश्वास रहेको छ। यस धार्मिक स्थलमा बगार बाबा, बराह बाबा, शिव कुल, नव दुर्गा, कालिमाताको थान रहेको छ। यहाँका मठ मन्दिरहरूमा युगौं देखिनै थारू समुदायका पूजारीहरू रहदै आउनु भएको छ।

### जनविश्वास

यस मन्दिरको दर्शन गर्नाले र यो मन्दिर क्षेत्रमा रहेको तालमा नुहाउँदा सन्तान नभएकालाई सन्तान प्राप्त हुने, छाला सम्बन्धी रोगहरू थाहै नपाइकन निको हुने विश्वास रहेको छ। यस स्थानमा रहेको बगार बाबालाई पञ्चवली पुजेपछि बाघ भालु नलाग्ने आगो नलाग्ने जनश्रुति रहेको पाइन्छ। त्यसै गरी यस क्षेत्रमा पूजा पाठ गर्नाले पशुधनको रक्षा हुने, पशुहरूमा लाग्ने विभिन्न किसिमका रोगहरू निको भएर जाने जनविश्वास रहेको छ।

### अवस्थिति

यो स्थल दाङ जिल्लाको देउखुरी उपत्यकामा पर्ने लमही नगरपालिका वडा नं. ९ रिहारमा अवस्थित छ।

### पहुँच

यो लमही बजारदेखि २१ किलोमिटर पश्चिम, पूर्व-पश्चिम राजमार्गको किनारामा रहेको छ। यस स्थानमा पुग्नको लागि लमहीदेखि

निजी साधन, सार्वजनिक साधन, जिप आदि साधनहरूमा सहजै पुग्न सकिन्छ।

### क्षेत्रफल

यस धामको जम्मा क्षेत्रफल ११६ हेक्टर रहेको छ।

## ३.७ सिद्ध बाघनाथ बाबा जंगलकुटी

### परिचय

यस स्थलमा वि.स. १८७९ तिर सिद्धबाबा भुवनेश्वरले करिब १० बिगाहा क्षेत्रफलमा आँपको बगैंचा लगाई कुटी स्थापना गरेको देखिन्छ। यस स्थलमा घना जंगलको बीचमा, समाधि, कुटी र कुटीभित्र पुरातात्विक वस्तुहरू छन्। यसकै नजिक गोबरडिहामा ५५ झ्याले दरबार र पार्कसहितको आकर्षक शैलीमा निर्मित शिव मन्दिर रहेका छन्। हाल सिद्ध बाघनाथ बाबा जंगलकुटीमा देवीसिंह चौधरी पूजारीको रूपमा रहेका छन्।



सिद्ध बाघनाथ बाबा जंगलकुटी, गढवा ३ गोबरडिहा

### ऐतिहासिक पृष्ठभूमि

वि.स १८७९ भन्दा अगाडि एक जना थारू समुदायको बाबाले बाघमा चढेर जंगल सफारी गर्ने अनि पुनः कुटीमा आई ध्यान गर्ने गरेको र ध्यानबाट प्राप्त ज्ञानबाट उहाँले वरपरिका गाउँहरूमा जंगली बाघको आतंकबाट पनि मुक्त गर्नु भएको किम्वदन्ती रहेको छ। यस धार्मिक स्थलमा शुरूदेखि हालसम्म थारू समुदायका गुरूवा पण्डित पूजारी रहदै आएका छन्।

### जनविश्वास

यस मन्दिरको दर्शन गर्नाले आफुले चाहेको मनोकामना पूरा हुने, जंगली जनावरहरूबाट पशुधनको रक्षा हुने, मानिसहरूमा पैदा भएको विभिन्न जंगली दैवी शक्तिबाट पनि मुक्त हुने विश्वास रहेको छ।

### अवस्थिति

यो स्थल देउखुरी उपत्यकाको गढवा गाउँपालिका वडा नं.३ गोवरडियामा अवस्थित छ।

### पहुँच

यस स्थलमा पूर्व पश्चिम राजमार्गबाट दुईवटा स्थानवाट पुग्न सकिन्छ। पूर्वबाट आउने दर्शनार्थीहरू पूर्व पश्चिम राजमार्गको कालाकाटेदेखि कालाकाटे-गढवा हुलाकी सडक हुँदै करिब १५ किलोमिटर पश्चिममा पर्ने गोबरडिहा गाउँबाट ५ किलोमिटर दक्षिणतर्फ कच्ची बाटोको यात्रा गरी कुटी क्षेत्रसम्म पुग्न सकिन्छ भने पश्चिमबाट आउने दर्शनार्थीहरू लमही नगरपालिका अन्तर्गत पूर्व पश्चिम राजमार्गको लमही बजारदेखि लमही-गढवा-कोइलावास सडक खण्डमा पर्ने गढवा बजारबाट पश्चिम हुलाकी सडक हुँदै करिब ७ किलोमिटर पश्चिममा पर्ने गोबरडिहा गाउँबाट ५ किलोमिटर दक्षिणतर्फ कच्ची बाटोको यात्रा गरी कुटी क्षेत्रसम्म पुग्न सकिन्छ।

### क्षेत्रफल

यस धामको जम्मा क्षेत्रफल ९ बिघा रहेको छ।

# ३.८ सुकौराकोट दरवार

## परिचय

सुकौराकोट दरवार साविक उरहरी गाउँ विकास समिति वडा नं ९ हाल तुलसीपुर उपमहानगरपालिका वडा नं ११ सुकौरा गाउँमा पर्दछ । महाभारत श्रृंखलाबाट बगेको पातुखोलाको पूर्वी तट शिवालिक श्रृंखलाको फेदबाट बगेको बबई नदीको उत्तरी तटमा रहेको यो स्थल थारू राज्यको दरबार क्षेत्र भनेर चिनिन्छ । थारू राजा दंगीशरणद्वारा स्थापित राज्यको राजधानी मानिने यो स्थलले दाङको राजनीतिक इतिहासमा महत्वपूर्ण स्थान लिएको छ । राजा दंगीशरणको राजधानी मानिने यो कोट एउटा ऐतिहासिक तथा पूरातात्विक पर्यटकीय क्षेत्र हो । सुकौराकोटमा दरबारको भग्नावशेषहरू अवलोकन गर्न सकिन्छ ।

## ऐतिहासिक पृष्ठभूमि

यस कोटको ऐतिहासिकताको सम्वन्धमा सबभन्दा पूरानो दस्तवेज इशरदासद्वारा प्राकृत भाषामा रचित स्मृति काव्य हो । नरहरिनाथ योगीले संकलन गरेको सो काव्य इतिहास प्रकाश सन्धिपत्र संग्रहमा प्रकाशित छ । उक्त काव्यानुसार यस कोटमा अथवा दङ्ग देशमा राज्य गरी बसेका थारू राजा दङ्गी पाण्डव, कृष्णका समकालीन मानिन्छन् (योगी २०२२:४७०–४७७) ।

सुकौराका स्व. नारायण चौधरीका संग्रहमा रहेको दङ्गी अंकित मुद्रा विशेष स्मरणीय रहेको छ । वि.सं. १२०० को आरम्भमा दंगीशरणको नेतृत्वमा सुकौराकोटबाट थारू राज्यको जगेर्ना भएको उल्लेख गर्दछन् (सुबेदी २०६२ :४२) । सुकौरा प्राचीन किम्बदन्तीको आधारमा दंगीशरणको दरवार क्षेत्र मात्र होइन, मध्यकालमा दंगीशरणकै नामबाट दाङको नामकरण भएको विचार राख्दछन् (सुबेदी २०६३:११) । दंगीशरणका पुस्ताहरू लघुदङ्गी, अपरदङ्गी, चितलदङ्गी, अंर्गदङ्गी, मगरदङ्गी, सारगंदङ्गी, उरगसेन, मदलसा रानी, मणीपक्षिक, रत्णपरिक्षक आदीले सुकौराकोटमा राज्य गरेको इतिहास रहेको छ ।

## जनविश्वास

सुकौराकोट दरवार थारू राजा दंगीशरणद्वारा स्थापित दङ्ग देशको ऐतिहासिक राजधानी हो भन्ने जनश्रुती रहेको छ ।

## अवस्थिति

यो स्थल साविक उरहरी गाउँ विकास समिति वडा नं. ९ हाल तुलसीपुर उपमहानगरपालिका वडा नं. ११ सुकौरामा अवस्थित रहेको छ ।

## पहुँच

तुलसीपुर उपमहानगरपालिकाको तुलसीपुर बजारदेखि ९ किलोमिटर दक्षिण-पश्चिममा अवस्थित रहेको यस स्थलसम्म पुग्न निजी तथा सार्वजनिक सवारी साधन प्रयोग गर्नु पर्दछ । सार्वजनिक सवारी साधनहरूमा बस, जिप, अटो रिक्साहरू चढेर यस स्थलमा जान सकिन्छ ।

## क्षेत्रफल

सुकौराकोट दरवारले चर्चेको जम्मा क्षेत्रफल ३ बिघा रहेको छ ।




ड्रोन क्यामेराले खिचिएको सुकौराकोट



सुकौराकोट दरबारको भग्नावशेष

# अध्याय चार

## कपिलवस्तु जिल्लाका थारु सांस्कृतिक सम्पदाहरू

कपिलवस्तु जिल्ला नेपालको लुम्बिनी प्रदेशको १२ जिल्लाहरूमध्ये तराईमा पर्ने एक जिल्ला हो । २७ डिग्री २५ मिनेटदेखि २७ डिग्री ४९ मिनेट उत्तरी अक्षांश र ८२ डिग्री ४१ मिनेटदेखि ८३ डिग्री १४ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस जिल्लाको कुल क्षेत्रफल १७३८ वर्ग कि.मि.रहेको छ । नेपालको मानचित्रमा यस जिल्लाको पूर्वमा रूपन्देही, उत्तरमा अर्घाखाँची, दक्षिणमा भारतको उत्तरप्रदेश तथा पश्चिममा दाङ जिल्ला रहेका छन् । जिल्लाको पूर्वपश्चिम सरदर लम्बाई ३३.५ माइल र उत्तर दक्षिण चौडाइ २० माइल रहेको पाइन्छ । कपिलवस्तु नामाकरणका सम्बन्धमा प्राप्त जनविश्वास अनुसार प्राचीनकालमा कौशल देशका राजा ओकाकका सन्तानहरू उत्तरपट्टि छोडिदा घुम्दै कपिलमुनी ऋषीको आश्रममा पुगे । उनीहरूले आफ्नो बृत्तान्त उल्लेख गरेपछि ऋषीले नजिकको सालको जंगल फाँडी बसोबास गर्न सल्लाह दिए अनुसार कालान्तरमा घना बस्ती हुन गएकोले कपिवत्थु हुँदै कपिलवस्तु नामाकरण हुन गयो । राजा शुद्धोधनको दरवार तथा भगवान गौतम बुद्धको बाल्य कृडास्थल तिलौराकोट जिल्लाको प्रमुख पर्यटकिय स्थलको रूपमा रहेको छ । कपिलवस्तु जिल्ला निग्लिहवा गा.वि.स. स्थित जगदीशपुर जलाशय अन्तर्राष्ट्रिय महत्वको सिमसार क्षेत्र हो । १५७ हेक्टर क्षेत्रफल ओगटेको र ४७ लाख घन मिटर पानी भण्डारण गर्ने क्षमता भएको यो ताल वि.सं. २०३५ मा सिंचाइ प्रयोजनको लागि जखीरा ताल र यस आसपासका कृषि भूमिमाथि बनाइएको थियो । सन् २००३ सेप्टेम्बर मा रामसार सूचीमा सूचीकृत मानव निर्मित जगदीशपुर जलाशयको रामसार क्षेत्र कोड नं. १३१५ रहेको छ । जगदीशपुर ताल हजारौं घुमन्ते चरा, माछा, उभयचर, स्तनधारी, किराहरू र बोटविरूवाको लागि महत्वपूर्ण बासस्थान हो भने स्थानीय जनसमुदायको लागि जीवनयापनको आधार पनि । नेपाल सरकार सिंचाई विभागको स्वामित्वमा रहेको जगदीशपुर जलाशय खेतीयोग्य जमिन, सामुदायिक वन र केही स-साना पोखरीहरू लगायत नहर संरचनाले वरिपरीबाट घेरीएको छ । कपिलवस्तु जिल्लाको कुल ६०७० हेक्टर खेतीयोग्य जमिन सिञ्चित गर्न पानी आपूर्ति यस तालबाट हुने गर्दछ । यस जलाशय मार्फत करिब १७,३९० घरधुरीका मानिसहरू सिंचाई मार्फत लाभान्वित भएका छन् । जैविक विविधताको संरक्षण, पर्यटन प्रवर्द्धन, मनोरञ्जन, आर्थिक, सांस्कृतिक, धार्मिक तथा पर्यावरणीय दृष्टिकोणले समेत यस ताललाई महत्वपूर्ण मानिन्छ ।

आयताकार यस तालको पूर्वी भाग छिपछिपे पानीयुक्त छ र पश्चिम पट्टीको भाग गहिरो एवम पुरै पानीले भरिएको छ । तालको गहिराई बर्षा र हिउँद यामको खेती गर्ने समयमा फरक-फरक २ देखि ७ मिटरसम्म हुने गर्दछ । चुरे क्षेत्रको जलाधारबाट आउने बाणगंगा नदीको लक्ष्मणघाट बाँधबाट ४.७५ कि.मि. लामो नहर हुँदै तालमा पानी आपूर्ति हुन्छ । जलाशयको उत्तरी भागमा दलदले घाँसे मैदान फैलिएको छ भने बाँध क्षेत्र सिसौंका रूखहरूले ढाकेको छ । यहाँ १२ प्रकारका २५ प्रजातीका माछाहरू, ८ प्रजातीका उभयचर र ३८ प्रजातीका सरीसृपको अभिलेख गरिएको छ । यस तालले १५० प्रजातीका चराहरूको आवतजावतलाई मध्यवर्ती क्षेत्रको काम गरेको छ भने यो ताल नेपालमा रहेका २७ वटा चराका लागि महत्वपूर्ण क्षेत्रहरू मध्ये एउटा हो । विश्वमा नै दुर्लभ मानिएका आठ प्रजातीका चराहरू पनि यहाँ देख्न पाईन्छ । यस क्षेत्रले १० प्रजातीका स्तनधारी जनावरहरूको वासस्थानलाई सघाउ पुर्याएको छ । यसका अलावा कछुवा र थुप्रै शंखेकिराका प्रजातीहरू पनि यहाँ पाईन्छन । प्राचीन कपिलवस्तु नगरी भगवान बुद्धको २९ बर्षे जीवनको क्रिडास्थल, राजा शुद्धोधनको राजधानी शाक्य नगर कपिलवस्तु नगरपालिका १२ स्थित तौलिहवादेखि ३ कि.मि. उत्तर क्षेत्रफल करिव ३५ विगाहा सरकारी स्वामित्व रहेको छ ।

विश्वप्रसिद्ध ऐतिहासिक र पूरातात्विक महत्वको तिलौराकोटलाई प्राचीन कपिलवस्तुका रूपमा चिनिन्छ । जिल्लाको कपिलवस्तु नगरपालिका स्थित शिवगढ गाउँसँगै रहेको तिलौराकोट भगवान गौतमबुद्धले २९ वर्ष बिताएको ठाउँ तथा उहाँका बुबा राजा शुद्धोधनको राजाप्रसाद हो । शान्तिका अग्रदूत भगवान गौतमबुद्धसँग सम्बन्धित भएका कारण उक्त स्थल विश्वप्रसिद्ध भएको हो । कुदान तौलिहवा खुनुवा सडक खण्डमा पर्ने कुदान तौलिहवादेखि करिव २.३ कि.मि. दक्षिण तर्फ पर्दछ । गौतम बुद्धले बुद्धत्व (निर्वाण) प्राप्त गरिसकेपछि पहिलोपटक आफ्नो पिता राजा शुद्धोधनसँग भेट भएको स्थान यही हो । कुदानमा बुद्ध बस्ने गरेको गन्धकुटी रहेको छ । त्यसको नजिकै भिक्षुहरूको लागि बनाइएको भिक्षु भवनको भग्नावशेष छ । भिक्षुहरू बस्ने त्यस भवनमा शिवलिङ्ग पनि छ । त्यो शिवलिङ्ग टुटेको अवस्थामा छ । त्यसैगरी छेउमा इनार पनि रहेको छ ।

यस जिल्लामा गर्मीमा तातो हावा (लु) चलेको बखत अधिकतम ४३ डिग्री सेल्सियससम्म पुग्दछ भने जाडोमा ४.५ डिग्री सेल्सियससम्म तापकम तल झर्ने गरेको पाइन्छ । साथै यस जिल्लामा औसत वार्षिक वर्षा १,५०० मिलिलिटर रहेको छ (जि.कृ.वि.का, २०) । चैत्र महिनादेखि असोजको प्रारम्भसम्म निकै गर्मी, असोज, कार्तिक र फाल्गुणमा समशितोष्ण तथा बाँकी

तीन महिना (मंसिर, पुष र माघ) मा ठण्डी हुने गर्दछ । यसरी यो जिल्लाको हावापानी मौसम अनुसार विविध र विषम किसिमको रहेको छ । यस जिल्लाको उत्तरमा चुरे पर्वतको श्रृङ्खलामा पर्ने चारकोसे झाडी र दक्षिणमा तराईको समथर भूमी तथा अनेकौं नदी-नाला, अमूल्य वन सम्पदा र वन्यजन्तुहरू समेत प्रशस्त पाइन्छन् ।

## ४.१ झडुला माई

### परिचय

कपिलवस्तु कपिल महर्षिको तपोभूमी शाक्य वंशीय राजा शुद्धोधनको राजधानी, एशियाका तारा तथा विश्व शान्ति र मानवताका अग्रनायक एवं भगवान गौतम बुद्धको जन्मस्थल हो । प्राचीन सभ्यताको धरोहर, थारू संस्कृति र परम्पराको जननीको रूपमा परिचित यस जिल्ला धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय क्षेत्रले भरिपूर्ण छ ।

कपिलबस्तु जिल्लाको एक ऐतिहासिक, साँस्कृतिक, पूरातात्विक, पर्यटकिय एवं प्रसिद्ध धार्मिक स्थलको नाम हो झडुलामाई । कपिलबस्तु जिल्लाको ४ नम्बर बजारदेखि करिब १८ किलोमिटर पूर्व पश्चिम राजमार्ग छेउमै बुद्धभूमि नगरपालिका ४ स्थित झडुलामाईको मन्दिर अवस्थित छ ।

यस झडुलामाईसँगै समाई माई, दुर्गा माई, हनुमान सिद्धबाबा, परचेमी काली, सुपा देउराली, जल बराह, सित्तला माता देवी, फलुमती देवी लगायत बिभिन्न देविदेवताको मन्दिरहरू समेत रहेका छन् । यो स्थान अति नै ऐतिहासिक, धार्मिक, पूरातात्विक र पर्यावरणीय दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । यस झडुलामाईलाई थारूकी छोरी नामले समेत चिन्ने गरेको स्थानीयहरू बताउँछन् ।

यस झडुलामाईमा धेरै पहिलेदेखि नै पूजा गर्दै आईरहेको भएपनि वि.सं. १९१९ साल देखि नै यस झडुलामाई मन्दिर निर्माण गरी पूजाआजा गर्दै आईरहेको जानकारहरू बताउँछन् । आजभोलि यस झडुलामाईमा दिनहुँ दर्शन गर्नेहरूको घुईचो लाग्ने गर्दछ । यस झडुलामाईमा कपिलबस्तु, रूपन्देही र अर्घाखाँची लगायतका विभिन्न जिल्लाहरूबाट दर्शन गर्न आउने गर्दछन् । साथै यस झडुलामाई नजिकै परिसरमा नै बनभोजको लागि राम्रो फुलबारी, बगैंचा र पार्कले त झन् दर्शकहरूलाई अझ आकर्षित गरेको र यस स्थानमा घुम्न आउनको लागि आकर्षित हुने गर्दछन् ।

### ऐतिहासिक पृष्ठभूमि

थारूकी छोरी झडुलामाई कपिलबस्तु जिल्लाको थारू बाहुल्यता भएको बुद्धभूमि नगरपालिकामा पर्दछ । जहाँ अधिकांश थारू बाहुल्यता रहेको छ । पूर्व -पश्चिम राजमार्ग (लोकमार्ग) छेउमै पहिले ठुल-ठुला दुर्घटना हुने गरेको तर पछि झडुलामाईको पूजा आजा गर्न थालेपछि त्यस स्थानमा कुनै पनि समस्याहरू नआएको स्थानीय बुद्धिजिवीहरू बताउँछन् । जसले गर्दा पनि झडुलामाईको ठुलो शक्ति रहेको जनविश्वस रहि आएको छ ।



बुद्धभूमि नगरपालिका ४ वुड्डी स्थित झण्डुलामाई मन्दिर

यस झडुला माईको पूजा गरेर नै थारू समुदायमा अन्य नयाँ कामको शुरूवात हुने गर्दछ । यदि भाकल गर्ने वा झडुलामाईसँग मागेको हरेक मनोकामना पूरा हुने जनविश्वास भएकोलेनै यस स्थानमा पूजा गर्न आउनेहरूको घुँईचो लाग्ने गरेको बुद्धभूमी नगरपालिकाका उपमेयर मिरा चौधरीले बताईन् ।

उनले अति नै ऐतिहासिक तथा धार्मिक स्थलको आफुहरूले संरक्षण र प्रवर्द्धन गर्दै गइरहेको जानकारी समेत दिईन् । उनले सुरूमा थारू समुदायले मात्र यस स्थानमा पूजा गरेको भएपनि आजभोलि सबै

समुदायहरूले समेत पूजा गर्दै आईरहेको बताईन् ।

### जनविश्वास

यस झडुलामाई मन्दिर धार्मिक आस्थाको केन्द्रविन्दु भएकोले दर्शनार्थीहरूले भाकल गर्ने प्रचलन रहि आएको छ । सुरू सुरूमा थारू समुदायमा विभिन्न शुभकार्य विवाह, पूजाआजा, खेतिपाती गर्दा पहिलो अन्नबाली सुरूमा चढाउने गर्दै आएका थिए । पछि कालान्तर रूपमा यस धार्मीक तथा ऐतिहासिक ठाउँमा अन्य गैह्र थारूहरूले समेत पूजापाठ गर्दै आईरहेका छन् । आजभोलि ब्राह्मण पण्डितले यस थारूकी छोरी झडुलामाईमा पूजा गरेको पाईन्छ । यस झडुलामाई सबै जातजाति समुदाय मिलेर नै अहिले झडुलामाई आध्यात्मिक संस्थाको रूपमा विकास गरेर यस झडुलामाईलाई संरक्षण र प्रवर्द्धन गर्दै आइरहेको झडुलामाई प्रतिस्ठानका अध्यक्ष रोमलाल खनालले जानकारी दिए । यस झडुलामाई मन्दिरमा पूजा गर्न आएपछि चिताएको कुरा पुग्ने र मनोकामना पूरा हुने धेरै नै जनविश्वास रहेको पाईन्छ ।

### अवस्थिती

कपिलबस्तु जिल्लाको पूर्व पश्चिम राजमार्गसँग जोडिएको झडुलामाई मन्दिर बुद्धभूमी नगरपालिका ४ बुड्डीमा अवस्थित रहेको छ ।

### पहुँच

यहाँ पुग्न रूपन्देहीको बुटवल शहरदेखि करिब ३० किलोमिटर पूर्व पश्चिम राजमार्ग हुँदै कपिलबस्तुको ४ नम्बर बजार पुगिन्छ । त्यहाँदेखि अझ १८ किलोमिटर पूर्व पश्चिम राजमार्गको छेउमै झडुलामाईको मन्दिर रहेको छ । यस ठाउँमा राजमार्गमै भएको हुनले जुनसुकै समयमा सजिलै पुग्न सकिन्छ । यस स्थानमा व्यक्तिगत सवारीसाधन, सार्बजनिक बस, अटोबाट पनि पुग्न सकिन्छ ।

### क्षेत्रफल

यस झडुलामाई करिब ९१ विगाह क्षेत्रफल रहेको झडुलामाई आध्यात्मिक संस्थाका अध्यक्ष रोमलाल खनालले बताए । उनले यस स्थानमा विभिन्न स्थानबाट पूजा गर्न आउँने गरेको जानकारी दिदै झडुलामाई सामुदायिक वन समेत रहेको बताए । उनले यस किसिमको ऐतिहासिक तथा धार्मिक महत्व बोकेको संस्थानलाई संरक्षण र प्रवर्द्धन गर्दै जानुपर्ने समेत बताउँछन् ।

## ४.२ रामदतिवन धाम

### परिचय

प्राचीन सभ्यताको धरोहर, थारू संस्कृति र परम्पराको जननीको रूपमा परिचित यस जिल्ला धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय क्षेत्रले भरिपूर्ण छ । कपिलबस्तु जिल्लामा विभिन्न थारू समुदायसँग जोडिएका विभिन्न ऐतिहासिक तथा धार्मिक स्थलहरू रहेका पाईन्छन् । जसमध्ये रामदतिवन धाम पनि एक ऐतिहासिक तथा धार्मिक महत्व बोकेको स्थल हो । कपिलबस्तु जिल्लाको वाणगंगा नगरपालिका वडा-९ मा रहेको ऐतिहासिक रामदतिवनमा आजभोलि दैनिक रूपमा भक्तजनहरूले दर्शन गर्न आउने गर्दछन् ।



ऐतिहासिक रामदतिवन धाम

### ऐतिहासिक पृष्ठभूमि

कपिलबस्तु जिल्लाको पूर्व-पश्चिम राजमार्ग (लोकमार्ग) ४ नम्बर बजार, वनगाई बजार हुँदै खार्खानदीदेखि सात किलोमिटर उत्तर विशाल जंगलभित्र अबस्थित ऐतिहासिक र पुरातात्विक

महत्वको पवित्र तीर्थस्थलबाट बग्ने नदीलाई 'श्रीराम दतिवन जलेश्वर धाम' का रूपमा परिचित छ। पौराणिक कथन अनुसार त्रेतायुगमा भगवान राम सोही स्थान हुँदै वनवास जाँदा त्यहाँ दतिवन लगाएको किंवदन्ती छ। सोही नदी किनारमा देखिने मानिसका पाइला भगवान रामकै हुन भनी पूजा हुनुका साथै भगवान शिवको पनि पूजा गरिँदै आएको छ। घनघोर जंगलभित्र रहेको यस पवित्र तीर्थको नदी किनारमा चट्टानले बनेका चित्राङ्कित रामका पाइला, सीता कुवा, राम-लक्ष्मण, लव-कुसका धनुष, राम विश्रामस्थल, सीताको चुलो, भगवान विष्णुले छोडेको कछुवा समेत रहनुका साथै यस ठाउँमा दर्जनभन्दा बढी भगवानले वास गरेको १२ वर्षदेखि यही धाममा बस्दै आउनु भएका संरक्षक तथा सन्त भोलेबाबाले जानकारी दिनुभयो। भोलेबाबा सात रात सात दिनसम्म सोही नदीको जलभित्रै तपस्यामा बसेका थिए। उनी ११ वर्षको उमेरदेखि यहाँ बस्दै आएका छन्। यहाँ प्रत्येक वर्ष महायज्ञ लगाउनका साथै दैनिक पूजाआजा समेत हुने यस स्थानमा विशेष गरी थारू समुदायका भक्तजन बढी आउने गर्छन्।

### जनविश्वास

दुई दशक अघि पहाडबाट गाई लिएर यस जंगलमा चराउन आउने र बास बस्नेहरूले रामको पाइला र अन्य भगवानका आकृति देख्न नसकेकामा २२ वर्षअघि मात्र तिलौराकोटका एक बाबाले राती सपनामा यस घनघोर जंगलमा रामका पाइला भएको र सो ठाउँमा शिवको पनि ठूलो महत्व रहेको जानकारी पाएपछि खोज तलास गर्दा ती आकृति फेला परेका थिए। भगवान राम वनवासकै क्रममा यस स्थानमा आएर दतिवनले दाँत माझ्दै नदी तर्दा पाइला शिलामा छापिएको किंवदन्ती अनुसार यस ठाउँलाई रामदतिवन धाम राखिएको र ती पाइला रामकै हुन् भन्ने मान्यता रहिआएको छ। यस धामको दर्शन गर्नाले मनोकामना पूर्ण हुने बिश्वास रहेको छ। शिवरात्रीको दिन यस क्षेत्रमा दर्शनार्थीको बाक्लो उपस्थिति हुने गर्छ र भव्य मेला समेत लाग्ने गर्दछ।

### अवस्थिति

ऐतिहासिक रामदतिवन धाम बाणगंगा नगरपालिका वडा नं. ९ भलवाडमा पर्दछ।

### पहुँच

पूर्व पश्चिम राजमार्गदेखि ४ नम्बर बजार, वनगाई बजार हुँदै खार्खानीदेखि करिब ७ किलोमिटर उत्तर विशाल जंगलभित्र अवस्थित छ। रामदतिवन धाम पुग्न निजी सवारी साधन वा अटोरिक्साबाट पुग्न सकिन्छ। बनगाई बजार हुँदै खार्खानीदेखि कच्ची बाटो हुँदै जानुपर्छ।

### क्षेत्रफल

यस रामदतिवन धामको करिब १० विगाहा क्षेत्रफल संरक्षण गरिएको छ।

## ४.३ जगदीशपुर ताल

### परिचय

जगदीशपुर ताल जैविक विविधताले गर्दा विश्व सिमसार क्षेत्रमा सूचीकृत छ। यो ताल अन्तर्राष्ट्रिय महत्व बोकेको ताल हो। विविध जीव तथा वनस्पतिले गर्दा यो ताल जैविक विविधतायुक्त तालको रूपमा परिचित छ। कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवादेखि ९ कि.मि. उत्तरमा रहेको जगदीशपुर जलाशय कपिलवस्तु जिल्लाको एउटा छुट्टै अस्तित्व र पहिचानसँग जोडिएको छ। यस ताललाई थारू समुदायमा जखिरवा समेत भन्ने गरिन्छ।



जगदीशपुर ताल कपिलवस्तु ९

कपिलवस्तु जिल्ला निग्लिहवा स्थित जगदीशपुर जलाशय अन्तर्राष्ट्रिय महत्वको सिमसार क्षेत्र हो । १५७ हेक्टर क्षेत्रफल ओगटेको र ४७ लाख घन मिटर पानी भण्डारण गर्ने क्षमता भएको यो ताल वि.सं. २०३५ मा सिंचाइ प्रयोजनको लागि जखिरवा ताल र यस आसपासका कृषि भूमिमाथि बनाइएको थियो । सन् २००३ सेप्टेम्बरमा रामसार सूचीमा सूचीकृत मानव निर्मित जगदीशपुर जलाशयको रामसार क्षेत्र कोड नं.१३१५ छ । जगदीशपुर ताल हजारौ घुमन्ते चरा, माछा, उभयचर, स्तनधारी, किराहरू र बोटविरूवाको लागि महत्वपूर्ण वासस्थान हो भने स्थानीय जनसमुदायको लागि जीवनयापनको आधार पनि । नेपाल सरकार सिंचाई विभागको स्वामित्वमा रहेको जगदीशपुर जलाशय खेतीयोग्य जमिन, सामुदायिक वन र केहि स-साना पोखरीहरू लगायत नहर संरचनाले वरिपरिबाट घेरीएको छ । यस जलाशय मार्फत करिब १७,३९० घरधुरीका मानिसहरू सिंचाई मार्फत लाभान्वित भएका छन् । जैवीक विविधताको संरक्षण, पर्यटन प्रवर्द्धन, मनोरञ्जन, आर्थिक, सांस्कृतिक, धार्मिक तथा पर्यावरणीय दृष्टिकोणले समेत यस काललाई महत्वपूर्ण मानिन्छ ।

आयतकार यस तालको पूर्वी भाग छिपछिपे पानीयुक्त छ र पश्चिम पट्टिको भाग गहिरो एवम पुरै पानीले भरिएको छ । तालको गहिराई बर्षा र हिउँद यामको खेती गर्ने समयमा फरक-फरक २ देखी ७ मीटरसम्म हुने गर्दछ । चुरे क्षेत्रको जलाधारबाट आउने बाणगंगा नदीको लक्ष्मणघाट बाँधबाट ४.७५ कि.मि. लामो नहर हुँदै तालमा पानी आपूर्ति हुन्छ । जलाशयको उत्तरी भागमा दलदले घाँसे मैदान फैलिएको छ भने बाँध क्षेत्र सिसौका रूखहरूले ढाकेको छ । यहाँ १२ परिवारका २५ प्रजाती माछाहरू, ८ प्रजातीका उभयचर र ३८ प्रजातीका सरीसृपको अभिलेख गरिएको छ । यस तालले १५० प्रजातीका चराहरूको आवतजावतलाई मध्यवर्ती क्षेत्रको काम गरेको छ भने यो ताल नेपालमा रहेका २७ वटा चराका लागी महत्वपूर्ण क्षेत्रहरू मध्ये एउटा हो । विश्वमा नै दुर्लभ मानिएका आठ प्रजातीका चराहरू पनि यहाँ देख्न पाईन्छ । यस क्षेत्रले १० प्रजातीका स्तनधारी जनावरहरूको वासस्थानलाई सघाउ पुऱ्याएको छ । यसका अलावा कछुवा र थुप्रै शंखेकिराका प्रजातीहरू पनि पाईन्छन । प्राचीन कपिलवस्तु नगरी भगवान बुद्धको २९ बर्षे जीवनको क्रिडास्थल, राजा शुद्धोधनको राजधानी शाक्यनगर कपिलवस्तु नगरपालिका १२ स्थित तौलिहवादेखि ३ कि.मि. उत्तर क्षेत्रफल करिव ३५ विगाहा सरकारी स्वामित्वमा रहेको छ ।

## ऐतिहासिक पृष्ठभूमि

कपिलवस्तु जिल्लाको एउटा छुट्टै अस्तित्व र पहिचानसँग जोडिएको जगदीशपुर (जखिरवा) तालले धेरै गाउँ बस्तीमा सिँचाई गर्न सुविधा भएको पाईन्छ । जगदीशपुर ताल सिँचाई प्रयोजनका लागि कृत्रिम रूपमा बनाईएको नेपालकै सबैभन्दा ठूलो ताल हो । कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका-९ स्थित यो ताल जैविक विविधताले युक्त ताल हो । यस तालमा विविध जीव तथा वनस्पतीहरू पाइन्छन् । साथै धेरै मनिसहरूको जीवनसँग यो ताल जोडिएको छ । यस तालबाट खेति गर्न सुविधा भएको हुनाले यस तालको छुट्टै महत्व रहेको छ । साथै विश्व सिमसार क्षेत्रमा समेत सूचीकृत यो जलाशयमा विविध प्रकारका सिमसार जीवहरू पाइन्छन् ।

यस तालमा १५० भन्दा बढी जातका चराचुरूङ्गी पाइन्छन् । त्यसैगरी यस तालमा विभिन्न प्रजातिका माछाहरू, कछुवा, भ्यागुता आदि जलप्राणी पाइन्छन् । सिमसार वनस्पतिहरूमा बेहाय, पटेर, कमल, जंगली धान, सिंगडा लगायतका वनस्पतिहरू यस तालमा पाइन्छन् । साथै साइबेरिया, रूस, चीन, मंगोलिया, मध्य एशियाका तुर्केमनिस्तान र किर्गिस्तान लगायतका देशबाट यहाँ चराहरू आउने गरेको पाईन्छ । ताल छेउमा भ्यू टावरमा चढेर दुरबिनको मद्दतले चरा र वरपरका दृश्यले जो कोहीको मन लोभ्याउँछ । यस्तै परिदृष्यले लोभ्याउँदै छ जगदीशपुर ताल र तालमा सरर डुङ्गामा चढेर चरा हेर्नुको मज्जा नै बेग्लै छ । जाडो बढेसँगै जगदीशपुर तालमा साइबेरियन चराचुरूङ्गी आउने गरेको पाईन्छ । साइबेरियन चरा आउन थालेपछि झनै तालको वातावरण मनोरम हुने गर्दछ ।

## जनविश्वास:

यस ठाउँ प्राकृतिक रूपमा अति सुन्दर, मनमोहक र रमणिय भएको हुनाले यस ठाउँमा घुम्नको लागि आन्तरिक तथा वाह्य पर्यटकको संख्या दिनानुदिन बढिरहेको पाईन्छ । साथै पछिल्लो समय यस क्षेत्रको प्रचार प्रचार गर्नको लागि विभिन्न किसिमको जैविक महोत्सव समेत हुने गरेको छ । त्यस्तै पहिलो पटक थारू समुदायले होमस्टे व्यवसायको शुरूवात समेत गरेको छ । नेपालको सबैभन्दा ठुलो मानव निर्मित र विश्व सिमसार क्षेत्रमा सूचिकृत जगदीशपुर तालका साथै तालमा रहेका चरा हेर्न आउने पर्यटकलाई मध्यनजर गरि थारू होमस्टेको शुरूवात गरिएको हो । यस जलाशयको थारू समुदायले पूजा गर्नुको साथै विभिन्न चाडपर्वमा समेत पूजा गर्ने गरेको स्थानीय बासिन्दाहरू बताउँछन् ।

### अवस्थिति

जगदीशपुर ताल कपिलबस्तु जिल्लाको कपिलबस्तु नगरपालिका वडा नं.९ जगदीशपुरमा पर्दछ ।

### पहुँच

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवादेखि ९ कि.मि.उत्तरमा रहेको जगदीशपुर ताल सजिलै पुग्न सकिन्छ । जगदीशपुर ताल पुग्न निजी सवारी साधन, अटोरिक्साबाट पुग्न सकिन्छ । साथै कपिलबस्तुको चार नम्बर बजार हुँदै पूर्व पश्चिम राजमार्ग देखि बनगाई बजार पुगिन्छ । बनगाई बजार देखि दक्षिण लागेपछि लक्ष्मणघाट पर्यटकीय क्षेत्र हुँदै दक्षिण करिब ६ किलोमिटर गएपछि जगदीशपुर ताल पुग्न सकिन्छ ।

### क्षेत्रफल

जगदीशपुर ताल करिब १५७ हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

## ४.४ सोनवागढ मन्दिर

### परिचय

कपिलपवस्तु जिल्लाको शिवराज नगरपालिका वडा नं. ३, भितरियामा यो अवस्थित छ । ऐतिहासिक सोनवागढ मन्दिर पर्यटकीय संभावना बोकेको छ र यस मन्दिर अन्तर्राष्ट्रिय पर्यटकीय स्थल शिवगढ गाउँसँगै रहेको तिलौराकोट भगवान गौतमबुद्धले २९ वर्ष बिताएको ठाउँ तथा उनका बुबा राजा शुद्धोधनको राजा प्रसाद हो । शान्तिका अग्रदूत भगवान गौतमबुद्धसँग सम्बन्धित भएका कारण विश्वप्रसिद्ध तिलौराकोटदेखि करिब ३३ किलोमिटर उत्तरपश्चिम रहेको मन्दिर करिब ५ कठ्ठा क्षेत्रफलमा फैलिएको छ । पूर्वपश्चिम राजमार्गको व्यापारीक केन्द्र चन्द्रौटादेखि पूर्व उत्तरमा करिब ७ किलोमिटर दुरी घना जङ्गलमा रहेको मन्दिर पूर्व बेल नदी र पश्चिम सुकवेल नदीको बीच भागमा अवस्थित छ । करिब २५० बर्षदेखि भितरिया गाउँका स्थानीयबासी बिशेषगरी थारू समुदाय र केही मात्रामा यादव परिवारले संरक्षण तथा संबर्द्धन गर्दै आएका छन् ।

### ऐतिहासिक पृष्ठभूमि

ऐतिहासिक सोनवागढ मन्दिर परिसरमा करिव १५०० बर्ष भन्दा पहिले थारूसँग सम्बन्धित घना बस्ती रहेको विज्ञहरू बताउँछन् । मन्दिरभित्र रहेको देवी लगायत गोलो आकारको देखिने ढुंगा लैजान चोरहरूले बयलगाडादेखि जिप, कारसम्म प्रयोग गरेका स्थानीय हर्जु थारू बताउँछन् तर बयलगाडा र जिप प्रयोग गर्दै गर्दा गोरू छेर्ने, मान्छे मर्ने र चक्का पड्किने इन्जिन बिग्रिने समस्या हुने गरेको थियो । सुनकै खानी रहेकै कारण नाम नै सोनवागढ रहन गएको मन्दिर वरिपरि पूराना भत्किएका ढिस्को वा घरमा सुन खानी रहेको मान्यतासँगै करिब १३ बर्ष पहिले चोरले रातारात ढिस्को खन्ने गर्दथे । सोनावागढ क्षेत्रमा भगवान गौतम बुद्धसँग सम्बन्धित विभिन्न आकृतिहरू लगायत करिव १५ सय बर्ष पूराना सिक्काहरू भेटिए पछि पूरातात्विक महत्व, इतिहास र संरचना



सोनवागढ मन्दिर

तथा निर्माणको आधार पत्ता लगाउन लुम्बिनी विकासकोषको पूरातत्व विभागले २०७५ सालमा उत्खनन कार्य गरेको थियो। उत्खनन् क्रममा बिभिन्न गुप्तकालिन ईटा तथा कलात्मक ईटाहरू, घोडाका मूर्ति, सिमेन्टका साढँ गोरूका मूर्ति, माटोको भाँडाका टुक्राहरू फेला परेको र सातौ देखि नवौ शताब्दीका भंग्नावशेषहरू फेला परेको थियो। उक्त स्थान उत्खनन् गर्दा फेला परेका सामाग्री पूरातत्व विभागले यस क्षेत्रमा संग्रहालय बनेपछि सो स्थानमा फिर्ता गर्ने बाचा गरी संग्रहालय सम्बन्धित निकायमा सुरक्षित राख्न लगाइएको सरोकारवालाले बताउँछन्। त्यहाँ हरेक बर्ष चैत नवमीमा ठूलो भण्डारा कार्यक्रमको आयोजना समेत हुने गरेको छ।

### जनविश्वास

सोनवागढ मन्दिरमा रहेको ढुङ्गा उठाउन सके भविष्य चम्किने विश्वास रहिआएको छ। परापूर्वकालदेखि प्रख्यात मन्दिरभित्र रहेको उक्त ढुङ्गा जो कोहीले उठाउन सक्दैन। हेर्दा सानो देखिने गोलो आकारको ढुङ्गा त्यहाँ पुग्ने निकै कम मानिसले मात्र उठाउन सक्छन्। दुरदराजबाट आएका भक्तजनहरूले सत्य मनले ढुङ्गा उठाउन सके मनोकामना पूरा हुने विश्वास रहिआएको छ। ढुङ्गा उठाउने मानिसको मनमा लोभ र लालच भए ढुङ्गा उठाउन नसक्ने मन्दिर हेरचाह गर्दै आएका प्रेम बहादुर थारूले बताए। "सत्य मनले ढुङ्गा उठाए आफ्नो भाकल पूरा हुने र भविष्य चम्किने विश्वास रहेको" थारूले भने। मन्दिरमा राजाले सुनको खजाना लुकाएर राखेको मान्यता र विश्वास अनुसार मन्दिरको नाम सोनवागढ राखिएको स्थानीय जानकारहरू बताउँछन्। ढुङ्गाको माथिल्लो भागमा बन्चरोले काटेको जस्तो देखिन्छ। भितरिया गाउँका बुढापाका भन्छन् -'एक साँढे खेतमा छरेको अन्नबाली खान आउँदा किसानले बन्चरोले हान्दा साँढे काटिएको थियो'। अर्को दिन भितरियाका स्थानीयले सोनवागढ मन्दिरमा हेर्दा ढुङ्गामा बन्चरोले काटेको जस्तो देखिएकोले उक्त ढुङ्गा साँढे बनेर खेतमा घाँस चर्न गएको जनविश्वास रहिआएको छ।

### अवस्थिति

उक्त मन्दिर कपिलवस्तु जिल्लाको शिवराज नगरपालिका वार्ड नं. ३ मा पर्दछ। जिल्लाको सदरमुकाम तौलिहवा देखि ३५ किलोमिटर उत्तरपश्चिम पूर्वपश्चिम राजमार्गमा पर्ने चन्द्रौटा बजारबाट ७ किलोमिटरको दुरीमा अवस्थित छ।

### पहुँच

पूर्व पश्चिम राजमार्गको शिवराज नगरपालिकाको खरेन्द्रपुर नहर चोकदेखि उत्तर तर्फ लागेपछि खरेन्द्रपुरको गाउँमा पिच सडक तथा लामो दुरी ग्राभ्रेल बाटो हुँदै भितरिया गाउँ मन्दिर पुगिन्छ। चन्द्रौटादेखि खरेन्द्रपुर ३ किलोमिटर छ भने त्यसको ३.५ किलोमिटर उत्तरमा यो मन्दिर रहेको छ। तिलौराकोट क्षेत्रबाट ३३ किलोमिटर रहेको मन्दिर पुग्न सार्वजनिक यातायातको प्रयोग गरेर चन्द्रौटा वा खरेन्द्रपुरसम्म पुगे पनि मन्दिर पुग्न साधनको व्यवस्था छैन।

### क्षेत्रफल

यो मन्दिर करिब ५ कट्ठा क्षेत्रफलमा रहेको छ।

## ४.५ उमरी गुफा

### परिचय

कपिलवस्तु जिल्लाको शिवराज नगरपालिका वडा नं. १, उमरीमा अवस्थित उमरी गुफा पूर्व पश्चिम राजमार्गमा पर्ने शिवपुर चोकदेखि ५०० मिटर पश्चिममा पर्दछ। पश्चिममा सुरही खोला र उत्तरमा घना जंगल, पूर्व र दक्षिणमा मानव बस्तिका बीच भागमा गुफा अवस्थित छ। गुफाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरूको समेत आकर्षणको केन्द्र विन्दु बन्दै आएको स्थानीय बताउँछन्। दाङ घर भएका मानबहादुर थारू बचपनैदेखि उमरी गाउँमा बस्दै आएको थिए। सपना देखेर २०५९ सालमा उमरी गुफा आफैले उत्खनन गरेर निर्माण गरेको गुफा अहिले धार्मिक तथा पर्यटकीय स्थलको रूपमा विकसित भईरहेको अवस्था छ। उनी आफै निर्माण गरी एक्लै संरक्षण, प्रर्बद्धन र व्यवस्थापन गर्दै आएका छन्।

### ऐतिहासिक पृष्ठभूमि

सपना जो कसैले देख्ने गर्छ तर बिरलै मानिसको पूरा भएको देख्न सकिन्छ। सम्भवत सपनामै विलय भएर जान्छ तर सपना देखेर विपनामा परिणत भएको उमरी गुफा हो। बचपनमै सपना देखेर करिब १२ बर्षसम्म दिउसो रिक्सा चलाएर राती-राती सबै




उमरी गुफा

सुतीसकेपछि थोरै थोरै खनेर मानबहादुर थारूले निर्माण गरेका हुन उमरी गुफा ।

मनमा भक्ति जागरूक भए पश्चात् उनको दिनचर्या मन्दिर स्याहारसुसारमै बित्ने गर्दछ । अदभूत शक्ति भएको गुफा निर्माण गर्ने बेला माटो माथि लैजाँदा आफै हराउने गरेको थारूले बताउँछन् । सुरूङ जस्तै निर्माण गरिएको गुफा भित्र राखिएको शिव बाहेकका बुद्ध, शङ्ख, त्रिशूल लगायतका मुर्ति यथास्थानमा नै भेटिएको उनले बताए । गुफा खन्दै गर्दा पारिवारीक समस्या भएपछि केही समय उमरी गाउँमै मालिकको घरमा कमैया बसेका हुन् ।

### जनविश्वास

यस क्षेत्रमा नजिक गुफा नभएकोले गुफा अवलोकनका साथसाथै भित्र राखिएको भगवान गौतम बुद्धसँग सम्बन्धित कयौं मूर्तिहरू सो स्थानमा नै भेटिएको र त्यहाँ दर्शन गरेर भाकल गरेको सबै मागहरू पूरा हुने जनविश्वास रहेको कारणले गर्दा भक्तजन लगायत अन्य स्वदेशी तथा विदेशी पर्यटकहरू दिनहुँ आउने गरेको मन्दिर निर्माता मानबहादुर थारू बताउँछन् । प्रत्येक बर्ष गुफा परिसरमा चैत नवमीमा ठूलो शिवरात्री मेला लाग्नुका साथै माघमा थारू सांस्कृतिक मेला समेत हुने गर्छ ।

### अवस्थिति

पूर्व पश्चिम राजमार्ग अर्न्तगत पर्ने जिल्लाकै ठूलो बजार शिवराज नगरपालिका-५, चन्द्रौटा देखि करिब ५ किलोमिटर उत्तर पश्चिममा उमरी गुफा पर्दछ ।

### पहुँच

पूर्व पश्चिम राजमार्ग अर्न्तगत व्यापारीक नगरी चन्द्रौटादेखि २० किलोमिटर दक्षिणमा पर्ने यस क्षेत्रकै ठूलो भन्सार केन्द्र कृष्णनगरबाट करिब २५ किलोमिटर उत्तर भागमा अवस्थित उमरी गुफा पुग्न सार्वजनिक यातायातको सुविधा रहेको छ ।

### क्षेत्रफल

गुफाको क्षेत्रफल २.५ कट्ठा रहेको छ ।

## ४.६ रामकुवर बाबा

### परिचय

रामकुवर बाबा थारू समुदायको एउटा पवित्र स्थान हो । जंगलको वीचमा कपिलबस्तु जिल्लाको बाणगंगा नगरपालिका वडा ९ स्थित रामकुवर बाबाको थान रहेको छ । कपिलबस्तु जिल्लाको ४ नम्बर बजारदेखि करिब ४ किलोमिटर पूर्व पश्चिम लोकमार्ग बनगाई बजारदेखि करिब ७ किलोमिटर उत्तर पश्चिम मोतिपुर, भलुवाड हुँदै रामकुवर बाबा पुग्न सकिन्छ । यस मन्दिर अति नै धार्मिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिन्छ ।

सयौं बर्षको इतिहास बोकेको यस रामकुवर बाबामा संरक्षणको अभावमा लोप हुने संघारमा पुगेको छ । यस राम कुवार



बाबा थारू समुदायको छुट्टै अस्तित्व र महत्व रहेको पवित्र स्थान भएकोले यसको संरक्षण गर्न जरूरी छ। यस रामकुवर बाबामा प्रत्येक तीन-तीन बर्षमा भव्य रूपबाट बाणगंगा पश्चिम कलवारको पूजा गर्ने चलन रहेको बाणगंगा नगरपालिका वडा ८ मोर्मीका वडघर बाबुराम थारूले बताउनुभयो। उहाँले अझै पनि आफुहरूले निरन्तरता दिएको र सरकारले पनि यसलाई संरक्षण गर्न जरूरी रहेको प्रतिक्रिया दिनुभयो। त्यस्तै बाणगंगा नगरपालिका वडा ९ का राम विहारी थारूले यस रामकुवर बाबाले नै हामी थारूहरूलाई रक्षा गरेको बताउनुभयो। उहाँले रामकुवर बाबाको सयौं, हजारौं बर्ष पूरानो इतिहास रहेको र हामीले निरन्तरता दिदै आएका छौं भन्नुभयो। ६८ बर्षिय राम विहारीले थारूले आफुले चिताएको कुराहरू मागे पुग्ने जनविश्वास रहिआएको बताउनुभयो। त्यस्तै रामकुवर बाबा स्थानमा प्रत्येक तीन बर्षमा भव्य पूजापाठ हुने र त्यस स्थानमा मोर्मी, बन्दौली, मधुवन, वोर्डगाउँ, लौंगाई, ढोडेकोल, चप्परगाउँ, बनगाइ, मोतीपुर, भलवार, जिनुवा लगायत बाणगंगा खोला वारी (कलवार) भरिका मानिसहरूले पूजा गर्ने प्रचलन रहेको बताउनुभयो। उहाँले पूजामा गुरूवा, केशौका, ढकेहरवाहरू लगायतले रातभरी जाग्राम भएर पूजा गर्ने प्रचलन रहेको बताउनुभयो। जंगलको बीचमा प्राकृतिक सुन्दर स्थानमा रामकुवर बाबाको थान रहेकोले त्यहाँ पुग्दा छुट्टै ईश्वरीय आनन्दको अनुभूती प्राप्त हुने गर्दछ।

## ऐतिहासिक पृष्ठभूमि

कपिलबस्तु जिल्लाको थारू बाहुल्यता भएको बाणगंगा नगरपालिका वडा नं. ९ मा रामकुवर बाबाको थान रहेको छ। सुन्दर जंगलको बीचमा सयौं बर्षको इतिहास बोकेको यस रामकुवर बाबा रहेको पाईन्छ। रामकुवर बाबामा प्रत्येक तीन तीन बर्षमा भव्य रूपबाट बाणगंगा पश्चिमका थारूहरूले (कलवार) पूजा गर्ने चलन रहेको बाणगंगा नगरपालिका वडा ८ मोर्मीका वडघर  बाबुराम थारूले बताउनुभयो। गुरूवा, केशौका, ढकेहरवाहरू लगायतले रातभरी जाग्राम भएर पूजा गर्ने प्रचलन रहेको बताउनुभयो। जंगलको बीचमा प्राकृतिक सुन्दर स्थानमा रामकुवर बाबाको थान रहेकोले त्यहाँ पुग्द छुट्टै ईश्वरीय अनन्दको अनुभूती प्राप्त हुने गर्दछ।

## जनविश्वास

यस मन्दिर धार्मिक आस्थाको केन्द्रविन्दु भएकोले दर्शनार्थीहरूले पूजा गर्ने प्रचलन रहिआएको छ। सयौं बर्ष पहिलेदेखि थारू समुदायले यस रामकुवर बाबामा भाकल गर्ने र मागेको मनोकामना पूरा भएपछि पूजा गर्ने प्रचलन रहेको छ। त्यसैले रामकुवर बाबामा गएर आफुले मागेका हरेक मनोकामना पूरा हुने जनबिश्वास रहेको हुँदा छुट्टै धार्मिक तथा ऐतिहासिक महत्व रहेको छ।



## अवस्थिति

कपिलबस्तु जिल्लाको बाणगंगा नगरपालिका वडा नं. ९ जिनुवामा यस रामकुवर बाबा अवस्थित छ।

## पहुँच

रूपन्देहीको बुटवल शहरदेखि करिब ३० किलोमिटर

लोकमार्ग हुँदै कपिलबस्तुको ४ नम्बर बजार पुगिन्छ। त्यहाँदेखि करिब ४ किलोमिटर पूर्व पश्चिम लोकमार्ग हुँदै बनगाई बजार पुगिन्छ। बनगाई बजारदेखि करिब ७ किलोमिटर उत्तर पश्चिममा रहेका मोतिपुर, भलवाड हुँदै रामकुवर बाबा पुग्न सकिन्छ। यस स्थानमा व्यक्तिगत सवारीसाधन, बस, अटोरिक्साबाट पनि पुग्न सकिन्छ।

### क्षेत्रफल

रामकुवर बाबा करिब ४ विगाहा क्षेत्रफलमा फैलिएको बाणगंगा नगरपालिका वडा नं. ९ जिनुवाका स्थानीय पूजारी प्रमेश्वर थारूले बताउनुभयो।

## ४.७. जलेश्वर मन्दिर

### परिचय

कपिलबस्तु जिल्लाको पर्यटकीय एंव प्रसिद्ध धार्मिक स्थलको नाम हो जलेश्वर मन्दिर। कपिलबस्तु जिल्लाको ४ नम्बर बजारदेखि करिब २ किलोमिटर पूर्व पश्चिम राजमार्ग नजिकै बाणगंगा नगरपालिका वडा नं. ८ लौगाइ स्थित जलेश्वर मन्दिर अवस्थित छ।

यस मन्दिर अति नै धार्मिक र पर्यावरणीय दृष्टिकोणले महत्वपूर्ण मानिन्छ। यस मन्दिर नजिकै थारू समुदायले जल संरक्षण गरेर त्यही छेउमै मन्दिरमा पूजा गर्दै आईरहेको पाईन्छ। पछि यस मन्दिरमा सबै जातजाति समुदायहरूले पूजा आजा गर्न आउने गरेको स्थानीयहरू बताउँछन्।

यस मन्दिरमा प्रत्येक एकादशीमा भजन किर्तन हुनुको साथै शिवरात्रीमा विशेष पूजा हुने गरेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष कुलचन्द्र पराजुलीले जानकारी दिनुभयो। पछिल्लो समय यस मन्दिरमा पूजाआजा, ब्रतबन्ध, विवाहभोज तथा धार्मिक कार्य गर्नको लागि दर्शनार्थीहरूको घुइँचो लाग्ने गर्दछ।

### ऐतिहासिक पृष्ठभूमि

कपिलबस्तु जिल्लाको थारू बाहुल्यता भएको बाणगंगा नगरपालिकाको महत्वपूर्ण धार्मिक स्थल मध्ये जलेश्वर मन्दिर पनि एक हो। यहाँ थारू बाहुल्यता रहेको छ। पूर्व-पश्चिम राजमार्गको दक्षिण पट्टी छेउमै यो मन्दिर रहेको छ। पहिलेदेखि नै प्रकृतिमा रमाउने थारू समुदाय वन, जल र जमिनसँगको राम्रो सम्बन्ध रहिआएको छ। अहिले पनि उनीहरूमा वन, जल, जमिनसँगको घनिष्ठ मित्रता अझै पनि देख्न सकिन्छ। सोही क्रममा जललाई संरक्षण गर्ने प्रत्येक थारू गाउँमा एउटा पोखरी र कुवा बनाउने गरेको पाईन्थ्यों। ताकी कुनै दैवी प्रकोप आगलागी भयो भने त्यही आफुहरूले भण्डारण गरेको पानीले आगो निभाउन सजिलो होस् भन्ने उद्देश्य रहेको हुन्थ्यो। त्यही क्रममा नै जललाई पूजा गर्ने र छेउमै मन्दिर निर्माण गरियो।

कुनै समयमा थारू बस्ती नजिकै गाउँमा बाढी पसेर बस्ती नै विस्थापित भयो। पछि पुनः धेरै बर्षपछि त्यस ठाउँमा आफै जल निस्किने हुँदा थारूहरूले कुवा र पोखरीको पूजा गर्न थाले। वि.सं. २०४२ सालमा झोलाई थारूको नेतृत्वमा त्यस ठाउँलाई संरक्षण गर्दै पूजा गर्दै गरेको थारू अगुवाहरू बताउँछन्।



पछि त्यस थारू बस्तीहरूमा कुनै किसिमको समस्या नआओस् भन्दै त्यही जलेश्वरमा पूजा आजा गर्न थालेपछि त्यस स्थानमा कुनै पनि समस्याहरू नआएको स्थानीय बुद्धिजिवीहरू बताउँछन् जसले गर्दा पनि जलेश्वर मन्दिरको धार्मिक तथा संस्कृतिक महत्व रहेको पाईन्छ।

### जनविश्वास

यस मन्दिर धार्मिक आस्थाको केन्द्रविन्दु भएकोले दर्शनार्थीहरूले पूजा गर्ने प्रचलन रहिआएको छ। सुरू सुरूमा थारू समुदायमा विभिन्न शुभकार्य विवाह पूजाआजा, खेतिपाती गर्दा पहिलो अन्नबाली सुरूमा चढाउने गर्दै आएका थिए। पछि कालान्तर रूपमा यस धार्मिक तथा ऐतिहासिक ठाउँमा अन्य गैर थारूहरूले समेत पूजापाठ गर्दै आईरहेका छन्। यस मन्दिरमा पूजा गर्न आएपछि हरेक मनोकामना पूरा हुने धेरै नै जनविश्वास रहेको पाईन्छ। पछिल्लो समय मन्दिर व्यवस्थापन समितिमा पनि गैर थारू समुदायले नै नेतृत्व गरेको पाईन्छ।

### अवस्थिति

कपिलबस्तु जिल्लाको पूर्व पश्चिम राजमार्गसँग जोडिएको जलेश्वर मन्दिर बाणगंगा नगरपालिका वडा नं. ८ लौगईमा अवस्थित रहेको छ।



### पहुँच

रूपन्देहीको बुटवल शहरदेखि करिब ३० किलोमिटर लोकमार्ग हुँदै कपिलबस्तुको ४ नम्बर बजार पुगिन्छ। त्यहाँदेखि बाणगंगा पुल हुँदै ४ नम्बर बजारदेखि २ किलोमिटर पश्चिमतर्फ लोकमार्गको छेउबाट नै जलेश्वर मन्दिर देख्न सकिन्छ। यस ठाउँमा लोकमार्गको छेउमै भएको हुनाले जुनसुकै समयमा सजिलै पुग्न सकिन्छ। यस स्थानमा व्यक्तिगत सवारीसाधन, सार्वजनिक बस, अटोरिक्साबाट पनि पुग्न सकिन्छ।

### क्षेत्रफल

यस मन्दिर करिब एक विगाहा क्षेत्रफल रहेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष कुल चन्द्र पराजुलीले जानकारी दिनुभयो। उहाँले यस स्थानमा विभिन्न स्थानबाट पूजा गर्न आउने गरेको जानकारी दिदै संरक्षण र प्रवर्द्धन गर्नु हामी सम्पूर्णको दायित्व रहेको बताउँनुभयो। अहिले मन्दिर र पोखरी भित्र शिव मूर्तिले अझ सुन्दरता छाएको देखिन्छ।

## ४.८. लक्ष्मणघाट

### परिचय

कपिलबस्तु जिल्लाको एउटा प्रसिद्ध धार्मिक एंव पर्यटकीय स्थानको नाम हो लक्ष्मणघाट। यो कपिलबस्तु जिल्लाको बाणगंगा नगरपालिका वडा नं. ६ मा अवस्थित छ। कपिलबस्तु जिल्लाको ४ नम्बर बजार देखि करिब ५ किलोमिटर पूर्व पश्चिम राजमार्ग तल्लो बनगाइ बजार देखि करिब १ किलोमिटर दक्षिण यस लक्ष्मणघाट पर्दछ। यो ऐतिहासिक तथा धार्मिक रूपले अत्यन्तै प्रसिद्ध रहेको पाईन्छ। पछिल्लो समय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलका रूपमा परिचित लक्ष्मणघाट बोलबम धाममा निर्माण गरिएको शिवमुर्ती र १०८ शिवलिङ्गले अझ पर्यटकहरूलाई आकर्षित गरेको लक्ष्मणघाट व्यवस्थापन समितिका उपाध्यक्ष सत्यनारायण थारूले जानकारी दिनुभयो। लक्ष्मणघाटमा रहेको फटकवा, १०८ शिवलिङ्ग, शिव मुर्ती, हनुमान मुर्तीहरू रहेका छन्। यहाँ स्नान गरे पवित्र हुने उदेश्यले नेपाल तथा भारतका विभिन्न स्थानहरूबाट पूजा गर्न आउने गर्दछन्।

### ऐतिहासिक पृष्ठभूमि

कपिलबस्तु जिल्लाको लक्षमणघाट निकै प्रसिद्ध धार्मिक एंव पर्यटकीय स्थान हो। यहाँ पौराणीक कथा अनुसार लक्ष्मणले यस स्थानमा स्नान गरेको घाट भएकोले यस स्थानलाई लक्ष्मणघाट भनिएको हो भनि ऐतिहासिक मान्यता रहिआएको छ। त्यसैले यस स्थान एउटा धार्मिक एवं पर्यटकीय रूपले विकास भएको पाईन्छ।



### जनविश्वास

यस लक्ष्मणघाट धार्मिक आस्थाको केन्द्रविन्दु भएकोले विशेषगरी एकादशी, साउने संक्रान्ती, बोलबम धामको लागि निकै प्रसिद्ध रहको छ । यहाँ जल चढाउने हो भने हरेक मनोकामना पूरा हुने जनविश्वस रहिआएको पाईन्छ । त्यस्तै लक्ष्मणघाट बाणगंगा नदी र कोईली नदीको संगम स्थानमा मृत्यु पश्चात् त्यस ठाउँमा दाहसंस्कार गरे स्वर्गमा जाने जनविश्वास रहेको पाईन्छ ।

### अवस्थिति

कपिलबस्तु जिल्लाको बाणगंगा नगरपालिका वडा नं. ६ मा यो लक्ष्मणघाट पवित्र धार्मीक स्थल अवस्थित रहेको छ ।

### पहुँच

कपिलबस्तु जिल्लाको ४ नम्बर बजारदेखि करिब ५ किलोमिटर पूर्व पश्चिम राजमार्ग तल्लो बनगाइ बजारदेखि करिब २ किलोमिटर दक्षिण लक्ष्मणघाट पर्दछ । यो ऐतिहासिक तथा धार्मिक रूपले निकै प्रसिद्ध रहेको छ ।

### क्षेत्रफल

लक्ष्मणघाट स्थल करिब ८ विगाहा क्षेत्रफलमा फैलिएको स्थानीयहरू बताउँछन् ।

## ४.९ सगरहवा ताल

### परिचय

कपिलबस्तु जिल्लाको महत्वपूर्ण प्राचीन तथा ऐतिहासिक महत्व बोकको ताल हो सगरहवा । यो तालको छुट्टै अस्तित्व तथा अन्तर्राष्ट्रिय जगतमा आफ्नो छुट्टै ऐतिहासिक महत्व बोकेको छ । यो सगहवा प्राचीन ऐतिहासिक महत्व बोकेको ताल कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवादेखि ९ कि.मि. उत्तरमा अवस्थित छ ।

### ऐतिहासिक पृष्ठभूमि

सगरहवा गाउँको नामबाट नै सगरहवा तालको नामकरण गरिएको हुन सक्ने पूराना थारू अगुवाहरू बताउँछन् । हजारौ शाक्यहरूलाई सामुहिक वध गरेको स्थान रहेको इतिहासविद्हरू बताउँछन् । इतिहासविद्का अनुसार यस तालमा ९ हजार ९ सय ९९ शाक्यहरूको सामूहिक वध गरेको ऐतिहसिक स्थल रहेको बताइन्छ ।

इतिहासमा लेखिए अनुसार राम्रो कुल मानिने शाक्य गणराज्यसँग नाता सम्बन्ध गास्न कौशल नरेश प्रसेनजितको विवाह शाक्य कुलमा गराईएको थियो । त्यहाँ उनको बासभ खत्तियासँग विवाह भएको थियो । त्यसपछि प्रसेनजितका छोरा विरूढक/विडुडभ



आफ्नो मामा घर प्राचीन कपिलवस्तु (तिलौराकोट) मा उनले खाएको ठाउँमा लिपपोत गरेर दुधले धोएर चोख्याईएको देखेपछि के गरेको भनेर विरूढकले सोधे , त्यसपछि आफ्नी आमा दासीपुत्री भएकाले यस्तो गरेको थाहा पाएपछि उनी क्रोधावेशमा आए ।

त्यसपछि शाक्य राज्यमा आक्रमण गरी सयौं शाक्यहरूको बध गरेको कुरा बौद्ध इतिहासमा उल्लेख गरिएको छ । त्यो ठाउँ अहिलेको सगरहवा भएको बताईएको छ । सातौं शताब्दीमा बुद्धस्थल तिलौराकोट आएका चिनियाँ पैदल यात्री ह्वेङ साङले पनि आफनो यात्रा विवरणमा सगरहवामा शाक्यहरूको बध स्थल भएको उल्लेख गरेका छन् । सन् १८९७ मा जर्मन सर्भेयर डा. फ्युहररले यहाँ उत्खनन गरेका थिए । पोखरीको दक्षिणमा ८ वटा र पश्चिममा ९ वटा स्तुप फेला पारेका थिए । त्यस मध्ये १२ स्तुपमा अस्तु पात्र रहेको उल्लेख भएको वरिष्ठ पूरातत्वविद् वसन्त बिडारीले बताउनुभयो । सन् १८९९ मा भारतीय पूरातत्वविद् पिसी मुखर्जीले त्यसको ड्रोईङ (नक्सा) बनाएका थिए । पोखरी पश्चिम रहेको खाल्डोमा पनि मुखर्जीले ४९ वटा स-साना कोठा रहेको ड्रोईङ (नक्सा) बनाएर छाडेका छन् । त्यस यता यहाँ उत्खनन हुन सकेको छैन ।

## जनविश्वास

यस सगरहवा धेरै पहिलेदेखि थारू समुदायको आर्थिक, सामाजिक तथा धार्मिक स्रोतको पाटोको रूपमा यस ताललाई लिने गरेको थारू अगुवाहरूले बताउँछन् । यस तालसँग छुट्टै ऐतिहासिक सम्बन्ध गासिएको छ । यस स्थान शाक्यवंशीय इतिहाससँग दुःखको सम्बन्ध राख्ने हुनाले यहाँ आउने अधिकांश बौद्ध तिर्थालुहरू पूजाआजा गर्न आउँछन् । अकालमा मरेका मृत आत्माको चीर शान्तिको कामना गर्छन्, पुण्यानुमोदन गर्छन् । धार्मिक पूण्य सञ्चय गरेर फर्कने गरेको पाईन्छ । यहाँ ९,९९९ शाक्यहरूको सामुहिक बध गरिएको चिनियाँ स्रोतले उल्लेख गरेको वरिष्ठ पूरातत्वविद् वसन्त बिडारीले बताउनुभयो । कतिपयले ७७ हजार शाक्यहरूको बध स्थल पनि मान्ने गरेको पाईन्छ ।

## अवस्थिति

सगरहवा ताल कपिलबस्तु जिल्लाको कपिलबस्तु नगरपालिका वडा नं. ९ मा अवस्थित छ ।

## पहुँच

कपिलबस्तु जिल्लाको कपिलबस्तु नगरपालिका तौलिहवादेखि ९ कि.मि. उत्तर जगदीशपुर तालको नजिकै ऐतिहासिक महत्व बोकेको सगरहवा ताल पर्दछ । यस ताल पुग्न निजी सवारी साधन, अटोरिक्साबाट पुग्न सकिन्छ । साथै कपिलबस्तुको चार नम्बर बजार हुँदै पूर्वपश्चिम राजमार्ग देखि बनगाई बजार पुगिन्छ । बनगाई बजारदेखि दक्षिण लागेपछि लक्ष्मणघाट पर्यटकीय क्षेत्र हुँदै दक्षिण करिब ६ किलोमिटर गएपछि यस तालमा पुग्न सकिन्छ ।

## क्षेत्रफल

पछिल्लो समयमा यस सगरहवाको जग्गा अतिक्रमण हुन थालेको पाईन्छ । यस सगरहवाको करिब ७२ विगाहा क्षेत्रफल रहेको पाईन्छ ।

# ४.१० तिलौराकोट

## परिचय

कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका स्थित शिवगढ गाउँसँगै रहेको तिलौराकोट भगवान गौतमबुद्धले २९ वर्ष बिताएको ठाउँ तथा उहाँका बुबा राजा शुद्धोधनको राजदरबार हो। सदरमुकाम तौलिहवादेखि करिब तीन किलोमिटर उत्तर बाणगङ्गा नदीको किनारमा रहेको विश्वप्रसिद्ध ऐतिहासिक र पुरातात्विक महत्वको तिलौराकोटलाई प्राचीन कपिलवस्तुका रूपमा चिनिन्छ। तिलौराकोटमा अहिले जीर्ण भइसकेका तीन वटा भग्नावशेष मात्र बाँकी छन्। यी तीनै वटा भग्नावशेषहरूको अवस्था दयनीय छ। संरक्षणको अभावमा भग्नावशेषका ईटाहरू बेलाबेलामा उक्किएर खस्ने गरेका छन त्यस्तै प्राचीन भग्नावशेषका पर्खालहरू ढलेका छन् भने प्राचीन ईटा र ढुङ्गाहरू यत्रतत्र छरिएका छन्। तिलौराकोट भित्र मुख्य तीन भग्नावशेषका रूपमा दरबार, पूर्वीद्वार र पश्चिमीद्वार रहेका छन्। तिलौराकोटको अर्थको बारेमा रोचक तथ्य बाहिर आएको छ। टिआइ भन्नाले तिन, लौरा भन्नाले अशोकस्तम्भ र कोट भन्नाले दरवार भनेर तिलौराकोटलाई बुझ्न सकिन्छ।

## ऐतिहासिक पृष्ठभूमि

तिलौराकोटमा इसापूर्व आठौं शताब्दीमा सुसंस्कृतिले सम्पन्न मानव बस्ती भएको तथ्य फेला परेको छ। पुरातत्व विभाग, बेलायतको दुरहाम विश्वविद्यालय, लुम्बिनी विकास कोष र राष्ट्रिय अन्तर्राष्ट्रिय विज्ञको संयुक्त टोलीले गरेको पुरातात्विक उत्खननबाट पाइएका विभिन्न सामग्रीको वैज्ञानिक अनुसन्धानपछि नयाँ तथ्य बाहिर आएको छ।

शान्तिका अग्रदूत भगवान गौतमबुद्धसँग सम्बन्धित भएका कारण तिलौराकोट विश्व प्रसिद्ध भएको हो। गौतम बुद्धकी आमा मायादेबी गर्भवती हुँदा उनले एउटा सपना देखेकी थिइन कि तिलौराकोटमा रहेको मंगल पोखरीमा कमलको फूल फूलेको थियो सोही फूल एउटा सेतो हात्तिले ल्याएर मायादेवीको पेटमा राखिदिएको थियो। अनि मायादेवी आफ्नो माइत देवदह जाने क्रममा लुम्बिनी बाटिकामा गौतमबुद्धलाई जन्म दिएकी थिइन्। मायादेवी फर्केर गौतमबुद्ध सानो बालकलाई लिएर उनी आफ्नो घर तिलौराकोट आइन्। खासगरी गौतम बुद्धको बाल्यकाल देखीको २९ वर्ष यही तिलौराकोटमा बिताएको पाइन्छ। खासगरी यही तिलौराकोटको पश्चिमद्वारबाट बाहिर निस्कदा सिद्धार्थ गौतमबुद्धले चारवटा मान्छे एउटा बुढो, एउटा मरेको, एउटा रोगी र एउटा भिक्षु मान्छे देखेका थिए।

'युनेस्को जापानिज फण्ड इन ट्रष्ट'को आर्थिक सहयोगमा भएको उत्खननले उक्त स्थानमा प्राचीन समयदेखि नै मानव सभ्यताको क्रमिक विकास भएको प्रमाण प्राप्त भएका छन्। त्यस क्षेत्रमा अहिले फलामका किल्ला, माटोका भाँडा र ईटाका टुक्रा, फुटेका चुरालगायत सामग्री संकलन गरिएको छ। ती सामाग्रीहरू नेपालका थारू समुदायले प्रयोग गर्ने सामाग्रीसँग मेल खाएको



तिलौराकोट दरबार

देखिन्छन् । तिलौराकोटमा इ.पू. छैठौं शताब्दीमा योजनाबद्ध शहरीकरण शुरु भएको पाइएको छ । उक्त क्षेत्रको चारैतर्फ किल्ला र पर्खालले घेरिएको, उत्तरतर्फ स्तूप, दक्षिणमा औद्योगिकस्थल, पूर्वमा विहार र पश्चिममा बसोबास रहेको पाइएको छ ।

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नका निम्ति गृह त्याग गर्नुअघि २९ वर्षसम्म जीवन विताएको र बुद्धत्व प्राप्त गरेपछि आफ्नो जीवनकालमा धेरै पटक भ्रमण गरेको प्राचीन कपिलबस्तु राज्यको राजा शुद्धोधनको राजदरबार रहेको स्थान तिलौराकोट भएको पुरातात्विक अध्ययन, अनुसन्धान र उत्खननबाट प्राप्त प्रमाणहरूको आधारमा नेपालको कपिलबस्तु जिल्लाको तिलौराकोट नै प्राचीन कपिलबस्तु राज्यको राजा शुद्धोधनको राजदरबार रहेको राजधानी शहर प्रमाणित भएको हो ।

## जनविश्वास

तिलौराकोटमा एउटा प्राचीन मन्दिर छ जसको नाम समयमाई रहेको छ । समय भन्नाले प्राचीन र माई भन्नाले मायादेवी जसको अर्थ हो प्राचीन मायादेवीको मन्दिर जुन मन्दिरमा बुद्धको आमाबाबुको मुर्ति राखिएको छ । तिलौराकोटमा आउने तिर्थालुहरू तथा भक्तजनहरूले सो मन्दिरमा आएर भाकल गर्छन उनीहरूले गरेको भाकल पुरा भयो भने सो मन्दिरमा हात्तीको मुर्ती चढाउँछन् । यसरी यस तिलौराकोटमा रहेको समयमाई मन्दिरमा भाकल गर्दा आफूले मागेको मंगत पुरा हुन्छ भन्ने जनविश्वास रहेको छ ।

## अवस्थिति

लुम्बिनी प्रदेश अन्तर्गतको कपिलबस्तु जिल्लाको सदरमुकाम तौलिहवादेखि पाँच किलोमिटर उत्तर पूर्वमा तिलौराकोट रहेको छ । सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नु अघि २९ बर्षसम्म जीवन बिताएको तिलौराकोट बुद्ध जन्मस्थल लुम्बिनीदेखि २७ किलोमिटर पश्चिममा रहेको छ ।

## पहुँच

तिलौराकोट पुग्नको लागि पश्चिम तर्फवाट जाँदा नेपालको पूर्व पश्चिम राजमार्ग अन्तर्गत कपिलवस्तु जिल्लाको गोरुसिंगे बजारबाट पूर्व दक्षिण हुदै सदरमुकाम तौलिहवाबाट उत्तर पूर्व करिव आधा घण्टा गाडी, मोटर, जिपबाट जान सकिन्छ भने पूर्व तर्फबाट जाँदा नेपालको पूर्व पश्चिम राजमार्ग अन्तर्गत कपिलवस्तु जिल्लाको चार नम्वर देखि पचेहरा गाउँ हुँदै सदरमुकाम तौलिहवा जाने बाटोमा २५ मिनेटको समयमा गाडी, मोटर, जिपबाट पुग्न सकिन्छ ।

## क्षेत्रफल

ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक हिसाबले एकदमै महत्वपूर्ण रहेको तिलौराकोट हाल ३५ विघा १० कट्ठा क्षेत्रफलमा फैलिएको छ ।

# अध्याय पाँच

## रुपन्देही जिल्लाका थारू सांस्कृतिक सम्पदाहरु

नेपालको लुम्विनी प्रदेश अन्तर्गतको १२ जिल्लाहरू मध्ये रूपन्देही जिल्ला पनि एक हो । शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल लुम्बिनी यसै जिल्लामा अवस्थित छ । ८३° १२' १६" देखि ८३° ३८' १६" पूर्वी देशान्तर र २७° २०' ००" देखि २७० ४७' २५° उत्तरी अक्षांशमा रहेको यो जिल्ला १३६० वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यस जिल्लाको पूर्वमा नवलपरासी (पश्चिम), पश्चिममा कपिलवस्तु, उत्तरमा पाल्पा जिल्ला र दक्षिणमा भारतको उत्तर प्रदेश पर्दछ । समुद्र सतहबाट १०० मिटर देखि १२२९ मिटरको उचाईमा रहेको यस जिल्लालाई चुरे क्षेत्र, भावर क्षेत्र र तराई/मधेस गरी ३ भौगोलिक क्षेत्रहरूमा विभाजन गर्न सकिन्छ । राजनैतिक रूपले यस जिल्लालाई ५ निर्वाचन क्षेत्र, १ उप–महानगरपालिका, ५ नगरपालिका र १० गाउँपालिकामा विभाजन गरिएको छ । २०७८ को जनगणना अनुसार यस जिल्लाको जनसंख्या ११,२१,९५७ रहेको छ जसमध्ये ९२,३९९ थारू जातिको जनसंख्या रहेको छ ।

रूपन्देही जिल्लामा धेरै धार्मिकस्थलहरू, ऐतिहासिक तथा पूरातात्विक र पर्यटकीय महत्वका स्थानहरू रहेका छन् । औद्योगिक तथा प्राविधिक क्षेत्रहरू, कृषि, वातावरण तथा जैविक विविधतायुक्त आर्थिक तथा पर्यटकीय महत्वका क्षेत्रहरू रहेको यस जिल्लाको नामाकरणको सम्वन्धमा भगवान गौतम बुद्धसँग जोडिएको छ ।

## ५.१ महेरवामाई (महेरवा गुफा)

### परिचय

महेरवामाई सैनामैना नगरपालिकाको वडा नं. ११ बिचौवापुरमा पर्छ । पूर्वपश्चिम राजमार्गमा पर्ने सालझन्डी (रूद्रपुर) देखि करिब ३ किलोमिटर दक्षिण पूर्वमा यो स्थान घना कोठी जंगलको छेउमा पर्दछ । यो स्थानमा एउटा सानो पोखरी रहेको छ । यसको माथिल्लो भागमा महेरवामाईको थान रहेको छ । उक्त थानको पूजारी थारू समुदायबाटै रहने चलन रहेको छ । यहाँको भौतिक संरचना पूरातात्विक दृष्टिले निकै महत्वपूर्ण रहेको छ । छुट्टै प्रकारको चट्टानमा स-साना प्रकारका थुप्रै गुफाहरू यस स्थानमा देख्न सकिन्छ । यस स्थानमा रहेको कुवा हाल भासिएको स्थानीयहरू बताउँछन् ।

### ऐतिहासिक पृष्ठभूमि

महेरवामाई क्षेत्रमा महेरवामाईको मन्दिर लगायत केहि अन्य मन्दिर र ग्रेगर चट्टानी जमिनबाट पानी निस्किरहने सानो कुण्ड पनि रहेको छ । त्यहीँ पूर्व छेउमा ग्रेगर चट्टानी डाँडाको पाखोमा एउटा ओडारे दुलो छ जुन कुनै काल खण्डमा माहेर सर्प राजाको निवास थियो । सर्प राजाको देहान्तपछि माहेर सर्प रानी महेरवामाईले त्यस भेगका बासिन्दाहरूलाई सुख दुःखमा खुब साथ दिइएकी थिइन् । अहिले महेरवामाईको प्रत्यक्ष दर्शन दुर्लभ भएतापनि विभिन्न अवसरमा मानिसहरू भाकल गर्ने, मन्दिरमा पूजाआजा गर्ने गर्दछन् । उनीलाई सरस्वतीको रुपमा मानिएको देखिन्छ । भौतिक रुपमा महेरवामाई अहिले नभएपनि भावनात्मक रुपमा अझैपनि



महेरवामाई स्थानमा रहेको ऐतिहासिक कुण्ड (पोखरी)



महेरवामाई स्थानमा रहेको गुफा

जीवित छिन् र मानव तथा जीवजगतको कल्याण गर्दछिन् भन्ने जनविश्वास रहिआएको छ। आजभोलि यो घनाजंगल सुन्दर, मनमोहक तथा सामरिक महत्वको स्थान भएकै कारणले दिनानुदिन स्वदेशी तथा विदेशी पर्यटकको आगमन बढेको र वनभोज मनाउनेहरूको घुँइचो बढ्दो रहेको छ। समय समयमा यहाँका व्यवस्थापन समिति, राजापानी वन उपभोक्ता समिति र स्थानीय जनसमुदाय मिलेर भव्य सांस्कृतिक कार्यक्रम पनि गर्दछन् जसमध्ये बिचौवापुरको महाभारत- मयुर नाच र थारु झुमडा नृत्य प्रसिद्ध छन्। यो स्थान प्रति के बालक, के बृद्ध, के युवा सबैको आस्था अति सराहनीय देखिन्छ।

### जनविश्वास

त्यहाँ एउटा पानीको मूल भएको सानो कुण्ड छ। त्यसैमा मानिसहरूले निस्क है गोपालदासू भनेर चिच्याएर एक मुठ्ठी जति भुजा चामल पानी माथि छरिदिएपछि करिब पचास साठीवटा कछुवा र सयौँको संख्यामा साना ठूला माछा निस्कने गर्दथे। जनश्रुति अनुसार उहीले चुचनारी गुरिनिया लगायत अन्य केही मानिएका गुरुवाहरू त्यस कुण्डमा पसेर कठवामोरवा (मलावरदेवी) निस्कने गर्थे रे। चुचनारी गुरिनिया एकजना महिला गुरवा थिईन उनी तीन दिन पछिमात्र निस्केकी हुन, उनलाई कुण्डको ढिस्कोमाथि कुरेर बसेका कुरुवाहरू निरास भई घर फर्किने तयारीमा थिए रे। गुरिनियाको भनाई अनुसार कुण्डभित्र ठूलो दरबार रहेछ। दरबारमा हामीजस्तै थुप्रै मानिसहरूको चहलपहल, खानपिन, नाचगान सबैकुरा भएको बताइन्। कुण्डबाट निस्कदा पनि गुरुवाहरूको कपडा भिजेको हुँदैन थियो भन्ने भनाइ स्थानीयको छ। साथै उक्त थानदेखि करिब ५०० मिटरको दुरीमा रहेको जग्गामा तत्कालीन समयमा नापी गर्ने क्रममा पटक पटक जन्जीर चुडिएपछि उक्त स्थानमा केही अलौकिक शक्ति रहेको भन्ने विश्वास रहेको छ। तत्पश्चात मालपोत कार्यालय रुपन्देहीले उक्त १५ कट्ठा जग्गा महेरवामाई मन्दिरको नाउँमा गरिदिएको स्थानीयको भनाइ छ। यस स्थानमा अन्य समयमा खासगरी हप्ताको हरेक सोमबार पुजाआजा गरिन्छ भने बडादशैं र चैतेदशैंको दिन ९ दिन लगातार पूजाआजा गर्ने चलन रहेको छ। यहाँ पूजाआजा गर्नाले मनको इच्छा पूरा हुने विश्वास रहेको छ।

### अवस्थिती

महेरवामाई रूपेन्देही जिल्लाको सैनामैना नगरपालिकाको वडा नं. ११ बिचौवापुरमा अवस्थित छ।

### पहुँच

पूर्व पश्चिम राजमार्ग अन्तर्गत सालझण्डीबाट करिब ३ कि.मि. दक्षिण पूर्वमा पर्ने महेरवामाई पुग्न कालोपत्रे सडक रहेको छ। त्यहाँसम्म पुग्न अटोरिक्सा एवं सार्वजनिक गाडीको व्यवस्था रहेको छ।

### क्षेत्रफल

सैनामैना नगरपालिका वडा नं. ११ बिचौवापुरमा रहेको महेरवामाई (महेरवा गुफा) को क्षेत्रफल १.६९ हेक्टर रहेको छ।

## ५.२. मलमलचौरा बाबा

### परिचय

मलमलचौरा बाबा सैनामैना नगरपालिका वडा नं. ८ स्थित भडछा गाउँमा पर्ने जंगलको बीच भागमा अवस्थित छ। यो स्थान पूर्व-पश्चिम राजमार्गमा पर्ने सैनामैनाको रामापुरदेखि ४ कि.मी दक्षिण पूर्व र कोलोनीदेखि करिब ३.३ कि.मि. दक्षिणपूर्वमा पर्छ। यहाँ बाघको मूर्ति रहेको छ। हाल पछिल्लो समय गैर थारू समुदायहरूले यहाँ दुर्गाको मन्दिर स्थापना गरेकाले यस स्थानलाई मलमलादेवी नामले पनि परिचित गर्न खोजिएको छ।

### ऐतिहासिक पृष्ठभूमि

उहीले उहीले यहाँ बोका, सुँगुर, कुखुरा भोग दिने चलन थियो। जेष्ठ नागरिकको भनाई अनुसार शुरूका दिनमा यी देवीदेवता र सवारका रूपमा रहेका माटाका मूर्तिहरू सबै भडछा गाउँको छेउमा थिए। पछि आफ्ना मानमर्यादामा कम भएका कारण देवताहरू रिसाएर चुरे पहाडतिर लागे। गुरूवाहरूले थाहा पाएपछि गोरावल तप्पालाई बर्बादीबाट जोगाउनका लागि पुनः ती देवीदेवतालाई मनाई त्यही बाटोमा रोकी स्थान लिन आग्रह गरे अनुरूप हालको स्थानमा स्थापित रहेको कुरा गुरूवा दुलबहादुर थारूले आफ्ना बाजेको मुखबाट सुनेको भन्नुभयो। वहाँले के पनि भन्नुभयो भने वहाँको बाजेको भनाई अनुसार एकपटक मानिसहरू त्यही बाटो



मलमलचौरा बाबा मन्दिर स्थित मलमला देवी मन्दिर

हिडिरहेको अवस्थामा एकजना मानिसले ती माटाका मूर्तिहरूलाई सङ्केत गर्दै मुखमा औँला घुसाँउदै भनेछ - यो माटोको जाबो बाघले के गर्न सक्छ र ? अनि उत्तिखेरै उसको औँला क्वाप्पै निलिदिएछ । पछि निकै गुरूवाधामीले मनाएपछि बल्ल छोडेछ ।

## जनविश्वास

कुनै समयमा त्यो ठाउँमा बाघ आतंक निकै भयाभह थियो रे । त्यस ठाउँमा बाँटर थरका थारूहरूको एक समूह घुम्दै फिर्दै एउटा आँपको रूखमुनी आश्रय लिएर बसेका थिए । स्थानीयहरू बाघको आतंकले डराइरहेको अवस्थामा समेत ती बाँटरहरूलाई भने बाघले केही नगरेको र स्थानीयहरूले तिमीहरूलाई बाघले केही गर्दैन भनेर भन्दा हामीहरूले बाघलाई काबुमा लिदिन्छौं भनेपछि आफ्नो तान्त्रिक विधिबाट पूजा गरेर बाघलाई टाढा लगेर जंगलमा थान दिएपछि बाघ आतंक शान्त भए पश्चात् त्यस स्थानमा बाघको मूर्तिलाई पूजा गर्ने चलन चलिआएको भन्ने भनाई रहदै आएको छ । त्यहाँ पूजा गरेपछि जंगली जनावरहरूले गाउँमा आएर आतंक नमच्चाउने भन्ने विश्वास रहेको छ । साथै त्यस स्थानमा मलमलको सेतो कपडामा चामल राखेर जमिनमुनि गाडेपछि जंगली जनावरहरूको आतंकबाट बच्न सकिन्छ भन्ने विश्वास रहेको छ ।

## अवस्थिति

लुम्बिनी प्रदेशको रूपन्देही जिल्ला अन्तर्गत पूर्व-पश्चिम राजमार्गमा पर्ने सैनामैनाको कोलोनी बजारदेखि ३.४ कि.मि. दक्षिण पूर्व र रामापुर बजारदेखि ४ कि.मि. दक्षिण पूर्व सैनामैना नगरपालिका वडा नं. ६ भडछामा पर्ने मलमलचौरा बाबा रहेको छ । यो स्थान समुद्र सतहदेखि करिब ४०० मिटर उचाईमा अवस्थित छ ।

## पहुँच

यो स्थानसम्म पुग्न बुटवलदेखि यातायातको साधनमा करिब ३० मिनेट समय लाग्ने गर्छ । बुटवलदेखि कोलोनी बजारसम्मको दुरी करिब १२.२ कि.मि. र बुटवल-रामापुर बीचको दुरी १२.८ कि.मि. रहेको छ । कोलोनी बजारदेखि दक्षिण पूर्वतिर जाने पक्की सडकहुँदै ३.४ कि.मि. को दुरी र रामापुर बजारदेखि दक्षिणपूर्व तर्फ जाने पक्की सडक हुँदै ४ कि.मि. को दुरी पार गरेपछि मलमलचौरा बाबा पुग्न सकिन्छ । त्यस स्थानसम्म पुग्न भने निजी सवारी साधन या अटोरिक्साको व्यवस्था गर्नु पर्दछ ।

## क्षेत्रफल

मलमलचौरा बाबा सैनामैना नगरपालिका वडा नं. ८ स्थित भडछा भन्ने गाउँमा रहेको यसको क्षेत्रफल अनुमानित करिब १० कट्ठामा रहेको छ ।

# ५.३. बक्सड डाँडा

## परिचय

सैनामैना नगरपालिका वडा नं. ५ मा पर्ने बक्सड डाँडा कोटियामाई क्षेत्र ऐतिहासिक तथा धार्मिक दृष्टिले महत्वपूर्ण छ र यो पर्होरामा पर्ने गर्दछ । देवी देवताको थानको रूपमा मानिँदै आएको यस स्थानमा परम्परागत रूपमा पूजाआजा गरिन्छ । यहाँ भाकल गरेपछि विभिन्न आकारका हात्ती तथा जिव जनावरहरूको आकृति स्थापित गरिने चलन रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

पुर्खाहरूका अनुसार ५६ कोटी देवताहरू यो कोटमा बसेर भेला गर्थे । यस कोटमा कुनै पनि देवी देवताको मूर्ति नरेहेपनि दुर्गाको पूजा गरिदै आएको छ ।

### जनविश्वास



बक्सड डाँडा थान परिसर

यो स्थानदेखि लगभग ४ कि.मि. पूर्वमा नरैनापुरमा मेला लाग्ने गर्थ्यो । त्यहाँ मेलामा आएका हात्तीहरूलाई यो कोट रहेको जंगल छेउमा रूखका स्याउलाहरू खुवाउन ल्याइन्थ्यो । तर त्यहाँ रहेको पिपलको रूख नजिक जाँदा वित्तिकै हात्ती कराएर दौडिहाल्थे त्यसपछि त्यहाँ कुनै शक्ति रहेको भन्ने विश्वास रहेको छ । साथै त्यस कोटको क्षेत्रमा रहेको कुनै पनि रूख विरूवाको हाँगा तथा रूख काटेर प्रयोग गर्नु हुँदैन भन्ने जनविश्वास रहँदै आएको छ । यस कोटमा भाकल गरेपछि आफ्नो मनोकामना पूरा हुने विश्वास रहेको छ । मनोकामना पूरा भए पश्चात् यस कोटमा हात्ती तथा अन्य जनावरको आकृती स्थापना गरिने चलन छ । यस कोटको क्षेत्रमा कुनै पशुपंक्षीको भने वली दिइदैन ।

### अवस्थिति

लुम्बिनी प्रदेशको रूपन्देही जिल्लाको सैनामैना नगरपालिका वडा नं. ५ मा पर्ने बक्सड डाँडा कोटियामाई क्षेत्रमा पर्दछ ।

### पहुँच

यो स्थान सैनामैना नगरपालिकाको वडा नं. ५ स्थित पर्होरामा पर्दछ । यहाँसम्म पुग्नका लागि पूर्वपश्चिम राजमार्गमा पर्ने सैनामैना नगरपालिकाको मुर्गिहवा (मुर्गिया) बजारको मुख्य चोकदेखि उत्तर पूर्व तर्फको कालोपत्रे सडक हुँदै अगाडि बढ्नु पर्ने हुन्छ । मुर्गिहवाबाट यहाँसम्मको दूरी करिब ४.८ कि.मि. रहेको छ । यहाँसम्म पुग्नका लागि अटोरिक्सा वा आफूलाई सहज हुने कुनै पनि सवारी साधनमा पुग्न सकिन्छ ।

### क्षेत्रफल

सैनामैना नगरपालिका वडा नं. ५ मा रहेको बक्सड डाँडा कोटियामाईको क्षेत्रफल करिब २ विघामा फैलिएको छ ।

## ५.४. दरबहवा (मानपकडी)

### परिचय

ऐतिहासिक दरबहवा शुद्धोधन गाउँपालिकाको वडा नं. ६ मा पर्दछ । यहाँ प्राचीन दरबार थियो भन्ने भनाइ रहेको छ । यस स्थानमा भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा रहेको जस्तै प्राचीन ईटाहरूको अवशेष अझै बाँकी रहेको देख्न सकिन्छ । यो स्थानमा पानीको मूल बग्ने आकारको ढुङ्गा छ र त्यसलाई पुज्ने चलन छ । अहिले त्यस स्थानमा गणेशको मन्दिर पनि बनाइएको छ । दरबहवाको पूजाआजा एवं रेखदेख भने इतिहासकाल देखि नै थारू समुदायले गर्दै आइरहेका छन् । यहाँ हरेक वर्ष कात्तिक पूर्णिमामा ठूलो मेला लाग्ने गर्दछ ।

### ऐतिहासिक पृष्ठभूमि

तुल्सीप्रसाद थारू, भगलापुरका अनुसार ईटाको भवन भएको प्राचीन अवशेष अझ बाँकी छ । कुनै बेला राज्यबाट खन्ने प्रयास पनि भएको तर के कति कारणले स्थगित भयो जानकारी भएन । पूराना पूराना गुरूवाका भनाई अनुसार त्यो अवशेष रहेको दरबारभित्र एउटा सुरूङ (गुफा) छ । त्यसभित्र सुन र चाँदीका अपार सिक्काहरू छन् । खन्ने प्रयासहरू पनि कयौंपटक नभएका होइनन् । गुफामा एउटा पत्थरको ढक्कन (दरवा) छ, त्यो ढक्कन खोलेर भित्र पस्नासाथ ढक्कन आपसे आप लाग्ने हुँदा कैयौं व्यक्तिहरू हराउने, फर्केर नआउने हुँदा कसैले पनि आजसम्म खन्ने प्रयास गरेका छैनन् ।



ऐतिहासिक दरबहवा परिसर



ऐतिहासिक दरबहवा दरबारको भग्नावशेष



ऐतिहासिक दरबहवामा भेटिएको प्राचीन ईटाहरू

## जनविश्वास

यहाँ हरेक वर्ष कार्त्तिक पूर्णिमाका दिन धुमधामसँग ठूलो मेला लाग्ने गर्दछ । यहाँ पूजाआजा गर्नाले आफ्नो मनोकामना पूरा हुने विश्वास गरिन्छ । साथै छेउमा रहेको खोलामा जति ठूलो बाढी आउँदा पनि दरबहवा क्षेत्रलाई कुनै हानी नगरेकोले पनि यहाँ दैवी शक्ति रहेको भन्ने जनविश्वास गरिदै आएको छ ।

## अवस्थिति

दरबहवा लुम्बिनी प्रदेशको रूपन्देही जिल्लामा पर्ने शुद्धोधन गाउँपालिकाको वडा नं. ६ मानपकडीमा अवस्थित रहेको छ । शुद्धोधन गाउँपालिकाको कार्यालयदेखि करिब ३०० मिटरको दुरीमा दरबहवा अवस्थित रहेको छ ।

## पहुँच

दरबहवा पुग्न बुटवलदेखि करिब २७ कि.मि. को दुरी पार गर्नु पर्दछ । शुद्धोधन गाउँपालिकाको कार्यालयदेखि करिब ३०० मिटरको दुरीमा दरबहवा रहेको छ । यस स्थानमा जानका लागि बुटवलदेखि कालोपत्रे हुँदै सार्वजनिक गाडीमा पुग्न सकिन्छ ।

## क्षेत्रफल

दरबहवा शुद्धोधन गाउँपालिकाको वडा नं. ६ मा पर्ने दरवारको क्षेत्रफल करिब २ बिगाहा १० कट्ठामा फैलिएको छ ।

# ५.५ लुम्विनी

## परिचय

नेपालको लुम्विनी प्रदेश भित्र पर्ने रुपन्देही जिल्लाको लुम्विनी साँस्कृतिक नगरपालिका स्थित लुम्बिनी क्षेत्र संसारका शान्ति प्रेमी तथा बुद्धत्वको अस्तित्व स्वीकार गर्ने जो कोहीको लागि पनि प्रेरणाको श्रोतको रुपमा स्थापित भएको धार्मिक, ऐतिहासक तथा साँस्कृतिक महत्व बोकको स्थान हो । बौद्ध धार्मिक मान्यता अनूसार बुद्धत्व प्राप्त गर्ने २८ बुद्धहरू मध्ये सप्त बुद्ध भन्नाले कनक मूनी, शाक्य मूनी, शिखी, बिश्वभू, काश्यप, बिपश्वी, ककुच्छन्द हुन् । यी बुद्ध मध्ये शाक्यमूनी "गौतम बुद्ध" को जन्मस्थल लुम्बिनी क्षेत्र शाक्यमूनी शिद्धार्थ गौतम बुद्धको जन्मस्थानको रुपमा चिनिन्छ । यो स्थान बि.सं. २०५४।०३।२८ गते बिश्व सम्पदा सूचीमा सूचीकृत भएको हो । हिन्दुहरूका चार धाम जस्तै बौद्ध धर्मावलम्बीहरूका चार धाममा गौतम बुद्ध जन्मेको स्थल लुम्बिनी, ज्ञान प्राप्ति स्थल बोधगया, प्रथम ज्ञान प्रसारण स्थल सारनाथ र महापरिनिर्वाण स्थल कुशिनगर हो ।

गौतम बुद्धको मृत्यू पछि लुम्बिनी बिभिन्न बौद्ध यात्रीहरूको आध्यात्मिक केन्द्र बन्न पुग्यो । राजा अशोकले अशोक स्तम्भ खडा गरेका थिए । बिभिन्न बौद्ध भिक्षूहरूले आ-आफ्नो यात्रा वर्णनमा लुम्बिनीको बयान गरेका थिए । १४ औं शताब्दीमा राजा रिपु मल्लले अशोक स्तम्भमा आफ्नो राजकीय भ्रमण लुम्बिनीमा भएको भनी लिपिबद्ध गरे । गौतम बुद्धले प्रचार प्रसार गर्नु भएको बौद्ध धर्म विश्वब्यापी हुँदै जाँदा लुम्बिनी क्षेत्रमा बिभिन्न भूकम्प, बाढी लगायतको बिपद्ले लुम्बिनीको प्राचीन एवं ब्यवस्थित बस्ती जंगलमा परिणत भयो । १५ औं शताब्दीपछि बिभिन्न बिपद्का कारण अशोक स्तम्भ पुरियो र लुम्बिनी सबैको खोजीको बिषयमा परिणत भयो । लुम्बिनी बिभिन्न ग्रन्थ र यात्रीहरूको डायरीमा मात्र सिमित भयो । खास लुम्बिनी क्षेत्र पत्ता लगाउन बिभिन्न बिज्ञहरूले आ-आफ्नो स्थानबाट प्रयासहरू गरी राखे । लुम्बिनीको वास्तविक स्थानका सम्बन्धमा सन् १८९५ मा जर्मनी Archaeologist Dr. A. Feuhere र तत्कालीन पाल्पाका गर्भनर खड्ग शम्शेरले संयूक्त रुपमा लुम्बिनीमा उत्खनन् शुरु गरे र सन् १९९६ मा अशोक स्तम्भ पत्ता लगाएका थिए । अशोक स्तम्भ पत्ता लागेपछि गौतम बुद्धको जन्मस्थल लुम्बिनी हो भनी प्रमाणित भएको थियो । बौद्धमागी मौर्य सम्राट अशोक आफ्नो राजकीय भ्रमणको क्रममा ई.पू. २४९ मा बुद्ध जन्मस्थल लुम्बिनी आएको समयमा आफ्नो लुम्बिनी भ्रमणलाई स्मरणीय रहोस् भनी स्तम्भ गाड्न लगाएका थिए । त्यस स्तम्भलाई अशोक स्तम्भ भनिन्छ । उक्त स्तम्भमा देवताहरूका प्रिय प्रियदशी अशोक राजा राज्यकालको २० औं बर्षमा आफै आउनु भयो । यहाँ शाक्यमूनी बुद्धको जन्म भएकोले बुद्ध जन्म संकेतक Marker Stone शिलामा पूजा गरी यो शिला स्तम्भ स्थापना गर्नुभयो । यहाँ भगवानको जन्म भएकोले लुम्बिनी गाउँका कर घटाई आठौं भाग मात्र कायम गर्नुभयो" भनी अभिलेखमा उल्लेख गरिएको छ । अभिलेखमा पाली भाषा ब्राम्ही लिपीमा उल्लेखित (ईदं बुद्ध जाते hidabuddhajate Hida Budhe jate Sakyamuni, ले पनि यहाँ बुद्ध जन्मनु भयो, यहाँ शाक्यमूनी जन्मनु भयो भनी स्पष्ट पारेको छ । सिद्धार्थ गौतम "गौतम बुद्ध" को जन्मस्थल लुम्बिनी आवलोकन हरेक नेपालीहरूको लागि महत्वपूर्ण छ ।



लुम्बिनी स्थित मायादेवीको मन्दिर

## ऐतिहासिक पृष्ठभूमि

लुम्बिनी प्रदेशको नाम बुद्धकै जन्मस्थलको नामबाट नामाकरण गरिएको हो। लुम्बिनी बौद्ध धर्मावलम्बीहरूको विशेष ऐतिहासिक तीर्थस्थलको नामले विश्वमै चर्चित छ। विश्वभरका बौद्ध धर्मावलम्बीहरूका लागि लुम्बिनी अत्यन्त महत्वपूर्ण तिर्थस्थल हो। मायादेवी र भगवान बुद्ध प्रति अगाध आस्था राख्ने भएकोले हिन्दु धर्मावलम्बीहरूका लागि समेत लुम्बिनी महत्वपूर्ण धार्मिक गन्तव्य बनेको छ। लुम्बिनीमा रहेका पुरातात्विक तथा ऐतिहासिक अवशेषहरूले शताब्दिऔंदेखि विभिन्न व्यक्तित्वहरूले लुम्बिनीको तिर्थाटन गरेको तथ्यहरू खुलेका छन् । प्रसिद्ध मौर्य सम्राट अशोकले आफ्नो आध्यात्मिक गुरू उपगुप्तको

मार्ग दर्शनमा इ.पु. २४९ मा लुम्बिनीको तीर्थ यात्रा गरेका थिए । उनले हिंद बुधे जाते शाक्यमुनी अर्थात यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएको थियो भन्ने शिलालेख समेतको ढुंगाको स्तम्भ खडा गरे जसलाई हाल प्रसिद्ध अशोक पिलरका रूपमा लुम्बिनीमा देख्न सकिन्छ । "गौतम बुद्धको जन्म कपिलवस्तूको शाक्य परिवार (जसलाई थारूहरूको एक गोत्रको रुपमा चिनिन्छ) मा राजा शुद्धोधन तथा रानी मायादेवीको पूत्रको रुपमा लुम्बिनीमा भएको थियो । उनको वास्तबिक नाम सिद्धार्थ गौतम हो । Light Of Asia को रुपमा चिनिने गौतम बुद्धको जन्म लुम्बिनीमा ई.पू. ५६३ बैशाख पूर्णिमामा भएको थियो । प्राचीन समयमा कपिलवस्तु गणराज्यमा महाराज शुद्धोधनले राज्य गरिरहेका थिए । महारानी महामायादेवी कपिलवस्तुबाट आफ्नो माइतीघर देवदहतिर गइरहँदा बाटोमा पर्ने लुम्बिनीको प्राकृतिक सौन्दर्यले रमणीय उद्यानमा एकछिन आराम लिनुभएकै बेला उहाँलाई प्रशव व्यथा भयो । त्यहीको एउटा सालवृक्ष मुनि वैशाख पुर्णिमाका दिन बोधिसत्व सिद्धार्थको जन्म भयो । यो करिब २६०० वर्ष अगाडिको कुरा हो ।

## जनविश्वास

बौद्ध धर्मको चार पवित्र महत्वपूर्ण स्थलहरू मध्ये शाक्यमूनी सिदार्थ गौतम "गौतम बुद्ध" को जन्मस्थान लुम्बिनी, बुद्धत्व प्राप्त गरेको स्थान बोधगया, प्रथम धर्म चक्र प्रवचन दिएको स्थान सारनाथ, महापरिनिर्वाण (मृत्यू) प्राप्त भएको स्थान कुशीनगर मध्ये हाल नेपालको सरहद भित्र पर्ने एक मात्र स्थान लुम्बिनी नेपालीहरूले भ्रमण गर्नै पर्ने महत्वपूर्ण स्थान मध्ये एक स्थान रहेको जनविश्वास छ ।

## अवस्थिती

२७ डिग्री २५' उत्तरी अक्षांश र ८२ डिग्री ४३' पूर्वी देशान्तरमा अवस्थित रुपन्देही जिल्लाको बुटवल बजारको मिलन चोकदेखी दक्षिण २० किलोमिटरको दुरीमा भैरहवा रोड अन्तरगत बुद्ध चोक भैरहवा हुदै पश्चिम तर्फ ४.५ किलोमिटरको दुरीमा रहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय हवाई अड्डा देखी १८ किलोमिटर पश्चिममा सिद्धार्थ गौतम बुद्धको जन्मस्थान लुम्विनी अवस्थित रहेको छ ।

## पहुँच

लुम्विनी पुग्नको लागि पश्चिम तर्फवाट जाँदा नेपालको पूर्व-पश्चिम राजमार्ग अन्तरगत कपिलवस्तु जिल्लाको गोरुसिंगे बजारबाट पूर्व दक्षिण हुदै करिव २० मिनेटमा कपिलवस्तुको सदरमुकाम तौलिहवा पुगेर तौलिहवादेखि सिधै पूवकरिव ४० मिनेट लगाएर आफ्नो गाडी मोटर जिपबाट जान सकिन्छ । पूर्व तर्फबाट जाँदा नेपालको पूर्वपश्चिम राजमार्ग अन्तरगत रुपन्देही जिल्लाको बुटवल बजारको मिलन चोकदेखि दक्षिण २५ मिनेटको दुरीमा भैरहवा रोड अन्तरगत बुद्ध चोक भैरहवाबाट पश्चिमतर्फ ७ मिनेटको दुरीमा रहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलदेखि करिव ३० मिनेटको दुरीमा रहेको सिद्धार्थ गौतम बुद्धको जन्मस्थान लुम्बिनीमा गाडी मोटर जिपबाट पुग्न सकिन्छ ।

## क्षेत्रफल

ऐतिहासिक, साँस्कृतिक, धार्मिक तथा पुरातात्विक हिसाबले एकदमै महत्वपूर्ण रहेको लुम्विनी ३ वर्ग माइल अर्थात १,१५५ विघा क्षेत्रफलमा फैलिएर रहेको छ ।

# अध्याय छ

## नवलपरासी (ब.सु.प.) जिल्लाका थारु सांस्कृतिक सम्पदाहरु

लुम्बिनी प्रदेशका १२ वटा जिल्लाहरू मध्ये नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) पनि एक हो । करिब ६३४.८८ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस जिल्लाको पूर्वमा नवलपुर, पश्चिममा रूपन्देही, उत्तरमा पाल्पा र तनहुँ जिल्ला र दक्षिणमा मित्रराष्ट्र भारतको उत्तर प्रदेश र विहार प्रान्त पर्दछन् । समुन्द्री सतहबाट करिब ९१ मि. देखि १९३६ मि. सम्मको उचाईमा रहेको यस जिल्लाको दक्षिण भागमा तराई र उत्तरी भागमा चुरे पहाडी क्षेत्र पर्दछ ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला भौगोलिक रूपमा पनि सम्पन्न एवं भिन्नै पहिचान बोकेको जिल्लाको रूपमा सुपरिचित रहेको छ । भौगोलिक विविधताका कारण नेपाल अधिराज्य भरिकै हावापानी वातावरण र संस्कृति यहाँ पाइन्छ । यहाँको न्यूनतम तापक्रम ५ डिग्री सेल्सियस र अधिकतम तापक्रम ४४ डिग्री सेल्सियस सम्म रहेको पाइन्छ । कालीगण्डकी करिडोर अर्न्तगत नारायणी नदीको कंचन जलप्रवाहबाट सदियौंदेखि सिंचित यस जिल्लामा विविध जातजाति, भाषाभाषी, धर्म संस्कृतिको समिश्रण पाइन्छ । यहाँ तुरिया, धनेवा, झरही जस्ता खोलानालाले निरन्तर रूपमा जलप्रवाह गरिरहेका छन् । त्यसै गरी करिब ८४ विघा क्षेत्रफलमा फैलिएको ऐतिहासिक नन्दन ताल, गैंडाताल, पिपरपाति नाला, बुटाहा र सुसिहवा तालले थुप्रै जलचरहरूलाई बासस्थान प्रदान गरी जिल्लाको गरिमालाई निरन्तर बढाइ रहेका छन् ।

२०७३ सालमा यस जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) नामाकरण गरिएको हो । प्रशासनिक रूपमा ४ वटा गाउँपालिका, ३ वटा नगरपालिका, २ वटा संघीय निर्वाचन क्षेत्र र ४ वटा प्रदेश निर्वाचन क्षेत्रमा विभाजित यस जिल्लाको सदरमुकाम रामग्राम नगरपालिकाको परासी बजारमा रहेको छ । ऐतिहासिक एवं सांस्कृतिक रूपमा भिन्नै पहिचान बोकेको यस स्थानमा महामानव भगवान गौतम बुद्धको परिनिर्वाण पश्चात् प्राप्त आठवटा अस्थिधातु मध्ये एक अस्थिधातु राखिएको विश्व प्रसिद्ध रामग्राम स्तुप रहेको छ । प्राचीन समयमा सम्राट अशोकले अन्य स्थलका अस्थिधातुहरू निकाली आफ्नो राज्यमा विभाजन गरी कैयौं बौद्ध स्तुपहरू निर्माण गरेका भएतापनि यस स्थलमा रहेको अस्थिधातु निकाल्न आउँदा नाग र हात्तीहरूले संरक्षण गरी निकाल्न नदिएको भन्ने जनश्रुति रहेको छ । यसै पवित्र स्थलको नामबाट नगरपालिका र यस शाखाको नामाकरण गरिएको हो । यो रामग्राम महामानव गौतमबुद्धको मावली गाउँ, उनको बाल्यकालको क्रिडास्थल र प्राचीन कोलीय गणराज्यको राजधानी रहेको विश्वास गरिन्छ । यसका अलावा यहाँ पृथ्वीनारायण शाहले नेपाल एकिकरण गर्नु पूर्व पाल्पाका सेन वंशी राजाहरूका इष्टदेवी पाल्ही भगवतीको प्रसिद्ध मान्दिर समेत रहेको छ । यस जिल्लामा सोना-तमसा र सप्तगण्डकी नदीहरूको समिश्रणबाट बनेको प्रसिद्ध त्रिवेणी धाम (जुन स्थल भारतको प्रयाग जतिकै श्रदा र आस्थाको केन्द्रको रूपमा रहेको) छ । यसका अतिरिक्त यहाँ मदारथान, बाबा बर्दगोरिया कुटी, अनुमाघाट, पण्डितपुर, अकलादेवी, घुमारिघाट जस्ता पर्यटकीय एवं धार्मिक स्थलहरू रहेका छन् भने थुप्रै मठमन्दिरहरू समेत रहेका छन् ।

यस जिल्लाका व्यापारिक महत्वका केन्द्रहरूमा परासी, महेशपुर, सुनवल, बर्दघाट, जमुनिया, भूमही महत्वपूर्ण रहेका छन् । जिल्लाको सदरमुकाम परासीबाट १२ कि.मि. को दूरीमा भारतीय सिमावर्ती बजार ठूठीबारी रहेको छ जहाँबाट गोरखपुर, लखनउ जस्ता ठूला भारतीय बजारहरूमा जान सकिन्छ भने माहामानव गौतम बुद्धले परिनिर्वाण प्राप्त गर्नुभएको प्रसिद्ध स्थल कुशीनगर समेत सजिलै जान सकिन्छ । नवलपरासी जिल्लामा चितवन सिमेन्ट कम्पनी, निर्माण सिमेन्ट कम्पनी, एम.के. पेपर मिल्स जस्ता प्रमुख औद्योगिक कारखानाहरू समेत रहेका छन् भने परासी बजारका छिमेकी बजारहरूमा रूपन्देहीको बुटवल र भैरहवा निकै नजिक एवं सुविधाजनक मानिन्छ भने जिल्लाको अधिकतम व्यापार समेत यसै स्थानहरूबाट आश्रीत रहेको पाइन्छ । परासी बजारमा जिल्ला सदरमुकाम रहेको एवं जिल्लाका सरकारी निकाय, विभिन्न संघ संस्था, शैक्षिक संस्थानहरूका कारण समेत दैनिक मान्छेहरूको चलहपहल भइनै रहन्छ भने बसोबासका दृष्टिले हिन्दु, मुस्लिम, बुद्धिष्ट, क्रिश्चियन धर्म सम्प्रदाय एवं पहाडी, थारू, मधेशीहरूको मिश्रीत बसोबास भएको पाइन्छ । यहाँ बाहिरबाट आउने आगन्तुक पाहुना एवं पर्यटकहरूका लागि खाना एवं बासकालागि अत्याधुनिक सुविधा सम्पन्न होटलहरू नभएता पनि विस्तारै शहरोन्मुख हुदै गएका कारण केही सुविधा सम्पन्न, आरामदायी एवं सामान्य खालका होटल रेष्टुराँहरूको प्रचुर उपलब्धता रहेको छ ।

## ६.१ अत्रहटी ताल र शिव मन्दिर


अत्रहटी ताल


सरावल गाउँपालिका वडा नं.२ मा अवस्थित शिव मन्दिर

### परिचय

नवलपरासी जिल्ला (बर्दघाट सुस्ता पश्चिम) सरावल गाउँपालिका वडा नं. २ अत्रहटी गाउँमा अत्रहटी ताल र शिव मन्दिर अवस्थित रहेको यो ताल कमल पोखराको नामले चिनिन्छ। यो मन्दिर पूर्व पश्चिम राजमार्गको बासा चोकबाट २ किलो मिटर दक्षिणमा पर्दछ।

### ऐतिहासिक पृष्ठभूमि

रंजितराम चौधरी, तुला राय, गोरे राय, जानकी राय, जगमोहन राय र फुटकुन राय लगायतका ६ जनाले मिलेर पोखरी खनी विक्रम सम्बत् १९३७ साल फाल्गुन १२ गते श्री शिव ज्योति लिङ्गको स्थापना गरी शिव मन्दिर निर्माण गरेका हुन्। सो मन्दिर जिर्ण भएकोले चन्द्र सेठ चौधरीको नाति श्याम सुन्दर चौधरी, कन्हैया लाल राय र गणेश प्रसाद रायले विक्रम सम्बत् २०१८ साल फाल्गुन २२ गते श्री शिव मन्दिरको जिर्णोद्धार गरेका हुन्।

### जनविश्वास

उक्त श्री शिव ज्योति लिङ्गमा शनिवारका दिन फलफूल, जल अर्पण गरी पूजापाठ गरेमा पुत्र/पुत्री प्राप्त हुने विश्वास छ। सोही बमोजिम आजसम्म ज्योति लिङ्गमा पूजापाठ गरेमा निश्चय नै धन, बल, बुद्धि, पुत्र/पुत्री समेत प्राप्त हुने विश्वास रहेको छ। यस कारण अत्रहटीमा महाशिवरात्री पर्वको अबसरमा ठूलो मेला लाग्ने गरेको छ।

### अवस्थिति

लुम्बिनी प्रदेशको नवलपरासी जिल्ला (बर्दघाट सुस्ता पश्चिम) सरावल गाउँपालिका वडा नं. २ अत्रहटी गाउँमा अत्रहटी ताल र शिव मन्दिर अवस्थित रहेको छ।

### पहुँच

यो ताल/पोखरी पूर्व पश्चिम राजमार्गको बासा चोकबाट दक्षिण २ किलोमिटर कालो पत्रे हुँदै सार्वजनिक बस र अटोरिक्सा भएर त्यस ठाउँमा सजिलै पुग्न सकिन्छ।

### क्षेत्रफल

सरावल गाउँपालिका वडा नं.२ अत्रहटीमा रहेको यसको क्षेत्रफल ३ बिघामा फैलिएको छ।

## ६.२ बाउन्न गढी मन्दिर

### परिचय



बाउन्नगढी मन्दिर

नवलपरासी (ब.सु प.) जिल्लाको प्रतापपुर गाउँपालिका वडा नं. १ भिट्ठा गाउँमा अवस्थित छ। बाउन्न गढी मन्दिर पूर्वपश्चिम राजमार्गमा पर्ने बर्दघाट चोकदेखि दक्षिण करिब १० किलोमिटरको दुरीमा रहेको छ। बाउन्न गढी मन्दिर व्यवस्थापन समितिले उक्त मन्दिरको संरक्षण प्रवर्द्धन एवं व्यवस्थापन गर्दै आएको छ।

### ऐतिहासिक पृष्ठभूमि

विगतमा बाउन्न गढी मन्दिर भएको स्थानमा घनघोर जंगल थियो। त्यस मन्दिरमा मान्छेहरू जिउँदै हराउँथे। ६/७ दिनसम्म हराएको मान्छे अचानक फेरि घर फर्किन्थ्यो। रातीमा मन्दिरमा बाजागाजा सहित देवी देवताहरूको रासलिला हुन्थ्यो। गाउँको कोही मान्छेलाई ज्वरो आउँदा, बिमारी हुँदा मन्दिर गएपछि सन्चो हुन्थ्यो। पहिलाको पूजारी २०० वर्ष अगाडि जरगहवा गुरौ पूजारी बस्दथे। त्यसपछि दुधी गुरौ र पछि भ्कारी गुरौ बस्दथे। २०७५ सालमा महायज्ञ १०८ सप्तचण्डी महायज्ञ ३ बर्षको लागि पूरा भएको थियो।

त्यस मन्दिरलाई ढलान गर्न भनेर २०६७ सालमा प्रतापपुर गा.पा. वडा नं. १. निवासी श्री बिर बहादुर चौधरीले ढलान गर्दा ढलान राती सबै भत्केको थियो। त्यो किन कसरी ढल्यो भन्ने कुरा कसैलाई थाहा भएन।

### जनविश्वास

आफूले भाकल गरेको कुरा र मागेको सबैको मनोकांक्षा पूरा हुने जनसमुदायमा विश्वास रहेको छ।

### अवस्थिति

लुम्बिनी प्रदेशको नवलपरासी (ब.सु प.) जिल्लाको प्रतापपुर गाउँपालिका वडा नं. १ भिट्ठा गाउँमा अवस्थित छ।

### पहुँच

पूर्व पश्चिम राजमार्गबाट बर्दघाट चोकदेखि करिब १० किलोमिटर पश्चिम दक्षिणमा प्रतापपुर गा.पा. वडा नं. १. भिट्ठा गाउँमा अवस्थित छ। कालोपत्रे बाटोमा सार्वजनिक बस र अटोरिक्साबाट जान सकिन्छ।

### क्षेत्रफल

प्रतापपुर गाउँपालिका वडा नं. १ भिट्ठा गाउँमा रहेको यसको क्षेत्रफल अनुमानित ५ देखि ७ कट्ठासम्म फैलिएको छ।

## ६.३. प्राचीननगर ककरपत्त (जाँवा)

### परिचय



प्राचिननगर ककरपत्त (जाँवा)

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को सरावल गाउँपालिका वडा नं. २ मा प्राचीन कोलीय गणराज्यको महत्वपूर्ण प्राचीन नगर ककरपत्त (जाँवा) अवस्थित छ जहाँ जुन वृक्षको नामले प्राचीन कोलिय गणराज्यको नामकरण गरिएको कोलवृक्षको बगैंचा रहेको छ। नेपालको लोपोन्मुख बनस्पतिको रूपमा रहेको उक्त कोलवृक्षको बगैंचामा साना ठूला सय भन्दा बढी रूख

बिरूवाहरू हेर्न पाइन्छ । यो स्थान पूर्व पश्चिम राजमार्गको बासा चोकबाट २.५ किलोमिटर दक्षिणमा पर्दछ ।

### ऐतिहासिक पृष्ठभूमि

प्राचीन कालमा वनारसका राजा रामलाई कुष्ठरोग लाग्यो । राजवैद्यको सल्लाहमा उनलाई राजा र राज्यबाट निर्वासन गरियो । उनलाई कोलवृक्ष रहेको जंगलमा गएर बस्न, कोलवृक्षको पात, बोक्रालाई पिसेर पेष्ट (लेप) बनाई कुष्ठरोग घाउमा लगाउने सल्लाह दिइएको थियो । सोही सल्लाह अनुसार राजा राम कोलवृक्षको जंगल भएको उक्त क्षेत्र तर्फ आए, बैद्यको सल्लाह अनुसार नै कोलवृक्षको जंगलमा बस्न थाले र उपचार पनि गर्न थाले । आयुर्वेद चिकित्सा अनुसार फाईबरयुक्त कोलवृक्ष झाडीदार जडिबुटी पनि हो जुन चर्मरोगका लागि आज पनि उपयुक्त मानिन्छ । सोही बेला शाक्य वंशिय राजकन्या सुप्रियालाई पनि कुष्ठरोग लागेको थियो । उनलाई पनि राजबैद्यकै सल्लाहमा कोलवृक्षको जंगल क्षेत्रमा निर्वासन गरिएको थियो ।

### जनविश्वास

कुष्ठरोग लगायत विभिन्न घाउमा कोलबृक्षको पात, बोक्रालाई पिसेर लगाएपछि सन्चो हुने विश्वास गरिदै आएको छ । यसको विश्वास अझै पनि जनसमुदायमा रहदै आएको छ ।

### अवस्थिति

लुम्बिनी प्रदेशको नवलपरासी जिल्ला (बर्दघाट सुस्ता पश्चिम) को सरावल गाउँपालिका वडा नं. २ जाँवा गाउँमा प्राचिन कोलिय गणराज्य महत्वपूर्ण प्राचिन नगर ककरपत्त (जाँवा) अवस्थित छ ।

### पहुँच

पूर्व पश्चिम राजमार्गको बासा चोकबाट २.५ किलो मिटर दक्षिणमा पर्दछ । यहाँ जानलाई पैदल तथा गाडीमा सजिलै पुग्न सकिन्छ ।

### क्षेत्रफल

यसको क्षेत्रफल अनुमानित १५ विघासम्ममा फैलिएको छ ।

## ६.४. बाबा बर्दगोरिया मन्दिर

### परिचय

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला सुनवल नगरपालिका वडा नं. ११ केरवानीमा अवस्थित गाउँको पश्चिममा बाबा बर्दगोरिया मन्दिर रहेको छ । बाबा बर्दगोरिया मन्दिर भएको स्थानलाई धेरै वर्ष पहिला जमुवाड गा.वि.स. निवासी श्री श्री १०८ कृष्ण महराजा चौधरीले ४/५ बिगाहा जग्गा मन्दिरको लागि ऐलानी जग्गा कब्जा गरेका थिए जहाँ अहिले बाबा बर्दगोरिया मन्दिर अवस्थित छ ।

### ऐतिहासिक पृष्ठभूमि

बाबा बर्दगोरिया २०५ वर्ष पूरानो रहेको पाइएको छ । विगतमा राजा राम भन्ने राजा थिए । रानीको नाम सती मामी सवरिया थियो । राजाका ९ लाख गाई थिए । त्यस मध्ये एउटा मात्र साँढे थियो । जो बाबा बर्दगोरियाको नामले चिनिन्छ । परशुराम नामक सिरवार जसले ९ लाख गाई चराउन जान्थे खैरेनीदेखि तल सिंहवाहे गाउँमा गाई लिएर चराउन गएका थिए । बर्दगोरिया (साँढे) लाई राजाले सुन, हिरा सहित ९ लाखको श्रृंगार गरि चराउन पठाउँदा डाकाहरूले गोठालालाई पिटेर लखेटेछन् । साँढेलाई त्यही काटेपछि सिङ त्यही रह्यो । त्यसपछि त्यस गाउँको नाम सिङवाहे रहन गयो । भाग्दा भाग्दै घाँटीको सुन सुनवलमा खस्यो त्यसपछि सुनवल नाम रहन गयो । हिरा फेरि अर्को ठाउँमा खस्यो र त्यस ठाउँको नाम हिरागंज रहन गयो । बर्दगोरिया नजिकै अमर पोखरी रहेको छ साँढे भाग्दा भाग्दै अमर पोखरी नजिक पुग्यो । साँढेले अमर पोखरीको पानी पिउन पाएको भए पहिला जस्तै साँढे सुन, हिरा सहित पुन जिवीत हुन्थ्यो । तर त्यही बेला युग बदलिने भएर टाउको नभएको साँढे र राजा रानी ढुंगा भएर त्यहीं बसे र हाल बाबा बर्दगोरियाको नामले प्रचलित रहेको छ । २०५७ साल श्रावण २७ गतेबाट विक्रम गिरि चौधरी महाराजा सहन्थु पूजारीका रूपमा रहेका छन् । यहाँ २०५ वर्ष पूरानो उधारमुखी धुनी अखण्ड दिप २०५९ सालबाट दिन रात बलेको छ । यस





बाबा बर्दगोरियाको मन्दिर परिसर

ठाउँमा शिवरात्रीको दिन ठुलो मेला लाग्ने गर्दछ, श्रावण महिनाभरी जल चढाउने गर्दछन् र तीजमा एक हप्ता मेला लाग्ने गर्दछ ।

### जनविश्वास

भाकल गरेको सबै मनोकामना पूर्ण हुन्छ ।

### अवस्थिति

बाबा बर्दगोरिया पूर्व पश्चिम राजमार्ग भुमही चोकबाट करिब ४ किलोमिटर उत्तर सुनवल न.पा. वडा नं. ११ केरवानी गाउँको पश्चिममा अवस्थित छ ।

### पहुँच

सुनवल नगरपालिका वडा नं. ११ केरवानीमा अवस्थित बाबा बर्दगोरिया मन्दिरमा पैदल तथा मोटर गाडीमा सजिलै पुग्न सकिन्छ ।

### क्षेत्रफल

बाबा बर्दगोरिया मन्दिरको क्षेत्रफल ४ विगाहामा फैलिएको छ ।

## ६.५. मामी सती सवरिया

### परिचय

नवलपरासी (ब.सु.प.) जिल्ला सुनवल नगरपालिका वडा नं. ११ भडरीमा मामी सती सवरियाको मन्दिर रहेको छ । विगतमा त्यहाँ राजाराम नाम गरेका राजा थिए । उनकी रानी माया देवी थिइन । मामी सती सवरियाको मन्दिरदेखि करिब १०० मिटर उत्तर हाल त्यो ठाउँमा खोला बगेको छ, जहाँ एउटा एकदमै पूरानो शिलाको रूख छ त्यसको तल राजारामको ठूलो दरबार रहेको विश्वास पाइन्छ ।

### ऐतिहासिक पृष्ठभूमि

राजाराम नाम गरेका राजा र रानी माया देवीको ठूलो दरबार रहेको पाइन्छ । बाबा बर्दगोरियाको साँढेको जन्म मामी सती सवरियामा भएको हो । राजाका नौं लाख गाई थिए । उनका गोठालाहरू गाई चराउन धेरै धेरै टाढा जाने रहेछन् । बाबा बर्दगोरियाको मावली मामी सति सवरिया हो । गाई चराउन जादा लुटेरा डाँकाहरूले गोठालालाई लखेटेर पिट्ने गरेका थिए । त्यही क्रममा राजारामले



मामी सती सवरिया मन्दिर

भान्जालाई खोज्न गएका थिए । भान्जा पनि गोठाला भएर गाई लिएर चराउन गएका थिए र मामाले भान्जा खोज्न जान्छु भनेर रानीलाई भनेर गएका थिए । राजाले रानीलाई भनेका थिए रानी यदि म फर्किन भने तुलसी ओइलाई जाने छ । म बाँचेको छु भने तुलसी जीवित रहन्छ भन्ने बुझ्नु भनेर राजा भान्जाको खोजीमा हिंडे । रानी कुर्दा कुर्दै तुलसी ओइलाएको जस्तो देखिन् तर राजा मरेका थिएनन् र रानी तुलसी निरै सती गइन् र राजा पनि सँगै म बाँचेर के गर्ने भनेर रानीसँगै सति गए । त्यस पछि मामी सती सवरिया नाम रहन गयो ।

### जनविश्वास

यस मन्दिरमा पूजापाठ गरेपछि सबै मनोकामना पूरा हुने जनविश्वास रहेको छ ।

### अवस्थिति

लुम्विनी प्रदेशको नवलपरासी जिल्ला अन्तर्गत पूर्वपश्चिम राजमार्ग भुमही चोकबाट २ किलोमिटर उत्तर पूर्व सुनवल नगरपालिका वडा नं. ११ भडरीमा अवस्थित रहेको छ ।

### पहुँच

सुनवल नगरपालिका वडा नं. ११ भडरी स्थित मन्दिरमा पुग्नलाई पूर्व पश्चिम राजमार्ग भुमही चोकबाट २ कि.मि.उत्तर पूर्व सजिलै पुग्न सकिन्छ ।

### क्षेत्रफल

यसको क्षेत्रफल २ विगाहा ५ कट्ठामा फैलिएको छ ।

## ६.६ कोटही माई मन्दिर

### परिचय

नवलपरासी जिल्लाको रामग्राम स्तुप पूर्व, पवित्रधाम त्रिवेणीदेखि पश्चिम, चुरे पहाडदेखि दक्षिण भारतीय सिमानासँग जोडिएको सरावल गाउँपालिकाको मध्य भागमा पर्ने वडा नं. ४ गोबरहिया, टोलमा परापूर्वकालदेखि नै कोटही माई मन्दिर अवस्थित रहेको छ ।

### ऐतिहासिक पृष्ठभूमि

नेपालका तराई भूमिमा आदिम कालदेखि नै थारू जातीको बसोबास रहेको इतिहास पाईन्छ । यस सरावल-४ गोबरहिया, टोलमा पनि थारू बसोबास रहेको छ । कला र संस्कृतिको धनी थारू जातिको आफ्नो छुटै किसिमको भेष-भुषा र पहिचान रहेको छ ।





कोटही माई मन्दिर

थारू जातिको सांस्कृतिक सम्पदाहरू अहिले पनि समुदायमा विद्यमान छन् । यस समुदायमा धार्मिक आस्थाको केन्द्रबिन्दुको रूपमा कोटही माई र आज पनि घुन्याई पूजा गर्ने प्रचलन चलि आएको छ । कोटही माईको मन्दिरमा हात्तीको मूर्ति र सोही स्थानमा सात वटा देवीको प्रतिक मानेर माटोको ढिस्को बनाई पूजाआजा गर्ने गरिन्छ । थारू जाति प्रकृति पूजक भएको हुनाले माटोको मूर्ति र माटोको ढिस्कोको पूजा गर्दछन । त्यसै गरी हरेक वर्षको कार्तिक महिनाको पूर्णिमाको दिन प्रत्येक घर घरबाट एक एक जना महिला स्नान गरी चोखो वस्त्र लगाई नयाँ चामलको रोटी तेलमा पकाउने र चामलकै पिठोको हलुवा बनाई प्रसादको रूपमा कोटही माई मन्दिरमा चढाउने र घरका सम्पूर्ण सदस्यमा बांडेर खाने परम्परा चलिआएको छ । यस मन्दिरमा चैते दशैं (रामनवमी) र बडा दशैंको नवरात्रीको पूजापाठ ब्रत बस्ने दैनिक भजन किर्तन गर्ने गरिन्छ ।

### जनविश्वास

यस मन्दिरमा पूजापाठ गरेपछि मन शान्त हुने र आत्मा शान्ति हुने जनविश्वास रहेको छ ।

### अवस्थिति

लुम्विनी प्रदेशको नवलपरासी जिल्ला भारतीय सिमानासँग जोडिएको सरावल गाउँपालिकाको मध्य भागमा पर्ने वार्ड नं. ४ गोबरहिया, टोलमा परापूवकालदेखि नै कोटही माई मन्दिर अवस्थित रहेको छ ।

### पहुँच

सरावल गाउँपालिकाको मध्य भागमा पर्ने वार्ड नं. ४ गोबरहिया गाउँबाट नजिकै रहेको मन्दिरमा पैदलयात्राबाट सजिलै पुग्न सकिन्छ । पूर्व पश्चिम राजमार्गको भुताहा चोकबाट दक्षिण तर्फ करिब १० किलोमिटरको दुरी पार गरेपछि यो स्थान पुग्न सकिन्छ । सरवाल गाउँपालिकाको कार्यालयदेखि यस स्थानमा पुग्न २ किलोमिटरको दुरी पार गर्नु पर्दछ ।

### क्षेत्रफल

यसको क्षेत्रफल करिब २ बिगाहामा फैलिएको छ ।

## ६.७ वैरागनाथ मन्दिर

### परिचय

बैरागनाथ मन्दिर सुनवल नगरपालिकाको पश्चिम सिमाना पूर्वपश्चिम राजमार्गको ज्यामिरेचोकबाट बौद्ध मार्ग हुँदै करिब ७ कि.मि. दक्षिणतर्फ गएपछि देख्न सकिन्छ । सुनवल नगरपालिकाको वार्ड नं. ८ मा अबस्थित यस मन्दिरभित्र ऐतिहासिक पृष्ठभूमि रहेको असाध्यै पूरानो शिवलिङ्ग समेत देख्न सकिन्छ । माटो र टुका ईटाले बनेको पूरानो (जिर्ण) मन्दिरको ठाउँमा हाल सुनवल नगरपालिकाको सहयोगमा बनेको विशाल एवं काष्ठकलाको समायोजन रहेको मन्दिर निर्माणाधिन अवस्थामा समेत देख्न सकिन्छ ।






बैरागनाथ मन्दिर

### ऐतिहासिक पृष्ठभूमि

वि.स.२०७२ सालमा नयाँ मन्दिर बनाउने उद्देश्यले मन्दिरको जग खन्ने क्रममा प्राचीनकालका ईटाहरू भेटेपछि तत्कालै लुम्बिनी विकास कोष, कपिलवस्तु संग्रालय र पूरातत्व विभाग काठमाण्डौंबाट समेत अनुगमन गरिएको थियो । बुद्धसँग जोडिएको तरगौली तालसँग सम्बन्धित हुन कि भनी थप उत्खनन् र अनुसन्धान गर्ने आश्वासन दिई मन्दिर निर्माण गर्न बन्देज लगाएपछि ठप्प भएको मन्दिर निर्माण कार्य स्थानीय सरकारहरूको आगमन पश्चात पुनः सुचारू भएतापनि उत्खनन् हुन नसक्दा सो स्थान र मन्दिरले थप चर्चा पाउन सकेको छैन ।

यस क्षेत्रमा मिश्रित जनजातिको बसोबास रहेकोले सम्पूर्ण जातजातिको मन्दिर प्रति ठूलो आस्था रहेको छ । थारू समुदायका बासिन्दाहरू आफ्नो खेतीमा पानीको वर्षा गराउन कलात्मक नाचगान, झाँकी समेत प्रस्तुती प्रर्दशन गर्दै यस मन्दिरमा आई पानी माग्ने गर्दछन् । शिवरात्री र साउनको सोमबारमा सन्तान प्राप्ति, धन, सुख जस्ता कुराहरूको भाकल गर्दा मनोकांक्षा पूरा हुने र ठूलो एकादशीमा मन्दिर सँगैको पोखरीमा तोरण टांग्नाले ठूलो धर्म प्राप्त हुने भक्तालुहरूको कथन छ ।

### जनविश्वास

यस मन्दिर प्रति स्थानीयहरूको ठूलो आस्था रहेको छ । खासगरी थारू समुदायका बासिन्दाहरू आफ्नो खेतीमा पानीको वर्षा गराउनको लागि यहाँ पूजा गर्छन । पूजापाठ गरेपछि बर्षा सुरू हुने जनविश्वास रहेको छ ।

### अवस्थिति

बैरागनाथ मन्दिर सुनवल नगरपालिकाको वडा नं. ८ मा अबस्थित छ ।

### पहुँच

बैरागनाथ मन्दिर सुनवल नगरपालिकाको पश्चिम सिमाना पूर्वपश्चिम राजमार्गको ज्यामिरे चोकबाट ८ किलोमिटरको दुरीमा बौद्ध मार्ग हुँदै पुग्न सकिन्छ ।

### क्षेत्रफल

यो करिब ४ बिगाहा क्षेत्रफलमा फैलिएको छ ।

## ६.८ रामग्राम

### परिचय

नेपालको लुम्विनी प्रदेश भित्र पर्ने नवलपरासी (व.सु.प.) जिल्लाको रामग्राम नगरपालिकामा रहेको झरही खोलाको किनारमा अवस्थित रामग्राम स्तुप ईटाद्वारा निर्माण भएको छ । सात मिटर अग्लो स्तुपमा भगवान बुद्धको अस्तु (अस्टधातु मध्ये एक) रहेको छ । यो स्तुप रामग्रामका राजाले बनाउन लगाएका हुन् । उनी भगवान बुद्धका अस्तु पाउने आठौं राजा थिए । बौद्धग्रन्थ अनुसार सम्राट अशोकले अन्यत्रबाट झैं उक्त स्तुपबाट पनि अस्तु झिकी चौरासी हजार स्तुप बनाउन चाहन्थे तर त्यसो गर्न दिइएन । यो पवित्र स्थान जिल्लाको सदरमुकाम परासी बजारदेखि ४ कि.मि. दक्षिणमा पर्दछ ।

### ऐतिहासिक पृष्ठभूमि

प्राचीन कालमा कोलीय र शाक्य वंशीहरू बीच वैवाहिक सम्बन्ध रहेको थियो । कोलियहरूले शाक्यहरूलाई बिहे गर्थे भने शाक्यहरूले पनि कोलियहरूलाई वैवाहिक सम्बन्ध राख्दथे । यही क्रममा कपिलवस्तुका राजा सुद्धोधनले देवदहकी राजकुमारी मायादेवीलाई बिहे गरे । उनीहरूबाट राजकुमार सिद्धार्थको जन्म भयो । भगवान बुद्धको महापरिनिर्वाणपछि उहाँको अस्थि धातु ८ भागमा बिभाजन गरी बराबरी बितरण गरियो । अस्थि धातु प्राप्त गर्ने ८ राज्यहरू निम्न बमोजिम रहेका थिए । १. मगध २. वैशाली ३. कपिलवस्तु ४. अल्लकप्पा ५. वथादिप ६. कोलियनगर ७. पावा ८. कुशिनगर । कोलियहरूले प्राप्त गरेको भगवान बुद्धको अस्थि धातु राखेर रामग्राममा पवित्र स्तुपको निर्माण गरी विधिवत पूजा आराधना शुरु गरे । नेपाल सरहदभित्र भगवान गौतम बुद्धको अस्थि धातु राखेको हालसम्म सुरक्षित रहेको ठाउँ यही रामग्राम मात्र रहेको पुरातत्वविद तथा इतिहासकारहरू बताउँछन् ।



रामग्राम स्तुप

चिनीया यात्री फासियानले अगाडि सारेको रामग्रामको अवस्थिति मिथक अनुसार (३९९–४१४) लुम्बिनीदेखि ५ योजन पूर्व करिव (६० कि.मि.) भगवान बुद्धको अस्थि धातु राखेर रामग्राम स्तुप निर्माण गरिएको हो । सम्राट अशोक यहाँ आएर स्तुपबाट अस्थि धातु निकालेर ८४ हजार स्तुप बनाउन लान खोज्दा ड्रागन देउता प्रकट भएर यो स्तुपलाई अहिलेसम्म चढाइएको जति भेटी (चढावा) अर्पण गर्न सक्छौ भने मात्र यो स्तुपको अस्थि धातु लानू भन्ने आज्ञा भएको र दिव्य दरवारमा चढावा देख्दा त्यति अथाह भेटी अर्पण गर्न नसक्ने भएपछि अस्थि धातु नलिई फर्केको पछि यो क्षेत्रमा जंगल बढेर स्तुप ढाकेको, जंगली हात्तिहरूले स्तुपमा जल सिंचन, पुष्प अर्पण गर्ने गरेको देखेर एक जना भिक्षुले विहार बनाई स्तुपको सरसफाई र नित्य पूजा गर्ने गरेको भनाइ छ ।

त्यसैगरी रामग्रामको इतिहासका सन्दर्भमा शियन च्वाङले यस्तो तर्क अगाडि सारे कि (६२९–६४३) लुम्बिनीदेखि (५०० ली) पूर्व भगवान बुद्धको अस्थि धातु राखेर निर्माण गरेको १०० फिट अग्लो स्तुपबाट ज्योति निस्कने गर्दथ्यो । छेवैमा रहेको नदीमा नागराजा बस्ने, स्तुपको सुरक्षा गर्ने गरेको साथै जंगली हात्तीहरूले स्तुपमा जल सिंचन, पुष्प अर्पण गर्ने गरेको नजिकै रहेको विहारको भिक्षुहरूले देख्ने गरेको उल्लेख गरेका छन् ।

सर्वप्रथम डा. होयले रामग्राम देखेका थिए । उनले यहाँको स्तुपको नाप जाँच गरी उचाई ५० फिट भएको उल्लेख गरे । उनी पछि पि.सि. मुखर्जी यहाँ आए । सन् १९७४ मा पुरातत्व विभागबाट बाबु कृष्ण रिजाल यहाँ आएर धातु स्तुप भएको निश्चित गरे । सन् १९९७ मा द्यचबमायचम ग्लष्खभचकष्तथ, ग्, लु.वि.कोष, र पुरातत्व विभागले नभयउजथकष्अबर्ि कगचखभथ गर्दा स्तुप क्षेत्रको सतह मुनि संरचनाहरू पाइएपछि उत्खनन गर्नुपर्ने सुझाव दिएको थियो । त्यसपछि पुरातत्व बिभाग र लुम्बिनी विकास कोषले वि.सं. २०५५ देखि २०६० सम्म उत्खनन गर्दा निम्न नतिजाहरू हासिल भएका छन् । चिनियाँ यात्रीहरूले भने बमोजिमको विहार भेट्टाइयो जुन मौर्यकालका शाक्य र कोलीय वंशसँग सम्बन्धित रहेका छन् । रामग्राममा पाइएको कोइलाको कार्वन डेटिङ गर्दा ई.पू. छैठौं शताव्दीको प्रमाणित भयो । तामा, पित्तल र चाँदीका ससाना सामग्रीहरू, भिक्षुहरूले सियोमा धार लगाउन प्रयोग गरेको ढुङ्गा, कनिष्क कालको तामाका मुद्राहरू, न्चभथधबचभक (ई.पू. पाँचौ शताव्दी) आदि फेला परे । यसरी रामग्राम स्तुप भगवान बुद्धको अस्तु राखिएको धातु स्तुप हो भन्ने यकिन भयो । स्तुपको वरिपरि हालसम्म थारू समुदायको ठूलो बस्ति रहेको छ । यो समुदायको स्तुप प्रति ठूलो आस्था र श्रद्धा रहेकोले नियमित पूजापाठ गर्ने गरिन्छ ।

## जनविश्वास

बौद्ध ग्रन्थहरूको कथन अनुसार, प्राचीन कालमा बनारसका राजा रामलाई कुष्ठ रोग लाग्यो । उनले राजपाठ आफ्नो छोरालाई सुम्पेर उत्तरतिर लागे । हालको रामग्राम र देवदह क्षेत्रमा आई बसे । कोलको रुखको फेदमा बसेर ध्यानयोग आदि गर्ने र सोहि रूखको रस आफ्नो घाउमा नियमित लगाउनाले उनको कुष्ठरोग निको भएको र सोहि विधि अपनाएर कपिलवस्तुको अधिराजकुमारी प्रियाको पनि कुष्ठरोग सञ्चो भयो भन्ने किम्वदन्तीहरू रहेको पाइन्छ ।

## अवस्थिति

लुम्विनी प्रदेश नवलपरासी (व.सु.प.) जिल्लाको रामग्राम नगरपालिका वडा नं. ७ परासी बजारदेखि दक्षिण ३.५ किलोमिटरको दुरीमा र भगवान सिद्धार्थ गौतम बुद्धको जन्मस्थान लुम्विनीदेखि ५० किलोमिटर पूर्व समुद्री सतहदेखि १०७ मिटरको उचाईमा रामग्राम स्तुप अवस्थित रहेको छ ।

## पहुँच

पुर्व पश्चिम राजमार्ग अन्तरगत रुपन्देही जिल्लाको बुटवल बजारको मिलन चोकदेखि दक्षिण ३० मिनेटको दुरीमा भैरहवाको देवकोटा चोकबाट पूर्वतर्फ करिब ३० मिनेटमा रामग्राम स्तुप पुग्न सकिन्छ । पूर्व पश्चिम राजमार्ग अन्तरगत भुमही बजारबाट दक्षिण नवलपरासी (व.सु.प.) जिल्लाको सदरमुकाम परासी बजारदेखि दक्षिण करिव १० मिनेट लगाएर गाडी मोटर जिपबाट जान सकिन्छ ।

### क्षेत्रफल

ऐतिहासिक, साँस्कृतिक, धार्मिक तथा पुरातात्विक हिसाबले एकदमै महत्वपूर्ण रहेको रामग्राम स्तुपको क्षेत्र ११७ विघामा रहेको छ ।

## निष्कर्ष

नेपाल विविधताले भरिएको देश हो । नेपालको सात प्रदेशमध्ये लुम्विनी प्रदेश पनि एक हो । नेपालका अरू प्रदेश सरह यो प्रदेश पनि आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौगोलिक दृष्टिकोणले विविधताको प्रदेश हो । यो प्रदेशमा पहाडी र तराई क्षेत्रका १२ वटा जिल्लाहरू रहेका छन् । बर्दिया, बाँके, दाङ्ग, कपिलवस्तु, रूपन्देही र नवलपरासी (ब.सु.प) जिल्लाहरू यस प्रदेशको तराईका जिल्लाहरू हुन । जसलाई थरूहट जिल्लाहरू भनेर चिनिन्छ । यी जिल्लाहरूमा थारू समुदायको बाक्लो जनघनत्व रहेको छ । यसै प्रदेशमा रहेको दाङ्ग जिल्ला थारूहरूको उद्गम थलोको रूपमा मानिन्छ भने यहाँ थारू राजा दङ्गीशरणले राज्य चलाउन शुरूवात गरेको इतिहास छ ।

यस प्रदेशमा रहेका विभिन्न जिल्लाहरूमा विविधता भए जस्तै थरूहट जिल्लाहरूमा पनि विविधता रहेको पाइन्छ । पश्चिममा बर्दिया, बाँके, वीचमा दाङ्ग, कपिलवस्तु, पूर्बमा रूपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाहरूको भौगोलिक विविधिता भएजस्तै सामाजिक तथा सांस्कृतिक रूपमा पनि विविधता रहेको छ। फलस्वरूप फरक फरक जिल्लाका फरक फरक सांस्कृतिक सम्पदाहरू रहेको पाइन्छ । तथापी अध्ययनको शिलशिलामा प्राय सबै क्षेत्रका सांस्कृतिक सम्पदाहरू माथिको जनविश्वास एकै किसिमको पाइएको हुनाले थारूहरूमा पनि विविधतामा एकता रहेको स्वीकार्न सकिन्छ ।

थारू सांस्कृतिक सम्पदाहरू मुर्त र अमुर्त दुबै थरीका भएतापनि यस अध्ययनमा मुर्त थारू सांस्कृतिक सम्पदाहरूको अध्ययन गरिएको छ । विभिन्न थरूहट जिल्लामा अध्ययनको शिलशिलामा भेटिएका थारू मुर्त सांस्कृतिक सम्पदाहरूमा सबैभन्दा बढी दाङ्ग जिल्लामा रहेको पाइयो भने सबै भन्दा कम बाँके जिल्लामा रहेको पाइयो । यस अध्ययनमा समेटिएका थारू साँस्कृतिक सम्पदाहरू नेपालको लुम्विनी प्रदेशका थरूहट जिल्लाहरू बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रूपन्देही र नवलपरासी (ब.सु.प) जिल्लाका विभिन्न स्थानहरूमा स्थलगत अवलोकन, सम्वन्धित जिल्लाका इतिहासविद्, अनुसन्धानकर्ता, अगुवा, पत्रकार लगायतका व्यक्तिहरूसँग छलफल गरी सूचिकृत गरिएको छ । यसरी प्रथम पटक गरिएको यस अध्ययनमा जे जति थारू सांस्कृतिक सम्पदाहरू सूचिकृत भएका छन् यो मात्रै पर्याप्त हुन् भन्न सकिदैन । तसर्थ थारू सांस्कृतिक सम्पदा आफैमा बृहत एवं व्यापक विषयवस्तु रहेको हुनाले यस विषयमा बृहत रूपमा थप अध्ययन अनुसन्धानको आबश्यकता खड्किएको छ ।

निष्कर्षमा भन्दा यो अध्ययनले लुम्विनी प्रदेशमा लुकेर रहेका थारू मुर्त सांस्कृतिक सम्पदाहरूको उजागर गरेको छ । जसले गर्दा सरकारलाई यी सम्पदाहरूको संरक्षण, प्रवर्द्धन र विकासमा ध्यान दिने तथा लगानी गर्ने वातावरण श्रृजना हुने विश्वास लिइएको छ ।

# सन्दर्भग्रन्थ सूची


कोइराला, जीवनचन्द्र (२०६२) हाम्रो चिनारी हाम्रो संस्कृति (सम्पा.), काठमाण्डौं : बद्री बिक्रम थापा स्मृति सेवा गुठी ।

गौतम, टेकनाथ (२०४४) थारू पूराण, दाङ : सुशील गौतम ।

चौधरी, लेखनाथ (२०५५) थारू तथ्याङ्क, दाङ : सरिता स्वेच्छा प्रकाशन । चौधरी, बम बहादुर (२०६७) रूपन्देहीको थारू समाज र सँस्कृतिः बम बहादुर थारू । थारू, अशोक (२०५५) बर्किमार, काठमाण्डौं : डुएल पर्पसेस । थारू, फनि श्याम (२०६९) थारू लोकसंस्कृति र चाडपर्व, काठमाण्डौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

दिवस, तुलसी (२०३९) प्रदर्शनकारी धिमाल लोकसंस्कृति, काठमाण्डौं : ने रा.प्र.प्र. । देवकोटा, मोहन प्रसाद (२०६७) पर्यटक पथ प्रदर्शक पुस्तिका, काठमाण्डौं : पैरवी प्रकाशन ।

पाठक, अशोक कुमार (२००६) थारू जनजाति की सामाजिक आर्थिक परिवर्तशीलता एवं संविकास, लखनऊ विश्वविद्यालय, लखनऊ पी.एच.डी. शोध प्रबन्ध ।

बन्धु, चूडामणि (२०४८) भाषा विज्ञान, ललितपुर : साझा प्रकाशन । बन्धु, प्रा.डा. चूडामणि (२०५८) नेपाली लोकसाहित्य, काठमाण्डौं : एकता बुक्स । शरतेन्दु (१९९९ इ.) लोकसाहित्य कि रूपरेखा, इलाहवाद : साहित्य सृजन संस्थान । शर्मा, डा. मुकुन्द (२०७०) थारू लोकरामायण, रूपन्देही : जानकीदेवी शर्मा ।

श्रेष्ठ, टेकबहादुर (२०५८) (सम्पा.), नेपालका राजा र तराईका थारूहरू, काठमाण्डौं : सिनास ।

Bista, Dor Bahadur (1976) Prople of Nepal, Ratna Pustak Bhandar, xiv, 210 p., [38] leaves of plates (1 folded) : ill., map ; 26 cm.

Chaudhary, Mahesh (2019) Hidden Treasures of the Lowland Nepal: Part II: Shanti Chaudhary.

Crooke, William. (1974). The Tribes and castes of the North western India. Delhi : Cosmo Publications

Guneratne A : Many Tongues, One People: The Making of Tharu Identity in Nepal. Ithaca, NY, USA: Cornell University Press, 2002.

Krauskopff, Gesele, Pamela Deual and other (2000) The Kings of Nepal and the Tharus of Terai, USA and CNAS : Rusca Trust.

Kutanan W., Kampuansai J., Srikummool M., Kangwanpong D., Ghirotto S., Brunelli A., et al. (2017). Complete Mitochondrial Genomes of Thai and Lao Populations Indicate an Ancient Origin of Austroasiatic Groups and Demic Diffusion in the Spread of Tai-Kadai Languages. Hum. Genet. 136 (1), 85–98. 10.1007/s00439-016-1742-y

Kurin, Richard (2003) "Safeguarding Intangible Cultural Heritage in the 2003 UNESCO Convention: A Critical Appraisal," Museum International, 221-22, May 2004.

Nesfield, J.C. (1985) Teibes and Castes in India, Champaran Gajetiyar : Calcutta Review.

Onta, Pratyoush and Others (2013) Studies in Nepali History and Society, Vol-18, Kathmandu: Mandala Book Point.

Sachau,E.C. (2002) Alberuni's India, London: Trubner & Co., Vol 18.

Satyal, Yagna Raj (2001) NEPAL an Exotic Tourist Destination, Delhi: Adroit Publishers.

Singh, Subodh Kumar (2006) The Great Sons of the Tharus : Shakyamuni Buddha and The Ashoka, Kathmandu : Babita Singh.

Skar, O,Harold (1999) 'Nepal : Tharu and Terai Neighbours', Biblioghica Himalayica, Series III, Vol-16, .

UNESCO (2003) Convention for the safeguarding of the intangible Cultural Heritage. Paris: UNESCO.

UNESCO (n.d.) Guidelines for the Establishment of National "Living Human Treasures" Systems. Paris: UNESCO.

van Driem G (2001): Languages of the Himalayas, Leiden 2001.

https://doi.org/10.1038/ejhg.2014.36

# खण्ड ङ

## सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश अन्तर्गतका थारू ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक सम्पदाहरूको सूचीकरण सम्बन्धी अध्ययन प्रतिवेदन २०७८


प्रतिवेदक

**मालिका इन्कर्पोरेट्स, काठमाडौं**



थारू आयोगको कार्यालय

**अनामनगर काठमाडौं**

# दुई शब्द

थारू शब्दले दुईवटा अर्थ दिने गर्दछ एक थारू जाति र दोस्रो थारू भाषा। थारूहरू बसोबास गर्ने क्षेत्रलाई थारुवान वा थरुहट भनिन्छ। समाजशास्त्री विष्ट (1967) का अनुसार थारूहरू तराई क्षेत्रको सबैभन्दा पुरानो आदिवासी हुन्। थारूहरू नेपालका मूलबासी तथा आदिवासी हुन् (Pandey, 2045/46)। योगी नरहरिनाथ (2022) का अनुसार दाङमा थारू राजा थिए। खराल (2064) का अनुसार काठमाडौंको चापागाउँको शिलालेखमा 'स्थारुद्रङ्ग' प्रष्टरुपमा लेखिएको छ जसको अर्थ हुन्छ थारू गाउँ। यो शब्द शिवदेव पहिलो अर्थात 590 – 605 इस्वी संवतमा लेखेको कुरा हो। Krauskopff (1995) ले के भनेका छन् भने आर्यनहरू यहाँ आउनुभन्दा पहिले थारूहरू भारतीय दिपमा बस्ने गर्दथे। रमानन्द प्रसाद सिंहले पनि थारूहरूको उत्पत्ति नेपालमै भएको हो भन्ने कुरा दाबी गर्दछन् (1988)। नालन्दा विश्वविद्यालयका प्रोफेसर Padmasambhawa काठमाडौँ भएर तिब्बत जाने बेला थारू राज्य भनेर आफ्नो यात्रा संस्मरणमा लेखेका छन् (Paudya., 2013)। समाजशास्त्री विष्टका अनुसार यदि थारूहरू थार मरुभूमिबाट नेपाल आएका भए उनीहरू बाटोमा पर्ने उब्जाउ तथा मलिलो गंगा र यमुना नदीको तटमा बस्ती बसाल्ने थिए (Chaudhary, 2065)। इटालीका वैज्ञानिक Modiano et. al. (1991) तथा Sakai et. al (2000) गरेको अनुसन्धानले थारूहरूमा पाइने alpha thalassemia gene ले के देखाउँछ भने उनीहरू हजारौं वर्षदेखि यो ठाउँमा बस्दै आएको हुनुपर्छ। किनकि gene परिवर्तन हुनको लागि हजारौं वर्ष लाग्छ। 'नेपालका राजाहरू तथा तराईका थारू' भन्ने पुस्तकमा लालमोहर तथा स्याहा मोहरको बारेमा उल्लेख गरिएको छ। ती विभिन्न मोहरहरू थारूहरूलाई विभिन्न समय कालखण्डमा दिइएको थियो। यसबाट के प्रष्ट, हुन्छ भने इतिहासको कुनै कालखण्डमा थारूहरूको सम्बन्ध राज्यसँग निकै राम्रो थियो। Gunaratne (2002) को भनाइ अनुसार हाल भारतको चम्पारण जिल्ला (पहिले सारुन जिल्लाले चिनिन्थ्यो) मा A.Wyatt भन्ने राजस्व सर्भे गर्ने अफिसरले थारूहरू अति नै इमान्दार आफ्नो काम राम्रोसँग गर्ने जाति हो भनेका छन्। उहाँले Hunter (1877) लाई आधार मानी के लेख्दछन् भने चम्पारणमा खेती गर्ने पहिलो जाति थारूहरू थिए र उनीहरू मिलनसार थिए। उनले Donough (2016) को भनाईलाई उद्धृत गर्दै के लेख्दछन् भने सन् 1912 सम्ममा राजस्व तिरेको तिरो हेर्दा दाङ देउखुरी उपत्यकामा थारूहरूको आफ्नै जमिन थियो तर 1960 तिर बहुसंख्यक पहाडीहरू जमिनका मालिक भए। थारूहरू दाङ देउखुरी उपत्यकाबाट बसाइसराई गरी तराई क्षेत्रको पूर्व र पश्चिम जिल्लाहरू तिर लागे।

वि.स. २०७८ को जनगणना हेर्दा थारूहरूको जनसंख्या १८,०७,१२४ रहेको छ भने यो नेपालको पूरै जनसंख्याको ६.२ प्रतिशत हो। जनसंख्याको दृष्टिकोणले हेर्दा यो नेपालको चौथो ठूलो जनसंख्या भएको जाति हो। मातृभाषाको रुपमा थारू भाषा बोल्ने थारूहरूको संख्या १७,१४,०९१ रहेको छ जुन नेपालको पूरै जनसंख्याको ५.८८ प्रतिशत हो (CBS 2021)। भारतमा थारूहरूको जनसंख्या ३,५६,५७२ रहेको छ (en.wikipedia, 11/29/2019)।

# अध्याय एक



*Rana Tharu*



*Tharus in Paddy Field*

थारूहरू नेपाल तथा भारतमा छरिएर रहेका छन् । राना थारूहरू नेपालको कैलाली र कञ्चनपुर जिल्लामा बसोबास गर्दै आएका छन् भने भारतको उधमसिंह नगर जिल्ला, उत्तराखण्ड र उत्तर प्रदेशमा बसोबास गर्दै आइरहेका छन् । दङगौरा थारूहरू नेपालको दाङ देउखुरी, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा बसोबास गरेको देखिन्छ । पछुँहा (पश्चिमा) थारूहरू रुपन्देही र नवलपरासी जिल्लामा, रौतार थारूहरू रुपन्देही र नवलपरासी जिल्लामा, पुर्वाहा थारूहरू रुपन्देही र कपिलवस्तु जिल्लामा, चित्वनिया थारूहरू सिन्धुली, चितवन र नवलपरासी जिल्लामा, कोचिला थारूहरू सप्तरी, बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी र उदयपुर जिल्लामा, दनुवार उदयपुर सप्तरी र मोरङ जिल्लामा, लमपुछ्वा थारूहरू मोरङ जिल्लामा, कठरिया कैलाली जिल्लामा तथा भारतको केही जिल्लाहरूमा, सोनाहाहरू सुर्खेत र कैलाली जिल्लामा बसोबास गर्दै आई रहेका छन् (en.wikipedia.org, 11/29/2019).




थारूहरू नेपालको एक महत्वपूर्ण जातिको रुपमा रहेका छन् । उनीहरू आदिवासी जनजाति तथा मूलवासी भएको कारणले गर्दा उनीहरूको आफ्नै परम्परा, भेषभूषा, चालचलन, रितिरिवाज रहेको छ । यतिमात्र होइन उनीहरूको आफ्नै सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक सम्पदाहरू पनि विद्यमान छन् । ती सम्पदाहरूको लेखाजोखा र जगेर्ना गर्नु सबैको कर्तव्य हो । यस्ता सम्पदाहरू कुनै पनि देशका गहना हुन् ।

त्रिपाठी (2008) का अनुसार थारूहरू विभिन्न जीवजन्तु, प्राकृतिक वस्तुहरू तथा आत्माहरू पुज्ने गर्दछन् । उनीहरू प्रकृतिका पुजारी हुन। बीसौं शताब्दीतिर पहाडबाट झरेका ब्राह्मण र क्षेत्रीहरूले गर्दा थारूहरू पनि हिन्दुधर्ममा विश्वास गर्न थाले तर डाक्टर गोपाल दहितका अनुसार थारूहरू पहिले बुद्ध धर्म मान्दथे । गौतम बुद्ध थारूहरूकै सन्तान हुन् भन्ने उहाँको भनाई रहेको छ ।

# सुदूरपश्चिम प्रदेश




*Sudurpaschim Province*

गणतान्त्रिक नेपालको स्थापना पश्चात, यसलाई ७ प्रदेशहरूमा विभाजन गरियो। ती मध्ये सुदूरपश्चिम प्रदेश एक हो। यो प्रदेशको पूर्वमा कर्णाली र लुम्बिनी प्रदेश, पश्चिममा भारतको उत्तराखण्ड, उत्तरमा चीनको तिब्बत र दक्षिणमा भारतको उत्तर प्रदेश अवस्थित छन्। लिपुलेक, कालापानी र लिम्पियाधुरा यही प्रदेशमा पर्दछन्।

यो प्रदेशको राजधानी गोदावरी तोकिए तापनि भौतिक संरचनाको अभावमा हाल अस्थायी राजधानी कैलाली जिल्लाको सदरमुकाम धनगढीमा अवस्थित रहेको छ। क्षेत्रफलको हिसाबले यो सानो प्रदेश हो जसको क्षेत्रफल १९,८७४ वर्गकिलोमिटर रहेको छ जुन नेपालको पूरा क्षेत्रफल १,४७,५१६ को १३.४७ प्रतिशत हो। ९ वटा जिल्ला रहेको यस प्रदेशमा एक उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका रहेका छन्। यहाँको जनसंख्या २६,९४,७८३ जुन नेपालको जनसंख्याको १०.१७ प्रतिशत हो। यो सन् २०२१ को जनगणनाको आधारमा भनिएको हो। सुदूर पश्चिममा थारूभाषा बोल्नेहरूको संख्या ३,९८,९१४ (१४.८० %) र राना थारू बोल्नेहरूको संख्या ७७,७२७ (२.८८%) गरी जम्मा थारू भाषा बोल्नेहरूको संख्या ४,७६,६४१ (१७.६८%) रहेको छ।

यहाँ अपी, सैपाल जस्ता हिमालले शीर ठाडो पारेको छ भने खप्तड जस्तो पवित्र रमणीय क्षेत्र पर्यटकहरूको आकर्षणको केन्द्र रहेको छ। तराईको भूभाग अन्नको भण्डारको रुपमा परिचित छ। धार्मिक, सांस्कृतिक दृष्टिले बडिमालिका, शैलेश्वरी, उग्रतारा, घोडाघोडी, बेहडाबाबा जस्ता धार्मिक स्थलहरू रहेका छन्। जनसंख्यालाई आधार लिने हो भने धनगढी, महेन्द्रनगर र टिकापुरलाई प्रमुख शहर मान्न सकिन्छ। दलित, थारू, क्षेत्री, ठकुरी, ब्राह्मण आदि मुख्य जातिहरूले यो प्रदेश सजिएको छ।



बेडकोट

# कैलाली जिल्ला




सुदूरपश्चिम प्रदेशको दक्षिण पूर्वी भागमा कैलाली जिल्ला अवस्थित रहेको छ। कैलाली जिल्ला एक नयाँ मुलुक हो किनकि बलनयि गोर्खा युद्धमा यो भूभाग इस्ट इन्डिया कम्पनीले जितेको थियो भने सुगौली सन्धि हुँदा पुनः नेपाललाई फिर्ता गरेको थियो। सन् 2021 को जनगणना अनुसार यो जिल्लाको जनसंख्या ९,०४,६६६ रहेको छ भने यसको क्षेत्रफल ३२३५ वर्गकिलोमिटर छ। इतिहासमा कालापानीले चिनिने यो जिल्लालाई यहाँका आदिवासी जनजाति तथा मूलबासी थारू, राना थारूहरूले उर्वर बनाइराखेको मान्न सकिन्छ। थारुहरूको जनसंख्या ३२५,६७० (३५.९९%) र राना थारूको जनसंख्या २१,८१६ (२.४१%) रहेको छ। समग्रमा जम्मा जनसंख्यामा थारू समुदायको जनसंख्या ३८.३० प्रतिशत रहेको छ। यसैगरी थारूभाषा बोल्नेहरूको संख्या ३२४३८१ र राना थारू भाषा बोल्नेहरूको संख्या २०५१८ रहेको छ र जम्मा ३४४८९९ रहेको छ। प्राकृतिक हिसाबले यो जिल्ला एक धनी जिल्ला हो भने चिसापानी, टिकापुर पार्क, घोडाघोडी ताल, पद्म प्रकाशेश्वर महादेव मन्दिर, बर्दगोरिया मन्दिर, घोडाघोडी मन्दिर, बेहडाबाबा मन्दिर, नैना देवी मन्दिर, गरबा दरबारले पर्यटकहरूलाई आकर्षण गर्न सक्ने स्थानहरू हुन्।

## १.१ बरटगोरिया / बर्दगोरिया मन्दिर

### परिचय तथा किम्बदन्ती

बरटगोरिया साधारण जनजिब्रोमा भ्फुण्डिएको नाम हो भने बर्दगोरिया औपचारिक नाम हो। बगलहीया गाउँका ठुला गुरुवा (बरका गुरुवा) द्वारा २०३९ सालमा निर्मित मन्दिरमा कुँदिएको नाम चाहिँ ब्रदगोरिया हो। जसले जुन नामले पुकारेता पनि यो, बर्दगोरिया गाउँपालिका (जसले यो नाम यही पवित्र भूमिको नामबाट पाएको नाम हो) वाड नं २ मा अवस्थित छ। यसको क्षेत्रफल १८.५१ हेक्टर रहेको छ भने पर्यटन बोर्ड र वन विभागले नापनक्सा पनि बनाइदिएको छ।

परापूर्वकालदेखि रहेका मुख्य चारवटा प्राकृतिक ठनुवा (मन्दिर) हरू निम्न रहेका छन:

(क) बर्दा बाबाको मन्दिर



बर्दगोरिया मन्दिर



बर्दाको (नन्दी) मूर्ति

(ख) कन्या राजाको मन्दिर

(ग) ग्वालिन देवीको मन्दिर र

(घ) मनिहार बाबा / मालिन देवीको मन्दिर

यहाँका स्थानीय थारूहरूले गोरुलाई बर्दा भन्ने गर्दछन् । यही बर्दाबाट बर्दाबाबाको मन्दिर भएको हो भन्ने मन्दिरलाई बर्दगोरियाको मन्दिर पनि भन्ने गरिन्छ जुन पर्ना (बर्का गुरुवा) द्वारा निर्मित गरिएको हो। सोभन्दा पहिले बर्दा बाबाको मुर्ति रुखमुनि रहेको मानिन्छ । हालका मुख्य पुजारी श्री राजाराम थारू सानो छँदा बर्दा अर्थात साँढेको आकारमा रहेको ढुंगाको मूर्तिमा एकाबिहानै हेर्न जाँदा तोरीका फुल टाँसिएका भेट्टाएको दाबी गर्नुहुन्छ । उहाँ मात्र होइन सहायक पुजारी लट्टू प्रसाद थारू (झगरपुर निवासी) ले पनि स्वयं सो देखेको दाबी गर्नुहुन्छ । साँढे राति-राति चर्न जाँदा तोरीको फूल शरीरमा टाँसिने र बिहान त्यही तोरीको फूल मूर्तिमा टाँसेको भेटिने यहाँका बासिन्दाहरूको भनाइ छ । यसैगरी चर्न जाँदा कसैले हतियार प्रहार गर्दा दायाँतर्फको पछिल्लो भाग काटिएकोले मूर्तिको सोही भागमा पनि सो डाम रहेको जनविश्वास छ । मुर्तिको दाहिने पट्टिको भागमा सो डाम देख्न सकिन्छ । बर्दा बाबाको पूजा गरे आशीर्वाद सिधै कैलाशबाट आउने यहाँका जनताहरूमा जनविश्वास छ । आज पनि कुम्या गाउँका वा वरिपरिका क्षेत्रमा साँढे छोड्दा केही वर्षमै ज्यान गइहाल्ने गर्दछ ।

यस मन्दिरभन्दा केही अग्लो भागमा कन्या राजाको मरुवा (मन्दिर) एउटा आदिम कालदेखिको पुरानो मरुवा तथा अर्को आधुनिक समयको मन्दिर रहेको छ । सत्ययुगमा कन्या राजाले यसै ठाउँमा तपस्या गरेका र राज्य गरेको विश्वास गरिन्छ । मरुवा रहेको यस स्थानको ईट्टा हेर्दा कुनै समयमा दरबार हुनसक्ने संकेत गर्दछ । पुरातात्विक दृष्टिकोणले यो मरुवा निकै महत्वपूर्ण रहेको छ । मरुवामा थारूहरूले पुज्ने माटाका घोडाहरूको थुप्रो देखिन्छ भने कन्या राजाको मूर्ति पनि सँगै रहेको छ जुन मूर्ति अहिले भत्केको अवस्थामा छ । उनको राज्यकालमा उनीसित ९,००,९८९ गाई, हात्ती, बाघ रहेका थिए रे । अहिलेको घोडाघोडी क्षेत्र उनको गोठ रहेको थियो रे । उनको नाम कन्या राजा कसरी पर्न गयो भन्ने कुराको पछाडि एउटा चाखलाग्दो कथा छ ।

सत्ययुगमा पार्वती माता कैलाश पर्वतबाट घुम्न पृथ्वीलोकमा यही ठाउँमा आइपुगिन् । उनले आफ्नो पेटमा पाँच पाण्डव पनि लुकाएर ल्याएकी थिइन् । त्यसबखत यस ठाउँमा अहिरावन राजाले राज्य गर्दथे । उनको राज्यमा ९८९ भेडा बाखा हेर्ने, ९८९ गाईबस्तु हेर्ने, ९८९ पासि (सुंगुर हेर्ने मान्छे), ९८९ पानी भर्ने स्त्री आदि काम गर्ने मान्छे थिए । पार्वतीले पासिहरूसँग पाण्डवहरूको निम्ति एउटा सुंगुरको पाठो खानलाई मागे । पहिले त इन्कार गरेका थिए तर पार्वतीले मरेका सुंगुर बिउँताइदिएकीले एउटा पाठो दिए साथमा उनले महुवाको रक्सी पनि पाइन । पार्वती कति सुन्दर थिइन् भने सबैजना अचम्मित मात्र भएनन् पानी भर्नेहरूको गाग्री पनि फुट्न थाले रे । पछि उनले नै ती सबै गाग्री जोडिदिए अर्थात् जस्ताको तस्तै बनाइदिए । यो सुन्दरताको खबर राजा कहाँ पुग्यो । राजाले चारैतिरबाट घेरा हाल्न लगाए । जसले आफ्नो नजिकबाट भगाउँछ उसको श्रीसम्पत्ति जफत गर्ने आदेश सुनाए ।आफु पनि एक छेउमा बसे । पार्वतीले यो चाल पाईहालिन् । अरु नोकर चाकरको छेउबाट भागे अप्ठ्यारो पर्ने बरु राजाकै छेउबाट भाग्छु भनी निश्चय गरी सानो माखामा परिणत भई राजाको एउटा कानबाट छिरी अर्को कानबाट निस्किन् । कानबाट छिरेर पार्वती भागेकोले त्यस बेलादेखि अहिरावन राजालाई कन्या राजा भन्न थालियो । पार्वती त्यहाँबाट मलिन्या (हाल मालिन देवीको नामले चिनिन्छ) को घरमा लुक्न गईन । एकदिन राजालाई माला चाहिएकोले मलिन्याले माला बनाउनु पर्ने भयो ।

पार्वतीले विना सियो, बिना धागोको सुन्दर माला बनाइन् र राजा कहाँ त्यो माला पुग्यो । राजा निकै खुसी भए । कतै त्यही सुन्दरीले बनाएको होकि भनी शंका गरी खोज्दा पार्वतीलाई मालिन देवीको मन्दिरमा रहेको थाहा पाए । उता कैलाशमा यो कुरा शंकरले थाहा पाए अब अनर्थ हुन्छ भनी नन्दीलाई लिन पठाए । त्यस ठाउँबाट नन्दीले पार्वतीलाई फर्काइ ल्याए अनि चिनारी स्वरुप त्यही ठाउँमा नन्दी (बर्दा) को मूर्ति उत्पन्न भयो ।

संरक्षण समितिले एकपटक पुरानो मरुवामा आधुनिक मन्दिर बनाउनु कोशिस गरेको तर स्काभेटरको ३/३ पटक हावा फुस्केकोले र फेरि खन्न कोसिस गर्दा स्काभेटरको दाँत भाँचिएको यहाँका पुजारी बताउँदछन् । गुरुवासँग सोधपुछ गर्दा पुरानो ठाउँ छुन नपाउने तर उत्तर तर्फ भने उनकै नामको मन्दिर बनाउन सकिने संकेत दिएपछि आधुनिक मन्दिर बनाइएको हो । यही आधुनिक मन्दिर बनाइरहेको बेला स्काभेटरले उत्तरतर्फ रहेको कुवा (हाल पुरिएको अवस्थामा छ) उत्खनन गर्न कोसिस गर्दा मन्दिरको छानामा काम गरिरहेका मिस्त्रीमा एक्कासि गुरुवा / झाँक्री चढेको र माथिबाटै कुवा रहेको ठाउँ खनेमा अनर्थ हुने भन्दै हप्काए पछि सो खन्ने कार्य बन्द गरिएको हालका पुजारीको भनाइ छ ।

राजालाई विष्णुको अवतार मानिएकोले कन्या राजा पनि विष्णुको अवतार नै हुनुपर्ने पुजारीको भनाइ छ । कन्या राजाको मरुवा मन्दिरसँग सम्बन्धित विभिन्न घत लाग्ने सत्य घटनाहरू घटेका कुराहरू स्थानीयहरू बताउँदछन् । एकपटक दुग्रा गाउँका महटान घरका मदन कठरियाले खजाना पाइन्छ कि भन्ने उद्देश्य राखी मन्दिर बनाउन जग (foundation) खन्ने क्रममा एउटा सुरुङ निस्केको र त्यही सुरुङमा उनी झण्डै छिरेका थिए भन्ने राजाराम पुजारीले बताउनुहुन्छ तर पुजारीकै दाजु कामिन गुरुवा (हाल १४ गाउँका गुरुवा छन्) ले समाती उनलाई बचाएका थिए । हाल पनि मध्य रातमा कन्या राजा रथमा हिड्छन् भन्ने विश्वास गरिन्छ । एकपटक रथ आउदा बाटोको छेउमै रहेको पुजारीको घर हल्लेको कुरा पुजारीले सुनाउँछन् । उनको भनाइमा रथ बर्दा बाबाको मन्दिरसम्म जान्छ त्यसपछि ग्वालिन देवीको मन्दिर र त्यस उपरान्त कतातिर लाग्छ थाहा हुँदैन । उनको विचारमा त्यसपछि घोरिघोरा (औपचारिक नाम घोडाघोडी) जान्छ कि भन्ने थियो । अर्को चाखलाग्दो किम्वदन्ती पनि के छ भने वनविनाश हुनुपूर्व यो ठाउँमा हात्तीहरूको आवतजावत हुने गर्दथ्यो तर एउटा अचम्मलाग्दो कुरा के थियो भने पूर्वबाट पश्चिम वा पश्चिमबाट पूर्व जाने हात्तीका बथानहरू राजाको मन्दिर दर्शन नगरी जाँदैनथे रे ।

सहायक पुजारी लट्टू प्रसाद थारू लगायत स्थानीयहरूले कन्या राजाको मरुवामा रहेका माटाका घोडाहरू कहिले धेरै हुने त कहिले आफैँ थोरै हुने गर्दछन् । यति मात्र होइन गाडिएका त्रिशूलहरूको संख्या पनि उदेकलाग्दो किसिमले घटबढ भइरहेको हुन्छ । यस मन्दिरमा परापूर्वकालदेखि नै दियो बत्ती बाल्ने विशेष चलन रहेको छ । हाल पनि कुम्या गाउँका चिराकी (थारू समुदायमा एक वर्षको लागि चुनिएका विशेष व्यक्ति जसले गाउँमा जनाउ दिने गर्दछ र देवीदेवताको हेरचाह पनि गर्दछ) । प्रत्येक सोमबार यस मन्दिरमा दियो बत्ती बाल्ने गर्दछन् । पहिले पहिले यस मन्दिरमा बलि चढाउने प्रथा थियो । बोका, कुखुरा, परेवाको वलि चढाउने चलन थियो तर पर्ना गुरुवाले दुध, मीठाई चढाई उपरान्त बली चढाउन नपर्ने नियम बनाए पश्चात यहाँ बली चढाउने चलन हराएको हो ।

रानीकुण्डा गाउँका देशराजलाई बली नचढाउ भन्दा भन्दै पनि जबर्जस्ती मन्दिरमा बोकाको बलि दिएकोले कन्या राजा रिसाउँदा देशराजलाई आफ्नै काकाको हत्या गरी जेल जान परेको कुरा पुजारीले बताउँदछन् । यसै ठाउँका महन्थ रामलाल दास थारूका छोरा महन्थ परशुरामको छोरा आँगनमा रहेको पलङबाट खस्दा घाँटीमा त्रिशुलले घोचेको जस्तो घाउ भएको र रगत नरोकिएपछि उनलाई सदरमुकाम धनगढी रिफर गरिएको थियो । धनगढीमा डाक्टरले हेर्दाहेर्दै घाउ आफै पुरिएको र विस्तारै औषधि उपचार बिना नै घाउ पुरिएको बताउँदछन् । पछि सो बच्चालाई सोध्दा केटाकेटीहरूले त्रिशुलले घाटीमा हानेको तर घटना घट्दा आँगन सफा रहेको र त्यहाँ कोही पनि उपस्थित नरहेको महन्थले जानकारी दिए । अहिलेपनि गोधुली साँझको समयमा केटाकेटीहरू कुरा



कन्या राजा (नयाँ)



कन्या राजाको मन्दिर



कन्या राजाको शालिक



कन्या राजाको मरुवा/मन्दिर (पुरानो)



ग्वालिन देवीको मन्दिर



मनिहारी बाबा/मनिहारीनको मन्दिर

गरेको सुनिने तर नदेखिने महन्थको भनाइ छ ।

पहिले-पहिले सिद्धबाबाहरू यस ठाउँमा बस्न नआएका होइनन् तर जतिसुकै शिद्धबाबाहरू आएता पनि यो ठाउँमा टिक्न नसकेको समितिका सदस्यहरूको भनाइ छ । पछि गप्काका बाबालाई देवताले सपना मार्फत बस्न निमन्त्रणा दिएपछि उनी यस ठाउँमा धेरै वर्षसम्म बसे । कुटी भएता पनि उनी जहिले पनि रुखमुनि बस्ने गर्दथे । एकपटक हात्तीको ठूलै बथान उनको छेउबाटै गयो तर न उनको केराबारी नोक्सान भयो न उनलाई कुनै हात्तीले चलायो । वि.सं. २०४५/४६ सम्म हात्तीका झुण्डहरू बस्तीमा त्यही मन्दिरको बाटो भएर आए गए तर बस्तीका केटाकेटीहरूलाई कहिले पनि नोक्सान गरेनन् । अचम्म लाग्ने कुरा त के छ भने खरको मन्दिरमा कहिले पनि आगो लागेन । डाँडा भरी डढेलो लाग्दा पनि मन्दिर जुन खरको छानाले बनेको हुने गर्दथ्यो कहिले जलेन । वरिपरिका बुट्यान खर आदि खरानी हुँदा मरुवा जस्ताकोतस्तै हुन्थ्यो ।

एकपटक लौनिया गाउँका कोही व्यक्ति (नाम भन्न नचाहेको) ले आफ्नो कुलदेवता यस मन्दिरमा सुम्पन आएको र सुम्पी सके पछी घर फर्केको र रातभरिमा ती सबै देवीदेवता हराएको बताइन्छ । यहाँका देवी देवताले सो कुरा पचाउन नसकेर लखेटि दिएको हुन सक्ने विश्वास गरिन्छ । चुनाव पूर्व यहाँको चुनावी उम्मेदवारहरू यस ठाउँमा आई पूजाआजा गर्ने गर्दछन् साथै भाकल पनि गर्ने गर्दछन् । अर्को मन्दिर पनि यस ठाउँमा निकै महत्वको मानिन्छ जसलाई ग्वालिन देवीको मन्दिर भनिन्छ । यसलाई कसैकसैले ग्वालवाल देवीको मन्दिर पनि भन्ने गर्दछन् । पहिले-पहिले ग्वालिन देवी एउटा रुखमुनी रहेको र त्यहाँ कुनै मूर्ति नरहेको यहाँका पुजारीहरूको भनाइ छ । रुखमुनि खाली माटाका भुर्की टुइँया (पानी खाने करुवा,लोटा आकारका माटाका भाँडा) रहने गरेको पुजारीहरूको भनाइ छ । स्वयं उहाँहरू गाईबाखा चराउने उमेरका केटाकेटी छँदा सो आफ्नै आँखाले देखेको वयान गर्दछन् । देवी कतिको शक्तिशाली थिए भने ती भुर्की टुइँया टाढा राखिदिँदा ती सबै आफै रुखमुनी आउने गर्दथे । यस ठाउँमा अचम्मको जाँतो पनि रहेको थियो । त्यसमा ढुङ्गा हाली दिँदा आफै पिसि दिने गर्दथ्यो रे । हाल आएर त्यस ठाउँमा आधुनिक सरस्वती माताको मन्दिर तथा मूर्ति रहेको छ । पुजारीको भनाइमा यो कतिको मेल नखाएको देखिन्छ किनकि ग्वालिन देवी घरेलु गाई भैसी पाल्ने, दूध दही राख्ने देवी हुन् अर्थात् उनी राधाको अवतारको नजिकका मानिन्छन् । यो मन्दिरको सिधा सम्बन्ध बर्दा बाबाको मन्दिर भन्दा तल रहेको निकै पुरानो मनिहारीन देवताको मन्दिरसँग रहेको छ । मनिहारीन चुरापोते बेच्ने देवताको रुपमा मानिन्छन् । पुजारीहरूको भनाईमा एकपटक भगवान श्रीकृष्ण यस ठाउँमा चुरापोते बेचेका थिए रे तर बरका गुरुवा कामिन चौधरीको भनाई अनुसार यो मन्दिर मनिहार बाबाको नभई मालिन देवीको मन्दिर हो जुन ग्वालवाल देवीसँग सम्बन्धित छ । ग्वालवाल र मालिन देवी एउटै हुन् भन्ने उहाँको भनाइ छ । यही मन्दिरको दक्षिण पूर्व भागमा माघमा अर्थात् माघेसंक्रान्तिमा ठूलो मेला लाग्ने गर्दछ ।

यस क्षेत्रमा रहेको अर्को महत्वपूर्ण थारूहरूको देवीदेवता जख्वा-जखिन्या रहेको तर हाल आएर ती मूर्ति हराएको बताइन्छ । जख्वा-जखिन्यालाई थारूहरूले धनसम्पत्ति देवी देवताको रुपमा पुज्ने गर्दछन् । मानिसहरूले जख्वा-जखिन्याको सम्मान नगरेकोले ति देवीदेवता त्यस ठाउँबाट हराएका बताइन्छ तर जखिन्याको मूर्ति कुम्या गाउँका एकजना गरीब कमैया मुर्हान घरको झुपडीको छानामुनि भेटिएको बताइन्छ । सो मूर्ति भेटिएको केही वर्षभित्रैमा मुर्हान घर एक धनी घरको रुपमा परिणत भएको थियो ।

स्थानीयहरूको भनाइमा बर्दा बाबा, कन्या राजा, ग्वालिन देवीको तथा मनिहार बाबाको पुजा आजा कहिलेदेखि गरेर आएका हुन् भन्न नसकिने बताउँछन्। सत्य युगदेखि नै हुँदै आएको विश्वास गरिन्छ । आधुनिक मन्दिरको निर्माण यही ३८ वर्ष यतै भएको प्रमाण भेटिन्छ । बर्दा बाबाको पक्का मन्दिर पर्ना गुरुवाले वि सं= २०३९ सालमा बनाएका थिए भने कन्या राजाको आधुनिक मन्दिर वि सं= २०७३ सालमा निर्माण गरिएको थियो । त्यसैगरी ग्वालिन देवीको मन्दिर हालसालै मात्र निर्माण भएको छ भने रामजानकी मन्दिर सभासद मानबहादुरज्यू तथा फुलमती देवीज्यू तथा श्रमदानबाट २०६८ सालमा भएको थियो । हनुमान

मन्दिर बने तापनि आजको मितिसम्म मूर्ति स्थापना गर्न नसकिएकोले यो बन्द अवस्थामा छ ।

## महत्व तथा पूजा विशेष

थारू समुदायको लागि यो मन्दिर विशेष महत्वको मन्दिर मानिन्छ । हाल गैर थारूहरूको आकर्षण पनि त्यतिकै बढ्दो रुपमा रहेको देखिन्छ। तर लवागि पूजा भने थारूहरूको नितान्त महत्वपूर्ण पूजा मानिन्छ । यो पूजा मंसिरमा वर्षको एकपटक मात्र गरिन्छ र यो पूजा मन्दिरको पुजारीले होइन कि यस क्षेत्रको गुरुवा (थारूहरूको पुजारी) ले गर्ने गर्दछन् । यसदिन तन्त्रमन्त्र गरी कन्या राजाको मन्दिरमा बलि चढाउने चलन रहे तापनि पर्ना गुरुवाले मिठाई (बर्फी, लड्डु आदि) अर्पण गरी बलिबाट मुक्त गराई पूजाको अर्को तरीका सुरुवात गरिदिएका थिए । थारूहरूमा भनाइ छ देवीदेवताहरूलाई चाहेअनुसार मनाउन सकिन्छ । मिठाई चढाएर पनि देवी देवताहरूलाई खुशी पार्न सकिन्छ ।


हनुमान मन्दिर

लवांगी पूजाको दिन कुम्या गाउँबाट जात्रा सुरु हुन्छ । रातभरी कन्या राजाको मन्दिरमा ढाक (एक प्रकारको बाजा) बजाइन्छ । यस दिन गुरुवा खेल्ने (झाँक्री खेल्ने) कार्य हुन्छ । सोही दिन नयाँ नयाँ गुरुवाहरूले गुरुवा खेल्ने कार्य गरेमा विशेष महत्वको मानिन्छ । यस पूजापाठले सम्पूर्ण क्षेत्रमा प्रशस्त अन्न, सम्पत्ति र सुखशान्ति ल्याउने मानिन्छ । गोबरको गुइँठा पुजामा प्रयोग हुने आगो बाल्न विशेष तरिका छ । थारूहरूले पैसा गन्यारिद्वारा (एक प्रकारको रुख) आगो सल्काउने गर्दछन् । गोबरको गुइँठा सल्केपछि पूजा गर्न योग्य हुन्छ तर आजभोलि गन्यारिको सट्टा सलाई प्रयोग गर्ने गरिन्छ । गुरुवाहरू सिँढी प्रयोग नगरी देवताहरूको हिँड्ने पुरानो बाटो प्रयोग गर्ने गर्दछन् जुन बाटो सिँढीले छेकेको र हनुमान मन्दिर पनि बाटोमा निर्माण भएकोले बाटो छेकेको छ । जनविश्वास के छ भने हनुमान मन्दिर बाटोमा निर्माण भएकोले हनुमानको मूर्ति ल्याउँदा ल्याउँदै बाटोमा हराएकोले आजसम्म मूर्ति स्थापना गर्न नसकेको हो । त्यसैकारण आजसम्म हनुमान मन्दिरको ढोका खुल्न सकेको छैन र पुजापाठ पनि भइरहेको छैन ।

### क) माघ लहान

यो धामको निकै महत्वपूर्ण कार्य मध्ये माघ लहानलाई लिने गरिन्छ । माघ लहान माघ १ गतेको दिन गरिन्छ टाढा टाढाका श्रद्धालुहरू तथा भक्तजनहरू यस दिन यहाँ आउने गर्दछन् । पहिले-पहिले भक्तजनहरू खेतमा जमेको पानीमा नुहाई मन्दिरमा जल चढाउने गर्दथे । पछि कैलाली, तोरैयापुरका नेता तथा समाजसेवी स्वर्गीय लायक राम चौधरीले एक तलाउ खन्न लगाइ नुहाउन सजिलो बनाएका थिए । हाल सो तलाउलाई बढी सुविधा युक्त बनाउने जिम्मा पर्यटन बोर्डले लिएको छ । यस दिनलाई थारूहरूको नयाँ वर्ष पनि मानिन्छ भने जल चढाउँदा मनोकामना पुरा हुने विश्वास गरिन्छ । यसदिन थारू, गैर थारू तथा गैर नेपालीहरू यहाँ आई जल चढाउने गर्दछन् । बर्दिया, कैलाली, कञ्चनपुर र भारतबाट समेत श्रद्धालुहरू तथा भक्तजनहरू यहाँ आउने गर्दछन् । माघ लहानमा नुहाइसकेपछि सर्वप्रथम बर्दा बाबाको मन्दिरमा जल चढाई त्यसपछि क्रमश कन्या राजा, ग्वालिन देवी र अन्तमा मनिहार बाबाको मन्दिरमा जल चढाइन्छ । तर धेरैले यो क्रम थाहा नपाई सो अनुसार जल चढाउने कार्य नगरेको यहाँको मुख्य पुजारीले बताउनुहुन्छ ।

शिवरात्रीमा समेत श्रद्धालुहरू आई पूजाआजा गर्ने गर्दछन् । श्रावणमा शंकर मृत्यु लोकमा आउने विश्वास गरिन्छ त्यसैले श्रद्धालुहरू मन्दिरमा जल चढाउन आउँदछन् । यसो गरे मनोकामना पूरा हुने जनविश्वास छ । हरेक सोमबारका दिन समेत सोमरि लहान गर्न श्रद्धालु आउने गर्दछन् । प्रत्येक सोमबारको दिन कुम्याको चिराकिले कन्या राजाको मरुवामा दियो बाली दिने चलन छ ।

### ख) मेलापर्व



पवित्र पोखरी

माघ लहानको समयमा मनिहार बाबा मन्दिरको दक्षिणतर्फको समतल जमिनमा प्रत्येक वर्ष माघ मेला लाग्ने गर्दछ। यो मेलाको जिम्मेवारी बर्दगोरिया गाउँपालिका धार्मिक संरक्षण मञ्चले लिएको हुन्छ। आर्थिक संकलनदेखी व्यवस्थापनको सम्पूर्ण जिम्मा सोही मञ्चको हुने गर्दछ। यो मेला पौष महिनाको २६ गतेदेखि माघ महिनाको २ गतेसम्म चल्दछ। मेला संचालनार्थ मञ्चले पसलको लागि मेलामा आउने व्यापारीहरूबाट एक फूट चौडाईको लागि तीनसय रुपैयाँको दरले आर्थिक संकलन गर्ने गर्दछ जुन रकम समयअनुसार थपघट हुन सक्दछ। मेलाको मुख्य आकर्षण भनेको छिमेकी राष्ट्र भारतबाट आउने नाचगान तथा नाटक मण्डली नै हुने गर्दछ। यस मण्डलीले विशेष गरेर गाना बजाना / नाचगानद्वारा यहाँ आउने श्रद्धालुहरू तथा भक्तजनहरूलाई चिसोमा मनोरञ्जन मार्फत न्यानोपन प्रदान गर्नु नै हो। संकलित रकमको अधिकांश भाग यही मण्डलीले बटुल्ने गर्दछ। नेपालका, विशेष गरेर तीन जिल्ला, बर्दिया, कैलाली र कंचनपुरका बासिन्दाहरू तथा भारतको उत्तर प्रदेशका श्रद्धालु तथा भक्तजनहरूको जमघटले संरक्षण मञ्चलाई व्यवस्थापन गर्न हम्मेहम्मे पर्दछ। अझै भनौं भने पुसको अन्तिम रात थेग्नै नसकिने किसिमले भीड हुने गर्दछ। भोलिपल्ट स्वर्गीय लायक राम चौधरीद्वारा निर्मित तालमा नुहाई जल अर्पण गर्नु पर्ने भएकोले अत्यधिक भीड हुने गर्दछ।

व्यापारिक दृष्टिकोणले समेत यो मेला महत्वपूर्ण छ। नजिक रहेको बौनिया बजारका व्यापारी मात्र होइन टाढा टाढाका व्यापारीसमेत मेलामा मनग्य आम्दानी लिने गरेको संरक्षण मञ्चका एकजना सदस्यको भनाइ छ। केटाकेटीहरूको खेलौना, लुगा कपडा, आदिको व्यापार हुने गर्दछ। दैनिक जीवनमा चाहिने सर-सामानहरू अधिक मात्रामा पाइन्छ।

स्थानीयहरूको भनाइमा पहिले जस्तो धार्मिक उद्देश्यका साथ हुने मेलामा आजभोलि सामाजिक बिकृती बढ्दो देखिन्छ। यो विकृतिलाई समयमै नरोके अति पवित्र र धार्मिक स्थलको छवि घट्दै जाने, यस धामको महत्वमा आँच आउने संरक्षण समितिका एक सदस्यको भनाई रहेको छ। जे जस्तो भएतापनि मेला परापूर्वकालदेखि चल्दै आएकोले यसको बेग्लै महत्व छ।

## पहुँचको विद्यमान अवस्था

यो मन्दिर पूर्व-पश्चिम राजमार्गको उत्तरतर्फ रहेको छ। मुख्य राजमार्गबाट पक्की तथा ग्रावेल बाटो हुँदै लगभग चार किलोमिटर हिँडेमा यहाँ पुगिन्छ। जिल्ला सदरमुकाम धनगढीबाट लगभग ८० किलोमिटर पूर्वमा अवस्थित यो मन्दिर यातायातको चारपाङ्गे साधनबाट २ घण्टा जतिको यात्राद्वारा पुग्न सकिन्छ।

## संरक्षण वा व्यवस्थापनको विद्यमान अवस्था

बर्दगोरिया गाउँपालिका धार्मिक संरक्षण मञ्च अनुसार यस धामको जग्गा अतिक्रमण भइरहेको छ। मञ्चको मुख्य गेट तथा देवताहरूको हिँड्ने मुख्य बाटोबाट नजिक रहेको जग्गा अतिक्रमण भएको र यो कार्य मालपोत कार्यालय टीकापुरको मिलोमतोमा भएको भनाइ रहेको छ। जुन निकै नै अमानवीय तथा अधार्मिक कार्य रहेको मान्न सकिन्छ। २०३५ साल तिरको वन विभागको रेकर्ड हेर्दा अतिक्रमण भएको प्रस्ट देख्न सकिने पुजारीको दाबी छ। पूजाआजा गर्ने तरिका तथा मन्दिर निर्माण गर्दा पनि ऐतिहासिकतालाई ध्यानमा नराखी गरिने देखिन्छ। तसर्थ स्थानीय बुजुर्गहरूको सल्लाह लिन नितान्त आवश्यक छ। सरकारले यस्तो अतिक्रमणबाट जोगाउन सक्दछ होइन भने संरक्षण र व्यवस्थापनमा लागेको मञ्चले रोक्न नसक्ने देखिन्छ। मञ्चको माग अनुसार यसको क्षेत्रलाई जाली लगाई सुरक्षित गर्न सकिन्छ। यसैगरी मन्दिर परिसरमा खानेपानीको व्यवस्था, रिङरोड निर्माण, मुख्य राजमार्गबाट मन्दिरसम्म बाटो कालोपत्रे, इनारको उत्खनन र संरक्षण, बिजुलीबत्ती व्यवस्था भएको भए सुनमा सुगन्ध हुने देखिन्छ।

## निष्कर्ष

यो मन्दिर थारूहरूको लागी सांस्कृतिक तथा ऐतिहासिक हिसाबले महत्वपूर्ण छ। पुरातात्विक हिसाबले पनि यो धाम निकै महत्वको हुनसक्ने देखिन्छ। तसर्थ यस ठाउँको संरक्षण र सम्बर्द्धन हुन नितान्त आवश्यक छ। अनावश्यक अतिक्रमण रोक्नु पर्ने देखिन्छ। यस ठाउँलाई पर्यटकिय दृष्टिकोणले पनि यति महत्वको मानिएकोले पनि होला पर्यटन विकास कोष बाँकेमा विधान सहित दर्ता गरिएको छ। मन्दिरको प्रचार प्रसार भएको खण्डमा यसको भविष्य उज्ज्वल देखिन्छ।

# १.२ घोरिघोरा / घोडाघोडी ठनुवा /मरुवा/मन्दिर

## परिचय

घोडाघोडी सुदूरपश्चिम प्रदेश, कैलाली जिल्लाको घोडाघोडी नगरपालिका वार्ड नम्बर ७ मा पर्दछ। यसको केही भाग रामशिखरझाला र केही भाग दरखमा पर्दछ। यो मन्दिर कैलाली जिल्लाको सदरमुकाम धनगढीबाट ५० किलोमिटर पूर्वमा अवस्थित रहेको छ। पूर्वपश्चिम राजमार्गसँगै जोडिएको यो मन्दिर तथा ताल कैलाली जिल्लाको एक धार्मिक तथा आकर्षक पर्यटकीय क्षेत्र हो। घोडाघोडी तालको क्षेत्रफल २५६३ हेक्टर रहेको छ (चौधरी, २०७५)। घोडाघोडी एक अपभ्रंस नाम हो। आदिमकालदेखि बस्दै आएका थारूहरूको जिब्रोमा यसलाई घोरिघोरा भनिन्छ। त्यही घोरिघोराबाट अपभ्रंश भई घोडाघोडी भएको मान्न सकिन्छ। थारूहरूले स्त्री / देवीलाई विशेष महत्व दिने गर्दछन्। थारूहरूको नमस्कार - सिताराम वा देवीदेवता वा राधाकृष्ण अथवा गाईगोरु सबैमा स्त्रीको स्थान पहिलो हुन्छ। यही कारण हुनुपर्छ घोरिघोरा तर यसको अपभ्रंश नामाकरण गर्दा अन्य भाषाभाषीको प्रभावले घोडाघोडी भन्न र लेख्न थालियो।

घोरिघोरा शब्दले दुई कुरालाई इंकित गर्दछ, घोरिघोरा मरुवा जसलाई थारूहरूको देवीदेवता बस्ने मन्दिर भनिन्छ र यो प्राय गाउँभन्दा केही टाढा हुने गर्दछ। थारूहरू के विश्वास गर्दछन् भने उनीहरूको देवीदेवता शान्त र एकान्त ठाउँमा बस्न रुचाउँछन्। अर्को हो घोरिघोरा ताल जसको क्षेत्रफल २५६३ हेक्टर रहेको छ र परिधि १२.९८१ किलोमिटर रहेको छ (चौधरी, 2019 AD)। मरुवा र ताल एकअर्काका परिपूरक जस्तै रहेका छन्। मरुवा तालको दक्षिणी भागमा अवस्थित छ।

थारूहरूले आफ्ना देवीदेवतालाई क्षेत्र विशेषको आधारमा तीन भागमा बाँडिएको देखिन्छ। घर बन्ढुवा, गाउँ बन्ढुवा र देश बन्ढुवा। यसैलाई आधार मानी घर बन्ढुवा मरुवा घरको एउटा विशेष कोठा जसलाई थारूहरूले मिन्झारि भन्दछन् त्यहाँ बनाइन्छ, गाउँ बन्ढुवा मरुवा प्रत्येक गाउँको बाहिरपट्टि रहन्छ र देश बन्ढुवा मरुवा धेरै गाउँहरूको साझा कुनै एकान्त प्राय जङ्गलमा बनाइन्छ। घोरिघोरा मरुवा मन्दिर पनि यही देश बन्ढुवा मरुवा हो। देश बन्ढुवा मरुवा / मन्दिरमा वर्षको एकपटक कुनै एक दिन प्राय मंसिर महिनामा लवांगी पुजा गरिन्छ। यसदिन घोरिघोरा मरुवा/मन्दिरमा बलि चढाइन्छ। यस दिन बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका मानिसहरूको जमघट हुने गर्दछ। यसको मतलब सो भन्दा बाहेक अरु कुनै दिन बलि चढाउन पाइँदैन भन्ने चाहिँ होइन, भाकल गरेकाले कुनै पनि दिन बलि दिन सक्दछन्, जुन व्यक्तिगत हुन्छ।

## किम्बदन्ती तथा मन्दिरसाग सम्बन्धित कथाहरू

घोडाघोडी मरुवाका पुजारी श्री गुलाब दास राजवंशी ठाकुर थारूका अनुसार द्वापरयुगमा अहिलेको जस्तो घोरिघोरा ताल



घोरिघोरा / घोडाघोडी ठनुवा /मरुवा/मन्दिर



भुत्व/देवीको शालिक



घोरिघोरा/घोडाघोडी ताल

थिएन ।बरु हाल रहेको तालमा सातवटा थारू गाउँहरू थिए । गाउँ नजिकै एउटा सानो पानीपोखरी थियो । ताल बन्न पूर्व गाउँको कुट्नी बुर्ह्याको झोपडीमा एउटा कमलको पात निस्क्यो । कुट्नी बुर्ह्याले अब गाउँ डुब्छ र यहाँ ताल बन्छ भन्ने कुरा थाहा पाई सबैलाई गाउँ छाड्नुपर्ने सल्लाह दिइन् तर गाउँलेहरूले विश्वास नगरेपछि तिनी त्यो ठाँउ छाडी अन्यत्र लागिन् । पछि कमलको पात भलमन्साको घरमा निस्केपछि कुट्नी बुर्ह्याले भनेको कुरा सत्य ठहर भयो । नभन्दै कमलको पात घरघरमा निस्कन थाल्यो । भलमन्साले तुरुन्त गाउँ छाड्न आदेश दिए तर त्यो ढिला भइसकेको थियो । कसैले ज्यान बचाए तर धेरैजसो तलाउमा डुबे । घर, गोठ, गाईवस्तु सबै तलाउमा चुर्लुम्मै भयो । सारा गाउँ हालको घोडाघोडी तलाउमा विलय भयो भन्ने भनाइ छ । आज भोलि राती राती माछामार्ने मानिसहरूले जातो पिसेको आवाज हुन्छन् रे । कसैकसैले ढिकी कुटेको आवाज सुनेको कुरा दाबी गर्दछन् । तलाउको छेउछाउमा समेत माटाका भाँडाहरू भेटिएका कथाहरू पनि यस ठाउँका मानिसहरू बताउने गर्दछन् ।

यस ठाउँमा चमारी गुरुवा निकै प्रख्यात थिए । उनी पुजाको लागि कुखुरा, रक्सी आदि लिएर बिहान ८ बजेतिर तलाउमा पानीभित्र छिर्थे अनि साँझ ५ बजे मात्र पानी बाहिर निस्कन्थे । मानिसहरू उनले पानीभित्र खानपिन गर्ने गरेको कुरा बताउँछन् । अर्थात् पानीभित्र पनि अर्को संसारको अस्तित्व रहेको जनविश्वास भेटिन्छ । त्यो संसारको अस्तित्व रहेको बर्दिया जोधपुर गाउँका ९५ वर्षीय खुम लाल दहितको किम्बदन्तीसँग मेल खान जान्छ । उनको भनाई अनुसार एकपटक एउटा गाई खेतको बाली नोक्सान गरेपछि त्यो गाईलाई बाँधियो । केही दिनपछि एकजना मान्छे गाई खोज्दै आइपुग्यो र आफ्नो गाई छोडिदिन आग्रह गर्यो तर खेत मालिकले जरिवाना नतिरेसम्म नछाड्ने भनेपछि त्यो मान्छेले आफुसँग पैसा नभएको तर उसको घर गए जरिवाना तिरिदिने कुरा भएपछि खेत मालिक त्यही मान्छेको पछिपछि लाग्यो । गाई तलाउमा छिर्ने बेला गाईको मालिकले गाईको पुच्छर खेतको मालिकलाई समात्न भन्यो र आफूले पनि त्यस्तै गर्यो। एकैछिनमा उनीहरू अर्को गाउँमा पुगे । त्यहाँ खेतको मालिकलाई मान सम्मानका साथ राखियो र केही दिनको पाहुना पछि उनलाई घर फिर्ता गर्ने कुरा भयो । घर फर्कने बेला उनलाई त्यही गाईको गोबर दियो र घर पुगेपछि मात्र हेर्न भन्यो । उनी पहिलेको जस्तै गरी गाईको पुच्छर समाती तलाउको किनारमा आईपुगे । घरमा पुगेर हेर्दा गोबर सुनमा परिणत भइसकेको थियो रे ।

पुजारी गुलाब दासको भनाइ अनुसार एकपटक भगवान विष्णु र देवी लक्ष्मी पृथ्वीलोक घुम्न आए । घुम्दै घोडाघोडी तलाउमा पुगे र यसको छेउछाउ घुम्न थाले । ठाउँ सारै रमणीय थियो । थकाइ मार्न रुखमुनी बसे । विष्णु लक्ष्मीको काखमा टाउको राखी आराम गर्दा केही छिनको लागि निदाए । त्यहीबेला ध्रुव राजाको छोरा सुन्दर घोडाको रुपमा त्यही तालको छेउमा खेल्दै थिए । अति सुन्दर घोडा देखेर लक्ष्मी माता मोहित भईन् । भगवान विष्णु बिउँझदा लक्ष्मी मातालाई मंत्रमुग्ध भएर हेरेको देखेर के हेरेको भनी प्रश्न गरे अनि झट्टै थाहा पाइहाले, उनी घोडाप्रति मोहित छिन भन्ने कुरा । उनी फेरि काखमै निदाए । लक्ष्मी यति धेरै आकर्षित भइन् कि उनी विष्णुले थाहा नपाउने गरी बिस्तारै टाउको हटाई आफू घोडीको रुपमा परिणत भई घोडासँग उफ्रदै खेल्न थालिन । यता विष्णु उठेपछि लक्ष्मीलाई त्यहाँ नदेखेपछि खोज्दै जाँदा त घोडासँग रमाई-रमाई खेलेको भेटाए । उनी साह्रै रिसाए अनि लक्ष्मीलाई त्यही घोडी बनि रहिरहनु भनेर श्राप दिए । अनि आफु कैलाशतिर लागे । त्यहाँ पुग्दा सन्चो बिसन्चो कुरा चल्यो । शंकर भगवानले लक्ष्मी माताको बारेमा सोध्दा उनले सबै विस्तारमा सुनाइदिए । यो कुरा शंकरलाई मन परेन तथा त्यसो

नगर्नु पर्ने जिकिर गरे । दुबैजना कैलाशबाट फेरी घोडाघोडी ताल फर्के । यता आउँदा तालको छेउमा घोडीको रूपमा लक्ष्मीलाई रुदै गरेको भेटेपछि शंकरलाई साह्रै रिस उठ्यो र विष्णुलाई घोडाको रुपमा परिणत हुन सरापे । नभन्दै विष्णु घोडा बने । लक्ष्मी घोडीको रुप र विष्णु घोडाको रुपमा बदले पछि यो तालको नाम घोरिघोरा हुन गएको हो । साथै मन्दिरको नाम पनि घोरिघोरा / घोडाघोडी रहन गएको हो ।

## स्थापना मिति तथा विभिन्न मन्दिरहरू

मरुवाको स्थापना कहिले र कसले गरेको हो भन्ने कुरा कसैले भन्न नसक्ने देखिन्छ । सात गाउँ डुबिसके पछी बचेका केही थारूहरूले फेरि बस्ती बसाले । हालको साडेपानी गाउँ भएको ठाउँमा सो बस्ती बसालेको हुनुपर्ने भनाइ छ । त्यस बस्तीमा एक जना थारू भैसरुवा (भैसी हेर्ने गोठालो) थियो । एकरात तिनले हालको मरुवा/मन्दिर रहेको केही दक्षिणतिर पाननको रुखमुनि पूजा गर्नु, सरसफाइ गर्नु भन्ने सपना देखे । यो ठाउँ उनको लागि कुनै नौलो ठाउँ थिएन किनकि उनी त्यही ठाउँ वरिपरि भैसी चराउन लैजान्थे । त्यही सपना पटक-पटक पाउन थालेपछि एकदिन रुखमुनि सरसफाई गरी दियो बत्ती बाली पुजा गरे । त्यहीबेलादेखि त्यहाँ पूजा गर्न थालिएको भनाइ छ । कालान्तरमा त्यहाँ खरको झुपडी बनाई मरुवा/मन्दिर बनाई पूजा गर्न थालियो । जब पूर्वपश्चिम राजमार्गको विस्तार हुन थाल्यो थारूहरूको मरुवा राजमार्गको ठीक बीचमा पर्न गयो । जब स्काभेटर लगाएर मरुवा उखेलिन कोसिस भयो अर्थात् मन्दिरको पाननको रुख उखेल्न कोसिस भयो स्काभेटर त्यहीँ अड्कियो । दोस्रो स्काभेटर बोलाइयो तर त्यसले पनि सकेन । यो पनि बल्लतल्ल उम्किन सफल भयो । तेस्रो स्काभेटर बोलाउदा रुखको जराबाट धेरै सर्प निस्किए अनि एउटा सर्प ड्राइभरको स्टेरिङ्मा बस्यो । चालक तल खसेर बेहोस भए । तिनलाई पछि होस त आयो तर कसैले पनि रूख फाल्न हिम्मत देखाएनन् बरु थारूहरूको गुरुवा पर्ना गुरुवाको शरणमा गए । गुरुवाले आछट बिरा (अक्षता) हेर्न बसे । बिहान सात बजेबाट बसेको साँझ ५ बजेतिर उठे । सडक विभागका कर्मचारीहरूलाई पक्की मरुवा बनाएमात्र देवीदेवता मान्ने कुरा सुनाए । कर्मचारीहरूले वचन दिएपछि पूजापाठ गरेर सो उपरान्त स्काभेटरले सजिलै रुख र थुम्को फाले । त्यसैले आधुनिक पक्का मन्दिर चाहिँ राजमार्ग विस्तारको समयमा भएको हो । पछि अन्य मन्दिरहरू पनि थपिँदै गए । महाकाली मन्दिर, जुन घोरिघोरा मन्दिरको ठीक पछाडि अर्थात् पश्चिममा छ, यसको पुजारी सोम लालदास साधु (थारू) अनुसार यो मन्दिर कैलालीका सत्गौवा थर भएका थारूहरूको प्रयासले तथा आर्थिक सहयोगले निर्मित भएको हो । थारूहरूको घरको पूजाकोठा मिन्झारि कोठामा रहेको कालका देवी यिनै महाकाली हुन् । यस मन्दिरमा लवांगी पूजाका दिन बोका, कुखुरा, परेवा, हाँसको बली दिने चलन रहेको छ । त्यति मात्र होइन अन्य दिनहरूमा समेत भाकल अनुसार बली दिइने चलन छ ।यस मन्दिरमा मिठाई आदि चढाएर पनि पूजा गर्ने चलन



कालिका देवी मन्दिर



कालिका देवी



महाविर हनुमान



शिव मन्दिर



मालिका मन्दिर



भत्किएको सिता रामको मन्दिर

छ । जसरी थारूहरूको घरमा कालका देवीको महत्व छ यो मन्दिर पनि थारूहरू लगायत हिन्दुहरूको लागि निकै महत्वपूर्ण छ । यस मन्दिरमा मान्छेको रगत पनि चढाउने चलन छ जसको लागि गुरुवाले आफ्नो जिब्रोमा त्रिशूल छेड्नु पर्ने हुन्छ । यो मन्दिर हालसालै स्थापना गरिएको मन्दिर हो । मन्दिर परिसरमा अन्य मन्दिरहरू जस्तै गणेश मन्दिर, शिव मन्दिर, सोमनाथ मन्दिर, सीताराम मन्दिर, हनुमान मन्दिर र मालिका मन्दिर पनि रहेका छन् ।

थारूहरूका सबै देवताहरू यहाँ रहेको विश्वास गरिन्छ । दुर्गा देवीले गाउँ गाउँमा ठनुवा वा मन्दिरमा बस्ने आदेश दिएपछि यहाँका देवीदेवता गाउँ गाउँमा छरिएका हुन् भन्ने गुलाब दासजीको भनाइ छ । त्यसैले यहाँ वर्षको एकपटक मात्र सामुहिक हिसाबले पूजाआजा हुने गर्दछ भने अन्य समयमा गाउँगाउँमा र घर घरमा पूजापाठ हुन्छ ।

## महत्व तथा पूजा विशेष

थारू समुदायको लागि यो एक विशेष महत्वको मन्दिर हो । यो मरुवा/मन्दिर देश बन्ध्या (देश बाँध्ने) मन्दिर भएकोले यो कुनै निश्चित गाउँ विशेषको मरुवा होइन ।यो मरुवा विभिन्न गाउँहरूको एक साझा मरुवा हो । देशमा सुख शान्ति हुनु भनेको यहाँका देवी देवताहरू प्रशन्न हुनु हो । गैर थारूहरूले पनि यस क्षेत्रमा थप अन्य मन्दिरहरू जस्तै मालिका मन्दिर बनाएर आफ्नै किसिमले पूजा आजा गर्ने गरेको देख्न सकिन्छ । एकपटक गैर थारूहरूले यहाँ रहेका सबै मन्दिरहरूमा बस्न खोजेको तथा बलि चढाउन बन्द गरेपछि तिनीहरूको घरमा अनिष्ट हुन थालेपछि र थारूहरूको विरोधको कारणले फेरी थारूहरूकै हातमा छोडियो । यहाँका देवी देवताहरू रिसाउनु भनेको यस ठाउँबाट सुखशान्ति हराउनु हो ।

घोडाघोडी मन्दिरमा मंसिर महिनामा वर्षको एकदिन हुने लवांगी पूजा निकै महत्वको मानिन्छ । कुनै कारणवश यो पूजामा ढिला हुन थालेमा राती राती जङ्गलमा बाघले कराउन सुरु गर्छ भन्ने यहाँका पुजारीको भनाइ छ । यो पूजा बर्का गुरुवा (ठूलो पुजारी) ले गर्ने गर्दछन् । रातभरि ढाक बजाउने प्रथा छ । यसदिन यहाँ ठूलो मेला लाग्दछ । हात्ती, घोडा, बाघका मूर्ति चढाउने कार्य पनि हुन्छ । भाले बास्ने समयदेखि लाम लागि बसेका श्रद्धालु तथा भक्तजनहरूले बलिका लागि ल्याएका हाँस, कुखुरा, बोका, परेवाको रगतको खोलो नै बन्दछ । बर्का गुरुवाले तन्त्र मन्त्र पढी पुजापाठ गर्ने गर्दछन् । यसै दिन प्रख्यात चमारी तथा पर्ना गुरुवा घोडाघोडी तालमा रक्सी, भाले, परेवा लिएर पानी भित्र छिरी पुजापाठ गर्दथे । घण्टौंसम्म पानीभित्र नै बस्ने गर्दथे । लवांगी पूजामा प्राय बर्का गुरुवा साडेपानी गाउँका हुने गर्दछन् तर समय र परिस्थिति अनुसार फरक पर्न सक्दछ । यो मन्दिर विवाह बन्धन, व्रतबन्धको लागि पनि प्रख्यात हुँदै गइरहेको छ । पहिले-पहिले यो कार्यक्रम नहुने भएतापनि हाल आएर यो कार्य पनि हुने गरेको देखिन्छ । यहाँ संस्कृत विद्यामा कर्मकाण्ड गर्नसमेत शिक्षा दिइन्छ । स्वच्छ मन तथा आत्माले मागे, माग पुरा हुने विश्वास गरिन्छ ।

## पहुँचको विद्यमान अवस्था

यो धार्मिक स्थल पूर्वपश्चिम राजमार्गसँगै जोडिएकोले हरेक खालका सवारी साधनको पहुँचमा रहेको छ । जिल्ला सदरमुकाम धनगढीबाट ५० किलोमिटर पूर्वमा पर्दछ । बाटोघाटोको हिसाबले यो क्षेत्र सुविधायुक्त क्षेत्र मान्न सकिन्छ ।

## संरक्षण र व्यवस्थापनको विद्यमान अवस्था

घोरिघोरा अति नै महत्वपूर्ण क्षेत्र भएकोले यसलाई संरक्षण गर्नुपर्ने सबैको जिम्मेवारी हो । धार्मिक अथवा प्राकृतिक हिसाबले यो क्षेत्र जति संरक्षित हुनुपर्ने हो त्यो देखिँदैन । व्यवस्थापनको हिसाबले पनि यो थारू समुदायको देवीदेवता र अन्य समुदायको देवीदेवता जस्तो गरी दुई भागमा बाँडिएको देखिन्छ जुन भविष्यको लागि राम्रो संकेत होइन । जस्तै ठेली काटी पैसा संकलन

गरेको रकम मठ मन्दिरको पुनर्निर्माण वा संगठनको लागि खर्च नभएको थारू पुजारीहरूको भनाई रहेको छ । जिर्ण अवस्थामा रहेको सीताराम मन्दिर पुनर्निर्माण गर्न जरुरी देखिन्छ । पुजारीहरू बस्ने घरको व्यवस्था हुनुपर्ने, त्यसैगरी मुख्य मन्दिर घोरिघोराको पुनर्निर्माण हुनुपर्ने निकै आवश्यकता देखिन्छ । यस मन्दिरमा विभिन्न समितिहरूको एक छुट्टै छाता समिति हुनुपर्ने नितान्त जरुरी देखिन्छ । राती राती माछा मार्ने कार्य तत्काल रोक्नुपर्ने देखिन्छ ।

### निष्कर्ष

धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक र पर्यटकीय हिसाबले अति महत्वपूर्ण घोरिघोरा मन्दिर र ताल संरक्षण र संबर्द्धनको पर्खाइमा रहेको देखिन्छ । धर्म निकै नै संवेदनशील चिज हो । आदिमकालदेखि पूजाआजा हुँदै आएको थारूहरूको धरोहरमा पहाडी समुदायको हस्तक्षेप हुँदा एकपटक थारू र पहाडीबीच तानातानको स्थिति नआएको होइन । विभिन्न समूहहरू मध्ये एक समूहका अध्यक्षले पहाडीहरूले कुनै निर्माण गर्दा सरकारले न भत्काउने तर थारूहरूले निर्माण गर्दा भत्काइदिने जानकारी दिनुहुन्छ । दुवै पक्षलाई कसरी व्यवस्थित गर्न सकिन्छ सो कुरामा सरकारले निकै चनाखो पूर्वक कार्य गर्नुपर्ने देखिन्छ नभए भविष्यमा द्वन्द्वको अवस्था नआउला भन्न सकिदैन । यहाँ विभिन्न समितिहरू रहेका छन् जस्तै ढाक समिति, सन्त समागन समिति जुन थारूहरूले आफ्नो समुदायको रूपमा लिन्छन् भन्ने जनजागरण मञ्च, प्रतिष्ठान पहाडी समुदायको भनेर चिनिन्छ । यस मन्दिरमा विभिन्न समितिहरूको एक छुट्टै छाता समिति हुनुपर्ने नितान्त जरुरी देखिन्छ तर बाहिरी रुपमा हेर्दा दुवै पक्ष मिलेर बसेको देखिन्छ । त्यसैगरी यस क्षेत्रको आधा भाग रामशिखरझाला र आधा दरखमा पर्ने भएकोले पनि लवांगी जस्ता अति महत्वपूर्ण पुजामा केही किचलो जस्तो देखिन्छ । यसको जिम्मेवारी माथिल्लो निकायले लिएर अगाडि बढ्दा राम्रो होला भन्न सकिन्छ ।

## १.३ कुट्नी बुर्ह्या मन्दिर

### परिचय

यस क्षेत्रमा बसोबास गर्ने थारू समुदायमा बुर्ह्याको अर्थ बुढी आइमाई वा श्रीमती वा ढिकीमा धान कुट्दा ओर्काई फर्काई गराउन लामो लट्ठी जसको टुप्पामा कपडा डल्लो पर्नेगरी बाँधिएको वस्तु हो । यतिमात्र होइन हजुरआमाले जिस्केर आफ्ना नातिलाई बुर्ह्या र नातिले हजुरआमालाई बुर्ह्या भन्ने चलन थारूहरूमा छ । कुट्नीको अर्थ थारू भाषामा धान कुट्ने वाला स्त्री हो । अर्थात् कुट्नी बुर्ह्याको अर्थ धान कुट्ने हजुरआमा वा धान कुट्ने बुढी वा धान कुट्ने स्त्री भन्ने बुझिन्छ तर सामाजिक परिवेश तथा वातावरण र मन्त्र उच्चारण गर्दा यसको अर्थ धान कुट्ने हजुरआमा अथवा धान कुट्ने माता नै सबैभन्दा उत्तम हुन्छ ।

यो मन्दिर कैलाली जिल्लाको जोशीपुर गाउँपालिका वाड नं ४ स्थित लालपुर बाँडी गाउँ, पथरैया नदीको किनारमा अवस्थित रहेको छ । कुट्नी बुर्ह्याको मन्दिर रुखै रुख र झाडी बीचमा अवस्थित रहेको छ ।यहाँ कुट्नी बुर्ह्याको पूजाआजा हुने गर्दछ । पहिले-पहिले कुट्नी बुर्ह्या मात्र भन्ने गरिएता पनि आजभोलि उनलाई विभिन्न नामले पुकार्ने गरिएको छ । कोही कुट्नी डाइ,



कुट्नी बुर्ह्याको पहिलो मन्दिर



कुट्नी बुर्ह्या



थारु भुत्व/भगवान

कोही कुट्नी माता, कोही कुट्नी बुर्ह्या माता त कोही बर्गड माई भनेर पनि पुकार्ने गरेका छन् । मन्दिर बन्नुभन्दा पहिले कुट्नी बुर्ह्याको बास बर्गड अथवा बरको रुखको मुनि रहेको र त्यही पूजाआजा गर्ने चलन रहेकोले बर्गड माई भनिएको हुनुपर्छ ।

यहाँका बासिन्दाहरूले कुट्नी बुर्ह्याको पूजा-आजा कहिलेदेखि गरिँदै आएको हो भन्नेकुरा एकिनका साथ भन्न नसकेको देखियो । कैलाली, सेमरहना गाउँका गुरुवाका अनुसार जहिलेदेखि पृथ्वी छ त्यही बेलादेखि कुट्नी बुर्ह्या पनि हुनुहुन्छ भन्ने हो । मन्दिर बन्न पूर्व बरको अजंगको रूखमा पूजा गर्ने गरिन्थ्यो भने हाल स-साना दुईवटा पक्की मन्दिर तथा माउ बरबाट उम्रेका दुईवटा बरको रूखमा सो कार्य गरिन्छ । पक्की मन्दिरहरू मध्ये पहिलो मन्दिर वि.सं. २०५४ मा बाँडी गाउँकै भैरव सिंह चौधरीले बनाउनुभएको थियो भने अर्को पक्की मन्दिर, जसभित्र लेहंगा चोलीयामा सजिएकी कुट्नी माताको मूर्ति छ, वि.सं. २०७६ मा घैलाबौनियाका गुरुवा तथा भगत सबैं दास चौधरीले बनाउनुभएको थियो ।

पहिले पहिले मन्दिरले एक बिगाहा जति क्षेत्रफल ओगटेको भएतापनि हाल यसको क्षेत्रफल घटेर लगभग आठ कट्ठा मात्र बाँकी रहेको छ । यो जग्गा ऐलानी जग्गा हो । मन्दिर परिसरमा दुईवटा स-साना पक्की मन्दिर, जोशीपुर गाउँपालिका वडा नम्बर २ ले बनाइदिएको एक पक्की प्रतिक्षालय र शौचालय भौतिक संरचनाको रुपमा रहेका छन् ।

## किम्बदन्ती तथा मन्दिरसँग सम्बन्धित कथाहरू/सत्य घटनाहरू

कुट्नी बुर्ह्यासँग सम्बन्धित किम्बदन्ती तथा सत्य घटनामा आधारित कथाहरू यहाँका स्थानीयहरूको जिब्रो जिब्रोमा भेटिन्छ । ती सत्य घटना तथा किम्बदन्तीहरू तल उल्लेख गरिएका छन् ।

### (क) बादल कसरी माथि गयो ?

यहाँका पुराना थारूहरूले बादल कसरी माथि गएको भनेर सोध्दा कुट्नी बुर्ह्याले ढिकीमा धान कुट्दा सधैं बादल टाउकोमा ठोक्कि रहने हुनाले बुर्ह्या (धान कुट्दा धान फर्काउन प्रयोग गरिने लामो लट्ठी जसको टुप्पामा कपडा डल्लो पर्नेगरी बाँधिएको वस्तु) ले घोची माथि पुर्याइदिएको भन्दछन् । अर्थात् कुट्नी बुर्ह्याले बादलमाथि घचेटी दिएकी हुन् । यो सानो कथा पुराना पिढीका बुढाबुढीहरूले आफ्ना छोराछोरी तथा साना नाति नातिनीहरूलाई सुनाउने गर्दछन् ।उनी त्यही कुट्नी बुर्ह्या हुन् जसले बादललाई माथि ठेली दिए भन्ने स्थानीयहरूको विश्वास रहेको भेटिन्छ ।

### (ख) पहिलो पक्की मन्दिरको कथा

कुट्नी बुर्ह्याको हालको मन्दिर बन्दाको कथा बडा रोचक छ । पक्की मन्दिर बन्नुभन्दा पहिले, जुन ठाउँमा मन्दिर छ, त्यस ठाउँमा एउटा अजंगको बरको रुख थियो । उहाँको त्यही बरको बोट मुनि बास थियो त्यसैले पूजाआजा त्यही बोटमुनि हुने गर्दथ्यो । एकदिन भैरव सिंह चौधरी (हालको मन्दिर संरक्षण समितिका अध्यक्ष) लाई आफ्नो घरायसी कामको लागि इट्टा बनाउनुपर्ने भयो । कुट्नी बुर्ह्याको पुजापाठ हुने ठाउँ रुखै रुख र झाडीले भरिएको थियो जुन अहिले पातलिएको र दिनदिनै पातलिँदै गइरहेको छ । बोटबिरुवा काटेर होइन तर मानिसहरूको चहलपहलले गर्दा नयाँ बिरुवा उम्रन नपाएर यसो हुँदै गइरहेको हो । उनलाई लाग्यो त्यही झाडीबाट २/४ वटा रुख काटेर इट्टा पकाउन सकिन्छ । अनि उहाँलाई यो पनि थाहा थियो । कुट्नी बुर्ह्याको परिसरबाट दुईचारवटा रूख त के एउटा हाँगो पनि ल्याउन सकिँदैन किनकि त्यस भन्दा पहिले इट्टाभट्टाको लागि रूख काट्ने मान्छेको खुट्टामा छिनो (झकय) लागेर घाइते भएको र त्यही कारणले पछि मृत्यु भएको घटना उनलाई थाहा थियो । परिसरको रुखबिरुवा विनाश गर्दा माताले केही न केही सजाय दिने भएकाले उनलाई एकजना गुरुवा (तन्त्रमन्त्र गर्ने थारू जनजातिको पुजारी) को आवश्यकता पर्यो । त्यही गुरुवा मार्फत उनले कुट्नी बुर्ह्या कहाँ खबर पठाए । खबर के थियो भने यदि कुट्नी बुर्ह्याले रुख काट्दा केहीपनि अप्ठ्यारो नगरेमा इट्टा तयार भइसकेपछि उनको लागि पनि पक्की मन्दिर बनाइदिने । गुरुवाले पूजापाठ गरी हुन्छ भन्ने संकेत दिएपछि परिसरबाट दुईवटा रुख काटियो । इट्टा तयार भए तर भैरवजीले पहिले आफ्नो घर तयार पार्दा पार्दै इट्टा सकियो । मन्दिर


कुट्नी बुर्ह्याको दोस्रो मन्दिर


कुट्नी बुर्ह्या थारु पोशाकमा

बन्न सकेन । घर बनेको तीन चार महिनापछि उहाँ एक्कासी बिरामी पर्नुभयो । गुरुवालाई देखाउँदा कुट्नी बुर्ह्या रिसाएकोले उनलाई थामथुम पारे । गुरुवाले छिट्टै मन्दिर बनाउनु पर्ने जानकारी पनि दिए । सन्चो भएपछि उनले फेरि बिर्से, अनि फेरी बिसन्चो भए । गुरुवाले फेरी थमौती गर्दै गए अनि सन्चो बिसन्चो र थमौतीको क्रम केही महिनासम्म चल्दै गयो तर अब गुरुवा नै बिरामी पर्न थालेपछि केही उपाय चलेन । गुरुवाले मन्दिर नबनाए आफू नबाँच्ने संकेत दिएपछि भैरवजीले घरको एक कोठा भत्काई मन्दिर बनाउन बाध्य भए । मन्दिर बनाउँदासम्म वरको रुख ढलिसकेको र केसौका (गुरुवा को सहयोगी) लाई केसौकी गराउँदा त्यही ढलेको रुखको जरामा मन्दिर बनाउनु पर्ने ठाउँ तोकिएपछि मन्दिर त्यहीँ बनाइयो । ढलेको वरको रूखको हाँगाबाट केही दूरीमा दुईवटा बरको रुख उम्रेका छन् जसमा पुजापाठ हुने र विशेषत, भूतप्रेत, पिशाच ठोक्ने/बाँध्ने कार्य जारी छ ।

मन्दिर बनाइसकेपछि काम गर्ने मिस्त्री र कामदारहरूले मातासँग खुसियाली दिनुपर्ने माग राखे बमोजिम कार्य सकेपछि छेउमै बगेको पथरैया नदीमा नुहाउन गएको बेला एकजनाले कछुवामाथि खुट्टा टेकेको र सबैजना मिलेर शिकार गरी खाएर खुसियाली मनाइएको भन्ने मानिसहरूको भनाई छ । उनीहरूमध्ये जेल सिंह, शिवचरण र माघु गर्वकासाथ माताले सो उपलब्ध गराएको विश्वास गर्दछन् । भागरथी चौधरीले ईट्टा बनाउन रुख काट्दै गर्दा कामदारहरूले रुखको हाँगाबाट अनौठा आवाज आएकोले काट्न डराएको कथा भन्नुहुन्छ । उहाँ सबैले पनि काटिएको हाँगाबाट अनौठो आवाज निस्केको स्वीकार्नु हुन्छ ।

त्यस्तै मन्दिर बनाउनुभन्दा पूर्व एकरात वहाँ, वहाँको बुहारी फरक-फरक कोठामा सुतेको र दुवैको कोठाको बीचमा रहेको भर्याङमा राति 'अब कहाँ बस्ने ? बस्ने ठाउ नै छैन' भनी थारू भाषामा बिलौना गर्दै गरेको दुवैले सुनेको र भोलिपल्ट बिहान एकले अर्कालाई किन रोएको भनि सोध्दा दुवैजना नरहेको थाहा हुनगयो । बन्द घरमा अरु कोही नभई कुट्नी बुर्ह्या रहेको अनुमान गर्न गाह्रो भएन ।

### (ग) ड्ंगाको लागि रुख काट्दा

बाँडी गाउँमा मान्छेहरू पथरैया नदी पार गरी खर काट्न जानुपर्ने भएकोले एकपटक उनीहरू डुंगा बनाउनको लागि विशेष रुख खोज्दै जाँदा उनै कुट्नी बुर्ह्याको झाडीको गुल्लर (ाष्न) को रुख भेट्टाए । के नै पो होला र (रुख परिसरभन्दा थोरै टाढा भएकोले) सोची बरघर वीरबल चौधरी (हालको मितिसम्म जीवित) ले रुख काट्न आदेश दिए । यता रुख ढल्नु उता उनको लगभग २०० किलोको स्वस्थ सुंगुर मर्नु कुट्नी बुर्ह्या रिसाएको हुनुपर्ने सबैको अनुमान थियो ।

### (घ) कुट्नी बुर्ह्या मानिसको रूपमा विचरण गर्ने गरेको

एकपटक बाँडी गाउँको डीग्घ्यान घरको कमैया खेतमा काम गरिरहेका थिए । उनको श्रीमती अबेरसम्म कलुवा (बिहानको खाना) पुऱ्याउन नआएको र उनी थाकेकाले आराम गर्नको लागि रुखमुनि बसेको बेला एकजना महिला काखीमा मोट्री (सामान वा लुगाको पोको) च्यापी त्यही बाटो जाँदैगर्दा ओई सालि एकघचि बिसालेउ (ओई सालि एकछिन आराम गरिहाल) भन्दा केही छिनमै उनी बेहोस भई ढले ।उनको श्रीमती कलुवा (विहानको खाना) लिएर पुग्दा श्रीमानलाई त्यो अवस्थामा भेटेपछि गुहार माग्दा गाउँलेहरूले उनलाई झोङ (थारूहरूको एकखालको बिरामी बोक्ने साधन) मा राखेर घर पुऱ्याएपछि गुरुवाले तन्त्रमन्त्र गर्दा कुट्नी बुर्ह्यालाई

जिस्क्याएकोले त्यस्तो हविगत भएको पत्ता लागेको र पछि उनी मरेको गाउँलेहरूको भनाइ छ। पहिले-पहिले कुट्नी बुर्ह्या मानिसको रुपमा त्यसरी नै विचरण गर्ने गरेको किंवदन्तीहरू प्रशस्त मात्रामा सुनिन्छ।

### (ङ) भैरवजीको छोरा हराएको

भैरवजीको छोरा प्रदिप चौधरी (हाल उनी डाक्टर हुन्) सानो छँदा जोशीपुर भन्ने ठाउँमा उनी हराए। चारैतिर धेरैबेरसम्म खोज्दा नभेटिएपछि भैरवजी तुरन्तै कुट्नी बुर्ह्याको मन्दिरमा गएर आफ्नो छोरा खोजिदिन अनुरोध गरे।गुरुवाले गुरै (तन्त्र मन्त्र) गरिसकेपछि तुरन्त जोशीपुर जान भने। उहाँहरू जोशीपुर पुग्दा एक जना मुस्लिम छिमेकीले उहाँको छोरा त त्यही घरको छेउमै खेलिरहेको जानकारी गराउँदै छोरा जिम्मा लगाए। प्रदीपलाई सोध्दा एकजना कालो मानिसले आफूलाई काँधमा बसाई जङ्गलमा लगी जबरजस्ती बेलको रुखमा चढ्न भनेको तर काँडा बिज्छ भनेर चढ्न नमानेको बताए। त्यो कालो मान्छेले एक्कासि उनलाई घरमा पुर्याइदिएको बताए। उहाँहरूको विश्वास के छ भने त्यो प्रेतात्माले यसो गरिरहेको बेला कुट्नी बुर्ह्याको आदेशले त्यसले बच्चालाई घरमा पुर्याइदिएको हो। केही कुरा हराए उहाँसँग शुद्ध मनले मागेमा फरक नपर्ने स्थानीयहरूको भनाइ छ।

### (च) जामुनको रुख पुरै काटी फेसो छिराइ सक्दा पनि नढलेको

एकपटक गुरुवा मार्फत कुट्नी बुर्ह्याको आदेश लिई जामुनको रुख काट्ने कार्य भयो। जामुनको रुख छिनालेको र फेसो समेत पूरै छिराउँदा रुख ढलेन। पछि गुरुवा दुजौदास चौधरी (हालसम्म जिवित)ले गुरै गर्दा कुट्नी बुर्ह्याले रोकेको जानकारी गराए। हालसालै नवरात्रि मन्दिर परिसरमा परिक्रमा नगर्दा दिउँसै बाघ कराएको, बिग्रेको नल (जबलम उगफउ) वरिपरि नथुनी लगायतको सर्प घुम्दा बिग्रेको नल ठीक भएको, ढिकी तथा जाँतो पिसेको आवाज आउने जस्ता कथाहरू थुप्रै रहेका र जनमानसमा त्यो सत्य घटना भएकोले विश्वसनीय रहेको यहाँका बासिन्दाहरूको भनाइ छ।

## मन्दिरको महत्व तथा पूजा विशेष

यहाँका गुरुवाहरूले मन्त्र सुरु गर्दा सर्वप्रथम आफ्नो गाउँको देउता त्यसपछि घरको अनि कुट्नी मातालाई सम्बोधन गर्दछन्। बिना सम्बोधन मन्त्र नै पुरा गर्न सकिदैन। उनीहरूले गर्ने सम्बोधनको छोटो सुरुवाती अंश यसप्रकार रहेको छ - 'जा टोरे"... जगन्नाठी बाबा.... भुई भुयार'...पन ठाकुर पन घोटैलि बहिनी घोरिघोरा टालमे कुट्नी माटा बरि गुन्नि बरि भवानी कालिका माई दुर्गा भवानी'..चलो बाबा सबओर डाहिन बाटै।'

यसबाट प्रष्ट हुन्छ थारूहरूको लागि कुट्नी बुर्ह्याको महत्व कति छ भनेर। यस क्षेत्रका गुरुवाले उहाँको सम्बोधन बिना तन्त्रमन्त्र नै गर्न सक्दैनन्। जनमानसमा यो मन्दिर एक भुताहा मन्दिर हो। कोही भूतप्रेतको कारणले दुख पाइराखेको छ भने गुरुवाद्वारा सो कालो शक्ति मान्छेबाट निकाली यही मन्दिरमा ल्याई छोडि दिने चलन छ। एकपटक कुट्नी बुर्ह्याको हातमा सुम्पेपछि सो भूतप्रेत, पिशाचले भविष्यमा नसताउने पूर्ण विश्वास गरिन्छ।

यतिमात्र होइन झुण्डिएर, विष खाएर, पानीमा डुबेर, आत्महत्या गरेका वा मरेका व्यक्तिहरूको आत्माले अरुलाई दुःख नदेओस् भनेर पनि यही मन्दिरमा बाँधिदिने वा छोडिदिने चलन छ। यो सबैथोक मन्दिरका पुजारीले नगरी गुरुवाले गर्ने गर्दछन्। यसरी भूतआत्मा/प्रेतात्मालाई छोड्दा गुरुवाले एक प्रक्रिया पुर्याएर मात्र सम्पन्न गर्दछन्। प्रक्रिया पुरा नभए प्रेतात्मा छोड्न आएका कुनै एक व्यक्तिसँग फेरि फर्की जान्छ। यसको लागि गुरुवाले तन्त्र मन्त्र पढी बली चढाउँछन्। चढाएको बलि मन्दिर परिसरभित्रै खाई सक्नुपर्छ। बचेको खानेकुरा घर लग्न वर्जित हुन्छ।जसले त्यो खान्छ त्यसले नघाँन नगरी जान पाउँदैन। नघाँनमा गुरुवाले तन्त्रमन्त्र गर्छ। आफू मरेको मान्छे सरह सुत्छ। आएका व्यक्तिहरू सबैले उनलाई र अगाडि रहेको आगोलाई समेत नाघेर अगाडि बढ्छन्। यसरी बढ्दै जाँदा कसैले पनि पछाडी फर्केर हेर्न पाउँदैन यदि कसैले त्यसो गरे उसैसँग त्यो प्रेतात्मा पनि सँगसँगै फर्की जान्छ।

श्रद्धालुहरू यहाँ आउँदा कुट्नी बुर्ह्याको लागि भनेर लेहंगा, चोलीया, काठको ढिकी, नाङ्लो, जाँतो आदि अर्पण गर्ने गर्दछन्।यो थारू समुदायमा पाइने स्थानीय वस्तुहरू हुन्।यसको अर्थ गैर थारूहरू यहाँ आउँदैनन् भन्ने चाहिँ होइन तर थोरै मात्रामा आउने गर्दछन्।

यहाँ जस्तोसुकै कालो शक्तिहरू रहे तापनि यस ठाउँका मानिसहरूले ती काला शक्तिहरूले आफूहरूलाई कहिल्यै दुःख नदिएको बताउँछन्। साथै उनीहरू यस ठाउँलाई भूतप्रेतहरूको सर्वोच्च अदालत मान्दछन्। भूतप्रेतहरूको लागि यो जेल जस्तै हुन्छ।

यतिमात्र होइन, कुनै कालो शक्तिले यहाँका बासिन्दाहरूलाई सताए कुट्नी बुर्ह्यासँग भनेको खण्डमा त्यसबाट छुट्कारा पाउने जनबिश्वास छ। पूजापाठको चलन कुट्नी बुर्ह्यालाई चढाइने थारूहरूको पोशाक तथा अन्य सामग्रीहरू, मन्दिरमा रहेको मुर्ती,



थारु पुजारीले गरेको पुजा



हानिकारक भुत र आत्मालाई बाँधेर राखेको

पोशाक तथा हातमा रहेको नाङ्लो, पूजाआजा गर्ने चलन, खाने चलन, सबैथोक अन्य ठाउँ भन्दा नितान्त भिन्न रहेको छ। थारूहरूले पूजाकोठा तथा आगनमा राख्ने आफ्ना देवता गाउँको ठनुवामा राखिने माटाका घोडा, बाघ, दियो यहाँ पनि राखिएका छन्। यतिमात्र होइन थारूहरूको ठनुवा/मन्दिर जस्तै घोडाघोडी, चौडहुवा सेमरा, बरटगोरिया, वनसपटी, लालबोझि भवानी, घोटैलि सबैका हजुरआमा भएको नाताले पनि यो मन्दिर अति महत्वपूर्ण छ। तसर्थ यो मन्दिरको संरक्षण र संवर्द्धनको लागि सरकारले पहल गर्नुपर्ने जरुरी देखिन्छ।

## सञ्चालन, सेवा तथा रेखदेख

मन्दिरको संरक्षण, सेवा तथा रेखदेखको लागि कुट्नी माता सेवा संरक्षण समिति रहेको छ। यसको अध्यक्ष विसं २०६८ देखि निरन्तर रुपमा श्री भैरव सिंह चौधरी रहँदै आउनुभएको छ। समितिको कुनै लिखित विधान नरहेको र मौखिक रूपले चलिआएको छ।

त्यसैगरी समितिले एक पुजारी नियुक्त गरेको छ जसले यहाँ पूजाआजा तथा मन्दिरको सरसफाई गर्दै आउनुभएको छ। थारूहरूको पारम्परिक पुजारी अर्थात् गुरुवा चाहिँ उहाँ होइन। त्यसैले थारूहरूको पारम्परिक पुजा पाठमा उहाँको कुनै योगदान हुँदैन। मन्दिर सञ्चालनार्थ रकमको व्यवस्था गाउँलेहरू तथा पूजाआजा गर्न आउने श्रद्धालुहरूद्वारा गरिएको दान दातव्यद्वारा सञ्चालन हुँदै आएको छ।

## पहुँचको विद्यमान अवस्था

यो मन्दिर पूर्वपश्चिम राजमार्गको दक्षिणतर्फ लगभग १८ किलोमिटरको दुरीमा अवस्थित छ। राजमार्गमा रहेको बौनिया बजारबाट दक्षिणतर्फ जोशीपुर बजारसम्म कालोपत्रे बाटो तथा त्यहाँबाट बाँडी गाउँसम्म ग्रावेल बाटो रहेको र गाउँको चोकबाट लगभग ५०० मिटर कच्ची बाटो र गोरेटो बाटो हिँडेपछि मन्दिर पुगिन्छ। जिल्ला सदरमुकाम धनगढीबाट पूर्व लगभग ८० किलोमिटरमा यो मन्दिर अवस्थित छ। जिल्लाको सदरमुकामबाट गाडीद्वारा तीन घण्टामा पुग्न सकिन्छ।



भूत छोड्ने नाघाँन



कुट्नी मातालाई चढाइएको सामान



पथरैया नदी

## संरक्षण र व्यवस्थापनको विद्यमान अवस्था

पथरैया नदीले प्रत्येक वर्ष यो ठाउँमा कटानी गरी रहेकोले लगभग १ विगाहाको जमिन ८ कट्ठामा सीमित भइसकेको देखिन्छ। पथरैया नदीमा भइरहेको तटबन्ध यही मन्दिरको छेउमै आएर सकिनुले झनै अप्ठ्यारो स्थिति सिर्जना गरेको देखिन्छ। नदीबाट हुने नोक्सानीबाट बच्ने एउटा मात्र विकल्प, त्यो तटबन्धन अझ बढाउनुपर्ने देखिन्छ। पुरानै ढर्राबाट सञ्चालन हुँदै आएको संरक्षण समितिको विधान निर्माण हुनुपर्ने र वैज्ञानिक तरिकाले त्यसको सञ्चालन हुनुपर्ने देखिन्छ। भौतिक निर्माण जस्तै आधुनिक मन्दिरको निर्माण हुनुपर्ने, पक्की पर्खाल हुनुपर्ने कुरा संरक्षण समितिका सदस्यहरू तथा अध्यक्षको भनाई मनासिब देखिन्छ।

## निष्कर्ष

सांस्कृतिक तथा ऐतिहासिक दृष्टिकोणले कुट्नी बुर्ह्याको मन्दिर निकै महत्व बोकेको मन्दिर हो। यो मन्दिर थारूहरूको अन्य सम्पदाहरू जस्तै घोडाघोडी, बर्दगोरिया, बेहडाबाबाको मन्दिर जस्तै चर्चित नहुनुको कारण यहाँ मेलापात नहुनु नै हो। बाहिरि जगतसामु यसको प्रचारप्रसार नहुनुले पनि यो चर्चित नरहेको हो। यहाँ बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाबाट समेत पूजापाठ गर्न श्रद्धालु आउने गर्दछन्।

जनविश्वास के पनि गरिन्छ भने पहिलो मन्दिरको ठीक मुनि जमिनभित्र ठूलो मन्दिर रहेको छ। यदि यो कुरा साँचो हो भने पुरातात्विक हिसाबले पनि यो मन्दिर महत्वपूर्ण देखिन्छ। तसर्थ यो मन्दिरको संरक्षण र सम्बर्द्धन हुनुपर्ने देखिन्छ साथै मन्दिरको पूजारी जस्तै एक छुट्टै गुरुवाको पनि नियुक्ति हुनुपर्ने जरुरी देखिन्छ।

# १.४ बेहडाबाबाको मन्दिर

## परिचय तथा किम्बदन्ती

भारतको उत्तर प्रदेशमा पाइने अहिर जाति जसले गाई तथा गोरु पाल्ने गर्दछन्। उनीहरूले गाई तथा गोरुको झुण्डलाई 'बेहड' भन्ने गर्दछन्। त्यसैगरी थारू जातिले पनि गाई तथा गोरुको झुण्डलाई 'लेहंरा' भन्ने गर्दछन्। यही बेहडाको नामबाट बेहडाबाबाको मन्दिर हुन गएको हुनुपर्छ। यो जाति नेपाल र भारतको सिमाना निर्धारण हुनुभन्दा पूर्व भारतबाट नेपालमा आई गाईगोरु चराउने गर्दथे। त्यतिमात्र होइन उनीहरूले नेपालका ठाउँ-ठाउँमा बस्ती नै बसालेर सो कार्य गर्ने गरेको इतिहास भेटिन्छ। नेपालको विभिन्न क्षेत्रमा हाल पनि अहिरहरूको बसोबास रहेको भेटिन्छ।

पौराणिक कालमा भारतको गोला भन्ने ठाउँबाट आई हालको बेहडाबाबा मन्दिर रहेको ठाउँको पूर्व उत्तरतर्फ गाईगोरु पाल्न सुरु गरे। एकदिन बथानमा एउटा गाई व्यायो। बाच्छो निकै सुन्दर र हृष्टपुष्ट थियो। अचम्म त के भयो भने त्यो गाईले बाच्छोलाई दुध खुवाएन र पनि त्यो बाच्छो हृष्टपुष्ट नै रहिरह्यो। उनीहरूले त्यो बाच्छोको नाम बेहडा राखे। गाईले किन आफ्नो बच्चालाई दूध खान दिन्न भनेर उनीहरूले पत्ता लगाउने कार्य गर्न थाले। खोज्दै जाँदा त गाईले प्रत्येक दिन एक ठाउँमा गएर दूध चढाउने रहेछ। त्यहाँ गएर हेर्दा त्यो शिवलिंग माथि दुध चढाउने रहेछ। त्यो शिवलिंग एउटा द्वाहादश ज्योतिर शिवलिङ्ग थियो अर्थात् यो

आफै उत्पन्न भएको शिवलिंग थियो । अनि ती अहिर जातिहरूले सो ठाउँमा पूजाआजा गर्न सुरु गरे ।

बेहडाबाबा मन्दिर साविकको उर्मा गाविस वडा नम्बर ४ रामपुरमा अवस्थित थियो भने हाल यो मन्दिर धनगढी उपमहानगरपालिका वडा नम्बर १६ रामपुरमा अवस्थित रहेको छ । यहाँबाट जिल्लाको सदरमुकाम धनगढी पुग्न करिब ११ किलोमिटरमात्र रहेको छ । यो बाटोमा खुटिया तथा शिवगंगा मुख्य दुई नदी रहेका छन् जसमध्ये खुटियामा पुल बनिसकेको छ भने शिवगंगामा पुल बन्न बाँकी नै रहेको छ । बर्खायाममा यो बाटो त्यति उपयुक्त नभएकोले यहाँ पुग्नको लागि पूर्व-पश्चिम राजमार्गको सहायता लिनुपर्ने हुन्छ । मन्दिरबाट पूर्वपश्चिम राजमार्ग करिब ७ किलोमिटरको दुरीमा रहेको छ । राजमार्गबाट यो मन्दिर दक्षिणतर्फ पर्दछ । यो मन्दिरको उत्तरतर्फ ताल तथा डुमलिया गाउँ रहेको छ, पूर्वमा प्रहरी चौकी, खानेपानी र रामपुर गाउँ रहेका छन् । दक्षिणतर्फ गौशाला र ढाकटोला रहेका छन् भने पश्चिमतर्फ शिवगंगा नदी र पत्थरी गाउँ रहेका छन् । बेहडाबाबा मन्दिरको क्षेत्रफल जमिन र ताल गरी मुख्य दुई भागमा बाँडिएको छ । तालको क्षेत्रफल १६ हेक्टर छ भने जमिनको क्षेत्रफल पनि उति नै रहेको छ । जमिनको क्षेत्रफलमा गौशाला, धार्मिक वन तथा मठ मन्दिरहरू रहेका छन् ।

मुख्य पुजारी शंकर गिरीको पालामा रामपुरका जमिनदार बाला सिंह चन्दले मन्दिरलाई भनेर १६ विगाह जग्गा दान गरेका थिए तर पछि गएर त्यो जग्गा शंकर गिरीले आफ्नै नाममा पारेपछि मुद्दा चल्यो । पुनरावेदन अदालत दिपायलले शंकरकै पक्षमा फैसला सुनायो । हाल त्यो जग्गा गिरी परिवारले नै भोगचलन गर्दै आइरहेका छन् । सुगौली सन्धिपछि जब नेपाल र भारत बीचको सिमाना कोरिन थालियो, उनीहरू जुन ठाउँबाट आएका थिए त्यही फर्किन सुरु गरे अर्थात् उनीहरू भारतको गोला फर्किन सुरु गरे । फर्कनुभन्दा एक रात पूर्व एकजना अहिरले शिवलिंग पनि आफूसँगै लाने भन्ने विचार गरी राती एक्लै शिवलिङ्ग खन्न सुरु गर्यो । उसले जति खन्दा पनि शिवलिंग झिक्न सकेन । उसले जति खन्दै गयो त्यो शिवलिङ्ग त्यती नै जमिनभित्र छिर्दै गयो । भाले बास्ने समयमा अब खन्न सकिँदैन भन्ने बिचार राखी पुर्न सुरु गर्यो । उ जति पुर्दै गयो त्यति नै शिवलिङ्ग माथिमाथि आउँदै गयो । उसले त्यो शिवलिङ्ग न खन्न सक्यो न पुर्न नै । थकित भएको त्यो अहिर निकै नै रिसायो र शिवलिङ्गमा बन्चरोले प्रहार गर्यो । शिवलिंग चोइटिएको ठाउँबाट रगतको धारा बग्न शुरु गर्यो । उसले तुरुन्त घुँडा टेकेर प्रभुसँग माफि माग्यो र त्यहाँबाट आफ्नो साथीहरूसँग हिँड्यो ।

हालसम्म पनि यस मन्दिरमा सर्प र बाघ दर्शन गर्न आउँछन् भन्ने भनाइ एकजना यस मन्दिरकै पुजारीको रहेको छ । धेरै भिडभाड भएको कारणले शक्ति क्षीण हुँदै गएको भन्ने एकजना पुजारीको भनाइ रहेको छ । यस ठाउँमा तीन दिन भन्दा बढी भिडभाड



बेहडाबाबाको मन्दिर



शिवलिंग



दुर्गा माताको मन्दिर



दुर्गा माता



गंगा माताको मन्दिर

भएको खण्डमा मौरीले चिल्न सुरु गर्ने भएकोले 'गंगादशहरा मेला' मन्दिरभन्दा तल लाग्ने गर्दछ ।

हालको रामपुर तथा उर्मामा बसोबास गर्दै आएका (विशेष गरेर रानाथारू तथा थारू जातिहरू)ले सो शिवलिङ्गमा पूजाआजा गर्न थाले । हालसम्म पनि थारू तथा राना थारूहरू यस मन्दिरमा सेवक तथा पुजारीको रुपमा काम गर्दै आइरहेका छन् । पहिले यो मन्दिर उर्मा गाविस वडा नम्बर ४ रामपुर अन्तर्गत पर्ने गर्दथ्यो भने हाल यो धनगढी उपमहानगरपालिका वडा नम्बर १६ रामपुरमा पर्ने गर्दछ ।

बेहडाबाबा मन्दिरमा आउने भारतीयहरूले आफ्नो पिंढीको हिसाब गर्दा यो मन्दिर ५०० वर्ष पुरानो रहेको जानकारी दिन्छन् । २०२८ सालमा बनेको मुख्य मन्दिरमा रहेको शिलालेख हेर्दा २०२८ सालमा यो मन्दिर १५० वर्ष पुरानो भइसकेको जानकारी मिल्दछ । अर्थात २०७७ सालमा आइपुग्दा यो मन्दिर २ सय वर्ष पुरानो भइसकेको देखिन्छ । नेपाल र भारतबीच भएको एङलो गोरखा युद्धलाई आधार मानेर अहिरहरू नेपाल छोडेर भारतको गोला फर्केका हुन् भने यो मन्दिर दुईसय वर्षभन्दा पनि पुरानो रहेको ठहर गर्न सकिन्छ । सुगौली सन्धिलाई आधारमानी उनीहरू भारत फर्केका हुन् भने यो मन्दिर कम्तिमा पनि १६० वर्षभन्दा पुरानो रहेको ठहर गर्न सकिन्छ । एउटा निष्कर्ष के निकाल्न सकिन्छ भने यो अतिनै पुरानो मन्दिर हो । पहिले बेहडाबाबाको मन्दिर काठले बनेको थियो । पुजारी बर्षा गिरीको पालामा त्यो काठको मन्दिर भत्काएर पक्का मन्दिर बनाइएको थियो । त्यही पक्का मन्दिरमा भारतका एक जना श्रद्धालु यादव जातका व्यक्तिले मन्दिरको बरन्डा बनाइदिएका थिए । यो मुख्य मन्दिर बाहेक यहाँ विभिन्न मन्दिरहरू रहेका छन् तथा ती मन्दिरहरू विभिन्न श्रद्धालुहरूले बनाएको देखिन्छ । भैरवको मन्दिर कृष्णचन्द्र रानाले, दुर्गा माताको मन्दिर खुसीराम धमला चौधरीले, राधाकृष्ण मन्दिर मनेहरा गाउँका हरिलाल रानाले, गणेश मन्दिर सिताराम रानाले बनाएका हुन् । त्यसैगरी हनुमान मन्दिर दिबु ढै.कुस्मी र वहाँका परिवारजनहरूले बनाएको देखिन्छ । यसरी हेर्ने हो भने यहाँ रहेका मन्दिरहरू यहाँका



गणेश मन्दिर



गणेश भगवान



राधा कृष्ण मन्दिर


हनुमान मन्दिर


हनुमानको मूर्ति

स्थानीय थारू तथा राना थारूहरूले बनाएको देखिन्छ ।

मन्दिर परिसरमा निर्माण भएका अन्य भौतिक संरचनाहरू मध्ये यज्ञशाला मन्दिर समितिले निर्माण गरेको देखिन्छ भने होम कुण्ड चक्रबहादुर चन्द, धर्मशाला चतुर्भुज भट्टले बनाएका हुन् । मन्दिर समितिको पुरानो कार्यालय उर्मा गाविस तथा नयाँ कार्यालय पर्यटन बोर्ड बाँके कोहलपुरले बनाइदिएको हो । त्यसैगरी गायत्री मन्दिर गायत्री समितिले बनाएको हो । हाल धनगढी उपमहानगरपालिकाद्वारा पर्खालको निर्माण, जमिनमा मार्बल ओछ्याउने, मन्दिरदेखि महादेव तालसम्म पक्की बाटो बनाउने कार्य धमाधम भइरहेको छ। यो ५ करोडको लागतमा बनिरहेका संरचनाहरू हुन् ।

## मन्दिरको महत्व तथा पूजा विशेष

द्वाहादश ज्योतिर शिवलिङ्ग अर्थात् आफैं उत्पन्न भएको शिवलिङ्गबाट के प्रस्ट हुन्छ भने यो अति नै महत्वपूर्ण शिवलिङ्ग हो । तसर्थ यो मन्दिरको महत्व कति छ भन्ने कुरा यसै अनुमान लगाउन सकिन्छ । त्यति मात्र होइन श्रद्धालुहरू नेपालका मात्र नभई भारतका श्रद्धालुहरू पनि यहाँ प्रचुर मात्रामा आउने भएकाले यसको महत्व भारतमा पनि कम नरहेको देखिन्छ । शुद्ध आत्माले बेहडाबाबासँग केही कुरा मागेको खण्डमा त्यो पूरा हुने यहाँको जनविश्वासले गर्दा तथा विभिन्न समय कालखण्डमा सो माग पूरा भएकोले पनि यो मन्दिरको महत्व विशेष प्रकारको रहेको देखिन्छ । जसरी अहिरहरूको पालामा गाईले प्रत्येक दिन आफ्नो दुध चढाउने भएकोले सो परम्परा हालसम्म पनि अगाल्दै आइएको छ । मन्दिरको गौशालामा रहेका गाईहरूको दुध प्रत्येक दिन शिवलिङ्गमा चढाउने काम गरिन्छ । यस मन्दिरमा मुख्य पुजारीका रुपमा काम गरिसकेका पुजारी चेतराज भट्टका अनुसार उनको छोरा बुहारीको विवाह भएको ६ वर्षसम्म बच्चा नभएकोले एकदिन उनले आफ्नो छोरालाई काठमाडौंबाट बेहडाबाबा मन्दिरमा बोलाएर प्रार्थना गर्न लगाए । साथै भारतको हरिद्वारबाट गंगाजल ल्याई बेहडाबाबा मन्दिरमा चढाउन लगाई बच्चा माग्दा एक वर्षभित्रमा बच्चा भएको भन्दछन ।

त्यसैगरी पुजारी तथा सेवक खुशीराम धमला चौधरीका अनुसार भारतमा रहेका कुनै एक भारतीय अरबपति जसले हिरा-मोतीको व्यापार गर्ने गर्दथें, उनको बच्चा भएन । उमेर ५० वर्ष पुग्न लाग्दा कसैले उनलाई बेहडाबाबा कहाँ गए माग पूरा हुन्छ भनेपछि उनले बेहडाबाबा सामु आफ्नो दुखेसो पोखे । नभन्दै एक वर्षभित्रमा उनको बच्चा भयो । खुशीले गदगद भएका ती व्यापारीले ५०० वटा चाँदीको सिक्का मन्दिरमा चढाए । त्यतिबेला मन्दिर काठले बनेको हुँदा सबै चाँदीका सिक्का मन्दिरको खम्बा खम्बामा ठोकी दिए । नयाँ मन्दिर बन्ने समयमा ती चाँदीका सिक्का कस्ले चोरे थाहै भएन भन्ने कुरा खुशीरामले भन्छन् । दुई-दुई पटक अमेरिका जानको लागि डिभी (DV) भर्दा डिभी नपरेकोले एकजना श्रद्धालु यस मन्दिरमा आएर बाबासँग बिन्ती भाव गरे । नभन्दै अर्कोपटक डिभी भर्दा उनलाई अमेरिका जान बाटो खुल्यो । यस्ता कथाहरू यस मन्दिरमा कति छन् कति । त्यसैले पनि होला यो मन्दिरको महत्व अझै बढेर गएको छ । भारतीय श्रद्धालुहरू यस मन्दिरमा लाखौ रुपिया दान गर्ने गर्दछन् । यसको एकमात्र मुख्य कारण हो यहाँ मागेको कुरा पूरा हुन्छ ।

## मेलापर्व

बेहडाबाबा मन्दिरमा सानाठूला गरी दुई किसिमका मेलाहरू लाग्ने गर्दछन् । 'गंगा दशहरा मेला' यहाँको सबैभन्दा ठूलो मेलाको रुपमा लिइने गरिन्छ । जेष्ठ शुक्ल पक्षमा यो मेला लाग्ने गर्दछ । ७ दिनसम्म चल्ने यस मेलामा नेपालभरिका श्रद्धालुहरू तथा छिमेकी राष्ट्र भारतबाट पनि श्रद्धालुहरूको घुइँचो लाग्ने गर्दछ । गंगाबाट ल्याएको जल चढाउनु पर्ने भएतापनि मन्दिरबाट नजिकै रहेको शिवगंगा नदीबाट ल्याएको जल चढाउँदा पनि उत्तिकै महत्व राख्छ भन्छन यहाँको एक जना पुजारीले । लाखौंको संख्यामा

आएका श्रद्धालुहरूको जमघटले गर्दा वातावरण नै रङ्गिन हुने गर्दछ । यस मेलामा सरकस (Circus), नाचगान, नाटक, रोटेपिङ, पसल तथा होटलहरू सञ्चालन भएकोले वातावरण नै मनमोहक हुन्छ । एकजना सेवकको भनाइ अनुसार यस मेलामा लगभग ८ देखि १० लाखसम्म पैसा उठ्ने गर्दछ ।

बेहडाबाबाको अर्को महत्वपूर्ण मेला भनेको चैते अमावस्या मेला हो । यस मेलामा छिमेकी राष्ट्र भारतका श्रद्धालुहरू मात्र आउने गर्दछन् । ती श्रद्धालुहरू सुनचाँदी समेत चढाउने गर्दछन् । यो एक दिने मेला हो तापनि बस्ने व्यवस्थापन मिलाउन सेवा समितिलाई हम्मेहम्मे पर्छ । पहिले-पहिले १६ बिगाहा दान दिएका अति धर्मी बाला सिंह चन्दको घरमा ति श्रद्धालुहरू जाने गर्दथे किनकि मन्दिर परिसरमा बस्ने व्यवस्था राम्रो थिएन । माथि उल्लेखित मेला बाहेक शिवरात्रि मेला, माघे संक्रान्ति मेला, ऋषिपञ्चमी मेला, वैशाख सङ्क्रान्ति मेला तथा श्रावण पूरै महिना यहाँ विशेष किसिमले पूजापाठ हुनेगर्दछ ।

## पहुँचको विद्यमान अवस्था

बेहडाबाबा मुख्य राजमार्ग महेन्द्र राजमार्गको दक्षिणतर्फ अवस्थित रहेको छ । महेन्द्र राजमार्गबाट दक्षिणतर्फ करिब ७ किलोमिटरको ग्राभेल बाटो हुँदै यस मन्दिरमा पुग्न सकिन्छ । ग्रावेल बाटो छोडिसकेपछि करिब ४५० मिटरको दुरीमा मन्दिर रहेको छ भने यो ४५० मिटरको बाटो कालोपत्रे रहेको छ । चारपाङ्गे सवारी साधन सजिलैसँग यस ठाउँमा पुग्न सक्दछ । जिल्ला सदरमुकाम धनगढीबाट राजमार्ग हुँदै आएमा लगभग पौने एक घण्टा लाग्दछ । गाउँको भित्री बाटो प्रयोग गरेर यो दुरी लगभग ११ किलोमिटर मात्र रहेको र कालोपत्रे हुने हो भने १५ मिनेटमा जिल्ला सदरमुकाम धनगढी पुग्न सकिन्छ । यो बाटोमा दुईवटा ठूला ठूला नदी रहेका छन् त्यसमध्ये खुटिया नदीमा पुल तयार भइसकेको छ भने शिवगंगा नदीमा पक्की पुल तयार भएको छैन ।

## सञ्चालन, सेवा तथा रेखदेख

बेहडाबाबा मन्दिर सञ्चालनार्थ यहाँ 'श्री बेहडा बाबा मन्दिर व्यवस्थापन सेवा समिति' रहेको छ । औपचारिक रुपमा २०५८ सालमा फुलाराम चौधरीको अध्यक्षतामा पहिलो समिति गठन गरिएको थियो । हालका अध्यक्ष शेरबहादुर चन्द रहेका छन् । समिति छनौटको लागि चुनाव हुने गर्दछ जसको लागि आजीवन तथा साधारण सदस्य हुनुपर्ने हुन्छ । यही सेवा समितिले मन्दिरको रेखदेख तथा सञ्चालन गर्दछ । मुख्य महन्थ वा पुजारीको छनौट तथा फेरबदल गर्नुपर्ने भए समितिले गर्न सक्दछ । श्रद्धालु तथा भक्तजनहरूले गरेको दान दातव्यद्वारा यो मन्दिर संचालन हुँदै आएको छ । पूर्ण रूपमा व्यवस्थित भई नसकेता पनि समय सान्दर्भिक यो अझै व्यवस्थित हुँदै गइरहेको देखिन्छ । मन्दिर प्रत्येक दिन बिहान ५ बजेदेखि दिउँसोको १२ बजेसम्म र साँझ ३ बजेदेखि ७ बजेसम्म खुल्ने गर्दछ ।

## संरक्षण र व्यवस्थापनको विद्यमान अवस्था

२०६५ सालदेखि मन्दिरको व्यवस्थापन तथा रेखदेख व्यवस्थापन सेवा समितिले गर्दै आइरहेको छ । यो भन्दा अगाडि मन्दिरलाई दिएको १६ बिगाहा क्षेत्रफलको जग्गा व्यक्तिगत नाममा दर्ता हुनुले यो भन्दा अगाडि कस्तो व्यवस्था थियो भन्ने प्रष्ट हुन्छ । हाल आएर सेवा समिति हुनु र यसले आफ्नो गच्छ अनुसार मन्दिरको संरक्षण र व्यवस्थापन गर्दै आएको छ । सो समितिले संरक्षण र व्यवस्थापनको लागि एउटा निश्चित विधान पनि तयार गरेको छ र यो त्यही विधानमा टेकेर आफ्नो क्रियाकलाप अगाडि बढाउँदै लगेको छ । भारतको एकजना अति धनी भक्तले चढाएको ५०० वटा चाँदीका सिक्काहरू हराउनु र मन्दिरमा चढाएको दूध निस्कने ढुङ्गो चाँदीको भएकोले यहाँ एउटा प्रहरी चौकी स्थापना गरिएको छ । सेवा समितिले यस ठाउँलाई एउटा धार्मिक र पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै लैजाने सपना बोकेको छ ।

सेवा समितिको भनाई अनुसार मूल मन्दिर चुहिने अवस्थामा पुगिसकेकोले यसलाई पुन निर्माण गर्नुपर्ने अति आवश्यक देखिएको छ । विशेषगरी भारतबाट आउने भक्तजन तथा श्रद्धालुहरूलाई बस्ने व्यवस्थाको लागि सुविधासम्पन्न धर्मशालाको आवश्यकता देखिन्छ । मन्दिरको वरिपरि कुनै पनि त्यस्ता होटलहरू नभएकोले पनि यो अति आवश्यक रहेको छ । नजिकै रहेको भादा होमस्टे (ज्कभ क्तबथ) सम्म राम्रो बाटोको व्यवस्था भएको खण्डमा श्रद्धालु भक्तजनहरू त्यहाँ बस्नसक्ने देखिन्छ । जिल्ला सदरमुकाम धनगढीसम्मको बाटो कालोपत्रे हुन गएको खण्डमा भक्तजनहरूलाई आवतजावत गर्न अति सजिलो हुने देखिन्छ । सेवा समितिले यसलाई पर्यटकीय क्षेत्रको रुपमा पनि स्थापित गर्न खोजेकोले पर्यटन बोर्डमा दर्ता गराउन अति जरुरी देखिन्छ । महादेव तालको बीचमा रहेको गंगा माता मन्दिरसम्म जानको लागि पक्की पुल व्यवस्था हुनुपर्ने अति जरुरी देखिन्छ । पुजारी तथा सेवकहरूको बस्नको लागि छुट्टै घरको व्यवस्था हुनुपर्ने यहाँका पुजारी तथा सेवकहरूको भनाई रहेको छ ।

## निष्कर्ष

धार्मिक तथा पर्यटकीय दृष्टिकोणले अति नै महत्वपूर्ण बेहडाबाबा मन्दिरको संरक्षण र संवर्द्धन हुनु नितान्त आवश्यक देखिन्छ। यो मन्दिर खाली नेपालीहरूको लागि मात्र नभई भारतीय श्रद्धालुहरूको लागि पनि उत्तिकै महत्वपूर्ण भएकोले विशेष किसिमले हेर्नु पर्ने देखिन्छ। जसरी भारतीय श्रद्धालुहरूको घुइँचो चैते अमावश्याको मेला तथा गंगा दशहरा मेलामा मात्रै लाग्ने भएकोले ती श्रद्धालुहरूलाई हरेक मेलामा सहभागी गराउन सकेको खण्डमा मन्दिरको अझै बढी प्रचारप्रसार हुने र रकम संकलन पनि हुने देखिन्छ। यो मन्दिर धनगढी उपमहानगरपालिकाको लागि रकम संकलन गरिदिने एउटा महत्वपूर्ण मन्दिरको रुपमा विकास गर्न सकिने कुरामा दुईमत देखिदैन। धार्मिक हिसाबले मात्र नभई पर्यटकीय दृष्टिकोणले पनि यो मन्दिर निकै महत्वको मन्दिर हो। नजिकै रहेको थारूहरूको भादा होमस्टे (ज्फभ क्तबथ) सँग यो मन्दिर जोड्न सकेको खण्डमा सुनमा सुगन्ध हुने देखिन्छ।

# अध्याय दुई




## कञ्चनपुर जिल्ला

सुदूरपश्चिम प्रदेशमा रहेका ९ जिल्लाहरू मध्ये कञ्चनपुर एक हो। कञ्चनपुरको पूर्वी सिमानामा कैलाली जिल्ला, उत्तरमा डडेल्धुरा र पश्चिम तथा दक्षिणमा भारत रहेका छन्। यो जिल्लाले १६१० वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ भने सन् 2021 को जनगणना अनुसार जम्मा जनसंख्या ५,१३,७५७ रहेको छ। बाह्रौं शताब्दीमा यस क्षेत्रमाथि जुम्लाको खस राज्यको राज चल्ने गर्दथ्यो। डोटी राज्यले पनि इतिहासको कालखण्डमा राज्य गरेको यस क्षेत्रमा सन् 1814 देखि 1816 सम्म एङ्लो गोर्खा युद्ध हुँदा जमिन इस्ट इण्डिया कम्पनीको हातमा पर्न गयो तर सन् 1860 को सुगौली सन्धिमा उपहार स्वरूप नेपालले फेरी बाँके, बर्दिया, कैलाली र कञ्चनपुर प्राप्त गर्यो। त्यसैले यी चार जिल्लाहरूलाई नयाँ मुलुक पनि भन्ने गरिन्छ। जुनबेला तराईमा मलेरियाको प्रकोप थियो त्यसबेला र सदियौदेखि यस भूभागलाई रानाथारू, थारू आदिवासी जनजाति तथा यस क्षेत्रका मूलबासीहरूले सिंचित गरिरहेका थिए र छन्। कञ्चनपुर जिल्लाको तराई भूभागलाई कालापानीको नामले चिनिने गरिन्थ्यो। तसर्थ खस राज्यकालमा कसैलाई सजाय दिनुपर्ने भए यसै क्षेत्रमा पठाइन्थ्यो।

## २.१ श्री कालेश्वर महादेव मन्दिर (नक्टा बाबा मन्दिर)

### परिचय तथा किम्बदन्ती

श्री कालेश्वर महादेव मन्दिर बेलौरी नगरपालिका वडा नम्बर ५ भकुण्डा कञ्चनपुर जिल्लामा अवस्थित रहेको छ। मन्दिरका मुख्य पुजारीका अनुसार सर्वप्रथम यस मन्दिरमा नाक काटिएका पुजारीले मन्दिरको रेखदेख तथा सेवा गरेकाले यो मन्दिरलाई नक्टा बाबाको मन्दिर भनिन थालिएको पाइन्छ। कसै कसैको भनाइ अनुसार मन्दिरमा राखिएको शिवलिङ्ग भेटिदा भज्जी राना जसले त्यो भेटाएको हो, छाताले घोच्दा छाता पनि भाँचिएको र घोच्ने मान्छेको नाक पनि काटिएकोले यो मन्दिरलाई नक्टा बाबाको



कालेश्वर महादेव मन्दिर



शिवलिंग

मन्दिर भनिएको हो । श्री कालेश्वर महादेव मन्दिरको शिवलिङ्ग भेटिदाको सत्य कथा अनुसार लगभग ५५/६० वर्षअगाडि भकुण्डा गाउँको भज्जी राना आफ्नो खेतमा किल्ला (खेतमा प्रयोगहुने दाँते) लगाउन जाँदै गर्दा किल्ला कुनै चिजमा अड्किएको र उनले त्यो के चिज रहेछ भनेर हेर्दा रुखको जरा जस्तो देखेर त्यसलाई खनेर फाल्न खोजे । खन्दै जाँदा त्यो रुखको ठुटो जस्तो देखिने चिज खन्न नसकिएको र त्यसलाई भाँचेर फाल्ने उपाय गर्दा कोदालोले खनी फाल्न खोज्दा नसकेको तथा फोर्न पनि नसकेको त्यो कोदालो उछिट्टिएर उनको खुट्टा काटिएको र राम्रोसँग हेर्दा त्यो कुनै ढुङ्गा जस्तो देखिएपछि त्यो त शिवलिङ्ग रहेछ भन्ने थाहा भयो। त्यस समयमा भकुण्डा गाउँ पुरै जंगलले ढाकिएको थियो र त्यहाँ राना थारूहरूको बस्ती रहेको थियो । उनले नै भनेर गाउँलेहरू जम्मा भए त्यहाँ मन्दिरको स्थापना गरे । भज्जी राना जसले शिवलिंग भेटेका थिए उनको बहिनी जसको विहे देखतभुली गाउँमा गरिएको छ उनको भनाई अनुसार सर्वप्रथम त्यो शिवलिङ्ग भेटाउने वहाँको दाजुले त्यो शिवलिङ्गलाई छाताले घोच्दा छाता नै तितरवितर भएको र उनको नाक पनि काटिएको साथै उनको घरमा भैसीको पाडो पनि मरेको कारणले गर्दा त्यो मन्दिरलाई नक्टा बाबाको मन्दिर भन्ने गरिएको हो भन्ने भनाइ छ । राना थारू भाषामा नक्टाको अर्थ नाक काटिएको भन्ने अर्थ लाग्दछ । पछि सबै गाउँलेहरू मिली यहाँ शिवजीको मन्दिरको स्थापना गरे । श्री कालेश्वर महादेव मन्दिरको पूर्वमा कालिका नगरपालिका, पश्चिममा भकुण्डा गाउँ जुन गाउँका मान्छेले यहाँ रहेको शिवलिंग भेटाएका थिए, उत्तरमा डोडा नदी र दक्षिणमा कालिका नगरपालिका रहेको छ । यसको क्षेत्रफल लगभग १० बिगाहा रहेको छ जसको रेखदेख श्री कालेश्वर महादेव मन्दिर धार्मिक सेवा समितिद्वारा हुनेगर्दछ। हाल यस समितिका अध्यक्ष विश्राम राना रहेका छन् भने यहाँको मुख्य पुजारी बाजी राना हुन् ।

यस मन्दिरकै परिसरमा थारूहरूको संग्रहालयको लागि भनेर पक्की घर बनिरहेको छ । त्यस्तै मन्दिरभन्दा बाहिर एउटा भव्य शिवलिङ्ग पनि बनिरहेको देख्न सकिन्छ। यहाँकै समितिको लगानीमा समितिको कार्यालय बनाइएको छ त्यस्तै सन्त बस्ने अर्थात पुजारी बस्ने कुटी पनि बनाइएको छ । मन्दिर अगाडि रहेको बसाहाको मुर्ति यसै गाउँका तथा यस सेवा समितिका प्रथम अध्यक्ष खेमा नन्द रानाले आफ्नै लगानीमा बनाइदिएका थिए ।

## महत्व तथा पूजा विशेष

श्री कालेश्वर महादेव मन्दिर यस ठाउँको लागि निकै नै प्रख्यात मन्दिर मानिन्छ । किनकि यस मन्दिरमा सच्चा मनले जे कुरा मागिन्छ त्यो पूरा हुने गर्दछ भन्ने यहाँका मान्छेहरूको जनविश्वास रहेको छ । त्यसैले पनि होला यस मन्दिरमा



भगवान शिवको मूर्ति र संरक्षण समितिको कार्यालय



अपूर्ण निर्मित संग्रहालय

नेपालका मात्र नभएर भारतका भक्तजनहरू पनि दर्शन गर्न आउँदछन्। कसैको छोराछोरी भएन अथवा धेरै कोसिस गर्दा कुनै नोकरी पनि फेला परेन अथवा गाई भैसीले दूध दिएनन् आदि अवस्थामा यस मन्दिरमा सच्चा हृदयले मागेको खण्डमा त्यो पूरा हुने गर्दछ भन्ने मानिसहरूको भनाई रहेको छ। एकपटक यसै गाउँका एकजना व्यक्तिको मोटरसाइकल चोरी हुँदा उनले यही मन्दिरमा आई मोटरसाइकल भेटियोस भन्ने इच्छा प्रकट गर्दा केही दिनपछि त्यो मोटरसाइकल भेटिएको पुजारीको भनाई रहेको छ। यस मन्दिरमा कुनैपनि काटमार हुँदैन। पूजा गर्ने विशेष चलन छ जसमा दूध, चामल तथा सिन्दुर चढाइन्छ। यस मन्दिरमा विवाह, व्रतबन्ध जस्ता कार्यहरू समेत गर्ने गरिन्छ।

## मेलापर्व

यस मन्दिरमा वर्षको एकपटक गंगा दशहरा मेला लाग्ने गर्दछ। यो मेला जेष्ठ महिनाको १० गतेदेखि १४ गते सम्मका लागि प्रायः चार दिनको हुने गर्दछ। यस मेलामा मन्दिरको छेउमै रहेको डोडा नदीबाट जल ल्याई चढाईने गरिन्छ। कसैकसैले भारतको हरिद्वार भन्ने ठाउँबाट पनि जल ल्याई चढाउने गर्दछन्। लगभग ४० देखि ५० हजारको बीचमा भेला हुने यस मेलामा नेपालको कञ्चनपुर जिल्लाका भक्तजनहरू विशेष गरेर चार गाउँपालिका शंकरपुर, श्रीपुर, कालिका र बसीविछुवाका श्रद्धालुहरू मात्रै नआई भारतका विभिन्न ठाउँहरूबाट समेत डोला ल्याउने गरिन्छ। नेपालको अन्य जिल्लाहरूमध्ये कैलाली जिल्लाबाट पनि यहाँ श्रद्धालुहरू आउने गर्दछन्। यस मेलाको मुख्य आकर्षण भनेको नाचगान, खेलकुद र व्यापार रहेको हुन्छ। नाचगान यहीका स्थानीयहरूले गर्ने गर्दछन्। अर्को महत्वपूर्ण मेला भनेको मकर संक्रान्ति मेला हो। यो मेला माघको १ गते लाग्ने गर्दछ। यस मेलामा पनि भक्तजनहरू डोडा नदीबाट जल ल्याई शिवलिङ्गमा चढाउने गर्दछन्। शिवका भक्तहरू यस दिन किर्तन भजन गर्दै शिवजीको प्रार्थना तथा आराधना गर्ने गर्दछन्।

## पहुँचको विद्यमान अवस्था

नेपालको पूर्व-पश्चिम जोड्ने राजमार्ग यस मन्दिरको उत्तरमा रहेको छ। सो राजमार्गबाट दक्षिणतर्फ ६ किलोमिटरसम्म पक्की सडक रहेको र त्यसपछि कच्चा बाटो तथा ग्राभेल बाटो हुँदै राजमार्गबाट लगभग २० किलोमिटर हिँडेपछि यो मन्दिरमा पुग्न सकिन्छ। मन्दिर पुग्न डोडा नदी दुईपटक तर्नुपर्दछ। पहिलोपटक तर्दा पुल नरहेको र दोस्रो पटक तर्दा झोलुंगेपुल रहेको तर त्यस झोलुंगे पुलमा चारपांग्रे गाडी चल्न नसक्ने सांघुरो रहेको छ। तसर्थ मूख्य राजमार्गबाट यस मन्दिरमा पुग्न चारपाङ्गे सवारी साधनको कुनै पनि औचित्य नरहेको देखिन्छ। मोटरसाइकल जस्ता सवारीका साधनहरूद्वारा चाहिँ यस मन्दिरमा पुग्न सकिन्छ। मूख्य राजमार्गबाट जिल्लाको सदरमुकाम पुग्न लगभग ३० किलोमिटर मात्रै रहेको छ। चारपाङ्गे सवारी साधनबाट मन्दिरमा जाने हो भने बेलौरीको बाटो भएर जान सकिन्छ। बेलौरीबाट चारपाङ्गे साधनद्वारा जिल्लाको सदरमुकाम पुग्न सकिन्छ। मन्दिरबाट बेलौरी पुग्न लगभग सात किलोमिटरको यात्रा तय गर्नुपर्ने हुन्छ भने त्यहाँबाट जिल्लाको सदरमुकाम पुग्न लगभग ४० किलोमिटरको बाटो हिँड्नुपर्ने हुन्छ।

## संरक्षण वा व्यवस्थापनको विद्यमान अवस्था

मन्दिरको संरक्षण तथा व्यवस्थापन यसै मन्दिरको धार्मिक सेवा समितिले गर्ने गर्दछ। मन्दिर परिसरमा निर्माण भएका जेजति संरचनाहरू छन् ती सबै सोही समिति मार्फत भएका छन्। मन्दिर प्रति आस्था राख्ने श्रद्धालु भक्तजनहरूले दिएका चन्दा दान दातव्य तथा सहयोगबाट यो मन्दिर संचालन हुँदैआई रहेको छ। वार्षिक रुपमा लाग्ने मेला पर्वबाट उठेको रकमबाट यस मन्दिरको

निर्माणदेखि लिएर संरक्षण तथा व्यवस्थापन गरिदै आइएको छ । आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा मन्दिरका पुजारीले समेत कुनै पनि रकम नपाउने मुख्य पुजारीले जानकारी गराएका थिए । यस मन्दिरको धार्मिक सेवा समितिले आर्थिक अभावमा मन्दिरको पुरै फिनिसिङ (finishing) गर्न नसकेको, सन्तहरू बस्ने ठाउँको व्यवस्था गर्न नसकेको जानकारी मन्दिरका पूजारी मार्फत प्राप्त भएको थियो । तसर्थ यति महत्वपूर्ण मन्दिरको सो कार्य पूरा गर्न सरकारले ध्यान दिनुपर्ने बताउँदछन् ।

### निष्कर्ष

यो मन्दिर यस ठाउँका मानिसहरूको एउटा धरोहर भएकोले सरकारी पक्षबाट पनि मन्दिरलाई अझै व्यवस्थित गर्नुपर्ने देखिन्छ । मन्दिरको छेउमै रहेको डोडा नदीमा तटबन्धको व्यवस्था गर्नुपर्ने नितान्त आवश्यक देखिन्छ । निर्माणाधीन रहेका संग्रहालय तथा आधुनिक शिवलिंग पूरा गर्नुपर्ने जरुरी देखिन्छ । त्यसैगरी मन्दिरले ओगटेको जग्गाको लालपुर्जा सो धार्मिक सेवा समितिको नाममा हुनुपर्ने आवश्यकता देखिन्छ ।

## २.२ ईटाहा बाबा मन्दिर

### परिचय तथा किम्बदन्ती

लालझाडी गाउँपालिका वडा नम्बर ४ देखतभुली भन्ने गाउँभन्दा दक्षिणतर्फ डोडा नदीको किनारमा ईटाहा बाबाको मन्दिर अवस्थित रहेको छ । जग्गाको लालपुर्जा प्राप्त भई नसकेको तर वन विभागले लगभग १५ हेक्टर क्षेत्रफलमा रहेको मन्दिर र मन्दिर परिसर मन्दिर संरक्षण समितिको जिम्मामा भोगचलन गर्न पाउने गरी बचन दिएको छ । यस क्षेत्रमा बसोबास गर्ने राना थारू जातिका जनताहरूले परापूर्व कालदेखि यस मन्दिरमा पूजाआजा गर्दै आइरहेका छन् । पछिल्लो चरणमा दाङबाट बसाइसराई गरी आएका थारूहरू पनि यस मन्दिरमा पूजाआजा गर्ने गरेका छन् । पहाडी समुदायको जनताहरूको न्यून उपस्थिति रहेको यस मन्दिरमा बिशेष गरेर शिवजीको पूजा र इच्छाधारी नागको पूजा गर्ने चलन रहेको छ ।

यो मन्दिर अवस्थित रहेको डाँडा भरि पुराना जमानाका ईटाहरू भेटिने हुनाले यस मन्दिरलाई ईटाहा बाबाको मन्दिर भनिएको हो । अहिले पनि ती पुराना ईटाहरू मन्दिरको वरिपरी तथा थुम्का भरी देख्न, भेट्न सकिन्छ । कञ्चनपुर जिल्लाको यो एक प्रख्यात धार्मिक, सांस्कृतिक तथा पुरातात्विक हिसाबले महत्वपूर्ण मन्दिर हो । ईटाहा बाबाले नै यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको रक्षा गर्दछन् भन्ने यहाँका जनमानसमा गहिरो छाप रहेको भेटिन्छ । ईटाहा बाबा सेतो घोडा, सेतो कपडा र सेतै टोपी लगाएर यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको टोल-टोलमा राति विचरण गर्ने गर्दछन् भन्ने यहाँका बुढापाकाहरूले दाबी गर्दछन् । कसैकसैले त आफ्नै आँखाले समेत ती बाबालाई देखेको पनि दावी गर्दछन् । यो मन्दिरको वरिपरी १२ वटा त्यस्ता टोलहरू रहेका छन् । ती सबै टोलहरूलाई देखतभुली गाउँको नामले चिनिन्छ ।



ईटाहा बाबा मन्दिर


प्राकृतिक मूर्ति



इच्छाधारी नागको मन्दिर

गाउँको नाम देखतभुली पर्नुको पछाडि पनि एउटा किम्बदन्ती रहेको छ । पहिले पहिले यो ठाउँमा राति-राति भारतका डाकाहरूले आक्रमण र लुटपाट गर्ने गर्दथे । प्रहरी-प्रशासन नहुँदा यस्तो हुने गर्दथ्यो । देखतभुली वरिपरिका गाउँहरू लुट्ने तर देखतभुली गाउँका कसैलाई पनि ती डाँकाहरूले कहिल्यै लुट्न सकेनन्। कारण के थियो भने डाकाहरू लुटपाट गर्न आउँदा गाउँका सबै घरहरू जंगलको रुपमा देखिन्थे । डराएर घरभन्दा केही पर करेसाबारीमा लुकेका राना थारूहरूले उनीहरूलाई देख्ने तर ती डाँकाहरूले घरको ठाउँमा जंगल देख्ने भएकाले ती सम्पूर्ण १२ वटै टोलहरूलाई देखतभुली नामाकरण गरे । देखतभुलीको अर्थ देख्दादेख्दै भुलिने हो । यो नाम श्याम राजाको बाजेको पालामा राखिएको थियो । एकपटक राणा शासनकालमा समेत कुनै एक राणा शासक यस ठाउँमा भुलिएका थिए ।

यस गाउँका भलमन्सा भिर राज रानाका अनुसार अहिले पनि कुनै कुनैबेला सुनसान भएको बेलामा मन्दिरमा भजन गरेको सुनिने तर मान्छे नदेखिने घटनाहरू घटेको देखिन्छ । यतिमात्र होइन इच्छाधारी नागको मन्दिरमा नागमणि देखिने र त्यसबेला पुरै जंगल नै उज्यालो हुने दावी गर्दछन् किनकि उनले स्वयम् यो देखेका छन् । यहाँको भलमन्साको दाबी के छ भने डोडा नदीमा बनिरहेको पुल पूरा नहुनुको कारण बाबालाई बलि नदिएकोले यसो हुन गएको हो । प्रथम पटक बलि दिँदा तीन वटा पिल्लर (उर्षीबिच) निर्माण गर्न सकिएको तर पछि फेरी बली दिनु पर्ने भन्दा बलि नदिएकोले पूरा हुन नसकेको उनको भनाइ रहेको छ ।

## महत्व तथा पूजा विशेष

यो मन्दिर राना थारूहरू तथा थारूहरूको लागि एउटा आस्थाको मन्दिरको रुपमा रहेको छ । राना थारूहरूको लागि यो मन्दिर कति महत्वपूर्ण छ भन्ने कुरा उनीहरूले गर्ने पूजाआजाबाट पनि प्रष्ट हुन्छ । राना थारूहरूले आफ्नो देवता राख्ने ठाउँलाई भुईयाँ भन्दछन् । उनीहरूले पहिले पहिले भुईयाँमा कुखुराको भाले, बोकाको बलि दिने गर्दथे ।आफ्नो देउतालाई बलि दिने बेलामा ईटाहा बाबाको मन्दिरमा समेत सँग सँगै बलि दिनु पर्ने चलन रहेको थियो तर आजभोलि भुईयाँमा पनि प्रसाद चढाउने र ईटाहा बाबाको मन्दिरमा पनि प्रसाद चढाउने गरिन्छ । विशेष गरेर प्रत्येक सोमबारको दिन दूध, चामल, सिन्दुर चढाउन श्रद्धालुहरू यस मन्दिरमा आउने गर्दछन् । आस्थाको हिसाबले मात्र नभई पुरातात्विक हिसाबले पनि यो मन्दिर निकै नै महत्वपूर्ण देखिन्छ । मन्दिर परिसरमा पाइने पुराना ईट्टाले यस ठाउँमा पहिले कुनै ठूलो बस्ती रहेको अथवा कुनै राजा रजौटाहरूले राज्य गरेको हुन सक्ने संकेत गर्दछ । संरक्षण समितिका अध्यक्ष वीरेन्द्र चौधरीका अनुसार विसं २०४१/४२ तिर गाई बाखा हेर्ने केटाकेटीहरूले जंगलमा कुवा फेला पारे । कुवा निकै पुरानो तथा ईटाले बनेको, हाल पनि देख्न सकिन्छ । आजभन्दा २५/२६ वर्ष अगाडि प्रहरी प्रशासनको अगुवाइमा कुवा उत्खनन गरियो । कुवामा खरानी तथा पुराना सिक्काहरू फेला परे । उनको भनाई अनुसार सिक्काको एकातर्फ डाँफे तथा अर्कोतर्फ राम-लक्ष्मण जस्तो देखिने चित्र कुँदिएको थियो । हनुमान, ऋषिमुनी, दुर्गा, शिवजी आदि विभिन्न खालका मूर्तिहरू पनि फेला परे । केही वर्ष अगाडि पुरातात्विक विभागबाट पनि कर्मचारीहरूले यस ठाउँको अवलोकन गरी छिट्टै नै एउटा अनुसन्धान गर्ने समूह पठाउने वचन दिएर गएका थिए तर हालसम्म पनि अनुसन्धानको समूह आएको छैन भन्छन हालका अध्यक्षले । भेटिएका मूर्तिहरूको राम्रो संरक्षण नगरिएकोले जङ्गलमा रहेका बाँदरहरूले मूर्तिहरू फुटाइदिएका देख्न सकिन्छ । उत्खनन गर्दा भेटिएका पुराना कृषि औजारहरू तथा हतियारहरू यस मन्दिरको मुख्य पुजारीले सुरक्षित राखेका छन् । हनुमानको गदाको छडपनि जंगलमा भेटिएको छ । त्यो छड्मा खिया नलागेको चम्किलो अवस्थामा रहेकोले संरक्षणको अभावमा मानिसहरूले काट्दै चोरी लगेको र बाँकी रहेको भाग जमिन भित्र डुब्न गएको अध्यक्षले बताउँदछन् ।

छोराछोरी हराएको भए अथवा कुनै सरसामान हराएको भए ईटाहा बाबा मन्दिरमा पूजाआजा गर्दा सो कुराहरू भेटिने यहाँका



पुरातात्विक कुवा



पुरातात्विक ईंटा देखाउँदै भाइमान्सा

मानिसहरूको जनविश्वास रहेको छ तर ती सामानहरू भेटिसकेपछि अथवा छोराछोरीहरू भेटिसकेपछि यहाँ आएर दूध, चामल अथवा सिन्दूर नचढाएको खण्डमा समस्या आउने यहाँका भल्मन्साले बताउँदछन् । गम्भीर खालका स्वास्थ्य समस्याहरू भएका मानिसहरू पनि यस मन्दिरमा आएर सन्चो गराइदिने भनेर विन्ती गर्ने गर्दछन् । धेरै मानिसहरू सञ्चो भएको कथाहरू पनि यहाँ प्रशस्त मात्रामा भेटिन्छ ।

## मेलापर्व

ईटाहा बाबा मन्दिरमा मुख्य गरी तीनवटा मेलाहरू लाग्ने गर्दछन् । जेष्ठ महिनामा लाग्ने गंगा दशहरा मेला निकै नै प्रचलित छ । बेहडाबाबा तथा नक्टा बाबा मन्दिरमा लाग्ने गंगा दशहरा मेला जस्तै यहाँ पनि सो मेला लाग्ने गर्दछ । पहिले-पहिले भारतबाट पनि थुप्रै श्रद्धालुहरूको जमघट हुने यस मेलामा आजभोलि भारतीय श्रद्धालुहरूको उपस्थिति एकदमै न्यून रहेको देखिन्छ । ५०/६० वर्षअगाडि यस मेलामा भारतका श्रद्धालु भक्तजनहरूको प्रचुरमात्रामा उपस्थिति हुने गर्दथ्यो । यस मेलामा कञ्चनपुर जिल्लाका कुना कुनाबाट श्रद्धालुहरू आउने गर्दछन् भने छिमेकी जिल्ला जस्तै कैलालीबाट पनि मानिसहरूको केही मात्रामा उपस्थिति हुने गर्दछन् । यस मन्दिरको अर्को मुख्य मेला भनेको माघ मेला हो । यो मेला प्रत्येक वर्ष माघको १ गतेको दिन लाग्ने गर्दछ । यस मेलामा रानाथारू तथा थारूहरूको उपस्थिति प्रचुर मात्रामा हुने गर्दछ । पहाडी समुदायबाट मानिसहरूको उपस्थिति न्यून रहने



मन्दिर परिसर



भत्किएका पुरातात्विक मूर्तिहरु

गर्दछ। महाशिवरात्रिको दिन पनि यहाँ ठूलै मेला लाग्ने गर्दछ। प्रायः १/२ दिनको लागि चल्ने यस मेलामा गत साल चार दिनसम्म पनि श्रद्धालु भक्तजनहरूको उपस्थिति नघटेकोले संरक्षण समितिलाई अप्ठ्यारो परेको थियो। यस मेलामा पनि प्रायः राना थारूहरू तथा थारूहरूको उपस्थिति अधिक मात्रामा हुने गर्दछ।

## पहुँचको विद्यमान अवस्था

यो मन्दिर पूर्व पश्चिम राजमार्गको दक्षिण तर्फ पर्दछ। यो राजमार्गमा पर्ने वाणि चोकबाट दक्षिणतर्फ लाग्नुपर्ने हुन्छ। लगभग ६ किलोमिटरको दुरीसम्म कालोपत्रे सडक रहेको तर डोडा नदीको किनार भने बलौटे र अप्ठ्यारो बाटो रहेको छ। यस नदीमा पक्किपुल नभएको कारणले गर्दा नदी तरेर जानुपर्ने हुन्छ। त्यसैले बर्षायाममा यो बाटो भएर मन्दिर जान प्रायअसम्भव हुन्छ। यसको लागि कृषि सडकको प्रयोग गर्नुपर्ने हुन्छ। यो मन्दिर कञ्चनपुर जिल्लाको सदरमुकामबाट लगभग ३६ किलोमिटरको दुरीमा अवस्थित रहेको छ।

## संरक्षण वा व्यवस्थापनको विद्यमान अवस्था

यस मन्दिरको संरक्षण तथा व्यवस्थापन निकै फितलो रहेको हुने गर्दथ्यो। यही कारणले गर्दा उत्खनन गर्दा भेटिएका बहुमुल्य वस्तुहरू तथा मूर्तिहरूको राम्रो संरक्षण तथा व्यवस्थापन नभएको कारणले गर्दा बहुमूल्य चिजहरू हराएर तथा फुटेर नष्ट भएका छन्। प्रशासनले पनि यस्तो पुरातात्विक रुपले महत्वपूर्ण मन्दिरको संरक्षण नगरेको प्रष्ट देख्न सकिन्छ।

हाल आएर मन्दिरको संरक्षण तथा व्यवस्थापनको लागि ईटाहा बाबा मन्दिर संरक्षण समिति गठन गरी त्यसको छुट्टै विधान समेत तयार गरिएको छ। मन्दिरमा लाग्ने विभिन्न मेलाहरू यसै संरक्षण समितिले व्यवस्थापन गर्ने गर्दछ। एवं प्रकारले मन्दिर परिसरमा निर्माण गर्नुपर्ने आवश्यक संरचनाहरू समेत यसै समितिले निर्माण गर्ने गर्दछ। स्थानीय सरकारले मन्दिरको रेखदेख, संरक्षण, व्यवस्थापन तथा निर्माणमा चासो नदिएको प्रष्ट देख्न सकिन्छ।

## निष्कर्ष

यो मन्दिर धार्मिक, सांस्कृतिक, ऐतिहासिक मात्र नभई पुरातात्विक हिसाबले पनि निकै नै महत्वपूर्ण मन्दिर हो। संरक्षण समितिले मात्र यो मन्दिरको संरक्षण र व्यवस्थापन गर्न असम्भव छ। यसको लागि स्थानीय, प्रदेश तथा संघीय सरकारको नितान्त आवश्यकता देखिन्छ। यस मन्दिरमा तत्कालै पुरातात्विक विभागले आफ्नो अनुसन्धानको कामको थालनी गर्नुपर्ने देखिन्छ। मन्दिर परिसरमा रहेका बहुमुल्य सामानहरू दिनानुदिन चोरी हुनसक्ने देखिन्छ। तत्काललाई अस्थायी प्रहरी चौकी बनाई मन्दिर परिसर तथा मन्दिरको संरक्षण गर्नुपर्ने सरकारको दायित्व देखिन्छ। यस्तो महत्वपूर्ण सम्पदा श्रद्धालु तथा भक्तजनहरूको पहुँच भन्दा टाढा राख्नु पक्कै पनि शोभनीय हुँदैन। तसर्थ मन्दिरसम्म पुग्नका लागि आवश्यक कालोपत्रे बाटो तथा छिटो भन्दा छिटो नदीमा पुल व्यवस्था गर्नुपर्ने देखिन्छ। शुक्लाफाँटा (दुधवा) राष्ट्रिय निकुञ्जबाट जंगली जनावरहरूको आवतजावत हुने भएकोले यस क्षेत्रलाई संरक्षण गर्नको लागि घेरा पर्खालको निकै नै आवश्यक देखिन्छ। यो मन्दिर सास्कृतिक हिसाबले समेत महत्वपूर्ण भएकोले भौतिक संरचनाहरूको संरक्षण हुनुपर्ने देखिन्छ। यस मन्दिरलाई पर्यटकीय दृष्टिकोणले पनि महत्वपूर्ण मानिएकोले सोही अनुसारको व्यवस्था हुनुपर्ने देखिन्छ।

# अध्याय तीन




## कर्णाली प्रदेश (सुर्खेत जिल्ला)

सुर्खेत जिल्ला कर्णाली प्रदेशको दशवटा जिल्लाहरू मध्येको एउटा जिल्ला हो। सुर्खेत जिल्लामा अवस्थित बिरेन्द्रनगर सुर्खेत कर्णाली प्रदेशको राजधानी हो । काठमाडौंबाट ६०० किलोमिटर पश्चिम भागमा यो अवस्थित छ। यो जिल्लाको क्षेत्रफल २४८८.६४ वर्गकिलोमिटर रहेको छ। सन् 2021 को जनगणना अनुसार यसको कुल जनसंख्या ४१५१२६ रहेको छ भने थारूको जनसंख्या ७८८३ रहेको छ। जम्मा जनसंख्याको १.९ प्रतिशत रहेको छ। यो जिल्ला हुम्ला, मुगु, जाजरकोट र सल्यानको मुख्य केन्द्रको रुपमा रहेको छ। जाजरकोट, दैलेख र अछाम यसको उत्तरमा अवस्थित रहेका छन् भने बर्दिया, बाँके र कैलाली यसको दक्षिणतर्फ अवस्थित छन्। सल्यान यसको पूर्वी सिमानामा रहेको छ भने डोटी पश्चिम सीमानामा रहेको छ। यो पहिले दैलेख जिल्लामा पर्ने गर्दथ्यो। बाहुन, क्षेत्री बाहुल्य रहेको यहाँ मगर, नेवार, थारू, सुनार र कामीहरूको बसोबास पनि रहेको छ। कुल जनसंख्याको धेरै जसो हिन्दुधर्मावलम्बीहरू रहेका छन्।

सुर्खेतको बुलबुले ताल, काक्रेविहार मन्दिर, देउती बज्यै मन्दिर, मंगलागढी पर्यटकहरू घुम्ने मुख्य ठाउँहरू हुन्। वीरेन्द्रनगर यो जिल्लाको योजनाबद्ध रुपमा बसाइएको शहर हो। जुन कर्णालीको प्रवेशद्वार मानिन्छ। यो जिल्लामा ५ वटा नगरपालिका र ४ वटा गाउँपालिकाहरू रहेका छन्।

## ३.१ काक्रेबिहार

### परिचय

काक्रेबिहार कर्णाली प्रदेशको राजधानी सुर्खेत जिल्ला अन्तर्गत वीरेन्द्रनगर नगरपालिकाको वडा नं. ९ लाटिकोइलीमा अवस्थित छ। मन्दिर परिसर भित्र रहेको सूचना पाटीमा यो मन्दिर १३औं शताब्दीतिर खस राज्यको समयमा अशोक चल्लले वि.स.१३२५मा बनाएको उल्लेख छ। चल्लको शासनकाल वि.स.१३१२ देखि १३३५ सम्म रहेको देखिन्छ। तत्कालीन समयमा उनको छोरा क्राचल्लले यो राज्य पूर्वमा त्रिशुली, पश्चिममा गढवाल सतलज नदी उत्तरमा तिब्बतको खारी प्रदेश र दक्षिण भागमा हालको तराईसम्म फैलिएको कुरासमेत सो सुचनामा उल्लिखित छ।

नेपालकै ऐतिहासिक पर्यटकीय एवम् धार्मिक स्थल काक्रेविहार संरक्षित क्षेत्रको कुल क्षेत्रफल १७५ हेक्टर रहेको छ । यो मन्दिरसँग सम्वन्धित हिन्दु बौद्ध धर्मावलम्वीहरूको आ(आफ्नै किंवदन्ती छन् । यहाँ बुद्धका मुर्ति, शिव,गणेश, सरस्वती देवीदेवताका मूर्ति शिखर शैलीमा निर्मित छन् । हाल यो मन्दिरको निर्माण कार्य अन्तिममा पुगेको छ । मन्दिरको टुप्पोमा गजुर राख्न बाँकी छ ।

यो मन्दिरको स्थापना मिति मन्दिर परिसरमा रहेको सूचना मितिअनुसार अशोक चल्लले वि.सं.१३२५ मा निर्माण गरेको कुरा उल्लेख गरिएको छ। हाल नेपाल सरकारले शिखर शैलीमा पुनर्निर्माण अन्तिम चरणमा पुऱ्याएको छ । यस मन्दिरलाई पुनर्निर्माणको लागि नेपाल सरकारबाट पुरातत्व विभागमार्फत निर्माण कार्य वि.सं.२०७२ बाट सुरु भएको हो । हाल निर्माणको अन्तिम चरणमा पुगेको छ ।

यो मन्दिर कर्णाली प्रदेशको राजधानी सुर्खेत जिल्लाअर्न्तगत वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ र १० मा अवस्थित रहेको छ। यो वीरेन्द्रनगरको मंगलगढी चोकदेखि ३ किलोमिटर दूरीमा दक्षिणतर्फ रहेको छ ।


काक्रेबिहार निर्माण भइरहेको अवस्था

## किंवदन्ती तथा मन्दिरसँग सम्बन्धित घटनाहरू

सुर्खेत उपत्यकाका आदिवासी थारुहरूको यस मन्दिर बारे फरक मत र किंवदन्ती रहेको छ। यस काक्रेबिहार मन्दिरसँग सम्बन्धित कथनहरू निम्नलिखित बुँदामा उल्लेख गरिएको छ :

- काक्रेबिहारलाई थारुहरूले खासमा लखागिन पर्वत्वा भन्दछन् । यो पहाडको चर्चा थारुहरूको लोककाव्य सखिया गीतमा कृष्ण (कान्हा) ले बारी फुलुवार जाँदा सबभन्दा पहिले विश्राम लिएको गीतमा उल्लेख छ ।

  **परगा मारी र कान्हा एक सुर नेंगल र**

  **सखिर लखागिन पर्बत कान्हा भै गैल थार ॥ ७२६॥**

  थारु सख्या नाच गीत पूरा पाठ

  पृष्ठ १४९

- अहिले निर्माण भएको मन्दिरलाई थारुहरूले भ्याओक घर (भीमको मन्दिर) को रुपमा रहेको बताउँछन् । महाभारतकालीन समयमा पाण्डवहरूको दरबार थियो । पछि कौरवहरूले षड्यन्त्र गरी त्यो दरबारमा आगो लगाउँदा पाँच पाण्डवहरू आफ्नो ज्यान बचाउनका लागि पाँच पाण्डवका माइला भाई भीमले मूल खम्बा (मानी खम्हा) उक्काएर पातलगंगाबाट निस्किए । त्यसैले मन्दिरलाई भ्यावक घर भनिएको कुरा यहाँ बुढापाकाहरू बताउँछन् ।
- सुर्खेत उपत्यकामा थारुहरूले दैवी विपत्ति नपरोस राम्रो होस् भनेर प्रत्येक पाँच-पाँच वर्षमा हालको मन्दिरदेखि करिब १०० (सय) मिटर दक्षिण तर्फको स्थानमा बर्का पूजा (पञ्च बली) गर्ने प्रचलन थियो । जून पूजा थारु गुरुवाद्धारा गरिन्थ्यो । यो पूजा सुर्खेतमा पञ्चायतकालका अन्तिम प्रधानपञ्च मुकुन्दश्याम गिरीले गराउनु भएको कुरा थाकसका केन्द्रिय सदस्य मान बहादुर चौधरीले बताउनु हुन्छ । त्यसपछिको समयमा त्यहाँ पूजापाठ हुन सकेको छैन । मन्दिर परिसरमा पूजा गर्न नमिल्ने कुरा स्थानीय बुद्धिजीवी थाकस सुर्खेतका सल्लाहकार जागुराम थारु बताउँछन् ।

  पञ्च बली (बर्का पूजा) गर्दा निम्न लिखित सामग्री लाग्ने गर्दछ :

  १. एउटा राँगो २. एउटा भेडो ३. एउटा बोको ४. एकजोर हाँस ५. एकजोर परेवा ५. एउटा भाले ६. एउटा सुनको टुक्रा ७. ल्वाङ, जाइफल, निमको पात ८. सिन्दुर ९. जल १०. गाईको दूध ११. रक्सी १२. एक जोर तामाको सिक्का १३. रातो, सेतो धजा १४. अक्षता १५. गाईको गोबर
- काक्रेबिहार सँगै जोडिएको पातलगंगामा पहिला पहिला कृष्ण अष्टमीमा त्यही थारु गाउँमा त्यहाँको मूल पानी खाना खाएको जुठो टपरी निस्कने गरेको कुरा बुढापाकाहरू बताउँछन् ।




काक्रेबिहार मन्दिर प्रवेशद्वार

## सञ्चालन सेवा तथा रेखदेख

काक्रेबिहार मन्दिरको सञ्चालन हाल वीरेन्द्रनगर नगरपालिकाकै मातहतमा वडा नं. ९ वीरेन्द्रनगर नगरपालिकाको कार्यालयले रेखदेख गरेको छ । निर्माणधीन अवस्थामा रहेको मन्दिरमा रातिको समयमा तोडफोड भएको घटनापछि त्यहाँ सुरक्षाको लागि दिउँसो र रातिका लागि सुरक्षा गार्डको व्यवस्था गरिएको कुरा वडा सचिव देवप्रसाद मुलेलले बताउँछन् । मन्दिरको व्यवस्थापन सञ्चालनका लागि हाल टिकट काट्ने, रेखदेखको लागि कर्मचारीको व्यवस्था समेत गरिएको छ ।

## मुख्य राजमार्ग तथा जिल्ला सदरमुकामको दुरी र साधन

यो मन्दिर सुर्खेत जिल्लाको रत्न राजमार्गको मंगलगढी चोकदेखि दक्षिणतिर करिब ३ किलोमिटरको दुरीमा रहेको छ । उक्त मन्दिरसम्म जानका लागि पर्यटकहरू मोटरगाडि, बस, अटोरिक्सा आदिबाट जाने सडक व्यवस्था रहेको छ ।

## संरक्षण र व्यवस्थापनको अवस्था

यो मन्दिरको पुनर्निर्माण गर्ने कार्य वीरेन्द्रनगरको साझेदारीमा केन्द्रीय सरकारमार्फत भइरहेको छ । निर्माण अन्तिम चरणमा पुगेको छ । यस मन्दिरको व्यवस्थापन वडानं. ९ वीरेन्द्रनगर नगरपालिको कार्यालयले नै गर्दै आइरहेको छ । यसको संरक्षणका लागि सरकारले काक्रेबिहारमै वन कार्यालयको इलाका पोष्ट र हाल अस्थायी प्रहरी चौकीको व्यवस्था गरेको छ ।

## निष्कर्ष

काक्रेबिहार मन्दिर धार्मिक, ऐतिहासिक एवम् पर्यटकीय स्थल हो । यसलाई दोश्रो लुम्बिनीको रुपमा पनि विकास प्रवर्द्धन गर्ने कुरा बेला बेलामा चल्ने गरेको पाइन्छ । वास्तवमा धार्मिक सहिष्णुताको अनुपम उदाहरणको रुपमा रहेको यस मन्दिरमा बुद्धका मुर्ति, गणेश, सरस्वतीका मुर्ति भेटिनुले हिन्दु र बौद्ध धर्मको दुबैको आस्थाको केन्द्रबिन्दु मानिएको छ । थारुहरूको सन्दर्भमा मन्दिर परिसरमा पूजापाठ गर्ने प्रचलन पहिलादेखि नभए पनि मन्दिरकै नजिकमा पूजापाठ हुनुले यस बारेमा सबैले सोच्नु पर्ने अनुसन्धान गर्नु पर्ने देखिन्छ ।









**थारू आयोग**

**अनामनगर, काठमाडौं**

**टेलिफोन** : ०१-५७०५११८, ५७०५२३१

**ईमेल** : info@tharucommission.gov.np

**वेवसाईट** : www.tharucommission.gov.np